
# प्रथम पञ्चवर्षीय योजना

(आ.व. २०७८/०७९–२०८२/०८३)



सुदूरपश्चिम प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

धनगढी, कैलाली

# प्रथम पञ्चवर्षीय योजना

## (आ.व.२०७८/ ०७९ - २०८२/०८३)

सुदूरपश्चिम प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

धनगढी, कैलाली

नेपाल

**सुदूरपश्चिम प्रदेश**
**धनगढी, कैलाली**

**मुख्यमन्त्री**

## मन्तव्य

नेपालमा संघीय शासन प्रणाली स्थापना भएपश्चात सुदूरपश्चिम प्रदेश सरकार संविधान प्रदत्त अधिकारलाई प्रयोग गर्दै अघि बढिरहेको छ। प्रदेशको आफ्नो विशिष्ट भौगोलिक, सामाजिक, आर्थिक लगायतका धरातलीय यथार्थताको जगमा उपलब्ध साधनस्रोतको उच्चतम परिचालनद्वारा जनआकांक्षा एवम् आवश्यकताहरुलाई पूरा गर्दै सुदूरपश्चिम प्रदेशको योजनावद्ध विकास मार्फत समृद्ध प्रदेशमा रुपान्तरण गर्न प्रदेशको प्रथम पञ्चवर्षीय योजना महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु।

पन्ध्रौं योजनाले राखेको राष्ट्रिय दीर्घकालीन सोचसँग तादाम्यता हुने गरी "आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" को साझा प्रादेशिक आकांक्षा पूरा गर्न दीर्घकालीन सोच सहित प्रथम पञ्चवर्षीय योजना तयार गरिएको छ। यही दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न लक्ष्य, उद्देश्य, रणनीति तथा परिमाणात्मक लक्ष्यहरु निर्धारण गरिएका छन्। सुदूरपश्चिम प्रदेश विकासको गतिमा पछि पर्‍यो भने राष्ट्रिय लक्ष्य, उद्देश्य किमार्थ हासिल हुन सक्दैन भन्ने बस्तुगत तथ्यलाई हृदयंगम गरी विकासका राष्ट्रिय लक्ष्य तथा दिगो विकासका लक्ष्यहरुलाई समेत मध्यनजर गरी प्रदेशले आफ्ना आर्थिक, सामाजिक लक्ष्यहरु निर्धारण गरेको छ। पन्ध्रौं योजना र प्रथम पञ्चवर्षीय योजनाले लिएका लक्ष्य तथा मार्गचित्रहरुलाई आधार मानि प्रदेशका ८८ वटै स्थानीय तहहरुले आ-आफ्नो आवधिक योजना तयार गरी कार्यान्वयन गरेमा मात्रै साझा राष्ट्रिय र प्रादेशिक लक्ष्य हासिल हुने देखिन्छ। यो योजनाको सफल कार्यन्वयनका लागि तिनै तहका सरकारका साथै नीजि क्षेत्र, सहकारी क्षेत्र, गैंरसरकारी क्षेत्र र विकास साझेदार लगायतका सरोकारवालाको उल्लेखनीय भूमिका रहने विश्वास लिएको छु।

सुदूरपश्चिम प्रदेश प्राकृतिक स्रोत, साधनले सम्पन्न भएर पनि समुचित उपयोग हुन नसक्नाले आम नागरिकहरुको जीवनस्तरमा अपेक्षित सुधार हुन सकिरहेको छैन। विकासका पूर्वाधारहरुको तयारी तथा उपलब्ध प्राकृतिक स्रोतसाधनहरुको उपयोगका लागि आवश्यक पर्न जाने यथेष्ट लगानीको अभावले अझै पनि प्रदेशवासीहरुको अपेक्षा अनुसार विकास हुन सकिरहेको छैन। संघीयता लागु हुनुभन्दा पहिला राज्यको स्रोतसाधनको परिचालन र सन्तुलित विकास हुन नसकेको कारण सुदूरपश्चिम प्रदेश विकासको गतिमा पछि पर्न गएको तथ्य सर्वविदित नै छ। त्यसैले अबको विकासको शुरुवात पिछडिएको क्षेत्रबाट गर्नुपर्ने आवश्यकता रहेको छ। यस प्रदेशको द्रुततर विकासको लागि समतामूलक सिद्धान्तका आधारमा राष्ट्रिय स्रोत साधनको प्रयाप्त हिस्सा प्रदेशलाई उपलब्ध गराई प्रदेशमा राष्ट्रिय गौरवका ठूला आयोजनाहरु सञ्चालन गर्नुपर्ने आवश्यकता समेत रहेको छ।

अन्त्यमा, प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले परिलक्षित गरेको उच्च र समन्यायिक प्रतिफल हासिल हुनेगरी विकास कार्यक्रम तथा आयोजनाको पहिचान सहित सफल कार्यान्वयनका लागि प्रदेश सरकार सधैं प्रतिवद्ध तथा कटिबद्ध रहने छ। प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको तयारीमा पूर्ण सहयोग गर्नुहुने माननीय मन्त्रीहरु, प्रदेश सभाका माननीयहरु, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारीहरु, स्थानीय तहहरु, मन्त्रालयका कर्मचारीहरु, प्रदेश नीति तथा योजना आयोगका कर्मचारी र गैर सरकारी संघ संस्था तथा विज्ञहरुलाई धन्यवाद दिन चाहन्छु।

**२०७९ भाद्र**

**त्रिलोचन भट्ट**

मा.मोहन देव बिष्ट
उपाध्यक्ष

प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## प्राक्कथन

सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको यो पूर्ण दस्तावेज यहाँहरु समक्ष ल्याउन पाउँदा मलाई ज्यादै हर्षको अनुभूति भई रहेको छ । प्रदेश विकासको यात्रामा अघि बढन यो दस्तावेज कोषेढुङ्गा सावित हुनेछ भन्ने मलाई विश्वास छ ।

समृद्धिको अपार संभावना रहेको प्रदेश हुँदा हुँदै पनि राष्ट्रिय विकासको गतिमा पछि परेको प्रदेश भएकोले सुदूरपश्चिम प्रदेशका आफ्नै विशेष आवश्यकताहरु रहेका छन् । यही पृष्ठभूमिलाई दृष्टिगत गरी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र व्यापक छलफल गरी सुझावहरु संकलन गरेर तयार गरिएको थियो र अहिले सोही आधारमा यो पूर्ण दस्तावेज तयार गरिएको छ । यस योजना दस्तावेजमा प्रमुख आर्थिक क्षेत्र तथा सो मा पर्ने उप-क्षेत्रहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख कार्यक्रमहरु र नतिजा खाका समेत प्रस्तुत गरिएका छन् ।

"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम" को दीर्घकालीन सोचलाई हासिल गर्ने बाटोमा अघि बढने पहिलो कदमका रुपमा प्रदेशको यो प्रथम पञ्चवर्षीय योजना (२०७८।०७९-२०८२।०८३) रहेको छ । यसमा आर्थिक क्षेत्रलाई पहिलो प्राथमिकतामा राखिएको छ । वर्तमान अवस्थामा प्रदेशको आत्मनिर्भरता बढाउने र समृद्धिमा ठोस योगदान दिन सक्ने पहिलो उपक्षेत्र कृषि नै हो । पर्याप्त लगानी र उपयुक्त प्रविधि भित्र्याई व्यवसायीकरण गर्न सकिएमा यसले छिट्टै नै प्रदेशको आयस्तरलाई माथि उठाउन सक्छ । यस्तै पर्यटन, वन तथा जडिवुटी, खनिज सम्पदा र जल सम्पदा प्रदेश समृद्धिका थप दरिला आधारहरु हुन् । यसका साथै प्रदेश समृद्धिका लागि वृहत उद्योगहरूको स्थापना गरी औद्योगिक उत्पादन बढाउन पनि हाम्रा लागि त्यत्तिकै आवश्यक छ । सामाजिक क्षेत्र तर्फ शिक्षा, स्वास्थ्यका साथै सामाजिक सुरक्षामा पनि प्रदेशमा ठूलो लगानीको आवश्यकता रहेको छ । पूर्वाधार क्षेत्रतर्फ सडक प्रदेशको पहिलो आवश्यकता हो । प्रदेशमा स्तरीय सडक सञ्जालको अझै कमी रहेको छ।प्रदेशमा जलविद्युत उत्पादनको ठूलो संभावना विद्यमान रहेता पनि हालसम्म पनि पश्चिम सेती जस्ता वृहत स्तरका जलविद्युत उत्पादनका परियोजनाहरुले मूर्तरुप लिन सकी रहेको छैन । राष्ट्रिय गौरव कै आयोजनाकारुपमा रहेको यस्ता वृहत जल विद्युत आयोजनाहरु छिटै निर्माण हुन सकेमा यसबाट पनि प्रदेशको समृद्धि हासिल गर्नमा विशेष योगदान पुग्न जानेछ । यी महत्वपूर्ण आर्थिक तथा सामाजिक क्षेत्र तथा तिनका उप-क्षेत्रहरुको विकास नै प्रदेशमा रोजगारी सृजना गरी गरिवी निवारण गर्नका लागि पर्याप्त हुने छन् ।

आवधिक योजनाको सार्थकता यसको सफल कार्यान्वयनमा निहित रहन्छ । यसका लागि प्रदेशको मध्यमकालीन खर्च संरचना, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट पनि योजनाले

राखेको लक्ष्य उद्देश्य हासिल गर्ने तर्फ केन्द्रित हुन आवश्यक छ भने प्रदेशका सबै पालिकाहरुले पनि प्रदेशको यो योजना दस्तावेजका आधारमा प्रदेशको विकासका लक्ष्य, उद्देश्य हासिल गर्नमा सहयोग पुग्न जाने गरी आ-आफ्ना पालिकाका आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै जान पनि त्यत्तिकै आवश्यक रहेको छ ।

प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको यो पूर्ण दस्तावेज तयारीमा समय प्रदान गरी हामीलाई आवश्यक निर्देशनका साथै आफ्नो अमूल्य सल्लाह सुझावहरु प्रदान गर्न हुने यस प्रदेशका माननीय मुख्यमन्त्री एवम् प्रदेश नीति तथा योजना आयोगका अध्यक्षज्यू प्रति हार्दिक कृतज्ञताका साथ आभार व्यक्त गर्न चाहन्छु, त्यस्तै यो दस्तावेजको तयारीमा महत्वपूर्ण योगदान दिनु हुने प्रदेश सभाका माननीय सभामुखज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू. सुदूरपश्चिम प्रदेश बाट प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सदस्यज्यूहरु, प्रदेशका सवै मन्त्रालयका माननीय मन्त्रीज्यूहरु, राज्यमन्त्रीज्यूहरु, प्रदेश सभाका उप-सभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरु, राष्ट्रीय योजना आयोगका माननीय सदस्यज्यूहरु, प्रदेशका प्रमुख सचिवज्यू. राष्ट्रिय योजना आयोगका सचिवज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यूहरु, प्राध्यापकज्यूहरु. उप-महानगरपालिका प्रमुखज्यू, नगरपालिकाका प्रमुखज्यूहरु, जिल्ला समन्वय समितिका उप-प्रमुखज्यूहरु, गाँउपालिकाका अध्यक्षज्यू, उप-महानगरपालिकाका उप-प्रमुखज्यू,नगरपालिकाका उप-प्रमुखज्यूहरु,प्रदेशका सवै मन्त्रालयका सचिवज्यूहरु,राष्ट्रिय योजना आयोगका सह-सचिवज्यूहरु, गाँउपालिकाका उपाध्यक्षज्यूहरु, राष्ट्रिय योजना आयोगका महाशाखा, शाखा प्रमुखज्यूहरु, प्रदेशका मन्त्रालयका महाशाखा, शाखा प्रमुखज्यूहरु, कर्मचारीज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

साथै आफ्नो अमूल्य सुझाव प्रदान गर्नु हने सुदूपश्चिममा जन्मेका हाल काठमाण्डौं उपत्यकामा बसोबासगरि रहेका विभिन्न क्षेत्र संग सम्बन्धित विज्ञज्यूहरु, गैर सरकारी संघ-संस्थाका प्रतिनिधिज्यूहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्थाका प्रतिनिधिज्यूहरु, प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सल्लाह,सुझाव दिई सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस्तै यसको तयारीमा ठूलो मिहिनेतका साथ लाग्नुहुने यसै आयोगका पदाधिकारीज्यूहरु, सचिवज्यू लगायत सवै कर्मचारीज्यू हरु पनि धन्यवादका पात्र हुनु हुन्छ । यसरीनै यो दस्तावेज लाई यो रुपमा तयार गर्न अथक योगदान पुऱ्याउनु हुने विज्ञ महानुभावहरुका साथै प्राविधिक सहयोग उपलब्ध गराउने संस्था EPI को योगदानको पनि उच्च मूल्याङ्कन गर्दै हार्दिक आभारका साथ धन्यवाद व्यक्त गर्द छु ।

२०७९ भाद्र

मोहन देव बिष्ट

उपाध्यक्ष

# प्रदेश नीति तथा योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री त्रिलोचन भट्ट | अध्यक्ष |
| माननीय मोहन देव बिष्ट | उपाध्यक्ष |
| माननीय प्रा.डा. जगत बहादुर सिंह रावल | सदस्य |
| श्री जितेन्द्र बस्नेत, प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय | सदस्य |
| श्री टुबराज पोखरेल, प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| श्री मेखराज जैशी | सदस्य सचिव |

# विषय सूची


परिच्छेद १ : परिचय १

१.१ पृष्ठभूमि १

१.२ योजनाको आवश्यकता २

१.३ विद्यमान अवस्था ३

१.३.१ भौगोलिक ३

१.३.२ जनसंख्या ५

१.३.३ राजनैतिक / प्रशासनिक विभाजन ५

१.३.४ शैक्षिक ७

१.३.५ स्वास्थ्य सेवा ८

१.३.६ खानेपानी तथा सरसफाइ ९

१.३.७ कृषि ९

१.३.८ पर्यटन १०

१.३.९ उद्योग १०

१.३.१० बैंक तथा बित्तीय संस्था ११

१.३.११ सहकारी ११

१.३.१२ प्रमुख आर्थिक परिसूचकहरु ११

परिच्छेद २ : प्रदेशको दीर्घकालीन सोच १३

२.१ पृष्ठभूमि १३

२.२ पन्ध्रौ योजनाको सोच, लक्ष्य र रणनीतिहरु १३

२.३ प्रदेशको दीर्घकालीन सोच १४

२.४ प्रदेशको दीर्घकालीन लक्ष्य १४

२.५ प्रदेशको दीर्घकालीन रणनीति १५

२.६ प्रदेश रुपान्तरणका सम्वाहक १५

२.७ सहयोगी क्षेत्रहरु १६

२.८ प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्य १६

२.९ जोखिम पक्ष अनुमान १७

२.१० प्रदेश समृद्धिका लागि दीर्घकालीन महत्वका आयोजनाहरु १८

परिच्छेद ३ : प्रथम पञ्चवर्षीय योजना २०

३.१ पृष्ठभूमि २०

३.२ प्रथम पञ्चवर्षीय योजनाको आवश्यकता र औचित्य २१

३.३ सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती २२
३.४ योजनाका मार्गदर्शक आधारहरु २३
३.५ योजना तर्जुमा विधि २३
३.६ लक्ष्य २४
३.७ उद्देश्य २४
३.८ परिमाणात्मक लक्ष्य २५
३.९ योजनाका रणनीतिहरु २७
३.१० योजनाका प्राथमिकताहरु २८
३.११ समष्टिगत आर्थिक खाका २८
३.११.१ गार्हस्थ्य उत्पादनको वृद्धि दर र संरचना २८
३.११.२ लगानी ३०
३.११.३ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत ३२
३.११.४ प्रदेश सरकारको खर्च र खर्च व्यहोर्ने स्रोत ३३
परिच्छेद ४: समष्टिगत वित्तीय क्षेत्र ३४
४.१ बचत तथा लगानी ३४
४.२ सार्वजनिक वित्त ३६
४.२.१ सार्वजनिक खर्च ३६
४.२.२ राजश्व परिचालन ४१
४.२.३ वैदेशिक सहायता परिचालन ४२
४.२.४ सार्वजनिक ऋण ४४
४.२.५ अन्तर सरकारी वित्त ४६
४.३ सार्वजनिक-निजी-सहकारी साझेदारी ४७
४.४ वैदेशिक लगानी ४९
४.५ समष्टिगत वित्तीय क्षेत्रका कार्यक्रमहरु ५१
४.६ समष्टिगत वित्तीय क्षेत्रका नतिजा खाका ६१
परिच्छेद ५: आर्थिक क्षेत्र ६३
५.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन ६३
५.१.१ कृषि ६३
५.१.२ पशुपन्छी तथा मत्स्य पालन ७०
५.१.३ भूमि व्यवस्थापन ७५
५.१.४ वन तथा जैविक विविधता ७९
५.१.५ खानी तथा खनिज सम्पदा ८२

५.२ पर्यटन ८४
५.३ उद्योग, वाणिज्य तथा आपूर्ति ८८
५.३.१ उद्योग ८८
५.३.२ वाणिज्य तथा आपूर्ति ९२
५.४ खाद्य सुरक्षा तथा पोषण ९४
५.५ सहकारी क्षेत्र ९८
५.६ निजी क्षेत्र १०१
५.७ आर्थिक क्षेत्रका कार्यक्रमहरु १०६
५.८ आर्थिक क्षेत्रका नतिजा खाका १५६
परिच्छेद ६: सामाजिक क्षेत्र १७२
६.१ शिक्षा १७२
६.२ स्वास्थ्य र पोषण १७९
६.३ जनसंख्या तथा बसाइँसराइ १८५
६.४ महिला सशक्तीकरण तथा लैङ्गिक समानता १८९
६.५ युवा तथा खेलकुद १९३
६.६ बालबालिका तथा किशोरकिशोरी १९६
६.७ जेष्ठ नागरिक २००
६.८ शारीरिक अशक्त भएका व्यक्ति २०२
६.९ भाषा, संस्कृति तथा पुरातत्व संरक्षण २०५
६.१० मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण २०८
६.११ सामाजिक सुरक्षा तथा संरक्षण २१२
६.१२ सामाजिक, भौगोलिक समावेशीकरण एवम् समविकास २१४
६.१३ सामाजिक क्षेत्रका कार्यक्रमहरु २१७
६.१४ सामाजिक क्षेत्रका नतिजा खाका २७३
परिच्छेद ७: पूर्वाधार क्षेत्र २८१
७.१ यातायात पूर्वाधार २८१
७.१.१ सडक २८१
७.१.२ हवाई यातायात २८४
७.१.३ जलमार्ग २८७
७.१.४ झोलुङ्गे पुल, रज्जुमार्ग र केबलकार २८८
७.२ ऊर्जा २९१
७.२.१ जलविद्युत २९१

७.२.२ बैकल्पिक ऊर्जा २९३
७.३ ग्रामिण बस्ती विकास तथा शहरीकरण २९५
७.४ सिँचाइ २९७
७.५ खानेपानी तथा सरसफाइ २९९
७.६ सूचना तथा सञ्चार प्रविधि ३०१
७.७ जलस्रोत तथा जलजन्य प्रकोप व्यबस्थापन ३०४
७.८ पूर्वाधार क्षेत्रका कार्यक्रमहरु ३०७
७.९ पूर्वाधार क्षेत्रका नतिजा खाका ३२७
परिच्छेद ८: सुशासन ३३५
८.१ शान्ति सुरक्षा र सुव्यवस्था एवम् सीमावर्ती क्षेत्रको विकास ३३५
८.२ सुशासन र भ्रष्टाचार नियन्त्रण ३३८
८.३ मानव अधिकार ३४१
८.४ प्रदेशको कानुनी व्यवस्था ३४४
८.५ सुशासन क्षेत्रका कार्यक्रमहरु ३४६
८.६ सुशासन क्षेत्रका नतिजा खाका ३५६
परिच्छेद ९: अन्तरसम्बन्धित विषय ३६१
९.१ गरिबी निवारण ३६१
९.२ विपद् व्यवस्थापन ३६५
९.३ वातावरण तथा जलवायु परिवर्तन ३७०
९.४ सामुदायिक साझेदारी तथा गैरसरकारी संस्थाहरु ३७४
९.५ अनुसन्धान तथा विकास ३७६
९.६ श्रम तथा रोजगारी ३७९
९.७ अन्तरसम्वन्धित विषयका कार्यक्रमहरु ३८४
९.८ अन्तरसम्वन्धित विषयका नतिजा खाका ४०६
परिच्छेद १०: योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ४१२
१०.१ योजना तर्जुमा तथा कार्यान्वयन र अन्तर सरकारी सहकार्य ४१२
१०.२ प्रदेश आयोजना बैङ्क ४१६
१०.३ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन ४१९
१०.४ योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका कार्यक्रमहरु ४२३

अनुसूचीहरु

अनुसूची १: दीर्घकालीन महत्वका वृहत आयोजनाहरुको सूची ४३३
अनुसूची २: प्रदेश तथा जिल्लागत जनसांख्यिक विवरण ४३७
अनुसूची ३: जातजातिगत विवरण ४३८
अनुसूची ४: उमेर समुह अनुसार जनसंख्या ४३९
अनुसूची ५: १० वर्ष वा सो भन्दा माथिल्लो उमेरको जनसंख्याको बैवाहिक अवस्था ४४०
अनुसूची ६: धर्म अनुसारको विवरण ४४१

# तालिका सूची

*तालिका नं. १:  जिल्लागत क्षेत्रफलको विवरण*

*तालिका नं. २: प्रदेशको राजनीतिक / प्रशासनिक विभाजन र निर्वाचन क्षेत्रको विवरण*

*तालिका नं. २ (क): छिमेकी मित्र राष्ट्रहरु भारत तथा चीनसँग सीमा जोडिने प्रदेशका जिल्ला तथा पालिकाहरुको विवरण*

*तालिका नं. ३: प्रदेशमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण*

*तालिका नं. ४: गार्हस्थ्य उत्पादन बृद्धि दर र क्षेत्रगत संरचना*

*तालिका नं. ५: प्रदेशको वार्षिक आर्थिक बृद्धि दर*

*तालिका नं. ६: गार्हस्थ्य उत्पादन संरचना*

*तालिका नं. ७: क्षेत्रगत लगानी अनुमान*

*तालिका नं. ८: सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी*

*तालिका नं. ९: तीन तहको सरकारले गर्ने पूँजीगत लगानीको प्रक्षेपण*

*तालिका नं. १०: प्रदेश सरकारको अनुमानित खर्च*

# संक्षेपीकरणको सूची

| | |
|---|---|
| आ.मा.का.मं. | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| आ.मा.म. | आर्थिक मामिला मन्त्रालय |
| उ.प.व.वा.मं. | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय |
| कि.मि. | किलोमिटर |
| के.त.वि. | केन्द्रिय तथ्याङ्क विभाग |
| ने.ज.स्वा.स. | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| प्र.त.का. | प्रदेश तथ्याङ्क कार्यालय |
| भू.व्य.कृ.स.मं, | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| भौ.पू.मं. | भौतिक पूर्वाधार मन्त्रालय |
| म.ले.नि.का. | महालेखा नियन्त्रक कार्यालय |
| म.ले.प | महालेखा परीक्षक |
| मु.मं.का. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| मे.वा. | मेघावाट |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| सु.प. | सुदूरपश्चिम |
| सा.वि.मं. | सामाजिक विकास मन्त्रालय |
| स्वा.व्य.सू.प्र. | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

अग्रगामी परिवर्तनका लागि भएको सशस्त्र संघर्ष पश्चात वि.सं. २०६२/६३ मा भएको जनआन्दोलनको परिणामस्वरूप जन निर्वाचित ऐतिहासिक संविधान सभाद्वारा जारी भएको नेपालको संविधान बमोजिम नेपाल समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको मुलुकको रुपमा रूपान्तरण भएको छ । देशमा संघीय शासन प्रणाली लागू भएपछि नेपालको राजनीतिक व्यवस्था, संरचना लगायत समग्र शासन प्रणालीमा रुपान्तरणकारी परिवर्तन तथा नागरिकको चेतनास्तरमा समेत उल्लेख्य अभिवृद्धि भएको छ।

संविधान जारी भएपछि संघ, प्रदेश र स्थानीय तहका लागि भएको निर्वाचन पश्चात लामो राजनैतिक संक्रमणकालको अन्त्यसँगै स्थिर सरकार निर्माण भएका छन् । हाल मूलतः संघीय एवम् प्रदेश सरकार र स्थानीय तहहरूको ध्यान समग्र देश तथा आ-आफ्ना प्रदेश एवम् पालिकाहरुको विकास र आर्थिक, सामाजिक रुपान्तरणमा केन्द्रित भएको छ । वर्तमान संविधानले मौलिक हक र राज्यका नीतिहरुको दायरालाई फराकिलो बनाउँदै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक राज्य व्यवस्थाका आधारमा लोककल्याणकारी, समतामूलक तथा समाजवादउन्मुख, स्वतन्त्र, समृद्ध एवम् स्वाधीन अर्थतन्त्र निर्माण गर्ने उद्देश्य लिएको छ । संविधानको व्यवस्था र भावनालाई हृदयङ्गम गरी नेपाल सरकारले **"समृद्ध नेपाल र सुखी नेपाली"** बनाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेको छ । साथै नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रम लगायतका दस्तावेजहरूमा नागरिकको समृद्धिको चाहना पूरा गर्ने संकल्प गरेको छ ।

संघीयताको कार्यान्वयन स्वरुप नेपालमा स्थापना भएका सात प्रदेश मध्ये साविकका सेती र महाकाली अञ्चलका ९ जिल्लाहरुलाई समेटी सुदूरपश्चिम प्रदेश स्थापना भएको छ । सुदूरपश्चिम प्रदेश सरकारले प्रथम आर्थिक वर्ष २०७४/०७५ देखि नै सरकारका नीति तथा कार्यक्रम, मध्यमकालीन खर्च संरचना तथा वार्षिक वजेट मार्फत विकासका कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ । संघीयताको कार्यान्वयनसँगै प्रदेशको समग्र आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रहरुको विकास सकारात्मक दिशातर्फ उन्मुख भएको छ । तथापि प्रदेशको भौगोलिक अवस्थिति र कठिन भू-बनोट, बजेट तथा स्रोत साधन विनियोजन र अवसरको पुनर्वितरणमा केन्द्रीकृत एवम् असन्तुलित पद्धतिले पछि पारिनु, जलवायुजन्य प्रतिकुलता र प्रकोपको सघनताले तथा कुरीति, कुप्रथा एवम् कुसंस्कारको विद्यमानताले यसै पनि प्रदेश विकासमा निकै पछि परेको छ । राजनीतिक संरचना नयाँ भएकोले यसको अभ्यास, संस्थागत

क्षमता विकास र वित्तीय संघीयताको कार्यान्वयनमा कठिनाईको सामना गर्नु परेको छ। यसै क्रममा प्रदेशको समग्र विकासका निम्ति योजनावद्ध कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने भएकोले प्रथम पञ्चवर्षीय योजना निर्माणको कार्य प्रारम्भ गरिएको हो ।

सुदूरपश्चिम प्रदेश भौगोलिक, साँस्कृतिक विविधतायुक्त प्रदेश हो । यस प्रदेशमा हिमाल, पहाड र तराई गरी तीनवटै भौगोलिक क्षेत्र पर्दछन् । त्यसैले पनि तीव्र आर्थिक समृद्धि हासिल गर्न सक्ने विशेष संभावना एवम् आधारहरू यस प्रदेशमा रहेका छन् । कृषि, वन, जलस्रोत, पर्यटन तथा खनिज सम्पदा यस प्रदेशको समुन्नतिका प्रमुख आधारहरू हुन् । यसैगरी प्रदेशको कुल जनसंख्याको करिब ४० प्रतिशत जनसंख्या युवा उमेरका रहेको यो प्रदेश उच्च जनसांख्यिक लाभमा रहेको छ । यस प्रदेशको भूभाग तीव्रगतिमा आर्थिक समुन्नति हासिल गर्दै गरेका दुई विशाल छिमेकी मुलुकहरुसँग जोडीएकोले थप लाभ लिन सक्ने स्थिति पनि छ । यी आधारहरूको योजनावद्ध रुपमा सदुपयोग गरी प्रदेशको तीब्र आर्थिक विकास गर्न **"आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"** को दीर्घकालीन सोच अंगिकार गरेको सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजना तयार गरिएको छ ।

## १.२ योजनाको आवश्यकता

नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक, राज्यका निर्देशित सिद्धान्त एवम् प्रदेशको एकल अधिकार र साझा अधिकार तथा नीतिहरूको व्यवहारिक कार्यान्वयनका लागि र विकास निर्माण गरी आर्थिक, सामाजिक विकासमा तीव्रता ल्याउनका लागि पनि सुस्पष्ट आधारको रूपमा आवधिक योजना तर्जुमा गरी लागू गर्न पर्ने टड्कारो आवश्यकता रहेको छ ।

नेपाल सरकारले वि.सं. २०८३ सम्ममा मुलुकलाई अतिकम विकसित राष्ट्रबाट विकासशिल राष्ट्रमा स्तरोन्नति गर्ने र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गरी मध्यम आय भएको देशमा परिणत गर्ने लक्ष्य राखेअनुरूप राष्ट्रिय लक्ष्यको सापेक्ष्यतामा प्रदेश सरकारको सोच अनुसारका प्रादेशिक लक्ष्य कायम गरी विकासका कदमलाई अधिक व्यवस्थित, गतिशिल, जनमुखी, समावेशी, सन्तुलित र नतिजा केन्द्रित गरेर अघि बढ्न पनि योजनाको आवश्यकता पर्दछ ।

समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीको लागि अनुकूल वातावरण कायम गर्न, लगानीलाई उद्देश्य र नतिजामूलक बनाई प्रदेशको समुन्नतिको सहायक तुल्याउन योजनावद्ध पहल आवश्यक छ । यसबाटै रोजगारी, आय र आर्थिक सामाजिक परिदृश्य एवम् परिसूचकमा अपेक्षित सुधार हासिल हुन सक्ने छ ।

योजनावद्ध रुपमा हरित आर्थिक विकास पद्धतिको अवलम्वन, कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण, वन सम्पदाको प्रवर्द्धन र समुचित उपयोग, गुणस्तरीय भौतिक र सामाजिक पूर्वाधार निर्माण र विकास, वृहतस्तरमा जलविद्युत उत्पादन, पर्यटन पूर्वाधार विकास, निर्माण

तथा औद्योगिकीकरणमा जोड दिएर आवश्यक रोजगारीका अवसरहरूको सृजना एवम् गरिबीको अन्त्य गर्न सकिन्छ ।

हालसम्म निर्माण भएका भौतिक, सामाजिक, आर्थिक-वित्तीय पूर्वाधारको उपयोगमा असल अभ्यास र राम्रा नीतिको निरन्तरतामा जोड दिएर संघीयताको कार्यान्वयन शुरू भएपछि प्राप्त भएको वित्तीय संघीयताको सकारात्मक अवसरको उपयोग गर्न सकिन्छ । विधिको शासन कायम गर्दै लगानीमैत्री वातावरण सृजना गरी समावेशीकरण एवम् किनाराकृत नागरिकहरूको मूलप्रवाहीकरण, सामाजिक न्याय, विकासका पहलहरुको नतिजामूलक कार्यान्वयन, असल शासकीय अभ्यासको अवलम्बन र विकासमा भौगोलिक र सहर-गाँउ सन्तुलन कायम गर्दै नागरिकहरूका लागि घर दैलोमा सुलभ सेवा उपलव्ध गराउने जनउत्तरदायी प्रदेश सरकारको अवधारणालाई साकार गर्न सहभागीतामूलक ढंगबाट जन केन्द्रित प्रथम योजना तर्जुमा गर्नु पर्ने भएको हो ।

## १.३ विद्यमान अवस्था

### १.३.१ भौगोलिक

सुदूरपश्चिम प्रदेश साविकका महाकाली र सेती अञ्चलका ९ जिल्लाका भूभाग समेटेर नेपालको संविधान वमोजिम कायम भएको प्रदेश हो । भौगोलिक रुपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीनवटै धरातलीय स्वरूपलाई समेटेको छ । यस प्रदेशमा सबै प्रकारको हावापानी भएको भू-भाग छ र समुद्र सतहबाट १०९ मिटर देखि ७ हजार १३२ मिटरसम्मको उचाई भएको भू-भाग पर्दछ ।

- **क्षेत्रफल**

नेपालको कुल क्षेत्रफल १,४७,६४१.२८ वर्ग कि.मि. मध्ये सुदूरपश्चिम प्रदेशले करीव १९,९९९.२८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । जुन नेपालको कुल भूभागको करीव १३.५५ प्रतिशत पर्न जान्छ । क्षेत्रफलका हिसावले यो प्रदेश नेपालको पाँचौ ठूलो प्रदेश हो। प्रदेशको कुल क्षेत्रफल मध्ये हिमाली क्षेत्रमा सबै भन्दा बढी जम्मा ८,३९२.२८ वर्ग कि.मि. अर्थात् ४१.९६ प्रतिशत, पहाडी क्षेत्रमा ६,७५० वर्ग कि.मि. अर्थात् ३३.७५ प्रतिशत र तराई क्षेत्रमा ४,८५७ वर्ग कि.मि. अर्थात् २४.२९ प्रतिशत भूभाग पर्दछ । प्रदेशका ९ जिल्लाहरु मध्ये ३ जिल्लाहरू दार्चुला, बझाङ्ग र बाजुरा हिमाली क्षेत्रमा, ४ जिल्लाहरू अछाम, डोटी, बैतडी र डडेलधुरा पहाडी क्षेत्रमा तथा २ जिल्लाहरू कैलाली र कञ्चनपुर तराई क्षेत्रमा पर्दछन् ।

• **जिल्लागत क्षेत्रफल**

प्रदेशको जिल्लागत क्षेत्रफलको विवरण तालिका नं. १ मा दिइएको छ । जस अनुसार ३४२२ वर्ग कि. मि. क्षेत्रफल रहेको बझाङ्ग जिल्ला क्षेत्रफलका हिसावले प्रदेशको सबैभन्दा ठूलो जिल्ला रहेको छ भने १४८२ वर्ग कि. मि. क्षेत्रफल रहेको बैतडी जिल्ला सबैभन्दा सानो जिल्ला रहेको छ ।

**तालिका नं. १**
**जिल्लागत क्षेत्रफलको विवरण**

| सि.नं. | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | बझाङ्ग | ३४२२ | १७.११ |
| २ | कैलाली | ३२४७ | १६.२३ |
| ३ | दार्चुला | २७८२.२८ | १३.९१ |
| ४ | बाजुरा | २१८८ | १०.९४ |
| ५ | डोटी | २०८१ | १०.४० |
| ६ | अछाम | १६९२ | ८.४६ |
| ७ | कञ्चनपुर | १६१० | ८.०५ |
| ८ | डडेल्धुरा | १४९५ | ७.४८ |
| ९ | बैतडी | १४८२ | ७.४१ |

• **प्रदेशको अवस्थिति**

अक्षांस : २८° २२" उत्तरी अक्षांश देखि ३०° ०९" उत्तरी अक्षांश
देशान्तर : ८०° ०३" पूर्वी देशान्तर देखि ८१° २५" पूर्वी देशान्तर
उँचाई : १०९ मिटर देखि ७१३२ मीटर सम्म

• **सिमाना**

पूर्वमा : कर्णाली प्रदेशको सुर्खेत, दैलेख, कालिकोट र मुगु जिल्ला तथा लुम्विनी प्रदेशको बर्दिया जिल्ला पर्दछ ।
पश्चिममा : भारतको उत्तराखण्ड
उत्तरमा : कर्णाली प्रदेशको हुम्ला र जुम्ला जिल्ला तथा चीनको तिब्बत
दक्षिणमा : भारतको उत्तर प्रदेश

• **भू-उपयोग**

प्रदेशको कुल भू-भाग मध्ये खेती योग्य जमीन ३ लाख ६७ हजार ६४९ हेक्टर रहेको छ । सो मध्ये ३ लाख २८ हजार ६४९ हेक्टर जमीनमा खेती भएको छ । यस्तै कुल १० लाख ४६ हजार ५८२ हेक्टर भू-भागमा वन-जंगल रहेको छ । बाँकी भू-भागमा मानव बस्ती, चरण क्षेत्र, पानी तथा हिमालले ढाकिएको क्षेत्र आदि पर्दछन्। वन-जंगलले ढाकिएको क्षेत्रफलका हिसाबले सुदूरपश्चिम प्रदेश नेपाल कै अग्रणी प्रदेश मध्येमा पर्दछ ।

### १.३.२ जनसंख्या

राष्ट्रिय जनगणना, २०६८ को तथ्याङ्क अनुसार यस प्रदेशको कुल जनसंख्या २५ लाख ५२ हजार ५१७ रहेको थियो । जसमध्ये पुरुष १२ लाख १७ हजार ८८७ अर्थात् ४७.७ प्रतिशत र महिला १३ लाख ३४ हजार ६३० अर्थात् ५२.३ प्रतिशत रहेको पाइन्छ । जसमा लैङ्गिक अनुपात ९१.२, जनसंख्या वृद्धि दर १.५३ प्रतिशत, नेपालको कुल जनसंख्यामा प्रदेशको अंश ९.६३ प्रतिशत, परिवार संख्या ४ लाख ६९ हजार ९७१, परिवारको औषत संख्या ५.४३ र जनघनत्व १३१ प्रति वर्ग कि.मि. रहेको थियो । प्रदेशको जिल्लागत् जनसंख्याको विवरण अनुसूची २ मा, जातजातीगत् जनसंख्याको विवरण अनुसूची ३ मा, उमेर अनुसारको जनसंख्याको विवरण अनुसूची ४ मा, उमेर समुह अनुसारको वैवाहिक स्थितिको विवरण अनुसूची ५ र धर्म अनुसारको जनसंख्याको विवरण अनुसूची ६ मा दिइएको छ ।

केन्द्रीय तथ्याङ्क विभागले हालै प्रकाशित गरेको राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजा अनुसार यस प्रदेशको जनसंख्या २७ लाख ११ हजार २७० रहेको छ । जसमा पुरुष १२ लाख ८७ हजार ९९७ तथा महिला १४ लाख २३ हजार २७३ रहेको छ । लैङ्गिक अनुपात ९०.४९, वृद्धिदर ०.५८ प्रतिशत, जनघनत्व १३६ प्रति वर्ग कि.मि., घर परिवार संख्या ५ लाख ८७ हजार ५४ र परिवारको आकार ४.६२ प्रति परिवार रहेको छ । नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० को तुलनामा यस प्रदेशको जनसंख्या ९.२९ प्रतिशत पर्न जान्छ भने जनसंख्याको दृष्टीकोणबाट यो प्रदेश देशको पाँचौ ठूलो प्रदेशमा पर्न गएको छ । यसरी नै प्रदेशको नगरपालिकाको जनसंख्या १६ लाख ८८ हजार ५७१ अर्थात् ६२.२८ प्रतिशत र गाँऊपालिकाको जनसंख्या १० लाख २२ हजार ६९९ अर्थात् ३७.७२ प्रतिशत रहेको देखिन आएको छ ।

### १.३.३ राजनीतिक / प्रशासनिक विभाजन

कुल ९ जिल्ला रहेको यस प्रदेशमा जम्मा ८८ स्थानीय तहहरू रहेका छन् । यस मध्ये उप-महानगरपालिका १, नगरपालिका ३३, गाँऊपालिका ५४ वटा रहेका छन् भने जम्मा वडा संख्या ७३४ रहेको छ । प्रदेशका ९ जिल्लाहरुमध्ये ६ जिल्ला तथा ८८ पालिकाहरुमध्ये २० पालिकाहरु अन्तर्राष्ट्रिय सिमानामा जोडिएका छन् । प्रदेशमा प्रतिनिधि सभाको १६

निर्वाचन क्षेत्र तथा प्रदेश सभाको ३२ निर्वाचन क्षेत्रहरू रहेका छन् । जिल्लागत राजनीतिक / प्रशासनिक विभाजन तथा निर्वाचन क्षेत्रको विवरण तालिका नं. २ मा र छिमेकी मित्र राष्ट्रहरु भारत तथा चीनसँग सीमा जोडिने प्रदेशका जिल्ला तथा पालिकाहरुको विवरण तालिका नं. २ (क) मा दिइएको छ ।

**तालिका नं. २**

**प्रदेशको राजनीतिक / प्रशासनिक विभाजन र निर्वाचन क्षेत्रको विवरण**

| क्र.स. | जिल्ला | स्थानीय तहको सँख्या | | | | निर्वाचन क्षेत्र | |
|---|---|---|---|---|---|---|---|
| | | उप-महा नगरपालिका | नगरपालिका | गाउँपालिका | जम्मा वडा | प्रतिनिधि सभा | प्रदेश सभा |
| १ | कैलाली | १ | ६ | ६ | १२६ | ५ | १० |
| २ | कञ्चनपुर | | ७ | २ | ९२ | ३ | ६ |
| ३ | बझाङ्ग | | २ | १० | ९४ | १ | २ |
| ४ | अछाम | | ४ | ६ | ९१ | २ | ४ |
| ५ | बैतडी | | ४ | ६ | ८४ | १ | २ |
| ६ | बाजुरा | | ४ | ५ | ६९ | १ | २ |
| ७ | डोटी | | २ | ७ | ६५ | १ | २ |
| ८ | दार्चुला | | २ | ७ | ६१ | १ | २ |
| ९ | डडेल्धुरा | | २ | ५ | ५२ | १ | २ |
| जम्मा | | १ | ३३ | ५४ | ७३४ | १६ | ३२ |

**तालिका नं. २ (क)**

**छिमेकी मित्र राष्ट्रहरु भारत तथा चीनसँग सीमा जोडिने प्रदेशका जिल्ला तथा पालिकाहरुको विवरण**

| जिल्ला | पालिका | मुलुक |
|---|---|---|
| कञ्चनपुर | १. पुनर्वास न. पा.<br>२. बेलौरी न. पा.<br>३. दोधारा-चाँदनी न. पा.<br>४. भिमदत्त न. पा.<br>५. बेलडाँडी गा. पा. | भारत |
| कैलाली | १. धनगढी उप-महा न.पा. | भारत |

| जिल्ला | पालिका | मुलुक |
|---|---|---|
| | २. भजनी न. पा.<br>३. टिकापुर न. पा.<br>४. कैलारी गा. पा. | |
| बैतडी | १. दशरथचन्द न. पा.<br>२. शिवनाथ गा. पा.<br>३. पञ्चेश्वर गा. पा. | भारत |
| डडेल्धुरा | १. परशुराम न. पा.<br>२. भागेश्वर गा. पा. | भारत |
| दार्चुला | १. मालिकार्जुन गा. पा.<br>२. महाकाली न. पा.<br>३. लेकम गा. पा.<br>४. दुहुँ गा. पा.<br>५. व्याँस गा. पा. | भारत<br><br><br><br>भारत र चीन |
| बझाङ्ग | १. साइपाल गा. पा. | चीन |

### १.३.४ शैक्षिक

यस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता ७६.३७ र महिला साक्षरता ५१.९ प्रतिशत रहेको छ।

वि.सं. २०७७ सालको शैक्षिक तथ्याङ्कलाई हेर्दा प्रदेशमा सामुदायिक विद्यालय ४ हजार ४४ र संस्थागत विद्यालय ५९९ गरी जम्मा ४ हजार ६४३ विद्यालयहरु रहेका छन् । जसमा सामुदायिक विद्यालयतर्फ छात्रा ४ लाख ४९ हजार ७०९ र छात्र ४ लाख ४७ हजार ७९६ गरी जम्मा ८ लाख ९७ हजार ५०५ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यस्तै संस्थागत विद्यालयतर्फ छात्रा ६९ हजार ३८४ र छात्र १ लाख १० हजार २६८ गरी जम्मा १ लाख ७९ हजार ६५२ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । प्रारम्भिक बाल विकास केन्द्रमा छात्रा ५६ हजार २५० र छात्र ६३ हजार ४७४ गरी जम्मा १ लाख १९ हजार ५२४ बालबालिका अध्ययन गरी रहेका छन् ।

माध्यमिक तहमा जम्मा १६ हजार ७८ जना शिक्षकहरू अध्यापनरत रहेकोमा नियमित दरवन्दीका ९ हजार ८०७ र राहत दरवन्दीका ६ हजार २७१ जना शिक्षक रहेका छन् ।

शिक्षक विद्यार्थी अनुपात आधारभुत तह (१-५) मा ३०.३७, आधारभुत तह (६-८) मा ६१.८७, माध्यमिक तह (९-१०) मा ५०.४४ र माध्यमिक तह (११-१२) मा ३१.७५ रहेको छ ।

आधारभूत तह (१-८) को खुद भर्ना दर ९६.२, माध्यमिक तह (९-१२) को कुल भर्नादर तथा खुद भर्नादर क्रमश ७७.७ र ४९.३ रहेको छ।

उच्च शिक्षाको सहजै देखिने भर्नादर करीब १६ प्रतिशत मात्रै रहेको छ । प्रदेशमा सञ्चालित ९५ क्याम्पसमा २७ हजार ६९९ विद्यार्थी अध्यनरत छन् । सुदूरपश्चिम विश्वविद्यालय यस प्रदेशको सबैभन्दा ठूलो विश्वविद्यालय रहेको छ । यसका १५ वटा आंगिक क्याम्पसमा १० हजारको हाराहारीमा विद्यार्थी भर्ना भएका छन् भने शिक्षक संख्या ३६३ रहेको छ ।

कुल ९५ वटा क्याम्पस मध्ये ६ वटा विज्ञान तथा प्रविधि तर्फका, २ वटा इन्जिनियरिङ तर्फका र ३ वटा कृषि क्याम्पसहरू रहेका छन् भने ६८ वटा क्याम्पसहरूमा शिक्षा शास्त्रको र ६३ वटा क्याम्पसमा व्यवस्थापन तर्फको समेत पठनपाठन हुने गरेकोछ ।

प्रदेशको शैक्षिक उन्नतिका लागि गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् क्षेत्रका नागरिकहरुको पहुँच विस्तार गर्नु पर्नेछ । प्रदेशमा प्राविधिक विश्वविद्यालयसहित थप विश्व विद्यालयहरु एवम् मध्यमस्तरको प्राविधिक जनशक्ती तयार गर्न प्रत्येक जिल्लामा १/१ पोलिटेक्निक स्कुलहरुको स्थापना गर्नु पर्नेछ । यसैगरी सबै विश्वविद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार र अनुसन्धान तथा विकासको कार्यक्रमहरु पनि सँगसँगै सञ्चालन गर्नुपर्ने पनि छ ।

### १.३.५ स्वास्थ्य सेवा

प्रदेशमा आवश्यक स्वास्थ्य सेवा प्रवाह गर्नका लागि हाल सार्वजनिक अस्पताल १३ वटा तथा निजी एवम् सामुदायिक अस्पताल १९ गरी जम्मा ३२ वटा अस्पतालहरू रहेका छन् । रोग अनुसारको अत्याधुनिक चिकित्सा पद्दती अनुसार स्वास्थ्य सेवा प्रदान गर्ने विशिष्टिकृत अस्पतालहरूको प्रदेशमा अभाव रहेको छ । प्रदेश गौरवको आयोजना गेटा मेडिकल कलेज सञ्चालनका लागि तयारी अवस्थामा रहेको छ । यो मेडिकल कलेज सञ्चालनमा आएपछि उच्च स्तरीय स्वास्थ्य जनशक्ति उत्पादन र विशिष्टिकृत स्वास्थ्य सेवा प्रवाह हुनेछ । स्वास्थ्य क्षेत्रमा आत्मनिर्भरताका लागि यस मेडिकल कलेजलाई भविष्यमा स्वास्थ्य विश्वविद्यालयका रुपमा विकास गरी प्रदेशमा थप मेडिकल कलेजको स्थापना गर्नुपर्ने छ ।

हाल प्रदेशमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण तालिका नं. ३ मा दिइएको छ ।

**तालिका नं. ३**

**प्रदेशमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | सार्वजनिक अस्पताल | १३ |
| २ | निजी तथा सामुदायिक अस्पताल | १९ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | १६ |
| ४ | स्वास्थ्य चौकी | ३७५ |

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| ५ | आधारभूत स्वास्थ्य केन्द्र | १३३ |
| ६ | सामुदायिक स्वास्थ्य इकाई | १५ |
| ७ | सहरी स्वास्थ्य केन्द्र | ८२ |
| ८ | पोषण गृह | ४ |
| ९ | गाऊँघर क्लिनिक | १४६६ |
| १० | बहिरंग उपचार केन्द्र | १६१ |
| ११ | आयुर्वेद स्वास्थ्य संस्था | ७० |
| १२ | बर्थिङ्ग सेन्टर | ४८१ |
| १३ | महिला स्वास्थ्य स्वयंसेविका | ६०५५ |

### १.३.६ खानेपानी तथा सरसफाई

खानेपानीका सम्बन्धमा प्रदेशमा पाइपलाइनबाट वितरण हुने धाराको पानीमा पहुँच पुगेको जनसंख्या जम्मा ४० प्रतिशत मात्र रहेको छ तथापि ट्युवेल तथा हाते पम्पको पानीमा पहुँच भएको ४० प्रतिशत, इनार-कुवाको पानीमा ३ प्रतिशत समेत गर्दा प्रदेशका कुल ८६.५३ प्रतिशत नागरिकले आधारभूत खानेपानी सुविधा प्राप्त गरिरहेका छन् ।

शौचालयको उपलव्धताको सम्वन्धमा आधुनिक शौचालयमा ३१ प्रतिशत घर परिवारको पहुँच पुगेको छ भने सुधारिएको सरसफाई सुविधा (एकल प्रयोग) उपलव्ध परिवारको प्रतिशत ९९ रहेको छ ।

### १.३.७ कृषि

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ३५.६ प्रतिशत योगदान पुऱ्याएको कृषि क्षेत्र प्रदेशको प्रमुख प्राथमिकताको क्षेत्रमा पर्दछ । प्रदेश सरकारले कृषिको व्यवसायीकरण तथा आधुनिकीकरणका लागि मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरी रहेको छ । यो कार्यक्रमको लोकप्रियता तथा सफलता बढ्दै गएको छ ।

प्रदेशमा कुल ३ लाख ६७ हजार ६४९ हेक्टर खेतीयोग्य जमिन रहेकोमा ३ लाख २८ हजार ६४९ हेक्टरमा खेती हुँदै आएको छ । सोमध्ये करिव १ लाख ७१ हजार ८३२ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ । आ.व. २०८०/०८१ मा सम्पन्न हुने लक्ष्य रहेको राष्ट्रिय गौरवको आयोजनाका रुपमा निर्माण हुँदै गरेको रानीजमरा कुलरिया सिँचाइ आयोजना निर्माण सम्पन्न भएपछि ३८ हजार ३०० हेक्टर तथा आ.व. २०८३/०८४ मा सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण भैरहेको प्रदेश गौरवको आयोजनामा पर्ने महाकाली सिँचाइ आयोजना निर्माण कार्य सम्पन्न भै सञ्चालनमा आएपछि ३३ हजार ५२० हेक्टर गरी प्रदेशको थप ७१ हजार ८२०

हेक्टर कृषियोग्य भूमिमा वर्षैभरी सिँचाइ सुविधा उपलव्ध हुन गई यसबाट प्रदेशको कृषि उत्पादन बढाउन ठोस सहयोग पुग्न जानेछ ।

तराईका २ जिल्लाहरुको प्रमुख कृषि उत्पादनमा खाद्यान्न, दलहन, तरकारी तथा तेलहन बालीहरु पर्दछन्, पहाडका ४ जिल्लाहरुमा अन्नवाली, फलफूल, मह तथा पशुपालन र ३ हिमाली जिल्लाहरुमा विशेष स्थानीय जातका अन्न बाली, फलफूल तथा पशुपालन हुदै आएको छ ।

### १.३.८ पर्यटन

प्रदेशको अर्को ठूलो संभावना रहेको क्षेत्र पर्यटन हो । यहाँ धार्मिक, साँस्कृतिक, साहसिक र पर्यापर्यटनको अपार संभावनाहरु छन् । कैलालीको घोडाघोडी ताल, कञ्चनपुरको शुक्लाफाँटा निकुञ्ज, डडेल्धुराको उग्रतारा र घटालबाबा, डोटीको खप्तड क्षेत्र तथा शैलेश्वरी, बैतडीको महारुद्रधाम, त्रिपुरा सुन्दरी भगवती मन्दिर, शहिद दशरथ चन्दको जन्म घर र बनारसीधाम, दार्चुलाको समस्त हिन्दूहरुले मानि आएको १२ ज्योतिर्लिङ्ग मध्ये पर्ने मल्लिकार्जुन धाम, ऋषि हिमाल, अपि हिमाल, व्याँस हिमाल, बाजुराको बडिमालिका, खप्तड दह, जेठी बहुरानी हिमाल, अछामको रामारोशन, पञ्चदेवल क्षेत्र, बैजनाथ धाम एवम् बझाङ्गको सुर्मासरोवर ताल, सैपाल हिमाल यस प्रदेशमा आन्तरिक एवम् वाह्य पर्यटकरूलाई आकर्षित गर्न सक्ने प्रमुख धरोहरहरु हुन्। आवश्यक पूर्वाधारहरुको विकास गरी प्रचार-प्रसार गर्न सकिएमा प्रदेशको आर्थिक समृद्धिमा यस क्षेत्रले महत्वपूर्ण योगदान पुऱ्याउने छ ।

यस प्रदेशमा होटलको संख्या ४३ वटा, दर्ता रहेका होमस्टेको संख्या १३ वटा तथा टुर्स एण्ड ट्राभल्सको संख्या ४१ वटा रहेका छन् ।

### १.३.९ उद्योग

प्रदेशमा ठूला तथा मझौला उद्योगको संख्या ११५ रहेको छ जसमा ९ हजार ९१९ जनाले प्रत्यक्ष रोजगारी पाई आएका छन् । साना उद्योगहरुको संख्या २७ हजार ७२३, लघु उद्योगहरु ६ हजार ९१ तथा घरेलु उद्योगहरुको संख्या २ हजार ६६८ रहेको छ । कृषिजन्य, खानीजन्य, वन पैदावारजन्य तथा जडीवुटीजन्य थप वृहत उद्योगहरु स्थापनाका लागि स्वदेशी निजी क्षेत्रको तथा वैदेशिक लगानी समेतलाई आकर्षित गर्न विशेष नीतिगत, कानुनी र व्यवस्थापकीय एवम् कर छुट, भूमि, विद्युत र आवश्यक पूर्वाधार एवम् श्रम सम्वन्धमा यथोचित नीतिको अवलम्न सहितको प्याकेजको व्यवस्था गरी लगानी सम्मेलन लगायतका विशेष कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएको छ । प्रदेशको गार्हस्थ्य उत्पादनमा हाल रहेको १३.७ प्रतिशत उद्योग क्षेत्रको योगदानलाई बढाउन पनि थप उद्योगहरुको स्थापनामा जोड दिनु पर्नेछ। यसो भएमा प्रदेशको हालको ११.५ प्रतिशत रहेको बेरोजगारी दर र गरिबी घटाउनमा पनि विशेष सहयोग पुग्नेछ ।

### १.३.१० बैंक तथा बित्तीय संस्था

अहिले यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ७७७ वटा रहेको छ । यस मध्ये सबै भन्दा बढी कैलाली जिल्लामा ३४४ वटा रहेका छन् भने कञ्चनपुरमा १६१ वटा रहेका छन् । सबै भन्दा कम बैंक तथा वित्तीय संस्था बाजुरा जिल्लामा रहेको छ । प्रदेशका ८८ पालिकाहरु मध्ये ८७ वटा पालिकाहरुमा बैंक तथा वित्तीय संस्थाको पहुँच पुगि सकेको छ । बझाङ्ग जिल्लाको साइपाल गाऊँपालिकामा अहिलेसम्म कुनै बैंक तथा वित्तीय संस्थाको शाखा स्थापना भएको छैन । हालको जनसंख्या अनुसार १ बैंक तथा वित्तीय संस्थाको शाखाले ३ हजार ४९० जनालाई सेवा दिनु पर्नेछ । यो समग्र देशको औसत भन्दा बढी हो ।

### १.३.११ सहकारी

यस प्रदेशमा विभिन्न प्रकृतिका २ हजार ६० वटा प्रारम्भिक सहकारी संस्थाहरु रहेका छन् । यसमा कुल ५ लाख ४२ हजार ९८९ जना सदस्यहरु आवद्ध छन् । सहकारीको कुल शेयर पूँजी २ अर्व १ करोड, बचत १० अर्व ४४ करोड र ऋण लगानी ११ अर्व ५० करोड रहेको छ । यस क्षेत्रले २ हजार ८०० लाई प्रत्यक्ष रोजगारी र २ लाख भन्दा बढीलाई अप्रत्यक्ष रोजगारी उपलव्ध गराउँदै आएको छ ।

### १.३.१२ प्रमुख आर्थिक परिसूचकहरु

आ.व. २०७७/०७८ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रू. २ खर्ब ९३ अर्ब ९१ करोड रहेको छ । यो रकम सो वर्षको राष्ट्रिय अनुमानित कुल गार्हस्थ्य उत्पादनको ६.९ प्रतिशत हो । आर्थिक वर्ष २०७६/०७७ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको हिस्सा ७.० प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर ३.६ प्रतिशत रहेको छ । आ.व. २०७७/०७८ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३५.६ प्रतिशत, उद्योग क्षेत्रको योगदान १३.७ प्रतिशत र सेवा क्षेत्रको योगदान ५०.७ प्रतिशत रहेको छ ।

सुदूरपश्चिम प्रदेश सरकारको विगत आर्थिक वर्षहरुको कुल बजेट खर्चको स्थितिलाई हेर्दा आ.व. २०७५/०७६ मा जम्मा ५६.६२ प्रतिशत, आ.व. २०७६/०७७ मा ६२.८२ प्रतिशत र २०७७/०७८ मा ६८.६२ प्रतिशत रहेको देखिन्छ । आ.व. २०७७/०७८ मा चालु खर्चतर्फ ६२.३८ प्रतिशत र पूँजीगत खर्चतर्फ ७५.२२ प्रतिशत रहेको छ । राजस्व असुलीतर्फ हेर्दा आ.व. २०७५/०७६ मा १ अर्ब २९ करोड ६५ लाख ८२ हजार लक्ष्य राखिएकोमा ६७ करोड २० लाख ९२ हजार असुल भई ५१.८४ प्रतिशत प्रगति भएको छ । आ.व. २०७६/०७७ मा ८२ करोड ६८ लाख १७ हजार लक्ष्य राखिएकोमा ८७ करोड ५४ लाख ९४ हजार असुली भई १०५.८९ प्रतिशत प्रगति भएको छ । २०७७/०७८ मा ६० करोड ७० लाख ३० हजार लक्ष्य राखिएकोमा असुली ९२ करोड

३० लाख ६४ हजार असुली भई १५२.१० प्रतिशत प्रगति भएको छ। राजस्व आम्दानी तर्फ विगत दुई आर्थिक वर्षको स्थितिलाई हेर्दा लक्ष्यभन्दा बढी आम्दानी भएको छ ।

विगतका दशकमा आधारभूत पूर्वाधारको पहुँच तथा आन्तरिक आवद्धता सघनतामा उल्लेख्य विकास भएको छ । प्रदेशमा कालोपत्रे सडक २३४ कि.मि., ग्राभेल सडक ११५८ कि.मि. र कच्ची सडक ३९५४ कि.मि. गरी जम्मा ५३४६ कि.मि. सडक रहेको छ ।

विद्युत उत्पादन ५२ मेगावाट र राष्ट्रिय विद्युत प्रणालीबाट विद्युतमा पहुँच प्राप्त घरधुरी ६४.६९ प्रतिशत पुगेको छ। त्यसैगरी टेलिफोन प्रयोग गर्ने घरधूरी ९६.० प्रतिशत र इन्टरनेट प्रयोगकर्ताको प्रतिशत ४७.८ रहेको छ।

सन् २०११ मा प्रदेशको बहुआयामिक गरिबी ५०.८ प्रतिशत थियो । बहुआयामिक गरिबी सूचकाङ्क प्रतिवेदन सन् २०२१ अनुसार यस प्रदेशमा बहुआयामिक गरिबी २५.३ प्रतिशत रहेको छ । आधारभूत तहमा खूद भर्ना दर ९६.२ प्रतिशत छ । उच्च मध्यमस्तरीय खानेपानी सेवामा पहुँच प्राप्त जनसंख्या १४.७ प्रतिशत छ भने आधारभूत खानेपानी सुविधा पुगेको परिवारको प्रतिशत ८६.५३ रहेको छ । लैंगिक समानता, सशक्तीकरण तथा सहभागिताको स्थितिमा समेत उल्लेखनीय सुधार भएको छ । सामाजिक सुरक्षाको अवधारणा र दायरा विस्तार हुँदै गएको छ ।

विगतमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा एवम् हिमाल र पहाडबाट तराईमा आन्तरिक बसाईंसराइ तीव्र रुपमा बढेको छ । आन्तरिक बसाईंसराइ र वैदेशिक आप्रवासनका कारण ग्रामीण बस्तीमा युवाको न्यून उपस्थिति रहेकोले जनघनत्व घटेको देखिन्छ। प्रदेशमा वन जंगलले ढाकिएको क्षेत्रफलमा उल्लेख्य वृद्धि भई करिव ५२.३३ प्रतिशत पुगेको छ ।

❖❖❖

## परिच्छेद-२
# प्रदेशको दीर्घकालीन सोच
## (आ.व. २०७८/०७९-२१००/०१)

### २.१ पृष्ठभूमि

विकासको ठूलो संभावना र क्षमता रहेको सुदूरपश्चिम प्रदेश हालसम्म आर्थिक, सामाजिक विकासका दृष्टिकोणबाट पछि परेको, न्यून लगानी, न्यून वृद्धि दर र सामाजिक विभेदीकरणको जालोमा अलमलिएको प्रदेश मध्ये पर्दछ । प्रदेश सरकारको गठन पश्चात आफ्ना उपलव्ध सबै स्रोत साधनहरुको उच्चतम परिचालन गरी आफै द्रुत विकासको मार्गमा अघि बढने ढोकाहरु खुलेका छन् । नेपालको संविधानद्वारा प्रदत्त अधिकारको प्रयोग तथा जिम्मेवारीको बोध गरी विगतमा उचित प्राथमिकता र ध्यान नपुऱ्याई अन्य प्रदेशको तुलनामा पछि पारिएको र आर्थिक, सामाजिक एवम् भौगोलिक समविकास मूल प्रवाहिकरणमा सामेल भै विकासमा अघि बढने अवसर प्रदेशले गुमाउनु परेको वस्तुगत यथार्थतामा संघीय सरकारलाई सहमत गराएर विशेष प्राथमिकता र समर्थन प्राप्त गर्ने र स्थानीयतह सँग सु-सम्वन्ध, समन्वय र सहकार्य कायम गर्दै प्रदेशका सबै नागरिकहरुको आर्थिक, सामाजिक विकासको आवश्यकतालाई पुरा गर्ने दायित्व अव प्रदेश सरकारको काँधमाथि पर्न आएको छ। प्रदेशको विकासलाई राष्ट्रिय विकासको गतिमा अघि बढाउने कार्य अत्यन्तै चुनौतीपूर्ण छ। एउटा पाँच वर्षीय योजनाबाट मात्र विकासका सबै आवश्यकताहरुको परिपूर्ति संभव हुदैन। यसका लागि योजनावद्ध ढंगले आवश्कताहरुको आधारमा प्राथमिकता निर्धारण गरी दीर्घकालीन रुपमा विकास निर्माण कार्यलाई अघि बढाउनु पर्ने हुन्छ।

पन्ध्रौं योजनाले निर्धारण गरेका दीर्घकालीन परिमाणात्मक लक्ष्यहरु, दिगो विकासका लक्ष्यहरु तथा अन्य प्रदेशहरुले राखेका दीर्घकालीन लक्ष्य समेतलाई दृष्टिगत गरी विश्वपरिवेश, विश्वव्यापिकरण एवम् स्थानीयकरणको परिदृष्य तथा मुलुकले संघीयता अवलम्वन गरेयता प्राप्त असल अनुभव र सिकाइलाई अनुशिलन गर्दै जन आकांक्षा अनुसार उपलव्ध प्राकृतिक साधन र संभाव्यताको ठोस र वस्तुपरक एवम् लक्षित ढंगबाट उपयोग गर्नका लागि प्राकृतिक स्रोत वासलात (Natural Resources Balance Sheet) आवधिकरुपमा तयार गर्ने र निष्कर्षहरुलाई अनुसिलन गर्दै आफ्ना दीर्घकालीन सोच र परिमाणात्मक लक्ष्यहरु निर्धारण गरी अघि बढनु पर्ने छ । यसैका लागि प्रस्तुत दीर्घकालीन सोच र परिमाणात्मक लक्ष्यलाई प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा समावेश गरिएको छ।

### २.२ पन्ध्रौं योजनाको दीर्घकालीन सोच, लक्ष्य र रणनीतिहरू

राष्ट्रिय योजना आयोगले प्रकाशनमा ल्याएको पन्ध्रौं योजनाले राखेको दीर्घकालीन राष्ट्रिय सोच, लक्ष्य र रणनीतिहरू देहाय अनुसार रहेका छन् ।

**राष्ट्रिय सोच**

**"समृद्ध नेपाल, सुखी नेपाली"**

समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

**राष्ट्रिय लक्ष्य**

| समृद्धि | सुख |
|---|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता | २.१ परिष्कृत तथा मर्यादित जीवन |
| | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| १.२ मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २.३ स्वस्थ र सन्तुलित पर्यावरण |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | २.४ सुशासन |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय | २.५ सबल लोकतन्त्र |
| | २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

**दीर्घकालीन राष्ट्रिय रणनीति**

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक बृद्धि गर्ने,
२. सर्वसुलभ अत्याधुनिक स्वास्थ्य सेवा र शिक्षा सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् हरियालीयुक्त आधुनिक सुविधा सम्पन्न शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिबी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने ।

### २.३ प्रदेशको दीर्घकालीन सोच

**“आत्मनिर्भरता उन्मुख, समृद्ध सुदूरपश्चिम"**

आर्थिक र सामाजिक क्षेत्रमा आत्मनिर्भरता तथा समृद्धि सहितको सम्मानजनक जीवनयापन गर्ने सुखी नागरिक बसोबास गर्ने प्रदेश ।

### २.४ प्रदेशको दीर्घकालीन लक्ष्य

आत्मनिर्भरता उन्मुख, समृद्ध प्रदेश निर्माणका लागि देहाय बमोजिमका दीर्घकालीन लक्ष्यहरू निर्धारण गरिएका छन् :

१. भौतिक, आर्थिक, हरित र सामाजिक पूर्वाधारको सन्तुलित विकास
२. कृषि, ऊर्जा र उद्योगको उत्पादन तथा उत्पादकत्त्वमा अभिवृद्धि
३. मानव पूँजीको विकास
४. गरिबी निवारणका लागि उच्च, दिगो र समतामूलक प्रादेशिक आय
५. दक्ष जनशक्तिको निर्माण र प्रदेश भित्रै उच्चतम सदुपयोग
६. समावेशी, लैङ्गिक समतामूलक, विभेद र वञ्चितीकरण रहित सुरक्षित, सभ्य, मर्यादित र न्यायपूर्ण समाज
७. सुशासन
८. दिगो विकासका लक्ष्यहरु हासिल

## २.५ प्रदेशको दीर्घकालीन रणनीति

१. कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ र आधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
२. हरित ऊर्जाको उत्पादन तथा प्रदेशलाई पर्यटकीय, शैक्षिक तथा व्यापारिक केन्द्रको रुपमा विकास गरी उच्च, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने ।
३. आधुनिक पूर्वाधार निर्माण एवम् अन्तर आबद्धता विकास गर्ने ।
४. सर्वसुलभ तथा अत्याधुनिक स्वास्थ्य सेवा र जीवनोपयोगी तथा गुणस्तरीय प्राविधिक शिक्षाको सुनिश्चितता गर्ने।
५. सामाजिक सुरक्षा, समावेशीकरण, संरक्षण, लैङ्गिक समता र समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने।
६. प्राकृतिक स्रोत साधनको समुचित उपयोग तथा उत्थानशीलता प्रवर्द्धन गर्दै 'हरित प्रदेश' कायम गर्ने ।
७. डिजिटल प्रदेशको अवधारणालाई आत्मसात गर्दै सार्वजनिक सेवामा सु-शासन प्रत्याभूत गर्ने।

## २.६ प्रदेश रुपान्तरणका प्रमुख सम्बाहकहरु

१. गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधार
२. जलविद्युत उत्पादन
३. कृषि तथा वन सम्पदा
४. पर्यटन क्षेत्रको प्रवर्द्धन
५. मानव पूँजी निर्माण तथा पूर्ण उपयोग
६. औद्योगिक उत्पादन तथा प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि
७. व्यवस्थित तथा आधुनिक शहरीकरण
८. बहुलतायुक्त साँस्कृतिक वैभव एवम् मनोहर भू-परिदृष्य

### २.७ सहयोगी क्षेत्रहरु

योजनाको कार्यान्वयनका सहयोगी पक्ष र वातावरण निम्नानुसार रहेका छन्

१. प्राकृतिक स्रोत साधनमा सम्पन्नता, मनोरम तथा विविधतायुक्त भू-बनोट र पर्यावरणीय विविधता

२. भौगोलिक अवस्थिति तथा प्रचुर आर्थिक सम्भावना भएको भारतको राजधानी नयाँ दिल्ली र चीनको मानसरोवरसँगको निकट दुरीले एशियाका दुई ठूला सभ्यताकाबीच 'सेतु' वन्न सक्ने स्थिति

३. भौतिक पूर्वाधार (सडक, ऊर्जा)

४. युवा जनशक्तिको बाहुल्यता सहितको जनसांख्यिक लाभ

५. सामाजिक विविधता, साँस्कृतिक वैभव, पहिचान, परम्परागत ज्ञान र सामाजिक पूँजी

६. सामाजिक तथा सामुदायिक संस्था, साझेदारी, पारस्परिकता र उत्थानशीलता

७. सूचना प्रविधिको सञ्जालीकरण तथा प्रविधितर्फ झुकाव भएको जनशक्ति

८. सार्वजनिक, निजी र सहकारी क्षेत्रको वित्तीय स्रोतको उपलब्धता ।

### २.८ प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्य

प्रदेशको दीर्घकालीन परिमाणात्मक लक्ष्यहरू देहाय बमोजिम निर्धारण गरिएका छन्ः

| क्र. सं. | सूचक | आधार वर्ष २०७७/०७८ को स्थिति | प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८२/०८३) | आ.व.२१००/०१ को प्रदेशको लक्ष्य | आ.व. २१०० /०१ को राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| १ | वार्षिक औषत आर्थिक बृद्धि दर (प्रतिशत) | ३.६ | १०.५ | १०.५ | १०.५ |
| २ | प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर) | ९१८ | १७१५ | १२,१०० | १२,१०० |
| ३ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत) | २४.६ | ११ | ० | ० |
| ४ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत) | २५.३ | १३ | ० | ३ |
| ५ | मानव विकास सूचकाङ्क | ०.५४७ | ०.६२१ | ०.७६० | ०.७६० |
| ६ | लैंगिक विकास सूचकाङ्क | ०.९०३ | ०.९६३ | १ | १ |
| ७ | सम्पत्तिमा आधारित गिनी गुणक | ०.३२ | ०.२९ | ०.२५ | ०.२५ |
| ८ | अपेक्षित आयु (जन्म हुँदाको) (वर्ष) | ६९.८ | ७२ | ८० | ८० |
| ९ | मातृ मृत्युदर (प्रतिलाख | १४.१ | १० | ५ | २० |

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/०७८ को स्थिति | प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८२/०८३) | आ.व.२१००/०१ को प्रदेशको लक्ष्य | आ.व. २१०० /०१ को राष्ट्रिय लक्ष्य |
|---|---|---|---|---|---|
| | जीवित जन्ममा) | | | | |
| १० | पाँच वर्षमुनिका बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | ६९ | ३९ | ८ | ८ |
| ११ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको प्रतिशत | ३३.३ | १५ | २ | २ |
| १२ | साक्षरता दर | ६३.५ | ९० | १०० | ९८ |
| १३ | माध्यमिक तह (९–१२) मा खुद भर्ना दर (प्रतिशत) | ४९.३ | ६५ | ९५ | ९५ |
| १४ | उच्च शिक्षामा कुल भर्नादर (प्रतिशत) | १६ | २५ | ५० | ४० |
| १५ | विद्युत उत्पादन (मेगावाट) | ५२ | २५० | १०,००० | ४०,००० |
| १६ | विद्युतमा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत) | ६४.६९ | ९९ | १०० | १०० |
| १७ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसङ्ख्यामा प्रतिशत) | ४७.८ | ८० | १०० | १०० |
| १८ | बेरोजगारी दर (प्रतिशत) | ११.५ | ७.५ | ३ | ३ |
| १९ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या (प्रतिशत) | ५ | ५० | १०० | १०० |
| २० | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | - | ८५ | १०० | ९९ |

*आ.व.२०७७/०७८ को तथ्याङ्क स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक सर्वेक्षण २०७७/०७८, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, मानव विकास प्रतिवेदन २०२०, वहुआयामिक गरिबीको प्रतिवेदन २०२१, प्रदेश स्वास्थ्य वार्षिक प्रतिवेदन २०७७/०७८, पन्ध्रौं योजना रा.यो.आ.*

## २.९ जोखिम पक्ष अनुमान

अवस्थिति तथा भू-बनोटका कारण प्रदेशमा भूकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्को उच्च जोखिम रहेको छ । विपद् जोखिम न्यूनीकरणसम्बन्धी पर्याप्त तयारी नभएमा वा

बृहत् आधुनिक पूर्वाधार तथा निर्माणमा पर्याप्त सावधानी नअपनाईएमा प्रदेश विकसित अर्थतन्त्रमा रुपान्तरण हुँदै गर्दा यसबाट हुने परिस्थितिकीय, मानवीय, भौतिक तथा आर्थिक क्षति, गरिबी तथा संकटापन्नतामा पर्ने प्रभावको सघनता उच्च रुपमा बढ्दै जाने सम्भावना रहन्छ । साथै जलवायू परिवर्तनका दृष्टिकोणले समेत प्रदेश ज्यादै जोखिमपूर्ण रहेकाले यसबाट जनजीवन, जैविक विविधता, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा प्रतिकूल असर पर्न सक्ने देखिन्छ ।

प्रदेशमा आर्थिक-सामाजिक रुपान्तरण तथा समृद्धिको आधार निर्माण गर्न राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृत्ति एवम् संरचनात्मक स्थिति र व्यवस्थामा सुधार वान्छनीय छ । अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक स्रोत-साधनको परिचालन हुन नसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ । अन्तरदेशीय र अन्तरप्रदेश अपराध तथा महामारी, विश्व परिवेशमा भैंरहेको सूचना तथा सञ्चार प्रविधिजन्य र व्यवस्थापकीय रुपान्तरण, परिवर्तन एवम् विश्व अर्थतन्त्रमा देखापरेका नवीनतम सोच तथा अवधारणाका कारण विश्व बजारमा आउन सक्ने असन्तुलन तथा आर्थिक संकटले नेपालको अर्थतन्त्रको वास्तविक, मौद्रिक, सार्वजनिक तथा बाह्य सबै क्षेत्रमा पार्ने प्रभावले प्रदेशलाई पनि असर पार्न सक्छ ।

संघीयता अपेक्षाकृत नयाँ अभ्यास भएको हुँदा यसको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्न सक्छ । यसका लागि प्रादेशिक सोच तथा संघीय सरकारको पन्ध्रौं योजनासँग सामञ्जस्य हुने गरी प्रदेश सरकारले आफ्ना आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमामा एकरुपता एवम् चुनौती र परिवर्तन सापेक्ष लचकता ग्रहणशिलता कायम हुने गरी कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

### २.१० प्रदेश समृद्धिका लागि दीर्घकालीन महत्वका आयोजनाहरु

प्रदेशको पहिलो योजना भएकोले योजनाले राखेको प्रदेश समृद्धिको दीर्घकालीन सोचलाई साकार रुप दिनका लागि दीर्घकालमा पुरा हुन सक्ने केही वृहत आयोजनाहरुको रुपरेखा समेत यस योजना दस्तावेजमा समावेश गर्न आवश्यक छ । तसर्थ: हाल पहिचान गरिएका केही दीर्घकालीन महत्वका आयोजनाहरुको सूची अनुसूची १ मा समावेश गरिएको छ । यी योजनाहरुलाई मूर्तरुप दिन अहिलेको प्रदेशको आर्थिक क्षमताबाट मात्र संभव नहुने भएकाले संघीय सरकारबाट सञ्चालन हुदै आएको राष्ट्रिय गौरवका आयोजनामा समावेश गर्न तथा संघीय सरकारसँगको समन्वयमा विकासका साँझेदारहरुसँगको सहकार्य एवम् स्वदेशी, विदेशी तथा निजी क्षेत्रको लगानीमा समेत सञ्चालन गर्नका लागि विशेष पहल गर्नुपर्ने छ ।

यस प्रदेशको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने विगतमा पहिचान भै लामो समय देखि कार्यान्वयनमा आउन नसकेका पञ्चेश्वर बहुउद्देशीय आयोजना, माथिल्लो कर्णाली जलविद्युत आयोजना, पश्चिम सेती जलविद्युत आयोजना जस्ता महत्वपूर्ण आयोजनाहरुको शिघ्र कार्यान्वयनका लागि पनि संघीय सरकारलाई घच्घच्याउनु पर्ने देखिएको छ ।

विगतमा संघीय सरकारको प्राथमिकतामा नपरी विकासमा पछि पर्न गएको यो प्रदेश अहिले पनि संघीय सरकारको प्राथमिकतामा पर्न नसकेको र पहिले गुमेका अवसरहरु उपलव्ध गराउनु भन्दा पनि संघीय सरकार अहिले पनि परम्परागत रुप मै अघि बढ्दै गरेको उदाहरणहरु पाउन सकिन्छ। विगतमा पूर्व पश्चिम राजमार्ग पूर्वबाट मात्र शुरु भै यस प्रदेशको भू-भागसम्म आइपुग्न धेरै समय लागेका कारण लामो समयसम्म यो प्रदेशको भू-भाग देशको राजधानी तथा अन्य भू-भागसँग सडक यातायातबाट जोडिन नसक्दा समग्र मुलुकले र यस प्रदेशका नागरिकहरुले विगतमा भोग्न परेको ठूलो पीडा सर्वविदितै छ । अहिले पनि हुलाकी लोक मार्ग, पुष्पलाल मध्य पहाडी लोकमार्ग, मदन भण्डारी पहाडी लोकमार्ग, पूर्व पश्चिम विद्युतीय रेल मार्ग जस्ता आयोजनाहरु पूर्वबाट मात्र शुरु गरिएका कारण ती आयोजनाहरु पनि यस प्रदेशसम्म आइपुग्न लामो समयको प्रतिक्षा गर्नु पर्ने भएको छ । तसर्थ: यस्ता आयोजनाहरु पश्चिममा यस प्रदेशको भू-भागबाट पनि एकैसाथ शुरु गर्न संघीय सरकारको ध्यानाकर्षण गराई जोडदार माग पनि गर्नु पर्ने भएको छ ।

संघीय सरकारले सुदूरपश्चिम प्रदेश किन आर्थिक र सामाजिक विकास र राष्ट्रिय मूल प्रवाहमा पछि पऱ्यो भन्ने बस्तु तथ्यको यथार्थपरक निष्कर्ष निकाल्नु पर्छ । प्रदेशवासीको विगतमा गुमेको अवसरहरुको क्षतिपूर्ति हुनेगरी प्रदेशलाई आर्थिक, सामाजिक विकासमा सघाउने गरी विशेष प्राथमिकता प्राप्त प्रदेश कायम गर्नु पर्ने र विशेष सहुलियत र अनुदानको प्याकेज निर्धारण गर्नुका साथै राष्ट्रिय गौरवका धेरै वृहत आयोजनाहरु यस प्रदेशलाई प्रदान गर्नु पर्ने टड्कारो आवश्यकता रहेको छ ।

❖❖❖

# परिच्छेद ३
# प्रथम पञ्चवर्षीय योजना

**(आ.व.२०७८/०७९-आ.व.२०८२/०८३)**

## ३.१ पृष्ठभूमि

नेपालमा वि.सं. २०१३ सालदेखि आवधिक योजनाहरुको विकास प्रक्रियाको थालनी भै हाल सम्म १४ वटा योजना कार्यान्वयन भै सकेका छन् । जसमध्ये ९ वटा ५ वर्षे र ५ वटा तीन वर्षे योजना रहेका छन् । हाल ५ वर्ष अवधिको पन्ध्रौं योजना कार्यान्वयनको चरणमा रहेको छ ।

वि.सं.२०६२/०६३ को जनआन्दोलनको परिणाम स्वरुप नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रुपमा कायम भएको छ । २०७२ सालमा जारी भएको नेपालको संविधान अनुसार आवधिक निर्वाचन सम्पन्न भई संघ, प्रदेश र स्थानीय गरी ३ तहको राज्य संरचना तथा ३ तहको सरकार नेपालमा स्थापित भएको छ । यससंगै लामो राजनीतिक संक्रमण अन्त भै मुलुक स्थिरता, लोकतन्त्र र समृद्धिको पथमा अग्रसर भएको छ । अब मुलुकको ध्यान मूलतः राष्ट्रिय समृद्धि र आर्थिक सामाजिक रुपान्तरणमा केन्द्रित भएको छ ।

नेपालको संविधानले मौलिक हक र राज्यका नीतिहरुको दायरालाई अझै फराकिलो र विस्तारित तुल्याएको छ । यसले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा लोककल्याणकारी एवम् समतामूलक समाज निर्माण गर्ने र समाजवाद उन्मुख स्वतन्त्र तथा समृद्ध, स्वाधीन अर्थतन्त्र निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य निर्धारण गरेको छ । संविधानको भावना र मर्मअनुरुप समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष्यसँग तादात्म्यता कायम हुने गरी सरकारले आफ्ना नीति, कार्यक्रम र आयोजना मार्फत नागरिकको समृद्धिको चाहना पूरा गर्ने दृढ अठोट तथा संकल्प गरेको छ ।

संविधानले निर्दिष्ट गरेअनुरुप संघीयता कार्यान्वयनका क्रममा नेपालमा सातवटा प्रदेश स्थापना भएका छन् ।ती सात प्रदेश मध्ये साविकका सेती र महाकाली अञ्चलका नौ वटा जिल्लालाई समेटी सुदूरपश्चिम प्रदेश स्थापना भएको हो । सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७४/०७५ देखि सरकारका नीति तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना मार्फत विकासका कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ । प्रदेशको समग्र विकासका निम्ति योजनावद्ध कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने टड्कारो आवश्यकता महसूस भएको सन्दर्भमा प्रथम पञ्चवर्षीय योजना निर्माणको कार्य प्रारम्भ गरिएको हो । यसअनुरुप प्रदेशको तीव्र आर्थिक विकास, समृद्ध अर्थ व्यवस्था र आत्मनिर्भरताको लक्ष्य प्राप्त गर्ने गरी प्रभावकारी कार्यान्वयन व्यवस्था सहितको प्रथम योजना तर्जुमा गरिएको छ ।

## ३.२ प्रथम पञ्चवर्षीय योजनाको आवश्यकता र औचित्य

नेपालको संविधानले राज्यका तीनै तहका लागि अधिकारको बाँडफाँट गरेको छ । प्रदेशका लागि निर्धारित अधिकारका साथै संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त एवम् साझा अधिकार र नीतिहरुको पूर्ण कार्यान्वयनको योजनाबद्ध आधार तयार गर्नु पर्ने आवश्यकता छ । नेपाल सरकारले वि.सं. २०८३ सम्म राष्ट्रलाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गरी सन् २०३० सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्दै मध्यम आय भएको देशमा पुऱ्याउने लक्ष्य राखे अनुरुप राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि समेत प्रादेशिक लक्ष्य निर्धारण र कार्यान्वयनको आवश्यकता रहेको छ । निर्देशित लक्ष्य अनुसार प्रदेशको विकास र नागरिकको समृद्धिको चाहना पूरा गर्ने प्रदेश सरकारको संकल्प बमोजिम तयार गरिएको प्रदेशको दीर्घकालिन सोचको योजनावद्ध कार्यान्वयन गर्न प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्न जरुरी भएको हो।

यस परिप्रेक्ष्यमा समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीको वातावरण निर्माण, प्रदेशको आफ्नै प्राथमिकताका क्षेत्रमा लगानी आकर्षण र उत्पादनशील रोजगारीका अवसर सृजना, महिला सशक्तिकरण, समावेशी विकास, सामाजिक सुरक्षा र पूँजी निर्माण गरी तीव्र र दिगो आर्थिक वृद्धि हासिल गर्दै आर्थिक सामाजिक परिसूचकहरुमा उल्लेख्य सुधार गर्नु पर्ने भएको छ । यसका लागि गुणस्तरीय भौतिक तथा सामाजिक पूर्वाधार निर्माण, कृषिको व्यवसायीकरण, वन, जडीवुटी, जलस्रोत एवम् स्वच्छ ऊर्जाको उपलब्धता तथा सोको व्यापारको सुनिश्चितता, पर्यटन पूर्वाधारको विकास तथा औद्योगिकीकरण मार्फत रोजगारी सिर्जना गर्ने दिशातर्फ उन्मुख हुने गरी योजना तर्जुमा गर्न आवश्यक छ । केन्द्रीकृत शासन व्यवस्थामा विगतमा कार्यान्वयन भएका नीति तथा कार्यक्रमदेखि नै आय विमुखता, असमानता, भौगोलिक, जातीय र लैंगिक विभेद, कृषि क्षेत्रमा अत्यधिक निर्भरता, बढ्दो बेरोजगारी, कमजोर पूँजीगत खर्च तथा विप्रेषणमा बढ्दो निर्भरता लगायतका चुनौतीको सामना गर्नु परेको छ र यो प्रदेश झनै सीमान्तकृत हुन पुगेको छ । तसर्थ: अहिले वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, स्थानीय स्रोत र साधनको लाभकारी उपयोग गरी प्रदेशको अर्थतन्त्रको विकास तथा उपलब्ध अवसर र श्रोत साधनहरुको उच्चतम सदुपयोग गरी समृद्धिको आधार निर्माण गर्नु पर्नेछ । साथै, राष्ट्रिय तथा प्रादेशिक हित, लोकतन्त्र, सामाजिक न्याय, शान्ति र स्थिरतामा समेत ध्यान दिनु आवश्यक रहेको छ ।

विगतका नीति तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना कार्यान्वयनको अनुभवबाट पाठ सिकी ती कार्यक्रमहरुको सबल पक्षहरु आत्मसात गर्दै प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ । प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा समाजवाद उन्मुख दिगो प्रादेशिक अर्थतन्त्रको निर्माणका लागि अर्थतन्त्रको सुधार र आवश्यक संरचनागत रुपान्तरण, उत्पादनका साधन र सम्बन्ध तथा विकासको प्रतिफलको वितरण र पुनर्वितरणका क्षेत्रमा नीतिगत प्रस्थान गर्नुपर्ने

हुन्छ । सार्वजनिकका साथै निजी, सहकारी र सामुदायिक क्षेत्रको समेत सबलीकरण गर्दै, आन्तरिक उत्पादन वृद्धि गरी आन्तरिक स्रोतको परिचालन, विनियोजन कुशलता, पूँजीगत खर्चमा सुधार, गुणस्तरीय पूर्वाधार निर्माण, सुशासनमा अभिवृद्धि र नतिजामूलक योजना प्रणालीको सुदृढीकरण जस्ता पक्षलाई सम्बोधन गर्न प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्नु आवश्यक छ । प्रदेशको संस्थागत विकासका लागि यो योजनाले मार्ग चित्र प्रस्तुत गर्ने छ । यसका लागि संघीय सरकारको योजना र लक्ष्यअनुरुप स्थानीय तहसंग विकास कार्यमा सहयोग, समन्वय र सहकार्यमा जोड दिनु आवश्यक छ ।

## ३.३ सबल तथा कमजोर पक्ष, अवसर र चुनौती

प्रदेशको सबल पक्ष, कमजोर पक्ष, चुनौती र अवसरहरूको वस्तुनिष्ट मूल्यांकन गरेर अघि बढ्दा प्रथम पञ्चवर्षीय योजनालाई सफल पार्न सहज हुने भएकोले प्रथमत: उल्लेखित विषयमा विश्लेषण गरिएको छ ।

### ३.३.१ सवल पक्ष

उदाउँदो आर्थिक शक्तिका रुपमा रहेका दुई ठूला छिमेकी मित्रराष्ट्र भारत र चीनलाई जोडने छोटो द्रुतमार्ग मार्फत प्रदेशको आर्थिक रुपान्तरण गर्न सक्ने संभावना सशक्त रहनु, जलस्रोत, जंगल, जडिवुटी, जैविक एवम् जमिनको विविधता, कृषि, पशुपालन, साँस्कृतिक सम्पदाका दृष्टिले समृद्ध रहनु, भू-परिदृश्यमा एवम् पर्यटनमा अथाह सम्भावना देखिनु, जनसाँख्यिक बनोटका दृष्टिले उत्पादनशील जनशक्तिको बाहुल्यता हुनु, संघीयताको मर्म अनुरुप प्रणालीगत र संस्थागत संरचना क्रियाशील रहनु जस्ता सकारात्मक पक्ष रहेका छन् ।

### ३.३.२ कमजोर पक्ष

शिक्षा, स्वास्थ्य, रोजगारी र आय विमुखता, कुपोषण, न्यून आवास सुविधा, न्यायोचित आवाजमा केन्द्रको सहमति जुटाउन नसक्नु, व्यवस्थापकीय र कार्यान्वयन क्षमतामा कमी, वञ्चितीकरण, महिला हिंसा, बाल विवाह, छुवाछुत जस्ता विभेद र असमानता एवम् कुरीति, अन्धविश्वास जस्ता पछौटेपनाको दुस्चक्र विद्यमान रहनु, केन्द्रले प्रदेशको यथार्थ महसुस गर्ने गरी संयुक्त आवाज उठाउन नसक्नु प्रमुख कमजोरीका रुपमा रहेका छन् ।

### ३.३.३ चुनौती

गरिबी, अशिक्षा, विभेद, वञ्चितीकरण, न्यून स्वास्थ्य सुविधा, बेरोजगारी, वातावरणीय प्रतिकुलता, यातायातको कठिनाई, कुरीति र कुप्रथाको अवशेषको विद्यमानता, विकास आयोजनाको कमजोर कार्यान्वयन क्षमता, कानुनी, संस्थागत र व्यवस्थापकीय कमजोरी जस्ता पछौटेपनको दुस्चक्रको सामना गर्नु प्रमुख चुनौतीको रुपमा रहेका छन्।

### ३.३.४ अवसर

नेपालको संविधानले निर्दिष्ट गरेअनुरुप लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणालीमा सरकारका ३ तहको एकल र साझा अधिकारको सूची सुस्पष्ट भएको छ । यसबाट संघ र

स्थानीय सरकारसंग समन्वय, सहकार्य र साझेदारीको सहित, समृद्धि र सुशासनको अभिलाषा परिपूर्ति गर्न सक्ने सुअवसर प्राप्त भएको छ ।

प्रदेशको पछौटेपन र गरिबीको दुस्चक्रलाई निस्तेज तुल्याँउदै भौगोलिक दूरता र दुरुहतालाई हरित प्रदेशका रुपमा रुपान्तरण गरी अन्तरआवद्ध प्रविधि मैत्री विकसित प्रदेशको पहिचान कायम गर्न सक्ने राम्रो मौका रहेको छ । समय र स्थान सान्दर्भिक विकास पहलद्वारा गरिबी, बेरोजगारी, अशिक्षा, अन्धविश्वास, रोग व्याधी जस्ता समस्यालाई न्यूनीकरण गर्न र कृषि, पशुपालन, वन, जडिवुटी, जलस्रोत, पर्यटन जस्ता तुलनात्मक लाभका क्षेत्रलाई अघि बढाएर, प्रदेशको समग्र अवस्थालाई उँचो तुल्याउने सम्भावना पनि उत्तिकै रहेको छ । उत्पादनशील जनसंख्याको अनुकूल अनुपातलाई जनसांख्यिक लाभको रुपमा मानवीय पूँजीमा परिणत गरी उच्च आय प्राप्ति गर्ने र युवा उद्यमशिलताको परिचालनद्वारा समुन्नत प्रदेश निर्माण गर्ने सुअवसर पनि मिलेको छ । संघीयता कार्यावयनमा देखिएको प्रतिवद्धता र वित्तीय संघीयता कार्यान्वयन पनि ठूलो अवसरका रुपमा रहेको छ।

## ३.४ योजनाका मार्गदर्शक आधारहरु

प्रस्तुत योजना तर्जुमा गर्न निम्न आधारहरुलाई मार्गदर्शक तत्वका रुपमा ग्रहण गरिएको छ ।

१. नेपालको संविधान,
२. राष्ट्रिय नीति तथा कानुन,
२. नेपालले अंगिकार गरेको दिगो विकासका लक्ष्य एवम् अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरिएका प्रतिवद्धताहरु,
३. पन्ध्रौं आवधिक योजना,
४. प्रदेश कानुन र प्रदेश सरकारले जारी गरेका नीति तथा कार्यक्रम, सो मा घोषित दीर्घकालीन महत्वका क्षेत्रहरु,
५. प्रदेशको प्राकृतिक, भौगोलिक, आर्थिक-सामाजिक अवस्थिति र वस्तुस्थिति विश्लेषणबाट प्राप्त निष्कर्षहरु,
६. राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, आम नागरिक एवम् सम्वन्धित क्षेत्रका विज्ञहरुबाट प्राप्त सुझावहरु ।

## ३.५ योजना तर्जुमा विधि

समय र वस्तुस्थिति सापेक्ष, सार्थक एवम् स्थानीय नागरिकहरुको स्वामित्व र अपनत्वपूर्ण योजना बनाउने ध्येयले जनसहभागितामा आधारित भएर सबै सरोकारवालाहरुसँगको गहन छलफल तथा सुझाव संकलन गरी प्रदेशको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्नका लागि देहायका विधिहरुको अवलम्वन गरिएको छ ।

१. योजना तर्जुमा पूर्व तयारीका साथ अवधारणापत्र तर्जुमा ।
२. विषयगत / क्षेत्रगत कार्यदल निर्माण र छलफल एवम् सिफारिस ।

३. स्थानीय तहहरुको सहभागितामा विभिन्न स्थानहरुमा छलफल र सुझाव, प्रतिक्रिया संकलन।
४. सुदूरपश्चिम प्रदेशमा जन्म एवम् कर्म थलो भएका राष्ट्रिय स्तरका विज्ञहरुसँग अन्तरक्रिया गरी सुझाव तथा प्रतिक्रिया संकलन ।
५. सुदूरपश्चिम प्रदेशलाई प्रतिनिधित्व गर्नु हुने प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सांसदज्यूहरु एवम् प्रदेश सभाका माननीय सांसदज्यूहरुसँग भेटघाट र अन्तरक्रिया गरी सुझाव तथा प्रतिक्रिया संकलन ।
६. जनसाधारण र सरोकारवालाबाट सुझाव प्राप्तिका लागि प्रारम्भिक मस्यौदाको प्रकाशन ।
७. प्रदेश विकास परिषद्को बैठक आयोजना गरी प्रस्तावित आधारपत्र पेश गरेर सुझाव तथा निर्देशन प्राप्ति र आधारपत्र परिषद्बाट पारित ।
८. प्रदेश विकास परिषद्बाट पारित आधारपत्र प्रदेश नीति तथा योजना आयोगबाट अनुमोदन गरी प्रदेश मन्त्रिपरिषद्मा पेश ।
९. प्रदेश मन्त्रिपरिषद्बाट आधारपत्र स्वीकृति र सो पश्चात आधारपत्रको प्रकाशन ।
१०. स्वीकृत आधारपत्रको आधारमा प्रथम पञ्चवर्षीय योजना पूर्ण दस्तावेजको तयारी ।
११. प्रदेश विकास परिषद्बाट पारित प्रथम पञ्चवर्षीय योजना स्वीकृतिका लागि प्रदेश मन्त्रिपरिषद्मा पेश ।
१२. प्रदेश मन्त्रिपरिषद्बाट प्रथम पञ्चवर्षीय योजना स्वीकृति र सो पश्चात सार्वजनिकीकरण ।

## ३.६ पञ्चवर्षीय योजनाको लक्ष्य

समावेशी, सन्तुलित र समन्यायिक विकासद्वारा नागरिकको जीवनस्तर उँचो तुल्याई दिगो विकास र समृद्धि हासिल गर्ने मार्गमा अघि बढने।

## ३.७ उद्देश्य

१. उत्पादन र रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण गर्नु ।
२. दिगो, सुलभ, सन्तुलित र गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तार गर्नु ।
३. सबै प्रकारका भय, चिन्ता, हिंसा, विभेद, शोषण, अभाव, भोकमरी, कुपोषण, अशिक्षा, रोग, प्रकोप, असमर्थता आदिबाट मुक्त सुखी खुशी जीवन जीउन पाउने समावेशी, समन्यायिक र सामर्थ्यपूर्ण स्वावलम्वी समाज निर्माण गर्नु ।
४. सक्षम र प्रतिस्पर्धी मानव पूँजीको विकास गर्नु ।
५. प्रशासनिक एवम् वित्तीय सुशासन कायम गर्नु ।

## ३.८ परिमाणात्मक लक्ष्य

यस प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका लागि देहाय अनुसारका आर्थिक, सामाजिक तथा भौतिक लक्ष्यहरू निर्धारण गरिएका छन्:

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/०७८ को स्थिति | प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८२/०८३) | पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य (२०८०/०८१) |
|---|---|---|---|---|
| **१.** | **आत्मनिर्भरताका सूचकहरू** | | | |
| १.१ | वार्षिक औसत आर्थिक वृद्धि दर (प्रतिशत) | ३.६ | १०.५ | १०.३ |
| | कृषि क्षेत्रको औसत वृद्धि दर (प्रतिशत) | ४.१ | ७.९ | ५.४ |
| | उद्योग क्षेत्रको औसत वृद्धि दर (प्रतिशत) | ४.२ | १६.८ | १४.६ |
| | सेवा क्षेत्रको औसत वृद्धि दर (प्रतिशत) | २.७ | १०.३ | ९.९ |
| १.२ | अर्थतन्त्रमा क्षेत्रगत योगदान (प्रतिशत) | | | |
| | कृषि | ३५.६ | ३१.५ | २२.३ |
| | उद्योग | १३.७ | १८.२ | १८.८ |
| | सेवा | ५०.७ | ५०.३ | ५८.९ |
| १.३ | प्रति व्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर) | ९१८ | १७१५ | १,५९५ |
| १.४ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या (प्रतिशत) (वि.सं.२०६८) | २४.६ | ११ | ११ |
| १.५ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत) (सन् २०१९) | २५.३ | १३ | १३ |
| १.६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात | १.१ | १.०४ | १.२५ |
| १.७ | मानव विकास सूचकाङ्क | ०.५४७ | ०.६२१ | ०.६२४ |
| १.८ | लैंगिक विकास सूचकाङ्क | ०.९०३ | ०.९६३ | ०.९६३ |
| १.९ | सम्पत्तिमा आधारित जिनी गुणक | ०.३२ | ०.२९ | ०.२९ |
| १.१० | आधारभूत खानेपानी सुविधा पुगेको परिवार (प्रतिशत) | ८६.५३ | ९९ | ९९ |
| १.११ | सडक यातायातले जोडिएको स्थानीय तहको सङ्ख्या | ८६ | ८८ | - |
| १.१२ | ३० मिनेट सम्मको दूरीमा यातायात पहुँच भएको परिवार (प्रतिशत) | - | ८५ | ९५ |

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/०७८ को स्थिति | प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८२/०८३) | पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य (२०८०/०८१) |
|---|---|---|---|---|
| १.१३ | प्रदेशको जम्मा सडक सञ्जाल (कि.मि.) | ५३४६ | ६००० | - |
| १.१४ | विद्युत उत्पादन (मेगावाट) | ५२ | २५० | ५,००० |
| १.१५ | विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत) | ६४.६९ | ९९ | ९९ |
| १.१६ | सिँचाइ सुविधा पुगेको कृषियोग्य भूमि | ५२.२८ | ७५ | ६५.०५ |
| १.१७ | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन (प्रतिशत) | ३८ | ५८ | ५० |
| १.१८ | इन्टरनेट प्रयोगकर्ता (प्रतिशत) | ४७.८ | ८० | ८० |
| १.१९ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा (प्रतिशत) | ३९ | ५५ | ५० |
| १.२० | श्रम उत्पादकत्व (रु हजारमा) | २०६.५ | २७० | २७६ |
| १.२१ | बेरोजगारी दर (प्रतिशत) | ११.५ | ७.५ | ६ |
| **२. समृद्धिका सूचकहरू** | | | | |
| २.१ | अपेक्षित आयु ( जन्म हुँदाको ) (वर्ष) | ६९.८ | ७२ | ७२ |
| २.२ | पाँच वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) (जना) | ६९ | ३९ | २४ |
| २.३ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको (प्रतिशत) | ३३.३ | १५ | १५ |
| २.४ | पाँच वर्षमुनिका पुड्कोपन भएका बालबालिकाको (प्रतिशत) | ३५.९ | २० | ३१.५ |
| २.५ | नवजात शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) (जना) | २५ | २० | - |
| २.६ | पूर्ण खोप पाउने बालबालिकाको (प्रतिशत) | ७९.१ | ९५ | ९५ |
| २.७ | दक्ष स्वास्थ्य कर्मीको उपस्थितिमा जन्मिएका बच्चा (प्रतिशत) | ७१.६ | ८२ | ७९ |
| २.८ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा ) (जना) | १४.१ | १० | - |
| २.९ | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार (प्रतिशत) | २८.७ | ७० | ८० |
| २.१० | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या (प्रतिशत) | १४ | ६० | ६० |

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/०७८ को स्थिति | प्रथम पञ्चवर्षीय योजनाको लक्ष्य (२०८२/०८३) | पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य (२०८०/०८१) |
|---|---|---|---|---|
| २.११ | साक्षरता दर | ६३.५ | ९० | ९० |
| २.१२ | युवा साक्षरता दर (१५-२४ वर्ष)(प्रतिशत) | ९२ | ९९ | ९९ |
| २.१३ | आधारभूत तह (१-८) मा खुद भर्नादर (प्रतिशत) | ९६.२ | १०० | ९९.५ |
| २.१४ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर (प्रतिशत) | ४९.३ | ६५ | ६५ |
| २.१५ | उच्च शिक्षामा कुल भर्नादर (प्रतिशत) | १६ | २५ | २२ |
| २.१६ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (प्रतिशत) | ५ | ५० | ६० |
| २.१७ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसापीडित महिला (प्रतिशत) | २०.२ | १३ | १३ |
| २.१८ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (प्रतिशत) | ५०.३ | ७० | ७० |
| २.१९ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार (प्रतिशत) | ९५.१ | ९६ | ८९ |
| २.२० | सुधारिएको सरसफाई सुविधा (एकल प्रयोग) उपलव्ध परिवार (प्रतिशत) | ९९ | १०० | ९० |

*आ.व.२०७७/०७८ को तथ्याङ्क स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, आर्थिक सर्वेक्षण २०७७/०७८, नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६, मानव विकास प्रतिवेदन २०२०, वहुआयामिक गरिबीको प्रतिवेदन २०२१, प्रदेश स्वास्थ्य वार्षिक प्रतिवेदन २०७७/०७८, पन्ध्रौं योजना रा.यो.आ.*

## ३.९ योजनाका रणनीतिहरू

१) वातावरण मैत्री, गुणस्तरीय पूर्वाधार सर्वसुलभ हुने गरी विस्तार गर्ने ।

२) जलस्रोतको बहुआयामिक उपयोग हुने गरी विकास गर्ने ।

३) कृषि, वन, उद्योग, पर्यटन र निर्माण क्षेत्रको विकासद्वारा रोजगारी वृद्धि गर्ने ।

४) गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षालाई सर्वसुलभ तुल्याउने ।

५) महिला सशक्तीकरण, लैङ्गिक समता, सामाजिक आर्थिक समावेशीकरणमा जोड दिई हिंसा, कुप्रथा-कुसंस्कार र अन्धविश्वास, विभेद एवम् वन्चितीकरण रहित गतिशिल, स्वस्थ सहिष्णु सद्भाव एवम् मैत्रीपूर्ण समाज सृजना गर्ने ।

६) प्राकृतिक विपद्लाई विचार गरी जलवायु परिवर्तन अनुकुलित विकास पद्धतिलाई मार्गदर्शकका रुपमा अंगिकार गर्ने ।

७) दिगो विकासका लक्ष्यहहरुलाई आन्तरिकीकरण गरी कार्यान्वयन गर्ने ।

८) डिजिटल सुदूरपश्चिमको अभियान संचालन गर्ने ।

९) सुशासनको प्रत्याभूति दिलाउने ।

१०) संघ, स्थानीय तह, अन्य प्रदेश, विकास साँझेदार र सरोकारवालाहरुसंग उचित समन्वय, सहकार्य र साँझेदारी, सञ्चार र संवाद एवम् न्यायोचित पैरवी गरी सकारात्मक, सहयोगी परिस्थिति सृजना गरी प्रदेशको समृद्धि हासिल गर्ने ।

११) सार्वजनिक, निजी, सहकारी, सामुदायिक एवम् वैदेशिक स्रोत र लगानी प्रवर्द्धन गर्ने ।

१२) आयोजना बैंकको व्यवस्थालाई प्रभावकारी रुपमा लागु गर्ने ।

## ३.१० योजनाका प्राथमिकताहरू

१. कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण,

२. पर्यटन विकास,

३. गुणस्तरीय भौतिक पूर्वाधार विकास (ऊर्जा, यातायात, संचार, आवास, खानेपानी र सिँचाइ),

४. सामाजिक विकास (शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, संरक्षण एवम् रोजगारी),

५. औद्योगिकीकरण,

६. गरिबी निवारण,

७. जडिवुटीको उत्पादन सहितको वन तथा वातावरण मैत्री हरित विकास,

८. संस्थागत सवलीकरण र सुशासन,

९. डिजिटल प्रदेश

## ३.११ समष्टिगत आर्थिक खाका

### ३.११.१ कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर र संरचना

विश्वव्यापी कोभिड महामारीका कारण उत्पन्न भएको आर्थिक मन्दीले गर्दा योजनाको आधार वर्ष २०७७/०७८ को आर्थिक वृद्धि दर ३.६ प्रतिशत मात्र रहन गएको छ, जुन यो वर्षको प्रक्षेपित दर भन्दा न्यून हो । योजनाको आधार वर्ष आ.व. २०७७/०७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. २ खर्व ९३ अर्व ९१ करोड रहेको छ । द्रुततर विकासको निमित्त आर्थिक वृद्धिको दरलाई पनि तीव्र पार्नु पर्ने हुन्छ । तसर्थः योजना अवधिमा प्रत्येक वर्ष वृद्धि दरलाई बढाउदै लगि योजनाको अन्त्यमा अर्थात् आर्थिक बर्ष २०८२/०८३ मा वृद्धि दर ११.५ प्रतिशत हासिल गर्नु पर्ने भएको छ । सो प्रक्षेपित वृद्धिदर हासिल हुन सकेमा योजनाको अन्तिम वर्षमा प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ४ खर्व ८४ अर्व १९ करोड पुग्ने अनुमान गरिएको छ । योजना अवधिको कृषि, उद्योग र सेवाको गार्हस्थ्य उत्पादनमा वर्ष अनुसार प्रक्षेपण गरिएको योगदान तालिका नं. ४ मा दिइएको छ । जस अनुसार योजनाको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१.५ प्रतिशतले रु. १ खर्व ५२ अर्व ५२ करोड, उद्योग क्षेत्रको योगदान १८.२ प्रतिशतले रु. ८८ अर्व १२ करोड तथा सेवा क्षेत्रको योगदान ५०.३ प्रतिशतले रु. २ खर्व ४३ अर्व ५५ करोड रहन जाने प्रक्षेपण गरिएको छ ।

## तालिका नं. ४
## गार्हस्थ्य उत्पादन वृद्धि दर र क्षेत्रगत संरचना
## (आर्थिक बर्ष २०७७/०७८ को स्थिर मूल्यमा)

**रु. करोडमा**

| आ.व. | वृद्धि दर (प्रतिशत) | वृद्धि रकम | | | |
|---|---|---|---|---|---|
| | | कृषि | उद्योग | सेवा | कुल |
| २०७७/०७८ आधार वर्ष | ३.६ | १०४६३ | ४०२७ | १४९०१ | २९३९१ |
| २०७८/०७९ | ८.६ | ११२०३ | ४५६४ | १६१५० | ३१९१७ |
| २०७९/०८० | १०.५ | १२०९८ | ५३६१ | १७८१२ | ३५२७१ |
| २०८०/०८१ | १०.६ | १३०७० | ६३२० | १९६२४ | ३९०१४ |
| २०८१/०८२ | ११.३ | १४१०९ | ७४६७ | २१८३७ | ४३४१३ |
| २०८२/०८३ | ११.५ | १५२५२ | ८८१२ | २४३५५ | ४८४१९ |

प्रस्तुत योजना अवधिको बार्षिक औसत आर्थिक वृद्धि दर १०.५ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । प्रक्षेपण अनुसार योजनाको पहिलो आर्थिक वर्षमा औसत वृद्धि दर ८.६ प्रतिशत हासिल हुने अनुमान गरिएको छ । यसरी नै दोस्रो आर्थिक वर्षमा औसत वृद्धि दर **१०.५** प्रतिशत, तेस्रो आर्थिक वर्षमा औसत वृद्धि दर **१०.६** प्रतिशत, चौथो आर्थिक वर्षमा औसत वृद्धि दर **११.३** प्रतिशत तथा पाँचौ आर्थिक वर्षमा औसत वृद्धि दर **११.५** प्रतिशत हासिल हुने प्रक्षेपण गरिएको छ । क्षेत्रगत रुपमा योजना अवधि (२०७८/०७९-२०८२/०८३) मा कृषि, उद्योग र सेवा क्षेत्रको बार्षिक औसत वृद्धि दर क्रमशः ७.९ प्रतिशत, १६.८ प्रतिशत र १०.३ प्रतिशत हासिल हुने प्रक्षेपण गरिएको छ ।क्षेत्रगत तथा कुल वार्षिक वृद्धि दरको प्रक्षेपण तलको तालिका नं.५ मा दिइएको छ ।

## तालिका नं. ५
## प्रदेशको वार्षिक आर्थिक वृद्धि दर

**प्रतिशत**

| आ.व. | कृषि | उद्योग | सेवा | कुल |
|---|---|---|---|---|
| २०७७/०७८ आधार वर्ष | ४.१ | ४.२ | २.७ | ३.६ |
| २०७८/०७९ | ७.५ | १२.८ | ८.४ | ८.६ |
| २०७९/०८० | ८.० | १७.७ | १०.३ | १०.५ |
| २०८०/०८१ | ८.० | १७.९ | १०.२ | १०.६ |
| २०८१/०८२ | ८.० | १८.० | ११.४ | ११.३ |

| आ.व. | कृषि | उद्योग | सेवा | कुल |
|---|---|---|---|---|
| २०८२/०८३ | ८.० | १८.३ | ११.४ | ११.५ |
| औसत | ७.९ | १६.८ | १०.३ | १०.५ |

आ.व.२०७७/०७८ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.६ प्रतिशत, १३.७ प्रतिशत र ५०.७ प्रतिशत रहेको छ । प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको निमित्त प्रक्षेपण गरिएको गार्हस्थ्य उत्पादन संरचना तलको तालिका नं.६ मा उल्लेख गरिएको छ ।

आर्थिक बिकासको क्रममा गार्हस्थ्य उत्पादनको संरचनामा आउने परिवर्तनलाई दृष्टिगत गरी योजनाको अन्तिम वर्ष आ.व.२०८२/०८३ मा कृषि क्षेत्रको योगदान ३१.५ प्रतिशत हुने अनुमान गरिएको छ । गैह्र कृषि तर्फ उद्योगको योगदान १८.२ प्रतिशत र सेवा तर्फको योगदान ५०.३ प्रतिशत हुने अनुमान गरिएको छ । द्वितीय क्षेत्र उद्योगको विकाससँगै प्राथमिक क्षेत्र कृषि तथा तृतीय क्षेत्र सेवाको योगदान खुम्चिदै जाने हुँदा कृषि र सेवाको योगदान घट्न जाने अनुमान गरिएको छ ।

**तालिका नं. ६**

**गार्हस्थ्य उत्पादन संरचना**

**प्रतिशत**

| आ.व. | कृषि | उद्योग | सेवा | कुल |
|---|---|---|---|---|
| २०७७/०७८ आधार वर्ष | ३५.६ | १३.७ | ५०.७ | १०० |
| २०७८/०७९ | ३५.१ | १४.३ | ५०.६ | १०० |
| २०७९/०८० | ३४.३ | १५.२ | ५०.५ | १०० |
| २०८०/०८१ | ३३.५ | १६.२ | ५०.३ | १०० |
| २०८१/०८२ | ३२.५ | १७.२ | ५०.३ | १०० |
| २०८२/०८३ | ३१.५ | १८.२ | ५०.३ | १०० |

## ३.११.२ लगानी

क्षेत्रगत लगानी अनुमानका लागि आवश्यक सीमान्त पूँजी उत्पादन अनुपातको गणना प्रदेशमा भएको छैन । त्यसैले यसका लागि संघीय सरकारले गरेको गणनालाई नै आधारका रुपमा लिनु पर्ने भएको छ । पन्ध्रौं योजनाले सीमान्त पूँजी उत्पादन अनुपात ४.९:१ हुने प्रक्षेपण गरेको छ । प्रदेशको आर्थिक सामाजिक सूचकहरुको स्थिति देशको औसत भन्दा कम रहेको छ । तसर्थः प्रदेशको तीव्रतर आर्थिक विकासको लागि भौतिक पूर्वाधार निर्माण जस्ता पूँजी निर्माणका परियोजनाहरूमा धेरै लगानी गर्नु पर्ने आवश्यकता समेतलाई विचार गर्दा प्रदेशको

सीमान्त पूँजी अनुपात पन्ध्रौं योजनाले राष्ट्रियस्तरमा अनुमान गरेको ४.९:१ अनुपात भन्दा कम नहुने अनुमान गरिएको छ । यो योजनाले लक्ष्य गरे अनुसार १०.५ प्रतिशतको आर्थिक वृद्धि दर हासिल गर्न योजना अवधिमा कुल रु. ९ खर्ब ३६ अर्ब ५८ करोड स्थिर पूँजी लगानी आवश्यक पर्ने अनुमान रहेको छ । योजना अवधिमा कृषि क्षेत्रमा रु. २ खर्व १ अर्ब ५६ करोड, उद्योग क्षेत्रमा रु. ३ खर्व ८७ अर्ब १८ करोड तथा सेवा क्षेत्रमा रु. ३ खर्ब ४७ अर्ब ८४ करोड पूँजीगत लगानी आवश्यक पर्ने प्रक्षेपण गरिएको छ ।क्षेत्रगत लगानीको अनुमान तालिका नं.७ मा दिइएको छ ।

**तालिका नं. ७**

**क्षेत्रगत लगानी अनुमान**

**(आर्थिक वर्ष २०७७/०७८ को स्थिर मूल्यमा)**

**रु. करोडमा**

| | २०७८/०७९ | प्रतिशत | २०७९/०८० | प्रतिशत | २०८०/०८१ | प्रतिशत | २०८१/०८२ | प्रतिशत | २०८२/०८३ | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कृषि** | २२९५ | २१.८८ | २६३२ | १७.७२ | ४८४३ | २५.५३ | ५०७० | २१.७५ | ५३१६ | २०.४२ | २०१५६ | २१.५२ |
| **उद्योग** | ३६४५ | ३४.७६ | ६१८३ | ४१.६४ | ७५६२ | ३९.८६ | १०१७६ | ४३.६५ | १११५२ | ४२.८३ | ३८७१८ | ४१.३४ |
| **सेवा** | ४५४५ | ४३.३६ | ६०३५ | ४०.६४ | ६५६७ | ३४.६१ | ८०६९ | ३४.६० | ९५६८ | ३६.७५ | ३४७८४ | ३७.१४ |
| **कुल** | १०४८५ | १०० | १४८५० | १०० | १८९७२ | १०० | २३३१५ | १०० | २६०३६ | १०० | ९३६५८ | १०० |

सार्वजनिक, निजी र सहकारीलाई अर्थतन्त्रको तीन खम्बाको रुपमा नेपालको संविधानले अङ्गिकार गरेको छ। तसर्थ योजना कार्यान्वयनको लागि आवश्यक लगानी यिनै तीन स्रोतहरूबाट प्राप्त हुने गरी प्रक्षेपण गरिएको छ । प्रदेशमा पछि परिरहेको क्षेत्र उद्योगमा प्रमुख रुपमा निजी क्षेत्रको लगानी हुने र सेवा क्षेत्रमा पनि निजी क्षेत्रको लगानी बढी हुने भएकोले कुल लगानीको बढी हिस्सा निजी क्षेत्रबाट लगानी हुने अनुमान गरिएको छ। जुन योजना अवधिमा ५१.१९ प्रतिशत रहने अनुमान छ । त्यसपछि सार्वजनिक क्षेत्रको लगानी ४४.८१ प्रतिशत र सहकारी क्षेत्रको लगानी ४ प्रतिशत रहने अनुमान छ । तलको तालिका नं. ८ मा लगानीको प्रक्षेपण गरिएको छ । जसमा सार्वजनिक क्षेत्रको रु. ४ खर्व १९ अर्व ७६ करोड, निजी क्षेत्रको रु. ४ खर्व ७९ अर्व ३६ करोड तथा सहकारी क्षेत्रको रु. ३७ अर्व ४६ करोड लगानी हुने अनुमान गरिएको छ । सार्वजनिक क्षेत्रको लगानी मध्ये ३२.५१प्रतिशत कृषिमा, २९.९७ प्रतिशत उद्योगमा र ३७.५२ प्रतिशत सेवा क्षेत्रमा लगानी हुने अनुमान छ । निजी क्षेत्रको लगानी मध्ये १०.१८ प्रतिशत कृषिमा,५२ प्रतिशत उद्योगमा र ३७.८२ प्रतिशत सेवा

क्षेत्रमा लगानी हुने अनुमान छ। यसै गरी सहकारी क्षेत्रको ४३.५७ प्रतिशत कृषिमा, ३२.३३ प्रतिशत उद्योगमा तथा २४.१ प्रतिशत सेवा क्षेत्रमा लगानी हुने अनुमान रहेको छ ।

**तालिका नं. ८**

**सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट हुने लगानी**

**(२०७७/०७८ को स्थिर मूल्यमा)**

**रु. करोडमा**

| लगानीका | सार्वजनिक | | निजी | | सहकारी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रहरू | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कृषि | १३६४३ | ३२.५१ | ४८८१ | १०.१८ | १६३२ | ४३.५७ | २०१५६ | २१.५२ |
| उद्योग | १२५८३ | २९.९७ | २४९२४ | ५२.० | १२११ | ३२.३३ | ३८७१८ | ४१.३४ |
| सेवा | १५७५० | ३७.५२ | १८१३१ | ३७.८२ | ९०३ | २४.१० | ३४७८४ | ३७.१४ |
| कुल लगानी | ४१९७६ | ४४.८१ | ४७९३६ | ५१.१९ | ३७४६ | ४ | ९३६५८ | १००.० |

## ३.११.३ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत

संवैधानिक व्यवस्था अनुसार विद्यमान रहेको तीन तहको सरकारबाट योजना अवधिमा हुन सक्ने पूँजीगत लगानीको अनुमान गरिएको छ । योजना अवधिको कुल सार्वजनिक पूँजीगत लगानी रु. ४ खर्ब १९ अर्ब ७६ करोड मध्ये संघीय सरकारबाट १ खर्ब ९३ अर्ब ९ करोड लगानी हुने अनुमान गरिएको छ । त्यस्तै प्रदेश सरकारले १ खर्ब ७६ अर्ब ३० करोड लगानी गर्नु पर्ने अनुमान गरिएको छ भने स्थानीय तहबाट ५० अर्ब ३७ करोड लगानी हुनु पर्ने छ । तीनै तहको सरकारबाट योजना अवधिमा गर्नु पर्ने वार्षिक अनुमानित लगानीको विवरण तालिका नं. ९ मा दिइएको छ ।

**तालिका नं. ९**

**तीन तहको सरकारले गर्ने पूँजीगत लगानीको प्रक्षेपण**

**(आर्थिक वर्ष २०७७/०७८ को स्थिर मूल्यमा)**

**रु. करोडमा**

| तह | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | कुल |
|---|---|---|---|---|---|---|
| संघीय | २००० | २६०९ | ३९३६ | ५२५० | ५५१४ | १९३०९ |
| प्रदेश | ३००० | ३३५० | ३५०० | ३६५० | ४१३० | १७६३० |
| स्थानीय तह | ७१० | ९०७ | १०५० | ११५० | १२२० | ५०३७ |
| जम्मा | ५११० | ६८६६ | ८४८६ | १००५० | १०८६४ | ४१९७६ |

### ३.११.४ प्रदेश सरकारको खर्च र खर्च व्यहोर्ने स्रोत

योजना अवधिमा प्रदेश सरकारको कुल पूँजीगत लगानी रु १ खर्ब ७६ अर्ब ३० करोड हुने अनुमान गरिएको छ। योजनाको प्रथम वर्ष देखि नै चालु खर्चको तुलनामा पूँजीगत खर्च बढी नै रहने देखिएको छ। योजना अवधिमा प्रदेश सरकारको कुल चालु खर्च ७९ अर्व समेत गर्दा योजना अवधिको प्रदेश सरकारको कुल अनुमानित खर्च जम्मा रु. २ खर्ब ५५ अर्ब ३० करोड हुने अनुमान गरिएको छ । यो खर्च व्यहोर्ने स्रोतमा प्रमुख रुपमा प्रदेशको राजश्व आम्दानी, राजश्व बाँडफाँट र रोयल्टीबाट प्रदेशलाई प्राप्त हुने रकम एवम् संघीय सरकारबाट प्राप्त हुने विभिन्न शिर्षकका अनुदान रकमहरु रहेका छन् ।

**तालिका नं. १०**

**प्रदेश सरकारको अनुमानित खर्च**

**(आ.व.२०७७/०७८ को स्थिर मूल्यमा)**

**रु. करोडमा**

| | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | **जम्मा** |
|---|---|---|---|---|---|---|
| कुल खर्च | ३१०० | ३५५० | ४५८० | ७००० | ७३०० | २५५३० |
| चालु खर्च | १३०० | १३५० | १५०० | १७५० | २००० | ७९०० |
| पूँजीगत खर्च | १८०० | २२०० | ३०८० | ५२५० | ५३०० | १७६३० |

❖❖❖

# परिच्छेद ४
# समष्टिगत वित्तीय क्षेत्र

## ४.१ बचत तथा लगानी

### १. पृष्ठभूमि

प्रदेशको आर्थिक वृद्धि तथा विकासको लागि आवश्यक लगानी जुटाउन बचत परिचालनको अहम् भूमिका रहन्छ। नेपालको संविधानले आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै समाजवादउन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य लिएको छ । यसको प्राप्तिका लागि प्रदेशले आन्तरिक आय अभिवृद्धि गर्दै बचत परिचालन गरी पूँजी निर्माण गर्नुपर्ने हुन्छ । तर प्रदेशमा विद्यमान बेरोजगारी, उद्योगधन्दा एवम् कलकारखाना, सेवा क्षेत्र र कृषि क्षेत्रको न्यून विकास जस्ता कारणले यहाँ रोजगारीको अवस्था कमजोर भै जनताको आम्दानी न्यून हुँदा बचत पनि न्यून रहेको छ । यद्यपी छिमेकी मुलुक भारत र अन्य मुलुकहरुमा वैदेशिक रोजगारीमा गएका जनशक्तिबाट प्राप्त विप्रेषणको सदुपयोगबाट बचत अभिवृद्धि गर्न सकिने स्थिति छ । आन्तरिक उत्पादनमा जोड दिँदै प्रदेशका जनताको आय र बचत गर्ने क्षमता अभिवृद्धि गर्नु र उच्च बचत परिचालनमार्फत लगानी र आयमा वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। प्रदेशका नागरिकको आय तथा बचत गर्ने क्षमतामा बढोत्तरी गरी पूँजी निर्माण तथा लगानी प्रवर्द्धन गर्ने र उपभोग प्रवृत्तिलाई सन्तुलित बनाउने तर्फ यो योजना उन्मुख हुनेछ।

### २. प्रमुख समस्या

कमजोर उत्पादन आधार भएको यो प्रदेशको न्यून कुल गार्हस्थ्य उत्पादनका कारण प्रतिव्यक्ति आय समेत न्यून हुन गई आम्दानीको ठूलो अंश उपभोगमा खर्च हुनु, बढ्दो मुद्रास्फितिका कारण कम आय भएका वर्गले अपेक्षित बचत गर्न नसक्नु, विश्वव्यापीकरणबाट सिर्जित उपभोगवाद र प्रदर्शन प्रभावका कारण सामाजिक खर्च बढ्न जाँदा मध्यम वर्गको उपभोग दर समेत उच्च हुँदै जानु, प्रदेशका सबै स्थानीय तह तथा वर्ग समुदायसम्म वित्तीय पहुँच पुग्न नसक्नु, वित्तीय साक्षरताको कमी हुनु र बचत सम्बन्धी औजारहरुको कमी हुनु नै बचत सम्बन्धि प्रमुख समस्या हुन् ।

### ३. चुनौती तथा अवसर

आन्तरिक उत्पादनमा जोड दिँदै आयात निरुत्साहित गर्नु, नागरिकमा बचतको महत्व तथा बचत गर्ने बानीको विकास गर्नु, मुद्रास्फितिलाई कम गर्नु, बचत र लगानीमा विद्यमान अवरोध कठिनाई हटाएर उच्च प्रतिफलको सुनिश्चितता गर्नु, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचलान गर्ने वातावरणको निर्माण गर्नु, वित्तीय सेवामा जनताको पहुँच अभिवृद्धि गर्नु, बचत

परिचालनका नयाँ उपकरणहरुको अवलम्बन र विस्तार गर्नु र बढ्दो तथा अनावश्यक उपभोगलाई निरुत्साहित गर्नु बचतसम्बन्धी मुख्य चुनौतीहरु हुन् ।

प्रदेशमा बैंक तथा वित्तीय संस्थाको क्रमशः विस्तार र पहुँच वृद्धि हुनु र बचत आकर्षित गर्ने नीति रहनु, उच्च व्याजदर रहनु, स्थानीय तहहरुमा सार्वजनिक खर्च बढ्दै जानु, प्रदेश सरकारले पूर्वाधार विकासमा सार्वजनिक खर्च बढाउनु, प्रदेशमा विकास तथा व्यवसाय प्रवर्द्धनका प्रचुर सम्भावना रहनु, आन्तरिक उत्पादनमा जोड दिनु र प्रादेशिक पूँजी निर्माणको लागि स्रोत उपलब्ध हुनु बचत तथा लगानी सम्बन्धि अवसरहरु हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

आत्मनिर्भर र दिगो प्रादेशिक अर्थतन्त्र निर्माणको लागि बचत तथा लगानी प्रवर्द्धन ।

### ४.२ लक्ष्य

उत्पादनशील क्षेत्रमा लगानी प्रवाह र पूँजी अभिवृद्धिका लागि बचत परिचालनमा जोड दिने ।

### ४.३ उद्देश्य

- आम नागरिक, सहकारी क्षेत्र र निजी क्षेत्रको बचत क्षमता र परिचालनको वातावरण तयार गर्नु ।
- उत्पादनशील तथा उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.आमजनता, सहकारी र निजी क्षेत्रको बचत तथा लगानी क्षमता वृद्धि गर्ने। | क) प्रदेशमा बचत परिचालन तथा लगानी अभिवृद्धिका लागि आवश्यक नीति, कानुन तथा संरचना तयार गरिनेछ र संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।<br>ख) आन्तरिक उत्पादनमा जोड दिँदै प्रदेशमा पर्याप्त रोजगारीका अवसरहरुको सृजना गरि नागरिकहरुको आम्दानी र बचत अभिवृद्धि गर्ने नीति तथा कार्यक्रमहरु अखितयार गरिनेछ ।<br>ग) प्रदेशका सम्पूर्ण स्थानीय तहहरुका वडास्तरसम्म बैंक तथा वित्तीय संस्थाहरुको पहुँच विस्तार गरि सहकारी तथा निजी क्षेत्रको बचत परिचालन गरि उच्च र उत्पादनशील क्षेत्रमा प्रवाह गराउने वातावरण निर्माण गरिनेछ।<br>घ) नागरिकहरुमा बचत गर्ने बानी बसाल्नका लागि बैंक तथा वित्तीय संस्थाहरुसंगको सहकार्यमा सबै पालिकाका वडास्तरसम्म क्रमशः वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गरिनेछन् । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ङ) सहकारी एवम् बचत समूह, उपभोक्ता समिति आदिलाई सहजीकरण गरिनेछ र बचत एवम् लगानी प्रवाह बढाउन उत्प्रेरित गर्ने वातावरण कायम गरिनेछ । |
| २. सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रको बचत र विप्रेषणलाई उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा प्रवाह गर्ने। | क) प्रदेशको राजस्व प्रणाली तथा वित्तीय क्षेत्रमा सुधार गर्न आवश्यक नीति तथा कानुन र संरचनाको व्यवस्था गरिनेछ ।<br>ख) बचत तथा लगानीमा सुरक्षा र उच्च प्रतिफलको सुनिश्चितताका लागि, प्रदेशको व्यवसायिक लगानी वातावरण सूचकाङ्कको अभिलेखन तथा प्रवर्द्धनका लागि सुनियोजित पहल, संरचना सृजना र ठोस कार्यगत लक्ष्य हासिल गर्ने वातावरण तयार गरिनेछ।<br>ग) सार्वजनिक क्षेत्र तथा नागरिकको अनुत्पादक खर्चलाई कम गरी उत्पादनशील खर्चमा अभिप्रेरित गरिनेछ ।<br>घ) वित्तीय सेवाको पहुँच विस्तार र बचत अभिवृद्धिका लागि अनौपचारिक क्षेत्रको औपचारिकीकरण गरिनेछ ।<br>ङ) वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको प्रभावकारी परिचालनको लागि बचत तथा लगानीसम्बन्धी विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ। |

**५. अपेक्षित उपलब्धि**

प्रदेशका सबै पालिकाका वडास्तरसम्म बैंकिङ्ग सेवा विस्तार भएको हुनेछ । प्रदेशमा व्यवसाय गर्ने वातावरण सकारात्मक रुपले बढेको हुनेछ तथा प्रदेशमा निजी क्षेत्रको बचत र लगानीमा अपेक्षा गरे अनुरुप वृद्धि भएको हुनेछ । सबै वडाहरुमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन भै नागरिकहरूमा बचत गर्ने बानीको विकास भएको हुनेछ ।

## ४.२ सार्वजनिक वित्त

### ४.२.१ सार्वजनिक खर्च

**१. पृष्ठभूमि**

नेपालको संविधानले प्रदेश सरकारलाई सीमित कर लगाउन, संघीय सरकारबाट राजस्व बाँडफाँट, अनुदान र ऋण प्राप्त गर्न, निजी क्षेत्रबाट तोकिएको सीमासम्म आन्तरिक ऋण परिचालन गरी सार्वजनिक खर्च व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ। प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयमा एकल कर प्रशासनको माध्यमबाट राजस्व परिचालन गर्ने व्यवस्था रहेको छ। संघीय सरकारबाट प्रदेश सरकारलाई समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान गरी चार प्रकारका अनुदान प्राप्त हुने गरेको छ।

उपलब्ध स्रोत र साधनको कुशल तथा प्रभावकारी उपयोग गरी आत्मनिर्भर र समृद्ध प्रदेश अर्थतन्त्रको आधार निर्माण गर्न सार्वजनिक खर्चको प्रभावकारी परिचालन आवश्यक हुन्छ। नागरिकका बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सिमा भित्र रही सम्बोधन गर्नुपर्ने अवस्था छ। संघीय प्रणाली अनुरुप सार्वजनिक खर्चको संरचना र भूमिका एवम् जिम्मेवारीमा परिवर्तन भएकोले संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो खर्च जिम्मेवारी बमोजिम सार्वजनिक स्रोतको कुशल, सन्तुलित र न्यायोचित विनियोजन गरी कार्यान्वयन गर्नुपर्ने छ । समग्र सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन तीनै तहमा सार्वजनिक खर्च व्यवस्थापन कौशल वा क्षमता अभिवृद्धि गर्नु अपरिहार्य हुन्छ।

प्रदेश सरकार गठन भए पश्चात प्रादेशिक विकास अवधारणा अनुरुपका प्राथमिक कामहरु शुरुवात भएका छन् । आर्थिक वर्ष २०७४/७५ को सीमित अवधिको बजेट पश्चात प्रदेश सरकारले चार वटा पूर्ण अवधिका बजेट तर्जुमा गरी कार्यान्वयन गरेको छ । यो अवधिमा कार्य जिम्मेवारी बमोजिमको सेवा प्रवाहको लागि आवश्यक पर्ने नीति, कानुन, कार्यविधि, संगठन संरचना एवम् कार्य प्रक्रिया सरलीकरणका कार्यहरु सम्पादन भएका छन् । साथै बजेट तथा कार्यक्रमको प्रारम्भिक अवस्थादेखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा गरी बजेट र योजनालाई जोड्ने प्रयास गरिएको छ।

## २. प्रमुख समस्या

बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव हुनु, पर्याप्त अध्ययन एवम् पूर्व तयारी विनाका आयोजना बजेटमा पर्नु, चालु खर्चको तुलनामा पूँजीगत खर्च अपेक्षित रूपमा बढ्न नसक्नु र आर्थिक अनुशासनको पालनमा कमी हुनु सार्वजनिक खर्च व्यवस्थापनका प्रमुख समस्या हुन् । खर्च गर्ने क्षमताभन्दा बढी बजेट माग हुनु, निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा आयोजना सम्पन्न नहुनु, क्रमागत आयोजनाको सङ्ख्या अधिक हुनु र आयोजना सुशासन कायम हुन नसक्नु जस्ता थप समस्या रहेका छन्।

## ३. चुनौती तथा अवसर

नागरिकको आधारभूत आवश्यकताका रुपमा रहेका खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा पहुँच लगायतका कुराहरु परिपूर्ति गर्न, दिगो विकास लक्ष्यको मार्गचित्र र पन्ध्रौं योजनाको लक्ष्य हासिल हुने गरी सार्वजनिक खर्च व्यवस्थापन गर्नु, सार्वजनिक खर्चको बढ्दो मागलाई कुशलतापूर्वक व्यवस्थापन गर्दै वित्तीय संघीयता कार्यान्वयन गर्नु, विनियोजन कुशलता र खर्च गर्ने दक्षता अभिवृद्धि गर्नु र चालु खर्चलाई वाञ्छित सीमामा राखी पूँजीगत खर्चमा बढोत्तरी गर्नु प्रमुख चुनौती रहेका छन्। साथै सार्वजनिक खर्च प्रणालीलाई संस्थागत गर्नु, नतिजाउन्मुखता, मितव्ययिता र पारदर्शिता कायम गर्दै आवश्यकता र उपलब्ध स्रोतबीच सन्तुलन कायम गर्नु जस्ता थप चुनौती रहेका छन्।

सार्वजनिक खर्च प्रणालीमा भएका नीतिगत, कानुनी, प्रक्रियागत एवम् प्रविधिजन्य सुधार, निर्वाचित सरकारको क्रियाशीलता र स्थानीय स्रोत र साधनको उच्चतम परिचालनको सम्भावना प्रमुख अवसर हुन् । साथै, नेपालको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्यको मार्गचित्र तथा वित्तीय रणनीति र मध्यमकालीन खर्च संरचनाले सार्वजनिक खर्चलाई थप प्रभावकारी बनाउने अवसर प्राप्त भएको छ । संघीयताका सन्दर्भमा सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन सो अनुकूल कानुन तथा संरचना निर्माण गर्न सकिने अवस्था रहनु, प्रदेशको विकासको विद्यमान कमजोर अवस्थाका कारण पूँजीगत खर्चको हिस्सा बढाई उच्च आर्थिक वृद्धि हासिल गर्न सकिने प्रचुर अवसर रहनु, तुलनात्मक रुपमा सुदूरपश्चिम प्रदेशको जनसङ्ख्या र जनघनत्व कम भएको एवम् जल, जमिन, जंगल र जडिवुटी जस्ता प्राकृतिक साधनको प्रचुरता हुँदा सार्वजनिक खर्चको प्रभावकारी परिचालनबाट जनताको जीवनस्तरमा छिट्टै सुधार गर्न सकिने हुनु अवसरका रुपमा रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

समुन्नत, दिगो र आत्मनिर्भर प्रादेशिक अर्थतन्त्र निर्माण ।

### ४.२ लक्ष्य

उपलब्ध स्रोत साधनलाई कुशल र समन्यायिक व्यवस्थापन गरी दिगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने ।

### ४.३ उद्देश्य

- सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु।
- सार्वजनिक लगानी मार्फत समावेशीता, गरिबी निवारण र सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्न सहयोग पुऱ्याउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको सार्वजनिक खर्च प्रणाली सुदृढ गरी दक्षता, पारदर्शिता र जवाफदेहीता कायम गरी नतिजामूलक बनाउने। | क) वित्तीय उत्तरदायित्व सहितको आर्थिक कार्यविधि कानुन लगायत सार्वजनिक खर्च प्रणालीसँग सम्बन्धित कानुनको तर्जुमा तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ।<br>ख) कार्यक्रम/आयोजनाको प्राथमिकीकरण र स्रोतको सुनिश्चितता गर्न र सार्वजनिक खर्चलाई प्रदेशको योजना, नीति तथा नतिजासँग आवद्ध गर्न मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन बजेट खाका र मध्यमकालीन नतिजा खाका सहित मध्यमकालीन खर्च प्रणालीलाई संस्थागत गर्ने व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ग) आर्थिक वर्षको शुरुआतदेखि नै पूँजीगत खर्च गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>घ) वित्तीय जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ।<br>ङ) बजेट तथा कार्यक्रम/आयोजना तर्जुमा तथा कार्यान्वयनसँग सम्बन्धित कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। |
| २. सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पूँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन गर्ने। | क) हरित अर्थतन्त्रलाई बढावा दिई गरिबी निवारण, उत्पादन र रोजगारीमैत्री आयोजनालाई प्राथमिकता दिने नीति अवलम्वन गरिनेछ ।<br>ख) महिला सशक्तीकरण तथा सामाजिक समावेसीकरण एवम् शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई र सामाजिक सुरक्षा एवम् संरक्षणमा आवश्यक बजेट विनियोजन गरी सामाजिक विकास र पूँजी निर्माणमा जोड दिइनेछ।<br>ग) संभाव्य आयोजनाको आर्थिक सामाजिक लाभ लागत विश्लेषण गरी उपयुक्त आयोजनाहरूको आयोजना बैंक स्थापना गरिनेछ। बैंकमा सूचीकृत आयोजनालाई अपेक्षित प्रतिफल, प्रादेशिक सन्तुलन र स्थानीय आवश्यकताका आधारमा प्राथमिकताक्रम बमोजिम बजेट विनियोजन गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।<br>घ) राजस्वको आधार वृद्धि गर्ने, भौगोलिक सन्तुलन र अन्तरआवद्धता बढाउने एवम् उच्च प्रतिफल दिने र उत्पादन वृद्धिसँग सम्बन्धित पूर्वाधारका क्षेत्रमा सार्वजनिक स्रोतको विनियोजन गरिनेछ।<br>ङ) चालु खर्च व्यवस्थापनसम्बन्धी मापदण्ड बनाइनेछ । साथै, गैर बजेटरी शिरोभार खर्चलाई नियन्त्रण गर्दै लगिनेछ।<br>च) आयोजना सुशासनमा सुधार गरी रु. १० लाख भन्दा साना लागत अनुमान भएका आयोजनाहरुमा रकम विनियोजन गरिने छैन र क्रमागत आयोजनाहरू निर्धारित समय मै सम्पन्न गरिनेछन्।<br>छ) चालु खर्चलाई पूँजीगत खर्चको उत्पादनशील क्षमता अभिवृद्धि गर्न आवद्ध गरिनेछ । निर्मित पूँजीगत संरचनाहरूको मर्मत सम्भारमा आवश्यक व्यवस्था गरिनेछ । |
| ३. सार्वजनिक खर्च प्रणालीलाई आधुनिक | क) सार्वजनिक भुक्तानी व्यवस्थालाई पूर्ण रूपमा विद्युतीय प्रणालीमा आधारित बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| सूचना प्रविधिमा आधारित बनाई थप पारदर्शी र जनपरिक्षण हुन सक्ने तुल्याउने । | ख) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली लाई एकलकोष खाता प्रणालीसँग आबद्ध गरी थप सुदृढ बनाइनेछ।<br>ग) सार्वजनिक खर्च र सोको विल, विजक, प्रमाण र निर्णय सहितको विस्तृत विवरण तथा राजस्व सम्बन्धि जानकारी विद्युतीय माध्यमबाट सार्वजनिकीकरण तथा जनपरीक्षण गर्ने व्यवस्था गरिनेछ। सार्वजनिक खर्चको अनुगमन गर्ने र सो को प्रतिवेदन सार्वजनिक गर्ने प्रणाली स्थापना गरिनेछ। |
| ४. लगानी गर्दा समन्यायिक हुने गरी गर्ने। | क) सार्वजनिक निर्माण र सामाजिक क्षेत्रमा गरिने लगानीको प्रतिफल समाजका सवै लिङ्ग, वर्ग र क्षेत्रमा समन्यायिक वितरण मार्फत आर्थिक एवम् सामाजिक रुपले पछाडी परेका नागरिक एवम् क्षेत्रलाई सामाजिक संरक्षण गरिनेछ। |
| ५ सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्ने। | क) प्रादेशिक अर्थतन्त्रमा निजी क्षेत्रका व्यवसायिक क्रियाकलापलाई नकारात्मक असर नपर्ने गरी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले उपलब्ध गराएको सिमा भित्र रही आन्तरिक ऋण परिचालन गरिनेछ।<br>ख) आन्तरिक ऋणलाई उत्पादनशील क्षेत्रमा उपयोग गरिनेछ। |
| ६. ठूला पूर्वाधार निर्माणमा वैदेशिक ऋण परिचालन गर्ने। | क) नेपाल सरकारको स्वीकृतिमा ठूला तथा प्रदेश गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन गरिनेछ। |
| ७. स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्दै प्रदेश सरकारको राजस्व परिचालन गर्ने। | क) प्रभावकारी राजस्व परिचालनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>ख) राजस्व परिचालनलाई सूचना प्रविधिमा आधारित बनाइनेछ। |

## ५. अपेक्षित उपलब्धि

बजेट विनियोजनमा कुशलता, प्रभावकारी उपयोग सहित अपेक्षित नतिजा प्राप्त भएको हुने, सार्वजनिक खर्चमा पूँजीगत खर्चको हिस्सा उल्लेख्य बढेको हुने, बजेट प्रणाली पारदर्शी, वैज्ञानिक र सूचना प्रणालीमा आधारित भएको हुने र आयोजनाहरु तोकिएको गुणस्तर, परिमाण, लागत र समयमा सम्पन्न भएको हुनेछ।

## ४.२.२ राजश्व परिचालन

### १. पृष्ठभूमि

नेपालको संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, प्राकृतिक स्रोत कर, विज्ञापन कर र मनोरञ्जन कर प्रदेश सरकार र स्थानीय तहको साझा अधिकार क्षेत्रमा रहेको छ साथै, कृषि उपजको बिक्रिमा लाग्ने करलाई प्रदेश सरकारको एकल अधिकार सूचीमा समावेश गरेको छ । कर तथा गैरकरका आधार कमजोर रहेको, कर संकलन गर्ने आफ्नै संयन्त्र स्थापित भई नसकेको अवस्थामा प्रदेशको राजस्व संकलनमा उल्लेख्य सुधार हुन सकेको छैन । समग्र विकास तथा प्रशासनिक खर्चको आवश्यकता पुरा गर्न र संघीय सरकारको अनुदान माथिको निर्भरता घटाउन बैज्ञानिक कर प्रणालीको विकास गरी राजस्व संकलनको दायरा फराकिलो र दिगो बनाई प्रदेशको वित्त संरचनालाई सक्षम र सुदृढ बनाउने तर्फ प्रदेशको राजस्व नीति केन्द्रित हुन आवश्यक रहेको छ।

### २. प्रमुख समस्या

राजस्व संकलनका विषयमा संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय हुन नसक्नु, प्रदेश सरकारको कर-गैरकर राजस्व परिचालनका आधार तथा दक्षता र क्षमता कमजोर रहनु, सीमित दायराको कर संकलन गर्न समेत स्थानीय तहमा भर पर्ने अवस्था रहनु, समान प्रकृतिका कर प्रदेश र स्थानीय तह दुवैका साझा क्षेत्राधिकारमा रहनु, प्राकृतिक स्रोत कर संकलनमा विवाद बढ्नु, अनौपचारिक आर्थिक क्रियाकलापहरुलाई राजस्वको दायरामा ल्याउन नसकिनु राजस्व सम्बन्धि प्रमुख समस्याहरु रहेका छन्।

### ३. चुनौती तथा अवसर

प्रदेशको राजस्वको दायरालाई फराकिलो बनाउनु, कुल बजेटमा राजस्वको योगदान बढाउनु, राजस्व संकलनलाई पारदर्शी र प्रभावकारी बनाउनु, संघ र स्थानीय तहबीच राजस्व संकलन तथा अनुगमनका सम्बन्धमा समन्वय गर्नु, विद्युतीय माध्यमबाट सबै नागरिकलाई करको दायरामा ल्याउनु आदि प्रमुख चुनौतीहरु हुन्।

संवैधानिक अधिकार सूचीमा रहेका अधिकारहरुको कार्यान्वयनतर्फ सार्वजनिक संयन्त्र अग्रसर हुँदै गएको, सार्वजनिक वित्तको परिचालनमा सबै पक्षको सक्रिय सहभागिता बढ्दै जानु, संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा राजनीतिक प्रणालीको सुदृढीकरण गर्दै आर्थिक विकास गर्ने अवसर प्राप्त भएको छ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोच

फराकिलो कराधार सहितको सवल प्रादेशिक अर्थतन्त्र।

### ४.२ लक्ष्य

चालु खर्चको अधिकांस हिस्सा आन्तरिक स्रोतबाट धान्न सक्ने अवस्थाको सिर्जना गर्ने।

### ४.३ उद्देश्य

राजस्व प्रणालीलाई बैज्ञानिक, प्रभावकारी, कुशल र पारदर्शी बनाउनु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. राजस्वको दायरा फराकिलो बनाई प्रदेश सरकारको प्रभावकारी राजस्व परिचालनमा जोड दिने । | क) संघीय सरकारसँगको सहकार्यमा प्रभावकारी राजस्व संकलन तथा परिचालनका लागि आवश्यक नीतिगत, कानुनी तथा संस्थागत संरचनाको व्यवस्था मिलाइने छ।<br>ख) राजस्व संकलन एवम् परिचालनका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गरी सम्बन्धित निकाय र पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरिनेछ।<br>ग) नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग गरी कर प्रणालीलाई आधुनिकीकरण गरी राजस्व संकलनमा वृद्धि र चुहावट नियन्त्रण गरिनेछ। |

### ५. अपेक्षित उपलब्धि

योजनाको अन्तमा राजस्व प्रणाली प्रगतिशील र लगानीमैत्री भएको हुने, करदाताको संख्यामा उलेख्य वृद्धि भई प्रादेशिक अर्थतन्त्र तथा बजेटमा राजस्वको योगदान वृद्धि भएको हुने, सूचना प्रविधिको प्रयोगबाट पारदर्शी, कम खर्चिलो र प्रभावकारी कर प्रणालीको विकास भएको हुने, राजस्व परिचालनमा दक्ष जनशक्तिको विकास भएको हुने।

## ४.२.३ वैदेशिक सहायता परिचालन

### १. पृष्ठभूमि

प्रदेशको वस्तुगत अवस्था र जनआकांक्षा अनुरुप राजस्व संकलन तथा संघीय सरकारबाट उपलब्ध हुने अनुदानबाट समेत प्रदेशको समग्र लगानी श्रोत आवश्यकता पूरा नहुने स्थिति रहेको छ । यस प्रकार वित्तीय श्रोतको अभाव हटाउन ठूला र उत्पादनमूलक प्रतिफलदायक आयोजनामा नवीनतम प्रविधि हस्तान्तरण समेत हुने गरी वैदेशिक सहायता उपयोग गर्नु पर्ने स्थिति रहेकोछ ।

### २. प्रमुख समस्या

प्रदेशले वैदेशिक सहायता प्राप्ति सम्बन्धि ज्ञान एवम् अनुभव हासिल गर्ने क्रम मै हुनु, प्रदेशको ठूलो आवश्यकता र स्रोतान्तर पुरा हुने गरी वैदेशिक सहायता परिचालन गर्नु पर्ने टड्कारो

आवश्यकता भएकोमा संघीय सरकार, दातृ पक्ष आदिलाई सहमत गराउन समय लाग्नु, साना तिना आयोजनामा प्रदेशको प्रणाली बाहिरबाटै सहयोग आउने स्थिति रहनु आदि समस्या रहेका छन् ।

## ३. चुनौती तथा अवसर

प्रदेशको स्रोत अन्तर र विकास सहायताको आवश्यकता बारे संघीय सरकार एवम् ठूला विकास साझेदारलाई सहमत गराउनु, विकास सहायता प्राप्ति र परिचालनमा संघ र अन्य तहबीच समन्वय एवम् सहकार्य जुटाउनु, विकास सहायतालाई प्रदेशको बजेट प्रणालीको दायरामा ल्याउनु, सहायताको प्रतिवद्धता र कार्यान्वयनका बीचको अन्तर न्यून गर्नु, सहायता व्यवस्थापनमा प्रदेशको क्षमता र कुशलता बढाउनु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

विकास र समृद्धिमा पछि परेको हुँदा प्रदेशको तीव्र समुन्नतिका लागि विकास साझेदारको समेत ठूलो सहयोग जुटाउनु आवश्यक छ भन्ने कुरामा संघीय सरकारको दृढ समर्थन र सहयोग रहनु, विकास साझेदारहरु प्रदेशमा सहायता प्रवाह बढाउन सकारात्मक रहनु, प्रदेशमा राजनीतिक स्थिरता र बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्था सकारात्मक रहनु जस्ता राम्रा अवसरहरु विद्यमान रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

ठूला आयोजना निर्माणमा वैदेशिक सहायता परिचालनद्वारा प्रदेश समृद्धि ।

### ४.२ लक्ष्य

प्रदेशको तीव्र, दिगो र समतामूलक विकासका लागि वैदेशिक सहायता परिचालन गर्ने ।

### ४.३ उद्देश्य

प्रदेशको विकास प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता परिचालन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश समृद्धिमा सहयोग पुग्ने गरी वैदेशिक सहयोग परिचालनमा प्रभावकारिता ल्याउने । | क) प्रदेश वैदेशिक सहायता नीति, ऐन, दिग्दर्शन एवम् संस्थागत संरचना तर्जुमा र कार्यान्वयन गरिनेछ ।<br>ख) केन्द्र, अन्य प्रदेश एवम् स्थानीय तह र विकास साझेदारसँग प्रभावकारी समन्वय, सहकार्य गरी प्रदेश विकास सम्मेलन आयोजना गरिनेछ । |
| २. प्रदेशको ठूला आयोजनामा वैदेशिक सहयोग जुटाउने । | क) प्रदेशको वैदेशिक सहायता आवश्यकता पहिचान अध्ययन गरिनेछ ।<br>ख) प्रदेशमा आयोजना बैंक प्रभावकारी तुल्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ग) प्रदेशको रुपान्तरणका लागि लामो कालखण्डदेखि चर्चामा रहेका जलविद्युत एवम् पूर्वाधार आयोजनामा वैदेशिक सहयोग जुटाउन केन्द्रसँग उचित समन्वय, सहकार्य एवम् पैरवी गरिनेछ । <br> घ) वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा प्रदेशको तर्फबाट उपलब्ध हुनु पर्ने दायित्व र जिम्मेवारीपूर्ण रुपमा पालना गर्न अधिकार प्राप्त एकद्वार प्रणाली खडा गरिनेछ । |

**५. अपेक्षित उपलब्धि**

प्रदेशको प्राथमिकता प्राप्त र ठूला आयोजनामा वैदेशिक सहायता जुटेको हुने, वैदेशिक सहायताको कार्यान्वयनमा प्रभावकारिता आएको हुने । प्रदेशमा वैदेशिक सहायता प्राप्तिमा सकारात्मक परिवेश सृजना भएको हुने ।

## ४.२.४ सार्वजनिक ऋण

### १. पृष्ठभूमि

सरकारको चालु तथा पूँजीगत खर्च व्यवस्थापनका लागि आन्तरिक राजस्व तथा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट मात्र पर्याप्त नभएकोले थप स्रोत व्यवस्थापन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा मात्र आन्तरिक ऋण लिने व्यवस्था रहेको छ । आन्तरिक ऋण परिचालन गर्न नीतिगत तथा संरचनात्मक व्यवस्था भै नसेकोले परिचालनमा कठिनाई रहेको छ। प्रदेश सरकारले दिगो तथा उच्च प्रतिफलयुक्त ठूला परियोजनाहरुमा लगानी गरी आर्थिक समृद्धि प्राप्त गर्न आन्तरिक ऋणलाई परिचालनमा जोड दिनु पर्नेछ ।

### २. प्रमुख समस्या

नीतिगत, कानुनी, संस्थागत संरचना व्यवस्था नहुनु, अपेक्षाकृत रुपमा नौलो पहल भएकोले पूर्व अनुभव नहुनु, प्रदेश सरकारको विनियोजन एवम् कार्यान्वयन कुशलता गतिशिल हुने क्रम मै रहनु, प्रदेशको राजस्वको दायरा साँघुरो हुँदा कर्जा प्राप्ती तथा भूक्तानीको सीमा पनि संकुचित हुनु जस्ता समस्या रहेका छन् ।

### ३. चुनौती तथा अवसर

आवश्यक नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्था गर्नु, आयोजना कार्यान्वयन क्षमतामा बढोत्तरी ल्याउनु, संघीय सरकारसँग समन्वय कायम गर्नु, सार्वजनिक ऋणबाट प्राप्त रकम प्रभावकारी र उत्पादनशिल क्षेत्रमा उपयोग गर्नु, ऋणको साँवा ब्याज यथा समय मै भुक्तानी सुनिश्चितता गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले ऋण लिन सक्ने व्यवस्था हुनु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सहजीकरण गर्नु, प्रदेश सरकारले सार्वजनिक ऋणलाई उत्पादनमूलक र उच्च प्रतिफलमुखी क्षेत्रमा परिचालन गर्न सक्ने आधार हुनु, प्रदेशमा उच्च प्रतिफल सुनिश्चित भएका कार्यान्वयन योग्य आयोजनाको विद्यमानता रहनु यस क्षेत्रका अवसरहरु हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रदेशको आर्थिक एवम् सामाजिक विकासका लागि सार्वजनिक ऋणको परिचालन ।

### ४.२ लक्ष्य

उत्पादन र उच्च प्रतिफलमुखी क्षेत्रमा लगानी वृद्धि गर्न सार्वजनिक ऋणको प्रभावकारी परिचालन गर्ने ।

### ४.३ उद्देश्य

उत्पादन एवम् आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण र पूँजी निर्माणमा सहयोग पुग्ने गरी सार्वजनिक ऋण परिचालन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सार्वजनिक ऋणको परिचालनमा स्पष्टता र प्रभावकारिता ल्याउने । | क) संघीय सरकारसँग तादात्म्यता कायम हुने गरी सार्वजनिक ऋण परिचालन सम्बन्धी प्रादेशिक नीति, कानुनको संस्थागत संरचना निर्माण गरिनेछ ।<br>ख) ऋण परिचालन र आयोजना कार्यान्वयनमा सक्षमता ल्याउन सार्वजनिक-निजी-साझेदारी (PPP) मोडललाई प्राथमिकता दिइनेछ । |
| २. प्राथमिकताका क्षेत्रमा ऋण परिचालन गर्ने । | क) पर्याप्त अध्ययन गरी छनोट भएका र आयोजना बैंकमा रहेका उच्च प्रतिफलका पूर्वाधार र उत्पादन वृद्धिका क्षेत्रमा मात्र ऋण परिचालन गरिनेछ। |

## ५. अपेक्षित उपलब्धि

प्रदेशको सार्वजनिक ऋणको व्यवस्थापन सम्बन्धी आवश्यक नीति, कानुन एवम् संरचना बनेको हुने, प्राथमिकता क्षेत्रमा सार्वजनिक ऋण परिचालन भई पूँजी निर्माण मार्फत रोजगारी वृद्धि हुनेछ।

### ४.२.५ अन्तर-सरकारी वित्त

#### १. पृष्ठभूमि

संघले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था रहेको छ। त्यसै गरी प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट ऐन बनाएर उठ्ने राजस्वलाई स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्न सक्ने प्रावधान रहेको छ। संघीय संचित कोषबाट सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान वितरण हुने व्यवस्था छ । संघबाट प्रदेशमा हुने राजस्व र प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई समन्यायिक ढंगबाट प्रदेशको विकास र समृद्धिको आधार सृजना गर्ने गरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्ने तर्फ यो योजना केन्द्रित गरिएको छ।

#### २. प्रमुख समस्या

संघ, प्रदेश र स्थानीय तहका बीच बुझाइमा एकरुपता नहुनु, तथ्यांकाधार नहुनु, राजस्व क्षमता र आवश्यकता प्रष्ट नहुनु, अनुभवको कमी, वित्तीय हस्तान्तरण तथा कार्यक्रमबीच तादाम्यता नहुनु, कार्य सम्पादनमा एक आपसमा दोहोरोपना रहनु जस्ता समस्या रहेका छन्।

#### ३. चुनौती तथा अवसर

तथ्यांकाधार तयार गर्ने, प्रदेशको खर्चको आवश्यकता पहिचान र खर्च गर्न सक्ने क्षमताको बीच तालमेल कायम गर्ने, कानुनी व्यवस्थाको परिपालन, आर्थिक अनुशासन र नतिजा सुनिश्चिता गर्ने विषय चुनौतीका रुपमा रहेका छन् ।

संघीय संरचना अनुरुप नेपाल सरकारबाट अनुदान हस्तान्तरण गर्ने, आवश्यकता र प्राथमिकतामा रही कार्यक्रम प्रस्ताव गरी अनुदान प्राप्त गर्ने, तीनै तहका सरकारका बीचमा आयोजना एवम् सहलगानीका माध्यमबाट सहकार्य गर्ने र मुलुकको आर्थिक सामाजिक रुपान्तरणमा तीव्रता ल्याउने अवसर छ।

#### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

##### ४.१ सोच

प्रदेशको समानुपातिक आर्थिक विकासका लागि वित्तीय हस्तान्तरण ।

##### ४.२ लक्ष्य

प्रादेशिक विकासका लागि अन्तर सरकारी वित्त हस्तान्तरणको प्रभावकारी उपयोग ।

##### ४.३ उद्देश्य

- वित्तीय हस्तान्तरणबाट प्राप्त हुने रकमलाई प्रदेशको प्राथमिकताका क्षेत्रमा लगानी गर्नु ।
- आवश्यकता र प्रदेश सरकारको क्षमता अनुरुप स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरी प्रदेश विकासमा सघाउनु ।

४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. विधि तथा प्रणालीका आधारमा प्रदेशको समग्र र समानुपातिक आर्थिक विकास हुने गरी वित्तीय हस्तान्तरणलाई उपयोग गर्ने । | क) वित्तीय हस्तान्तरण नीति, कानुन तथा कार्यविधि तयार गरिनेछ ।<br>ख) प्रादेशिक आर्थिक तथा सामाजिक विकासको तथ्याङ्क प्रणाली विकास र उपयोग गरिनेछ।<br>ग) वित्तीय सुशासन विधिको विकास गरी लागु गरिनेछ।<br>घ) आयोजना बैंकका आधारमा अनुदान माग गर्न सक्ने सूचना प्रणालीको विकास गरिनेछ। |
| २. स्थानीय तहहरुको क्षमता र आवश्यकताको आधारमा सन्तुलित वित्त हस्तान्तरण गर्ने । | क) प्रदेशको अधिकार क्षेत्र अन्तर्गत रहेका तर स्थानीय तहबाट कार्यान्वयन हुँदा प्रभावकारी हुने कार्यक्रमहरु हस्तान्तरण गरिनेछ।<br>ख) समावेशिता, भौगोलिक सन्तुलन, समता, गरिबी निवारण, लैंङ्गिक समुन्नति, हरित विकास जस्ता पक्षलाई सघाउने कार्यक्रमहरुलाई प्रर्याप्त हुने गरी वित्तीय हस्तान्तरण गरिनेछ। |

## ५. अपेक्षित उपलब्धि

प्रदेशमा वित्तीय व्यवथापन एवम् सुशासन क्षमता विकास भएको हुनेछ । तीनै तहका सरकारका एकल र साझा जिम्मेवारीहरु सम्पादन हुने गरी स्रोतको व्यवस्था र तीनै तहमा वित्तीय अन्तर-आवद्धता मार्फत वित्तीय संघीयता प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

# ४.३ सार्वजनिक-निजी-सहकारी साझेदारी

## १. पृष्ठभूमि

नेपालको संविधानले ३ खम्बे अर्थ नीति अंगिकार गर्ने उद्घघोष गरेको छ । विकासमा पछि परेको र प्राकृतिक स्रोत साधनको प्रचुरता भए पनि बृहत लगानी आवश्यकता भएकोले ती स्रोत उपयोग हुन नसकेको अवस्था प्रदेशमा रहेको छ । प्रदेशको संतुलित, समावेशी, समन्यायिक र तीव्र विकास गरी रोजगारी र आय वृद्धिद्वारा गरिबी, भोक, रोग र अशिक्षा अन्त गर्न बृहत लगानीको आवश्यकता रहेको छ । सरकारी वा सार्वजनिक क्षेत्रको मात्र लगानीबाट दिगो विकासको परिकल्पना साकार हुन्न । अतः सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वित साझेदारी, सहकार्य र सहयोग आवश्यक पर्दछ ।

## २. प्रमुख समस्या

विकासमा पछि परेको प्रदेश भएकोले सार्वजनिक, निजी र सहकारी तीनवटै क्षेत्रको लगानीको स्थिति कमजोर एवम् समस्या र कठिनाइले जेलिएको छ । तीनै क्षेत्रले पर्याप्त लगानी गर्न नसक्नु, समन्वय, सहकार्य र साझेदारीमा नीतिगत, प्रणालीगत, संरचनागत, कानुनी र संस्थागत समस्या व्यहोर्न पर्नु, सहकारी एवम् निजी क्षेत्र अधिक मुनाफामुखी देखिनु, उनीहरुको लगानीको हिस्सा प्रदेशको विकास आवश्यकतासँग मिल्दो जुल्दो नभै थोरै हुनु, सहकारीले बचत परिचालनद्वारा आफ्ना सदस्य र प्रदेशको समुन्नतिमा अपेक्षा अनुरुप ठोस योगदान पुऱ्याउन नसक्नु, सहकारी र निजी क्षेत्र फस्टाउनमा प्रदेश, स्थानीय तह वा संघीय सरकारबाट पनि अझै पहल गर्न पर्ने स्थिति रहनु जस्ता समस्या यस क्षेत्रमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

प्रदेशको विकासका स्तम्भ मानिने सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई उचित समन्वय गर्दै सहकार्य र परिचालन गर्नु, तीन वटै क्षेत्र फस्टाउने उचित नीतिगत, कानुनी, संस्थागत र पद्दतीगत खाका सृजना र कार्यान्वयन गर्नु, निजी र सहकारी क्षेत्रलाई अधिक प्रेरित, जिम्मेवार, उत्तरदायी, विधि सम्मत ढंगले अघि बढ्न उत्साहित गर्नु, प्रदेशको रुपान्तरणमा सार्थक सहभागिता जुटाउनु चुनौतीको विषय रहेका छन् ।

नीतिगत, कानुनी र संस्थागत संरचनाको व्यवस्था हुदै आउनु, प्रदेशमा लगानी मैत्री वातावरण हुनु, प्रदेशको प्राकृतिक स्रोत साधनको प्रचुरताले तुलनात्मक लाभ बढी देखिनु, हरित अर्थतन्त्रको उत्थानको पर्याप्त सम्भावना हुनु तथा प्रदेश र बाहिर पनि यस्ता उत्पादन उपर उपभोक्ताको आकर्षण अभिवृद्धि हुनु, बैंक तथा वित्तीय संस्था एवम् सहकारीको सघनता र लगानी बढ्दै जानु जस्ता अवसर विद्यमान छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रदेशको द्रुत आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी ।

### ४.२ लक्ष्य

सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा लगानी अभिवृद्धि गरी उत्पादन वृद्धि, रोजगारी सृजना र नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

### ४.३ उद्देश्य

- अनुकूल वातावरण सृजना तथा सुरक्षाको प्रत्याभूति दिई निजी र सहकारी क्षेत्रलाई लगानीको लागि उत्प्रेरित गर्नु ।
- बस्तु तथा सेवाको सहज उत्पादन, आपूर्ति र रोजगारी सिर्जनाका लागि निजी क्षेत्र र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रभावकारी साझेदारीका लागि आवश्यक व्यवस्था गर्ने। | क) साझेदारीलाई प्रभावकारी बनाउन आवश्यक नीति र कानुन एवम् संरचना निर्माण गरी कार्यान्वयन गरिनेछ । |
| २. लगानीको अनुकूल वातावरण सृजना गर्ने। | क) निजी एवम् सहकारीको लगानी बढाउने गरी सहज र सरल व्यवसायिक लगानीको वातावरण सृजना गरिनेछ ।<br>ख) बस्तु र सेवा उत्पादन तथा तुलनात्मक लाभका क्षेत्रमा लगानी बढाउन प्रोत्साहित गरिनेछ।<br>ग) स्थानीय बचत संकलन, लगानी वृद्धि र समुदाय परिचालनमा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।<br>घ) प्रदेशमा गैर आवासीय नेपालीहरु समेतको सहभागितामा स्वदेशी एवम् विदेशी वृहत लगानीकर्ताहरुलाई आमन्त्रण गरी लगानी प्रवर्द्धन सम्मेलनको आयोजना गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

सार्वजनिक-निजी र सार्वजनिक-सहकारी साझेदारी कानुन तथा नीति निर्माण र कार्यान्वयन भएको हुनेछ । प्रदेशमा लगानीमैत्री वातावरण सृजना भएको हुनेछ ।

## ४.४ वैदेशिक लगानी

### १. पृष्ठभूमि

आत्मनिर्भरता उन्मुख र समृद्ध सुदूरपश्चिम प्रदेशको लक्ष्य हासिल गर्न प्रदेशमा आर्थिक, सामाजिक विकासमा ठूलो लगानी गर्नु पर्नेछ। प्राकृतिक स्रोत साधनमा सम्पन्न भए पनि सम्भाव्यताको सदुपयोग गर्न नसक्दा स्रोत, साधन र समय खेर गएको छ भने प्रदेशवासीको आर्थिक सामाजिक अवस्था कमजोर रहन गएको छ । आन्तरिक वा स्वदेश भित्रको सार्वजनिक र निजी लगानीले मात्रै बृहत्तर आयोजनाहरुलाई अघि बढाउन स्रोत नपुग्ने भएकोले प्रदेशको समग्र उत्थानमा वैदेशिक लगानी आवश्यक पर्नेछ ।

### २. प्रमुख समस्या

विकासको निकै सम्भावना भए पनि हालसम्म प्रदेशमा ठूलो वैदेशिक लगानी आकर्षित गर्न नसक्नु, वैदेशिक लगानी सम्बन्धी नीति र कानुनको अभाव हुनु, आयोजना बैंक व्यवस्था कार्यान्वयनमा नआउनु, दक्ष जनशक्तिको कमी रहनु, संघ, स्थानीय तह आदिसँग समन्वय र सहकार्यमा कठिनाई जस्ता समस्या रहेका छन् ।

## ३. चुनौती तथा अवसर

प्रदेशको समग्र विकास सम्भाव्यताको सदुपयोग गर्न वैदेशिक लगानी आकर्षित गर्नु, लगानी गर्ने वातावरणमा सुधार गरी व्यवसायमैत्री पारिस्थितिकीय प्रणाली स्थापना गर्नु, त्रिदेशीय सामिप्यताको लाभ हासिल गर्ने गरी अन्तर आवद्धता बढाएर सम्भावनाको प्रतिफल प्राप्त गर्नु चुनौतीका विषय हुन् ।

प्रदेशमा जिम्मेवार प्रदेश सरकार रहनु, प्रदेशमा प्राकृतिक स्रोतको प्रचुरता रहनु, विकासमा पछि परेको प्रदेश हुँदा विकासका प्रायः हरेक क्षेत्रमा पर्याप्त लगानी र उत्पादनको सम्भाव्यता देखिनु, छिमेकी देशमा निर्यात गर्ने सम्भावना रहनु, आयोजना बैंक व्यवस्था लागू हुनु, प्रदेशवासीमा प्रदेशमा उचित लगानी वातावरण कायम हुनुपर्छ भन्ने आकांक्षा पाइनु अवसरहरु हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

आधुनिक प्रदेशमा लागि पर्याप्त वैदेशिक लगानी ।

### ४.२ लक्ष्य

प्रदेश समृद्धिको ठूला आयोजनाहरुका लागि वैदेशिक लगानीलाई उपयोग गर्ने ।

### ४.३ उद्देश्य

- प्रदेश विकासका लागि पूँजी अभाव हटाउन वैदेशिक लगानीलाई प्रोत्साहन गर्नु ।
- प्रदेशको प्राकृतिक सम्पदाको सदुपयोग र सम्भाव्यताको उपयोग गरी समृद्धिमा मद्दत पुऱ्याउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वैदेशिक लगानी आकर्षित गर्ने । | क) वैदेशिक लगानी नीति, कानुन, दिग्दर्शन एवम् संरचना बनाइनेछ ।<br>ख) लगानी सुरक्षा र वित्तीय सहुलियतको व्यवस्था गरिनेछ ।<br>ग) लगानी प्रवर्द्धन क्षेत्र घोषणा गरिनेछ ।<br>घ) लगानी प्रवर्द्धन सप्ताह, महिना र वर्ष घोषणा गरिनेछ ।<br>ङ) डुइङ्ग विजनेश इण्डेक्स सुधार कार्यदल बनाएर प्रदेशको सूचक राष्ट्रिय औसत सरह पुऱ्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. वैदेशिक लगानी मार्फत समृद्धि र आत्मनिर्भरता हासिल गर्ने । | क) प्रदेशको प्राथमिताका अनुसार निर्मित आयोजना बैंकका आयोजनामा लगानी आकर्षित गरिनेछ ।<br>ख) प्रदेशको उत्पादन, रोजगारी, आयस्तर वृद्धि गरी आत्मनिर्भर बनाउन मद्दत हुने गरी हरित विकास, उर्जा, पर्यटन, कृषि, सडक सञ्जाल विस्तार गर्ने कार्यमा वैदेशिक लगानी आकर्षित गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

वैदेशिक लगानी आकर्षित हुने गरी प्रदेशको डुइङ् विजिनेश इण्डेक्समा बढोत्तरी भएको हुने र प्रदेशमा उत्पादन, रोजगारी र आयस्तरमा वृद्धि भएको हुनेछ ।

## ४.५ समष्टिगत वित्तीय क्षेत्रका कार्यक्रमहरु

### बचत तथा लगानी

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | राजस्व प्रणाली तथा वित्तीय क्षेत्र नीति, कानुन तथा संरचना निर्माण | २०७८/०७९<br>२०८०/०८१ | ५ लाख | राजस्व प्रणाली तथा वित्तीय क्षेत्र सुधार एवम् बचत तथा लगानी प्रवर्द्धनका लागि नीति, कानुन तथा संरचना निर्माण भएको हुने । |
| २ | आय र बचत अभिवृद्धिलाई वार्षिक नीति तथा कार्यक्रममा समावेश | २०७८/०७९<br>२०८२/०८३ | — | प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमहरुमा उत्पादन, रोजगारी, आय र बचत अभिवृद्धि गर्ने कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गर्ने गरी समावेस भएको हुने । |
| ३ | वित्तीय पहुँच एवम् समावेशीकरण | २०७८/०७९<br>२०८२/०८३ | — | सबै पालिकाको वडास्तरसम्म वित्तीय पहुँच एवम् समावेशीकरण विस्तारका लागि सहजीकरण गरिएको हुने । |
| ४ | वित्तीय साक्षरता कार्यक्रम | २०७८/०७९<br>२०८२/०८३ | ८८ लाख | बैंक तथा वित्तीय संस्थाहरुसँगको सहकार्यमा सबै पालिकाहरुको वडास्तरसम्म वित्तीय साक्षरताको कार्यक्रम सञ्चालन भएको हुने । |
| ५ | बचत प्रोत्साहन | २०७८/०७९ | — | आन्तरिक एवम् विप्रेषणबाट हुने |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | २०८२/०८३ | | आयबाट गरिने अनुत्पादक खर्चमा कटौति गरी एवम् न्यून आय वर्ग, महिला, जेष्ठ नागरिक, दलित र बालबालिकामैत्री आकर्षक बचत उपकरण लगायतका माध्यमबाट नागरिकको बचत गर्ने प्रवृत्ति प्रोत्साहित गर्न सहजीकरण भएको हुने । |
| ६ | व्यवसायिक लगानी वातावरण सूचङ्काक सुधार अभियान | २०७८/०७९<br>२०८२/०८३ | —— | व्यवसायिक लगानी वातावरण सूचङ्काकको तयारी एवम् सोको आधारमा निरन्तर सुधार अभियान सञ्चालनका लागि सहजीकरण भएको हुने । |
| ७ | उत्पादनसिल क्षेत्रमा सार्वजनिक लगानी अभिवृद्धि | २०७८/०७९<br>२०८२/०८३ | ५ अर्व | सार्वजनिक क्षेत्रबाट हुने अनुत्पादक खर्चमा कटौति गरी उत्पादनसिल क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने । |
| ८ | सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष मार्फत लगानी प्रवर्द्धन | २०७८/०७९<br>२०८२/०८३ | ९९ करोड | पूँजीको अभावमा उद्यम गर्न नसकेका प्रदेशका नागरिकहरुलाई सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष मार्फत विउ पूँजी उपलव्ध गराई उद्यमशिलताका लागि लगानी प्रवर्द्धन गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ६ अर्व**

## सार्वजनिक वित्त

### सार्वजनिक खर्च

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | आर्थिक कार्यविधि कानुन तर्जुमा तथा कार्यान्वयन | २०७८/०७९<br>२०७९/०८० | ५ लाख | प्रदेशको आर्थिक कार्यविधि कानुन लगायत सार्वजनिक खर्च प्रणालीसँग सम्बन्धित समयसापेक्ष कानुनको तर्जुमा तथा परिमार्जन गरी कार्यान्वयन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २ | मध्यमकालीन खर्च प्रणाली सुदृढीकरण | २०७८/०७९ २०८२/०८३ | —— | मध्यमकालीन खर्च प्रणाली थप सुदृढ र संस्थागत भएको हुने । |
| ३ | बजेट तथा कार्यक्रम/आयोजना तर्जुमा तथा कार्यान्वयन क्षमता विकास | २०७८/०७९ २०८२/०८३ | ५० लाख | बजेट तथा कार्यक्रम/आयोजना तर्जुमा तथा कार्यान्वयन एवम् पूँजीगत खर्च परिचालन क्षमता अभिवृद्धि तथा वार्षिक बजेट कार्यान्वयन कार्य योजना र कार्य सम्पादन करार तथा नियमित समीक्षा आदिको व्यवस्था भएको हुने। |
| ४ | आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण | २०७८/०७९ २०८२/०८३ | —— | वित्तीय जोखिम न्यूनीकरण गर्न खर्च सम्वन्धी निर्णय एवम् सबै दस्ताबेज सार्वजनिक गर्ने, बेरुजु न्यूनीकरण तथा सुशासन मानकमा उम्दा हुने कार्यालय तथा अधिकारी प्रोत्साहित हुने लगायतका उपाय सहितको व्यवस्थाबाट आन्तरिक नियन्त्रण प्रणालीमा सुधार एवम् सुदृढीकरण भएको हुने । |
| ५ | चालु वा शीघ्र प्रतिफलदायक, हरित अर्थतन्त्र, गरिबमुखी, उत्पादन र रोजगार मैत्री आयोजना प्राथमिकीकरण नीति | २०७८/०७९ २०८२/०८३ | —— | चालु वा शिघ्र प्रतिफलदायक, हरित अर्थतन्त्रलाई बढावा दिई गरिबी निवारण, उत्पादन र रोजगारीमैत्री आयोजनालाई प्राथमिकता दिने नीति निर्माण तथा कार्यान्वयन भएको हुने । |
| ६ | मुख्यमन्त्री सामाजिक समावेशीकरण एवम् सद्भाव सम्वर्द्धन कार्यक्रम | २०७८/०७९ – २०८२/०८३ | ८० करोड | सभ्य समाजका अस्वीकार्य कुप्रथा, कुलत, विकृति, विसंगति, छुवाछुत, अन्धविश्वास, विभेद, शोषण, हिंसा, बञ्चितीकरण जस्ता सामाजिक पछौटेपनका अवशेषका विरुद्ध सर्वपक्षीय सहकार्यमा सशक्त **मुख्यमन्त्री सामाजिक समावेशीकरण एवम् सद्भाव सम्वर्द्धन कार्यक्रम** सञ्चालन गर्न पर्याप्त बजेटको विनियोन गरिएको हुने ।<br>महिला सशक्तिकरण तथा सामाजिक समावेसीकरण एवम् शिक्षा, स्वास्थ्य, |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | खानेपानी तथा सरसफाई र सामाजिक सुरक्षा एवम् संरक्षणमा पर्याप्त बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन भएको हुने । विकट जिल्लाका निर्धन, महिला, दलित, सुत्केरी, बालबालिका, बृद्धबृद्धा तथा गम्भीर रोगग्रस्त नागरिकका लागि मद्धत हुने गरी सामाजिक सुरक्षा वा सुविधा पाउने उमेर घटाउने तथा अरु आधारमा छुट दिएर **निसहाय विहिन प्रदेश** अभियान चलाउन आवश्यक बजेटको विनियोजन भएको हुने ।<br>आर्थिक, सामाजिक, भौगोलिक र शासकीयरुपबाट नेपाल कै सबैभन्दा पछि पारिएको बाजुरा जिल्ला तथा तालिका नं. २ (क) मा उल्लेखित अन्तर्राष्ट्रिय सीमावर्ती पालिकाहरुको आर्थिक सामाजिक बस्तुगत अवस्थितिको सुक्ष्म विश्लेषण गरी संघीय सरकारसँगको सहकार्यमा बस्तुगत आवश्यकताका आधारमा विशेष आर्थिक कार्यक्रमहरु सञ्चालन गरिएको हुनुका साथै समावेसीकरण एवम् समन्यायको अनुभूति हुनेगरी मूलप्रवाहीकरण गरिएको हुनेछ। |
| ७ | आयोजना बैंकको संस्थागतीकरण | २०७८/०७९<br>२०८२/०८३ | ५ करोड | आयोजना छनौटको लागि मापदण्ड तर्जुमा, आयोजना बैंकको निर्माण र सोसमेतका आधारमा कार्यक्रम एवम् बजेट निर्माण गर्ने प्रणालीको विकास भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ८ | बिनियोजन कुशलता अभिबृद्धि | २०७८/०७९<br>२०८२/०८३ | ५० लाख | राजस्वको आधार वृद्धि गर्ने, हरित तथा भौगोलिक सन्तुलन र अन्तर आवद्धता बढाउने एवम् उच्च प्रतिफल दिने र उत्पादन वृद्धिसँग सम्बन्धित पूर्वाधारका क्षेत्रमा तथा निर्मित पूँजीगत संरचनाहरूको मर्मत सम्भारमा आवश्यक बजेट व्यवस्था भएको हुने। |
| ९ | सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड निर्माण | २०७८/०७९<br>२०७९/०८० | —— | चालू खर्च व्यवस्थापन मापदण्ड निर्माण र कार्यान्वयन भै आर्थिक उत्तरदायित्वको स्तर उँचो भएको हुने । |
| १० | नतिजामूलक सार्वजनिक खर्च प्रणाली | २०७८/०७९<br>२०८२/०८३ | —— | सार्वजनिक खर्च प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई अधिक व्यवस्थित र पूर्ण पारदर्शी बनाउने, सामाजिक परिक्षण गराउने तथा कार्य प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने एवम् पुरस्कार एवम् दण्डको उचित प्रवन्ध मिलाइएको हुने । |

**जम्मा लगानीको अनुमान ८६ करोड ५ लाख**

## राजश्व परिचालन

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | राजस्व प्रणाली सुदृढीकरण | २०७८।०७९<br>२०८०।०८१ | २ करोड | संघीय सरकारसँगको सहकार्यमा प्रभावकारी राजस्व संकलन तथा परिचालनका लागि आवश्यक नीतिगत, कानुनी तथा संस्थागत संरचनाको व्यवस्था भएको हुने । |
| २ | राजस्व संकलन एवम् परिचालन क्षमता अभिवृद्धि | २०७८/०७९ –<br>२०८२/०८३ | २ करोड | राजस्व संकलन एवम् परिचालनका लागि सम्बन्धित निकाय र पदाधिकारीहरुको क्षमता अभिवृद्धि भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ३ | राजस्व संकलनमा वृद्धि र चुहावट नियन्त्रण | २०७८/०७९ – २०८२/०८३ | २ करोड | नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग गरी कर प्रणालीलाई आधुनिकीकरण गरी राजस्व संकलनमा वृद्धि र चुहावट नियन्त्रण भएको हुने । |
| ४ | कर तथा गैर करका दायरा र दरमा पुनरावलोकन | २०७८/०७९ – २०८२/०८३ | —— | सरोकारवालाहरु तथा विज्ञहरुसँग समेतको परामर्शमा कर तथा गैर करका दायारा विस्तार एवम् दरहरुको समसामयिक पुनरावलोकन भएको हुने । |
| ५ | राजश्व परिचालनमा सहकार्य | २०७८/०७९ – २०८२/०८३ | —— | राजश्व चुहावट नियन्त्रणमा दोहोरोपन नहुने गरी संघ र स्थानीय तहसँग समन्वय र सहकार्य भएको हुने । |
| ६ | स्वेच्छिक कर सहभागिताको व्यवस्था | २०७८/०७९ – २०८२/०८३ | —— | प्रोत्साहन तथा नियमन समेतका प्रबन्धबाट स्वेच्छिक कर सहभागिता वृद्धि भएको हुने । |
| ७ | राजश्व बाँडफाँट सम्वन्धी व्यवस्था | २०७८/०७९ – २०८२/०८३ | —— | स्थानीय तह र प्रदेशवीच बाँडफाँट हुने राजश्व रकम सम्वन्धित विभागीय कोषमा राखि तोकिएको समयमा बाँडफाँट गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ६ करोड**

## वैदेशिक सहायता परिचालन

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | वैदेशिक सहायता नीति, ऐन, दिग्दर्शन एवम् संस्थागत संरचना | २०७८।०७९ २०८०।०८१ | ५ लाख | संघीय सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश वैदेशिक सहायता नीति, ऐन, दिग्दर्शन एवम् संस्थागत संरचना तर्जुमा र कार्यान्वयन भएको हुने । |
| २ | प्रदेश विकास सम्मेलन आयोजना | २०७८।०७९ २०८१।०८२ | ८० लाख | संघ, अन्य प्रदेश एवम् स्थानीय तह र विकास साझेदारसँग प्रभावकारी समन्वय, सहकार्य गरी प्रदेश विकास सम्मेलन आयोजना भएको हुने । |
| ३ | वैदेशिक सहायता | २०७८।०७९ | —— | प्रदेशको वैदेशिक सहायताको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | आवश्यकता पहिचान तथा सभाव्यता अध्ययन | २०८१।०८२ | | आवश्यकता पहिचानका साथै वैदेशिक लगानी आकर्षित हुने खालका सम्भावित आयोजनाहरुको संभाव्यता अध्ययन गरी सूचीकृत गरिएको हुने । |
| ४ | रुपान्तरणकारी जलविद्युत एवम् पूर्वाधार आयोजनामा वैदेशिक सहयोग जुटाउन पहल | २०७८।०७९ २०८१।०८२ | —— | प्रदेशको रुपान्तरणका लागि लामो कालखण्डदेखि चर्चामा रहेका जलविद्युत एवम् पूर्वाधार आयोजनामा वैदेशिक सहयोग जुटाउन संघसँग उचित समन्वय, सहकार्य एवम् पैरवी भएको हुने । |
| ५ | संयुक्त अनुगमन मूल्यांकन व्यवस्था | २०७७।०७८ २०८०।०८१ | | वैदेशिक सहायताबाट संचालित आयोजनाहरुको नतिजामुलक संयुक्त अनुगमन मूल्यांकन भएको हुने । |

**जम्मा लगानीको अनुमान ८५ लाख**

**सार्वजनिक ऋण**

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | ऋण परिचालन नीति, कानुन एवम् संस्थागत संरचना । | २०७८।०७९ २०८०।०८१ | ५ लाख | संघीय सरकारसँग समन्वय र सहकार्य गरी सार्वजनिक ऋण परिचालन सम्बन्धी प्रादेशिक नीति, कानुन एवम् संस्थागत संरचना निर्माण भएको हुने । |
| २ | उच्च प्रतिफलदायक पूर्वाधार र उत्पादन वृद्धिका क्षेत्रमा मात्र ऋण परिचालन | २०७८।०७९ २०८२।०८३ | —— | पर्याप्त अध्ययन गरी छनोट भएका आयोजना बैंकमा सूचीकृत रहेका उच्च प्रतिफलका पूर्वाधार र उत्पादन वृद्धिका क्षेत्रमा मात्र ऋण परिचालन भएको हुने। |
| ३ | सार्वजनिक ऋण व्यवस्थापन | २०७८।०७९ २०८२।०८३ | —— | निजी क्षेत्रलाई असर नपर्ने गरी सम्भावित स्रोत र तालिका अनुसार सार्वजनिक ऋण व्यवस्थापन भएको हुने। |

**जम्मा लगानीको अनुमान ५ लाख**

## अन्तर-सरकारी वित्त

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | वित्तीय हस्तान्तरण नीति, कानुन तथा कार्यविधि | २०७८।०७९ २०७९।०८० | ५ लाख | वित्तीय हस्तान्तरण नीति, कानुन, कार्यविधि तथा मापदण्ड तयार भएको हुने । |
| २ | तथ्यांक प्रणाली विकास | २०७८।०७९ २०८२।०८३ | ५ करोड | प्रादेशिक आर्थिक तथा सामाजिक विकासको तथ्यांक प्रणाली विकास, वेशलाइन तथ्यांङ्काधार तर्जुमा र उपयोग भएको हुने । |
| ३ | हरित, समावेशी, गरिवमुखी समविकासमैत्री वित्तीय हस्तान्तरण | २०७८।०७९ २०८२।०८३ | — | समावेशीता, भौगोलिक संतुलन, समता, गरिबी निवारण, लैंङ्गिक समुन्नति, हरित विकास जस्ता पक्षलाई सघाउने कार्यक्रमहरुलाई प्रर्याप्त हुने गरी वित्तीय हस्तान्तरण भएको हुने । |

**जम्मा लगानीको अनुमान ५ करोड ५ लाख**

## सार्वजनिक-निजी-सहकारी साझेदारी

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | सार्वजनिक-निजी-सहकारी साझेदारी नीति र कानुन एवम् संरचना निर्माण | २०७८।०७९ २०८१।०८२ | — | सार्वजनिक-निजी-सहकारी साझेदारीलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन एवम् संरचना निर्माण गरी कार्यान्वयन भएको हुने । |
| २ | आकर्षक व्यवसायिक लगानीको वातावरण | २०७९।०८० २०८०।०८१ | — | आवश्यक अध्ययन गरी लगानी प्रतिफलको न्यूनताको अन्तर र कारण पहिचान गरिएको हुने। Viability gap funding पद्धती अनुरुप प्रोत्साहन तथा व्यवसायीको आत्मबल उँचो हुनेगरी खुल्ला, आकर्षक, लाभदायक, सहज र सरल व्यवसायिक लगानीको वातावरण सृजना भएको हुने। बस्तु र सेवा उत्पादन, रोजगारी प्रवर्द्धन |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | तथा तुलनात्मक लाभका क्षेत्रमा लगानी प्रोत्साहित गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरी **मेक इन एवम् मेड इन सु.प.** अभियान चलाइएको हुने।<br>ईन्क्यूवेशन सेण्टर वा विशेष लगानी क्षेत्र स्थापना भएको र सोमा खुल्ने प्रतिष्ठानलाई कर छुट, बण्डेड वेरहाउस एवम् विनिमय दर तथा व्याजदरजन्य वित्तीय जोखिम कम गर्न हेजिङ्ग सुबिधा, जग्गा व्यवस्था तथा बन क्षेत्र उपयोग, वातावरणीय मापदण्डको अनुशिलन, सडक, विद्युत, पानी, सञ्चार, कर्जा पहुँच, लगानी सुरक्षा, उपकरण र प्रविधि आयात, उत्पादनको बजारिकरण वा निर्यात, जनशक्ति प्राप्ती, श्रम सुसम्बन्धमा सहुलियतको व्यवस्था भएको हुने । |
| ३ | सहकारी क्षेत्र प्रोत्साहन | २०७८।०७९<br>२०८२।०८३ | —— | स्थानीय बचत संकलन, लगानी वृद्धि र समुदाय परिचालनमा सहकारी क्षेत्र प्रोत्साहित भएको हुने। दलित तथा महिलाहरुको सहकारीले थप प्रोत्साहन र सुविधा पाएको हुने । |
| ४ | लगानी प्रवर्द्धन सम्मेलन आयोजना | २०७८।०७९<br>२०८१।०८२ | १ करोड २० लाख | प्रदेशमा गैरआवासीय नेपालीहरु समेतको सहभागितामा स्वदेशी एवम् विदेशी लगानीकर्ताहरुलाई आमन्त्रण गरी वृहत लगानी प्रवर्द्धन सम्मेलनको आयोजना भएको हुने । |

**जम्मा लगानीको अनुमान १ करोड २० लाख**

## वैदेशिक लगानी

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| १ | वैदेशिक लगानी सुरक्षा र वित्तीय सहुलियत | २०७८।०७९ २०८०।०८१ | —— | वैदेशिक लगानी नीति, कानुन, दिग्दर्शन एवम् संरचना बनाई लगानी सुरक्षा र वित्तीय सहुलियतको व्यवस्था भएको हुने । |
| २ | लगानी प्रवर्द्धनका क्षेत्रका साथै लगानी प्रवर्द्धन सप्ताह, महिना र वर्ष घोषणा | २०७८।०७९ २०८०।०८१ | | एक जिल्ला एक उत्पादन अभियान तथा लगानी प्रवर्द्धनका क्षेत्र घोषणा गर्नुका साथै लगानी प्रवर्द्धन सप्ताह, महिना र वर्ष घोषणा भएको हुने । |
| ३ | सुशासन एवम् डुइङ्ग विजनेश इण्डेक्स सुधार गरी राष्ट्रिय औसत सरह पुऱ्याउने | २०७८।०७९ २०८२।०८३ | —— | नेपाल सरकारसँगको समन्वय र सहकार्यमा सुशासन एवम् डुइङ्ग विजनेश इण्डेक्स सुधार कार्यदल मार्फत डिजिटल वा स्मार्ट प्रदेशको खाका तयार गरिएको हुने । निरन्तरको निगरानी तथा सुधार पहलद्वारा प्रदेशको सूचकमा सुधार भई राष्ट्रिय औसत सरह पुगेको हुने । |
| ४ | प्रदेशको उत्पादन, रोजगारी, आयस्तर वृद्धि गरी आत्मनिर्भर बनाउन वैदेशिक लगानी आकर्षण | २०७८।०७९ २०८२।०८३ | —— | मुख्यमन्त्रीको अध्यक्षतामा **आत्मनिर्भरता प्रवर्द्धन परिषद** गठन तथा क्रियाशिल भै प्रदेशको उत्पादन, रोजगारी, आयस्तर वृद्धि गरी आत्मनिर्भर बनाउन मद्दत हुने गरी हरित विकास, उर्जा, पर्यटन, कृषि, सडक पूर्वाधार विस्तारमा वैदेशिक लगानी आकर्षित भएको हुने । |
| ५ | विदेशी ख्यातिप्राप्त उत्पादन कम्पनीलाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | १ करोड | नेपाल सरकारसँगको समन्वय र सहकार्यमा विदेशी पूँजीका साथै नयाँ प्रविधि तथा व्यवस्थापन कुशलता भित्र्याउन र रोजगारी सिर्जना गर्न ख्यातिप्राप्त उत्पादन कम्पनीलाई प्रोत्साहन गरिएको हुने । |

**जम्मा लगानीको अनुमान १ करोड**

## ४.६ समष्टिगत वित्तीय क्षेत्रका नतिजा खाका

### प्रभाव

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | ३.६ | ८.७ | १०.५ | १०.६ | ११.३ | ११.५ | के.त.वि./प्र.त.का. |
| कृषि क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४.१ | ७.५ | ८.० | ८.० | ८.० | ८.० | के.त.वि./प्र.त.का. |
| उद्योग क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | ४.२ | १२.८ | १७.७ | १७.९ | १८.० | १८.३ | के.त.वि./प्र.त.का. |
| सेवा क्षेत्रको औषत वृद्धि दर | प्रतिशत | २.७ | ८.४ | १०.३ | १०.२ | ११.४ | ११.४ | के.त.वि./प्र.त.का. |
| अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३५.६ | ३५.१ | ३४.३ | ३३.५ | ३२.५ | ३१.५ | के.त.वि./प्र.त.का. |
| अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १३.७ | १४.३ | १५.२ | १६.२ | १७.२ | १८.२ | के.त.वि./प्र.त.का. |
| अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५०.७ | ५०.६ | ५०.५ | ५०.३ | ५०.३ | ५०.३ | के.त.वि./प्र.त.का. |
| प्रतिव्यक्ति आय | अमेरिकी डलर | ९१८ | १०२५ | ११९५ | १३७५ | १५६५ | १७१५ | के.त.वि./प्र.त.का. |
| बेरोजगारी दर | प्रतिशत | ११.५ | ११ | १०.५ | ९.५ | ८.५ | ७.५ | आ.मा.मं. |

### असर

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ६.८९ | ७.२ | ७.५ | ७.७ | ७.९ | ८ | के.त.वि./आ.मा.मं. |
| गार्हस्थ्य उत्पादनको अनुपातमा कुल लगानी | प्रतिशत | - | ३२.८५ | ४२.१ | ४८.६३ | ५३.७१ | ५३.७७ | आ.मा.मं. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| गार्हस्थ्य उत्पादनको अनुपातमा निजी क्षेत्रको लगानी | प्रतिशत | - | १६.८२ | २१.५५ | २४.८९ | २७.४९ | २७.५२ | आ.मा.मं. |
| पूँजीगत बजेट खर्च | प्रतिशत | ७५.२२ | ७६ | ७८ | ८० | ८२ | ८५ | आ.मा.मं. |

## प्रतिफल

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| निजी क्षेत्रको कुल लगानी | रु करोड | - | ९००० | ९३३६ | ९५०० | ९७०० | १०४०० | आ.मा.मं. |
| सहकारी क्षेत्रको कुल लगानी | रु करोड | ११५० | १२०० | १२५० | १३०० | १३७५ | १४५० | आ.मा.मं. |
| कुल बजेट खर्च | रु करोड | ३३३८ | ३०३४ | ३६७५ | ४०४३ | ४४४७ | ४८५० | आ.मा.मं. |
| कुल पूँजीगत खर्च | रु करोड | १६७६ | १७६५ | २४१५ | २६५६ | २९२२ | ३२५० | आ.मा.मं. |
| आन्तरिक राजश्व संकलन | रु करोड | ९२ | १५० | २०० | २२० | २४२ | २५० | आ.मा.मं. |

❖❖❖

# परिच्छेद ५
# आर्थिक क्षेत्र

## ५.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

### ५.१.१ कृषि

### १. पृष्ठभूमि

प्रदेशमा कुल ३ लाख ६७ हजार ६४९ हेक्टर खेतीयोग्य जमिन रहेकोमा जम्मा ३ लाख २८ हजार ६४९ हेक्टर जमिनमा खेती भई रहेको छ भने हालसम्ममा कुल १ लाख ७१ हजार ८३२ हेक्टर कृषियोग्य भूमिमा मात्र सिँचाइ सुविधा उपलव्ध हुन सकेको छ । यस प्रदेशमा आत्मनिर्भरता तथा आर्थिक समृद्धिका लागि कृषि क्षेत्रको उपयोग गर्न सकिने प्रचुर संभावना रहेको छ । तराईदेखि हिमालसम्म फैलिएको यस प्रदेशको भौगोलिक बनावट र हावापानीमा विविधताले विभिन्न प्रकारका अन्न उत्पादनदेखि विविध प्रजातिको फलफूल उत्पादनको पनि ठूलो संभावना रहेको छ । यिनै तथ्यहरुलाई मध्यनजर गर्दै सीमान्तकृत कृषकहरुको जीवनस्तरमा सुधार ल्याउन तथा व्यवसायिक कृषिमार्फत खाद्यान्नमा आत्मनिर्भर तुल्याउन कृषि विकासका कार्यक्रमहरु सञ्चालन गरिदै आएको छ।

प्रदेशको निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायिक तथा प्रतिस्पर्धी आधुनिक कृषि प्रणालीमा रुपान्तरण गराउन मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमका साथै विभिन्न कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गरी नेपाल सरकार तथा विकास साझेदार संस्थाहरूको सहयोगमा समेत विशेष प्रयास गरिदै आएको छ । नेपाल सरकारले कार्यान्वयमा ल्याएको २० वर्षे कृषि विकास रणनीति (ADS) र यसले निर्दिष्ट गरे अनुरूप सञ्चालन गरिने कार्यक्रमहरू अनुसार नै यस प्रदेशमा पनि उन्नत कृषि प्रविधि अवलम्वन गर्न र उत्पादन सामग्रीहरूको सहज आपूर्ति गरी उत्पादित वस्तुहरुको बजार एवम् लाभको सुनिश्चतताका लागि बजारमूखी उत्पादनमा जोड दिनु आवश्यक भएको छ। कृषि विकासका कार्यक्रमहरूमा महिला र गरिबीको रेखामुनी रहेका लक्षित समुदायको पहुँच बढाई, खाद्य सुरक्षा एवम् पोषणको सुनिश्चिता पनि सँगसँगै बढाउदै जानु पर्ने भएको छ ।

### २. प्रमुख समस्या

कृषिको उत्पादकत्व बृद्धि गर्न अपरिहार्य ज्ञान, प्रविधि, उन्नत बीउ, सिँचाइ, कर्जा र प्रतिफलको सुनिश्चितता जस्ता स्रोत साधन र सामग्रीको न्युन उपलब्धता एवम् जागरणको कमिका कारण व्यवसायिक रूपमा खेती गर्ने कृषकहरूको संख्या न्यून रहनु, माटोको उर्वराशक्ति ह्रास हुँदै जानु, जमिनको तीब्र खण्डीकरण हुनु, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा उत्पादनमा ह्रास आउनु, बजारको पहुँच, पोष्ट हार्भेष्टको समस्या, खुला सिमानाबाट गुणस्तरहीन बस्तु आयात हुनु, कृषिमा निजी लगानी न्युन हुनु, ग्रामीण कृषि सडकको कमि, खाद्य तथा पोषण सुरक्षाको

विषयमा चेतनाको कमि हुनु, जग्गामा द्वैध स्वामित्व कायम रहनु, कृषिमा युवाहरुको आकर्षणमा कमि, जलवायु परिवर्तन तथा अन्य प्राकृतिक विपद्का कारणले उत्पादन तथा उत्पादकत्वमा ह्रास आउदा जीविकोपार्जन र खाद्य तथा पोषण सुरक्षाको लक्ष्य हासिल गर्न थप जटिलता रहनु जस्ता समस्याहरु रहेका छन्।

## ३. चुनौती तथा अवसर

कृषि उत्पादन सामग्रीहरूको सहज उपलव्धता, भू-खण्डीकरण निरूत्साहित गरी चक्लाबन्दीमा व्यवसायिक खेती बढाउनु, कृषि सडक सञ्जाल बढाई उत्पादन सामाग्रीहरुको ढुवानी तथा दुर्गम क्षेत्रमा उत्पादित वस्तुको बजार पहुँच बढाउनु, उत्पादन उपरान्त आवश्यक पुर्वाधारहरू (शीत भण्डार, सोलार स्टोर र रष्टिक स्टोर) को व्यवस्थापन गर्नु, कृषि क्षेत्रमा जलवायु परिवर्तनको जोखिम अनुरुप अनुकुलनका कार्यक्रम सञ्चालन गर्नु, शिक्षित एवम् वेरोजगार युवालाई कृषि पेशामा आकर्षित गर्नु, मौसमी कामदारहरुलाई तत्काल आय दिने कृषि कार्यमा लगाएर विदेशिनबाट रोक्नु, कृषि जैविक विविधताको संरक्षण गर्नु र माटोको उर्वराशक्ति व्यवस्थापन तथा हरितमैत्री, प्राकृतिक, दिगो कृषि अभ्यास बढाउनु प्रमुख चुनौतीहरु हुन्।

विविध भू-बनावट, हावापानी र जैविक विविधता उपलब्ध हुनु, धेरै नदीनालाहरु र प्राकृतिक तालतलैया रहेकाले सिँचाइको समेत प्रचुर सम्भावना रहनु, प्रदेशका ९ वटै जिल्लाहरु सडक यातायातबाट जोडिनु, हिमाली जिल्लाहरुमा स्याउ, ओखर, आलु, मह, सिमी आदिको उत्पादन, पहाडका जिल्लाहरुमा तरकारी, तरकारी बीउ, आलु, अदुवा तथा सुन्तलाजातका फलफुल र ओखर आदिको र तराईका जिल्लाहरुमा केरा, आलु र तरकारी उत्पादनले व्यवसायिकता ग्रहण गर्दै जानु प्रमुख अवसरहरु हुन् । प्रदेश भित्र उच्च कृषि शिक्षा अध्ययन गर्ने तीन ओटा संस्थाहरू सञ्चालनमा रहनु, कृषक समूह एवम् सहकारी संस्थाहरु कृषि क्षेत्रमा सक्रिय रुपमा सहभागि हुनु, सम्भाव्य व्यवसायिक कृषि पकेट क्षेत्रहरुको पहिचान हुनु, बृहत कृषि बजारको सञ्चालन गरी स्थानीयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय (भारत) बजारसँग जोडिने प्रचुर सम्भावना रहनु, कृषि जैविक विविधता (Agro-biodiversity) र कृषि पर्यटन (Agro-tourism) को विकास गर्न सकिने सम्भावना रहनु पनि अन्य अवसरहरु हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

दिगो, व्यवसायिक एवम् आधुनिक कृषि क्षेत्र।

### ४.२ लक्ष्य

दिगो, व्यवसायिक र प्रतिस्पर्धी कृषि विकासद्वारा उत्पादनमा बृद्धि गरी प्रदेश समृद्धिमा योगदान पुऱ्याउने ।

### ४.३ उद्देश्य

१. दिगोरुपमा कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य एवम् पोषण सुरक्षा सुनिश्चित गर्नु।
२. निर्वाहमुखी कृषि क्षेत्रलाई दिगो, आधुनिक, व्यवसायिक र प्रतिस्पर्धी बनाई प्रादेशिक आत्मनिर्भरता र समृद्धिमा टेवा पुऱ्याउनु ।
३. हरित एवम् जलवायु अनुकुलित प्राङ्गारिक उत्पादनलाई बढावा दिनु र जैविक विविधताको संरक्षण गर्नु।
४. कृषि क्षेत्रमा युवाहरुको आकर्षण र भरपर्दो रोजगारी अभिवृद्धि गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि विकास सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना निर्माण गर्ने। | क) संघ, प्रदेश र स्थानीय तह तथा प्रमुख सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा प्रादेशिक कृषि विकास नीति, कानुन र योजना निर्माण गरिनेछ ।<br>ख) विद्यमान नीति, कानुन, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ। |
| २. कृषिमा व्यवसायिकरण एवम् निजी क्षेत्रको लगानी बृद्धिका लागि उचित वातावरण सृजना गर्ने । | क) कृषि क्षेत्रमा लगानी बृद्धि गर्न कार्यविधि बनाई सहुलियतपूर्ण दरमा कृषि कर्जा लगानी, बिमा र प्राविधिक सहयोग आदिको व्यवस्था गरिनेछ।<br>ख) प्रमुख बालीमा न्युनतम् समर्थन मूल्य तोकी कार्यान्वयन गरिनेछ।<br>ग) सहकारी तथा निजी क्षेत्रको संलग्नतामा कृषि प्रशोधन तथा कृषिजन्य उद्योग स्थापना गरी मूल्य श्रृंखला अभिबृद्धि गरिनेछ।<br>घ) कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण प्रक्रियामा विशेष प्राविधिक र आर्थिक सहयोग, समन्वय र सहजीकरण गरिनेछ। |
| ३. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसारलाई एकीकृत गर्दै प्रविधि विकास तथा | क) कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद, कृषिमा उच्च शिक्षा अध्ययन अध्यापन गराउने संस्था र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।<br>ख) विषादि रहित प्राङ्गारिक कृषि उत्पादनलाई विशेष सहुलियत |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रसार सेवा प्रभावकारी बनाउने । | प्रदान गरी प्रोत्साहित गरिनेछ ।<br>ग) माटोको उर्वरा शक्ति र स्वच्छतालाई प्रवर्द्धन गर्नका लागि **माटो जोगाऔं–माटो जगाऔं** विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै प्रदेशभित्र रहेका सम्पुर्ण कृषकहरुलाई माटो परिक्षण सेवा प्रदान गर्न Soil Health Card Scheme संचालन गरिनेछ ।<br>घ) प्रादेशिक कृषि अनुसन्धान केन्द्रको स्थापना गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।<br>ङ) प्रदेशभित्र रहेका कृषि स्रोत फार्म, स्रोत केन्द्र, प्रयोगशालाहरुको स्तरोन्नती गरी प्रभावकारी सेवा प्रदान गरिनेछ ।<br>च) बीउ बिजन क्षेत्रको दीर्घकालीन सोच अनुरुप निजी तथा सरकारी क्षेत्रको समन्वयमा उन्नत तथा वर्णसङ्कर जातको विकास गर्न सहजीकरण गरी बालीको बीउ प्रतिस्थापन दरमा सुधार ल्याइनेछ ।<br>छ) निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा कृषकहरुलाई आवश्यक गुणस्तरीय उत्पादन सामग्रीहरुको सहज रुपमा आपूर्ति गर्न दीर्घकालीन उपाय तय गरिनेछ ।<br>ज) कृषि क्षेत्रको विषय विज्ञ र स्रोत व्यक्तिलाई उच्च परिचालन गरिनेछ । |
| ४. खाद्य एवम् पोषण सुरक्षा सुनिश्चित गर्ने । | क) खाद्य वस्तुहरुको यथेष्ठता र पोषण स्थितिको तथ्यांकाधार तयार गरिनेछ ।<br>ख) रैथाने तथा पोषणयुक्त बालीको साथै नवीन र उच्च मूल्यका बालीको खेती प्रवर्द्धन गरिनेछ ।<br>ग) खाद्यान्न अपुग भएका जिल्लाहरुमा उत्पादन वृद्धिका विशेष कार्यक्रमहरु सञ्चालन गरिनुका साथै यथेष्ठ स्थानीय उत्पादन नभएसम्म बाहिरी आपूर्तिको व्यवस्था मिलाइनेछ ।<br>घ) खाद्य सञ्चय, खाद्य परिकार तयारी र खाद्य भण्डारण र पैंचो सम्वन्धी परम्परागत पद्दतीको अध्ययन र प्रवर्द्धन गरिनेछ ।<br>ङ) स्थानीय तह, विकास साझेदार लगायत सरोकारवालाहरुको सहकार्यमा स्थानीय स्तरमा उत्पादित पोषणयुक्त खाद्यान्न उपभोग सम्बन्धी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | च) खाद्य सुरक्षा र पोषणको समस्यामा रहेका जिल्ला तथा पालिकालाई लक्षित गरी भोकमरी तथा कुपोषण अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| ५. कृषि पूर्वाधार, बजार सूचना प्रणाली तथा उद्यमशीलाताको विकास गर्ने । | क) प्रत्येक जिल्लामा जिल्लास्तरीय कृषि बजार स्थापनाका लागि संस्थागत संरचना तथा भौतिक पूर्वाधारको विकास गरिनेछ।<br>ख) प्रदेश भित्र रहेका कृषि तालिम केन्द्र, फार्म, केन्द्र र प्रयोगशालाहरु मार्फत कृषि उष्मायान केन्द्र (Agribusiness Incubation Center) सञ्चालन गरी कृषि उत्पादन, प्रशोधन तथा बजारिकरणमा उद्यम विकास गरिनेछ ।<br>ग) कृषक समूह, कृषि सहकारी संस्था तथा कृषि उद्यमीहरुको सहकार्यमा कृषि उत्पादन प्रशोधन तथा बजारिकरण पूर्वाधारहरुको विकास गरिनेछ ।<br>घ) **कृषकको साथी** जस्ता मोवाइल एप समावेस गरिएको सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरी कृषिमा आधुनिक प्रविधिको विस्तार तथा एकीकृत बजार सूचना प्रणालीको विकास गरिनेछ । |
| ६. सम्भाव्यताका आधारमा तुलनात्मक लाभ भएका बाली वस्तुको व्यवसायीकरण गर्ने । | क) मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छि विकास कार्यक्रमलाई अझै परिमार्जन गरी स्थानीय तहहरुमा सम्भावना देखिएका कृषि उत्पादन वृद्धिको कार्यलाई निरन्तरता दिइनेछ ।<br>ख) भौगोलिक सम्भाव्यता तथा तुलनात्मक लाभका आधारमा स्थानीय बाली तथा वस्तुहरुको पकेट तथा ब्लक निर्माण गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>ग) उत्पादन प्रतिफलको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था थप विस्तार एवम् प्रभावकारी तुल्याईनेछ ।<br>घ) उच्च मूल्य तथा नवीनतम् प्रविधियुक्त फार्महरुको स्थापना गर्न प्रोत्साहन र सहयोग गरिनेछ ।<br>ङ) बाजुराको स्याउका साथै सुन्तला जातका फलफूल, ओखर, आलु, मह, राजमा, केरा तथा चिसो पानीका माछा जस्ता प्रदेशका विशेष उत्पादनको प्रवर्द्धनको लागि ब्राण्डिङ सहितको बजारीकरणको लागि थप प्रोत्साहन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ७. कृषिमा आधारित सेवालाई उद्योगसँग जोडी कृषकहरुको आत्मसम्मान उच्च गराउने । | क) कृषि पेशालाई मर्यादित तथा सम्मानित बनाउन उत्कृष्ट कृषक एवम् पालिकाहरुलाई पुरस्कृत गर्ने र अनुकरणीय अभ्यासहरुलाई प्रचार प्रसार गर्ने व्यवस्था गरिनेछ ।<br>ख) कृषकहरुको वर्गिकरण गरी उत्पादनमा दिइने कृषि अनुदानको प्रतिशत निर्धारण गरिनेछ ।<br>ग) करार कृषिको अवधारणाको शुरुआत गरिनुका साथै यो अवधारणा अनुरुप कृषि उत्पादन र विक्री वितरणमा सहजताका लागि कृषक र व्यवसायी बीच पूर्व करारनामा गर्न सहजीकरण गरिनेछ ।<br>घ) निजी तथा सार्वजनिक बाँझो जग्गामा करार खेती सम्वन्धी निर्देशिका जारी गरिनेछ र विशेष सहयोग एवम् टेवा दिएर व्यवसायीक खेतीलाई प्रोत्साहित गरी कामको खोजिमा मौसमी आप्रवासनमा जानु पर्ने अवस्थाको अन्त्य गरी हिमाल पहाडको गाऊँ वस्ती गुलजार रहने वातावरण कायम गरिनेछ। |
| ८. व्यवसायिक कृषि प्रवर्द्धनका लागि उत्पादन लागत घटाउने । | क) भौगोलिक बनावट, कृषकको क्षमता तथा आवश्यकता अनुसार उपयुक्त कृषि यन्त्र, प्रविधि र उत्पादन सामाग्रीको सहज उपलव्धता सुनिश्चत गरिनेछ ।<br>ख) बाँझो जग्गाको कृषि उपयोग एवम् जग्गाको चक्लाबन्दी गरी करार खेती प्रवर्द्धनका लागि नवीन अभ्यास र भूमि बैंकको विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ग) कृषि श्रमिकको कमि एवम् महिला कृषक उपर परेको अतिरिक्त कार्यबोझ घटाउन उपयुक्त यन्त्र तथा उपकरणको पहिचान गरी पहुँच बढाइनेछ । |
| ९. कृषक, व्यवसायी तथा प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने । | क) कृषकहरुको वर्गिकरण र सञ्चालित व्यवसायको आधारमा उपयुक्त नवीनतम प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।<br>ख) कृषि प्राविधिकहरुलाई परिवर्तित परिवेश र नवीनतम प्रविधि अनुसार सेवा प्रदान गर्न सक्षम बनाउन विभिन्न स्वदेशी तथा वैदेशिक प्रशिक्षण, अवलोकन कार्यक्रमहरुमा सहभागी हुने अवसर समानुपातिक रुपमा प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| १०. जलवायु अनुकुलित वातावरणमैत्री प्राङ्गारिक कृषि प्रविधिको विकास र विस्तार गर्ने । | क) वातावरणमैत्री प्राङ्गारिक नमूना हरित कृषि गाउँको स्थापना तथा विस्तार गरिनेछ ।<br>ख) कृषिजन्य जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्दै माटो सुहाउँदो एवम् जलवायु परिवर्तन अनुकुलित र यसको असर न्यूनीकरण गर्न प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>ग) असल कृषि अभ्यास (GAP) का राष्ट्रियस्तरमा निर्धारित मापदण्डहरुको उत्पादनका हरेक क्षेत्रमा लागु गरिनेछ । साथै बाली संरक्षणलाई मानव स्वास्थ्य मैत्री ढंगबाट अघि बढाउन विषादी प्रयोगशाला निर्माण एवम्  रैथाने र वातावरण मैत्री प्राङ्गारिक पद्धती अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।<br>घ) उर्वर माटोको क्षयीकरण न्यूनीकरण गर्न र माटोमा कार्बनको मात्रा बढाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>ङ) प्राङ्गारिक र हरित खेतीका लागि सम्भावित वस्तु र क्षेत्रको पहिचान गरी प्राङ्गारिक खेती प्रवर्द्धनका लागि प्रोत्साहित कार्यक्रम सञ्चालन गरेर प्राङ्गारिक उत्पादनहरुलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा बजारीकरणका लागि प्रमाणिकरण र अन्य आवश्यक सहजीकरण गरिनेछ ।<br>च) नवीनतम वातावरण अनुकुलित कृषि प्रविधि, बजार पहुँच एवम् मौसम पूर्वानुमान प्रणालीलाई सहज र सर्वसुलभ तुल्याउन सूचना तथा सञ्चार प्रविधिको उपयोग वृद्धि गरिनेछ । |
| ११. कृषि पर्यटनको विकासमा जोड दिने। | क) कृषि पर्यटनका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ।<br>ख) कृषि पर्यटनलाई बढावा दिनका लागि होमस्टे, रिसोर्ट, पुष्प उद्यानहरु, नमूना घर बगैंचा, करेसाबारी खेती, कौंसी खेती जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् । |

## ५. अपेक्षित उपलब्धि

हरितमैत्री कृषि नीति, ऐन र नियम बनेको हुने, खाद्यान्न उत्पादकत्व दोब्बर भएको हुने, कृषि उत्पादनमा आधारित प्रशोधनजन्य उद्योग खुलेको हुने, प्रदेशका विभिन्न स्थानहरुमा शित गृह, कृषि बजार र संकलन केन्द्रको निर्माण भएको हुने, कृषि क्षेत्रमा थप ५० हजार रोजगारी सृजना भएको हुने, गुणस्तरीय कृषि उत्पादन सामाग्रिको उपलब्धता सुनिश्चित भएको हुने, कृषि

बिकासका उत्पादनदेखि भण्डारण तहमा मुल्य श्रृंखलाका कृयाकलापहरु सञ्चालन भई कृषकको आय बृद्धि भएको हुने, प्रदेशमा खाद्य एवम् पोषण सुरक्षाको समस्याको अन्त्य भएको हुने, कृषि उपजको आयात प्रतिस्थापन गर्नमा उल्लेखनीय सहयोग पुगेको हुने, जलवायु अनुकूल कृषि प्रणालीको विकास गरी उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुने र सुदूरपश्चिम प्रदेश कृषि उत्पादनमा आत्मनिर्भर भई व्यवसायिकरण भएको प्रदेश हुनेछ।

## ५.१.२ पशुपन्छी तथा मत्स्य पालन

### १. पृष्ठभूमि

यस प्रदेशको करिब ८४ प्रतिशत जनसंख्या कृषि पेशामा निर्भर रहेका छन् र पशुपन्छी पालन पनि कृषि क्षेत्र अन्तर्गत पर्ने व्यवसाय हो ।कृषि पेशामा महिला सहभागिता ७५ प्रतिशत भन्दा बढी रहेको छ भने पशुपन्छी पालन व्यवसाय मूलतः निर्वाहमूखी भएको र यसमा साना तथा मझौला कृषकहरूको बाहुल्यता रहेको देखिन्छ।

प्रदेशको ठूलो समस्याको रुपमा देखिएको मातृ तथा बालबालिकाको खाद्य अपर्याप्तता तथा कुपोषणको न्युनीकरणमा दुध र मासुले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । पशुजन्य तथा मत्स्यजन्य पदार्थको उपलव्धतामा उल्लेखनीय प्रगति हासिल गर्नका लागि स्थानीय वा रैथाने पशुको नश्ल सुधार, उन्नत नश्लका पशु, पशु आहार, पशु स्वास्थ्य, अनुसन्धान र विकास गर्न आवश्यक छ । नश्लसुधार, महामारीजन्य रोग नियन्त्रण, कृषकहरूका लागि वित्तीय पहुँच सर्वसुलभ बनाउनु, बजार पुर्वाधारको विकासमा जोड दिनु, मूल्य श्रृंखलामा जोड दिनु र बजारसम्म कृषकहरूका उत्पादनको पहुँचको सुनिश्चितता गराउन नवीनतम र वातावरण अनुकुलित ज्ञानको प्रसार एवम् अवलम्वन गराउनु अहिलेको आवश्यकता रहेको छ ।

### २. प्रमुख समस्या

पशुपालनलाई सम्मानित, प्रतिस्पर्धी पेशा र लगानीमैत्री र उच्च प्रतिफलदायक बनाउन नसक्दा युवा वर्ग यस पेशामा आकर्षित नभई विदेश पलायन हुनु, प्राविधिक ज्ञानको कमी, ठूला तथा निजी क्षेत्रको लगानी कम हुनु, स्थानीय पशुपन्छीको उत्पादकत्व कम हुनु, कृषकले उत्पादन लागत अनुसारको मूल्य नपाउनु यस क्षेत्रका प्रमुख समस्या हुन् । त्यस्तै रोगहरुको प्रकोप देखिनु, प्रविधिको प्रसार, बिमा, प्राविधिक सहयोग र सुलभ ऋण जस्ता सेवामा कृषकहरुको पहुँच प्रर्याप्त नहुनु, जलवायु परिवर्तनले पारेको प्रभाव, पशुपन्छीजन्य उत्पादनलाई मूल्य श्रृंखलासँग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस क्षेत्रका थप समस्याहरु हुन् ।

### ३. चुनौती तथा अवसर

गुणस्तरीय नश्ल, बीउ, पशुजन्य उत्पादन सामग्रीहरुको आपूर्ति बढाउनु, वर्षेनी युवा जनशक्ति विदेश पलायनले गर्दा श्रम अभावलाई सम्बोधन गर्नु, पशुपन्छीको उत्पादन लागत घटाउनु, बर्डफ्लु, स्वाईनफ्लु जस्ता जुनोटिक रोगहरुको प्रकोप नियन्त्रण गर्नु, प्रसार एवम् कर्जा सेवामा

र आर्थिक अनुदानमा कृषकहरुको पहुँचमा वृद्धि गर्नु, पशुपन्छी तथा माछाको बिमा ब्यवस्थालाई प्रभावकारी बनाउनु, सार्वजनिक, सहकारी र निजी क्षेत्रको लगानी वृद्धि गर्नु र बजारीकरणमा संयन्त्रको विकास गर्नु यस क्षेत्रका चुनौतीहरु रहेका छन् ।

भौगोलिक तथा जैविक विविधता, पशुपन्छी एवम् मत्स्य पालनका विभिन्न सम्भाव्यता हुनु, हिमाली भेगमा व्यवसायिक भेडा र सिन्हालबाख्रा पालनको उच्च सम्भावना रहनु, पहाडका प्राकृतिक खोलानाला तथा चिसोपानीमा हुने असला र ट्राउट माछाको प्रचूर सम्भावना रहनु, लेकाली चरन खर्कहरुमा रैंथाने घाँसको बीउ वृद्धि र प्रसार गर्न प्रचूर सम्भावना रहनु, तराई र मध्य पहाडी जिल्लाहरूमा दुधको लागि भैसी र गाई पालनका लागि कृषकहरुको अभिरुची बढदै जानु, तराईका जिल्लामा व्यवसायिक माछा पालन, वंगुर पालन र व्यवसायिक कुखुरा पालनमा वृद्धि हुदै जानु, निजी क्षेत्र तथा विदेशबाट फर्किएका युवाहरु सीप, ज्ञान, पूँजी र उन्नत प्रविधिसहित पशुपन्छी क्षेत्रमा आकर्षित हुँदै जानु, कृषि विकासको मार्गदर्शनका रुपमा रहेको नेपालको कृषि विकास रणनीति,२०७२ कार्यान्वयन हुनु र प्रादेशिक कृषि विकास रणनिती तर्जुमा भई कार्यान्वयनमा आउनु यस क्षेत्रका प्रमुख अवसरहरु हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

व्यवसायिक पशुपन्छी तथा मत्स्यपालन, प्रदेश समृद्धिमा योगदान ।

### ४.२ लक्ष्य

पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा सुदूरपश्चिम प्रदेशलाई आत्मनिर्भर बनाई खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउने।

### ४.३ उद्देश्य

१) स्वस्थ र स्वच्छ पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य र पोषण सुरक्षा सुनिश्चित गरी प्रदेशलाई पशु उत्पादनमा आत्मनिर्भर बनाउनु।

२) पशुपन्छी तथा मत्स्यपालनलाई आधुनिक र व्यवसायिक बनाई कृषकहरूको आयवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउनु।

३) पशुपन्छीजन्य र मत्स्यजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वस्थ र स्वच्छ पशुपन्छी तथा मत्स्यजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चत गर्ने । | क) स्वस्थ र स्वच्छ पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी प्रादेशिक नीति, कानुन र योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>ख) पशुपन्छी र मत्स्य फार्म स्थापना सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार गरी आवश्यकताका आधारमा सरकारी, निजी तथा सहकारी क्षेत्रको सहभागितामा स्रोत केन्द्रको विकास गरिनेछ ।<br>ग) पशुपन्छी एवम् मत्स्य दाना उत्पादनका लागि आवश्यक कच्चा पदार्थको उपलव्धता बढाउन मकै र भटमासको उत्पादन वृद्धिको विशेष कार्यक्रम गरिनेछ ।<br>घ) उत्पादकत्व बढी भएका माछाका जातको सघन पालनमा जोड दिईनेछ ।<br>ङ) पशुपन्छीको नश्ल सुधार र स्वास्थ्य सेवा सम्वन्धी कार्यक्रम स्थानीय तहसँग समन्वय गरी एकीकृत रुपमा सञ्चालन गरिनेछ ।<br>च) प्रदेशलाई दूध, मासु र अण्डामा आत्मनिर्भर बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| २. पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा वृद्धि गरी ब्यवसायीकरण र विविधिकरणलाई प्रवर्द्धन गर्ने । | क) दुध,मासु, ऊन आदि उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थ पहिचान गरी मूल्य श्रृंखलामा आधारित उद्योग प्रवर्द्धन गरिनेछ ।<br>ख) पशुपन्छी तथा मत्स्यजन्य उत्पादनदेखि बजारीकरणसम्मको मूल्य श्रृङखलाका हरेक विन्दुहरुमा पशु कल्याणका आधारभूत अवधारणा अवलम्बन गरिनेछ ।<br>ग) सम्भावित पशुजन्य उत्पादनको पहिचान एवम् उत्पादन बृद्धि गरी उक्त उत्पादनको ब्राण्डिङ्ग प्रवर्द्धन गर्दै प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरणका लागि सहजीकरण गरिनेछ । |
| ३. पशुपन्छीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न एकीकृत रुपमा अनुसन्धानमा आधारित | क) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमसँगको समन्वयमा उत्पादन क्षेत्र तोकी आवश्यक पूर्वाधारको विकास गर्दै उन्नत नश्ल, पशु आहारा, पशु स्वास्थ्य, सुलभ र |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रविधि, प्राविधिक, प्रसार तथा अन्य सेवा उपलब्ध गराउने । | सहुलियतपूर्ण ऋण र बिमासहितको प्राविधिक सेवा प्रदान गरिनेछ ।<br>ख) पारिवारिक पोषण तथा खाद्य सुरक्षाका लागि ग्रामीण बाख्रा, बंगुर र कुखुरा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ग) **एक स्थानीय तहमा एक पशुपन्छी उत्पादनमा** जोड दिईनेछ ।<br>घ) गुणस्तरीय पशु आहाराको उपलव्धता बढाउन घाँस, कृषिजन्य उप-पदार्थहरु, घाँसको संरक्षण, मिनरल मिसाउने प्रविधि विकासमा जोड दिईनेछ ।<br>ङ) चरन र खर्क क्षेत्रमा विषालु झारको निर्मूल तथा हैसियत बिग्रेका खर्कको स्तरोन्नती गर्न तथा बाँझो जग्गामा उच्च पोषणमान भएका घाँस खेती गर्न सरोकारवालाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>च) पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, प्रतिस्पर्धी बनाउनको लागि अनुसन्धान, प्रसार र विकासको पाटोमा नार्क, नाष्ट, कृषि विश्वविद्यालय र विकास साझेदारसँग समन्वय गरिनेछ ।<br>छ) पशुपन्छी तथा मत्स्यजन्य उत्पादन सामग्री र उत्पादनको गुणस्तर, पशुस्वास्थ्य सेवाको नियमन गर्न आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड बनाई नियमन गरिनेछ । |
| ४.पशुपन्छीजन्य उत्पादनको मूल्य श्रृङखला सुधार, बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने । | क) निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित पशुपालन व्यवसायलाई प्राथमिकता दिई मूल्य श्रृङखला पद्धतीअनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरी बजार सुनिश्चतता गरिनेछ।<br>ख) सूचना तथा सञ्चार प्रविधिमा आधारित बजार सूचना प्रणालीका लागि मानव संसाधन विकास र क्षमता अभिवृद्धि गरिनेछ ।<br>ग) सामुदायिक छाडा तथा अनुत्पादक पशु व्यवस्थापनका लागि मूल्य श्रृंखलामा आधारित बहुउपयोगी गौशाला स्थापना गर्न सरोकारवाला संघ संस्था तथा स्थानीय तहसँग समन्वय गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई आर्थिक, भौगोलिक र सामाजिक समावेसीकरण सहित स्वरोजगार उद्यमको रुपमा विकास गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने। | क) युवाको बढ्दो विदेश पलायन रोक्न र विदेशबाट आर्जन गरेको सीप र प्रविधिको सदुपयोग गर्न युवा लक्षित कार्यक्रमलाई प्रभावकारिताका साथ अगाडी बढाइनेछ ।<br>ख) पशुपन्छी पालक विपन्न तथा एकल महिला, साना कृषक, मुक्त कमलरी, कमैया, हलिया र भूमिहीन विपन्न र सीमान्तकृत कृषकहरुलाई पशुपन्छी तथा मत्स्य उत्पादन, स्तरिकरण, ब्राण्डिङ्ग र व्यवसायिकरणमा आधारित मूल्यश्रृंखला कार्यक्रमहरूद्वारा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिनेछ । |
| ६. पशुपन्छी तथा मत्स्यको आनुवांशिक स्रोत संरक्षण गरी सदुपयोग गर्ने । | क) घरपालुवा पशुपन्छीको जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्दै वातावरण तथा जलवायुमैत्री प्रविधिको अवलम्बन र विस्तार गरिनेछ ।<br>ख) पशु आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन तथा उपयोगसम्बन्धी ५ वर्षे कार्य योजना तयार गरी लागू गरिनेछ । |
| ७. पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरुबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्ने। | क) जुनोटिक रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिबृद्धिका लागि स्थानीय तहमा कार्यरत प्राविधिकहरुको क्षमता अभिबृद्धि तथा प्रयोगशाला सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>ख) पशुपन्छीका रोगको रोकथामका लागि प्रदेशमा भ्याक्सिन उपलब्धता, भण्डारण, वितरण र बढ्दो प्रयोगका आधारमा थप लगानी गरी आकस्मिक उपचारमार्फत पशु स्वास्थ्यको सुरक्षण गरिनेछ ।<br>ग) पशुपन्छीका विद्यमान महामारीजन्य रोगहरु विरुद्ध बृहत खोप कार्यक्रम सञ्चालन गर्न खोप सप्ताह सञ्चालन गरी ५ वर्षभित्रमा पूर्ण खोपयुक्त प्रदेश घोषणा गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि

हालको बार्षिक दुध उत्पादन २ लाख ३७५ हजार मे. ट. बाट २ लाख ६० हजार ४८६ मे. ट. पुगेको हुने, मासुको उत्पादन २९ हजार १०७ मे. ट. बाट ३४ हजार ९२८ मे. ट. र अण्डा उत्पादन ४२ हजार २४७ हजार गोटाबाट ६१ हजार ८७० हजार गोटा पुगि दुध र अण्डामा प्रदेश आत्मनिर्भर भएको हुनेछ । यसै गरी पशुपन्छी क्षेत्रबाट प्रदेशमा अनुमानित १

लाख १५ हजार प्रत्यक्ष रोजगारी सिर्जना भएको सुन्दर सुदूरपश्चिम प्रदेश भएको हुनेछ । स्वस्थ र स्वच्छ पशुपालनमा वृद्धि भई नागरिकहरुको पोषण स्थितिमा सुधार भएको हुनेछ ।

### ५.१.३ भूमि व्यवस्थापन

#### १. पृष्ठभूमि

संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको हक र भूमिहीनको हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न समेत उपलब्ध सीमित भूमि तथा भूमि सम्पदाको संरक्षण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको छ । अन्तरपुस्ता समन्याय समेत हुनेगरी भूमिको दिगो र समुचित उपयोग सुनिश्चत गर्न भूमि वर्गीकरण एवम् भू-उपयोग योजना तयार गरी कृषकको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जानुपर्ने हुन्छ । प्रकोपको न्यूनीकरण र प्रतिरोध गर्न, खाद्य सुरक्षा र सम्प्रभुताको अधिकार सुनिश्चित गर्न जलवायु र माटो अनुकूलको हरित मैत्री खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न एवम् भूमिहीन र सुकुम्बासीहरुको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्न समेत भूमिको वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ। आधुनिक प्रविधिको प्रयोग मार्फत जग्गाको नापनक्सामा शुद्धता कायम गर्ने तथा प्रादेशिक भू-सूचना प्रणाली स्थापना र विकास गर्दै जग्गा प्रशासन सम्बद्ध निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई सरल सहज र व्यवस्थित तुल्याउनका लागि आवश्यक नीति, कानुन, पूर्वाधार तयार तथा स्रोत साधन परिचालन आवश्यक देखिन्छ ।

#### २. प्रमुख समस्या

कृषि भूमिको गैर कृषि क्षेत्रमा बढ्दो प्रयोग र खण्डिकरण, जमिन बाँझो रहनु, योजना विहिन शहरीकरण, सार्वजनिक जग्गाको अतिक्रमण हुनु, कृषि उत्पादकत्वमा ह्रास, राष्ट्रिय भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन नहुनु, कित्ता नापी, नाप, नक्सा पद्धतीलाई आधुनिक बनाई विश्वसनीय भौगोलिक सूचना उपलब्ध गराउन नसकिनु र दक्ष जनशक्ति उपलब्ध नहुनु भूमि व्यवस्थापन क्षेत्र अन्तर्गत प्रमुख समस्याहरु रहेका छन्।

#### ३. चुनौती तथा अवसर

भूमिको उपयोगका आधारमा वर्गीकरण गरी सामाजिक र आर्थिक कारणले वन्चितिकरणमा परेका सीमान्तकृत, भूमिहिन, विपन्न वर्गको भूमिमा पहुँच बढाउने, एकिकृत र सुरक्षित वस्ती विकासका साथै भौतिक पुर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु, बाँझो तथा उपयोग नभएको जमिन प्रयोगमा ल्याउनु, साना कित्ताहरु एकीकरण गरी चक्लाबन्दीमा आधारित खेती, सूचना प्रविधियुक्त प्रादेशिक भू-उपयोग सूचना प्रणालीको विकासका साथै आधुनिक प्रविधिको प्रयोग गरी स्तरीय र भरपर्दो नाप नक्सा, तथ्याङ्क तथा भू-सूचना तयार गर्नु यस क्षेत्रका चुनौतीहरु हुन् ।

भूमिको बैज्ञानिक वर्गीकरण र जग्गाको खण्डीकरण निरूत्साहनमा समुदायको चासो बढ्नु, सुकुम्बासी समस्या समाधान एवम् अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन पैरवी हुनु, संघ र प्रदेश सरकारले प्राकृतिक, वातावरणीय एवम् मानवीय जोखिम रहित योजनावद्ध शहरीकरण, सुरक्षित र एकीकृत बस्ती विकासमा प्रतिबद्धता देखाउनु, प्रदेशमा रहेको प्रचुर भूमि स्रोत तथा प्राकृतिक सम्पदाहरुको संरक्षण र विकासमा स्थानीय चासो र चेतना बढ्नु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

सुव्यवस्थित भूमि व्यवस्थापन एवम् दिगो भू-उपयोग प्रणाली ।

### ४.२ लक्ष्य

भूमिको वैज्ञानिक व्यवस्थापन गरी सामाजिक न्यायमा आधारित भू-उपयोग प्रणाली स्थापना गराउने ।

### ४.३ उद्देश्य

- वैज्ञानिक भू-व्यवस्थापन प्रणाली मार्फत भूमिको दिगो एवम् विवेकशील उपयोग गरी रोजगारी र उत्पादन वृद्धि गर्नु ।
- आधुनिक प्रविधिमा आधारित भू-सूचना प्रणालीको उपयोग गरी योजना तर्जुमा र विकास निर्माणको लागि आवश्यक पर्ने नक्सा / तथ्यांकहरु सुलभ बनाउनु ।
- भूमि व्यवस्थापन सेवालाई आधुनिक प्रविधियुक्त, सरल, सहज, पारदर्शी र प्रभावकारी बनाई भूमि प्रशासनमा सुशासन कायम गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. भू-उपयोग नीति र गुठी नीति बमोजिम भूमिको वर्गीकरण तथा उपयोग गरी उत्पादन वृद्धि गर्ने । | क) प्रदेशको भू-उपयोग नीति गुरुयोजना तथा निर्देशिका तयार गरिनेछ ।<br>ख) भू-उपयोग नीति अनुसार भूमिको वर्गीकरण गरी आवश्यकता अनुसार नक्सा तयार गरिनेछ ।<br>ग) भू-उपयोग नक्सा र तथ्यांक समेतको आधारमा भू-उपयोग योजना तर्जुमा गरिनेछ ।<br>घ) कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण गर्ने, जग्गा बाँझो नराख्ने, खेतीपातीमा कम उपयोगी र जोखिम रहित जग्गालाई मात्र आवासीय औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ ।<br>ङ) गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | कार्यान्वयन र नियमन गरिनेछ ।<br>च) गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न संघ तथा स्थानीय तहसँग समन्वय गरिनेछ । |
| २. महिला, भूमिहीन, लोपोन्मुख, दलित, अति विपन्न, कृषक, सुकुम्बासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी, जोखिममा परेका लगायत सीमान्तकृत वर्गको भूमि माथिको अधिकार र पहुँच सुनिश्चत गर्ने । | क) अनौपचारिक भू-सम्बन्धको पहिचान, सत्यापन (Verification) तथा विस्तृत अभिलेख तयार गरी भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थित बसोबास र जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख) मुक्त कमैया तथा मुक्त हलियाको जीविकोपार्जन, केन्द्रीय पुनर्स्थापना कार्यक्रम तथा मोही र जग्गाधनीबीच जग्गा बाँडफाँट गरी लगत कट्टा गर्ने कार्यमा आवश्यक समन्वय र सहयोग गरिनेछ ।<br>ग) महिलाको भूमि माथिको अधिकार र नियन्त्रणको अवस्थालाई सुधार गरिनेछ ।<br>घ) भूमिहिन दलितलाई आवास प्रयोजनको लागि एकपटक जग्गा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा समन्वय गरिनेछ।<br>ङ) वृहत र व्यवसायिक रुपमा कृषि उत्पादन गर्न र सार्वजनिक तथा निजी बाँझो जग्गामा बाली लगाउन भूमि बैंकको अवधारणा अनुरुप सहकारी संस्था समेत परिचालन गरिनेछ ।<br>च) प्रदेशका विभिन्न क्षेत्रमा छरिएर रहेका भूमिहिन र सुकुम्वासीको बस्ती, बाढी पहिरो लगायतका प्राकृतिक विपद्को उच्च जोखिममा रहेका गरीब तथा बिपन्न बर्गको बस्तीको पहिचान गरी तिनको संरक्षण, उत्थान, सशक्तिकरण तथा क्षमता विकास गर्दै आधारभूत एवम् सुरक्षित आवासको व्यवस्थापनका लागि एकिकृत बस्ती विकास सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. आधुनिक प्रविधिमा आधारित नापनक्साको आधारभुत पूर्वाधारहरु तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना संकलन गर्ने । | क) भू-मापनका आधुनिक सिद्धान्त र प्रविधि अनुसार नापनक्साको आधारभुत नियन्त्रण बिन्दुको सञ्जाल सुदृढ तुल्याइनेछ ।<br>ख) नापनक्सा सम्बन्धी अत्याधुनिक प्रविधिको प्रयोग गरी शुद्ध र विश्वसनीय भू-सूचना संकलन तथा विश्लेषण गरी डाटाबेस तयार गरिनेछ ।<br>ग) प्रदेशको आवश्यकता अनुसार विभिन्न किसिमका विशिष्टकृत नापनक्सा तयार तथा अद्यावधिक गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ४. भौगोलिक सूचना पूर्वाधारको अवधारणा बमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने । | क) बहुउद्देश्यीय भौगोलिक सूचना प्रणाली तयार गरिनेछ ।<br>ख) अनलाइन जियोपोर्टल मार्फत आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना प्राप्त गर्न सकिने प्रविधि विकास गरिनेछ ।<br>ग) विश्वविद्यालयहरुसँगको सहकार्यमा नाप नक्सा, भौगोलिक सूचना, भू-उपयोग तथा भूमि व्यवस्थापन जस्ता विषयका दक्ष जनशक्ति उत्पादन, शोध तथा अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ । |
| ५. बैज्ञानिक सूचकका आधारमा अचल सम्पतिको वस्तुपरक मूल्यांकन गर्ने प्रणाली स्थापना गर्ने र सवै सरोकारवालाहरुले सोही मूल्यांकन प्रयोग गर्नु पर्ने व्यवस्था गर्ने । | क) घर जग्गाको एकीकृत मूल्यांकनको लागि वैज्ञानिक आधार तथा मापदण्ड तयार गरिनेछ ।<br>ख) एकीकृत मूल्यांकन प्रणाली सबै सरोकारवालाहरुले कार्यान्वयन गर्नु पर्ने गरी कानुनी व्यवस्था गरिनेछ ।<br>ग) औद्योगिक विकास र सार्वजनिक निर्माणका लागि आवश्यक जग्गा प्राप्ति गर्न नीतिगत सुधार र सहजीकरण गरिनेछ ।<br>घ) प्रदेश समृद्धिमा योगदान गर्ने उद्योग, प्रतिष्ठान र आयोजनामा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्न आवश्यक भूमि उपलव्ध गराउन विशेष सहुलियतको व्यवस्था गरिनेछ । |
| ६. आधुनिक प्रविधिमा आधारित भूमि सम्बन्धी अभिलेखहरुको व्यवस्थित भण्डारण गरी जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने । | क) कित्ता नापी नक्सा, फिल्डबुक, प्लट रजिस्टर, मोठ स्रेस्ता, रजिष्ट्रेसन तथा मिसिल तामेली लगायत जग्गा प्रशासन सम्बन्धी सम्पूर्ण अभिलेखहरुलाई डिजिटलाइज गरिनेछ र भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।<br>ख) भूमि व्यवस्थापन सेवा क्षेत्रमा प्रदेश र स्थानीय तहमा समेत कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।<br>ग) कित्तानापी हुन बाँकी रहेका भू-भागमा नाप नक्सा गरी सम्पूर्ण जमिनलाई जग्गा प्रशासन प्रणालीमा आवद्ध गर्ने र सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा प्रादेशिक भू-उपयोग नीति तथा गुरुयोजना तर्जुमा भई कार्यान्वयन अगाडी बढेको हुने, भूमि व्यवस्थापनका आवश्यक प्रादेशिक संस्थागत संरचना निर्माण भएको हुने,

चक्लाबन्दी गरी खेती गरिएको जग्गाको क्षेत्रफल वृद्धि भएको हुने, उपयोगको आधारमा भूमिको वर्गीकरण भएको हुने, प्रादेशिक भू-उपयोग तथा भू-उपयोग क्षमता सम्बन्धी नक्सा र तथ्यांक तयार भएको हुने, भूमि प्रशासन सम्बद्ध निकायहरुको संस्थागत क्षमता विकास भई सेवाको गुणस्तर वृद्धि भएको हुने, गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्वन्धी नीति तथा कानुन तर्जुमा भई कार्यान्वयन भएको हुनेछ ।

राष्ट्रिय भू-उपयोग नीतिको आधारमा भूमिको वर्गीकरण गर्ने कार्य कार्यान्वयनमा आएको हुने, संघ र स्थानीय तहको समन्वय र सहकार्यमा सुकुम्बासी समस्या समाधान भएको हुने, मुक्त कमैया र हलिया जस्ता लक्षित वर्गहरुको पुनःस्थापना गर्ने कार्य सम्पन्न भएको हुनेछ ।

## ५.१.४ वन तथा जैविक विविधता

### १. पृष्ठभूमि

वन तथा जैविक विविधता सुदूरपश्चिम प्रदेशको महत्वपूर्ण प्राकृतिक सम्पदा हो । प्रदेशको वन क्षेत्र तथा जैविक विविधताले पर्यावरणीय सुरक्षा, साँस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिका साथै स्थानीय समुदायको आधारभूत आवश्यकता परिपूर्तिमा समेत उल्लेख्य योगदान गरेको छ । वन क्षेत्र तथा जैविक विविधताको दिगो व्यवस्थापनबाट हरित अर्थतन्त्र निर्माण, रोजगारीको अवसरहरूको सिर्जना, पर्यापर्यटनमा टेवा, कार्वन संचिति, जैविक विविधता र जलाधार जस्ता पारिस्थिकीय सेवाहरू अभिवृद्धि गरी समृद्धि र आत्मनिर्भरता प्रासिको लक्ष्यमा वन क्षेत्रको समग्र योगदान बढाउनु पर्ने आवश्यकता रहेको छ।

प्रदेशको कुल भूभाग मध्ये १० लाख ४६ हजार ५८२ हेक्टर (कुल क्षेत्रफलको करिव ५२.३३ प्रतिशत) क्षेत्र वन क्षेत्रले ओगटेको छ । प्रदेशमा ३ हजार ३१४ वटा सामुदायिक वन (३८२७८७ हे.), १ हजार १९ वटा कबुलियती वन (७४५ हे.), ३९ वटा धार्मिक वन (२६६९.९४ हे.) र २ वटा साझेदारी वन (४४३७ हे.) रहेका छन् । यस प्रदेशमा मोहना र लालझाडी वन संरक्षण क्षेत्रको रूपमा घोषणा भएका छन् भने हाल डडेल्धुरा जिल्लाको १, डोटी जिल्लाको १ र बैतडी जिल्लाको २ गरी जम्मा ४ वटा वन क्षेत्र प्रस्तावित वन संरक्षण क्षेत्रको रूपमा रहेको अवस्था छ । प्रदेशको शुक्लाफाँटा र खप्तड राष्ट्रिय निकुञ्जले जम्मा ५३० वर्ग कि.मि क्षेत्रफल र यिनीहरूको मध्यवर्ती क्षेत्रले ४५९.५ वर्ग कि.मि क्षेत्रफल ओगटेको पाइन्छ भने अपिनम्पा संरक्षण क्षेत्रले १ हजार ९०३ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ।

### २. प्रमुख समस्या

वन क्षेत्रको अतिक्रमण, पूर्वाधार निर्माणमा वन क्षेत्रको प्रयोग, पूर्वाधार विकास र पर्यावरणबीच सन्तुलन कायम गर्न नसक्नु, कानुनी र संरचनागत एवम् जनशक्तिको कमी, अन्तर तह र निकायबीच समन्वयमा कमी, वन पैदावारको चोरी निकासी, वन तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनमा जनचेतनाको कमी र वन तथा जैविक श्रोतको व्यवस्थापनमा वन सम्बर्द्धन

प्रणाली लागू हुन नसक्दा वन क्षेत्रबाट सम्भाव्य लाभ प्राप्त गर्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

## ३. चुनौती तथा अवसर

संघीय प्रणाली बमोजिम प्रादेशिक स्तरमा संरचना तयार पारी कार्यान्वयनमा ल्याउनु, वन क्षेत्रबाट हुने लाभ तथा सेवालाई न्यायोचित बाँडफाँट गर्दै जनताको आधारभूत आवश्यकताहरूको व्यवस्थापन गर्नु, वन क्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन चोरी फँडानी तथा अतिक्रमण र डढेलो नियन्त्रण गर्नु, सरोकारवालाहरूसँग सहकार्य गरी वनको दिगो र वैज्ञानिक व्यवस्थापनलाई अझ सुदृढ गर्नु, तल्लो तटीय क्षेत्रमा परेको नकारात्मक प्रभाव र चुरे क्षेत्रको कमजोर भू-गर्भ र अव्यवस्थित दोहनबाट भावर र तराई क्षेत्रमा परेको जोखिम न्यूनीकरण गर्नु, बाढी, पहिरो जस्ता विपद् जोखिम न्यूनीकरण र वन तथा वनमा आश्रित समुदायका लागि दिगो अनुकूलनका कार्यक्रम सञ्चालन गर्नु, वन पैदावारमा आधारित उद्यमशीलता विकास गरी थप रोजगारीका अवसरहरु सृजना गर्नु यस क्षेत्रका चुनौती हुन् ।

वन संरक्षण र विकासका लागि नेपाल सरकार सहित विकासका साझेदारहरुको विशेष सरोकार रहनु, स्थानीय नागरिकहरुको चेतना बढ्दै जानु, वन पैदावारमा आधारित उद्यम तथा पर्या पर्यटनमा क्रमशः विकास हुदै जानु, सामुदायिक वनमा आबद्ध समूहको उल्लेखनीय सहभागिता हुनु, भू तथा जलाधार क्षेत्रको एकिकृत व्यवस्थापनबाट कृषि उत्पादकत्व वृद्धि हुनु, पानीको स्रोतको संरक्षण तथा उपयोग, जडिबुटी उत्पादन तथा मूल्य अभिवृद्धि, उपयोग तथा निर्यात गर्ने अवस्था रहनु, जडीवुटी तथा काष्ठ वन पैदावारको प्रचुरता हुनु, कार्वन सञ्चिती हुनु, प्राकृतिक रमणीय वातावरण तथा जैविक विविधताको अपार सम्भावना हुनु यस क्षेत्रका अवसरहरु हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

हरित प्रदेशका लागि वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापन ।

### ४.२ लक्ष्य

वन, जैविक विविधता र जलाधारको व्यवस्थापनलाई सुदृढ गरी हरित अर्थतन्त्रको माध्यमबाट प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने।

### ४.३ उद्देश्य

- हरित अर्थतन्त्रको प्रवर्द्धनका लागि वहुपक्षीय सहकार्य गरी वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, विकास एवम् वातावरणीय, आर्थिक र सामाजिक लाभ हासिल गर्नु।
- बहुमूल्य जडिबुटी र गैर काष्ठजन्य वन पैदावारको विकास, उत्पादन तथा मूल्य अभिवृद्धि गर्दै बजारीकरण, निर्यात प्रबर्धनद्वारा आयस्तरमा अभिबृद्धि गर्नु ।

- एकिकृत जलाधार व्यवस्थापन गरी पारिस्थितिकीय प्रणालीको संरक्षण, सम्बर्द्धन, विकास र पुनर्स्थापन गरी जलवायु परिवर्तनजन्य असरलाई न्यूनीकरण गर्नु ।
- वातावरणीय सेवाबाट प्राप्त लाभ वृद्धि गर्दै समुदायलाई न्यायोचित वितरणको सुनिश्चितता गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. अन्तर पुस्ता समन्याय हुनेगरी वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षणबाट लाभ हासिल गर्ने । | क) वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, विकास एवम् प्रवर्द्धन गरी वातावरणीय, आर्थिक र सामाजिक दिगो लाभ हासिल गरिनेछ ।<br>ख) बहुमूल्य जडिबुटी र गैर काष्ठजन्य वन पैदावारको विकास, उत्पादन र मूल्य अभिवृद्धि गर्दै बजारीकरण, निर्यात प्रबर्धनद्वारा आयस्तरमा अभिबृद्धि गरिनेछ । |
| २. वन क्षेत्रको उत्पादन र उत्पाकत्व वृद्धि गरी रोजगारी र आय आर्जनमा वृद्धि गर्ने । | क) हरित पूँजी (Green Natural Capital) को स्थिति, अवस्थिति, मूल्य र प्रकृति खुलेको प्राकृतिक स्रोत वासलात ( Natural Resources Balance Sheet) तयार गरी लाभ हानीको मूल्याङ्कन गर्ने पद्दती कायम गरिनेछ ।<br>ख) वन पैदावारमा आधारित घरेलु, साना तथा मझौला उद्योगमा लगानीका लागि प्रोत्साहन गरिनेछ ।<br>ग) जडिबुटी एवम् गैरकाष्ठ वन पैदावारको सर्वेक्षण, अनुसन्धान, खेती, विकास प्रवर्द्धन, उत्पादन, संकलन, प्रशोधनका लागि ठोस कार्ययोजना बनाई लागु गरिनेछ ।<br>घ) काष्ठजन्य पदार्थमा प्रदेश आत्मनिर्भर हुनेगरी कार्यक्रम तर्जुमा र सञ्चालन गरिनेछ ।<br>ङ) निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी वन पैदावार आपूर्ति सहज हुने व्यवस्था गरिनेछ।<br>च) आवश्यकताका आधारमा हरित पेटी र सुरक्षा पेटी कायम हुने गरी बढी मूल्य जाने विरूवा लगाउने वा अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. हरित अर्थतन्त्र, जैविक विविधताको संरक्षण र पर्यापर्यटनको विकास | क) हरित अर्थतन्त्रको अवधारणा अनुसार प्रदेशको उद्योग, पर्यटन र जीविकोपार्जन आदि क्षेत्रमा वन क्षेत्रको योगदान बढाउने ।<br>ख) प्रदेश जैविक विविधता संरक्षण तथा प्रवर्द्धनको लागि सम्बद्ध सबै |

| रणनीति | कार्यनीति |
|---|---|
| गर्ने। | सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक नीतिगत एवम् कानुनी व्यवस्था गरिनेछ ।<br>ग) आवश्यकता र औचित्यको आधारमा सीमसार क्षेत्र, जिओपार्क, भू-परिधि, जैविक मार्ग आदिको संरक्षण, स्थापना र दिगो व्यवस्थापन गरिनेछ ।<br>घ) प्रदेशभित्र रहेका जलाधार तथा उप-जलाधार क्षेत्रमा रहेका सार्वजनिक तथा निजी जग्गामा विभिन्न रूख, जडिबुटी, बहुवर्षीय घाँस, फलफूल आदि हरियाली प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| ४. वन क्षेत्रको विकास र प्रवर्द्धनको लागि अन्तर सरकार, सरोकारवाला निकाय र निजी क्षेत्रसँगको समन्वय कायम गर्ने । | क) वन, वातावरण, जैविक विविधता र जलाधार क्षेत्र संरक्षणको कार्य गर्ने सबै गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्थासँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ।<br>ख) सार्वजनिक तथा निजी क्षेत्रसँगको सहकार्यमा काष्ठ, गैरकाष्ठ तथा जडिबुटी उत्पादनको प्रशोधन र मूल्य अभिवृद्धि गरिनेछ। |

### ५. अपेक्षित उपलब्धि

प्रदेशको अर्थतन्त्रमा हरित क्षेत्रको योगदान बढेको हुने, प्रदेशले राष्ट्रिय रुपमा वनले ढाकेको क्षेत्रफलमा पुऱ्याएको योगदानमा वृद्धि भएको हुने, वन क्षेत्रमा भएका एवम् हुने अतिक्रमण तथा जोखिम नियन्त्रणमा आएको हुने, प्रदेशको जैविक विविधता अभिबृद्धि भएको हुने, वन तथा वन्यजन्तुहरूको उचित संरक्षण भएको हुने, वन पैदावारको आपूर्ति तथा बहुमूल्य जडिवुटीहरुको उत्पादनमा वृद्धि भएको हुनेछ ।

## ५.१.५ खानी तथा खनिज सम्पदा

### १. पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश खनिज सम्पदाको ठूलो सम्भावनायुक्त प्रदेश हो । यस प्रदेशका विभिन्न जिल्लामा चुनढुङ्गा, फलाम, सुन, ग्याँस, पेट्रोलियम, अभ्रख, कोईला, सिलेट, युरेनियम लगायतका बहुमुल्य खनिज पदार्थहरू रहेको प्रारम्भिक अनुमान गरिएको छ । प्रदेशमा खनिज सम्पदाको माध्यमबाट समृद्धि हाँसिल गर्न पहिचान भईसकेका खनिजहरूको थप अध्ययन र उत्खनन् गरी खनिजमा आधारित उत्पादनमूलक तथा निर्माण उद्योगहरू सञ्चालन र सम्भावित अन्य खानी तथा खनिजहरूको अन्वेषण गरी आवश्यक व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यस्ता उद्योगको प्रवर्द्धन र विकासले खनिजजन्य वस्तुहरूको आयात घट्ने, निर्यातमा टेवा पुग्ने, रोजगारी सृजना हुने, पूर्वाधार निर्माणका लागि आवश्यक खनिजजन्य कच्चा पदार्थको सहज

उपलब्धता हुने तथा प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धि हुन गई आत्मनिर्भर र समृद्ध प्रदेशको निर्माणमा मद्दत पुग्न जाने देखिन्छ ।

## २. प्रमुख समस्या

खानी तथा खनिज उद्योगहरूका बारेमा भएका अध्ययन, अनुसन्धानहरूको एकीकृत तथ्याङ्क नहुनु, खनिज सम्पदा सम्बन्धी प्रदेश नीति, कानुन, योजना तथा संस्थागत संरचना नहुनु, अन्वेषण तथा उत्खननका लागि आवश्यक विशेषज्ञ, ज्ञान, सीप, उपकरणहरूको अपर्याप्तता रहनु, खनिज उद्योगमा कार्यरत जनशक्तिहरूको क्षमता र दक्षता वृद्धि हुन नसक्नु, अन्वेषण भईसकेका उद्योगहरू स्थानीयको माग अनुसार सञ्चालनमा आउन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

## ३. चुनौती तथा अवसर

तीनै तहका सरकारको साझा अधिकार क्षेत्रभित्र पर्ने खनिज उद्योगको सम्बन्धमा तत्काल तीन तहका सरकारबीच तादाम्य हुने गरी आवश्यक नीति, कानुन तथा नियमहरू तय गर्नु, खनिज उद्योगको क्षेत्रमा अनुभवी इन्जिनियर तथा भौगर्भिक अन्वेषणकर्ताको सेवा प्राप्त गर्नु, खनिज उद्योगहरूमा आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्नु, खनिज उद्योग सञ्चालनको लागि आवश्यक पूर्वाधारको विकास गर्नु र खानीको उत्खननबाट हुन सक्ने वातावरणीय असर रोकथाम गर्नु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

प्रदेशमा धेरै प्रकारका खनिजहरूको प्रचुर सम्भावना रहनु, राजनीतिक स्थायित्व र इच्छा शक्तिमा वृद्धि हुनु, खानीहरूको अन्वेषण, सर्वेक्षण र उत्खनन् कार्यले प्राथमिकता पाउनु, उर्जाको उपलब्धता बढ्दै जानु, लगानीमैत्री वातावरणमा सुधार हुनु, पूर्वाधार निर्माणका कार्यहरूले तीव्रता लिनु, खनिज अन्वेषणमा निजी र अन्तर्राष्ट्रिय क्षेत्रको चासो बढ्दै जानु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रदेश आत्म निर्भरता र समृद्धिका लागि खानी तथा खनिज सम्पदाको उपयोग ।

### ४.२ लक्ष्य

खानी तथा खनिज उद्योगको अन्वेषण, उत्खनन् र विकासद्वारा अर्थतन्त्रमा खनिज क्षेत्रको योगदान वृद्धि गर्ने ।

### ४.३ उद्देश्य

- खानी तथा खनिज उद्योग विकासका लागि आवश्यक नीतिगत र संस्थागत संरचना निर्माण गर्नु ।
- खनिज उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा खनिज क्षेत्रको योगदान बढाउनु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. खानी तथा खनिज पदार्थको पहिचान, अन्वेषण तथा भौगर्भिक नक्शाङ्कन गर्ने । | क) खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापनका लागि विस्तृत सम्भाव्यता अध्ययन गरी प्रदेशमा खनिजको भौगर्भिक नक्शाङ्कन गरिनेछ ।<br>ख) खनिज उद्योगको लागि आवश्यक संस्थागत संरचना, पूर्वाधार निर्माण तथा विकास गरिनेछ । |
| २. पहिचान भएका सम्भाव्य खनिज सम्पदाको उत्खनन् गरी उद्योग सञ्चालनार्थ आवश्यक समन्वय गर्ने । | क) पहिचान भैसकेका खनिज सम्पदाको व्यवसायिक उत्खनन् गरी प्रशोधन तथा उत्पादन मार्फत आर्थिक गतिविधिलाई चलायमान बनाउन संघीय सरकार तथा स्थानीय तहहरुसँग समन्वय गरिनेछ ।<br>ख) खनिज उद्योगको क्षेत्रमा लगानीका लागि लगानीमैत्री वातावरण विकास गरिनेछ ।<br>ग) ढुङ्गा, गिट्टी, बालुवा र माटो जस्ता खनिजहरुको उत्खननलाई नियमित, व्यवस्थित र वातावरणमैत्री बनाईनेछ ।<br>घ) खनिज पदार्थको अवैध उत्खनन् तथा चोरी निकासी रोक्न आवश्यक संस्थागत तथा नीतिगत प्रबन्ध मिलाईनेछ । |

### ५. अपेक्षित उपलब्धि

खानी तथा खनिज पदार्थ सम्बन्धी नीति तथा नियम निर्माण भई कार्यान्वयन भएको हुने, संस्थागत र संरचनागत विकास भएको हुने, प्रदेश भित्र उपलब्ध खानी तथा खनिज पदार्थको पहिचान र भौगर्भिक नक्शाङ्कन भएको हुने, खनिज पदार्थमा आधारित उद्योगहरुको स्थापना र सञ्चालन भएको हुने र खनिजजन्य औद्योगिक वस्तुको आयात घटेको हुनेछ ।

## ५.२ पर्यटन

### १. पृष्ठभूमि

हिमाल, पहाड र तराई लगायतको करिब १९,९९९.२८ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको यस सुदूरपश्चिम प्रदेशको भू-परिदृष्यमा विविध खालको भौगोलिक अवस्था, जलबायु, नदी, उपत्यकाहरु, वनस्पति, प्राकृतिक भू-बनोट, तथा मानवीय बसोबास तथा तिनको साँस्कृतिक समिश्रण हेर्न पाईन्छ । यस प्रदेशको हिमाली तथा पहाडी क्षेत्रमा अपि, नाम्पा, साइपाल, ब्यासऋषि, जेठीबहुरानी जस्ता सुन्दर हिमालहरु मात्र नभई नेपालको दश मध्ये सुदूरपश्चिम भेगको एक फारवेष्ट ग्रेट हिमालय ट्रेल खण्ड, प्रख्यात हिन्दु धार्मिक तीर्थस्थल तथा धामहरु,

राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र तथा पार्कहरु, प्राकृतिक तालहरु र पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरु रहेका छन् । भौगोलिक अवस्थिति, प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक वैभव एवम् सम्पदाको प्रचुरताले प्रदेशमा पर्यटन उद्योगको पर्याप्त संभावना रहेको छ । प्रदेशको समुन्नतीका लागि प्राकृतिक, धार्मिक, साँस्कृतिक, मनोरञ्जनात्मक, शाहसिक, कृषि, शैक्षिक र स्वास्थ्य क्षेत्र लगायत विविध पर्यटकीय सम्भावनाहरुको उच्च उपयोग गरेर जान पर्ने भएको छ ।

## २. प्रमुख समस्या

पर्यटन विकासका क्रियाकलाप सम्पादन गर्नका लागि जिल्लास्तरमा सँगठनात्मक संरचना नरहनु, दक्ष जनशक्तिको अभाव रहनु, प्रदेशको पर्यटन विकास गुरुयोजना तयार भई नसक्नु, पर्यटकीय गन्तव्यहरुको निर्धारण र गन्तव्यहरुको विकास भई नसक्नु, पर्यटकहरुका लागि स्तरीय होटल लगायतका पर्याप्त पूर्वाधार तथा सेवा सुविधाको स्थिति कमजोर रहनु जस्ता प्रमुख समस्याहरु रहेका छन्।

## ३. चुनौती तथा अवसर

पर्यटन गुरुयोजनाले प्राथमिकीकरण गरेका योजनाहरुमा पर्याप्त बजेट विनियोजन गर्नु, पर्यटकीय गन्तव्यहरु निर्धारण गर्नु, पर्यटकीय गन्तव्यहरुको पूर्वाधार निर्माण गर्नु, स्तरीय होटल एवम् अन्य पर्यटन उत्पादनको उपलव्धता बढाउनु, दक्ष जनशक्तिहरु उत्पादन गरी पर्यटन प्रवर्द्धनमा परिचालन मार्फत पर्याप्त रोजगारी सृजना गर्नु, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सुदूरपश्चिम प्रदेशको पर्यटकीय गन्तव्यहरुको प्रभावकारी प्रचार प्रसार तथा बजारीकरण गरी प्रदेशमा आन्तरिक तथा वाह्य पर्यटकहरुको आवागमन बढाउनु प्रमुख चुनौतीहरु हुन्।

प्रदेशमा धार्मिक, साँस्कृतिक, शाहसिक, मनोरञ्जन, कृषि, शैक्षिक, स्वास्थ्य एवम् पर्यापर्यटनको प्रचुर संभावना रहनु, पर्यटनलाई विकास र रोजगारीको अभिन्न अंगको रुपमा स्वीकार गरिनु, जनचेतनाको स्तरमा बृद्धि हुदैजानु, साँस्कृतिक तथा आध्यात्मिक पर्यटन विकासको लागि अद्वितीय सम्भावना रहनु, पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास बढ्दै जानु, छिमेकी मुलुकहरु भारत तथा चीनका साथै अन्य मुलुकहरुबाट ठूलो संख्यामा पर्यटक आउन सक्ने सम्भावना रहनु, पर्यटन क्षेत्रमा निजी लगानीमा बृद्धि हुदै जानु, शान्ति सुरक्षाको अवस्था सुधार हुँदै जानु, तीन तहकै सरकारहरुबाट पर्यटकीय विकासमा जोड दिईनु, आम नेपालीहरुमा आन्तरिक पर्यटन प्रतिको रुची बढदै जानु र अन्तर्राष्ट्रिय स्तरमा विश्वमा भ्रमण गर्नै पर्ने स्थानहरुको सूचीमा नेपालका पर्यटकीय गन्तव्य समावेश हुँदैजानु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रदेश समृद्धिको महत्वपूर्ण आधार पर्यटन ।

### ४.२ लक्ष्य

पर्यटनको प्रवर्द्धनद्वारा प्रदेशको आर्थिक समृद्धि र दिगो विकासमा टेवा पुऱ्याउने ।

### ४.३ उद्देश्य

- सुदूरपश्चिम प्रदेशलाई आकर्षक, सुरक्षित तथा गुणस्तरीय पर्यटकीय गन्तब्यको रुपमा प्रवर्द्धन गर्नु ।
- प्रदेशको पर्यटकीय गन्तव्य एवम् स्वदेश तथा छिमेकी मित्रराष्ट्रहरुको पर्यटकीय गन्तव्य लक्षित गरी पर्यटन सर्किट लगायतका पूर्वाधारहरुको विकास गर्नु ।
- पर्यटन क्षेत्रलाई प्रदेशको समृद्धिको आधारस्तम्भको रुपमा अघि बढाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश पर्यटन नीति तथा आवश्यक कानुन निर्माण गर्ने । | क) सरोकारवालाहरुको संलग्नता एवम् सहकार्यमा प्रदेश पर्यटन नीति बनाई लागु गरिनेछ ।<br>ख) पर्यटन क्षेत्रको विकास एवम् सुदृढीकरणको लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ । |
| २. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनको गुरुयोजना बनाई सोको लागि संस्थागत संरचनाको विकास गर्ने । | क) पर्यटकीय स्थल र पर्यटनसम्बन्धी प्रदेश प्रोफाईल एवम् गुरुयोजना तयार गरी लागु गरिनेछ ।<br>ख) प्रदेश पर्यटन परिषद् र पर्यटन इकाई गठन गरी प्रदेश भित्रका र प्रदेश बाहिरका सरोकारवालाहरुसँगको सहकार्य र साझेदारीमा पर्यटन क्षेत्रको विकासका लागि कार्य सञ्चालन गरिनेछ । |
| २. पर्यटन पूर्वाधार विकास र प्रवर्द्धन गर्ने । | क) प्रदेशको पर्यटन नीति, कानुन र गुरूयोजनाले निर्दिष्ट गरेका बहुआयामिक पर्यटन विकासको लागि अन्तर सम्बन्धित क्षेत्र तथा निकायहरुसँगको समन्वयमा पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>ख) पर्यटन गन्तब्य र पर्यटन उपजको प्रवर्द्धनद्वारा पर्यटक संख्या, पर्यटक बसाई र पर्यटन आयमा वृद्धि गरिनेछ ।<br>ग) धार्मिक, साँस्कृतिक, मनोरञ्जनात्मक, कृषि, पर्या, साहसिक, शैक्षिक एवम् स्वास्थ्य पर्यटनको प्रवर्द्धनको लागि आवश्यक समन्वय, पर्यटन पूर्वाधार विकास, पर्यटन बस्तु विकास र प्रचार प्रसारका लागि वृत्तचित्र निर्माण, भर्च्युअल टुर, भर्च्युअल गाइड, रियल टाइम अनलाइन गाइड आदि नवीनतम प्रविधि |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | र उपकरणहरुको प्रयोग र अन्य आवश्यक कार्य एवम् प्रोत्साहन गरिनेछ ।<br>घ) शुक्लाफाँटा, भम्केनीधाम र शिद्धनाथ-बैजनाथधाम, बेतकोट, लिङ्गा, बेहडाबाबा, शिवपुरिधाम, गोदावरीधाम, परशुरामधाम, उग्रतारा, घटालबाबा, मेलौली भगवती, निङ्ग्लासैनी, त्रिपुरासुन्दरी, मालिकार्जुन धाम, अपिनाम्पा संरक्षण क्षेत्र, खप्तडक्षेत्र, शैलेश्वरी, बैजनाथधाम, रामारोशन, बडिमालिका, सुर्मा सरोवर क्षेत्र जस्ता प्रमुख पर्यटकीय स्थलहरुलाई जोडने गरी पर्यटन सर्किटको विकास र प्रवर्द्धन गरिनेछ ।<br>ङ) पालिका एवम् जिल्लागत रुपमा धार्मिक, पर्या, साहसिक, मनोरञ्जनात्मक पर्यटन सम्भावनाको अध्ययन गरी थप पर्यटन स्थलहरुको विकास र प्रवर्द्धन गरिनेछ ।<br>च) आकर्षक पर्यटकीय स्थलहरुमा खासखास समूहका पर्यटकहरुलाई (पदयात्री, पर्वतारोही, तीर्थयात्री एवम् शुद्ध शाकाहारी) अनुकुल हुने गरी स्तरीय होटल एवम् अन्य सेवा सञ्चालन गराउन आवश्यक प्रोत्साहन गरिनेछ।<br>छ) कञ्चनपुर जिल्लाको लालझाडीमा राना पर्यटकीय गाँऊ तथा प्रदेशका अन्य उपयुक्त गाँऊहरुलाई पर्यटकीय गाँऊको रुपमा विकास गरिनेछ ।<br>ज) प्रदेशमा पर्यटकलाई लक्षित गरी उपयुक्त स्थानहरुमा थारु लगायतका अन्य जातजातीका साँस्कृतिक केन्द्रहरुको स्थापना गरिनेछन् ।<br>झ) प्रदेशका लोपोन्मुख जातजातीका प्राचीन संस्कृतिलाई परिचित गराउने साँस्कृतिक संग्रहालयको स्थापना गरिनेछ। |

## ५. अपेक्षित उपलब्धि

प्रदेशमा पर्यटन पूर्वाधारहरुको विकास र प्रवर्द्धन भई आन्तरिक तथा बाह्य पर्यटकको आवागमन तथा बसाई समयमा वृद्धि भएको हुने, प्रदेशको पर्यटन क्षेत्रबाट रोजगारी एवम् अर्थतन्त्रमा पुग्ने योगदान वृद्धि भएको हुनेछ।

## ५.३ उद्योग, वाणिज्य तथा आपूर्ति

### ५.३.१ उद्योग

### १. पृष्ठभूमि

उद्योग प्रदेशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्न सक्ने संभावना रहेको आर्थिक क्षेत्र हो । संविधानले औद्योगिकीकरणलाई प्रदेशको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । दिगो विकासको लक्ष्यमा समावेशी एवम् दिगो औद्योगिकीकरण तथा साना उद्योग एवम् अन्य व्यवसाय विस्तार गर्ने कुरा उल्लेख गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको विकास र विस्तारका लागि संघीय सरकारद्वारा पारित पन्धौं योजनाको अवधारणा पत्रमा उल्लेखित विषय, तथ्याङ्क र सूचनाहरु यस प्रदेशको हकमा समेत मिल्न आउँछ ।

आर्थिक वर्ष २०७७।०७८ को अन्त्यसम्ममा यस प्रदेशमा कुल ठूला र मझौला उद्योगको संख्या ११५ रहेको छ । यस्तै उत्पादनमूलक उद्योगको संख्या ५ हजार ३६३, उर्जामूलक उद्योगको संख्या ६, कृषि तथा वन पैदावारमा आधारित उद्योगको संख्या १५ हजार ८३२, पर्यटन उद्योगको संख्या १ हजार ७९३, सेवामूलक उद्योगको संख्या १३ हजार २४१, निर्माणसम्बन्धी उद्योगको संख्या २१९ र सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योगको संख्या २८ गरी जम्मा उद्योग संख्या ३६ हजार ४८२ रहेको छ । त्यसै गरी २४ हजार भन्दा बढी लघु उद्यमीहरु रहेका छन् भने दर्ता भएका लघु उद्योगको संख्या ६ हजार ९१ रहेको छ ।

अपार संभावना भएर पनि प्रदेशको उद्योग प्रतिष्ठानको स्थिति नाजुक रहेको छ । रोजगारी र आय वृद्धि गरी आत्मनिर्भरता र समृद्धि प्राप्त गर्न उद्योगको क्षेत्रमा आमुल सुधार सहितको विकास गर्न पर्ने छ ।

### २. प्रमुख समस्या

तुलनात्मक रुपमा यस प्रदेशमा औद्योगिक विकासको अवस्था कमजोर रहेको छ। यसका प्रमुख कारणहरुमा यस प्रदेशमा औद्योगिक लगानी र व्यवसाय गर्नका लागि उपयुक्त परिवेश र आकर्षण नहुनु, उद्योगका क्षेत्रमा गरिएको लगानी प्रदेश बाहिर पलायन हुनु, निर्यातयोग्य वस्तुको उत्पादन, ब्रान्डिङ्ग र विविधिकरण हुन नसक्नु, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, उत्पादित वस्तुहरुको ठूलो बजारसम्मको पहुँचमा कठिनाई हुनु, औद्योगिक पूर्वाधारको कमि हुनु, औद्योगिक तथ्याङ्क व्यवस्थापन नहुनुका साथै संघीय सरकारले यस प्रदेशमा औद्योगिक लगानी बढाउने तर्फ विशेष पहल नगर्नु प्रमुख समस्याका रुपमा रहेका छन्। साथै उद्योग क्षेत्रमा संघीय र प्रादेशिक कानुनका बीचमा तादम्यताको अभाव, उद्योग विकासको लागि

दक्ष जनशक्तिको प्रदेशभित्रै विकास र उपयोग हुन नसक्नु समेत थप समस्याका रुपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसरहरू

यस प्रदेशमा औद्योगिक प्रवर्द्धनका पर्याप्त अवसरहरु हुँदा हुँदै पनि विशेष चुनौतीहरुको सामना गर्नु पर्ने अवस्था रहेको छ। प्रदेशको व्यसायिक इको-सिष्टम सुधार्न डुइङ्ग विजनेस इण्डेक्समा व्यापक रुपले सुधार गर्नु, उद्योग प्रशासन सञ्चालन गर्न उपयुक्त जनशक्ति सहितको प्रदेशको आफ्नै उद्योग सम्बन्धी संचरना स्थापना गर्नु, उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, सहुलियत व्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, गुणस्तरीय बस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, वन पैदावारमा आधारित उद्यम सञ्चालनमा जटिलता रहनु, औद्योगिक ग्राम तथा क्षेत्रहरुको विकास तथा सञ्चालन गर्नु, उद्योग क्षेत्रमा तीनै तहका सरकारबीच प्रभावकारी समन्वय गर्नु, युवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु पर्ने चुनौतीहरु समेत रहेका छन् ।

प्राकृतिक स्रोत, सम्पदाको प्रचुरता, कृषि तथा पशुपन्छिजन्य र जडिबुटीको प्रचुरता, युवा जनशक्तिको वाहुल्यताले प्रदेशमा ठुला उद्योगहरुको व्यापक संभावना रहनु, भारत र चीनसँग सडकबाट जोडिन सक्ने स्थिति, प्रदेशको हरित, स्वच्छ र प्राङ्गारिक उत्पादनमा बढदो आकर्षणलाई लाभका रुपमा उपयोग गर्न सकिने जस्ता अवसरहरु विद्यमान रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

तीव्र आर्थिक विकासका लागि औद्योगीकरण ।

### ४.२ लक्ष्य

प्रदेशको आर्थिक सबलिकरणको लागि प्रदेश अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढाउने।

### ४.३ उद्देश्य

- औद्योगिक विकासको लागि आवश्यक वातावरण तयार गर्नु ।
- स्थानीय स्रोत-साधन, पूँजी र सीपमा आधारित उद्योग प्रवर्द्धन गरी रोजगारीका अवसर बढाउनु ।
- प्रदेशमा निजी क्षेत्रको लगानीमा वृहत उद्योगहरुको स्थापनामा जोड दिनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको औद्योगिक विकास नीति तथा कानुन तर्जुमा गर्ने। | क) प्रदेशमा उद्योग क्षेत्रको दिगो विकासको लागि आवश्यक नीति, कानुन, मापदण्ड एवम् संस्थागत संरचनाको खाका तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>ख) औद्योगिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारीको लागि आवश्यक समन्वय गरी उपयुक्त प्रणाली विकास एवम् कार्यान्वयन गरिनेछ ।<br>ग) स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगको विकास र सबै पालिकाहरुमा औद्योगिक ग्राम स्थापनामा स्थानीय तहलाई सहयोग, सहजीकरण र प्रोत्साहन गरिनेछ।<br>घ) कृषि, पर्यटन, वन र खनिजमा आधारित उद्योगको विकासमा सहजता कायम हुने गरी पूर्वाधारको विकास र आवश्यक प्रोत्साहन गरिनेछ। |
| २. स्थानीय स्रोत-साधन र सीपमा आधारित उद्योग स्थापनाका लागि लगानी आकर्षित गर्ने। | क) स्थानीय स्रोत-साधन र सीपको उपयोग हुने गरी प्राथमिकताका क्षेत्रमा लगानी आकर्षणका लागि संघ र सम्बन्धित स्थानीय तहसँग सहकार्य र समन्वय गर्न **प्रदेश लगानी बोर्ड** जस्ता उपयुक्त संरचना स्थापना र सञ्चालन गरिनेछ।<br>ख) सुमधुर औद्योगिक श्रम सम्बन्ध कायम हुने गरी औद्योगिक वातावरण निर्माण गरिनेछ।<br>ग) औद्योगिक क्षेत्रमा लगानी आकर्षित गर्न र सेवा सुविधा सम्बन्धी कार्य गर्न एकद्वार प्रणालीको व्यवस्था गरिनेछ।<br>घ) लगानीमैत्री वातावरण बनाउन स्थानीय तहबाट कर तथा सेवा सुविधामा सहुलियत प्रदान गर्न समन्वय र सहकार्य गरिनेछ। |
| ३. कृषि-पशुजन्य, वन-जडिबुटी, खनिज, पर्यटन, निर्माण – सेवामूलक उद्योगको लागि आवश्यक पूर्वाधार सृजना गर्ने । | क) कृषि-पशुजन्य, वन-जडिबुटी, खनिज, पर्यटन, निर्माण – सेवामूलक उद्योगको स्थापना र सुदृढीकरणको लागि संघीय सरकारसँग समन्वय गरी विशेष प्राथमिकता प्राप्त क्षेत्र घोषणा गर्ने र ठोस मापदण्डको आधारमा जग्गा प्राप्ति, पानी तथा विद्युतको व्यवस्था, यन्त्र उपकरण र प्रविधि आयात, चयन/हस्तान्तरण, सहुलियत कर्जा व्यवस्था, कर तथा शुल्कहरुमा सहुलियत, सुमधुर श्रम |

| रणनीति | कार्यनीति |
|---|---|
| | सम्बन्धको व्यवस्था, विशेष लगानी क्षेत्रको घोषणा गरी प्रदेशको लगानी बोर्ड मार्फत एकद्वार प्रणालीबाट सेवा सुविधा उपलव्ध गराउने जस्ता विशेष व्यवस्थाहरु गरिनेछन् ।<br>ख) सीमावर्ती बजारको माग अनुरुप उत्पादन सम्भावनायुक्त तुलनात्मक लाभका कृषि, वन र स्थानीय अन्य उत्पादनको सुधार, प्याकेजिङ्ग लगायतका मुल्य अभिबृद्धि गर्ने कार्यमा सघाउने र प्रोत्साहन गरिनेछ ।<br>ग) आधुनिक प्रविधियुक्त र अनुसन्धानमूलक उद्योगलाई प्रोत्साहन गरिनेछ।<br>घ) उनीजन्य, मह, प्राकृतिक रेशाजन्य, चिउरी, बेत तथा रोजिन एण्ड टर्पेन्टाईन र सल्लो प्रजातिको काठको बस्तु विकास सम्बन्धमा आवश्यक प्रविधि विकास, अनुसरण, प्रवर्त्तन आदिको माध्यमबाट ब्राण्डिङ्ग समेत गरी यस क्षेत्रको उद्योग विकास एवम् रोजगारी वृद्धिको कार्य सञ्चालन गरिनेछ । |
| ४.वृहत उद्योगहरुको स्थापना गर्ने । | क) प्रदेशमा उपलव्ध कच्चा पदार्थहरुको आधारमा वृहत उद्योगहरु स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।<br>ख) सिमेण्ट लगायतका निर्माण सामाग्री, खाद्य सामाग्री, फर्निचर सहितका उच्च माग भएका बस्तुहरुमा प्रदेशलाई आत्मनिर्भर बनाउने गरी औद्योगिक प्रतिष्ठानहरुको स्थापनालाई प्राथमिकता दिइनेछ । |

## ५. अपेक्षित उपलव्धि

प्रदेशमा लगानी र औद्योगिक वातावरण वृद्धि भई उद्योग क्षेत्र प्रोत्साहित भएको हुने, उद्योग क्षेत्रबाट प्रदेशको उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनामा बृद्धि भएको हुने, प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि भएको हुने, ठूला उद्योगहरूमा बैदेशिक लगानी तथा स्वदेशी निजी क्षेत्रको लगानी आकर्षित भएको हुने, मझौला, साना तथा घरेलु उद्योगहरूको सङ्ख्यामा अपेक्षाकृत रुपमा बृद्धि भएको हुने, औद्योगिक क्षेत्रहरूको संख्यामा वृद्धि भएको हुने र केही आवश्यकीय उत्पादनहरुमा प्रदेश आत्मनिर्भर भएको हुनेछ।

## ५.३.२ वाणिज्य तथा आपूर्ति

### १. पृष्ठभूमि

उत्पादित बस्तुलाई समुचित वितरण प्रणाली मार्फत उपभोक्तासम्म पुऱ्याई अर्थतन्त्रलाई चलायमान बनाउन वाणिज्य तथा आपूर्ति क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ। संविधानले प्रदेश भित्रको व्यापार प्रदेशको अधिकार सूचीमा र आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन संघ तथा प्रदेशको साझा सूचीमा राखेको छ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको हिस्सा ६.३८ प्रतिशत सहित छैठौं स्थानमा रहेको छ । यो प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान सबैभन्दा बढी रहेको छ ।

### २. प्रमुख समस्या

व्यापारिक गतिविधि विस्तार भए पनि भौगोलिक असन्तुलन, अस्वस्थ प्रतिस्पर्धा र बढी मुनाफामुखि प्रवृत्तिका कारण बजारमा गुणस्तरीय बस्तु तथा सेवा सुपथ मूल्यमा उपलब्ध नहुनु, आयातमा आधारित आपूर्ति व्यवस्था रहनु, उपयुक्त भण्डारण प्रणालीको अभाव रहनु, व्यापार घाटा अत्यधिक रहनु, मूल्य सूची राख्ने प्रवृत्ति नहुनु, कालोबजारी तथा न्यून बिजकीकरणको समस्या रहनु, बिल बीजक जारी गर्ने प्रचलनको अभाव रहनु र प्रकोप एवम् विपद्को समयमा अत्यावश्यक वस्तुको आपूर्ति सहज हुन नसक्नु जस्ता प्रमुख समस्या रहेका छन् ।

### ३. चुनौती तथा अवसर

मानव सिर्जित तथा प्राकृतिक कारणबाट समय समयमा बजार संयन्त्र असफल हुन गई आपूर्तिमा आउने व्यवधान समाधान गर्नु, कृषि उपजको व्यापारमा हुने बिचौलियाको भूमिकालाई निरुत्साहित गर्नु, अत्यावश्यक बस्तुहरुको प्रादेशिक भण्डारणको व्यवस्था गर्नु र यस्तो मौज्दातको अद्यावधिक विवरण राख्ने संयन्त्र विकास गर्नु, कालोबजारी नियन्त्रण र न्यून बिजकीकरणमा रोक लगाउनु, राष्ट्रिय मापदण्ड अनुसार गुणस्तर परीक्षण र नियमन गर्नु, अत्यावश्यक वस्तुको आपूर्तिमा अन्तर-प्रादेशिक र स्थानीय तहबीच समन्वय गर्नु, बस्तु तथा सेवाको कारोबारमा बिल लिने र दिने प्रचलनको विकास गर्नु, गुणस्तरीय वस्तुको उपलब्धता र आन्तरिक उत्पादन एवम् स्वच्छ तथा प्राङ्गारिक उत्पादनको खपत बढाउनु र उपभोक्ताको हकहित संरक्षणका लागि प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्नु आदि प्रमुख चुनौती हुन् ।

आन्तरिक व्यापारिक गतिविधि बढ्नु, यातायात पूर्वाधारको विकासले गाउँ र सहरको अन्तरसम्बन्ध बलियो हुनु, वैदेशिक रोजगारीले क्रयशक्ति बढ्न गई आन्तरिक बजारको विस्तार र क्षमता बढ्नु, अन्तराष्ट्रिय नाका सुचारु हुनु, सुख्खा बन्दरगाह निर्माणको चरणमा रहनु, प्रविधिमैत्री ब्यापारिक केन्द्रहरु स्थापना तथा सञ्चालन हुनु, वस्तु तथा सेवाको छनौटमा सहजता, स्थानीय तहमा बजार केन्द्रहरु विकसित हुँदै जानु आदि प्रमुख अवसर हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

वाणिज्य तथा आपूर्ति क्षेत्रको प्रगति, प्रदेशको समग्र समुन्नति।

### ४.२ लक्ष्य

वाणिज्यको माध्यमबाट आपूर्ति व्यवस्थालाई सहज बनाउने ।

### ४.३ उद्देश्य

- प्रतिस्पर्धात्मक व्यापारिक गतिविधि वृद्धि गर्नु ।
- सर्वसुलभ आपूर्ति प्रणाली स्थापित गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुदृढ र सक्षम वाणिज्य तथा आपूर्ति प्रणाली स्थापित गर्ने। | क) वाणिज्य, आपूर्ति तथा उपभोक्ता र व्यवसायीको हकहित संरक्षण एवम् स्वस्थ र स्वच्छ प्रतिस्पर्धा र मूल्य सूची सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा गरी कार्यान्वयन र परिपालना गरिनेछ।<br>ख) स्थानीय स्तरबाट व्यवसाय दर्ता र अनुगमन गर्ने प्रणालीलाई सहज र प्रभावकारी बनाईनेछ।<br>ग) निजी क्षेत्र एवम् स्थानीय तहसँग सहकार्य गरी प्रदेश भित्र स्थानीय र स्वदेशी वस्तुको प्रयोगमा जोड दिइने छ।<br>घ) स्थानीय तहका वाणिज्यसँग सम्बन्धित संघ संस्थाहरुसँगको समन्वयमा गाउँ शहर अन्तरसम्बन्ध स्थापित गरी व्यापार प्रवर्द्धन गरिनेछ।<br>ङ) स्वच्छ, पारदर्शी र स्तरीय व्यवसायिक वातावरण र व्यापारकालागि व्यवसाय सञ्चालकलाई अभिमुखीकरण तालिम प्रदान गरिनेछ। |
| २. भौतिक पूर्वाधारको यथोचित व्यवस्था गरी प्रादेशिक व्यापार प्रवर्द्धन गर्ने । | क) व्यापारिक रणनीतिक केन्द्रमा सडक, विद्युत, सञ्चार लगायत सुविधा विस्तार गरिनेछ।<br>ख) परम्परागत हाटबजार प्रणालीको आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ।<br>ग) तुलनात्मक लाभको आधारमा जिल्लागत रुपमा भिन्न-भिन्न वस्तु उत्पादन गरी व्यापार बढाइनेछ<br>घ) व्यापार प्रवर्द्धन तथा आपूर्तिमा सूचना प्रविधिको प्रयोग मार्फत आधुनिकीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. आधारभुत तथा उपभोग्य वस्तुको भण्डारण, बजारीकरण र गुणस्तर कायम गरी आपूर्ति गर्ने। | क) आधारभुत उपभोग्य वस्तुको आपूर्ति व्यवधान हटाउन स्थानीय तहमा भण्डारणको व्यवस्था मिलाइनेछ र परम्परागत धर्म भकारी, पैचो प्रथाको समयोचित परिमार्जन गरी यसलाई प्रवर्द्धन गरिनेछ ।<br>ख) संकट वा विपतकालमा प्रयोग गर्न सकिने गरी पर्याप्त मात्रामा प्रदेशको संकटकालीन न्यूनतम खाद्यान्न भण्डारण (Buffer Stock) कायम गर्न खाद्य संस्थान वा अन्य आपूर्तिकर्तासँग करार गरी आपूर्तिको प्रत्याभूति गरिनेछ ।<br>ग) गुणस्तरीय वस्तुको आपूर्ति प्रभावकारी बनाउन नियमित बजार अनुगमन गरिनेछ।<br>घ) सहकारीलाई सुपथ मूल्यका पसल खोल्न प्रोत्साहन गरिनेछ।<br>ङ) कृषि बजारको प्रवर्द्धनमा निजी क्षेत्र र सहकारीको भूमिका बढाई बिचौलियाको भूमिका निरुत्साहित गरिनेछ ।<br>च) नियमित अनुगमनका माध्यमबाट न्यून गुणस्तरीय वस्तु तथा सेवाको विक्री वितरणलाई निरुत्साहित गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

आपूर्ति प्रणालीको सुदृढीकरण मार्फत उपभोक्ता सन्तुष्टीमा वृद्धि हुने, व्यवसायिक व्यापारिक गतिविधि बढेको हुने, विभिन्न जिल्लामा हाटबजार व्यवस्थित भएको हुने, अत्यावश्यक बस्तुको पर्याप्त भण्डारण भई मौज्दातको जानकारी अद्यावधिक गर्ने एवम् आपूर्तिलाई सहज र सुलभ बनाउने संयन्त्रको विकास भएको हुने, सबै स्थानीय तहहरुमा सूपथ मूल्य पसल स्थापना भएको हुनेछ।

## ५.४ खाद्य सुरक्षा तथा पोषण

### १. पृष्ठभूमि

खाद्य सुरक्षा तथा पोषणका दृष्टिले प्रदेशको अवस्था अन्य प्रदेशको तुलनामा कमजोर रहेको छ । प्रदेशमा रहेका कूल घर परिवार मध्ये करिब ५०.३ प्रतिशत घर परिवार मात्र आधारभूत खाद्य सुरक्षाको अवस्थामा रहेको छ भने करिब आधा घर परिवार खाद्य सुरक्षाको अभाव झेल्न बाध्य छन् । त्यस्तै पाँच वर्ष मुनिका बच्चा मध्ये पुड्कोपन भएका बालबालिकाको संख्या करिब ३५.९ प्रतिशत हुनु र पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका ३३.३ प्रतिशत हुनुले प्रदेशको बाल कुपोषणको अवस्था कमजोर रहेको दर्शाउँछ। खाद्य सुरक्षा तथा पोषणको अवस्था कमजोर रहनुमा पहाडी र हिमाली धरातलीय

स्वरुप हुँदा कृषि उत्पादन र उत्पादकत्व कम हुनु, किसानहरुमा उन्नत बिउ, मल, प्रविधि सम्बन्धी जानकारी एवम् लगानी क्षमता कमजोर हुनु, बजारले आपूर्ति गरिएका खाद्य तथा पोषण युक्त पदार्थ किन्न नसक्नु, यातायात पहुँच कमजोर हुँदा आपूर्ति प्रणाली राम्रो नहुनु, सरकारी प्रयास कमजोर रहनु, ग्रामीण बासिन्दामा स्थानीय र सन्तुलित आहार बारे चेतनास्तर कमजोर रहनु, भेदभाव युक्त पारिवारिक र सामाजिक प्रथा र परम्पराको प्रभाव रहनु जस्ता कारणहरु विद्यमान छन् । खाद्य सुरक्षा एवम् पोषण क्षेत्र खाद्य सम्प्रभुता, मानव अधिकारसँग तीनवटै तहका सरकारको साझा चासो, सरोकारको विषय पनि हो । खाद्य सुरक्षा र पोषणमा गरिएको पहल र लगानीले मानवीय विकास र आर्थिक सामाजिक उत्थानमा उत्साहप्रद प्रतिफल दिने विषय प्रष्ट भै सकेको छ । प्रदेशको विकास र समृद्धिको तस्वीर मोहक र आकर्षण एवम् स्वस्थकर तुल्याउन खाद्य सुरक्षा र पोषण क्षेत्रमा उपयुक्त नीति, योजना अवलम्बन गर्न र उल्लेख्य लगानी र पहल गर्नु पर्ने भएको छ ।

## २. प्रमुख समस्या

पहाडी र हिमाली भू-भागमा खाद्य पदार्थको उत्पादन एवम् उत्पादकत्व कम हुनु, प्रदेशको कूल खाद्य उत्पादन प्रदेशको खाद्य आवश्यकता धान्न पर्याप्त भए पनि गरिबी र बजारमा पहुँचको अभावले सबैले यथेष्ठ मात्रामा खरिद गर्न सक्ने अवस्था नहुनु, गरिब घर परिवारको खाद्य र पोषण सुरक्षा एवम् पहुँच कम हुनु, मूल्य वृद्धिको कारण सीमान्तकृत घर परिवारले खाद्य वस्तु र पोषक पदार्थ यथेष्ट प्राप्तीमा वा ऋयशक्तिमा कठिनाई हुनु, स्थानीय रैथाने पोषिलो बालीको महत्व बारे अनभिज्ञ रहनु, स्थानीय रैथाने बाली लोपोन्मुख हुनु, वातावरणीय वा जलवायु परिवर्तनका कारण प्राकृतिक प्रकोप वा मौसमी प्रतिकूलता बढ्दा खाद्य उत्पादकत्व र उत्पादन घट्नु, जथाभावी तवरले कीटनाशक विषादीको प्रयोग बढ्नु, बजारबाट आपूर्ति भएका खाद्यवस्तुको गुणस्तर र शुद्धतामा समस्या रहनु, प्रदेश र स्थानीय तहको खाद्य सुरक्षा र पोषण स्थिति सम्बन्धी तथ्यांकाधार नहुनु, जनप्रतिनिधिहरुमा खाद्य सुरक्षा तथा पोषणको स्थिति, समस्या र समाधानका उपाय एवम् आफूले खेल्न सक्ने भूमिका बारे प्रष्ट नहुनु, प्राङ्गारिक कृषि उत्पादन र पोषण अवस्था सुधार गर्न सकिने स्थानीय पहल बारे जनचेतनाको स्तर कमजोर रहनु यस क्षेत्रका मुख्य समस्या हुन् ।

## ३. चुनौती तथा अवसर

प्रदेशलाई आत्मनिर्भर र समृद्ध बनाउने सोचलाई सार्थक रुपमा व्यवहारमा उतार्न प्रदेशमै र यसमा पनि पहाडी तथा हिमाली क्षेत्रमै खाद्यान्नको उत्पादन र उपलब्धता बढाएर खाद्य सुरक्षा एवम् पोषण सुरक्षाको स्थिति कायम गर्नु, बिकट दुर्गम गाँउ बस्तीमा सडक सञ्जालको कमिका कारण खाद्य पदार्थको अभाव र कुपोषणको समस्या नहुने गरी आपूर्ति व्यवस्थालाई चुस्त दुरुस्त अवस्थामा सुचारु गर्नु, खाद्य सुरक्षा र पोषण अवस्था सुधार्ने बारे स्थानीय घर परिवार, जनप्रतिनिधि, स्थानीय तह, व्यापारी, आपूर्तिकर्ता, नीति निर्माता एवम् संघीय सरकार समेतको

समन्वय, सहकार्यमा खाद्य सुरक्षा एवम् पोषण युक्त प्रदेश कायम गर्ने गरी बहुपक्षीय ठोस कार्य योजना तर्जुमा र कार्यान्वयन गर्नु, पोषण मैत्री शासन तथा खाद्य सुरक्षा र पोषण बारे नागरिक चेतनास्तर अभिवृद्धि गर्नु प्रमुख चुनौती हुन् ।

खाद्य सम्प्रभुता, अधिकार एवम् सुरक्षा र पोषण बारे संवैधानिक र कानुनी व्यवस्था, दिगो विकासको लक्ष्यमा यस क्षेत्रले अहम् महत्व राख्नु, बहु क्षेत्रीय पोषण योजना (दोस्रो) कार्यान्वयन हुनु, पोषण मैत्री स्थानीय तहका लागि निर्देशिका कार्यान्वयन हुंदै गर्नु, दुर्गम स्थानमा खाद्यान्न ढुवानीमा सहुलियत व्यवस्था विद्यमान रहनु, सडक सञ्जाल र सूचना तथा सञ्चार सञ्जालको विस्तारले खाद्य सुरक्षा एवम् पोषण बारे परम्परागत स्थिति र धारणामा परिवर्तन आउनु अवसरका रुपमा रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

खाद्य एवम् पोषण सुरक्षायुक्त प्रदेश ।

### ४.२ लक्ष्य

पोषित र गुणस्तरीय खाद्य उपलब्धताको सुनिश्चितता प्राप्त गर्ने ।

### ४.३ उद्देश्य

- पोषणयुक्त र गुणस्तरीय खाद्यमा सबैको पहुँच पुऱ्याउनु ।
- कृषि, वन एवम् उद्योग वाणिज्य क्षेत्रको विकासद्वारा पोषणयुक्त खाद्य आपूर्तिमा आत्मनिर्भर हुनु ।
- खाद्य तथा पोषण जोखिम सम्भाव्य समुदाय पहिचान गरी खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. खाद्य एवम् पोषण सुरक्षायुक्त प्रदेश कायम गर्ने । | क) खाद्य एवम् पोषण सुरक्षा नीति, योजना, रणनीति र कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।<br>ख) खाद्य एवम् पोषण सुरक्षा / जोखिम सम्बन्धी तथ्यांकाधार तयार गरिनेछ।<br>ग) भोकमरी वा कुपोषणको जोखिममा रहेका बालबालिका परिवार र समुदायको खाद्य तथा पोषण सुरक्षाका लागि सहयोग र टेवा पुऱ्याई सुरक्षा तथा पोषण सुरक्षायुक्त प्रदेश घोषणा गर्न बहुपक्षीय सहयोग जुटाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. जैविक विविधताको संरक्षण र रैथाने वालीको प्रवर्द्धन गर्ने । | क) कृषि जैविक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान र प्रसार, प्रोत्साहन गरी संरक्षण र सम्वर्द्धन गर्ने र उपयोग बढाइने छ।<br>ख) स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन प्रोत्साहन गरिनेछ ।<br>ग) रैथाने बालीको परिकार विकास र प्रवर्द्धन गरिनेछ ।<br>घ) रैथाने खाद्य संरक्षण, सापटी, भण्डारण एवम् क्षति न्यूनीकरण पद्धति तथा पोषण सम्बन्धी असल व्यवहारहरुको संरक्षण र प्रसार गरिनेछ । |
| ३. पोषण युक्त खाद्य सुलभता र आपूर्ति सुनिश्चितता कायम गर्ने । | क) प्रदेशको खाद्य एवम् पोषण सम्बन्धी आवश्यकता अनुसार सुलभ पहुँचयुक्त निर्वाध आपूर्ति व्यवस्था कायम गर्ने ।<br>ख) बहुपक्षीय संलग्नतामा प्रदेश खाद्य बैंक स्थापना गरी सवल संस्थागत संरचना र पद्धतिको परीक्षण, विकास र विस्तार गरिनेछ ।<br>ग) खाद्य तथा पोषण जोखिम युक्त क्षेत्र र समुदायमा विशेष निगरानी प्रणाली कायम गर्ने र खाद्य तथा पोषण सुरक्षामा समस्या आउनु पूर्व नै उपचारात्मक पद्धति अपनाउने व्यवस्था गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>घ) आपूर्ति सुनिश्चितता र गुणस्तरीयताका लागि अनुगमन व्यवस्थालाई प्रभावकारी तुल्याइने छ । |
| ४. विपदकालमा खाद्य एवम् पोषण सुरक्षा कायम गर्न पूर्व तयारी गर्ने । | क) विपद अवस्थामा खाद्य एवम् पोषण सुरक्षा कायम गर्न भण्डारणको उचित व्यवस्था मिलाइनेछ ।<br>ख) विपद्कालमा खाद्य एवम् पोषण व्यवस्था गर्ने विषयमा क्रियाशील निकाय, स्थानीय तह एवम् केन्द्रीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।<br>ग) विपद प्रतिकार्य योजना तर्जुमा गरिनेछ ।<br>घ) विपद अवस्थामा हुने सक्ने खाद्य तथा पोषण जोखिम, मिसावट, मूल्यवृद्धि, कृत्रिम अभाव आदिको नियन्त्रण गर्न नियमन व्यवस्था र निकायलाई प्रभावकारी तुल्याइनेछ । |

### ५. अपेक्षित उपलब्धि

खाद्य एवम् पोषण सुरक्षायुक्त प्रदेश कायम भएको हुने, प्रदेश खाद्य बैंक स्थापना भएको हुनेछ ।आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवारको अनुपात बढेको हुने, पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका र पुड्कोपना भएका बालबालिकाको अनुपात घटेको हुनेछ र प्रदेशमा भोकमरीको समस्याबाट मुक्ति मिलेको हुनेछ ।

## ५.५ सहकारी क्षेत्र

### १.पृष्ठभूमि

समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई परिचालन गरी गरिबी निवारण गर्न र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गरी समृद्ध समाजको निर्माण गर्न सहकारी क्षेत्रले महत्वपूर्ण योगदान दिन सक्छ। बचत परिचालन तथा कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय भएता पनि सहकारी क्षेत्रलाई ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना, आय आर्जन र गरिवी निवारणको माध्यम बनाउनका लागि यसको विकास, विस्तार र प्रवर्द्धन एवम् लक्षित वर्गमुखि बनाउन आवश्यक भएको छ। सहकारी क्षेत्रलाई लघुवित्त कारोवारसँगै शैक्षिक विकास, उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराउनु पर्ने आवश्यकता रहेको छ । यस प्रदेश भित्र २ हजार ६० वटा विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरू र ९ ओटा जिल्ला सहकारी संघ, १४ विषयगत सहकारी संघहरू क्रियाशील छन् । सहकारी संस्थामा ५ लाख ४२ हजार ९८९ सदस्यहरू आबद्ध रहेका छन् ।यसमा महिलाको संख्या ३ लाख १९ हजार १०० र पुरुषको संख्या २ लाख २३ हजार ८८९ जना रहेका छन् । सहकारी क्षेत्रमा महिला सदस्यको सहभागिता करिब ५६.८५ प्रतिशत रहेको छ भने नेतृत्वमा महिलाको पहुँच ४३ प्रतिशत पुगेको छ । प्रदेशको कुल जनसंख्याको करीव २१.९८ प्रतिशत सहकारीमा आवद्ध रहेका छन् । यस क्षेत्रले झन्डै २ हजार ८ सय नागरिकहरूलाई प्रत्यक्ष र २ लाख भन्दा बढीलाई अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको अनुमान छ । सहकारी विभागबाट प्रकाशित २०७७ को तथ्याङ्क अनुसार यस प्रदेशको सहकारी संघ संस्थाहरूको कुल शेयर पूँजी रु. २ अर्ब १ करोड, बचत रु. १० अर्ब ४४ करोड र लगानी रु. ११ अर्ब ५० करोड रहेको छ । सबै जिल्लामा सञ्जाल विस्तार भएको यस क्षेत्रले महिला, विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिवासी, जनजाति, मधेसी, दलित, शारीरिक अशक्तता भएका व्यक्ति, अल्पसङ्ख्यक सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ।

### २. प्रमुख समस्या

सहकारी सम्बन्धी शिक्षा र चेतनाको विस्तार अपेक्षित रुपमा हुन सकेको छैन । सहकारी क्रियाकलापको सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोबारमा बढी देखिएको छ । केही सहकारी संस्थाहरुमा सहकारीका सिद्धान्त, मूल्य,

मान्यताको अनुपालनाको अवस्था कमजोर रहेको छ । कतिपय सहकारी संस्था सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा रहेका छन् । अत्याधिक संख्यामा सहकारी संघ संस्थाको विस्तार, दोहोरो सदस्यता, व्यवसायिक योजना नहुनु, वित्तीय सुशासनको कमी जस्ता कारणले यस क्षेत्रमा वित्तीय जोखिम वढेको छ । सहकारी प्रशिक्षालय स्थापना हुन ढिला हुनु, जनशक्तिको कमी जस्ता समस्या रहेका छन् । यस्तै ठूलो संभावना भए तापनि सदस्यको समग्र उन्नति र प्रगतिमा भन्दा केही सीमित टाठा बाठाहरुको हितमा केन्द्रित रहने, उत्पादनमुखि भन्दा उपभोग र घर जग्गा कर्जा बढाई मुनाफा बढाउनमा मात्र ध्यान दिने जस्ता समस्याहरु पनि रहेका छन् ।

## ३. चुनौती तथा अवसर

प्रदेशको सहकारी सम्बन्धी नीति, ऐन-नियम र संरचना निर्माण गर्ने, प्रादेशिक स्तरमा सहकारी क्षेत्र हेर्ने निकायको स्थापना गर्ने, उत्पादनशील र रोजगारी क्षेत्रमा सहकारीको योगदान बढाउने, सहकारी एकीकरण, उद्देश्य अनुरूप कार्य नगर्ने सहकारीको नियमन गर्नु, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने चुनौतीहरू रहेका छन् ।

सहकारिताका माध्यमबाट रोजगारी, उत्पादन,आयवृद्धि तथा गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, सहकारीमा आधारित उत्पादन, प्रशोधन र वजारीकरण गर्ने उद्योग स्थापना, सहकारीमा सहभागीहरूको शिक्षा तथा क्षमता अभिवृद्धि गर्ने, स-साना बचतलाई परिचालन गरी पूँजी निर्माणमा योगदान पुऱ्याउने, नागरिकहरुमा सहकारिता तथा सहयोगी भावनाको विकास गर्ने र स्थानीयस्तरमा वित्तीय अन्तर सम्बन्ध कायम गर्ने अवसर रहेका छन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

आर्थिक-सामाजिक र साँस्कृतिक विकासका लागि सहकारी ।

### ४.२ लक्ष्य

स्थानीय पूँजी, स्रोत, श्रम र सीपको परिचालन गरी रोजगारी, उत्पादन र उत्पादकत्व बढाउने ।

### ४.३ उद्देश्य

- सहकारी मार्फत वित्तीय पहुँच बढाई स्रोत परिचालन र गरिबी निवारणमा योगदान पुऱ्याउनु।
- सहकारीमा आधारित उत्पादन, उद्यम र सेवा व्यवसायको विकास र विस्तार गरी आर्थिक-सामाजिक विकासमा योगदान पुऱ्याउनु।
- सहकारीको सिद्धान्त, मूल्य अनुरुप सुशासन कायम गर्नु।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सहकारी संस्थाहरूलाई उत्पादनशिल तथा सामाजिक व्यवसायका क्षेत्रमा क्रियाशील गराउने। | क) सहकारी क्षेत्रको विकासका लागि आवश्यक नीति तथा कानुनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवम् उपयुक्त सङ्गठन संरचनाको स्थापना गरिनेछ।<br>ख) स्थानीय स्रोत साधन र कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामाग्री आपूर्तिको लागि स्थानीय कृषकहरुको सहभागीतामा स्थापना गरिएको सहकारीमा आधारित उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>ग) ग्रामीण क्षेत्रको कृषि सहकारीहरुलाई विषयगत आवश्यकताको आधारमा निर्दिष्ट कार्यविधि बमोजिम कर्जाको व्याजमा अनुदान र कृषि सामग्री र मेशिन औजारको खरिद लगायतको पूँजीगत खर्चमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।<br>घ) सहकारी खेती, सहकारी उद्योग, सहकारी वितरण सेवा र सहकारी व्यवसायको विकास तथा प्रबर्द्धनका लागि आवश्यक भौतिक पूर्वाधार र सुविधा सहितको बजार तथा मूल्यश्रृंखला र सूचना केन्द्रको विकास गरिनेछ।<br>ङ) भूमिहीन तथा साना किसानहरुलाई सहकारी खेती गर्न प्रयोगमा नआएका सार्वजनिक एवम् निजी बाँझो जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।<br>च) सहकारीका बचतकर्ताहरूको बचतको सुरक्षाको प्रत्याभूति गर्न बचत सुरक्षण बिमाको व्यवस्था गरिनेछ । |
| २. अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने। | क) सहकारी डिभिजन कार्यालय स्थापना गरी अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी वनाईनेछ ।<br>ख) सहकारी तथा गरिबी सम्बन्धी एकीकृत सूचना प्रणाली (COPOMIS) को प्रयोग गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।<br>ग) सहकारी संघ संस्थामा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनको पालनालाई थप प्रभावकारी बनाईनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि गर्नका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम् व्यवस्थापन व्यापक तुल्याउने । | क) सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको स्थापना गरी सांगठनिक क्षमता विकास गरिनेछ ।<br>ख) सहकारी संस्थाहरुलाई व्यवसायिक रुपमा सक्षम तुल्याउन सहकारीका सदस्यहरुलाई लक्षित गरी प्राविधिक तथा व्यवसायिक तालिमका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>ग) प्रदेशको समृद्धिका लागि जनसरोकारका अन्य क्षेत्रमा सहकारीको भूमिका विस्तार गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

सहकारी संस्थाको सङ्ख्या २ हजार ५०० पुगेको र सहकारी सदस्य सङ्ख्या वृद्धि भई ६ लाख पुगेको हुनेछ। सहकारी संघ संस्थाहरूको कुल शेयर पूँजी रु. २ अर्ब ५० करोड, बचत सङ्कलन रु. ११ अर्ब ५० करोड र लगानी रु. १३ अर्ब पुगेको हुनेछ । सहकारी संघ संस्थाको नेतृत्वमा महिला सदस्यको प्रतिनिधित्व ५० प्रतिशत र सहकारी क्षेत्रबाट प्रत्यक्ष रोजगारी पाउनेको सङ्ख्या ४ हजार पुगेको हुनेछ । तालिम प्राप्त सहकारी कर्मीहरूको सङ्ख्या १५ हजार पुगी नेतृत्व विकास र व्यवस्थापन सीप विकास भएको हुनेछ । कुल सहकारी संस्थाहरू मध्ये निष्कृय सहकारी संस्थाको अनुपात १२ प्रतिशतबाट घटेर ८ प्रतिशत कायम भएको हुनेछ। सहकारी सुशासन कायम भएको हुने, दोहोरो सदस्यता अन्त्य भई बचत तथा ऋण सहकारी संस्थाको विश्वसनीयता बढेको हुनुका साथै सहकारीको माध्यमबाट सम्भाव्य आर्थिक क्षेत्रमा लगानी अभिवृद्धि भई प्रदेशको समग्र अर्थ व्यवस्थामा टेवा पुगेको हुनेछ।

## ५.६ निजी क्षेत्र

### १. पृष्ठभूमि

निजी क्षेत्रको लगानीको उत्पादन, वितरण र रोजगारीमा ठूलो महत्व रहन्छ । यस क्षेत्रको व्यवसायिक कुशलता, प्रतिस्पर्धात्मक क्षमता र उत्साहले प्रदेशको आर्थिक समुन्नतिमा अहम् भूमिका रहन्छ । नेपालको संविधानले निजी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख संवाहकको रुपमा मानेको छ । नेपालले अंगिकार गरेको तीन खम्बे अर्थ नीति र खुला उदार एवम् बजारमैत्री नीतिले निजी क्षेत्रको महत्वलाई अझै बढाएको छ। अर्थतन्त्रका प्रायः सबै क्षेत्र उप-क्षेत्रहरु निजी क्षेत्रका लागि खुला रहेका छन् र सरकारले नियमनकारी भूमिकालाई प्रभावकारी बनाउँदै आएको छ । राज्यको नीति कानुनको परिधि भित्र रहेर निजी क्षेत्रले जोखिम लिएर उद्यमशीलता बढाउन, नवप्रवर्तन गर्न, स्रोत जोहो गरी प्रतिफल बढाउन र जिम्मेवारीपूर्वक पेशा व्यवसाय संचालन गर्न पाएको छ र राज्यले यसमा सहयोगी एवम् नियामकको भूमिका निर्वाह गर्दै आएको छ। प्रस्तुत प्रादेशिक योजनाको मुख्य क्षेत्रहरु कृषि,

वन, उर्जा, निर्माण, व्यापार, होटल, रेस्टुरेण्ट, आवास तथा जग्गा, उद्योग, खानी, शिक्षा, स्वास्थ्य, बैंक तथा सहकारी आदिमा गरिने लगानीमा निजी क्षेत्रकै प्रधानता रहने भएकोले यो योजनाको सफलतामा निजी क्षेत्रको उत्साह, लगानी, क्षमता, दक्षता, नैतिकता र प्रतिस्पर्धात्मकताको ठूलो महत्व रहनेछ ।

## २. प्रमुख समस्या

प्रदेशको भौगोलिक अवस्थिति, कमजोर पूर्वाधार, सिमीत स्रोत साधनको उपलब्धता, दक्ष जनशक्तिको कमी सानो बजार र कमजोर क्रयशक्ति जस्ता कारणले निजी क्षेत्रको आकर्षण, उत्साह, प्रतिस्पर्धात्मक क्षमता, व्यवसायिक कुशलता र रोजगारी दिने क्षमता कमजोर रहेको छ। नीतिगत अस्पष्टता र अन्योलता, जटिल र नियन्त्रणमुखी कानुनको बाहुल्यता, प्रक्रियागत जटिलता, संरक्षणको अभाव र लाभ सुनिश्तित नहुने एवम् थप जोखिम हुने स्थितिले पनि समस्या थपेका छन्। सुशासनको कमी, उद्यमशिलताको अभाव, प्राविधिक र वित्तीय सेवा सुविधा नपाउनाले पनि निजी क्षेत्र समस्याग्रस्त हुन पुगेको छ। निजी क्षेत्र एकाधिकार, संरक्षणवाद, नाफामुखि, अस्वस्थ व्यापार र सिण्डिकेट जस्ता प्रवृत्ति देखिन्छ । उपभोक्ता हित सचेतना, गुणस्तरीय वस्तु आपूर्तिको सुनिश्चितता, सामुदायिक हित सचेतनाको न्यूनस्तर उपभोक्ता जागरण नहुनु पनि जल्दोबल्दो समस्या नै हुन् । कमजोर नियमन प्रणालीले पनि निजी क्षेत्र पछि परेको छ।

## ३. चुनौती तथा अवसर

प्रदेशको प्राकृतिक सम्पदा र स्रोत साधन एवम् जनशक्तिको उच्चतम उपयोग हुने गरी उद्योग व्यवसायमा लगानी नभैरहेको अवस्थाको वस्तुगत मूल्यांकन गरी राजनीतिक प्रतिवद्धता र व्यवसाय मैत्री नीति र पद्धतिको सुनिश्चितता सहितको ठोस लगानी प्रवर्द्धन प्याकेज ल्याएर निजी क्षेत्रको लगानी बढाउनु, प्रतिस्पर्धात्मक क्षमता, व्यवसायिकता, कुशलता, दक्षता, व्यवसायिक निष्ठा एवम् जवाफदेहीता बढाएर उपलब्ध स्रोत साधनको उच्चतम उपयोग गरी उत्पादन तथा रोजगारी बढाउनु प्रमुख चुनौती रहेको छ। साथै नविनतम् प्रविधिको प्रयोग, नवप्रवर्तन, घरेलु एवम् विश्व बजारमा उपलब्ध अवसरको उपयोग हुन सक्ने वातावरण सृजना गर्नु पनि चुनौती कै रुपमा रहेको छ । परम्परागत सीप, प्रविधि र कलाको संरक्षण, विकास र प्रवर्द्धन एवम् लघु, साना र मझौला उद्योगको स्तरोन्नति, गुणस्तरीयता एवम् वस्तु तथा सेवा प्रवाहमा हुने मुनाफोखोरी र अवाञ्छित गतिविधिको नियन्त्रण, अर्थतन्त्रको औपचारिककरण, द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौताको परिपालना र उपयोग जस्ता अन्य चुनौती रहेका छन्।

## ४. क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

### ४.१ सोच

प्रदेशको आत्मनिर्भरता र समृद्धिको संवाहक निजी क्षेत्र ।

### ४.२ लक्ष्य

निजी क्षेत्रको लगानी र उत्पादकत्व बढाई आय तथा रोजगारीमा वृद्धि गर्ने ।

### ४.३ उद्देश्य

- प्रदेशमा निजी क्षेत्रको लगानी बढाएर वस्तु तथा सेवाको उत्पादन र आय अभिवृद्धि गर्नु ।
- आत्मनिर्भरता हासिल गर्न निजी क्षेत्रको व्यवसायिक कुशलता र प्रतिस्पर्धि क्षमता बढाउन सहयोग पुऱ्याउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. निजी क्षेत्रको भूमिका, लगानी, योगदान, उत्पादन र रोजगारी बढाउन नीतिगत, कानुनी, पद्धतिगत र प्रक्रियागत पक्षमा सुधार गर्ने । | क) प्रदेशमा निजी क्षेत्रको लगानी प्रवर्द्धनमा रहेको अवरोधक तत्वहरुबारे निदानात्मक (Diagnostic) अध्ययन गरिनेछ ।<br>ख) प्रदेशमा निजी लगानी प्रवर्द्धन नीति कानुन एवम् निर्देशिका तर्जुमा गरी लागु गरिनेछ ।<br>ग) प्रदेश लगानी वोर्डको गठन गरिनेछ ।<br>घ) सुमधुर औद्योगिक सम्बन्ध कायम गर्न सहयोग गरिनेछ ।<br>ङ) बहुपक्षीय लगानीलाई समन्वय र सहजीकरण एवम् संरक्षण गरिनेछ ।<br>च) भौगोलिक र विषय क्षेत्रगत सम्भाव्यता र संतुलनलाई सामाञ्जस्यता ल्याई लगानीको समानुपातिक विकास गरिनेछ ।<br>छ) लगानी र व्यवसाय दर्ता सम्बन्धी कार्य एकद्वार प्रणालीबाट सहज गरिनेछ ।<br>ज) हरितमैत्री, जडीबुटी एवम् खनिजजन्य सम्पदाको उपयोग गर्न विशेष प्याकेज ल्याइनेछ ।<br>झ) प्रदेशमा हुने लगानीलाई ठोस आधार र मापदण्ड अनुरुप कर, कर्जा, बीमा, कच्चामाल, श्रम सम्बन्ध, जग्गाप्राप्ति, उर्जा, पानी, सडक, दक्ष जनशक्ति, यन्त्र-उपकरण आयात आदिमा छुट सहुलियतयुक्त प्याकेज सहितको विशेष प्राथमिकता प्राप्त प्रदेश कायम गरी सहुलियत प्रदान गर्न केन्द्रसँग पहल/पैरवी गरिनेछ। |
| २. निजी क्षेत्रको लगानीमा व्यवसायिक कृषि प्रवर्द्धन गर्ने । | क) अनुसन्धान, नव प्रवर्तन र प्रविधि अवलम्बनमा सघाएर कृषिको व्यवसायीकरणमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने गरी प्रदेशको कृषि विकास रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।<br>ख) कृषि विकासमा आवश्यक कर्जा, रासायनिक मल, प्रांगारिक मल |

| रणनीति | कार्यनीति |
|---|---|
| | बिउ आदि सहज उपलब्ध हुने गरी उपयुक्त व्यवस्था गरिनेछ ।<br>ग) बीमा, अनुदान, भण्डारण र बजारीकारणको समस्या समाधान गर्न वित्तीय टेवा उपलब्ध गराइनेछ ।<br>घ) प्रदेशको भौगोलिक अवस्थिति, सीमावर्ती क्षेत्र आदिको उचित उपयोग हुने गरी High Value Crops को व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ ।<br>ङ) प्रदेशको सम्भाव्यताका आधारमा पकेट क्षेत्र कायम गरी विशेष सेवा टेवाको व्यवस्था गरिनेछ ।<br>च) कृषिको व्यवसायिक विकास र कृषिजन्य पदार्थमा आधारित उद्योगलाई प्रोत्साहित गर्न ब्राण्डिङ्ग गर्ने, WTO अनुसार Index गर्ने र केन्द्रसँग समन्वय गरी सहुलियत उपलब्ध गराइनेछ । |
| ३. पूर्वाधार र निर्माण उद्योगमा निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाउने । | क) निजीक्षेत्रको लगानी र संलग्नतामा पूर्वाधार निर्माण प्रवर्द्धन गर्न नीतिगत र कानूनी व्यवस्था र प्रोत्साहन गरिनेछ ।<br>ख) निर्माण व्यवसायको विकासका लागि आवश्यक प्रविधि, प्राविधिक कर्जा उपलब्धिमा सघाउने र समय मै निर्माण सम्पन्न गर्नेलाई थप प्रोत्साहन दिने कार्ययोजना बनाइनेछ ।<br>ग) निर्माण कार्यका लागि आवश्यक जनशक्ति तालिम र विकास गर्न प्रोत्साहन गरी रोजगारी र आय वृद्धि गरिनेछ ।<br>घ) निर्माण सामाग्रीको उत्पादन यस प्रदेशको सम्भाव्य क्षेत्र भएकोले आवश्यक प्रोत्साहन दिइनेछ ।<br>ङ) जलविद्युत र सुलभ आवास निर्माण उद्योगलाई प्रोत्साहन गरिनेछ। |
| ४. सेवा क्षेत्रलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउने । | क) सेवा क्षेत्र प्रवर्द्धनका लागि ठोस कार्य योजना बनाई लागु गरिनेछ ।<br>ख) शिक्षा, स्वास्थ्य, व्यापार व्यवसाय, बैकिङ्ग, पर्यटन, यातायात संचार क्षेत्रको समानुपातिक र समन्यायिक वितरणमा सघाएर प्रदेशको विकासमा तीव्रता ल्याउन बहुपक्षीय समन्वय गरिनेछ ।<br>ग) सेवा क्षेत्रमा नव-प्रवर्तन प्रविधिको उपयोग र ICT उपयोगलाई सघाइनेछ ।<br>घ) ICT सम्बन्धी उच्च अध्ययन प्रतिष्ठान स्थापनामा सघाइनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ङ) शिक्षा, स्वास्थ्य, कृषि एवम् पर्यापर्यटनको प्रवर्द्धनका लागि विशेष कार्य योजना लागू गरिनेछ । |
| ५. निजी क्षेत्रलाई प्रतिस्पर्धी, स्तरीय, विश्वसनीय र जिम्म्बार बनाउने। | क) निजी क्षेत्र सहयोगी हुने गरी प्रदेशको Edge of Doing Business को सूचक सर्भे गर्ने र सीमा सुधार ल्याइनेछ ।<br>ख) Startup Business लाई सघाउने उपकरणहरु विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>ग) संस्थागत संस्कृति र सुशासन प्रवर्द्धन गर्न प्रबन्ध गरिनेछ।<br>घ) उद्यमशीलता प्रवर्द्धन गर्न अनुदान, कर्जा, प्राविधिक सहयोग बजारीकरण टेवा जस्ता सुविधाहरु उपलब्ध गराइनेछ ।<br>ङ) गुणस्तर अभिवृद्धि र संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी मापदण्ड लागु गरिनेछ ।<br>च) सुमधुर औद्योगिक सम्बन्धका लागि निजी क्षेत्रको सकारात्मक पहलकदमीमा आवश्यक व्यवस्था गरिनेछ ।<br>छ) हरितमैत्री, महिला मैत्री, बालश्रम मुक्त व्यवसायलाई प्रोत्साहन गरिनेछ ।<br>ज) निजी क्षेत्रले सेवा प्रवाहमा लापरवाही वा अवरुद्ध गरेको वा असक्षम रहेको (Market Failure) अवस्थामा सेवा प्रवाहको वैकल्पिक व्यवस्थाका लागि उचित पूर्वतयारी व्यवस्था गरिनेछ।<br>झ) निजी क्षेत्रको निष्पक्ष, स्वतन्त्र र मूल्यमा आधारित स्वनियमनका साथै नियमनकारी निकायद्वारा नियमन वा अनुगमन गर्ने र उचित पुरस्कार र दण्ड व्यवस्था गरिनेछ । |

**५ अपेक्षित उपलब्धि**

प्रदेशमा निजी क्षेत्रको प्रवर्द्धन गर्न उपयुक्त नीति र कानुनी एवम् संस्थागत संरचना तयार भएको हुने, प्रदेशमा स्वदेशी तथा विदेशी ठूला लगानी भित्र्याउन लगानी सम्मेलनको आयोजना भएको हुने, प्रदेशमा निजी लगानी वृद्धि सृजना भै रोजगारी र आय वृद्धि भएर आत्मनिर्भर एवम् समृद्धिमा थप योगदान पुगेको हुनेछ ।

## ५.७ आर्थिक क्षेत्रका कार्यक्रमहरु

### कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापनः

### कृषि

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रादेशिक कृषि विकास नीति, कानुन र योजना निर्माण तथा कार्यान्वयन | २०७८।०७९ २०८०।०८१ | | संघ, प्रदेश र स्थानीय तह तथा प्रमुख सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा प्रादेशिक कृषि विकास नीति, कानुन र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन भएको हुने । |
| २ | कृषि कर्जा लगानी र बिमामा पहुँच | २०७८।०७९ २०८२।०८३ | | कृषि क्षेत्रमा लगानी बृद्धि गर्न सहुलियतपूर्ण कृषि कर्जा, बिमा आदिको व्यवस्था भएको हुने । |
| ३ | कृषि सामग्रीहरुको आपूर्ति, उत्पादन, प्रशोधन तथा बजारीकरण एवम् मूल्य श्रृङ्खला पूर्वाधारहरुको विकास | २०७८।०७९ २०८२।०८३ | | सहकारी तथा निजी क्षेत्रको संलग्नतामा कृषकहरुलाई आवश्यक गुणस्तरीय उत्पादन सामग्रीहरुको सहज रुपमा आपूर्ति भएको हुने।<br>कृषि प्रशोधन तथा कृषिजन्य उद्योग स्थापना गरी मूल्य श्रृंखला अभिबृद्धि र कृषक समूह, कृषि सहकारी संस्था तथा कृषि उद्यमीहरुको सहकार्यमा कृषि उत्पादन प्रशोधन तथा बजारीकरण पूर्वाधारहरुको विकास भएको हुने।<br>कृषि उपज संकलन केन्द्र, शीत भण्डार र साना सिँचाइ जस्ता पूर्वाधारहरुको विकास भएको हुने । |
| ४ | कृषि उत्पादनदेखि बजारीकरण प्रक्रियामा सहयोग र सहजीकरण | २०७८।०७९ २०८२।०८३ | | कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण प्रक्रियामा विशेष प्राविधिक र आर्थिक सहयोग, तालिम, नवीनतम प्रविधि अवलम्वन तथा प्रसार सहयोग, |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | समन्वय र सहजीकरण आदिको व्यवस्था भएको हुने। |
| ५ | प्रमुख बालीमा न्यूनतम् समर्थन मूल्य कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | प्रमुख खाद्यान्न बालीमा न्यूनतम् समर्थन मूल्य तोकी कार्यान्वयन भएको हुने । |
| ६ | कृषि शिक्षा, अनुसन्धान र प्रसारमा बहुपक्षीय समन्वय र सहकार्य | २०७८।०७९ २०८२।०८३ | | कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद, कृषिमा उच्च शिक्षा अध्ययन अध्यापन गराउने संस्था र स्थानीय तहसँग समन्वय र सहकार्य गरिएको हुने । |
| ७ | **माटो जोगाऔं–माटो जगाऔं** Soil Health Card Scheme सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | माटोको उर्वरा शक्ति र स्वच्छतालाई प्रवर्द्धन गर्नका लागि **माटो जोगाऔं–माटो जगाऔं** विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिएको हुने ।<br>कृषकहरुलाई माटो परिक्षण सेवा प्रदान गर्न Soil Health Card Scheme सञ्चालन गरिएको हुने । |
| ८ | प्राङ्गारिक खेती अभियान सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | विषादि रहित प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गरी प्राङ्गारिक खेती अभियान सञ्चालन गरिएको हुने ।<br>सम्भाब्य खास भौगोलिक क्षेत्रलाई प्राङ्गारिक कृषि उत्पादन क्षेत्र घोषणा गरिएको हुने ।<br>प्राङ्गारिक मल उत्पादन केन्द्र स्थापना तथा जैविक कीटनासक रसायनको उत्पादन, आपूर्ति र उपलव्धताको प्रवन्ध गरिएको हुने ।<br>यस्ता वालीको अध्ययन, अनुसन्धान, |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | विकास, बिउ सुरक्षा, ब्राण्डिङ्ग, भण्डारण, बजारीकरणमा विशेष सुरक्षण र सहुलियत प्रदान गरी प्रोत्साहित गरिएको हुने ।<br>**सुदूरपश्चिम प्राङ्गारिक उत्पादन वर्ष** घोषणा गरी प्रदेशको प्राङ्गारिक उत्पादनहरुलाई स्वदेशी तथा छिमेकी मुलुकहरुको बजार र नेपालीहरुको वाहुल्यता रहेको तेस्रो मुलुकका शहरहरुमा समेत निकासी प्रवर्द्धन गर्ने विशेष व्यवस्था भएको हुने । |
| ९ | प्रादेशिक कृषि अनुसन्धान केन्द्रको स्थापना | २०७८।०७९<br>२०८१।०८२ | | संघीय सरकारसँग समन्वय गरी प्रादेशिक कृषि अनुसन्धान केन्द्रको स्थापना भएको हुने । |
| १० | स्रोत फार्म, स्रोत केन्द्र र प्रयोगशालाहरुको स्थापना र स्तरोन्नति | २०७८।०७९<br>२०८१।०८२ | | प्रदेशभित्र रहेका कृषि स्रोत फार्म, स्रोत केन्द्र, प्रयोगशालाहरुको स्तरोन्नती र थप केन्द्रहरुको स्थापना गरी प्रभावकारी सेवा प्रदान भएको हुने । |
| ११ | उन्नत तथा वर्णसङ्कर जातको विकास गरी बालीको बीउ प्रतिस्थापन दर एवम् आत्मनिर्भरता बृद्धि | २०७८।०७९<br>२०८२।०८३ | | बीउ बिजन क्षेत्रको दीर्घकालीन सोच अनुरुप निजी तथा सरकारी क्षेत्रको समन्वयमा उन्नत तथा वर्णसङ्कर जातको विकास गर्न सहजीकरण गरिएको हुने।<br>बालीको बीउ प्रतिस्थापन दरमा सुधार भएको तथा बिउ सुरक्षार्थ बिउ बैंक स्थापना भै आत्मनिर्भरता बढेको हुने। |
| १२ | रैथाने तथा पोषणयुक्त र नविन एवम् उच्च मूल्यका बालीको खेती प्रवर्द्धन तथा खाद्य | २०७८।०७९<br>२०८२।०८३ | | रैथाने तथा पोषणयुक्त अन्न बाली, तरकारी र फलफूल उत्पादनका साथै नवीन र उच्च मूल्यका ओलिभ, कुरिलो, पाँचऔंले, गुच्चे च्याउ, केशर, एलमण्ड |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | यथेष्ठता र पोषण स्थितिको तथ्यांकाधार तयार | | | जस्ता बालीको खेती प्रवर्द्धन गरिएको हुने।<br>खाद्य वस्तुहरुको यथेष्ठता र पोषण स्थितिको तथ्यांकाधार तयार गरिएको हुने। |
| १३ | **सबैका लागि खाद्य तथा पोषण** विशेष अभियान | २०७८।०७९<br>२०८२।०८३ | | **सबैका लागि खाद्य तथा पोषण** विशेष अभियानमार्फत खाद्यान्न अपुग र कुपोषणको समस्या भएका पालिकाहरुमा उत्पादन वृद्धिका विशेष कार्यक्रमहरु सञ्चालन भएको हुने ।<br>स्थानीय स्तरमा उत्पादित पोषणयुक्त खाद्यान्न उपभोग सम्बन्धी सचेतना र खाद्य सञ्चय, खाद्य परिकार तयारी र खाद्य भण्डारण र पैंचो सम्वन्धी परम्परागत पद्धतिको अध्ययन र प्रवर्द्धन भएको हुने।<br>आवश्यक न्यूनतम खाद्यान्न आपूर्तिको सुनिश्चितता, खाद्य बैंङ्क स्थापना, कामको लागि खाद्यान्न कार्यक्रमको सञ्चालन आदि उपायबाट खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गरिएको हुने ।<br>गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, गरीब तथा सीमान्तकृत नागरिकहरुको पोषण स्थितिको अनुगमन तथा जोखिमको आँकलन गरी विशेष निरोधात्मक र उपचारात्मक कार्यक्रम मार्फत निजहरुको पोषण स्थितिमा सुधार गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १४ | हाट तथा कृषि बजार स्थापना र विकास | २०७८।०७९ २०८२।०८३ | | प्रत्येक पालिकामा हाट र जिल्लामा जिल्लास्तरीय कृषि बजार स्थापनाका लागि संस्थागत संरचना तथा भौतिक पूर्वाधारको विकास भएको हुने । |
| १५ | कृषि उष्मायान केन्द्र (Agrobusiness Incubation Center) सञ्चालन | २०७८।०७९ २०८०।०८१ | | प्रदेश भित्र रहेका कृषि तालिम केन्द्र, फार्म, केन्द्र र प्रयोगशालाहरु मार्फत कृषि उष्मायान केन्द्र (Agrobusiness Incubation Center) सञ्चालन गरी कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण उद्यम विकास भएको हुने । |
| १६ | कृषिमा सूचना तथा सञ्चार प्रविधिको उपयोग र नवीन अवधारणाहरु अबलम्वन | २०७८।०७९ २०८२।०८३ | | कृषिमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिएको हुने । आधुनिक प्रविधिको विस्तारका लागि इ-हाट एवम् कृषकको साथी जस्ता मोवाइल एप, कृषि अस्पताल, कृषि एम्वुलेन्स र कृषि क्लिनिक जस्ता अवधारणाहरुको उपयोग र एकीकृत बजार सूचना प्रणालीको विकास भएको हुने । |
| १७ | **मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छि विकास कार्यक्रम** परिमार्जन र विस्तार | २०७८।०७९ २०८२।०८३ | | **मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छि विकास कार्यक्रम** अझै परिमार्जन गरी स्थानीय तहहरुमा सम्भावना देखिएका कृषि उत्पादनमा उच्च वृद्धिको कार्यलाई निरन्तरता दिइएको हुने । |
| १८ | स्थानीय बालीको पकेट तथा ब्लक निर्माण गरी सघन व्यवसायिक खेती प्रणाली विकास | २०७८।०७९ २०८२।०८३ | | भौगोलिक सम्भाव्यता तथा तुलनात्मक लाभका आधारमा बहुपक्षीय समन्वयमा साना सिंचाइ, कर्जा, विऊ तथा कृषि सामाग्रिको पहुँच, प्राविधिक सेवा र बजारीकरण सेवा उपलव्ध गराइएको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | | | | हुने।<br>स्थानीय बाली तथा वस्तुहरुको पकेट तथा ब्लक निर्माण गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइएको हुने। |
| १९ | उत्पादनको आधारमा अनुदान दिने व्यवस्था थप प्रभावकारी तुल्याउने | २०७८।०७९<br>२०८२।०८३ | | उत्पादन प्रतिफलको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था थप विस्तार एवम् प्रभावकारी तुल्याइएको हुने। |
| २० | ब्राण्डिङ सहितको बजारीकरण प्रोत्साहन | २०७८।०७९<br>२०८२।०८३ | | उच्च मूल्य तथा नवीनतम् प्रविधियुक्त फार्महरुको स्थापना गर्न र प्रदेशका विशेष उत्पादनको प्रवर्द्धनको लागि ब्राण्डिङ सहितको बजारीकरणको लागि थप प्रोत्साहन गरिएको हुने । |
| २१ | उत्कृष्ट कृषक एवम् पालिकाहरुलाई पुरस्कार र अनुकरणीय अभ्यासको प्रचार प्रसार | २०७८।०७९<br>२०८२।०८३ | | कृषि पेशालाई मर्यादित तथा सम्मानित बनाउन उत्कृष्ट कृषक एवम् पालिकाहरुलाई पुरस्कृत गरिएको हुने।<br>अनुकरणीय अभ्यासहरुलाई प्रचार प्रसार गर्ने व्यवस्था गरिएको हुने । |
| २२ | कृषकहरुको वर्गिकरण गरी कृषि अनुदान निर्धारण | २०७८।०७९<br>२०८०।०८१ | | कृषकहरुको वर्गिकरण गरी उत्पादनमा दिइने कृषि अनुदानको प्रतिशत निर्धारण गरिएको हुने। |
| २३ | बाँझो जग्गामा करार खेती प्रोत्साहन | २०७८।०७९<br>२०८२।०८३ | | कृषि उपकरण बैंङ्क तथा श्रमिक अभाव हटाउन श्रम बैंङ्क सम्बन्धी अवधारणा विकास एवम् स्थापना भएको हुने ।<br>सामुहिक र सहकारी खेती सम्वन्धी अवधारणासमेत समेटी करार खेती सम्वन्धी निर्देशिका जारी भएको हुने ।<br>निजी तथा सार्वजनिक बाँझो जग्गामा |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | करार खेती अवधारणा अनुरुप कृषि कार्यको शुरुआत भई मौसमी तथा युवा बेरोजगारी कम भएको हुने ।<br>यो अवधारणा अनुरुप कृषि उत्पादन र विक्री वितरणमा आर्थिक र प्राविधिक टेवा उपलव्ध गराइएको हुने ।<br>कृषक र खरिदकर्ता व्यवसायीवीच पूर्व उत्पादन खरिद करारनामा गर्न सहजीकरण गरिएको हुने । |
| २४ | चक्लाबन्दी र भूमि बैंक विशेष कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | जग्गाको चक्लाबन्दी गरिनुका साथै भूमि बैंकको विशेष कार्यक्रम सञ्चालन भएको हुने। |
| २५ | व्यवसायिक खेती प्रोत्साहन मार्फत रोजगारी बृद्धि र मौसमी आप्रवासन न्यूनीकरण | २०७८।०७९<br>२०८२।०८३ | | विशेष सहयोग एवम् टेवा दिएर उच्चमूल्यका वेमौसमी एवम् गैर स्थानीय, व्यवसायिक खेतीलाई प्रोत्साहित गरिएको हुने ।<br>व्यवसायिक खेतीको विस्तारबाट कामको खोजीमा मौसमी आप्रवासनमा जानु पर्ने अवस्थाको अन्त्य भएको र यसबाट हिमाल पहाडको गाऊँ वस्ती गुलजार रहने वातावरण कायम भएको हुने । |
| २६ | कृषि सामाग्रीको उपलव्धता सहजीकरण | २०७८।०७९<br>२०८२।०८३ | | भौगोलिक बनावट, कृषकको क्षमता तथा आवश्यकता अनुसार उपयुक्त कृषि यन्त्र, नवीनतम प्रविधि, प्राविधिक र उत्पादन सामाग्रीको सहज उपलव्धता सुनिश्चित भएको हुने ।<br>रासायनिक मलको सहज उपलव्धताका लागि गैर अनुदानित रासायनिक मल (एमोनियम सल्फेट, सिङ्गल सुपर फस्फेट |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | | | | आदि) मा आवश्यक अनुदानको प्रवन्ध गरिएको हुने । |
| २७ | जलवायु परिवर्तन अनुकुलित र प्राङ्गारिक नमूना कृषि गाउँ स्थापना तथा विस्तार | २०७८।०७९ २०८२।०८३ | | जलवायु परिवर्तन अनुकुलित र प्राङ्गारिक नमूना हरित कृषि गाउँको स्थापना तथा विस्तार गरिएको हुने । |
| २८ | विषादी परीक्षण प्रयोगशाला निर्माण र असल कृषि अभ्यास (GAP) का मापदण्डको अनुपालना । | २०७८।०७९ २०८२।०८३ | | विषादी परीक्षण प्रयोगशाला निर्माण भई सञ्चालनमा आएको हुने । असल कृषि अभ्यास (GAP) का राष्ट्रियस्तरमा निर्धारित मापदण्डहरुको उत्पादनका हरेक क्षेत्रमा लागु भएको हुने। |
| २९ | कृषि पर्यटन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | कृषि पर्यटनलाई बढावा दिनका लागि होमस्टे, रिसोर्ट, पुष्प उद्यानहरु, नमूना घर बगैंचा, करेसाबरी खेती, कौंसी खेती जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| ३० | वडा कृषि डायरी अभिलेखन तथा कृषक प्रोत्साहन एवम् जोखिम न्यूनीकरण | २०७८।०७९ २०८२।०८३ | | कृषक प्रोत्साहनका लागि कृषक परिचयपत्र, कृषक विमा, कृषक पेन्सन, अनुदान, कर्जा तथा बजारीकरण टेवा योजना लागू गरिएको हुने । आर्थिक वर्ष २०८१।०८२ लाई प्रदेश कृषि वर्षका रुपमा विशेष कार्यक्रमका साथ मनाइएको हुने । वातावरणीय परिवर्तन र प्राकृतिक प्रकोप, जङ्गली जनावरबाट हुने क्षति, विऊको अनुपयुक्तताले हुने नोक्सानी, आकस्मिक रोग किरा र बजार मूल्यको उतारचढावको कारण न्यूनतम लागत मूल्य पनि प्राप्त नहुने जस्ता कृषि क्षेत्रमा |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | हुने जोखिमलाई राहत कार्यक्रम, बाली बिमा, विपद् व्यवस्थापन र न्यूनतम मूल्य समर्थनबाट न्यूनीकरण गरिएको हुने ।<br>राहत तथा प्रोत्साहन र विकासका पहलहरु छरितो यथार्थपरक र नतिजा लक्षित तुल्याउन प्रत्येक पालिका वा वडामा कृषकगत कृषि कर्म, क्षेत्रफल, संख्या मात्रा आदि खुल्ने पालिकागत र **वडा कृषि डायरीमा तथ्यांङ्क पूर्व लेखांङ्कन वा रजिष्टर गरी कार्यात्मक तुल्याएको हुने ।** |

**जम्मा लगानीको अनुमान ७० अर्व ( सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत**

## पशुपन्छी तथा मत्स्यपालन

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी नीति एवम् कानूनी व्यवस्था | २०७८।०७९<br>२०७९।०८० | | स्वस्थ र स्वच्छ पशुपन्छी तथा मत्स्यपालन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यविधि र निर्देशिका बनाई कार्यान्वयन भएको हुने। |
| २ | पशुपन्छी र मत्स्य फार्म सम्बन्धी स्रोत केन्द्र विकास | २०७८।०७९<br>२०८२।०८३ | | पशुपन्छी र मत्स्य फार्म स्थापना सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार गरी आवश्यकताका आधारमा सरकारी, निजी तथा सहकारी क्षेत्रको सहभागितामा स्रोत केन्द्रको विकास गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ३ | पशुपन्छी एवम् मत्स्य दानाका लागि मकै र भटमासको उत्पादन वृद्धिको विशेष कार्यक्रम | २०७८।०७९<br>२०८०।०८१ | | पशुपन्छी एवम् मत्स्य दाना उत्पादनका लागि आवश्यक कच्चा पदार्थको उपलव्धता बढाउन मकै र भटमासको उत्पादन वृद्धिको विशेष कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ४ | प्रदेशलाई दूध, मासु र अण्डामा आत्मनिर्भर बनाउन विशेष कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | पशुपन्छीको नश्ल सुधार र स्वास्थ्य सेवा सम्वन्धी कार्यक्रम स्थानीय तहसँग समन्वय गरी एकीकृत रुपमा प्रदान गरिएको हुने ।<br>उत्पादकत्व बढी भएका माछाका जातको सघन पालनमा जोड दिइएको हुने ।<br>प्रदेशलाई दूध, मासु र अण्डामा आत्मनिर्भर बनाउन विशेष कार्यक्रम सञ्चालन भएको हुने । |
| ५ | दुध, मासु, ऊन, छाला, मह आदि निर्यातमूलक पदार्थको उद्योग प्रवर्द्धन | २०७८।०७९<br>२०८२।०८३ | | दुध, मासु, ऊन, छाला आदि उच्च मूल्यका वा रैथाने लेकाली निर्यातमूलक पशुपन्छीजन्य पदार्थ पहिचान गरी मूल्य श्रृंखलामा आधारित उद्योग प्रवर्द्धन गरिएको हुने ।<br>सार्वजनिक तथा निजी साझेदारीमा धुलो दुध उत्पादन कारखानाको स्थापना भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ६ | प्राङ्गारिक / रैथाने तथा उन्नत पशुजन्य उत्पादनको ब्राण्डिङ्ग, बजारीकरण | २०७८।०७९ २०८२।०८३ | | सम्भावित प्राङ्गारिक/रैथाने तथा उन्नत नश्लका पशुजन्य व्यवसायिक उत्पादनको पकेट क्षेत्र पहिचान गरिएको हुने ।<br>यस्ता पशुजन्य व्यवसायिक उत्पादन बृद्धि गरी उक्त उत्पादनको ब्राण्डिङ्ग, प्रवर्द्धन गर्दै प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बजारीकरणका लागि सहजीकरण गरिएको हुने । |
| ७ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमसँगको समन्वयमा कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन भएका उत्पादन क्षेत्रमा सामुदायिक र सहकारीका माध्यमबाट उत्पादित बस्तुको बजारीकरण र मूल्य श्रृंखला विकास भएको हुने ।<br>तोकिएका उत्पादन क्षेत्रमा आवश्यक पूर्वाधारको विकास भई रैथाने पशुपन्छीको संरक्षण तथा उत्पादकत्व सुधार भएको हुने।<br>उन्नत नश्लका पशुपन्छीका पकेट क्षेत्र विकास भएको हुने ।<br>पशु आहारा, पशु स्वास्थ्य, सुलभ र सहुलियतपूर्ण ऋृण, बजारीकरण सहयोग र बिमासहितको प्राविधिक सेवा प्रदान गरिएको हुने ।<br>खर्क तथा लेकाली भेकमा बथानमा |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | | | | चराउने पशु तथा गोठालाको हितका लागि सामाजिक सुरक्षा, बीमा, बालबालिकाको शिक्षामा सहयोग एवम् स्वास्थ्य, संचार, प्रकोप पूर्व सूचना तथा उद्धारको व्यवस्था गरिएको हुने । |
| ८ | **एक स्थानीय तह, एक पशुपन्छी उत्पादन** | २०७८।०७९ २०८२।०८३ | | मौसमी रोजगारी र तत्काल आय बढाउन एवम् पारिवारिक पोषण तथा खाद्य सुरक्षाका लागि ग्रामीण बाख्रा, बंगुर र कुखुरा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनुका साथै **एक स्थानीय तहमा एक पशुपन्छी उत्पादनमा** जोड दिइएको हुने । |
| ९ | पशु आहाराको उपलव्धता र विकास | २०७८।०७९ २०८२।०८३ | | गुणस्तरीय हरित पशु आहारको उपलव्धता बढाउन रैथाने स्याउले वनस्पती विकास, घाँस, कृषिजन्य उप-पदार्थहरु, घाँसको संरक्षण, मिनरल मिसाउने प्रविधि विकासमा जोड दिइएको हुने । |
| १० | घाँस एवम् चरन र खर्क क्षेत्रको स्तरोन्नती | २०७८।०७९ २०८२।०८३ | | चरन र खर्क क्षेत्रको स्तरोन्नति भएको हुने र बाँझो जग्गामा उच्च पोषणमान भएका घाँस खेती गर्न सरोकारवालाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन भएको हुने । |
| ११ | पशुपन्छी तथा मत्स्यपालन अनुसन्धान र विकासको पाटोमा समन्वय | २०७८।०७९ २०८०।०८१ | | पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, प्रतिस्पर्धी बनाउनको लागि अनुसन्धान, प्रसार र विकासको पाटोमा नार्क, नाष्ट, कृषि विश्वविद्यालय र विकास |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | साझेदारसँग समन्वय गरिएको हुने। |
| १२ | करार पशुपालन एवम् बजारीकरणमा सहयोग | २०७८।०७९ २०८१।०८२ | | निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित पशुपालन व्यवसायलाई प्राथमिकता दिई मूल्य श्रृंखलामा पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरी बजार सुनिश्चतता गरिएको हुने ।<br>आप्रवासी धेरै रहेका तेस्रो मुलुकका बजारमा लेकाली उत्पादन निकासीको पहल गरी नयाँ बजार खोजिएको हुने। |
| १३ | पशु कल्याण प्रवर्द्धन र छाडा पशु व्यवस्थापन | २०७८।०७९ २०८१।०८२ | | पशु कल्याण प्रवर्द्धन तथा नियमनका लागि प्रादेशिक पशु कल्याण प्रवर्द्धन समिति गठन भएको हुने ।<br>सामुदायिक छाडा तथा अनुत्पादक पशु व्यवस्थापनका लागि मूल्य श्रृंखलामा आधारित बहु-उपयोगी गौशाला स्थापना गर्न सरोकारवाला संघ संस्था तथा स्थानीय तहसँग समन्वय गरिएको हुने । |
| १४ | युवाको विदेश पलायन रोक्न र सीमान्तकृत कृषकहरुलाई सघाउने पशुपन्छी तथा | २०७८।०७९ २०८२।०८३ | | युवाको बढ्दो विदेश पलायन रोक्न र विदेशबाट आर्जन गरेको सीप र प्रविधिको सदुपयोग गर्न तथा पशुपन्छी पालक विपन्न तथा एकल |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | मत्स्यजन्य मूल्य श्रृंखला कार्यक्रम सञ्चालन | | | महिला, साना कृषक, मुक्त कमलरी, कमैया, हलिया, भूमिहीन, विपन्न र सीमान्तकृत कृषकहरुलाई पशुपन्छी तथा मत्स्य उत्पादनका लागि नविनतम प्रविधि तालिम, भौतिक संरचनाको निर्माण, यन्त्र उपकरण खरिदका लागि विऊ पूँजी उपलव्ध गराइएको हुने।<br>व्यवसायिक उत्पादन र बजारीकरणमा आधारित मूल्य श्रृंखला स्थापना भई रोजगारी सृजना र जीविकोपार्जनमा सुधार भएको हुने । |
| १५ | रैथाने घरपालुवा पशुपन्छीको जैविक विविधताको संरक्षण तथा जलवायुमैत्री प्रविधिको अवलम्बन र विस्तार | २०७८।०७९ २०८२।०८३ | | रैथाने घरपालुवा पशुपन्छीको जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्दै वातावरण तथा जलवायुमैत्री प्रविधिको अवलम्बन र विस्तार गरिएको हुने । |
| १६ | पशु आनुवांशिक स्रोत संवर्द्धन कार्य योजना | २०७८।०७९ २०८०।०८१ | | पशु आनुवांशिक स्रोत संरक्षण, संवर्द्धन तथा उपयोग सम्बन्धी ५ वर्षे कार्ययोजना तयार गरी लागू गरिएको हुने । |
| १७ | जुनोटिक रोगहरुको रोकथाम तथा नियन्त्रण क्षमता अभिबृद्धि तथा प्रयोगशाला सुदृढीकरण | २०७८।०७९ २०८२।०८३ | | जुनोटिक रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिबृद्धिका लागि स्थानीय तहमा कार्यरत प्राविधिकहरुको क्षमता अभिबृद्धि तथा प्रयोगशाला सुदृढीकरण कार्यक्रम सञ्चालन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १८ | पशुपन्छीका रोगको रोकथामका लागि आकस्मिक उपचार सेवा सुधार | २०७८।०७९ २०८२।०८३ | | पशुपन्छीका रोगको रोकथामका लागि प्रदेशमा अत्यावश्यक औषधि र खोपको उपलब्धता, भण्डारण, वितरण र बढ्दो प्रयोगका आधारमा थप लगानी गरी आकस्मिक उपचार (Ambulatory Veterinary Service) सेवा मार्फत पशु स्वास्थ्यको सुरक्षण गरिएको हुने । |
| १९ | पशुपन्छीका महामारीजन्य रोग विरुद्ध बृहत खोप अभियान र पूर्ण खोपयुक्त प्रदेश घोषणा | २०७८।०७९ २०८२।०८३ | | पशुपन्छीका विद्यमान महामारीजन्य रोगहरु विरुद्ध बृहत खोप कार्यक्रम सञ्चालन गर्न खोप सप्ताह सञ्चालन गरी ५ वर्षभित्रमा पूर्ण खोपयुक्त प्रदेश घोषणा गरिएको हुने। |
| २० | पशुपन्छी तथा मत्स्य विकास स्रोत केन्द्रको स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशस्तरीय एकीकृत पशुपन्छी, मत्स्य तथा घाँस उत्पादनको अन्तराष्ट्रिय मापदण्ड अनुरुपका फार्मको स्थापना हुने ।<br>क्रमश: सबै पालिकाहरुमा सहकारी, निजी, स्थानीय तहसँगको साझेदारीमा एक एक वटा स्रोत केन्द्रहरुको स्थापना भएको हुने। |
| २१ | प्राविधिक सेवा, पशु विकास तथा मत्स्य विकास कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक एवम् निजी प्राविधिक सेवा प्रदायकको क्षमता अभिवृद्धि, एक वडा एक प्राविधिक सेवा व्यवस्थापन, एक वडा एक पशुपन्छी पालन नमूना फार्म स्थापना भएको हुने ।<br>साना तथा विपन्न वर्गका |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | कृषकहरूलाई पशु जन्य उत्पादन सामाग्री तथा प्राविधिक सेवा प्रदान र पशुपन्छी बिमाका लागि आवश्यक सहजीकरण भएको हुने। |
| २२ | पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा तरल नाइट्रोजन प्लान्ट स्थापना, तरल नाइट्रोजनको आपूर्ति र सिमेन बैंक स्थापना भएको हुने।<br>प्रदेशस्तरमा सार्वजनिक निजी साझेदारीमा कृत्रिम गर्भाधान केन्द्र स्थापना भएको हुने।<br>निजी तथा सरकारी कृत्रिम गर्वाधानकर्ताहरुको क्षमता अभिवृद्धि, आवश्यकीय सामाग्रिहरुको व्यवस्थापन भएको हुने ।<br>प्रदेशमा वृहत पशु नश्ल सुधार अभियान सञ्चालन भएको हुने । |
| २३ | व्यवसायिक उत्पादनका लागि सहुलियत ऋण र व्याज अनुदान | २०७८।०७९ २०८२।०८३ | | विपन्न कृषकहरुलाई आयआर्जनका लागि सहुलियत ऋण र मध्यम तथा ठूला व्यवसायिक उत्पादनका लागि व्याज अनुदान कार्यक्रम कार्यान्वयन भएको हुने। |
| २४ | कृषकलाई सम्मान, मर्यादित व्यवसाय र सामाजिक सुरक्षा | २०७८।०७९ २०८२।०८३ | | गुणस्तरीय उत्पादनमा पशुपंक्षी तथा मत्स्य पालक किसानको सम्मान, पेशामा मर्यादित, विपतमा राहत र बीमामा आधारित कृषक पेन्सनको व्यवस्था गरी प्रोत्साहन भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| २५ | प्राङ्गारिक पशुपन्छी तथा मत्स्य उत्पादन कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | प्रदेशस्तरमा प्राङ्गारिक मल उद्योगको स्थापना, हरेक गोठ प्राङ्गारिक मल तथा जैविक विषादीको स्रोतको रुपमा विकास भएको हुने ।<br>नमुना गाउँमा अर्गानिक पशु पालन सुदृढीकरण कार्यक्रम, लोपोन्मुख पशुपन्छी तथा मत्स्यको संरक्षण कार्यक्रम संचालन भएको हुने । |
| २६ | पशुपन्छीमा आधारित उद्योग स्थापना र निर्यात प्रर्वद्धन कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | दुध उत्पादन संकलन/चिस्यान/ प्रशोधन उद्योग स्थापना, चिज/ पनीर/आइसक्रीम/घ्यू/पस्मिना/ ऊन/प्रशोधन/दाना/साइलेज/ पाउडर दुध/अण्डा/मासु/ह्याचरी/ वधस्थल/वधशाला/सुकुटी/हाड छाला लगायतका उद्योग स्थापना तथा निर्यात प्रर्वद्धन भएको हुने । |
| २७ | पशुपन्छी तथा मत्स्य जन्य उत्पादनहरुको बजारीकरण | २०७८।०७९ २०८२।०८३ | | हावापानी सुहाउँदो उत्पादन, उत्पादित वस्तुको संकलन, संरक्षण र हाटबजारको व्यवस्था गरी बजारीकरण भएको हुने । |
| २८ | एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धान केन्द्रको स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन भएको हुने । |
| २९ | मह उत्पादन वृद्धि कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा मह उत्पादन वृद्धि सम्बन्धी विशेष कार्यक्रम सञ्चालन भएको हुने। |

**जम्मा लगानीको अनुमान ३५ अर्व** (सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत)

## भूमि व्यवस्थापन

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेशको भू-उपयोग नीति, योजना तथा निर्देशिका तर्जुमा | २०७८।०७९ २०८०।०८१ | | प्रदेशको भू-उपयोग नीति तथा निर्देशिका तयार गरी भूमिको वर्गीकरण र भू-उपयोग गुरुयोजना तर्जुमा गरिएको हुने । |
| २ | गुठी जग्गा नीति, कानुन, मापदण्ड, योजना तयारी र कार्यान्वयन समन्वय | २०७८।०७९ २०८०।०८१ | | गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना बनाई गुठी जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्न संघ तथा स्थानीय तह सँग समन्वय गरिएको हुने । |
| ३ | अनौपचारिक भू-सम्बन्धको पहिचान, सत्यापन Verification) तथा अभिलेखन एवम् सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन कार्यक्रम | २०७८।०७९ २०८०।०८१ | | अनौपचारिक भू-सम्बन्धको पहिचान, सत्यापन (Verification) तथा विस्तृत अभिलेख तयार गरी भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थित बसोबास र जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ४ | मुक्त कमैया तथा मुक्त हलियाको जीविकोपार्जन तथा मोही र जग्गाधनी बीच जग्गा बाँडफाँड र लगतकट्टी | २०७८।०७९ २०८०।०८१ | | मुक्त कमैया तथा मुक्त हलियाको जीविकोपार्जन, केन्द्रीय पुनर्स्थापना कार्यक्रम तथा मोही र जग्गाधनी बीच जग्गा बाँडफाँड गरी लगतकट्टा गर्ने कार्यमा आवश्यक समन्वय र सहयोग गरिएको हुने । |
| ५ | भूमिमा महिलाको अधिकार र नियन्त्रणको अवस्था सुधार | २०७८।०७९ २०८२।०८३ | | भूमिमा महिलाको अधिकार र नियन्त्रणको अवस्थालाई सुधार गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ६ | भूमि बैंकको अवधारणा र सोमा सहकारी परिचालन | २०७८।०७९ २०८२।०८३ | | वृहत र व्यवसायिकरुपमा कृषि उत्पादन गर्न र सार्वजनिक तथा निजी बाँझो जग्गामा बाली लगाउन भूमि बैंकको अवधारणा अनुरुप सहकारी संस्थाहरुलाई समेत परिचालन गरिएको हुने । |
| ७ | प्रदेशका भूमिहीन, प्रकोप पिडित तथा विपन्न र मुक्त हलिया, कमैया आदिका लागि एकिकृत बस्ती विकास सहयोग कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका विभिन्न क्षेत्रमा छरिएर रहेका भूमिहिन र सुकुम्वासी एवम् मुक्त हलिया, कमैयाको बस्ती तथा बाढी पहिरो लगायतका प्राकृतिक विपदको उच्च जोखिममा रहेका गरीब तथा बिपन्नबर्गको बस्तीको पहिचान गरी तिनको संरक्षण, उत्थान, सशक्तिकरण तथा क्षमता विकास गरिएको हुने । आधारभूत एवम् सुरक्षित आवासको व्यवस्थापनका लागि एकिकृत बस्ती विकास सहयोग कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ८ | भूनाप नक्सांकन तथा अभिलेख एवम् तथ्याँङ्क र सूचना प्रणाली अद्यावधिकरण, विकास र कार्यान्वयनमा टेवा | २०७८।०७९ २०८२।०८३ | | भू-मापनका आधुनिक सिद्धान्त र प्रविधि अनुसार नापनक्साको आधारभुत नियन्त्रण बिन्दुको सञ्जाल सुदृढ तुल्याइएको हुने । नापनक्सा सम्बन्धी अत्याधुनिक प्रविधिको प्रयोग गरी शुद्ध र विश्वसनीय भू-सूचना संकलन तथा विश्लेषण गरी डाटाबेस तयार गरिएको र प्रदेशको आवश्यकता अनुसार विभिन्न किसिमका विशिष्टकृत नापनक्सा तयार तथा अद्यावधिक गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ९ | भौगोलिक सूचना प्रणाली विकास एवम् दक्ष जनशक्ति उत्पादन, शोध तथा अनुसन्धान सहयोग। | २०७८।०७९ २०८२।०८३ | | बहुउद्देश्यीय भौगोलिक सूचना प्रणाली तयार गरी अनलाइन जियोपोर्टल मार्फत आधारभुत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना प्राप्त गर्न सकिने प्रविधि विकास गरिएको हुने ।<br>विश्वविद्यालयहरुसँगको सहकार्यमा नाप नक्सा, भौगोलिक सूचना, भू-उपयोग तथा भूमि व्यवस्थापन जस्ता विषयका दक्ष जनशक्ति उत्पादन, शोध तथा अनुसन्धान कार्यक्रम सञ्चालन गरिएको हुने । |
| १० | घर जग्गाको एकीकृत मूल्यांकन मापदण्ड तयारी र कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | घर जग्गाको एकीकृत मूल्यांकनको लागि वैज्ञानिक आधार तथा मापदण्ड तयार गरिनुका साथै एकीकृत मूल्यांकन प्रणाली सबै सरोकारवालाहरुले कार्यान्वयन गर्नु पर्ने गरी कानूनी व्यवस्था गरिएको हुने । |
| ११ | औद्योगिक विकास र सार्वजनिक निर्माण मैत्री जग्गा प्राप्ति, नीति तर्जुमा र कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | औद्योगिक विकास र सार्वजनिक निर्माणका लागि आवश्यक जग्गा प्राप्ति गर्न नीतिगत सुधार गरी प्रदेश समृद्धिमा योगदान गर्ने उद्योग, प्रतिष्ठान र आयोजनामा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्न आवश्यक भूमि उपलव्ध गराउन विशेष सहुलियतको व्यवस्था गरिएको हुने । |
| १२ | विद्युतीय भू-सूचना तथा अभिलेख | २०७८।०७९ २०८२।०८३ | | कित्ता नापी नक्सा, फिल्डबुक, प्लट रजिस्टर, मोठ स्रेस्ता, रजिष्ट्रेसन तथा |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | व्यवस्थापन प्रणालीको विकास र जनशक्ति क्षमता अभिवृद्धि । | | | मिसिल तामेली लगायत जग्गा प्रशासन सम्बन्धी सम्पूर्ण अभिलेखहरुलाई डिजिटलाइज गरिएको हुने ।<br>भू-सूचना अभिलेख व्यवस्थापन प्रणालीको विकास र कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरिएको हुने। |
| १३ | नापनक्सा गरी जग्गाको विस्तृत अभिलेख तयारी र संरक्षण । | २०७८।०७९<br>२०८२।०८३ | | कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमिनलाई जग्गा प्रशासन प्रणालीमा आवद्ध गरिएको हुने ।<br>सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गरिएको हुने । |
| १४ | भूमिहिन समुदाय लक्षित कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | भूमिहिन समुदायहरुको पहिचाहन गरी व्यवस्थित पुनर्वास, करार र सामुहिक खेतीको अवधारणा अनुसार बगर खेती, कृषि वन, सार्वजनिक जग्गामा जडिबुटी र अन्य खेती तथा पशु पन्छी पालन एवम् नदी तथा ताल तलैयामा माछा पालन जस्ता रोजगार एवम् आयमूलक लक्षित कार्यक्रम संचालन भएको हुने । |

**जम्मा लगानीको अनुमान ५५ करोड**

## वन तथा जैविक विविधता

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | वन सम्पदाको हरित पूँजी (Green Natural Capital) को स्थिति वासलात (Forest Resources Balance Sheet) तयार र स्थिति मूल्याङ्कन | २०७८।०७९ २०८२।०८३ | | हरित पूँजी (Green Natural capital) को स्थिति, अवस्थिति, मूल्य र प्रकृति खुलेको प्राकृतिक स्रोत वासलात ( Natural Resources Balance Sheet) तयार गरी लाभ हानीको मूल्याङ्कन गर्ने पद्धति कायम गरिएको हुने । |
| २ | वन, जैविक विविधता र जलाधार क्षेत्र संरक्षण एवम् प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, विकास एवम् प्रवर्द्धन गरी वातावरणीय, आर्थिक र सामाजिक दिगो लाभ हासिल गरिएको हुने । |
| ३ | जडिबुटी र गैर काष्ठजन्य वन पैदावारको विकास, मूल्य अभिवृद्धि र निर्यात प्रबर्द्धनका लागि उद्यमशिलता विकास | २०७८।०७९ २०८२।०८३ | | बहुमूल्य जडिबुटी र गैर काष्ठजन्य वन पैदावारको विकास, उत्पादन र मूल्य अभिवृद्धिका लागि उद्यमशिलता विकास भएको हुने ।<br>बजारीकरण, निर्यात प्रबर्द्धनद्वारा आयस्तर बृद्धि भएको हुने । |
| ४ | वन जन्य घरेलु, साना तथा मझौला उद्योगमा लगानी प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | वन पैदावारमा आधारित घरेलु, साना तथा मझौला उद्योगमा लगानीका लागि प्रोत्साहन गरिएको हुने । |
| ५ | जडिबुटी एवम् गैरकाष्ठ वन पैदावारको सर्वेक्षण, विकास र प्रवर्द्धन कार्य योजना | २०७८।०७९ २०८२।०८३ | | जडिबुटी एवम् गैरकाष्ठ वन पैदावारको सर्वेक्षण, अनुसन्धान, खेती, विकास प्रवर्द्धन, उत्पादन, संकलन, प्रशोधनका लागि ठोस कार्य योजना बनाई लागु गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ६ | काष्ठजन्य पदार्थमा प्रदेश आत्मनिर्भरता कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | काष्ठजन्य पदार्थमा प्रदेश आत्मनिर्भर हुने गरी कार्यक्रम तर्जुमा र सञ्चालन गरिएको हुने । |
| ७ | वृक्षारोपणद्वारा वन पैदावार आपूर्ति सहजीकरण | २०७८।०७९ २०८२।०८३ | | निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण मार्फत वन पैदावारको उत्पादन वृद्धि गरी आपूर्ति सहज हुने व्यवस्था गरिएको हुने। |
| ८ | हरित वस्ती, हरित पेटी र सुरक्षा पेटी कायम हुने गरी बढी मूल्य जाने विरूवा लगाउन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | हरित विकासको अवधारणाअनुरुप ग्रामीण तथा शहरी वन तथा हरित पेटी र सुरक्षा पेटी कायम हुने गरी बढी मूल्य जाने, सौन्दर्य प्रदायक विरूवा लगाउने वा अन्य प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिएको हुने। |
| ९ | हरित अर्थतन्त्रको अवधारणा अनुसार वन क्षेत्रको योगदान वृद्धि | २०७८।०७९ २०८२।०८३ | | हरित अर्थतन्त्रको अवधारणा अनुसार प्रदेशको उद्योग, पर्यटन र जिविकोपार्जन आदि क्षेत्रमा वन क्षेत्रको योगदानवृद्धि गरिएको हुने । |
| १० | प्रदेश जैविक विविधता संरक्षण तथा प्रवर्द्धन नीति एवम् कानूनी व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | प्रदेश जैविक विविधता संरक्षण तथा प्रवर्द्धनको लागि सम्बद्ध सबै सरोकारवालाहरुसँग समन्वय गरी आवश्यक नीतिगत एवम् कानूनी व्यवस्था गरिएको हुने । |
| ११ | सिमसार क्षेत्र, जिओपार्क, जूलोजि ओपन गार्डेन, भू-परिधि, जैविक मार्ग आदिको संरक्षण, स्थापना र दिगो व्यवस्थापन | २०७८।०७९ २०८२।०८३ | | आवश्यकता र औचित्यको आधारमा सिमसार क्षेत्र, जिओपार्क, जूलोजि ओपन गार्डेन, भू-परिधि, जैविक मार्ग आदिको संरक्षण, स्थापना र दिगो व्यवस्थापन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १२ | सार्वजनिक तथा निजी जग्गामा मूल्यवान रूख, जडिबुटी, मसलाजन्य बोटबिरुवा, फलफूल आदिबाट हरियाली प्रर्वद्धन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशभित्र रहेका जलाधार तथा उप जलाधार क्षेत्रमा रहेका सार्वजनिक तथा निजी जग्गामा विभिन्न रूख, जडिबुटी, मसलाजन्य वोट विरुवा, बहुवर्षीय घाँस, फलफूल आदि हरियाली प्रबर्धन कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |
| १३ | वन र वातावरण क्षेत्रका बहु-साझेदार संस्थाहरुसंग समन्वय र सहकार्य | २०७८।०७९ २०८२।०८३ | | वन, वातावरण, जैविक विविधता र जलाधार क्षेत्र संरक्षणको कार्य गर्ने सवै गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदार, सामुदायिक संस्थासँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिएको हुने। |
| १४ | सार्वजनिक तथा निजी क्षेत्रसँगको सहकार्यमा वनजन्य उत्पादनको प्रशोधन र मूल्य अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक तथा निजी क्षेत्रसँगको सहकार्यमा काष्ठ, गैरकाष्ठ तथा जडिबुटी उत्पादनको प्रशोधन र मूल्य अभिवृद्धि गरिएको हुने। |
| १५ | मूल्यवान वनस्पति एवम् पशुपन्छीहरुको व्यवसायिक उत्पादन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा संभाव्यताका आधारमा रुद्राक्ष, कपुर, श्रीखण्ड, रक्तचन्दन, अगरउड, केसर, बोधिचित्त, रिठ्ठा, हर्रो, बर्रो, अमला, निम, लौठसल्ला, जैतुन, एभोकाडो, चिया, कफि, जस्मिन, तेजपत्ता, दालचिनी, टिमुर, हिंग, चिउरी, ओखर, पिकानट, काजू, आलमण्ड जस्ता मूल्यवान वनस्पति एवम् कस्तुरी मृग, कालिज, वदेल जस्ता वन्य पशुपन्छीहरुको पनि व्यवसायिक उत्पादन कार्यको थालनी गरिएको हुने। |
| १६ | समुदायमा आधारित वन व्यवस्थापन तथा | २०७८।०७९ २०८२।०८३ | | महिला, दलित, आदिवासी तथा स्थानीय समुदायको सक्रियतामा वन व्यवस्थापन, |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | संरक्षण कार्यक्रम | | | अतिक्रमण नियन्त्रण, डढेलो, चोरी निकासी आदि नियन्त्रणको क्रियाकलापहरु सञ्चालन भएको हुने । |
| १७ | सामूदायिक, निजी तथा कृषि र शहरी वनको विकास | २०७८।०७९ २०८२।०८३ | | सरोकारवालासँग सहकार्य गरी सामूदायिक, निजी तथा कृषि वनको विकास र विस्तारका साथै प्रदेशको नगर क्षेत्र तथा शहरी क्षेत्रमा वृक्षारोपण मार्फत हरियाली कायम भएको हुने । |
| १८ | वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन | २०७८।०७९ २०८२।०८३ | | सुदूरपश्चिम प्रदेश वन ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम वन सम्बर्द्धन प्रणालीहरुको प्रभावकारी कार्यान्वयनबाट दिगो वन व्यवस्थापन भएको हुने । |
| १९ | वनमा आधारित उद्यम विकास | २०७८।०७९ २०८२।०८३ | | वनमा आधारित उद्यम सञ्चालनका लागि कच्चा पदार्थ उपलव्ध गराउनुका साथै सहुलियत कर्जाको व्यवस्था भएको हुने। |

**जम्मा लगानीको अनुमान ३५ अर्व** **(सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत)**

## खानी तथा खनिज सम्पदा

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | प्रदेश खनिजको भौगर्भिक सर्भेक्षण तथा नक्शाङ्कन | २०७८।०७९ २०८०।०८१ | | प्रदेशमा भएका खानी तथा खनिज सम्पदाको उपयोगका लागि विस्तृत सम्भाव्यता अध्ययन गरी स्थिति विवरणपत्र तयारी तथा भौगर्भिक नक्शाङ्कन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| २ | खनिज उद्योगको लागि संस्थागत संरचना र पूर्वाधार विकास | २०७८।०७९ २०८०।०८१ | | खनिज उद्योगको लागि आवश्यक संस्थागत संरचना, पूर्वाधार निर्माण तथा विकास गरिएको हुने । |
| ३ | खनिज सम्पदाको व्यवसायिक उत्खनन् गर्नका लागि आवश्यक समन्वय | २०७८।०७९ २०८२।०८३ | | पहिचान भैसकेका खनिज सम्पदाको व्यवसायिक उत्खनन् गरी प्रशोधन तथा उत्पादन मार्फत आर्थिक गतिविधिलाई चलायमान बनाउन संघीय तथा स्थानीय सरकार र निजी क्षेत्रसँग समन्वय गरिएको हुने । |
| ४ | खनिज उद्योगको क्षेत्रमा लगानीमैत्री वातावरण विकास | २०७८।०७९ २०८२।०८३ | | खनिज उद्योगको क्षेत्रमा लगानीका लागि लगानीमैत्री वातावरण विकास गरिएको हुने ।<br>प्रदेशमा प्रचुरमात्रामा उपलव्ध चुन ढुङ्गाको उपयोग गर्न स्वदेशी तथा वाह्य लब्धप्रतिष्ठित उद्योगीहरुलाई विशेष सहुलियतमा सिमेन्ट उद्योग खोल्न प्रोत्साहित गरी प्रदेशको माग पूर्ति तथा निकासी वृद्धि एवम् रोजगारी र आय बढाउन विशेष पहल गरिएको हुने। |
| ५ | ढुङ्गा, बालुवा जस्ता खनिज उत्खनन् व्यवस्थापन | २०७८।०७९ २०८२।०८३ | | ढुङ्गा, गिट्टी, बालुवा र माटो जस्ता खनिजहरुको उत्खननलाई नियमित, व्यवस्थित र वातावरणमैत्री बनाइएको हुने।<br>रिफाइनिङ्ग, टेस्टिङ्ग, ग्रेडिङ्ग, प्याकिंङ्गसमेत उच्च मूल्य अभिबृद्धिमा छिमेकी मुलुकमा निर्यात पहल गरिएको हुने । |
| ६ | खनिज पदार्थको अवैध उत्खनन् तथा | २०७८।०७९ २०८०।०८१ | | खनिज पदार्थको अवैध उत्खनन् तथा चोरी निकासी रोक्न आवश्यक संस्थागत |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | चोरी निकासी नियन्त्रण | | | तथा नीतिगत प्रबन्ध मिलाइएको हुने । |

**जम्मा लगानीको अनुमान २५ अर्ब** (सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत)

## पर्यटन

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | पर्यटन नीति, कानुन, प्रोफाईल तथा गुरुयोजना तयारी एवम् संस्थागत व्यवस्था | २०७८।०७९ २०८०।०८१ | | सरोकारवालाहरुको संलग्नता एवम् सहकार्यमा प्रदेश पर्यटन नीति तथा आवश्यक कानूनी व्यवस्था गरिएको हुने । पर्यटन सम्बन्धी गुरुयोजना एवम् प्रदेश प्रोफाईल तयार तथा प्रदेश पर्यटन परिषद् र पर्यटन इकाई गठन गरिएको हुने । |
| २ | बहुनिकाय समन्वयमा पूर्वाधार एवम् पर्यटन अध्ययन र तालिम विकास | २०७८।०७९ २०८२।०८३ | | बहुआयामिक पर्यटन विकासको लागि अन्तर-सम्बन्धित क्षेत्र तथा निकायहरुसँगको समन्वयमा पूर्वाधार तथा पर्यटन अध्ययन र तालिम विकासका कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| ३ | पर्यटन गन्तब्य र पर्यटन उपजको प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा विदेशी पर्यटकहरुको आवागमन वृद्धिका लागि पर्यटन प्याकेजहरुको विकास गरी संभाव्य पर्यटकीय उद्गम मुलुकहरुमा प्रचार प्रसारको व्यवस्था गरिएको हुने । पर्यटन गन्तब्य र पर्यटन उपजको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | प्रवर्द्धनद्वारा पर्यटक संख्या, पर्यटक बसाई र पर्यटन आयमा वृद्धि भएको हुने । |
| ४ | सम्पदा पहिचान, स्मारक निर्माण, प्याकेज विकास, पर्यटन महोत्सव, मेला र प्रदर्शनी एवम् **प्रदेश पर्यटन वर्ष** र पर्यटन दूत चयन | २०७८।०७९ २०८२।०८३ | | धार्मिक, बहु-साँस्कृतिक, ऐतिहासिक, मनोरञ्जनात्मक, कृषि, पर्या, साहसिक, शैक्षिक तथा स्वास्थ्य पर्यटनको पूर्वाधार विकास एवम् प्रवर्द्धन गरिएको हुने ।<br>दशरथचन्द, जयपृथ्वी बहादुर सिंह, पहलमान सिंह स्वाँर, डा. के आइ सिंह, भीमदत्त जस्ता ऐतिहासिक धरोहरहरुको इतिवृतान्त झल्कने गरी भौतिक तथा विद्युतीय माध्यमबाट अवलोकन गर्न सकिने संग्रहालय स्थापना गरिएको हुने ।<br>आवश्यक समन्वय, पर्यटन बस्तु विकास र प्रचार प्रसारका लागि पर्यटन प्याकेज विकास, पर्यटन महोत्सव, मेला र प्रदर्शनी एवम् **प्रदेश पर्यटन वर्ष** मनाइएको हुने ।<br>लोकप्रिय व्यक्तित्वलाई प्रदेश पर्यटन दूत तोकिएको हुने । |
| ५ | वृत्तचित्र एवम् सूचना तथा संचार प्रविधि र सामाजिक सञ्जालमा पर्यटन प्रवद्धर्धन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको पर्यटन प्रवर्द्धनका लागि वृत्तचित्र निर्माण, भर्च्युअल टुर, भर्च्युअल गाइड, रियल टाइम अनलाइन गाइड जस्ता प्रविधिको उपयोग गरिएको हुने।<br>श्रव्य दृष्य एवम् फोटोग्राफी र यात्रा वृतान्तलाई सामाजिक सञ्जालको प्रयोग |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | गरी प्रचार प्रसार गरी उत्कृष्ट कार्य गर्ने व्यक्तिहरुलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने व्यवस्था गरिएको हुने। |
| ६ | पर्यटन सर्किटको विकास र प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | शुक्लाफाँटा, भम्केनीधाम र शिद्धनाथ-बैजनाथधाम, बेतकोट, लिङ्गा धनगढी बेहडाबाबा, शिवपुरिधाम, गोदावरीधाम, परशुरामधाम, उग्रतारा, घटालबाबा, मेलौली भगवती, निङ्ग्लासैनी, त्रिपुरासुन्दरी, मालिकार्जुन धाम, अपिनाम्पा संरक्षण क्षेत्र, खप्तडक्षेत्र, शैलेश्वरी, बैजनाथधाम, रामारोशन, बडिमालिका, सुर्मा सरोवर क्षेत्र जस्ता प्रमुख पर्यटकीय स्थलहरुलाई जोडने गरी पर्यटन सर्किटको विकास र प्रवर्द्धन गरिएको हुने । |
| ७ | थप पर्यटन स्थल तथा हिल स्टेशन र प्याकेजको विकास र प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | पालिका एवम् जिल्लागत रुपमा धार्मिक, पर्या, साहसिक, मनोरञ्जनात्मक पर्यटन सम्भावनाको अध्ययन गरी थप पर्यटन स्थल तथा हिलस्टेशन र प्याकेजहरुको विकास र प्रवर्द्धन गरिएको हुने । |
| ८ | पदयात्री, पर्वतारोही, तीर्थयात्री एवम् शुद्ध शाकाहारी अनुकुल होटल एवम् अन्य सेवा सञ्चालन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | आकर्षक पर्यटकीय स्थलहरुमा खास-खास समूहका पर्यटकहरुलाई (पदयात्री, पर्वतारोही, तीर्थयात्री एवम् शुद्ध शाकाहारी) अनुकुल हुने गरी स्तरीय होटल एवम् अन्य सेवा सञ्चालन गराउन आवश्यक प्रोत्साहन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ९ | सँस्कृति झल्काउने पर्यटकीय गाऊँहरु स्थापना | २०७८।०७९<br>२०८२।०८३ | | कञ्चनपुर जिल्लाको लालझाडीमा राना पर्यटकीय गाँऊको विकास गरिएको हुने ।<br>प्रदेशमा पर्यटकलाई लक्षित गरी अन्य उपयुक्त स्थानहरुमा पनि होमस्टे, स्थानीय साँस्कृतिक झलक सहितको सुविधा युक्त पर्यटकीय गाऊँहरुको स्थापना गरिएको हुने।<br>स्थानीय प्राचीन वास्तुकलाको जगेर्ना एवम् संरक्षण गर्न सम्पदा गाँऊहरुको स्थापना र संरक्षण एवम् सोमा होमस्टे आदि सञ्चालन गरी पर्यटकीय उपयोग गरिएको हुने । |
| १० | लोपोन्मुख र अन्य जातजातीका बहु-साँस्कृतिक संग्रहालयको स्थापना | २०७८।०७९<br>२०८२।०८३ | | प्रदेशका लोपोन्मुख र अन्य जातजातीका प्राचीन संस्कृतिलाई परिचित गराउने बहु-साँस्कृतिक संग्रहालयको स्थापना गरिएको हुने । |
| ११ | हिल स्टेशनहरु निर्माण | २०७८।०७९<br>२०८२।०८३ | | गर्मी छल्ने पर्यटकलाई ध्यानमा राखि प्रदेशका उपयुक्त स्थानहरुको छनौट गरी हिल स्टेशनहरुका लागि आवश्यक पूर्वाधारहरुको विकास भएको हुने। |
| १२ | एक जिल्ला एक पर्यटकीय क्षेत्र विकास कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | सबै जिल्लामा एक/एक वटा आकर्षक गन्तव्यको पहिचान गरी पर्यटकीय क्षेत्र विकास भएको हुने । |
| १३ | कोरिडोर तथा ग्रेट हिमालयन ट्रेलको पूर्वाधार विकास | २०७८।०७९<br>२०८२।०८३ | – | संघीय सरकारसँग समन्वय गरी कर्णाली र सेती कोरिडोर तथा ग्रेट हिमालयन ट्रेलको (प्रदेश खण्डको) पूर्वाधार विकास भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १४ | दिगो पर्यटन विकास साझेदारी कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक, निजी र सहकारी साझेदारीमा सुविधा सम्पन्न होटल तथा होमस्टे व्यवस्थापन, आपतकालीन पर्यटक उद्धार संयन्त्रको व्यवस्था, पर्यटकीय क्षेत्रमा फोहोरमैला र प्रदुषण नियन्त्रण, दक्ष जनशक्तिको विकास भएको हुने । |
| १५ | पर्यटन क्षेत्रमा जनशक्ति विकास तालीम | २०७८।०७९ २०८२।०८३ | | सरोकारवालाहरु सँग समन्वय गरी पर्यटकीय क्षेत्रमा पर्याप्त दक्ष जनशक्तिको विकास गर्न ऱ्याफ्टिङ, पाराग्लाइडिङ, पर्यटन पथप्रर्दशक, आतिथ्य सत्कार जस्ता तालीम सञ्चालन भएको हुने । |
| १६ | प्रमुख धार्मिक तथा ऐतिहासिक स्थल मर्मत-संभार तथा संरक्षण | २०७८।०७९ २०८२।०८३ | | महादेव, मैठो लगायत बाह्रदेउ तथा बढीमालिका, त्रिपुरासुन्दरी लगायतका सप्तदेवी थानहरुको पहिचान गरी मर्मत संम्भार तथा संरक्षण भएको हुनेछ । |
| १७ | हिमालहरुको आरोहण सम्वन्धी सम्भाव्यता अध्ययन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका हिमालहरुको आरोहण सम्वन्धी सम्भाव्यता अध्ययन भएको हुने । |
| १८ | प्रदेशका प्राचीन महत्व भएका साँस्कृतिक एवम् पर्यटकीय निधिहरुलाई युनेस्को हेरिटेजमा सूचीकृत गराउने | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका प्राचीन धार्मिक तथा गौरा, होरी, हुड्के, भुँवा एवम् देउडा जस्ता साँस्कृतिक एवम् पर्यटकीय मूर्त-अमूर्त निधिहरुलाई युनेस्को हेरिटेजमा सूचिकृत गराइएको हुने । |
| १९ | पर्यटकीय पद मार्गहरुको विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका संभाव्य क्षेत्रहको पहिचान गरी पर्यटकीय पद मार्गहरुको विकास भएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २० | जलयात्रा संभाव्यता अध्ययन र सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका ठूला नदीहरुमा मनोरञ्जनात्मक जलयात्राको संभाव्यता अध्ययन गरी निजी क्षेत्रसंगको सहकार्यमा जलयात्रा सञ्चालन भएको हुने । |
| २१ | कृषि तथा पर्या पर्यटन प्रवर्द्धन कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | स्याउ, यार्सा संकलन, आँपका बगैचा, मत्स्य पालन, बाह्रसिंङ्गा अवलोकन, कस्तुरी फर्म, कालिज पालन, व्यवसायिक अर्गानिक कृषि फर्म आदिलाई लक्षित गरी पर्यटकलाई आकर्षित गर्ने कृषि पर्यटन कार्यक्रम सञ्चालन भएको हुने ।<br>जंगलका सबैभन्दा ठूला तथा पुराना रुख, ठूला चट्टान, ताल-तलैयाहरु, पाटन, यार्चा क्षेत्र, तातोपानी कुण्ड, घना जंगल आदिको पहिचान गरी रोस्टर खडा गरी पर्या पर्यटन विकासका लागि प्रचार प्रसार गरिएको हुने । |
| २२ | पर्यटन विषय अध्यापन तथा अध्ययनका लागि छात्रवृत्ती कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | सुदूरपश्चिम विश्वविद्यालयमा पर्यटन विषयको अध्यापन कार्य प्रारम्भ भएको हुने ।<br>प्रदेश सरकारबाट पर्यटन विषय अध्ययनका लागि प्रत्येक वर्ष छात्रवृत्ती प्रदान गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ५५ अर्व** **( सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत )**

## उद्योग, वाणिज्य तथा आपूर्तिः

### उद्योग

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | आवश्यक नीति, कानुन, मापदण्ड एवम् संस्थागत संरचनाको खाका तर्जुमा र कार्यान्वयन | २०७८।०७९ २०८०।०८१ | | प्रदेशमा उद्योग क्षेत्रको दिगो विकासको लागि आवश्यक नीति, कानुन, मापदण्ड एवम् संस्थागत संरचनाको खाका तर्जुमा गरी कार्यान्वयन गरिएको हुने। |
| २ | औद्योगिक विकासको लागि समन्वय र उपयुक्त प्रणाली विकास एवम् कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | औद्योगिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारीको लागि आवश्यक समन्वय गरी उपयुक्त प्रणाली विकास एवम् कार्यान्वयन गरिएको हुने। |
| ३ | उद्योगको विकास र औद्योगिक ग्राम स्थापना | २०७८।०७९ २०८२।०८३ | | स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगको विकास भएको हुने ।<br>सबै पालिकाहरुमा औद्योगिक ग्राम स्थापनामा स्थानीय तहलाई सहयोग, सहजीकरण र प्रोत्साहन गरिएको हुने। |
| ४ | पूर्वाधारको विकास र आवश्यक प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | कृषि, पर्यटन, वन र खनिजमा आधारित उद्योगको विकासमा सहजता कायम हुने गरी पूर्वाधारको विकास र आवश्यक प्रोत्साहन गरिएको हुने । |
| ५ | **प्रदेश लगानी बोर्ड** जस्ता उपयुक्त संरचना | २०७८।०७९ २०८२।०८३ | | स्थानीय श्रोत, साधन र सीपको उपयोग हुने गरी प्राथमिकताका |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | स्थापना र सञ्चालन | | | क्षेत्रमा लगानी आकर्षणका लागि संघ र सम्बन्धित स्थानीय तहसँग सहकार्य र समन्वय गर्न **प्रदेश लगानी बोर्ड** जस्ता उपयुक्त संरचना स्थापना र सञ्चालन गरिएको हुने । |
| ६ | सहज औद्योगिक वातावरण निर्माण | २०७८।०७९<br>२०८२।०८३ | | सुमधुर औद्योगिक श्रम सम्बन्ध कायम हुने गरी प्रदेशमा सहज औद्योगिक वातावरण निर्माण भएको हुने । |
| ७ | एकद्वार प्रणालीको व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | | औद्योगिक क्षेत्रमा लगानी आकर्षित गर्न र सेवा सुविधा सम्बन्धी कार्य गर्न एकद्वार प्रणालीको व्यवस्था गरिएको हुने । |
| ८ | लगानीमैत्री वातावरण बनाउन समन्वय र सहकार्य | २०७८।०७९<br>२०८२।०८३ | | लगानीमैत्री वातावरण बनाउन प्रदेशको डुइङ्ग विजनेस इन्डेक्सको स्थितिपत्र तयार गरी सो मा सुधार गर्न ठोस कदम चाल्ने ।<br>प्रदेशमा स्थापना हुने उद्योगहरुलाई केन्द्र तथा स्थानीय तहबाट समेत कर तथा सेवा सुविधामा सहुलियत प्रदान गर्न समन्वय र सहकार्य गरिएको हुने।<br>परम्परागत हस्तकलाजन्य घरेलु उद्योगहरुको संरक्षण र विकासका लागि सहुलियत दरको कर्जा सुविधा, प्राविधिक तथा बजारीकरण |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | टेवा एवम् विऊ पूँजीको माध्यमबाट सहयोग गरिएको हुने। |
| ९ | विशेष प्राथमिकता प्राप्त क्षेत्र घोषणा र विशेष लगानी क्षेत्रको घोषणा गरी औद्योगिक विकासका लागि विशेष व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | कृषि-पशुजन्य, वन-जडिबुटी, खनिज, पर्यटन, निर्माण–सेवामूलक उद्योगको स्थापना र सुदृढिकरणको लागि संघ सँग समन्वय गरी विशेष प्राथमिकता प्राप्त क्षेत्र घोषणा गरिएको हुने ।<br>ठोस मापदण्डको आधारमा जग्गा प्राप्ति, पानी तथा विद्युतको व्यवस्था, यन्त्र उपकरण र प्रविधि आयात, चयन/हस्तान्तरण, सहुलियत कर्जा व्यवस्था, कर तथा शुल्कहरुमा सहुलियत, सुमधुर श्रम सम्बन्धको व्यवस्था गर्न विशेष लगानी क्षेत्रको घोषणा गरिएको हुने ।<br>प्रदेशको लगानी बोर्ड मार्फत एकद्वार प्रणालीबाट सेवा सुविधा उपलव्ध गराउने जस्ता विशेष व्यवस्था गरिएको हुने। |
| १० | औद्योगिक उत्पादनहरुको मूल्य अभिबृद्धि गर्ने कार्यमा सघाउ र प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | सीमावर्ती बजारको माग अनुरुप उत्पादन सम्भावनायुक्त तुलनात्मक लाभका कृषि वन र स्थानीय अन्य उत्पादनको सुधार, प्याकेजिङ्ग लगायतका मूल्य अभिबृद्धि गर्ने कार्यमा सघाउने र प्रोत्साहन गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ११ | आधुनिक प्रविधियुक्त र अनुसन्धानमूलक उद्योगलाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा आधुनिक प्रविधियुक्त र अनुसन्धानमूलक उद्योगलाई प्रोत्साहन गरिएको हुनेछ । |
| १२ | आवश्यक प्रविधि विकास, अनुसरण, प्रवर्त्तन आदिको माध्यमबाट उद्योग विकास एवम् रोजगारी वृद्धिको कार्य सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | उनीजन्य, मह, प्राकृतिक रेशाजन्य, चिउरी, बेत तथा रोजिन एण्ड टर्पेन्टाईन र सल्लो प्रजातिको काठको बस्तु विकास सम्बन्धमा आवश्यक प्रविधि विकास, अनुसरण, प्रवर्त्तन आदिको माध्यमबाट ब्राण्डिङ्ग समेत गरी यस क्षेत्रको उद्योग विकास एवम् रोजगारी वृद्धिको कार्य सञ्चालन गरिएको हुने । |
| १३ | प्रदेशमा उपलव्ध कच्चा पदार्थहरुको आधारमा वृहत उद्योगहरु स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा उपलव्ध कच्चा पदार्थहरुको आधारमा वृहत उद्योगहरु स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिएको हुने। |
| १४ | उच्च माग भएका बस्तुहरुमा प्रदेशलाई आत्मनिर्भर बनाउने गरी औद्योगिक प्रतिष्ठानहरुको स्थापनालाई प्राथमिकता | २०७८।०७९ २०८२।०८३ | | सिमेन्ट लगायतका निर्माण सामाग्री, खाद्य सामाग्री, फर्निचर, औषधि सहितका उच्च माग भएका बस्तुहरुमा प्रदेशलाई आत्मनिर्भर बनाउने गरी औद्योगिक प्रतिष्ठानहरुको स्थापनालाई प्राथमिकता दिइएको हुने। |
| १५ | उद्यमशिलता विकास तथा रोजगारी सृजना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा उपलब्ध स्रोतको उपयोग हुनसक्ने र बजार मागलाई सम्बोधन हुने र रोजगारी अभिबृद्धि |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | हुनेगरी सीप एवम् उद्यमशिलता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |

**जम्मा लगानीको अनुमान १ खर्व** ( सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत )

## वाणिज्य तथा आपूर्ति

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नीति, कानुन र मापदण्ड तर्जुमा गरी कार्यान्वयन र स्थानीय स्तरबाट व्यवसाय दर्ता र अनुगमन गर्ने प्रणालीलाई सहज र प्रभावकारी बनाउने | २०७८।०७९ २०८०।०८१ | | वाणिज्य, आपूर्ति तथा उपभोक्ता र व्यवसायीको हकहित संरक्षण एवम् स्वस्थ र स्वच्छ प्रतिस्पर्धा र मूल्य सूची सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा गरी कार्यान्वयन र परिपालना गरिएको हुने ।<br>स्थानीय स्तरबाट व्यवसाय दर्ता र अनुगमन गर्ने प्रणालीलाई सहज र प्रभावकारी बनाइएको हुने । |
| २ | प्रदेश भित्र स्थानीय र स्वदेशी वस्तुको प्रयोगमा जोड दिने | २०७८।०७९ २०८२।०८३ | | निजी क्षेत्र एवम् स्थानीय तहसँग सहकार्य गरी प्रदेश भित्र स्थानीय र स्वदेशी वस्तुको प्रयोगमा जोड दिइएको हुने । |
| ३ | गाउँ शहर अन्तरसम्बन्ध स्थापित गरी व्यापार प्रवर्द्धन गर्ने | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तहका वाणिज्यसँग सम्बन्धित संघ-संस्थाहरु सँगको समन्वयमा गाउँ शहर अन्तरसम्बन्ध स्थापित गरी व्यापार प्रवर्द्धन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ४ | व्यवसायिक वातावरण र व्यापारका लागि व्यवसाय सञ्चालकलाई अभिमुखीकरण तालिम प्रदान गर्ने | २०७८।०७९ २०८२।०८३ | | स्वच्छ, पारदर्शी र स्तरीय व्यवसायिक वातावरण र व्यापारका लागि व्यवसाय सञ्चालकलाई अभिमुखीकरण तालिम प्रदान गरिएको हुने । |
| ५ | सडक, विद्युत, सञ्चार लगायत सुविधा विस्तार गर्ने | २०७८।०७९ २०८२।०८३ | | व्यापारिक रणनीतिक केन्द्रमा सडक, विद्युत, सञ्चार लगायत सुविधा विस्तार गरिएको हुने। |
| ६ | परम्परागत हाटबजार प्रणालीको आधुनिकीकरण तथा तुलनात्मक लाभको आधारमा जिल्लागत रुपमा भिन्न-भिन्न वस्तु उत्पादन | २०७८।०७९ २०८२।०८३ | | परम्परागत हाटबजार प्रणालीको आधुनिकीकरण गरी व्यवस्थित गरिएको हने।<br>तुलनात्मक लाभको आधारमा जिल्लागत रुपमा भिन्न-भिन्न वस्तु उत्पादन गरी व्यापार बढेको हुने । |
| ७ | सूचना प्रविधिको प्रयोग मार्फत आधुनिकीकरण गर्ने | २०७८।०७९ २०८२।०८३ | | व्यापार प्रवर्द्धन तथा आपूर्तिमा सूचना प्रविधिको प्रयोग मार्फत आधुनिकीकरण गरिएको हुनेछ । |
| ८ | भण्डारणको व्यवस्था, आधुनिक खाद्य बैकको स्थापनामा प्रोत्साहन एवम् परम्परागत धर्म भकारी, पैचो प्रथाको समयोचित परिमार्जन गरी प्रवर्द्धन गर्ने | २०७८।०७९ २०८२।०८३ | | आधारभुत उपभोग्य वस्तुको आपूर्ति व्यवधान हटाउन र बजार असफलतालाई व्यवस्थापन गर्न स्थानीय तहमा भण्डारणको व्यवस्था मिलाइएको हुने ।<br>आधुनिक खाद्य बैकको स्थापनामा प्रोत्साहन गरिएको हुने ।<br>परम्परागत धर्म भकारी, पैचो प्रथाको समयोचित परिमार्जन गरी यसलाई प्रवर्द्धन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ९ | प्रदेशको संकटकालिन न्यूनतम खाद्यान्न भण्डारण (Buffer Stock) कायम गरी आपूर्तिको प्रत्याभूति | २०७८।०७९<br>२०८२।०८३ | | संकट वा विपतकालमा प्रयोग गर्न सकिने गरी पर्याप्त मात्रामा प्रदेशको संकटकालिन न्यूनतम खाद्यान्न भण्डारण (Buffer Stock) कायम गर्न खाद्य संस्थान वा अन्य आपूर्तिकर्ता सँग करार गरी आपूर्तिको प्रत्याभूति गरिएको हुने । |
| १० | सुपथ मूल्यका पसल तथा कृषि बजारको प्रवर्द्धन | २०७८।०७९<br>२०८२।०८३ | | सहकारीलाई सुपथ मूल्यका पसल खोल्न प्रोत्साहन गरिएको हुने ।<br>कृषि बजारको प्रवर्द्धनमा निजी क्षेत्र र सहकारीको भूमिका बढाई बिचौलियाको भूमिका निरुत्साहित गरिएको हुने । |
| ११ | नियमित बजार अनुगमनको व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | | गुणस्तरीय वस्तुको आपूर्ति प्रभावकारी बनाउन नियमित अनुगमनका माध्यमबाट न्यून गुणस्तरिय वस्तु तथा सेवाको विक्री वितरण, मिसावट एवम् अनावश्यक जम्मा तथा मुनाफाखोरीलाई निरुत्साहित गर्न नियमित अनुगमन गरिएको हुने । |
| १२ | रैथाने उत्पादनको प्रवर्द्धन, बजारिकरण एवम् उपभोग ढाँचामा सुधार | २०७८।०७९<br>२०८२।०८३ | | रैथाने उत्पादनको प्रवर्द्धन, बजारिकरण एवम् उपभोग ढाँचामा सुधारका लागि कोसेली घर, बस्तुको ब्राण्डिङ्ग, गुणस्तर व्यवस्थापन, प्रचार प्रसार र ढुवानीमा सहयोग उपलव्ध गराउने जस्ता कार्य गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १३ | पेट्रोलियम पदार्थको भण्डारण क्षमताको विकास तथा विस्तार | २०७८।०७९ २०८२।०८३ | | प्रादेशिक आवश्यकता अनुरुप पेट्रोलियम पदार्थको भण्डारण क्षमताको विकास तथा उपयुक्त स्थानहरुमा विस्तार गरिएको हुने । |
| १४ | आपूर्ति प्रणालीलाई निरन्तर सुचारु गर्न रणनीतिक महत्वको सडकमा अवरोध हुन नपाउने समुचित प्रवन्ध | २०७८।०७९ २०८२।०८३ | | प्रदेश तथा जिल्लागत आपूर्ति प्रणालीलाई निरन्तर सुचारु गर्न रणनीतिक महत्वको सडकमा प्राकृतिक प्रकोप, सवारी दुर्घटना वा अन्य कुनै मानवीय कारणबाट अवान्छित अवरोध हुन नपाउने समुचित प्रवन्ध गरिएको हुने । |

**जम्मा लगानीको अनुमान २५ अर्व** (सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत )

## खाद्य सुरक्षा तथा पोषण

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | खाद्य एवम् पोषण सुरक्षा नीति, योजना, रणनीति र कार्यक्रम तर्जुमा र तथ्यांकाधार तयार | २०७८।०७९ २०८०।०८१ | | खाद्य एवम् पोषण सुरक्षा नीति, योजना, रणनीति र कार्यक्रम तर्जुमा गरी लागू गरिएको हुने । खाद्य सुरक्षा, पोषण एवम् जोखिम सम्बन्धी तथ्यांकाधार तयार गरिएको हुने । |
| २ | खाद्य तथा पोषण सुरक्षा युक्त प्रदेश घोषणा गर्न बहुपक्षीय सहयोग जुटाउने | २०७८।०७९ २०८२।०८३ | | भोकमरी वा कुपोषणको जोखिममा रहेका बालबालिका, परिवार र समुदायको खाद्य तथा पोषण सुरक्षाका लागि सहयोग र टेवा |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | पुऱ्याई खाद्य तथा पोषण सुरक्षा युक्त प्रदेश घोषणा गर्न बहुपक्षीय सहयोग जुटाइएको हुने । |
| ३ | कृषि जैविक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान र प्रसार, प्रोत्साहन गरी संरक्षण र सम्वर्द्धन र उपयोग बढाउने। | २०७८।०७९ २०८२।०८३ | | कृषि जैविक विविधता सम्बन्धी अध्ययन, अनुसन्धान र प्रसार प्रोत्साहन गरी संरक्षण र सम्वर्द्धन गरिएको र उपयोग बढेको हुने । |
| ४ | स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउने | २०७८।०७९ २०८२।०८३ | | स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन प्रोत्साहन, रैथाने बालीको परिकार विकास र प्रवर्द्धन गरिएको हुने ।<br>रैथाने खाद्य संरक्षण, सापटी, भण्डारण एवम् क्षति न्यूनीकरण पद्दती तथा पोषण सम्बन्धी असल व्यवहारहरुको संरक्षण गरिएको हुने। |
| ५ | सुलभ पहुँचयुक्त निर्वाध आपूर्ति व्यवस्था कायम | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको खाद्य एवम् पोषण सम्बन्धी आवश्यकता अनुसार सुलभ पहुँचयुक्त निर्वाध आपूर्ति व्यवस्था कायम गरिएको हुने ।<br>बहुपक्षीय संलग्नतामा प्रदेश खाद्य बैंक स्थापना गरी सवल संस्थागत संरचना र पद्दतीको विकास, परीक्षण र विस्तार गरिएको हुने । |
| ६ | खाद्य तथा पोषण जोखिम युक्त क्षेत्र र समुदायमा विशेष निगरानी प्रणाली कायम | २०७८।०७९ २०८२।०८३ | | खाद्य तथा पोषण जोखिम युक्त क्षेत्र र समुदायमा विशेष निगरानी प्रणाली कायम गरिएको हुने ।<br>खाद्य तथा पोषण-सुरक्षामा समस्या |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | आउनुपूर्व नै उपचारात्मक पद्दती अपनाउने व्यवस्था गर्न स्थानीय तहसँग सहकार्य गरिएको हुने । |
| ७ | अनुगमन व्यवस्थालाई प्रभावकारी तुल्याउने | २०७८।०७९ २०८२।०८३ | | आपूर्ति सुनिश्चितता र गुणस्तरीयताका लागि अनुगमन व्यवस्थालाई प्रभावकारी तुल्याइएको हुने । |
| ८ | खाद्य र पोषण सुरक्षा कायम गर्न भण्डारणको उचित व्यवस्था र क्रियाशील निकाय, स्थानीय तह एवम् संघीय सरकारसँग समन्वय र सहकार्य | २०७८।०७९ २०८२।०८३ | | विपद् अवस्थामा खाद्य र पोषण सुरक्षा कायम गर्न भण्डारणको उचित व्यवस्था मिलाइएको हुने । खाद्य एवम् पोषण व्यवस्था गर्ने विषयमा क्रियाशील निकाय, स्थानीय तह एवम् संघीय सरकारसँग समन्वय र सहकार्य गरिएको हुने। |
| ९ | विपद प्रतिकार्य योजना तर्जुमा, नियमन व्यवस्था र प्रभावकारी अनुगमन | २०७८।०७९ २०८२।०८३ | | विपद प्रतिकार्य योजना तर्जुमा गरिएको हुने । विपद अवस्थामा हुन सक्ने आपूर्ति अवरोध, खाद्य तथा पोषण जोखिम, मिसावट, मूल्यवृद्धि, कृत्रिम अभाव आदिको नियन्त्रण गर्न नियमन व्यवस्था र निकायको प्रभावकारी अनुगमन गरिएको हुने । |
| १० | तत्कालै प्रतिफल दिनेखालका बाली, पशुपन्छी र मत्स्यको उत्पादन बढाउनमा प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा भएको सार्वजिक एवम् निजी बाँझो एवम् पर्ति जमिन, अनुत्पादक वन क्षेत्र, ताल–तलैया, नदी-खोला, आदिको उपयोग गरी तत्कालै प्रतिफल दिने खालका खाद्यान्न बाली तथा माछा मासुको उत्पादन बृद्धिका लागि प्रोत्साहन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ११ | पोषण सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | खाद्य तथा पोषणको उच्च जोखिममा रहेका सीमान्तकृत समुदाय, गर्भवती आमा, बालबालिका, शारीरिक अशक्त, नि-सहाय र वृद्ध-वृद्धाहरुको पोषण सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गरिएको हुने । |
| १२ | **सबैका लागि खाद्य तथा पोषण** विशेष अभियान | २०७८।०७९ २०८२।०८३ | | **सबैका लागि खाद्य तथा पोषण** विशेष अभियानमार्फत खाद्यान्न अपुग र कुपोषणको समस्या भएका पालिकाहरुमा उत्पादन वृद्धिका विशेष कार्यक्रमहरु सञ्चालन भएको हुने ।<br>स्थानीय स्तरमा उत्पादित पोषणयुक्त खाद्यान्न उपभोगसम्बन्धी सचेतना र खाद्य सञ्चय, खाद्य परिकार तयारी र खाद्य भण्डारण र पैंचो सम्वन्धी परम्परागत पद्दतीको अध्ययन र प्रवर्द्धन भएको हुने ।<br>आवश्यक न्युनतम खाद्यान्न आपूर्तिको सुनिश्चितता, खाद्य बैंङ्क स्थापना, कामको लागि खाद्यान्न कार्यक्रमको सञ्चालन आदि उपायबाट खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूती गरिएको हुने । |

**जम्मा लगानीको अनुमान १ अर्व**

## सहकारी क्षेत्र

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | सहकारी क्षेत्रको विकासका लागि आवश्यक नीति तथा कानुनी व्यवस्था एवम् उपयुक्त सङ्गठन संरचनाको स्थापना | २०७७।०७८ २०७९।०८० | | सहकारी क्षेत्रको विकासका लागि आवश्यक नीति तथा कानुनी व्यवस्था, दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा गरिएको हुने ।<br>उपयुक्त सङ्गठन संरचनाको स्थापना गरिएको हुने । |
| २ | स्थानीय स्रोत साधन र कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामाग्री आपूर्तिको व्यवस्था | २०७७।०७८ २०८२।०८३ | | स्थानीय स्रोत साधन र कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामाग्री आपूर्तिको लागि स्थानीय कृषकहरुको सहभागीतामा स्थापना गरिएको सहकारीमा आधारित उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइएको हुने । |
| ३ | ग्रामीण क्षेत्रको कृषि सहकारीहरुलाई कर्जाको व्याजमा अनुदान र कृषि सामाग्रि र मेशिन औजारको खरिद लगायतको पूँजीगत खर्चमा अनुदान | २०७७।०७८ २०८२।०८३ | | ग्रामीण क्षेत्रको कृषि सहकारीहरुलाई विषयगत आवश्यकताको आधारमा निर्दिष्ट कार्यविधि बमोजिम कर्जाको व्याजमा अनुदानको व्यवस्था भएको हुने ।<br>यस्तै कृषि सामाग्रि र मेशिन औजारको खरिद लगायतको पूँजीगत खर्चमा अनुदान दिने व्यवस्था मिलाइएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ४ | सहकारी खेती, सहकारी उद्योग, सहकारी वितरण सेवा र सहकारी व्यवसायको विकास तथा प्रबर्द्धन | २०७७।०७८ २०८२।०८३ | | सहकारी खेती, सहकारी उद्योग, सहकारी वितरण सेवा र सहकारी व्यवसायको विकास तथा प्रबर्द्धनका लागि आवश्यक भौतिक पूर्वाधार र सुविधा सहितको बजार तथा मूल्यश्रृंखला र सूचना केन्द्रको विकास गरिएको हुने। |
| ५ | भूमिहिन तथा साना किसानहरुलाई सहकारी खेती गर्न जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था | २०७७।०७८ २०८२।०८३ | | भूमिहिन तथा साना किसानहरुलाई सहकारी खेती गर्न प्रयोगमा नआएका सार्वजनिक एवम् निजी बाँझो जग्गा लिजमा उपलब्ध गराउने व्यवस्था मिलाइएको हुने । |
| ६ | बचत सुरक्षण बिमाको व्यवस्था | २०७७।०७८ २०८२।०८३ | | सहकारीका बचतकर्ताहरूको बचतको सुरक्षाको प्रत्याभूति गर्न बचत सुरक्षण बिमाको व्यवस्था गरिएको हुने । |
| ७ | सहकारीहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी वनाउने | २०७७।०७८ २०८२।०८३ | | सहकारी डिभिजन कार्यालय स्थापना गरी सहकारी संस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी वनाइएको हुने । |
| ८ | सहकारी तथा गरिबी सम्बन्धी एकीकृत सूचना प्रणाली (COPOMIS) को प्रयोग गरी अनुगमन कार्यलाई प्रभावकारी बनाउने । | २०७७।०७८ २०८२।०८३ | | सहकारी तथा गरिबी सम्बन्धी एकीकृत सूचना प्रणाली (COPOMIS) को प्रयोग गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइएको हुनेछ । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ९ | सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनको पालनालाई थप प्रभावकारी बनाउने । | २०७७।०७८ २०८२।०८३ | | सहकारी संघ संस्थामा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनको पालनालाई थप प्रभावकारी बनाइएको हुने । |
| १० | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको स्थापना | २०७७।०७८ २०८२।०८३ | | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको स्थापना गरी सांगठनिक क्षमता विकास गरिएको हुने। |
| ११ | प्राविधिक तथा व्यवसायिक तालिमका विशेष कार्यक्रमहरु सञ्चालन | २०७७।०७८ २०८२।०८३ | | सहकारी संस्थाहरुलाई व्यवसायिक रुपमा सक्षम तुल्याउन सहकारीका सदस्यहरुलाई लक्षित गरी प्राविधिक तथा व्यवसायिक तालिमका विशेष कार्यक्रमहरु सञ्चालन गरिएको हुने। |
| १२ | जनसरोकारका अन्य क्षेत्रमा सहकारीको भूमिका विस्तार | २०७७।०७८ २०८२।०८३ | | प्रदेशको समृद्धिका लागि जनसरोकारका अन्य क्षेत्रमा सहकारीको भूमिका विस्तार गरिएको हुने । |
| १३ | सहकारी सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम | २०७७।०७८ २०८२।०८३ | | सहकारी सम्वन्धी विद्यालय शिक्षामा पाठ्यक्रम, आम सञ्चारका माध्यमबाट जनचेतना र सहकारी सञ्चालकहरुको लागि व्यवस्थापन तालिम सञ्चालन भएको हुने । |
| १४ | सहकारी सूचना केन्द्र स्थापना | २०७७।०७८ २०८२।०८३ | | सहकारी सम्वन्धी सूचना संम्प्रेषण गर्न प्रदेशमा प्रदेशस्तरीय र सबै स्थानीय तहमा सहकारी सूचना केन्द्रको स्थापना भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
| --- | --- | --- | --- | --- |
| १५ | सहकारी नमूना गाउँ | २०७७।०७८ २०८२।०८३ | | सहकारी नमूना गाउँ मार्फत सामूहिक संस्कृति, पर्मा पद्दती र क्षमता अनुसार काम गर्ने समाजवाद उन्मुख अभ्यास भएको हुने । |
| १६ | सहकारीमा लक्षित वर्गको पहुँच अभिवृद्धि कार्यक्रम | २०७७।०७८ २०८२।०८३ | | लक्षित वर्गलाई सहकारीमा आवद्ध गराई व्यवसायिक तालिम, सहकारी घुम्ती कोष सञ्चालन र भूमिहिनलाई सार्वजनिक जग्गा लिजमा उपलव्ध गराउने व्यवस्था भएको हुने। |
| १७ | सहकारी उत्पादन र बजारीकरण | २०७७।०७८ २०८२।०८३ | | एक सहकारी-एक नमूना उत्पादनको ब्रान्डिङ गरी वजारीकरण गर्न र विशिष्टिकृत सहकारी मार्फत आर्थिक रुपान्तरणका क्रियाकलाप सञ्चालन भएको हुने । |
| १८ | सहकारी, निजी र सार्वजनिक साझेदारी कार्यक्रम | २०७७।०७८ २०८२।०८३ | | उत्पादन बढाउन र बजारीकरण गर्न सहकारी, निजी र सार्वजनिक साझेदारी कार्यक्रम सञ्चालन भएको हुने। |
| १९ | सहकारी बैंक स्थापना | २०७७।०७८ २०८२।०८३ | | प्रदेशमा रहेका सहकारी संस्थाहरुको सहभागितामा सहकारी बैंकको स्थापना र सञ्चालन भएको हुने । |

**जम्मा लगानीको अनुमान ५० करोड**

## निजी क्षेत्र

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेशमा निजी लगानी प्रवर्द्धन नीति कानुन एवम् निर्देशिका तर्जूमा | २०७८।०७९ २०८०।०८१ | | प्रदेशमा निजी लगानी प्रवर्द्धन नीति कानुन एवम् निर्देशिका तर्जूमा गरी लागु गरिएको हुने । |
| २ | प्रदेश लगानी वोर्डको गठन | २०७८।०७९ २०८०।०८१ | | प्रदेश लगानी वोर्डको गठन गरिएको हुने । |
| ३ | बहुपक्षीय लगानीलाई समन्वय र सहजीकरण एवम् संरक्षण | २०७८।०७९ २०८२।०८३ | | सुमधुर औद्योगिक सम्बन्ध कायम गर्न सहयोग गर्ने गरी बहुपक्षीय लगानीलाई समन्वय र सहजीकरण एवम् संरक्षण गरिएको हुने । |
| ४ | लगानीको समानुपातिक विकास | २०७८।०७९ २०८२।०८३ | | भौगोलिक, विषयगत, क्षेत्रगत सम्भाव्यता तथा संतुलनमा सामाञ्जस्यता ल्याई लगानीको समानुपातिक विकास गरिएको हुने। |
| ५ | एकद्वार प्रणालीबाट सहज बनाउने | २०७८।०७९ २०८०।०८१ | | लगानी र व्यवसाय दर्ता सम्बन्धी कार्य एकद्वार प्रणालीबाट सहज बनाइएको हुने । |
| ६ | प्रदेशमा हुने लगानीलाई छुट र सहुलियत प्रदान | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा हुने लगानीलाई ठोस आधार र मापदण्ड अनुरुप कर, कर्जा, बीमा, कच्चामाल, श्रम सम्बन्ध, जग्गा प्राप्ती, उर्जा, पानी, सडक, दक्षजनशक्ति, यन्त्रउपकरण आयात आदिमा छुट प्रदान गरिएको हुने ।<br>सहुलियत युक्त प्याकेज सहितको विशेष प्राथमिकता प्राप्त प्रदेश कायम गरि सहुलियत प्रदान गर्न केन्द्रसँग पहल/पैरवी गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ७ | कृषिको व्यवसायिकरणमा निजी क्षेत्रलाई सघाउने गरी प्रदेशको कृषि विकास रणनीति तयार | २०७८।०७९ २०८२।०८३ | | अनुसन्धान, नवप्रवर्तन र प्रविधि अवलम्बनमा सघाएर निजी क्षेत्रलाई कृषिको व्यवसायिकरणमा सघाउने गरी प्रदेशको कृषि विकास रणनीति तयार गरी कार्यान्वयन गरिएको हुने। |
| ८ | निजी क्षेत्रको लगानी र संलग्नतामा पूर्वाधार निर्माण प्रवर्द्धन गर्न नीतिगत र कानुनी व्यवस्था र प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | निजीक्षेत्रको लगानी र संलग्नतामा पूर्वाधार निर्माण प्रवर्द्धन गर्न नीतिगत र कानुनी व्यवस्था र प्रोत्साहन गरिएको हुने । |
| ९ | निर्माण व्यवसायको विकासका लागि आवश्यक व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | निर्माण व्यवसायको विकासका लागि आवश्यक प्रविधि, प्राविधिक कर्जा उपलब्धिमा सघाउने र समय मै निर्माण सम्पन्न गर्नेलाई थप प्रोत्साहन दिने कार्य योजना बनाइएको हुने । |
| १० | निर्माण कार्यका लागि आवश्यक जनशक्ति तालिम र विकास गर्न प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | निर्माण कार्यका लागि आवश्यक जनशक्ति तालिम र विकास गर्न प्रोत्साहन गरी रोजगारी र आय वृद्धि भएको हुने । |
| ११ | निर्माण सामाग्रीको उत्पादनमा प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | निर्माण सामाग्रीको उत्पादन यस प्रदेशको सम्भाव्य क्षेत्र भएकोले आवश्यक प्रोत्साहन दिइएको हुने। |
| १२ | जलविद्युत र सुलभ आवास निर्माण उद्योगलाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | जलविद्युत र सुलभ आवास निर्माण उद्योगलाई प्रोत्साहन गरिएको हुने। |
| १३ | सेवा क्षेत्र प्रवर्द्धनका लागि ठोस कार्ययोजना र बहुपक्षीय समन्वय | २०७८।०७९ २०८२।०८३ | | सेवा क्षेत्र प्रवर्द्धनका लागि ठोस कार्ययोजना बनाई लागु गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | शिक्षा, स्वास्थ्य, व्यापार-व्यवसाय, बैकिङ्ग, पर्यटन, यातायात संचार क्षेत्रको समानुपातिक र समन्यायिक वितरणमा सघाएर प्रदेशको विकासमा तिव्रता ल्याउन बहुपक्षीय समन्वय गरिएको हुने । |
| १४ | सेवा क्षेत्रमा नवप्रवर्तन प्रविधिको उपयोग र ICT को उपयोग | २०७८।०७९ २०८२।०८३ | | सेवा क्षेत्रमा नवप्रवर्तन प्रविधिको उपयोग र ICT उपयोगलाई सघाइएको हुने । |
| १५ | निजी क्षेत्र सहयोगी हुने गरी प्रदेशको Edge of Doing Business को सूचक सर्भे गर्ने र सीमा सुधार | २०७८।०७९ २०८२।०८३ | | निजी क्षेत्र सहयोगी हुने गरी प्रदेशको Edge of Doing Business को सूचक सर्भे गरिएको र सीमा सुधार ल्याइने हुने । |
| १६ | Start-up business लाई सघाउने उपकरणहरु विकास गरी कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | Start-up business लाई सघाउने उपकरणहरु विकास गरी कार्यान्वयनमा ल्याइएको हुने । |
| १७ | उद्यमशीलता प्रवर्द्धन गर्न टेवा | २०७८।०७९ २०८२।०८३ | | निजी क्षेत्रबाट उद्यमशीलता प्रवर्द्धन गर्न अनुदान, कर्जा, प्राविधिक सहयोग, बजारीकरण टेवा जस्ता सुविधाहरु उपलब्ध गराइएको हुने। |
| १८ | सुमधुर औद्योगिक सम्बन्धका लागि निजी क्षेत्रको सकारात्मक पहलकदमी | २०७८।०७९ २०८२।०८३ | | सुमधुर औद्योगिक सम्बन्धका लागि निजी क्षेत्रको सकारात्मक पहलकदमीमा आवश्यक व्यवस्था गरिएको हुने । |
| १९ | हरितमैत्री, महिलामैत्री, बालश्रम मुक्त व्यवसायलाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | हरितमैत्री, महिलामैत्री, बालश्रम मुक्त व्यवसायलाई प्रोत्साहन गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २० | सेवा प्रवाहको वैकल्पिक व्यवस्थाका लागि उचित पूर्वतयारी व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | निजीक्षेत्रले सेवा प्रवाहमा लापरवाही वा अवरुद्ध गरेको वा असक्षम रहेको (Market Failure) को अवस्थामा सेवा प्रवाहको वैकल्पिक व्यवस्थाका लागि उचित पूर्वतयारी व्यवस्था गरिएको हुने । |
| २१ | निजी क्षेत्रको स्वनियमन र उचित पुरस्कार तथा दण्डको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | निजी क्षेत्रको निष्पक्ष, स्वतन्त्र र मूल्यमा आधारित स्वनियमनको व्यवस्था भएको हुने। नियमनकारी निकायद्वारा नियमन वा अनुगमन गर्ने र उचित पुरस्कार र दण्ड व्यवस्था गरिएको हुने । |
| २२ | लगानी सम्मेलनको आयोजना | २०७६।०७७ २०७८।०७९ | | प्रदेशमा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि लगानी सम्मेलनको आयोजना भएको हुने । |
| २३ | निजी क्षेत्रको क्षमता अभिवृद्धिको कार्यक्रम | २०७६।०७७ २०८०।०८१ | | प्रदेशको निजी क्षेत्रको क्षमता अभिवृद्धिकालागि आवश्यक कार्यक्रम पहिचान गरी संचालन भएको हुने । |

**जम्मा लगानीको अनुमान ५० करोड**

## ५.८ आर्थिक क्षेत्रका नतिजा खाका

### प्रभाव

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | २४.६ | २३ | २० | १७ | १४ | ११ | के.त.वि. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २५.३ | २४ | २२ | १९ | १६ | १३ | |
| कृषि क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | ४.१ | ७.५ | ८.० | ८.० | ८.० | ८.० | के.त.वि. / प्र.त.का. |
| उद्योग क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | ४.२ | १२.८ | १७.७ | १७.९ | १८.० | १८.३ | के.त.वि. / प्र.त.का. |
| सेवा क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | २.७ | ८.४ | १०.३ | १०.२ | ११.४ | ११.४ | के.त.वि. / प्र.त.का. |
| अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३५.६ | ३५.१ | ३४.३ | ३३.५ | ३२.५ | ३१.५ | के.त.वि. / प्र.त.का. |
| अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १३.७ | १४.३ | १५.२ | १६.२ | १७.२ | १८.२ | के.त.वि. / प्र.त.का. |
| अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५०.७ | ५०.६ | ५०.५ | ५०.३ | ५०.३ | ५०.३ | के.त.वि. / प्र.त.का. |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५०.३ | ५२ | ५५ | ६० | ६५ | ७० | के.त.वि. / प्र.त.का. |

# कृषि

## असर

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| प्रमुख अन्न बालीहरुको उत्पादकत्व | मे.टन/हे | २.७ | ३.० | ३.३ | ३.६ | ४.० | ४.३ | भू.व्य.कृ.स.मं./प्र.त.का. |
| प्रमुख नगदे बालीहरुको उत्पादकत्व | मे.टन/हे | १०.० | ११.० | १२.१ | १३.३ | १४.७ | १६.१ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| प्रमुख तरकारीहरुको उत्पादकत्व | मे.टन/हे | १३.२ | १४.५ | १६.० | १७.६ | १९.३ | २१.३ | भू.व्य.कृ.स.मं. / |
| प्रमुख दलहनहरुको उत्पादकत्व (मसुरो, चना,केराउ,कालो मास, भटमास) | मे.टन/हे | १.० | १.० | १.१ | १.३ | १.४ | १.५ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| सिमिको उत्पादकत्व | मे.टन/हे | ११.२ | १२.३ | १३.६ | १४.९ | १६.४ | १८.० | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| स्याउको उत्पादकत्व | मे.टन/हे | ७.० | ७.७ | ८.५ | ९.३ | १०.२ | ११.३ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| अन्य फलफूलहरु (हिउदे) को उत्पादकत्व (नासपाति, ओखर, आरु, आरुबखडा, खुर्पानी, किबी, अनार आदि) | मे.टन/हे | ७.० | ७.७ | ८.५ | ९.३ | १०.२ | ११.३ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| सुन्तला जातको फलफूलको उत्पादकत्व | मे.टन/हे | ८.९ | ९.८ | १०.८ | ११.८ | १३.० | १४.३ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| अन्य फलफूलहरु (बर्षे)कोउत्पादकत्व (आपँ, लिचि, केरा, नरिवल, अम्बा, भूइकटर,मेवा आदि) | मे.टन/हे | १०.९ | १२.० | १३.२ | १४.५ | १६.० | १७.६ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| मसला जन्य बालीहरुको उत्पादकत्व | मे.टन/हे | ११.७ | १२.९ | १४.२ | १५.६ | १७.१ | १८.८ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |

**प्रतिफल**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| प्रमुख अन्न बालीहरुको उत्पादन (धान, मकै, गहुँ, कोदो र जौ) | मे.टन | १११६९१६ | १२२८६०८ | १३५१४६८ | १४८६६१५ | १६३५२७७ | १७९८८०४ | भू.व्य.कृ.स.मं. |
| प्रमुख नगदे बालीहरुको उत्पादन (तेलहन, आलु र उखुँ) | मे.टन | ५०८२८० | ५५९१०८ | ६१५०१९ | ६७६५२० | ७४४१७२ | ८१८५९० | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| प्रमुख तरकारीहरुको उत्पादन | मे.टन | ३४१५७८.७ | ३७५७३६.६ | ४१३३१०.२ | ४५४६४१.२ | ५००१०५.४ | ५५०१९५.९ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| प्रमुख दलहनहरुको उत्पादन (मसुरो, चना, केराउ, कालो मास, भटमास) | मे.टन | १९१९८.० | २१११७.८ | २३२२९.६ | २५५५२.५ | २८१०७.८ | ३०९१८.६ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| सिमिको उत्पादन | मे.टन (हजार मा) | २२६५.६ | २४९२.२ | २७४१.४ | ३०१५.५ | ३३१७.१ | ३६४८.८ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| स्याउको उत्पादन | मे.टन | २९५०.० | ३२४५.० | ३५६९.५ | ३९२६.५ | ४३१९.१ | ४७५१.० | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| अन्य फलफूलहरु (हिउदे) को उत्पादन (नासपाति, ओखर, आरु, आरुबखडा, खुर्पानी, किबी, अनार आदि) | मे.टन | १२३२८.० | १३५६०.८ | १४९१६.९ | १६४०८.६ | १८०४९.४ | १९८५४.४ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| सुन्तला जातको फलफूलको उत्पादन | मे.टन | २२९६९.० | २५२६५.९ | २७७९२.५ | ३०५७१.७ | ३३६२८.९ | ३६९९१.८ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| अन्य फलफूलहर (बर्षे) को उत्पादन (आपँ, लिचि, केरा, नरिवल, अम्बा, भूइकटर,मेवा आदि) | मे.टन | ३९८३७.० | ४३८२०.७ | ४८२०२.८ | ५३०२३.० | ५८३२५.४ | ६४१५७.९ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| मसलाजन्य बालीहरुको उत्पादन | मे.टन | ६३११०.० | ६९४२१.० | ७६३६३.१ | ८३९९९.४ | ९२३९९.४ | १०१६३९.३ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| फापर उत्पादन | मे. टन | २८७ | ३१६ | ३४७ | ३८२ | ४२० | ४६२ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| शित भण्डार (१०० टन क्षमताभन्दा बढि) | संख्या | ४ | ५ | ६ | ८ | ९ | १० | भू.व्य.कृ.स.मं. / |
| अदुवाको उत्पादन | मे. टन | २५८३१ | २८४१४ | ३१२५६ | ३४३८१ | ३७८१९ | ४१६०१ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| अदुवाको उत्पादकत्व | मे.टन/हे | १६ | १८ | २० | २२ | २४ | २६ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बेसारको उत्पादकत्व | मे.टन/हे | १२ | १४ | १५ | १७ | १८ | २० | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| लसुनको उत्पादन | मे. टन | १७७५९ | १९५३५ | २१४८८ | २३६३७ | २६००१ | २८६०१ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| बजार केन्द्रको स्थापना | संख्या | - | ३ | ३ | ४ | ४ | ४ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन | संख्या | - | १ | १ | १ | १ | १ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| प्राङ्गारिक गाँऊ घोषणा | संख्या | - | २ | २ | २ | ३ | ४ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |

**पशुपन्छी तथा मत्स्य पालन**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| दुध उत्पादन वृद्धि दर | प्रतिशत | – | २ | ४ | ६ | ८ | १० | भू.व्य.कृ.स.मं. / |
| अण्डा उत्पादन वृद्धि दर | प्रतिशत | – | १.५ | ३ | ७ | १० | १२ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| मासु उत्पादन वृद्धि दर | प्रतिशत | – | ३ | ५ | ७ | ८ | १० | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| माछा उत्पादन वृद्धि | प्रतिशत | – | ०.५ | २ | ४ | ६ | ८ | भू.व्य.कृ. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| दर | | | | | | | | स.मं. / प्र.त.का. |
| पशुपन्छी तथा मत्स्य व्यवसाय बाट थप रोजगार | संख्या | ३७५०० | ३९५०० | ४३४५० | ४७७९५ | ५२५७५ | ५७५०० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| **प्रतिफल** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।०७८** | **२०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२०८२।०८३** | **सूचनाको श्रोत** |
| मासु उत्पादन | मे. टन | २४८००० | २५०४८० | २५२९८५ | २५५५१५ | २५८०७० | २६०४८६ | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| दुध उत्पादन | लिटर | ३२७१५ | ३३०४२ | ३३३७३ | ३३७०६ | ३४०४३ | ३४९२८ | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| अण्डा उत्पादन | गोटा | ४२२४७ | ४८५८४ | ५३४४२ | ५३९७७ | ५९३७५ | ६१८७० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| माछा उत्पादन | मे. टन | १७७५ | १७८३ | १९६१ | १९८१ | २१७९ | २३०० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| डेरी तथा दुग्ध संकलन केन्द्र | संख्या | १२० | १४० | १५० | १६० | १७० | १८० | भू.व्य.कृ. स.मं. |
| ग्रामीण कुखुरा प्रवर्द्धन फर्म | संख्या | ४५० | ५५० | ६०५ | ६६६ | ७३२ | ८५० | भू.व्य.कृ. स.मं. |
| गाई पालन | संख्या | १००६०० | १०१६०६० | १०२६२२१ | १०३६४८३ | १०४६८४८ | १०५७३१६ | भू.व्य.कृ. स.मं. |
| भैसी पालन | संख्या | ५१५०० | ५२०१ | ५२५३ | ५३०६ | ५३५९ | ५४१२ | भू.व्य.कृ. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | ० | ५० | ५२ | ०५ | ११ | ७० | स.मं. |
| बाखा पालन | संख्या | १०७३००० | १०८३७३० | १०९४५६७ | ११०५५१३ | १११६५६८ | ११२७७३४ | भू.व्य.कृ.स.मं. |
| भेडा पालन | संख्या | ९९००० | ९९९९० | १००९९० | १०२०००० | १०३०२० | १०४०५० | भू.व्य.कृ.स.मं. |
| कुखुरा पालन | संख्या | २९८३०००० | ३०१२८३० | ३०४२९५८ | ३०७३३८८ | ३१०४१२२ | ३१३५१६३ | भू.व्य.कृ.स.मं. |
| चौरी पालन | संख्या | १३०० | १३१३ | १३२६ | १३३९ | १३५३ | १३६६ | भू.व्य.कृ.स.मं. |
| बंगुर पालन | संख्या | ५७६०००० | ५८१७६० | ५८७५७८ | ५९३४५३ | ५९९३८८ | ६०५३८२ | भू.व्य.कृ.स.मं. |
| हाँस पालन | संख्या | १२८०००० | १२९२८० | १३०५७३ | १३१८७९ | १३३१९७ | १३४५२९ | भू.व्य.कृ.स.मं. |
| पशुपन्छीमा आधारित उद्योग | संख्या | १२८० | १५६० | १७१६ | १८८८ | २०७६ | २२५० | भू.व्य.कृ.स.मं. |
| सुधारिएको डेरी पसल | संख्या | १२० | १४० | १५४ | १६९ | १८६ | २०१ | भू.व्य.कृ.स.मं. |
| सुधारिएको मासु पसल | संख्या | ६५ | ७५ | ८३ | ९१ | १०० | ११० | भू.व्य.कृ.स.मं. |

**भूमि व्यवस्थापन**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| कृषि कार्यमा उपयोग भएको भूमि | प्रतिशत | १८.३८ | १८.३८ | १८.३८ | १८.३८ | १९ | २० | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| वनले ढाकेको भूमि | प्रतिशत | ५२.३३ | ५२.३३ | ५२.३३ | ५२.३३ | ५२.३३ | ५३ | भू.व्य.कृ.स.मं. / |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| आवास क्षेत्रका लागि उपयोग भएको भूमि | प्रतिशत | | | | | | | भू.व्य.कृ.स.मं. / |
| हिउले ढाकेको क्षेत्र | | | | | | | | |
| **प्रतिफल** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।०७८** | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | **सूचनाको श्रोत** |
| भूमिहिनहरुको तथ्याङ्क अद्यावधिक | जिल्ला संख्या | - | १ | ३ | ५ | ७ | ९ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| कृषियोग्य जमिनको चक्लावन्दी | हेक्टर | ३०० | ६०० | ७०० | ८०० | ९०० | १००० | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| कृषि योग्य जग्गा मध्ये बाँझो जग्गा | प्रतिशत | १०.६१ | १०.५ | १० | ९.५ | ९ | ८.५ | भू.व्य.कृ.स.मं. / प्र.त.का. |
| **वन तथा जैविक विविधता** | | | | | | | | |
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।०७८** | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | **सूचनाको श्रोत** |
| वनले ढाकेको क्षेत्रफल | प्रतिशत | **५२.३३** | **५२.३३** | **५२.३३** | **५२.४** | **५२.५** | **५३** | उ.प.व.वा.मं. / प्र.त.का. |
| वनजन्य उत्पादनको वृद्धि दर | प्रतिशत | **५** | **५** | ६ | ७ | ८ | ९ | उ.प.व.वा.मं. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय निकुन्जहरुले ढाकेको क्षेत्रफल | प्रतिशत | १२.४६ | १२.४६ | १२.४६ | १२.४६ | १२.४६ | १२.४६ | उ.प.व.वा.मं. / प्र.त.का. |
| वन क्षेत्रबाट प्राप्त राजश्व रकम | रु | ५९९२६५६९ | ६५९१९२२६ | ७२५१११४८ | ७९७६२२६३ | ८७७३८४८९ | ९६५१२३३८ | आ.मा मं. |
| प्राकृतिक बहुमूल्य जडीवुटीहरुको उत्पादन वृद्धि दर | प्रतिशत | – | ५ | ६ | ८ | ९ | १० | उ.प.व.वा.मं. / प्र.त.का. |
| व्यवसायिक बहुमूल्य जडीवुटीहरुको उत्पादन वृद्धि दर | प्रतिशत | – | ५ | ७ | ९ | १२ | १५ | उ.प.व.वा.मं. / प्र.त.का. |
| प्रशोधित जडीवुटीहरुको निर्यात वृद्धि दर | प्रतिशत | – – | २ | ४ | ६ | ८ | १० | उ.प.व.वा.मं. / प्र.त.का. |

**प्रतिफल**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सामूदायिक वन | संख्या<br>क्षेत्रफल (हेक्टर मा) | ३२९६<br>३६७५६२.८ | ३३०६<br>३३८६२ | ३३१४<br>३७३६२ | ३३२१<br>३७८६२ | ३३२७<br>३८३६२ | ३३३२<br>४३६२ | उ.प.व.वा.मं. / प्र.त.का. |
| निजी वन | संख्या<br>क्षेत्रफल (हेक्टर मा) | २६०<br>१८१.५ | २७०<br>१८६ | २८०<br>१९१ | २९०<br>१९५ | ३०० | ३१० | उ.प.व.वा.मं. / प्र.त.का. |
| वन नर्सरी | संख्या | ४७ | ५० | ५२ | ५४ | ५६ | ५८ | उ.प.व.वा.मं. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८ ।०७९ | २०७९ ।०८० | २०८० ।०८१ | २०८१ ।०८२ | २०८२ ।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| कबुलियत वन | संख्या<br>क्षेत्रफल (हेक्टर मा) | १०१८<br>५३२९ | १०१९<br>५३३४ | १०२०<br>५३३९ | १०२१<br>५३४४ | १०२२<br>५३४९ | १०२३<br>५३५४ | उ.प.व. वा.मं. / प्र.त.का. |
| चरण क्षेत्र | हेक्टर | ३४८२६ | ३४८२६ | ३४८२६ | ३४८२६ | ३४८२६ | ३४८२६ | |
| संरक्षित जलाधार क्षेत्र | संख्या | ० | ० | १ | २ | ३ | ५ | उ.प.व. वा.मं. |
| दाउरा उत्पादन | मे टन | ३२४ | ३५० | ३६० | ३७० | ३८० | ३९० | उ.प.व. वा.मं. |
| काठ उत्पादन | घनफिट | ७८३५८३ | ८२०००० | ८६०००० | ८९०००० | ९३०००० | ९७०००० | उ.प.व. वा.मं. |
| वन उद्यमको विकास तथा प्रवर्द्धन | संख्या | २२ | ३० | ३० | ३० | ३० | ३० | उ.प.व. वा.मं. |
| वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | २३८ | २७८ | १९८ | १५० | १५० | १५० | उ.प.व. वा.मं. |
| विरुवाको कुल उत्पादन | संख्या | ४५१४०००० | ३४५४२३७ | २५००००० | २७००००० | ३०००००० | ३०००००० | उ.प.व. वा.मं. |
| जडिबुटीहरुको व्यासायिक उत्पादन क्षेत्रफल | हेक्टर | – | १०० | १३० | १५० | १७० | २०० | उ.प.व. वा.मं. / |
| जडिवुटी प्रशोधन केन्द्रको विस्तार | संख्या | - | ४ | ५ | ८ | ८ | ८ | उ.प.व. वा.मं. / |
| वन पैदावारमा आधारित उद्योग | संख्या | - | २७ | ५ | ५ | ५ | ५ | उ.प.व. वा.मं. / |
| व्यवस्थापन गरिएका सिमसार क्षेत्र | संख्या | - | १२ | २५ | १५ | १५ | १५ | उ.प.व. वा.मं. / |

**पर्यटन**

**असर**

| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।७८** | **२०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२०८२।०८३** | **सूचनाको श्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| पर्यटन आयको वृद्धि दर | प्रतिशत | – | ५ | ७ | ८ | ९ | १० | उ.प.व. वा.मं. / प्र.त.का. |

**प्रतिफल**

| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।०७८** | **२०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२०८२।०८३** | **सूचनाको श्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| पर्यटकीय केन्द्रहरुको विकास र विस्तार कार्यक्रम | संख्या | ४१५ | ३१५ | ३०० | २५० | २०० | २०० | उ.प.व.वा.मं. / प्र.त.का. |
| पर्यटकीय मार्गको विस्तार | कि. मि. | ५० | ६४ | ५० | ४० | ४० | ३५ | उ.प.व.वा.मं. / प्र.त.का. |
| धार्मिक पर्यटन स्थल संरक्षण | संख्या | ३४६ | ३०० | २७० | २५० | २०० | १५० | उ.प.व.वा.मं. / |
| होमस्टे | संख्या | ५ | १० | १० | १० | १० | १० | उ.प.व.वा.मं. / |
| पद मार्ग | संख्या | ५० | ६० | ४० | ३० | ३० | ३० | उ.प.व.वा.मं. / |

## उद्योग, वाणिज्य तथा आपूर्ति

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक उत्पादनको वृद्धि दर | प्रतिशत | ४.२ | १२.८ | १७.७ | १७.९ | १८.० | १८.३ | उ.प.व.वा.मं. / प्र.त.का. |
| आयात प्रतिस्थापन दर | प्रतिशत | – | ५ | ७ | ८ | ९ | १० | उ.प.व.वा.मं. / प्र.त.का. |
| निर्यात वृद्धि दर | प्रतिशत | – | २ | ३ | ४ | ६ | ८ | उ.प.व.वा.मं. / प्र.त.का. |

**प्रतिफल**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ठूला र मझौला उद्योगहरु | संख्या | ११५ | १२० | १२५ | १३० | १३५ | १५० | उ.प.व.वा.मं. / |
| साना उद्योगहरु | संख्या | २७७३३ | २७८३३ | २७९५० | २८१०० | २८३०० | २८५०० | उ.प.व.वा.मं. / |
| लघु उद्योगहरु | संख्या | ६०९१ | ६१५० | ६२०० | ६२५० | ६३०० | ६४०० | उ.प.व.वा.मं. / |
| घरेलु उद्योगहरु | संख्या | २६६८ | २७२५ | २८०० | २९०० | ३००० | ३२०० | उ.प.व.वा.मं. / |
| खाद्य सञ्चय डिपो | संख्या | – | – | – | – | १ | २ | उ.प.व.वा.मं. / |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| जन-भकारी | संख्या | – | – | १ | २ | ३ | ३ | उ.प.व.वा.मं. / |
| औद्योगिक क्षेत्र संख्या | | – | – | – | – | – | १ | उ.प.व.वा.मं. / |
| औद्योगिक ग्राम | संख्या | – | – | – | १ | २ | २ | उ.प.व.वा.मं. / |

**खाद्य सुरक्षा तथा पोषण**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| प्रमुख खाद्यान्न बालीहरुको उत्पादन वृद्धि | मे.टन/हे | - | १ | १ | १ | १ | १ | भू.व्य.कृ.स.मं. / प्र.त.का |
| चरम खाद्य असुरक्षामा रहेका परिवार | प्रतिशत | २० | १६ | १५ | १२ | १० | ८ | भू.व्य.कृ.स.मं. / प्र.त.का |
| पाँच वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ३३.३ | ३० | २६ | २२ | १९ | १५ | स्वा.सू.व्य.प्र. |
| पाँच वर्षमुनिका पुडकोपन भएका बालबालिका | प्रतिशत | ३५.९ | ३५ | ३२ | २८ | २४ | २० | स्वा.सू.व्य.प्र. |

| प्रतिफल (प्रति व्यक्ति, प्रति वर्ष कृषि उत्पादनको उपलव्धता) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७। ७८** | **२०७८ ।०७९** | **२०७९ ।०८०** | **२०८० ।०८१** | **२०८१ ।०८२** | **२०८२ ।०८३** | **सूचनाको श्रोत** |
| खाद्यान्न | कि.ग्रा. | २३० | २४० | २६० | २८० | ३०० | ३२० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| मासु | कि.ग्रा. | १०.६८ | ११ | ११.२५ | ११.६५ | ११.९ | १२.५ | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| दुध | लिटर | ८०.७९ | ८१.५ | ८२.१ | ८३.६ | ८४.४ | ८५.९ | भू.व्य.कृ. स.मं. / |
| अण्डा | गोटा | २२.२९ | २२.३५ | २२.४५ | २२.९ | २३.६ | २४.१ | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| माछा | कि.ग्रा. | ०.७१ | ०.७२ | ०.७९ | ०.८६ | ०.९५ | १.० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| दलहन | कि.ग्रा. | - | ६ | ७ | ८ | ९ | १० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| तरकारी | कि.ग्रा. | - | ६१ | ६८ | ७४ | ८१ | ९० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |

**सहकारी क्षेत्र**

**असर**

| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७। ७८** | **२०७८ ।०७९** | **२०७९ ।०८०** | **२०८० ।०८१** | **२०८१ ।०८२** | **२०८२ ।०८३** | **सूचनाको श्रोत** |
|---|---|---|---|---|---|---|---|---|
| अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान | प्रतिशत | - | ४ | ४ | ४ | ४ | ४ | भू.व्य.कृ. स.मं. / |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्र.त.का. |
| सहकारी क्षेत्रको लगानी वृद्धि दर | प्रतिशत | - | ४.० | ४.२ | ६ | ७ | ८ | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| सहकारीमा आवद्ध कुल जनसंख्या | प्रतिशत | २१.९८ | २२.० | २२.१ | २२.२ | २२.३ | २२.४ | भू.व्य.कृ. स.मं. / प्र.त.का |
| सहकारी मार्फत प्रत्यक्ष रोजगारी सृजना | प्रतिशत | ०.११ | ०.२ | ०.२५ | ०.३ | ०.३५ | ०.४ | भू.व्य.कृ. स.मं. / प्र.त.का |
| **प्रतिफल** | | | | | | | | |
| सहकारी संस्था | संख्या | २०६० | २१०० | २२५० | २३०० | २४०० | २५०० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |
| सरकारीमा आवद्ध जनसंख्या | संख्या (हजारमा) | ५४३ | ५५० | ५६० | ५७० | ५८५ | ६०० | भू.व्य.कृ. स.मं. / प्र.त.का. |

❖❖❖

# परिच्छेद ६
# सामाजिक क्षेत्र

## ६.१ शिक्षा

### १. पृष्ठभूमि

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ भने सो हकको व्यवहारिक कार्यान्वयनको दायित्व तीनवटै तहका सरकारहरूको रहने व्यवस्था छ । "समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन सोच एवम् दिगो विकासका लक्षहरू प्राप्त गर्न समन्यायमा आधारित गुणस्तरीय शिक्षा सबैमा पुऱ्याउने प्रयास स्वरुप नेपाल सरकारको पन्ध्रौ योजना कार्यान्वयनमा रहेको छ । यसै गरी प्रदेश सरकार तथा स्थानीय तहहरु पनि शैक्षिक विकासलाई प्राथमिकताकासाथ अघि बढाउन प्रयासरत रहेका छन् ।

यस प्रदेशमा सामुदायिक र संस्थागत गरी जम्मा ४६४३ विद्यालयहरु रहेका छन् । प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थी संख्या ८,९७,५०५ रहेको छ । सामुदायिक विद्यालयमा कार्यरत सबै किसिमका शिक्षकहरूको संख्या २५,७३९ रहेको छ । शिक्षक (दरवन्दी र राहत) विद्यार्थी अनुपात आधारभूत तह कक्षा (१-५) मा ३०. ३७, कक्षा (६-८) मा ६१.८७, छ भने माध्यमिक तर्फ कक्षा (९-१०) मा शिक्षक विद्यार्थी अनुपात ५०.४४, कक्षा (११-१२) मा ३१.७५, रहेको छ। विद्यालय विद्यार्थी अनुपात आधारभूत तह कक्षा (१-५) मा ९७, कक्षा (६-८) मा १०८, कक्षा (१-८) मा १४६, माध्यमिक तर्फ कक्षा (९-१०) मा ११०, कक्षा (११-१२) मा १५०, कक्षा (९-१२) मा १७० रहेको छ। आधारभूत तह कक्षा १ मा कुल प्रवेश दर (GIR) १२२ तथा खुद प्रवेश दर (NIR) ९६.८ रहेको छ। आधारभूत तह (१-८) को खुद भर्ना दर ९६.२, माध्यमिक तह (९-१२) को कुल भर्नादर (GER) तथा खुद भर्नादर (NER) क्रमश ७७.७ र ४९.३ रहेको छ । प्रदेशको साक्षरता प्रतिशत ६३.५ रहेको छ । पुरुष साक्षरता ७६.३७ र महिला साक्षरता ५१.९ प्रतिशत रहेको छ। उच्च शिक्षाको सहजै देखिने भर्नादर करीब १६% मात्रै रहेको छ । उच्च शिक्षामा पहुँचको अवस्था सन्तोषजनक भए पनि गुणस्तर वृद्धि गरी शिक्षालाई रोजगारीसँग जोड्न सकिएको अवस्था छैन ।

सुदूरपश्चिम प्रदेशमा सञ्चालित ९५ क्याम्पसमा २७६९९ विद्यार्थी अध्यनरत छन । सुदूरपश्चिम विश्वविद्यालयको १५ वटा आंगिक क्याम्पसमा १० हजारको हाराहारीमा विद्यार्थी भर्ना भएका छन भने शिक्षक संख्या ३६३ रहेको छ । कुल ९५ वटा क्याम्पसमध्ये ६ वटा विज्ञान तथा प्रविधि २ वटा इन्जिनियरिङ ३ वटा कृषि क्याम्पसहरु रहेका छन् भने ६८ वटा क्याम्पसमा शिक्षाशास्त्र, ६३ वटा क्याम्पसमा व्यवस्थापनको उच्च शिक्षा पठनपाठन हुदै आएको छ ।

## २. प्रमुख समस्या

विद्यालय उमेर समूहका बालबालिकाहरूको उल्लेख्य संख्या विद्यालय बाहिर हुनु, विद्यालय छाडने र कक्षा दोहोऱ्याउने दर बढी हुनु, ठूलो संख्यामा विद्यार्थीको विज्ञान, गणित र अंग्रेजी विषय (SME) को सिकाई उपलब्धिस्तर कमजोर रहनु, साक्षरता दरमा भौगोलिक, जातिगत र लैंगिक विषमता रहनु, सामुदायिक विद्यालयहरूमा पर्याप्त शिक्षक, उपयुक्त भौतिक पुर्वाधार एवम् स्रोत साधनको व्यवस्थापन गर्न नसक्नु, सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको औषत सिकाई उपलब्धि तुलनात्मक रुपमा न्यून हुनु, शैक्षिक व्यवस्थापनमा सुशासनको पक्ष कमजोर रहनु, प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच र गुणस्तर कमजोर रहनु, शिक्षामा नवीनतम प्रविधिको प्रयोग गर्ने पुर्वाधार र सीप युक्त जनशक्तिको अभाव हुनु मूल समस्याको रुपमा देखिएका छन् । उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमूखी र अनुसन्धानमूलक हुन नसक्नु, उच्च शिक्षामा पर्याप्त लगानीको अभाव हुनु, अनुसन्धानमा आधारित ज्ञान र ज्ञानमा आधारित अर्थतन्त्रमा सहयोग पुग्ने कार्यमा ध्यान दिन नसक्नु, उच्च शिक्षाको आधार मानिएको माध्यमिक शिक्षाको गुणस्तर कमजोर हुनु, विद्यालय तहको पाठ्यक्रम र उच्च शिक्षाको पाठ्यक्रमबीच सह-सम्बन्ध हुन नसक्नु, सुशासनको अभाव रहनु, पर्याप्त भौतिक संरचना तथा मानवीय श्रोतको अभाव रहनु, शिक्षण प्रकृया अधिक परीक्षामुखी हुनु, स्थानीय ज्ञान सीप र प्रविधिको सम्भावनालाई उच्च शिक्षामा जोड्न नसक्नु जस्ता पक्षहरु उच्च शिक्षाका प्रमुख समस्याहरु हुन् ।

## ३. चुनौती तथा अवसर

शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, सिकाइ उपलब्धिको स्तरमा सुधार ल्याउनु, विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउनु, शिक्षालाई व्यवसायिक तथा रोजगारीमूलक बनाउनु, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउनु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई समय सापेक्ष बनाई विपन्न वर्गको पहुँचसम्म पुऱ्याउनु, विद्यालयहरुमा आवश्यकता अनुसार शिक्षक व्यवस्थापन गर्नु, सीपमूलक तथा कार्यमूलक अनौपचारिक शिक्षाको विस्तार, संविधान प्रदत शिक्षा सम्बन्धी हकहरूको उपभोगको सुनिश्चितता साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्नु प्रमुख चुनौतीहरु हुन् । संघीय शासन पद्धति अनुकूल हुने गरी तीनै तहका शैक्षिक प्रशासनिक संरचनाबीच प्रभावकारी समन्वय गर्नु, प्रदेशभित्रका स्थानीय तहसँग समन्वय गरी शिक्षाको पहुँच र गुणस्तरमा अभिवृद्धि गर्नु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई आम नागरिकको पहुँच सम्म पुऱ्याउनु प्रदेशमा थप विश्वविद्यालय स्थापना र सञ्चालन गर्नु पनि चुनौतीका रुपमा रहेका छन्।

संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्नु, तीन वटै तहका सरकारले शिक्षालाई उच्च प्राथमिकतामा राखी क्रियाशील हुनु, शिक्षामा अभिभावकको चासो वढदै जानु, शैक्षिक पूर्वाधारहरूमा लगानी वृद्धि हुदै जानु, सबै तहमा भर्ना दरमा वृद्धि हुदै जानु, माध्यमिक तहमा

साधारण शिक्षाका अतिरिक्त प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार हुनु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको प्रादेशिक नीति प्रदेशको कार्य क्षेत्रमा हुनु, शिक्षण सिकाई क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढनु आदि प्रमुख अवसरहरू हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

सुलभ एवम् गुणस्तरीय शिक्षा, सुखी र समुन्नत प्रदेश ।

### ४.२ लक्ष्य

शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी मानव पूँजीको विकास गर्ने ।

### ४.३ उद्देश्य

- आधारभूत तथा माध्यमिक तहको शिक्षामा विद्यालय उमेरका सवै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्नु।
- गुणस्तरीय शिक्षाको लागि शिक्षण संस्थाहरूको भौतिक व्यवस्थापन र नेतृत्व एवम् जनशक्तिको क्षमता एवम् शिक्षण सिकाई पद्धतिको सुदृढीकरण र आधुनिकीकरण गर्नु ।
- शिक्षालाई जीवनोपयोगी, नैतिकता र मानवीय मूल्य मान्यता एवम् सीपमूलक बनाई रोजगारीसँग आवद्ध गर्नु ।
- साक्षरता र जीवनपर्यन्त शिक्षाका लागि अनौपचारिक शिक्षाका अवसरहरू वृद्धि गर्नु।
- सामाजिक न्याय उच्च शिक्षाको पहुँच र गुणस्तर वृद्धि गरी योग्य, दक्ष, सिर्जनशील जनशक्तिको उत्पादन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालय शिक्षामा पहुँच र गुणस्तरमा वृद्धि गर्ने । | क) माध्यमिक तहसम्मको विद्यालयमा सवै बालबालिकाहरूको सहज पहुँच र विद्यार्थीहरुको सिकाई उपलव्धि, गुणस्तरमा सुधार ल्याउन आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिनेछ।<br>ख) विद्यार्थी भर्ना बढाउन र विद्यालय छाडने दर घटाउन दलित, सीमान्तकृत, विपन्न, जनजाति तथा पिछडिएको वर्गका बालबालिकाहरूलाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>ग) बालिका शिक्षालाई प्रोत्साहन गर्न विद्यालयहरूमा सरसफाई, स्यानीटरी प्याड व्यवस्थापन तथा स्वास्थ्य सेवा लगायतका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ।<br>घ) स्थानीय तहसँगको सहकार्यमा नमूना बालविकास केन्द्रहरू स्थापना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ङ) परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुलाई आवश्यक संरक्षण, सहयोग र प्रोत्साहन गरिनेछ।<br>च) विद्यालयको समग्र शैक्षिक वातावरण सुधार गर्न प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास र अभिभावक शिक्षा कार्यक्रमका लागि स्थानीय तहहरूलाई सहजीकरण गरिनेछ।<br>छ) कमजोर भौतिक पूर्वाधार भएका शैक्षिक संस्थाहरूका लागि विज्ञान एवम् ICT ल्याव, पुस्तकालय, फर्निचर, शौचालय जस्ता भौतिक पूर्वाधार सुधारका कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्। |
| २. शिक्षालाई समावेशी र सर्वशुलभ् बनाउने। | क) अनिवार्य तथा निशुल्क आधारभूत तथा मातृभाषाको शिक्षा एवम् निशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिनेछ।<br>ख) पिछडिएको वर्ग र समुदायका बालबालिकाहरूको सिकाई उपलब्धि वृद्धि गर्न छात्रवृत्ती, छात्रावासको सुविधा तथा विशेष कक्षा सञ्चालन गर्न सहयोग गरिनेछ।<br>ग) शरीरिक अशक्ता भएका र भिन्न सिकाई आवश्यकता भएका तथा जोखिममा परेका तथा सीमान्तकृत समूहका बालबालिकाहरूको लागि आवासीय सुविधा सहितका विद्यालयहरू सञ्चालनमा सहयोग गरिनेछ ।<br>घ) उत्कृष्ट शैक्षिक व्यवस्थापन तथा सेवा प्रवाह मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, पिछडिएको समुदाय, लोपोन्मुख, गरिब परिवारबाट आउने जेहेन्दार विद्यार्थी, अल्पसङ्ख्यक समुदायका बालबालिकाको शिक्षाको लागि प्रदेशका विभिन्न स्थानमा ठूला आवासीय विद्यालय सञ्चालनमा स्थानीय तहहरू सँग सहकार्य गरिनेछ। |
| ३. शिक्षालाई सीप एवम् रोजगारमूलक बनाउने। | क) विद्यार्थीहरूमा आधारभूत स्तरको जिवनोपयोगी सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक शिक्षण सीपयुक्त, प्रविधिमैत्री र निरन्तर सिकाईमुखी बनाउन र पेशागत दक्षता बढाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ।<br>ख) जीवनोपयोगी सीप, नैतिकता र मानवीय मूल्य मान्यतालाई विद्यालय शिक्षामा एकीकृत गरी समावेश गरिनेछ।<br>ग) शिक्षालाई अनुभव र व्यवहारसँग जोडेर लैजान विद्यालय तहदेखि नै अनुसन्धान र प्रयोगात्मक शिक्षामा जोड दिइनेछ।<br>घ) प्राविधिक शिक्षालाई कृषि, उद्योग, पर्यटन, पूर्वाधार र रोजगारीका |

| रणनीति | कार्यनीति |
|---|---|
| | आवश्यकतालाई ध्यानमा राखेर विस्तार र सञ्चालन गरिनेछ र विद्यार्थीहरूलाई उद्यमशिलता र स्वरोजगारीका लागि प्रोत्साहित गरिनेछ। |
| ४. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिमका अवसरमा वृद्धि गर्ने। | क) प्रादेशिक प्राविधिक तथा व्यवसयिक शिक्षा तथा तालिम र सीप विकास सम्बन्धी कानुन बनाई प्रदेशभित्र प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा पहुँच बढाउने र व्यवस्थित गरिनेछ।<br>ख) विशिष्टिकृत प्राविधिक उच्च शिक्षा केन्द्र, अनुसन्धान केन्द्र र पोलिटेक्निक संस्थाको स्थापना गरिनेछ।<br>ग) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमलाई श्रमबजारसँग जोडन् उद्योग बाणिज्य संघ तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>घ) स्थानीय सम्भाव्यतामा आधारित प्रत्येक स्थानीय तहमा कम्तिमा एक वटा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम प्रदान गर्ने शिक्षालयको स्थापना र सञ्चालनका लागि स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>ङ) प्राविधिक शिक्षालयहरूको क्षमता विस्तार र सुदृढीकरण गरिनुका साथै ती संस्थाहरूको नियमनको प्रभावकारी संयन्त्र विकास गरिनेछ । |
| ५. उच्च शिक्षाको पहुँच विस्तार गर्ने । | क) शारीरिक अशक्तता भएका व्यक्ति, उत्पिडीत, दलित, पछाडी पारिएका वर्ग र समुदायका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि पूर्ण छात्रवृत्ति र अध्ययन पश्चात स्वरोजगारीका लागि कर्जा सुविधाका साथै आवश्यक परामर्श सेवा उपलव्ध हुने व्यवस्था गरिनेछ ।<br>ख) विज्ञान विषयको माध्यमिक शिक्षाका विद्यालय नभएका पालिकाहरुमा यस्ता विद्यालय खोल्न र दुर्गम क्षेत्रमा सञ्चालित क्याम्पसहरुलाई कार्यक्षमताको आधारमा नियमित अनुदान उपलब्ध गराइनेछ ।<br>ग) चिकित्साशास्त्र तथा इन्जीनीयरिङ्ग विषयमा उच्च शिक्षाको पहुँच बढाउन दुर्गम क्षेत्रका सीमान्तकृत लिङ्ग र वर्गका विद्यार्थीहरुलाई सो विषय अध्ययनका लागि छात्रवृत्ती प्रदान गर्नका साथै अध्ययन पश्चात निश्चित अवधि आफ्नै पालिकामा अनिवार्य सेवा दिन पर्ने व्यवस्थाका लागि स्थानीय तहहरुलाई सहजीकरण र सहयोग गरिनेछ ।<br>घ) हाल सञ्चालित सामुदायिक क्याम्पसहरुलाई नक्शांङ्कनका आधारमा मर्ज गरी स्थानीय परिवेशलाई ध्यानमा राखी विशिष्टीकरणका लागि प्रोत्साहन र सहयोग गरिनेछ ।<br>ङ) उच्च शिक्षाको अध्ययन पुरा गर्न नपाएका कामकाजी व्यक्तिहरुलाई |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | खुला तथा बैकल्पिक माध्यमबाट अध्ययनको व्यवस्था गर्न खुला विश्वविद्यालयसँग समन्वय गरिनेछ ।<br>च) सैद्धान्तिक ज्ञान तथा शैक्षणिक दक्षताबीच सन्तुलन कायम गर्न अभ्यास शिक्षण समय बढाइने र स्वयंसेवी शिक्षकको रुपमा व्यवहारिक सीप प्राप्त गर्न अनिवार्य गरिनेछ । |
| ५. उच्च शिक्षाको गुणस्तरमा सुधार गर्ने । | क) उच्च शिक्षा प्रदायक शैक्षिक संस्थालाई अनुदान प्रदान गर्नका लागि गुणस्तर सुनिश्चितता तथा प्रत्यायायन चरणमा प्रवेश अनिवार्य गरिनेछ ।<br>ख) उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग हुने गरी नक्साङ्कनका आधारमा सबै जिल्लालाई समेटने गरी क्याम्पस स्थापना र सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।<br>ग) उच्च शिक्षालाई खोज तथा अनुसन्धान केन्द्रित बनाउन प्रोत्साहन गरिनेछ ।<br>घ) दुर्गम जिल्लामा एउटा आवासीय सुविधा सहितको सुविधा सम्पन्न नमूना क्याम्पस स्थापना र सञ्चालनमा सहयोग गरिनेछ ।<br>ङ) प्रदेशका कमजोर अवस्थामा रहेका क्याम्पसहरुलाई एकीकरण तथा समायोजनका लागि सम्वन्धित विश्वविद्यालयसँग समन्वय गरिनेछ ।<br>च) प्रदेशलाई उच्च शिक्षा अध्ययनको केन्द्रको रुपमा विकास गरी अध्ययन अनुसन्धान र शैक्षिक पर्यटन समेतको प्रवर्द्धन गरिनेछ । |
| ६. उच्च शिक्षाको विकासमा सार्वजनिक, सामुदायिक र निजी क्षेत्रबीच सहकार्य गर्ने । | क) उच्च शिक्षाको विकासमा सार्वजनिक, सामुदायिक र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरिनेछ ।<br>ख) उच्च शैक्षिक संस्थाहरुको गुणस्तर प्रवर्द्धन गर्न नतिजामा आधारित नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।<br>ग) दुर्गमका स्थानहरुमा सञ्चालनमा रहेका शैक्षिक संस्थाहरुको क्षमता र गुणस्तरमा सुधार गर्न सार्वजनिक लगानी बढाइनेछ ।<br>घ) परम्परागत तथा स्थानीय ज्ञान, सीप, क्षमता, स्रोत तथा प्रविधिको सम्बर्द्धन र संरक्षण गर्ने वैज्ञानिक खोज तथा अनुसन्धानलाई उच्च शिक्षामा आवद्ध गर्न सहयोग गरिनेछ ।<br>ङ) सामुदायिक तथा निजी क्षेत्रलाई प्रादेशिक तथा राष्ट्रिय आवश्यकताको आधारमा उच्च शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न प्रेरित गरिनेछ। |
| ७. उच्च शैक्षिक संस्थाहरुमा सूचना तथा सञ्चार | क) क्याम्पसमा नवीनतम अभ्यास एवम् नवप्रवर्तनका लागि अनुसन्धान विभागको स्थापना तथा सुदृढीकरणका लागि अनुदान दिइनेछ ।<br>ख) राष्ट्रिय गुणस्तर मापदण्डमा आधारमा दुर्गम क्षेत्रका एवम् सामुदायिक |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रविधिको व्यापक प्रयोग गरी खोज तथा अनुसन्धानमुखी आधुनिक पाठ्यक्रम, परीक्षा तथा मूल्याङ्कन पद्धति विकास गर्ने । | क्याम्पसहरुलाई थप अनुदान उपलब्ध गराइनेछ ।<br>ग) जेहेन्दार विद्यार्थी तथा उच्च कार्य सम्पादन नतिजा हासिल गर्ने शिक्षकका लागि थप अध्ययन गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ।<br>घ) शैक्षिक व्यवस्थापन, शिक्षण सिकाई, परीक्षा र मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको समुचित प्रवन्ध गरिनेछ । |
| ८. उच्च शिक्षालाई बढी व्यावहारिक र जीवनोपयोगि बनाउने । | क) प्रदेशका विश्वविद्यालयहरुलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ज्ञान प्रवर्द्धन केन्द्रका रुपमा विकास गरिनेछ ।<br>ख) आधुनिक र ज्ञानमा आधारित समाज निर्माण र अर्थतन्त्रको विकासमा सहयोगका लागि अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरिनेछ ।<br>ग) प्रतिभाशाली विद्यार्थीहरुलाई उच्च शिक्षामा सैद्धान्तिकका साथसाथै व्यवहारिक ज्ञान पनि आर्जन गर्ने मौका प्रदान गरिनेछ ।<br>घ) वैदिक तथा परम्परागत दर्शन, ज्ञान, अनुभव तथा सिपलाई वैज्ञानिक अनुसन्धान मार्फत आधुनिक शिक्षासँग आवद्ध गर्न उच्च शिक्षाको पाठ्यक्रममा समावेस गरिनेछ ।<br>ङ) स्थानीय ज्ञान, सीप तथा प्रविधिको संरक्षण तथा विकास गर्न कृषि, वन, पर्यटन, जैविक विविधता, उर्जा, उद्योग एवम् उद्यमशिलताको विकास जस्ता विषयहरुलाई शैक्षिक कार्यक्रमहरुसँग आवद्ध गरी समुदायसँग शिक्षाको अन्तर सम्वन्ध स्थापित गरिनेछ । |
| ९. प्राविधिक विश्वविद्यालय स्थापना गर्ने । | क) प्रदेशमा प्राविधिक विश्वविद्यालयको सम्भाव्यता अध्ययन गर्न विज्ञ समिति गठन गरी सम्भाव्यताका आधारमा प्रदेशमा प्राविधिक विश्वविद्यालय स्थापना गरिनेछ ।<br>ख) प्रदेश विकासको आवश्यकता, बजारको माग र जनशक्ति आपूर्ति अवस्थाको नक्शांकन गरी आवश्यक विषय क्षेत्रमा जनशक्ति उत्पादनका लागि विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरु तय गरिनेछन्।<br>ग) यस प्रदेश स्थित सुदूरपश्चिम विश्वविद्यालयलाई प्रदेश विश्वविद्यालयको रुपमा विकास गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।<br>घ) विश्वविद्यालयबाट उच्च शिक्षा पुरा गरेका विद्यार्थीहरुलाई सम्बन्धित क्षेत्रको व्यवहारिक ज्ञानको लागि इन्टर्नसिपको व्यवस्था गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा १५-२४ वर्ष उमेर समुहको युवा साक्षरता दर ९९ प्रतिशत पुगेको हुने, कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाहरूको अनुपात ८८ प्रतिशत र आधारभूत तह कक्षा (१– ८) को खुद भर्नादर १०० प्रतिशत तथा माध्यमिक तह कक्षा (९– १२) को खुद भर्नादर ६५ प्रतिशत पुगेको हुनेछ । कक्षा ८ र १० को टिकाउ दर क्रमशः ८२ र ६४ प्रतिशत भएको, गुणस्तरीय प्राविधिक तथा व्यवसायिक तालिमको पहुँचका लागि आधार सुनिश्चित भएको एवम् ६० प्रतिशत भन्दा वढी विद्यालयहरूमा न्यूनतम आवश्यक भौतिक पुर्वाधार पुगेको हुनेछ।

साथै, योजनाको अन्त्यसम्ममा प्रदेश स्तरीय प्राविधिक विश्वविद्यालयको स्थापना भएको हुने र उच्च प्राविधिक तथा व्यवसायिक शिक्षामा सरकारको लगानी वृद्धि भएको हुनेछ ।उच्च शिक्षामा प्रादेशिक संभावनाका विषयहरु समावेस भएको हुने, उच्च एवम् प्राविधिक शिक्षामा महिला, दलित लगायतका सीमान्तकृत समुदायको समानुपातिक पहुँच सुनिश्चित भएको हुनेछ।उच्च शिक्षाको गुणस्तरमा उल्लेख्य सुधार भएको हुने तथा चिकित्साशास्त्र तर्फ उच्च शिक्षाको पठनपाठन हुने गेटा मेडिकल कलेज सञ्चालनमा आएको हुनेछ ।

# ६.२ स्वास्थ्य तथा पोषण

## १. पृष्ठभूमि

संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिइएको छ । स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्न प्रदेश सरकारको नेतृत्वदायी एवम् निजी क्षेत्र, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रको समेत उल्लेखनीय भूमिका रहेको छ ।

सुदूरपश्चिम प्रदेशमा ७९.१ प्रतिशत बालबालिकाहरुले पूर्ण खोप पाएका छन् । प्रदेशमा मातृ तथा बालबालिकाहरुको मृत्यु दर उच्च रहेको छ तथा पाँच बर्ष मुनिका बालबालिकाहरुको मृत्युदर ६९ (प्रति हजार जीवित जन्ममा) रहेको छ । झाडापखाला र श्वास-प्रवास संक्रमण तुलनात्मक रुपमा घट्दो क्रममा रहेको छ । यस प्रदेशमा बालबालिकाहरुको कुपोषण दर अन्य प्रदेशको तुलनामा उच्च रहेको छ । सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत संस्थागत सुत्केरी बढ्दो क्रममा छ । परिवार नियोजनको साधन प्रयोग न्यून छ भने औलो रोगको संक्रमणदर, कुष्ठरोगको विद्यमानता तथा क्षयरोगका नयाँ बिरामीहरुको संख्या घट्दो क्रममा रहे पनि राष्ट्रिय अनुपात भन्दा उच्च छ।

कोभिड १९ को विद्यमान तेस्रो लहरले २०७८ चैत्र १४ सम्ममा यस प्रदेशमा जम्मा १७ हजार ६६२ जना संक्रमित भएकोमा जम्मा १५ हजार २५५ जना निको भै सकेको र जम्मा ११६ जनाको दुखद निधन भएको छ ।

स्वास्थ्य सम्वन्धी समस्या बढी भएकै कारण प्रदेशको मानव पूँजीको स्तर घटाएको र गरिबीको सघनता बढाएको यथार्थता हाम्रो सामु रहेको छ ।

हाल प्रदेश भरिका सबै जिल्लाहरुमा स्वास्थ्य बिमा कार्यक्रम लागू भईसकेको छ ।

## २. प्रमुख समस्या

स्वास्थ्य संरचनाहरु र दक्ष जनशक्तिको अपर्याप्तता, विभिन्न तहहरुबीच समन्वय र सहकार्यमा कठिनाई, मदीरा, सुर्ती सेवन, धुम्रपान जस्ता कुलतहरु समाजमा व्याप्त रहनु, सामाजिक कुरिति एवम् गलत अभ्यासहरु, अशिक्षा र गरिबी लगायतका कारणहरुले सिर्जित स्वास्थ्य समस्या सम्बोधन गर्न नसक्नु यस प्रदेशको मुख्य समस्याको रुपमा रहेका छन् । यस्तै प्रदेशमा बाल विवाह र किशोरावस्था मै बच्चा जन्माउने, बालबालिकाहरुमा कुपोषण दर, मातृ तथा नवजात शिशु र पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर तुलनात्मकरूपमा उच्च हुनु, क्षयरोगको संक्रमण दर, मलेरिया परिजिवी संक्रमण दर, एचआइभि संक्रमण दर, सिकल सेल एनेमिया लगायतका नसर्ने रोगहरुको प्रकोप समेत उच्च रहनु, लागु पदार्थको दुर्व्यसन बढदो क्रममा रहनु, नयाँ भेरिएन्टहरु आउने क्रम जारी रहेको तथा रोजगारीका लागि उल्लेख्य संख्यामा मानिसहरु नेपाल र भारतमा आउने जाने गरिरहने भएकोले यो प्रदेश कोभिड १९ महामारीको उच्च जोखिममा रहनु पनि थप समस्याहरु हुन्।

## ३. चुनौती तथा अवसर

भौगोलिक विकटतामा स्वास्थ्य सेवा प्रवाह र पहुँच बढाउनु, बिपन्नता र जोखिममा परेका नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु, खुला सीमानाका कारणले सरुवारोग तथा किटजन्य रोगहरु नियन्त्रण तथा कोभिड १९ जस्ता महामारीको नियन्त्रका लागि आवश्यक व्यवस्था गर्नु, बढ्दो जनसंख्याको अनुपातमा स्वास्थ्य संरचना र जनशक्तिको प्रयाप्त व्यवस्था गर्नु, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निशुल्क रुपमा उपलब्ध गराउन स्थानीय तहहरुको क्षमता अभिवृद्धि गर्नु, निजी क्षेत्रबाट भै रहेको स्वास्थ्य सेवा प्रवाहको प्रभावकारी अनुगमन गर्नु र स्वास्थ्य उपचारमा व्यक्तिगत व्ययभार कम गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

संविधानले स्वास्थ्य सेवालाई मौलिकहकका रुपमा स्थापित गरी स्वास्थ्य सेवा प्रवाहमा प्रदेशको समेत अधिकार निर्धारण हुनु, स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्य उत्पादन र जडिबुटीहरुको संरक्षण एवम् सम्वर्द्धन गरी प्रतिरोधात्मक र उपचारात्मक सेवामा उपयोग गर्न सकिने हुनु, स्वास्थ्य क्षेत्रमा सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यमा गैर सरकारी तथा निजी क्षेत्रलाई समेत समाबेश गर्न सकिने हुनु, स्वास्थ्य बीमा कार्यक्रम प्रदेश भरी कार्यान्वयनमा आई सक्नु, प्रदेशस्तरमा चिकित्साशास्त्रको उच्च शिक्षा र जनशक्ति उत्पादनका लागि आवश्यक पूर्वाधारहरु क्रमिक रुपमा विकसित हुदै जानु, प्रदेश सरकारले स्वास्थ्य क्षेत्रको विकासलाई उच्च प्राथमिकता तथा महत्व दिनु अवसरका रुपमा रहेका छन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

आत्मनिर्भर र समृद्ध प्रदेशका लागि स्वस्थ र दीर्घजीवी नागरिक ।

### ४.२ लक्ष्य

सुव्यवस्थित र आधुनिक स्वास्थ्य प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा प्रवाहको पहुँच र गुणस्तर वृद्धि गर्ने एवम् पोषण स्थितिमा सुधार ल्याउने ।

### ४.३ उद्देश्य

- अत्याधुनिक एवम् वैकल्पिक स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिवृद्धि गराउनु ।
- प्रदेशमा रहेको कुपोषणको समस्याको न्युनीकरण गर्नु ।
- वहुपक्षीय सहकार्यमा स्वास्थ्य र पोषण क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्यका लागि नागरिकहरुको व्यक्तिगत व्ययभार कम गर्नु ।
- स्वास्थ्य सेवाको निरन्तर सुधार र प्रभावकारी अनुगमनबाट गुणस्तर बढाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार र गुणस्तरमा वृद्धि गर्ने । | क) सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच बढाउन आवश्यक नीति, नियम, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागू गरिनेछ ।<br>ख) निजी तथा सामुदायिक अस्पताल सञ्चालनसम्बन्धी निश्चित मापदण्ड लागू गरिनेछ ।<br>ग) प्रदेशका सबै जिल्ला अस्पतालहरुको क्षमता तथा सेवा विस्तार गरिनेछ ।<br>घ) स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रवाहका लागि व्यवस्थापकीय जिम्मेवारी एवम् जवाफदेही प्रणालीलाई सुदृढ गरिनेछ ।<br>ङ) निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको लागि ग्रामीण आधारभूत स्वास्थ्य केन्द्र, शहरी सामुदायिक स्वास्थ्य एकाई, प्रसुती केन्द्र, लगायतका स्वास्थ्य संरचना प्रत्येक वडा स्तरसम्म विस्तार गरिनेछ।<br>च) प्रदेश अन्तर्गतका अस्पतालहरुको संरचना र संस्थागत क्षमता विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | छ) संघ र स्थानीय तहको समन्वय र सहयोगमा स्थानीय तहहरुमा २५ शैयाको अस्पताल स्थापना गरिदै लगिनेछ।<br>ज) स्वास्थ्य चौकीहरु र प्राथमिक अस्पतालहरुमा निःशुल्क पाइने औषधिका प्रकार र संख्या क्रमशः वृद्धि गर्नुका साथै आपूर्ति श्रृखला र वितरण प्रणालीलाई सुदृढ गरिनेछ ।<br>झ) दुर्गम र पिछडिएका क्षेत्रहरुमा स्वास्थ्यकर्मीहरूको नियमित सेवा सुनिश्चित गर्न विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>ञ) सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, ग्रामीण तथा शहरी स्वास्थ्य सेवाको प्रवर्द्धन तथा विस्तार गरी स्वास्थ्य सेवामा सबैको पहुँच अभिवृद्धि गरिनेछ ।<br>ट) विशेष सेवासहितको घुम्ती स्वास्थ्य शिविर, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरूलाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।<br>ठ) औषधिको गुणस्तर परीक्षण गर्न संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>ड) नागरिक स्वास्थ्य प्रवर्द्धन केन्द्र र नागरिक आरोग्य केन्द्रहरुको विस्तार र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।<br>ढ) जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम तथा विद्यालय नर्स कार्यक्रमलाई व्यवस्थित र विस्तार गरिनेछ ।<br>ण) औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारण तथा बिक्री वितरणका मापदण्डहरु तयार गरिनेछन्।<br>त) स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई विद्यालय तथा क्याम्पसहरूमा समेत विस्तार गरिनेछ र चेतनामूलक सूचना सामाग्रि प्रवाह तथा अनुशिक्षण कार्यक्रमहरु पनि सञ्चालन गरिनेछन् । |
| २. प्रदेश भित्रै आधुनिक बिशेषज्ञ तथा विशिष्टिकृत स्वास्थ्य सेवा सुनिश्चित गर्ने । | क) प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मातृ-बाल अस्पताल, सरुवा रोग अस्पताल, मानसिक अस्पताल, नसर्ने रोगहरु, ट्रमा सेण्टर लगायतका आधुनिक विशेषज्ञ सेवा प्रदान गर्ने विशिष्टिकृत अस्पतालहरुको स्थापना गरिनेछन् ।<br>ख) प्रदेशमा सिकल सेल एनेमिया तथा थालासेमिया जस्ता रोग |

| रणनीति | कार्यनीति |
|---|---|
| | सम्बन्धी विशेषज्ञ सेवा विस्तार गरिनेछ ।<br>ग) प्रदेश अस्पतालको क्षमता तथा सेवा विस्तार गरिनेछ । |
| ३.आवश्यकता अनुसारका वैकल्पिक चिकित्सा पद्धतिहरूको विकास गर्ने । | क) प्रदेश अन्तर्गतका आयुर्वेद चिकित्सालयहरुलाई सुदृढ गर्नुका साथै प्रत्येक स्थानीय तहमा आयुर्बेद स्वास्थ्य सेवा उपलब्ध हुने गरी प्राथमिक स्वास्थ्य सेवासँगै एकिकृत रुपमा विस्तार गरिनेछ।<br>ख) जडीबुटी खेतीलाई प्रोत्साहन गरी यसको प्रयोग, औषधि उत्पादन र व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।<br>ग) आयुर्वेदिक अनुसन्धान केन्द्र, प्रयोगशाला र औषधालयको स्थापना गरिनेछ ।<br>घ) प्रदेशमा योग तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना गरिनुका साथै योग तथा प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गरिनेछ । |
| ४. दक्ष स्वास्थ्य जनशक्तिको उत्पादन, विकास र परिचालन गर्न। | क) प्रदेशमा मध्यम र उच्चस्तरको स्वास्थ्य जनशक्ति उत्पादनका लागि स्वास्थ्य तथा चिकित्सा सम्बन्धी शैक्षिक संस्थानहरुको स्थापना र संचालन गरिनेछ।<br>ख) जनसंख्याको बढ्दो चाप तथा सर्ने र नसर्ने रोगहरुको भारलाई मध्यनजर गरी स्वास्थ्य क्षेत्रको यथार्थपरक र बस्तुनिष्ठ संगठन र व्यवस्थापन सर्बेक्षण गरी स्वास्थ्य क्षेत्रको जनशक्ति सम्बन्धी रणनीतिक मार्गचित्र तयार गरिनेछ।<br>ग) गुणस्तरीय, प्रभावकारी र सेवाग्राही मैत्री स्वास्थ्य सेवा प्रदान गर्नको लागि सबै किसिमका स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मीलाई क्रमबद्ध रूपमा कार्यमूलक तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ । |
| ५. यौन तथा प्रजनन्, मातृशिशु, किशोरकिशोरी, बालबालिका एवम् परिवार नियोजन सेवालाई समय सापेक्ष रुपमा सुधार र विस्तार गर्ने । | क) बालबालिकाहरुको सघन उपचार सेवा, मातृ स्वास्थ्य सेवा, प्रसूति सेवा केन्द्रहरुको उपयुक्त स्थानहरुमा विस्तार गरी सेवास्तरको नियमित अपडेट, अनुगमन र स्थलगत अनुशिक्षण गरिनेछ ।<br>ख) ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>ग) संघ, स्थानीय तह र विकास साझेदारसँगको सहकार्यमा परिवार नियोजन, सुरक्षित गर्भपतन सेवाको, सूचीकरण, सुदृढिकरण तथा विस्तार गर्दै लगिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ६.बहुक्षेत्रीय समन्वय र साझेदारी मार्फत पोषण सेवालाई थप सुदृढ गर्ने। | क) कुपोषित बालबालिकाहरुको पहिचानका लागि प्रभावकारी स्क्रिनिंग र निराकरणका लागि उचित व्यवस्थापन गरिनेछ।<br>ख) पोषण क्षेत्रमा प्रदेश सरकारले नेतृत्त्वदायी भूमिका निर्वाह गर्नुका साथै क्रमशः लगानी वृद्धि गर्दै लगिनेछ।<br>ग) पोषण पुनर्स्थापना गृहहरुको विस्तार तथा संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>घ) बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनको सुनिश्चतताका लागि नियमित अनुगमन गरिनेछ।<br>ङ) स्वास्थ्य र पोषण सम्बन्धी उपलब्ध सेवाहरूबारे समुदायस्तरसम्म सूचना प्रवाह हुने उचित व्यवस्था गरिनेछ । |
| ७.विपद् व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्यका लागि स्वास्थ्य प्रणालीको सुदृढीकरण तत्परता तथा क्षमता विकास गर्ने। | क) सडक दुर्घटनालाई दृष्टिगत गर्दै मुख्य लोकमार्ग नजिक रहेका स्वास्थ्य संस्थाहरूको आपतकालिन सेवाको क्षमतामा वृद्धि गरिनेछ ।<br>ख) प्रदेश तथा स्थानीय तहहरुमा द्रुत प्रतिकार्य टोलि तथा आकस्मिक मेडिकल टोलिको गठन तथा क्षमता अभिवृद्धि गरिनेछ । साथै प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रलाई प्रादेशिक स्वास्थ्य संरचनाको अंगको रुपमा विकास गरी द्रुत प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ ।<br>ग) विपद् सम्वन्धी र आपतकालीन महामारी नियन्त्रण तथा स्वास्थ्य र पोषण अवस्थालाई सम्वोधन गर्न प्रादेशिक जिल्ला र स्थानीय तहहरुमा तयारी र प्रतिकार्य योजना तर्जुमा गर्नुका साथै स्वास्थ्य संस्था र अस्पतालहरुमा समेत आकस्मिक प्रति कार्य योजना तयार गरी लागु गरिनेछ ।<br>घ) नेपाल सरकार तथा विकासका साझेदारहरुसँगको सहकार्यमा संक्रामक रोगहरुको उद्‌गम र संक्रमण विस्तारको संभावना वारे उपयुक्त निगरानी प्रणालीको विकास गरी विश्लेषण, पूर्वानुमान र पूर्व सचेतना अपनाउने पद्धति स्थापित गरिनेछ। |
| ८.स्वास्थ्य सूचना प्रणाली, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ गर्दै नीति, योजना र कार्यक्रम | क) प्रदेश स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा थप प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ ।<br>ख) स्वास्थ्य सेवा सूचकहरुको विश्लेषणबाट प्राप्त निष्कर्षहरुलाई |

| रणनीति | कार्यनीति |
|---|---|
| तथ्य र निर्माणमा प्रमाणको प्रयोग बढाउने। | वार्षिक तथा आवधिक योजनाको आधारका रुपमा उपयोग गरिनेछ ।<br>ग) सबै स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सूचना प्रणाली सम्बन्धी तालिम प्रदान गरी प्रविधिमैत्री रिपोर्टिंग प्रणालीलाई व्यवस्थित गरिनेछ । |

### ५. अपेक्षित उपलब्धिहरू

नागरिकको अपेक्षित आयु बढेर ७२ बर्ष पुगेको हुने, बालबालिकामा पूर्ण खोपको प्रतिशत ९५ पुगेको हुनेछ । नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) घटेर २०, शिशु मृत्युदर घटेर ३५ (प्रतिहजार जीवित जन्ममा) र बाल मृत्युदर घटेर ३९ (प्रतिहजार जीवित जन्ममा) भएको हुनेछ । दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा हुने सुत्केरी ८२ प्रतिशत पुगेको हुनेछ र प्रोटोकल अनुसार ४ पटकसम्म गर्भवती जाँच गराउने महिलाको प्रतिशत ७५ पुगेको हुनेछ । पाँच बर्षमुनिका बालबालिकाहरुको पुड्कोपन दर २० प्रतिशत र ख्याउटेपनको घटेर १० प्रतिशतमा झरेको हुनेछ । यसैगरी प्रदेशका सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क र सहज रुपमा प्राप्त गरेका हुनेछन् । प्रदेशमा आधुनिक चिकित्सा प्रविधि र विशिष्टिकृत स्वास्थ्य सेवा सहितको मेडिकल कलेज एवम् आयुर्वेद अनुसन्धान केन्द्र तथा आधुनिक स्वास्थ्य प्रयोगशाला स्थापना भएको हुनेछ ।

## ६.३ जनसङ्ख्या तथा बसाईंसराइ

### १. पृष्ठभूमि

नेपालको संबिधानले यसको व्यवस्थापन कार्यलाई प्रदेश र स्थानीय तहको समेत जिम्मेवारीमा राखेको छ । संघ, प्रदेश स्थानीय तहको एकल तथा साझा अधिकारको कार्य विस्तृतिकरणले परिवार नियोजन र जनसंख्या सम्बन्धी योजना र व्यवस्थापनलाई संघ र प्रदेशको साझा जिम्मेवारीको रुपमा लिएको छ भने व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद र बसाइँसराइ) सम्बन्धी तथ्यांक व्यवस्थापन कार्य संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य सूचीमा राखेको छ। जनसंख्या विकासको आधार र उपयोगकर्ता समेत भएको तथा जनसंख्या र विकास अन्तरसम्बन्धित बिषय भएको हुनाले विश्वव्यापी दिगो विकासका सबै लक्ष्यहरू प्रत्यक्ष एवम् परोक्ष रूपमा जनसंख्यासँग सम्बन्धित रहेका छन् ।जनसंख्याका कार्यक्रमहरू राष्ट्रिय जनसंख्या नीति, जनसंख्या सम्बन्धी दीर्घकालीन योजना तथा थप नीतिगत व्यवस्थामार्फत संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्ने गरी कार्यान्वयन गर्नु अपरिहार्य मानिन्छ ।

सुदूरपश्चिम प्रदेशमा कुल प्रजनन् दर २.२ प्रति महिला परिवार नियोजनको साधन प्रयोग दर ३९ रहेको छ । मानव विकास सूचकाङ्क ०.५४९ रहेको यस प्रदेशका नागरिकको अपेक्षित आयु ६९.८ बर्ष रहेको छ। त्यसै गरी किशोरी महिलाहरु मध्ये बच्चा जन्माउने दर (प्रति हजारमा) ६१.५ रहेको छ।

जनसांख्यिक लाभांशको रुपमा रहेको उल्लेख्य उत्पादनशिल जनशक्ति रोजगारीको सिलसिलामा भारत र अन्य देशहरुमा रहेका छन् । प्रजनन् दर घट्दै गएको, औसत आयुमा वृद्धि हुँदै गएको र युवा जनशक्ति विदेशिने क्रम रहेकोले जेष्ठ नागरिकको जनसंख्या बढ्दो क्रममा रहेको छ । बाह्य तथा आन्तरिक बसाईंसराइको कारण बढ्दै गएको जनसंख्याको वितरणमा असमानता कम गर्न, बसाईंसराइ र शहरीकरणलाई व्यवस्थित गर्न, भूमि तथा वातावरणमा पर्न जाने चाप कम गर्नका लागि र सामाजिक, साँस्कृतिक सम्पदा, परम्परा, व्यवहार र पूँजीमा हुन सक्ने परिवर्तन वा क्षय कम गर्न समेत प्रजनन् दर घटाउन तथा विवाहको उमेर बढाउन सबै सरोकारवाला निकायबीच समन्वय, सहकार्य र तादत्मयता कायम राख्न आवश्यक छ ।

## २. प्रमुख समस्या

अव्यवस्थित बसाईंसराइ, उच्च पहाडी क्षेत्रको न्यून जनघनत्व, विकास र रोजगारीको अवसर कम हुनु, अशिक्षा, गरिवी, जनसंख्या र विकासबीच सन्तुलन कायम गर्न नसक्नु, उत्पादनशील नागरिक विदेश पलायन हुनु, ग्रामीण क्षेत्रमा महिला, बालबालिका र वृद्धहरु मात्रै रहने अवस्था हुनु, सामाजिक, साँस्कृतिक समस्या बढदै जानु जस्ता प्रमुख समस्या रहेका छन् । बालविवाह, उच्च प्रजनन दर, कम उमेर मै र थोरै समयको अन्तरालमा गर्भधारण, परिबार नियोजनको साधनको उपलब्धता र उपयोगमा कमि हुनु, लैंगिक असमानता विद्यमान रहनु, शहरीकरण व्यवस्थित हुन नसक्नु, जनसंख्या र बसाईंसराइ सम्बन्धी ठोस तथ्याङ्क नहुनु जस्ता समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

## ३. चुनौती तथा अवसर

युवाहरुका लागि स्थानीयस्तर मै रोजगारीका अवसरहरु सिर्जना गर्नु, प्रजनन् स्वास्थ्य अधिकारलाई व्यापकरुपमा स्थापित गर्नु, बदलिएको उमेर संरचना र लैङ्गिक अनुपातले पर्ने दुष्प्रभाव व्यवस्थापन गर्नु, विकास र जनसंख्या व्यवस्थापनबारे प्रभावकारी अध्ययन अनुसन्धान गर्ने वातावरण सृजना गर्नु, जनसंख्या र बसाईंसराइ व्यवस्थापनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्नु, महिला र सीमान्तकृत समुदायको राज्यको हरेक क्षेत्र र तहको मूलप्रवाहमा ल्याउनु जस्ता मुख्य चुनौतीहरु रहेका छन् ।

जनसंख्या सम्बन्धी दीर्घकालीन योजना हुनु, लाभांशको रुपमा रहेको उत्पादनशील जनशक्तिको उच्चतम उपयोग गरी प्रदेशको विकास गर्ने अवसर रहनु, परिबार योजनाको अवधारणा विकसित हुदै जानु, बैदेशिक रोजगारीबाट प्राप्त सीप र विप्रेषणलाई स्वदेशमै उपयोग गर्ने अवस्था सिर्जना हुनु, प्रजनन् स्वास्थ्य अधिकारलाई स्थापित गर्न सरकारी, गैर सरकारी क्षेत्रबाट

बिभिन्न कार्यक्रम र योजनाहरु सञ्चालन भई रहनु, सानो परिबार र सुखी परिबार प्रति आकर्षण बढेको र प्रदेश र स्थानीय तहबाट समेत जनसंख्या र बसाइँसराइ सम्बन्धी कार्यक्रम संचालन गर्न सकिने वातावरण सिर्जना हुनु जस्ता अन्य अवसरहरु यस क्षेत्रमा रहेका छन् ।

## ४. सोँच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोँच

सन्तुलित जनसांख्यिक संरचना, व्यवस्थित बसाइँसराइ ।

### ४.२ लक्ष्य

जनसंख्या र विकासबीच तादात्म्य कायम गर्ने तथा बसाइँसराइको उचित व्यवस्थापन गर्ने।

### ४.३ उद्देश्य

- जनसंख्या व्यवस्थापनलाई समग्र विकासको अभिन्न अंगको रुपमा आन्तरिकीकरण गर्नु ।
- यौन. प्रजनन् स्वास्थ्य, परिवार नियोजन जस्ता सेवालाई अधिकारमुखी कार्यक्रमको रुपमा विकास गर्नु ।
- जनसांख्यिक लाभांशको सदुपयोग गर्नु ।
- जनसंख्या र बसाइँसराई सम्बन्धी तथ्याङ्क व्यवस्थित तथा अध्ययन अनुसन्धानलाई संस्थागत गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रजनन् स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरण गरी किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्ने । | क) गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच बढाई प्रजनन् स्वास्थ्य सेवाको विस्तार र सुरक्षित मातृत्वका लागि आवश्यक सेवाको विस्तार गरिनेछ ।<br>ख) यस्तै किशोरी आमाबाट हुने जन्म दर र असुरक्षित गर्भपतन घटाउन पहल गरिनेछ ।<br>ग) प्रजनन् तथा मातृ स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने सामाजिक निर्धारक तथा लिङ्ग, लैंगिकता र सामाजिक बहिष्करणका विभिन्न भेदभावलाई सम्बोधन गर्न लैंगिकता र समावेसीतामा आधारित विभिन्न किसिमका सचेतनात्मक कार्यक्रम संचालन गरिनेछन् ।<br>घ) बाल विवाह न्यूनीकरण गर्न किशोर-किशोरी तथा युवाहरुका लागि जनचेतनामूलक कार्यक्रम, सामुदायिक सतर्कता र शैक्षिक वातावरण निर्माणमा जोड दिइनेछ । |
| २. जनसांख्यिक लाभांश सदुपयोग | क) किशोरकिशोरी तथा युवाहरुको रोजगारमूलक तथा |

| रणनीति | कार्यनीति |
| --- | --- |
| गर्न ज्ञान र सीपमा आधारित रोजगारीका अवसर सृजना गर्ने। | जीवन उपयोगी शिक्षाको माध्यमबाट क्षमता अभिवृद्धि गरिनेछ।<br>ख) सिप विकास तथा रोजगारीको अवसर सम्वन्धी विस्तृत कार्य योजना बनाई जनसांख्यिक लाभको सदुपयोग गरिनेछ ।<br>ग) बैदेशिक रोजगारीबाट फर्केका जनशक्तिले आर्जन गरेको ज्ञान, सीप तथा साधन स्रोतलाई उत्पादनशील क्षेत्रमा लगानी गरी स्वरोजगार सिर्जना गर्ने वातावरण तयार गरिनेछ । |
| ३. अधिकारमा आधारित लैंगिक समानता र समावेशीकरणको माध्यमबाट जनसंख्या र विकासमा मूल प्रवाहीकरण गर्ने नीति लिंदै विद्यमान कानुन तथा संस्थागत व्यवस्थामा सुधार गर्ने। | क) लैंगिक समानता र सामाजिक समावेशीकरणको मान्यता अनुरुप दिगो विकासका कार्यक्रमहरुमा गरीव, सीमान्तकृत, दलित, शारीरिक अशक्तता भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, किशोरी-किशोरहरु समेतको सहभागितालाई सुनिश्चित गरिनेछ ।<br>ख) सीमान्तकृत एवम् अल्पसंख्यक जातीको संरक्षण तथा विकास गर्न बिशेष कार्यक्रमहरु संचालन गरिनेछ ।<br>ग) जनसंख्या र विकास कार्यक्रमबीच सामञ्जस्यता कायम गर्न सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।<br>घ) जनसंख्या व्यवस्थापनका लागि विकास साझेदार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाहरुसँग पनि साझेदारी र सहकार्यका लागि प्रोत्साहित गरिनेछ । |
| ४. बिशेष कार्यक्रम मार्फत आन्तरिक बसाईँसराई र शहरीकरणलाई व्यवस्थित गर्ने। | क) प्रदेश भित्र हुने आन्तरिक बसाईँसराईको तथ्याङ्काधार तयार गरी व्यवस्थित बसोबासका लागि आवश्यकता अनुसार विशेष कार्यक्रम संचालन गरिनेछ ।<br>ख) ग्रामीण, दुर्गम तथा पिछडिएको क्षेत्रहरुमा भौतिक पूर्वाधारहरुको निर्माण तथा समानुपातिक विकासमा जोड दिदै गुणस्तरीय शिक्षा, स्वास्थ्य र स्थानीय रोजगारीका अवसरहरुको सृजना गरिनेछ ।<br>ग) प्रदेश र स्थानीय तहमा जनसंख्या व्यवस्थापन कार्यलाई स्थानीय आवश्यकता अनुसार संचालन गर्न संस्थागत संयन्त्रको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | घ) अव्यवस्थित वस्ती विस्तार तथा बसाइँसराइलाई नियन्त्रण गरिनेछ । |
| ५ जनसंख्या तथा बसाइँसराइ सम्वन्धी तथ्याङ्कलाई व्यवस्थित गर्ने । | क) विकास आयोजनाको संचालन पूर्व नै जनसांख्यिक प्रभाव मूल्याकन गरिनेछ ।<br>ख) सबै व्यक्तिगत घटनाहरुलाई विद्युतीय माध्यमद्वारा दर्ता गर्ने व्यवस्था मिलाई यसलाई अनिवार्य गरिनेछ ।<br>ग) आन्तरिक र वाह्य बसाइँसराइ सम्वन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहको क्षमता विकासका लागि समन्वय गरिनेछ ।<br>घ) प्रदेश स्वास्थ्य तथा जनसंख्या अनुगमन एवम् मूल्यांकन कार्य समूह मार्फत जनसंख्या तथा स्वास्थ्य क्षेत्रमा हुने अध्ययन र अनुसन्धानहरुको नियमितता, एकरुपता तथा गुणस्तरीयता कायम गरिनेछ र प्राप्त निष्कर्षहरुलाई प्रदेशको नीति निर्माण एवम् योजना तर्जुमामा उपयोग गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशको जनसंख्या तथा बसाइँसराइको तथ्याङ्क अद्यावधिक भएको हुने र यसका लागि विद्युतीय प्रणालीको विकास भएको हुने । प्रदेशमा हुने आन्तरिक तथा वाह्य बसाइँसराइको घटनामा कमि आएको हुनेछ ।

## ६.४ महिला सशक्तीकरण तथा लैङ्गिक समानता

### १. पृष्ठभूमि

महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि संविधानले प्रत्याभूत एवम् निर्दिष्ट गरेको व्यवस्था अनुसार ऐन, नियम, कार्य योजनाका साथै सबै जिल्लाहरूमा विभिन्न कार्यक्रमहरू मार्फत् लैङ्गिक समानता तथा महिला सशक्तीकरण गर्ने प्रयास भएका छन्। पैतृक सम्पत्तिमा समान हक, सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा भएका प्रयासबाट सकारात्मक प्रतिफलहरु देखिन थालेका छन् । राज्यले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धताहरूलाई कार्यान्वयनमा लैजान विभेद, असमानता, वञ्चितिकरण अन्त्य गर्न र मानव बेचबिखन तथा ओसारपसार एवम् घरेलु हिंसा नियन्त्रण गर्न कानुनहरू कार्यान्वयनमा ल्याइएको छ ।

महिला सशक्तिकरण र समावेशीकरणबाट मात्र समुन्नत, स्वस्थ, समतामूलक समाज बनाउन सकिन्छ भन्ने बस्तुगत तथ्यलाई सर्वत्र स्वीकारिएको छ र तदअनुरुप नीति कानुन, कार्यक्रम र व्यवहारमा परिमार्जन गर्ने कार्य चालु रहेको छ ।

## २. प्रमुख समस्या

महिला तथा पुरुषबीच समानता कायम गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत प्रयास हुँदाहुँदै पनि समाजमा रहेको पितृसत्तात्मक सोच अझै कायम रहनु, लैङ्गिक हिंसा तथा गरिबीको प्रभाव महिलाहरूमा बढी पर्नु, महिलाका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरूबीच प्रभावकारी समन्वयको कमी रहनु, महिलालाई विकासका सबै चरणहरूमा सारभूत सहभागिता गराउन नसक्नु, महिला विकासका लागि गरिएका संस्थागत तथा कार्यक्रमगत प्रयासहरू अपर्याप्त हुनु, महिलाको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्न नसक्नु, एकीकृत लैङ्गिक तथ्यांक राख्ने पद्धतिको विकास हुन नसक्नु, लैङ्गिक हिंसाको अन्त्यका लागि आर्थिक सशक्तीकरण र जनचेतनाको पाटो प्रभावकारी नहुनु, अनुगमन तथा मूल्यांकन गर्दा लैङ्गिक दृष्टिकोणले समेत हेरिने पद्धतिको विकास हुन नसक्नु जस्ता समस्याहरु विद्यमान छन्।

## ३. चुनौती र अवसर

महिलाहरुको सार्थक सहभागिता बढाउनु, महिला सशक्तीकरण एवम् हिंसा सम्वन्धमा कार्यरत सबै निकायहरूलाई प्रभावकारी रूपमा परिचालन गर्नु, समाजमा विद्यमान महिला सम्वन्धी गलत परम्परा र अभ्यासहरूको निराकरण गर्नु, महिलामाथि हुने हिंसा र विभेदको अन्त्य गर्नु, प्रदेशमा गरिने विकास निर्माणका काम र आर्थिक, सामाजिक रुपान्तरणको पहलमा महिला मैत्री अवयव अविछिन्न रुपमा सन्निहित तुल्याउनु प्रमुख चुनौती हुन् ।

महिला सशक्तीकरण एवम् हिंसा सम्वन्धमा सामाजिक जागरण तथा चेतना स्तरमा अभिवृद्धि हुनु, यथेष्ठ कानुनी प्रावधानहरू विद्यमान रहनु, महिलाको राजनीतिक सहभागितामा वृद्धि हुदै जानु, सरकारी तथा गैरसरकारी क्षेत्र समेत लैंगिक सशक्तीकरणका लागि तत्पर देखिनु अवसरहरू हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

महिला अधिकार सुनिश्चित भएको लैङ्गिक समतामूलक प्रदेश ।

### ४.२ लक्ष्य

सबै प्रकारका लैङ्गिक विभेद, हिंसा र शोषणको अन्त्य गरी विकासमा महिलाको समान र सार्थक सहभागिता सुनिश्चित गर्ने ।

### ४.३ उद्देश्य

- सबै वर्ग र क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि लैङ्गिक भूमिकालाई सशक्त बनाउनु ।

- महिला भएकै कारणबाट हुने लैङ्गिकतामा आधारित हिंसा एवम् विभेद् र बहिष्करणको अन्त्य गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैङ्गिक मूलप्रवाहीकरणलाई सुदृढ गर्दै शासन प्रणालीको प्रत्येक चरण र विकास प्रक्रियाको सबै चक्रमा महिलाहरूको उल्लेखनीय र सार्थक सहभागिता सुनिश्चित गर्ने । | क) महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा गरी सोको कार्यान्वयन र नियमन गरिनेछ।<br>ख) महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा बिभेद् र बहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज र सबैको लागि पहुँचयोग्य बनाइनेछ ।<br>ग) प्रदेशस्तरमा महिला हकहित र अधिकार सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन गरिनेछ ।<br>घ) स्रोत र साधनमा महिलाहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।<br>ङ) बाल विवाह, बहुविवाह र लैङ्गिक तथा घरेलु हिंसाका कारण पर्न जाने सामाजिक, आर्थिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकास सम्वन्धी नकारात्मक असर र कानुनी प्रावधानवारे सामाजिक जागरण अभियान सञ्चालन गरिनेछ ।<br>च) घरेलु तथा महिला हिंसाको विषयलाई सम्बोधन गर्न हेल्पलाईन, सुरक्षा गृह, कानुनी सहायता र पुनःस्थापना व्यवस्था गरिनेछ ।<br>छ) लैंङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थानीय तहसम्म संस्थागत गरिनेछ। |
| २. ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाहरूको क्षमता अभिवृद्धि गरी जीवनस्तर सुधार गर्ने । | क) अन्तराष्ट्रिय सन्धी-सम्झौता र प्रतिवद्धताहरुको कार्यान्वयन गर्न सबै सरोकारवालाहरुको क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।<br>ख) प्रदेशमा लैंगिक उत्तरदायी बजेटको बढोत्तरीमा जोड दिईनेछ र बजेटको सार्थक सदुपयोग सुनिश्चित गर्न क्षेत्रगत बजेट ट्र्याकिङ्ग सर्भे गरिनुका साथै लैंगिक अवस्थाको पहिचानका लागि लैंगिक-परिक्षणगर्ने कार्यको थालनी गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ग) शारीरिक अशक्तता भएका महिलाहरूका लागि विशेष स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>घ) विपन्न, संकटग्रस्त, वञ्चितीमा परेका सबै महिलाहरूको क्षमता विकास तथा सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन गर्नुका साथै विशेषतः थारु, बादी, राजी, कमलरी, मुक्त कमैया, र राउटे समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक तथा सामाजिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>ङ) एकल महिलाको लागि आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा ल्याईनेछ ।<br>च) महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी सृजना गर्न वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ र सहुलियतमा ऋण तथा अनुदान सेवा प्रदान गरिनेछ ।<br>छ) प्रदेशको प्रशासन तथा नीति निर्माण तह एवम् अन्य सार्वजनिक निकायहरुमा महिलाहरूको पहुँच बढाउन लोकसेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षाहरूका लागि तयारी कक्षाहरू सञ्चालन गरिनेछन् ।<br>ज) महिलाहरूलाई स्वसुरक्षा, उद्यमशीलता, उन्नत प्राङ्गारीक कृषि उत्पादन, सीप तथा व्यवसायिक क्षमता अभिबृध्दि र कानुनी, वित्तीय तथा डिजिटल साक्षरता सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>झ) सुरक्षित महिनावारी र प्रजनन् अधिकार सुनिश्चित गर्नुका साथै छुई प्रथालाई निरुत्साहित गरिनेछ ।<br>ञ) महिलाहरूको बहुआयामिक विकासका लागि महिला विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.महिलाविरुद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्य गर्ने । | क) लैंगिक हिंसा निवारण, मानव वेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरी निरोधात्मक र संरक्षणात्मक उपाय अपनाई कार्यान्वयन गरिनेछ ।<br>ख) लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दबावपूर्वक मिलाउने कार्यलाई निरुत्साहित गरिनेछ ।<br>ग) महिला सशक्तिकरण तथा लैंगिक समानता सम्बन्धी अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। |

### ५. अपेक्षित उपलब्धि

प्रदेशमा महिला हिंसाका घटनाहरुमा कमी आएको हुने, सरकारी तथा गैर सरकारी क्षेत्रमा महिला सहभागीतामा वृद्धि भएको हुने, महिलाहरुको क्षमता विकासका लागि यथेष्ट कार्यक्रमहरु सञ्चालन भएको हुनेछ ।

## ६.५ युवा तथा खेलकुद

### १. पृष्ठभूमि

राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणमा युवा वर्गको भूमिका महत्वपूर्ण रहेको हुन्छ। कार्य क्षमता, साहस, ऊर्जा, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण युवा वर्गलाई राष्ट्र निर्माणको प्रमुख आधार मानिएको छ । सुदूरपश्चिम प्रदेशमा १६-४० वर्ष उमेर समूहको जनसंख्या करिव ४० प्रतिशत रहेको छ। शिक्षित, सीपयुक्त, अनुशासित, उद्यमशील युवाशक्ति विकास गरी यो जनसांखिक प्रवृत्तिलाई पूँजीगत गर्दै राष्ट्र निर्माणमा लगाउन सकिएमा युवाहरुले देशको सामाजिक एवम् आर्थिक विकासमा रुपान्तरणकारी भूमिका निर्वाह गर्न सक्दछन् । यस प्रदेशको विकासका लागि युवा शक्तिलाई पूर्ण परिचालन र मुलप्रवाहीकरण गर्नुपर्ने भएको छ।

### २. प्रमुख समस्या

युवा वेरोजगारीको समस्या बढदै जानु, युवा सम्वन्धी सञ्चालित कार्यक्रमहरु प्रभावकारी हुन नसक्नु, युवाहरुको बढदो विदेश पलायन, हिंसा, मदिराको दुरुपयोग, लागु औषधको दुर्व्यसन एवम् बढदो आत्महत्याको प्रवृत्ति, कृषि तथा स्वरोजगारीमा युवाहरुको सहभागिता अपेक्षा गरे अनुरुप बढन नसक्नु, प्रदेशको विकास निर्माणमा युवाको सकृय सहभागिता आवश्यक अनुसार हुन नसक्नु, प्रदेशमा खेलकुदका आवश्यक पूर्वाधार तथा प्रशिक्षकहरुको पर्याप्त व्यवस्था हुन नसक्नु, खेलकुदमा व्यसायिकताको कमि हुनु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ३. चुनौती तथा अवसर

मध्यम तथा उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृत्ति रोक्नु, प्रदेशमा रोजगारीको अवसर बढाउनु, सामाजिक र आर्थिक सेवाहरुमा युवाको पहुँच वृद्धि गर्नु प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपमूलक तालिम सर्वसुलभ रुपमा उपलब्ध गराउनु र प्रदेशमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरको खेलकुदका पूर्वाधारहरुको विकास गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन् ।

नेपालको संबिधान अनुसार युवा सम्बन्धी प्रादेशिक नीति-कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा बैज्ञानिक प्रोत्साहनको अधिकार क्षेत्र प्रदेश तहमा आउनु, वढ्दो युवा जनशक्तिलाई सीप र उद्यमशील वनाई जनसांख्कि लाभांश हासिल गर्ने प्रर्याप्त संभावना रहनु, युवामा जागरुक बढनु, युवा लक्षित कार्यक्रमहरुका लागि आधार तयार हुनु, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि हुन र अधिकारहरुको उपयोग गर्ने वातावरण सिर्जना गर्न संवैधानिक प्रतिवद्धता रहनु आदि यस क्षेत्रका अवसर हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

कर्मठ, सक्षम, प्रतिस्पर्धी एवम् देशभक्त युवाहरुको प्रदेश ।

### ४.२ लक्ष्य

युवाहरुलाई प्रदेशको सर्वाङ्गिण विकासमा मूलप्रवाहिकरण गर्ने ।

### ४.३ उद्देश्य

- युवाको मिहीनत, दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।
- युवाहरुलाई खेलकुदका क्षेत्रमा सर्वोत्कृष्ट प्रदर्शन गर्न सक्षम बनाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवालाई कर्मठ, दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने । | क) प्रदेश युवा नीति तर्जुमा गरिनेछ ।<br>ख) युवामा प्राविधिक शिक्षा र क्षमता अभिवृद्धि कार्यक्रम मार्फत रोजगारी एवम् उद्यमशीलता अभिवृद्धि गरिनेछ ।<br>ग) प्रदेशमा युवा स्वरोजगार कोषको स्थापना गरी युवाहरुलाई स्वरोजगारमा संलग्न गराउन उक्त कोषको प्रभावकारी रुपमा परिचालन गरिनेछ ।<br>घ) प्रदेश तथा राष्ट्रका लागि उत्कृष्ट कार्य गरी योगदान दिने युवाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ङ) प्रदेश युवा परिषद मार्फत युवा सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।<br>च) वैदशिक रोजगारमा जान चाहने युवाहरुका लागि आवश्यक पर्ने सीपयुक्त तालिम, भाषा प्रशिक्षण तथा परामर्श सेवाका कार्यक्रमहरु संचालन गरिनेछन् ।<br>छ) वैदेशिक रोजगारमा गएका युवाहरुको प्रदेशस्तरमा अभिलेख व्यवस्थित गरिनेछ ।<br>ज) युवामा नैतिकता, चारित्रिक गुण एवम् अनुशासनको विकास गरी राज्य र समाजप्रति दायित्व बोध गराउने तथा श्रम प्रति सम्मान गर्ने संस्कार विकास गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । |
| २. युवा सहभागिता प्रवर्द्धन गर्ने। | क) प्रदेश विकासको नेतृत्व र नीति निर्माणको तहमा युवाको सहभागिता बढाउन उनीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन्।<br>ख) युवाहरूलाई सामुदायिक विकासका कार्यहरूमा सहभागी गराइनेछ ।<br>ग) अनुसन्धान केन्द्र मार्फत युवालाई अनुसन्धान कार्यमा परिचालन गरिनेछ ।<br>घ) समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, विभेद, लैङ्गिक हिंसा तथा अमानवीय कार्यहरुको अन्त्यका लागि युवा परिचालनमा जोड दिईनेछ ।<br>ङ) सामाजिक तथा आर्थिक रुपान्तरण, प्रकोप व्यवस्थापन र वातावरणीय समस्या न्यूनिकरण गर्न अन्य निकायसँगको समन्वयमा युवालाई स्वयंसेवा कार्यमा लाग्न अभिप्रेरित गरिनेछ। |
| ३. खेलकुदका पूर्वाधारहरुको विकास गरी युवाहरुका लागि व्यवसायिक खेलकुदका अवसरहरुको सृजना गर्ने । | क) प्रदेश राजधानीमा अन्तर राष्ट्रियस्तरका खेलकुद पूर्वाधारहरुको विकास गरिनेछ ।<br>ख) टिकापुरमा अन्तर राष्ट्रियस्तरको खेलकुद प्रतिष्ठान स्थापना गरिनेछ ।<br>ग) सबै जिल्ला एवम् पालिकाहरुमा आवश्यक खेलकुदका पूर्वाधारहरुको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | घ) युवाहरुलाई व्यसायिक खेलकूदमा लाग्न प्रोत्साहन गरिनेछ ।<br>ङ) प्रदेशमा विभिन्न खेलकुदका प्रतियोगिताहरुको आयोजना गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

युवाहरुको क्षमता अभिवृद्धि भई स्वरोजगार र उद्यमशीलतामा वृद्धि भएको हुनेछ ।प्रदेश भित्रै थप युवा रोजगारीका अवसरहरुको सृजना भएको हुनेछ । वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्यामा कमी आएको हुनेछ । युवा स्वरोजगारका कार्यक्रमहरूमा युवाहरूको सहभागिता वृद्धि भएको हुनेछ । कृषि क्षेत्रमा युवाहरूको संलग्नता बढेकोहुनेछ । प्रदेश राजधानीमा अन्तर राष्ट्रियस्तरका खेलकुद पूर्वाधारहरुको विकास भएको हुनेछ । सबै जिल्ला तथा पालिकाहरुमा आवश्यक खेलकुदका पूर्वाधारहरुको विकास भएको हुनेछ ।खेलाडिहरुका लागि प्रशिक्षणको व्यवस्था भएको हुनेछ । प्रदेशमा यथेष्ट खेलकुदका कार्यक्रमहरुको आयोजना भएको हुनेछ ।

## ६.६ बालबालिका तथा किशोरकिशोरी

### १. पृष्ठभूमि

यस प्रदेशमा बालबालिका तथा किशोरकिशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । नेपालको संविधानमा उल्लेख भएको मौलिक हक अन्तरगत बालबालिकाको हक सम्बन्धी भएका व्यवस्था, नेपालद्वारा बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि, १९८९ को अनुमोदन र अन्य बाल अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र आलेखहरूमा गरेको प्रतिबद्धताअनुसारका कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्न आवश्यक भएको छ।मजवुत भविष्यको आधार भूमिका रुपमा रहेका बालबालिका तथा किशोरकिशोरीहरुको पोषण सहितको उचित लालन-पालन, शिक्षा, तालिम, अनुशिक्षण, सामाजिकीकरण बाट नै प्रदेश तथा समग्र मुलुक कै भविष्य निर्धारण हुने भएकोले यसमा प्रदेशले विशेष ध्यान दिनु पर्ने भएको छ ।

### २. प्रमुख समस्या

अझै पनि धेरै बालबालिका तथा किशोरकिशोरीको गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा पोषणमा पहुँच कम हुनु, बालश्रम, मानव ओसार पसार, बालविवाह, बाल यौनदुर्व्यवहार, बलात्कार, लागु पदार्थको दुर्ब्यसन जस्ता विकृति विसंगतिहरू विद्यमान रहनु, अनाथ, अभिभावकविहीन, द्वन्द्व प्रभावित बालबालिका तथा किशोर किशोरीको संरक्षण, हेरचाह र विकासका लागि पर्याप्त लक्षित कार्यक्रम नहुनु प्रमुख समस्या हुन् ।

## ३. चुनौती तथा अवसर

बालबालिका र किशोरकिशोरीहरूले बालापनमा हुर्कन पाउने आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्नु, स्थानीय सरकार र प्रदेश सरकारबीच बालबालिका र किशोरकिशोरीसम्बन्धी कार्यक्रमहरूमा समन्वय गर्नु, बाल विकास, हेरचाह, पोषण, स्वास्थ्य, शिक्षा र सुरक्षा तथा न्यायप्रणाली तथा बालमैत्री स्थानीय शासन पद्धतीलाई व्यवहारमा पूर्ण रूपमा उतार्नु र बालिका तथा किशोरीमाथि हुने हिंसा, बाल विवाह, बालश्रम, बेचविखन एवम् परम्परागत हानिकारक प्रथा तथा प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु यस प्रदेशको मुख्य चुनौतीको रूपमा रहेका छन् ।

बालबालिकाको हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति हुनु, बालबालिका तथा किशोरकिशोरीहरूको शिक्षामा उल्लेख्य सहभागिता हुनु, स्वास्थ्य क्षेत्रमा सुधार हुनु, स्थानीय तहमा बाल अधिकार तथा बालहित कार्यक्रम सञ्चालन हुनु, बालअधिकारप्रतिको सचेतनामा वृद्धि हुनु, बाल अधिकारका लागि सरकारी तथा गैरसरकारी संस्था र सरोकारवाला निकाय विच समन्वय हुनु, बालमैत्री स्थानीय तह घोषणा हुनु, सडक बालबालिकाको उद्धार, राहत तथा मनोविमर्श र पारिवारिक पुनर्मिलन, पुनःएकीकरण तथा पुनःस्थापनाको लागि बाल हेल्पलाइन १०९८ सुरु हुनु, हराएका बालबालिकाको खोजतलास गर्ने बालबालिका खोजतलास समन्वय केन्द्रको निःशुल्क टेलिफोन सेवा १०४ सञ्चालन हुनु र बाल इजलास गठन हुनु जस्ता विषयहरू यस क्षेत्रका अवसरको रुपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

स्वस्थ, सक्षम र सुखि बालबालिका तथा किशोरकिशोरी ।

### ४.२ लक्ष्य

बालबालिका तथा किशोरकिशोरीहरूको विकासको पर्याप्त अवसर उपलव्ध गराई सुयोग्य नागरिक बनाउने ।

### ४.३ उद्देश्य

- बालबालिका तथा किशोरकिशोरीहरूको विकास, संरक्षण र प्रवर्द्धन गर्नु ।
- बालबालिका तथा किशोरकिशोरीहरू माथि हुने सबै प्रकारका उपेक्षा, दुर्व्यवहार, भेदभाव, शोषण तथा हिंसाको अन्त्य गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. बालबालिका तथा किशोर-किशोरी उचित विकास र संरक्षणको व्यवस्था गर्ने । | क) बालविकास कार्यक्रमलाई सबै वडास्तरसम्म विस्तार गरिनेछ ।<br>ख) बालबालिका तथा किशोर-किशोरीहरूको उमेर र कक्षा अनुकुल हुने गरी सबै विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिनेछन्।<br>ग) अनाथ, अभिभावकविहीन, द्वन्द्व प्रभावित तथा सडक बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरी उनिहरुको बालविकास केन्द्रमा पहुँच सुनिश्चित गरिनेछ ।<br>घ) बालबालिका तथा किशोरकिशोरीहरूको आधारभूत स्वास्थ्य र पोषण सम्वन्धी कार्यक्रमहरुमा पहुँच विस्तार गरिनेछ ।<br>ङ) किशोर किशोरीहरूलाई प्रजनन् स्वास्थ्य सम्वन्धमा आवश्यक ज्ञान दिने व्यवस्था गरिनेछ ।<br>च) गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ र गर्भावस्थादेखि जन्मपश्चात् उपलब्ध गराइने खोप, भिटामिन ए, पोलियोजस्ता आधारभूत स्वास्थ्य सेवाको पहुँचलाई सशक्त बनाईनेछ ।<br>छ) एचआईभी/एड्स जस्ता रोगबाट सङ्क्रमित बालबालिका तथा किशोर किशोरीहरुलाई स्वास्थ्य सेवामा सहज पहुँच बनाइनेछ ।<br>ज) बालबालिकाहरूको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रणालीलाई व्यवस्थित गरिनेछ ।<br>झ) बालबालिका तथा किशोर-किशोरीहरुसम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई विभिन्न तहको निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गरिनेछ ।<br>ञ) बालसंरक्षण समिति र बालक्लब सञ्चालन र परिचालनमा स्थानीय तह मार्फत सहयोग गरिनेछ । |
| २. बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका हिंसाको | क) बालबालिका तथा किशोरकिशोरीको अधिकार सम्बन्धी नीति, कानुन, योजना तथा कार्यक्रमहरूको निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| अन्त्य गर्ने। | ख) समाजमा प्रचलनमा रहेका विभिन्न हानिकारक प्रथा, परम्परा र अभ्यासका र बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, बालश्रम, लागुऔषध दुर्व्यसन, बाल विवाह, बेचबिखन तथा ओसारपसार, बालविवाह रोक्न जनचेतना बढाउनका साथै रोकथामका लागि कारण पहिचान गरी आवश्यक निरोधात्मक उपायको अवलम्बन गरिनेछ ।<br>ग) प्रदेशमा आपातकालीन बालउद्धार कोष स्थापना गरी सञ्चालन गरिनेछ ।<br>घ) बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं.१०९८ को सेवालाई प्रदेशमा पनि सुदृढ र प्रभावकारी बनाइनेछ ।<br>ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, संरक्षण र पुनःर्स्थापनाका लागि बालगृह तथा पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ र हिंसाबाट प्रभावित बालबालिकाहरुको उपयुक्त संरक्षणका साथै उनीहरूलाई कानुनी सहायता तथा आवश्यक उपचारात्मक सेवा उपलब्ध गराइनेछ ।<br>च) मानव बेचबिखन, बालश्रम लगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोरकिशोरीका लागि राहत, पुनःस्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै यसको रोकथामका लागि भारत संगको खुला सिमालाई व्यवस्थित गरिनेछ ।<br>छ) बालविवाह, चाँडो हुने विवाह विरूद्ध सामाजिक रुपान्तरणका लागि विभिन्न जागरणमूलक तथा सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिनेछ। |
| ३. सबै प्रकारको बालश्रमको निषेध र न्यूनिकरण गर्ने। | क) सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी, नीतिगत तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>ख) सबै पालिकाहरुमा सबै प्रकारका बालश्रम विरुद्धका अभियानहरू सञ्चालन गरिनेछन् । |

### ५. अपेक्षित उपलब्धि

सबै प्रकारका बालश्रमको न्यूनिकरण भएको हुने, बालबालिका तथा किशोरकिशोरीहरु उचित संरक्षण र सम्वर्द्धन भएको हुने, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको न्यूनीकरण भएको हुने, लागु औषध दुर्व्यसनको समस्यामा कमि आएको हुने तथा असहाय, अनाथ, अशक्त, भएका, बेवारिसे, द्वन्द प्रभावित, सडक बालबालिकालाई विशेष संरक्षण प्राप्त भएको हुनेछ ।

## ६.७ जेष्ठ नागरिक

### १. पृष्ठभूमि

यस प्रदेशमा ७.६ प्रतिशत ज्येष्ठ नागरिक रहेका छन् । ज्येष्ठ नागरिक समाजका सम्मानीत नागरिक हुन् । ज्येष्ठ नागरिकहरूको लागि संविधानले प्रत्याभूत गरेको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक कार्यान्वयन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालित छन् । नेपाल सरकारले ज्येष्ठ नागरिकहरूलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता एवम् विभिन्न सेवा सुविधा उपलब्ध गराउँदै आएको छ । सरोकारवाला निकायबीच समन्वयका लागि यस प्रदेशका सबै जिल्लाहरूमा जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति गठन भएका छन् । सबै जिल्लामा जेष्ठ नागरिकको मनोरञ्जनको लागि दिवा सेवा केन्द्र संचालनमा रहेका छन् भने सामाजिक संस्थाहरूको साझेदारीमा वृद्धाश्रमहरू सञ्चालन भएका छन् ।

### २. प्रमुख समस्या

जेष्ठ नागरिकहरुका लागि उपलब्ध सेवा र सुविधामा कमि हुनु, असहाय र आश्रयविहिन जेष्ठ नागरिकहरुका लागि उचित व्यवस्थापन सहितको आश्रय स्थलको अभाव हुनु, असक्त जेष्ठ नागरिकहरुका लागि स्याहार केन्द्रहरुको अभाव हुनु, जेष्ठ नागरिकहरुका लागि उपलब्ध सामाजिक सुरक्षाका प्रावधानहरू अपर्याप्त हुनु, उनीहरूको ज्ञान, सीप, अनुभवको प्रयोग र उचित सम्मान हुन नसक्नु प्रमुख समस्या हुन् ।

### ३. चुनौती तथा अवसर

असहाय र अशक्त जेष्ठ नागरिकहरुका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्नु, उनीहरूको ज्ञान, सीप र अनुभवको उपयोग गरी उनीहरुलाई उचित सम्मान दिने वातावरण बनाउनु, जेष्ठ नागरिकप्रति हुने उपेक्षा, विभेद, हिंसा र दुर्व्यवहार अन्त्य गर्नु जस्ता चुनौती रहेका छन् ।

संविधानमा ज्येष्ठ नागरिकको हक सम्बन्धी व्यवस्थालाई मौलिक हकको रूपमा राखिनु, सार्वजनिक यातायातमा सहुलियत, सरकारी अस्पतालहरूमा बेड तथा वार्ड छुट्याइनु, सेवा प्रदायक निकायहरूबाट विशेष सुविधा तथा प्राथमिकता दिने व्यवस्थाहरू गरिनु, गैरसरकारी संस्था तथा सामुदायिक क्षेत्रबाट ज्येष्ठ नागरिकको हितको क्षेत्रमा क्रियाशीलता बढ्दै जानु अवसरका रुपमा रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

जेष्ठ नागरिकहरुको सहज र सम्मानित जीवनयापन ।

### ४.२ लक्ष्य

प्रदेशमा जेष्ठ नागरिकमैत्री वातावरण सृजना गर्ने ।

### ४.३ उद्देश्य

- ज्येष्ठ नागरिकहरूको सहज जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु ।
- विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी पुनःस्थापना कार्यक्रम सञ्चालन गर्नु।
- जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्नु ।

### ४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. ज्येष्ठ नागरिकको उचित संरक्षण गर्ने | क) ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहारको अन्त्यका लागि उनीहरूको अधिकारको संरक्षण गरिनेछ।.<br>ख) ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि गर्न समुदायस्तर सम्म सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।<br>ग) ज्येष्ठ नागरिकको विशेष ज्ञान, अनुभव तथा सिपको विविध क्षेत्रमा सदुपयोग गरिनेछ ।<br>घ) वृद्धाश्रम तथा दिवासेवा केन्द्रहरूको अनुगमनलाई प्रभावकारी बनाइनेछ ।<br>ङ) बाबु आमा लगायत ज्येष्ठ सदस्यहरूको हेरचार तथा पालनपोषण गर्ने परिवारका सदस्यहरूलाई साथै संघ-संस्थाहरूलाई उचित सम्मानको व्यवस्था गरिनेछ ।<br>च) जेष्ठ नागरिकको मानसिक, शारीरिक तथा संवेगात्मक पक्षलाई सक्रिय बनाउन विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| २. जेष्ठ नागरिकको सहज जीवनयापनका लागि आवश्यक पूर्वाधार विकास गर्ने । | क) हिंसापीडित, परित्यक्त, शारीरिक एवम् मानसिक रूपले अशक्त भई विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकहरूका लागि लक्षित गरी विशेष राहत तथा पुनःस्थापना केन्द्रहरु सञ्चालन गरिनेछन् ।<br>ख) ज्येष्ठ नागरिक समूह तथा क्लब गठन र दिवासेवा केन्द्र |

| रणनीति | कार्यनीति |
|---|---|
| | सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । <br>ग) गैरसरकारी संस्था एवम् समुदायसमेतको साझेदारीमा यस प्रदेशमा बन्ने स्वास्थ्य उपचार सुविधासहितको वृद्धाश्रम सञ्चालनमा सहजीकरण गरिनेछ । |
| ३. जेष्ठ नागरिकको सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने । | क) जेष्ठ नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता तथा स्वास्थ्य र अन्य सेवामा दिँदैआएका छुट तथा सुविधालाई समयानुकूल बनाइनुका साथै पहुँचका लागि स्थानीय तह र सम्वद्ध निकायहरूसँग समन्वय गरिनेछ। |

### ५. अपेक्षित उपलब्धि

जेष्ठ नागरिकको सेवा सुविधामा बृद्धि भई जीवनयापनमा सहजता आएको हुने, जेष्ठ नागरिक प्रति हुने हिंसा, विभेद र दुर्व्यबहारमा कमी आई उनिहरुको सामाजिक प्रतिष्ठामा बृद्धि भएको हुने, असहाय र असक्त जेष्ठ नागरिकहरुका लागि उचित आश्रय स्थलको निर्माण भएको हुने एवम् जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको उचित उपयोग भएको हुनेछ ।

## ६.८ शारीरिक अशक्त भएका व्यक्तिहरु

### १. पृष्ठभूमि

यस प्रदेशको जनसङ्ख्याको ३.०५ प्रतिशत शारीरिक अशक्त भएका व्यक्ति रहेका छन् । अशक्त भएका व्यक्तिमध्ये सबैभन्दा बढी शारीरिक अशक्त भएका २६६१४ जना रहेका छन् । नेपालको संविधानले शारीरिक अशक्त भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । शारीरिक अशक्त भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि र यसको इच्छाधीन आलेख, २००६, इन्चोन रणनीति (२०१३-२०२२) लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्नका लागि नेपाल सरकारले समुदायमा आधारित पुनःस्थापना कार्यक्रम, आर्थिक, सामाजिक तथा राजनीतिक समावेशीकरण, सकारात्मक विभेद तथा निजामती सेवामा आरक्षण, शारीरिक अशक्त भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्थाहरूमार्फत शारीरिक अशक्त क्षेत्रका कार्यक्रमहरू सञ्चालन, पूर्ण अशक्त र अति अशक्तहरूका लागि सामाजिक सुरक्षा भत्ता एवम् व्यवसायिक तथा सीपमूलक तालिम लगायतका कार्यक्रम सञ्चालित छन् ।

### २. प्रमुख समस्या

शारीरिक अशक्तता भएका व्यक्तिहरुको रोजगारी र आय-आर्जनका अवसरमा समान पहुँच नहुनु र शिक्षा, स्वास्थ्य, लगायतका सेवाहरूमा पहुँच सीमित हुनु, प्रदेशमा अशक्तता मैत्री

पूर्वाधारहरूको अभाव हुनु, सबै किसिमका शारीरिक अशक्तता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामाग्रीहरु सहज उपलव्धता हुन नसक्नु आदि प्रमुख समस्याहरु रहेका छन् ।

## ३. चुनौती तथा अवसर

सम्पूर्ण भौतिक संरचनालाई शारीरिक अशक्ततामैत्री बनाउनु, सो सम्बन्धी काम गर्ने संस्थाहरूलाई दुर्गम क्षेत्रमा परिचालन गर्नु र मानसिक एवम् बौद्धिक अशक्तता भएका व्यक्तिहरूको लागि उपयुक्त कार्यक्रम सञ्चालन गर्नु तथा शारीरिक अशक्तता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु यस क्षेत्रका चुनौतीहरू हुन् ।

शारीरिक अशक्तता भएका व्यक्तिहरूको अधिकार संरक्षणका लागि ऐन र आवासीय पुनःस्थापना सेवा सञ्चालन विधि, २०७२ तथा शारीरिक अशक्तता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ कार्यान्वयन हुनु, महिला तथा बालबालिका कार्यालयमा श्रवण अशक्तता भएका व्यक्तिहरूका निम्ति दोभाषे सहयोगीको लागि बजेट विनियोजन हुनु, शारीरिक अशक्तता सम्बन्धी सहायक सामग्री उत्पादन तथा वितरणको व्यवस्था हुनु, राज्यको प्रशासनिक तथा राजनीतिक तहमा प्रतिनिधित्वको सुनिश्चितता हुनु, समुदायमा आधारित पुनःस्थापना कार्यक्रम सञ्चालन र सार्वजनिक भौतिक संरचनाहरू शारीरिक अशक्त मैत्री बनाउने पद्धतिको विकास हुनु यस क्षेत्रका अवसर हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

स्वावलम्बी र आत्मनिर्भर शारीरिक अशक्तता भएका व्यक्तिहरू ।

### ४.२ लक्ष्य

शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरूमा सहज पहुँच बढाई अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तरमा सुधार गर्ने।

### ४.३ उद्देश्य

- अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक सशक्तीकरण गर्नु ।
- ज्ञान, प्रविधि, सूचना र सेवा सुविधामा सहज पहुँचको सुनिश्चितता गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. पूर्वाधार एवम् सेवा प्रवाह गर्ने निकायहरूलाई शारीरिक अशक्तता मैत्री बनाई पहुँच बढाउने । | क) सार्वजनिक भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त र शारीरिक अशक्तता मैत्री बनाइनेछ।<br>ख) मौजुदा सार्वजनिक संरचना, नयाँ निर्माण तथा पुनः निर्माण हुने सार्वजनिक सरोकारका निकाय, सरकारी भवन, |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | सार्वजनिक स्थलका सेवा, सडक यातायात, शिक्षालगायतका पूर्वाधार संरचना तथा सुविधालाई शारीरिक अशक्तता मैत्री बनाउँदै लगिनेछ ।<br>ग) शारीरिक अशक्तता भएका व्यक्तिहरूका लागि भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिनेछ । |
| २. शारीरिक अशक्तता भएका व्यक्तिको स्वतन्त्र जीवनयापनका लागि अनुकूल र टेवामूलक वातावरण निर्माण गर्ने । | क) शारीरिक अशक्तता भएका व्यक्तिको शीघ्र पहिचान गर्ने र सहजरुपमा परिचयपत्र प्राप्त हुने व्यवस्था मिलाइनेछ ।<br>ख) शारीरिक अशक्तता भएका व्यक्तिलाई आत्मनिर्भर बनाइनेछ।<br>ग) शारीरिक र पेसागत पुनर्स्थापनका लागि प्रस्थेटिक उपकरण, विशिष्ट सेवा सुविधा, उपचार तथा ह्वील चियर, स्ट्याण्डिङ फ्रेम लगायतका सहयोगी सामाग्रिहरूको व्यवस्था गर्दै लगिनेछ ।<br>घ) शारीरिक अशक्तता सम्बन्धी अध्ययन अनुसन्धान गर्नुका साथै यस क्षेत्रमा उपलब्ध सबै स्रोतहरू सङ्कलन गरी राख्ने एक स्रोत केन्द्रको स्थापना गरिनेछ। |
| ३. पूर्ण शारीरिक रुपले अशक्त भएका व्यक्तिका लागि पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने । | क) बौद्धिक अशक्तता, अटिज्म भएका, पूर्ण र अति अशक्त भएका बेसहारा व्यक्तिहरूका लागि गैरसरकारी संघसंस्था एवम् निजी क्षेत्रसँगको साझेदारीमा सुविधासम्पन्न शारीरिक अशक्तता पुनःस्थापना केन्द्रहरूको स्थापना र विस्तार गर्दै लगिनेछ ।<br>ख) समुदायमा आधारित पुनःस्थापना कार्यक्रमलाई स्थानीय तहहरू तथा सरोकारवाला निकायको समन्वयमा थप प्रभावकारी बनाइनेछ ।<br>ग) शारीरिक अशक्तता भएका व्यक्तिहरूको हेरचाह तथा पालनपोषण गर्न परिवारका सदस्यहरूलाई अभिप्रेरित गरिनेछ ।<br>घ) शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि काम गर्ने गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूको अनुगमन गरी प्रभावकारी बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि विविध अवसर प्राप्त हुने वातावरण सिर्जना गर्ने । | क) शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि शिक्षा तथा स्वास्थ्य सेवाहरूको व्यवस्थापन गर्न परोपकारी सामाजिक संघ संस्थाहरूको सहभागितालाई प्रोत्साहन गरिनेछ ।<br>ख) शारीरिक अशक्तता प्रकृतिअनुसार सीपमूलक र व्यवसायिक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना गरिनेछ ।<br>ग) शारीरिक अशक्तता भएका व्यक्तिहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>घ) दोभासे, ब्रेल लिपि, डेजी वा शारीरिक अशक्तता अनुकूलको नवीनतम प्रविधिमा पढ्न पाउने अवसर सृजना गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

कानुनी, संस्थागत तथा भौतिक पूर्वाधारहरूको विस्तार भई शारीरिक अशक्ततामैत्री र अवरोधमुक्त वातावरण निर्माण भएको हुने, मनोसामाजिक अशक्तता, अटिज्म भएका, पूर्ण र अति अशक्त भएका बेवारिसे महिला तथा पुरुषका लागि निजी तथा गैरसरकारी संस्थासमेतको साझेदारीमा पुनःस्थापना केन्द्रहरु सञ्चालन भएको हुने तथा शारीरिक अशक्तता भएका व्यक्तिहरूको रोजगारी तथा स्वरोजगारीमा पहुँच स्थापित भएको हुनेछ ।

- शारीरिक अशक्तता भन्नाले ; शारीरिक र मानसिक दुवै किसिमका अशक्ततालाई जनाउनेछ ।

## ६.९ भाषा, संस्कृति तथा पुरातत्व संरक्षण

### १. पृष्ठभूमि

नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहु सांस्कृतिक विशेषतायुक्त राष्ट्रका रुपमा परिभाषित गर्दै प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक संविधानले प्रदान गरेको छ । ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने नीति वर्तमान संविधानले लिएको छ । भाषा, संस्कृति, लिपि, ललितकला र धर्मको संरक्षण र प्रयोगको अधिकार प्रदेश तहमा भएकोले प्रदेश तहको योजनामा यस क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकास सम्बन्धी विषय महत्वपूर्ण छ। वि.स. २०६८ को जनगणना अनुसार यस प्रदेशमा बोलिने प्रमुख भाषाहरू डोट्याली, नेपाली,थारू, बैतडेली, अछामी, बझाङ्गी, मगर, बाजुरेली लगायत गरी जम्मा ८५ वटा भाषा बोल्ने व्यक्तिहरू रहेको देखिन्छ। विविध भाषाभाषि र धर्म संस्कृतिका बासिन्दाको वसोबास रहेको यस प्रदेशका

ऐतिहासिक र पुरातात्विक महत्वका स्थान, स्मारक एवं वस्तुहरूको खोज, अन्वेषण, संरक्षण र सम्वर्द्धन गर्नु, विविध संस्कृति तथा कलाको उचित संरक्षण र सम्बर्द्धन गरी लोप हुनबाट जोगाउनु, यस क्षेत्रको भाषा एवं लिपिको संरक्षण र विकास गर्ने विषय प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्दछ।

## २. प्रमुख समस्या

यस क्षेत्रका मौलिक भाषा-भाषिहरूको प्रयोग दिनानुदिन घटदै जानु, जनसंख्या र भुगोलको स-सानो क्षेत्र पिच्छे फरक फरक भाषा रहेको अवस्थामा मूल भाषा र भाषिका छुट्याउन कठिन हुनु, मातृभाषा भन्दा अन्य दोस्रो र तेस्रो भाषाहरूमा आकर्षण बढदै जानु, नेपाली भाषा बाहेकका अन्य भाषा र साहित्यको समुचित विकास हुन नसक्नु; ऐतिहासिक र पुरातात्विक महत्वका स्थान, स्मारक एवं वस्तुहरूको खोज तथा अन्वेषण हुन नसक्नु र यस्ता सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धनको अभावमा लोप हुने वा विनाश हुने खतरा हुनु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु; भाषा, कला एवं संस्कृतिका क्षेत्रमा कार्यरत संघसंस्था र सरकारका विच प्रभावकारी सहकार्य हुन नसक्नु; ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक सम्पदा संरक्षणको दिगो व्यवस्थापनका लागि यसलाई रोजगारी र आयआर्जन संग जोडन नसकिनु आदि प्रमुख समस्याका रुपमा रहेका छन्।

## ३. चुनौती तथा अवसर

प्रदेश भित्र वोलिने सवै भाषाहरूको समतामूलक विकास र सम्बर्द्धन गर्नु; यस क्षेत्रको मौलिक संस्कृति र परम्परा लाई जगेर्ना गर्दै विश्वव्यापिकरणबाट लाभ लिन सक्नु; प्रदेश भित्र रहेका पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको दिगो संरक्षण, सम्वर्द्धन र विकासको लागि संस्थागत संरचना निर्माण गर्नु; बढदो शहरीकरण र आधुनिकीकरणका विच नयाँ पुस्तामा यहाँको भाषा र संस्कृतिलाई पहिचान तथा गौरवको रुपमा स्थापित गर्नु आदि प्रमुख चुनौतिका रुपमा रहेका छन।

वर्तमान संविधानले नै ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्ने नीति लिनु; प्रदेश भित्र मौलिक कला र संस्कृतिको प्राचुर्यता रहनु, आवश्यक स्रोत साधनको व्यवस्थापनका लागि तीन तहका सरकारहरू समन्वयात्मक रुपले कार्य गर्न सक्ने अवस्था विद्यमान रहनु, सांस्कृतिक, धार्मिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरू मार्फत पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रदेशलाई चिनाउने र आर्थिक विकासमा सहयोग पुऱ्याउन सकिने आदि यस क्षेत्रको अवसरको रुपमा लिन सकिन्छ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रदेशको पहिचानका लागि भाषा, संस्कृति एवम् पुरातत्व संरक्षण ।

### ४.२ लक्ष्य

प्रदेश भित्रका भाषा, धर्म, कला, साहित्य, संस्कृति एवम् पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र विकास गर्ने।

### ४.३ उद्देश्य

- प्रदेश भित्रको भाषा, संस्कृति, कला, साहित्य क्षेत्रको संरक्षण सम्वर्द्धन र विकास गरी भाषिक एवं सांस्कृतिक एकता र सद्भाव कायम गर्नु।
- प्रदेशमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक सम्पदाको पुनःनिर्माण,जीर्णोद्धार गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन तथा दिगो व्यवस्थापन गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १ भाषा, कला, साहित्य र संस्कृतिको अध्ययन अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने। | क) प्रदेश प्रज्ञा प्रतिष्ठान तथा विश्वविद्यालयहरू संग सहकार्य गरी भाषा, कला, साहित्य र संस्कृतिको क्षेत्रमा अध्ययन अनुसन्धान गरी प्रोफायल प्रकाशन गरिनेछ।<br>ख) प्रदेशको मौलिक कला, संस्कृति र परम्परालाई पर्यटन संग आवद्ध गरी आन्तरिक र वाह्य पर्यटकहरू आकर्षित गरिनेछ।<br>ग) विभिन्न जातजाति संग सम्बन्धित मौलिक एवम् परम्परागत स्थानीय सामाग्रीहरूको उत्पादन र विक्री वितरणको कार्यलाई प्रवर्द्धन गरिनेछ।<br>घ) विभिन्न विधाका कलाकारहरुको विकास तथा उत्प्रेरणाका लागि कलाकेन्द्रहरुको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ। |
| २. प्रदेश भित्रका भाषा, कला र साहित्य तथा विविध संस्कृतिको संरक्षण र विकास गर्ने | क) भाषा, लिपि, संस्कृति र कला संरक्षण तथा सम्बर्द्धन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>ख) प्रदेशको भाषा, संस्कृति, लोकभाका र कलाको सम्बर्द्धन र साहित्यको विकास गर्न प्रदेश प्रज्ञा प्रतिष्ठानको गठन गरी सञ्चालनमा ल्याइनेछ। |
| ३. प्रदेशमा बसोबास गर्ने जातजाति र समुदायका धर्म, संस्कृति एवं मौलिक परम्पराहरूको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने | क) प्रदेशमा बसोबास गर्ने जातजातिको संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि साँस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ।<br>ख) महत्वपूर्ण धार्मिक स्थलहरूको संरक्षण, सम्वर्द्धनको विकासका लागि गुरूयोजना बनाई कार्यान्वयन गरिनेछ।<br>ग) प्रदेशको मौलिक संस्कृति सम्बन्धी विषयवस्तुहरू विद्यालय |

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवस्था गर्ने | तहमा पठन पाठनको व्यवस्थाका लागि आवश्यक समन्वय गरिनेछ।<br>घ) प्रदेशका विविध संस्कृति र मौलिक परम्पराहरू संग सम्बन्धित श्रव्यदृष्य सामाग्री विकास गरी प्रचार प्रसार गरिनेछ। |
| ४. प्रदेशमा बहुसंग्रहालयको नीति लिईने छ। | क) साँस्कृतिक सम्पदालाई संरक्षण गर्न विविध प्रकारका संग्रहालयहरूको स्थापना र सञ्चालन गरिनेछ।<br>ख) संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। |
| ५. ऐतिहासिक, पुरातात्विक, तथा साँस्कृतिक महत्वका सम्पदाहरुको पहिचान गरी जिर्णोद्धार, संरक्षण र विकास गर्ने। | क) प्रदेश भित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको खोज तथा अन्वेषण गरी अभिलेखीकरण गरिनेछ।<br>ख) जीर्ण अवस्थामा रहेका सम्पदाहरूको जिर्णोद्धार गरीनेछ। यस्ता सम्पदाहरूलाई पर्यटकीय स्थलको रुपमा विकास गरी दिगो संरक्षणको व्यवस्था गरिनेछ। |

### ५. अपेक्षित उपलब्धि

भाषा, संस्कृति तथा कला क्षेत्रको संरक्षण, विकास र सम्वर्द्धनका लागि प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना भई सञ्चालन भएको हुने, प्रदेश भित्रका पुरातात्विक स्थानहरुको पहिचान र अभिलेखीकरण भई जीर्ण अवस्थामा रहेका स्थानहरूको जीर्णोद्धार भएको हुने तथा यस प्रदेशको भाषा, संस्कृति, कला, साहित्य, ऐतिहासिक एवम् पुरातात्विक सम्पदाको संरक्षण, सम्वर्द्धन एवम् विकास भएको हुनेछ।

## ६.१० मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

### १. पृष्ठभूमि

विकासका गतिविधिहरुको वृद्धि, यातायात संचार र शहरीकरण एवं बजारीकरणको र आप्रवासनको वृद्धि संगै मानव बेचबिखन तथा अवैध ओसारपसारको समस्या बढ्दो क्रममा रहेको छ। सोझा र अशिक्षित एवं चेतना स्तर कमजोर रहेका विशेषतः ग्रामीण महिला, किशोरीहरु र युवाहरुलाई अपराधीहरुले (गलत मनसायका व्यक्तिहरु) शिकार बनाउने गरेका छन्। देश विदेशमा सुख-सुविधा, रोजगारी एवं आय आर्जनको राम्रो अवसर हुन्छ भनी झुठा कुरामा भ्रमित तुल्याई लल्याई फकाई गरेर सोझा र कमजोर व्यक्तिलाई देश विदेशमा नारकीय जीवन बिताउन बाध्य पार्ने गरेको देखिन्छ। नेपालको संविधानले प्रत्याभूत नागरिक स्वतन्त्रता, मौलिक हक अधिकार एवं मानव अधिकारका दृष्टिले मात्र हैन, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा

प्रतिवद्धता व्यक्त गरेको कतिपय सन्धी सम्झौताका अनुवन्धहरुले समेत यस्ता क्रियाकलापहरु सर्वथा अस्वीकार्य एवं दण्डनीय छन्।यसै अनुरूप सरकारले बहुपक्षीय समन्वय, सहयोग र साझेदारीमा मावन बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी कार्य गर्दै आएको छ।जघन्य अपराध मानिएको यस्तो क्रियाको नियन्त्रणमा प्रदेशमा नीतिगत, कानूनी, संरचनागत र संगठनात्मक व्यवस्था मा प्रदेश सरकारको अहम् भूमिका रहन्छ र सफलताको लागि सम्वद्ध सरोकारवाला सबैको पहल, सहकार्य र हातेमालो आवश्यक पर्दछ ।

## २. प्रमुख समस्या

चरम् गरिबी, शिक्षा र चेतनाको कमी, रोजगारी र जीवनयापनका उपायको अभाव, दुर्गम र छरिएका बस्तीमा सूचना र जागरणको पहुँच नहुनु, अपराधीहरूको संजाल र प्रयत्न बलियो र अदृश्य हुनु, जागरण र अपराध नियन्त्रणमा सामाजिक-सामुदायिक स्तरमा पहल कदमी नहुनु, लामो खुल्ला सीमाना रहनु, वैदेशिक रोजगारी र घरेलु श्रममा जाने महिलाहरु यौन शोषणको शिकार बन्नु, चेतनाको कमी र विपन्नताले मानव अंग बेचबिखनको शिकार हुन पुग्नु, देश विदेशमा होटल तथा पर्यटन क्षेत्रमा कार्यरत महिला यौन दुव्यवहारको शिकार बन्नु, अनुसन्धान, अभियोजन र दण्ड सजायमा बहुदेशीय एवं बहुपक्षीय सहयोग र समन्वय एवं ठोस प्रमाण जुटन कठिन हुनु, आफन्तबाटै शोषित पिडित भएको समेत पाइनु र पिडित पक्ष अग्रसर भै न्यायको प्राप्तीमा आउनु नसक्नु, आप्रवासन व्यवस्थित एवं सुरक्षित बनाउन नसक्नु जस्ता प्रमुख समस्या रहेका छन् ।

## ३. चुनौती तथा अवसर

कडा एवम् प्रभावकारी कानूनी र संस्थागत संरचनाको व्यवस्था गर्नु, गरिबी, बेरोजगारी, अशिक्षा, अज्ञानता निराकरणको प्रयासमा तिव्रता ल्याउनु, बहुपक्षीय, बहुउद्देश्यीय समन्वय र सहकार्य जुटाउनु, प्रभावकारी सामुदायिक निगरानी व्यवस्था कायम गर्नु, शुन्य सहनशीलताको नीति र कानुनलाई प्रभावकारी कार्यान्वयन गरी अपराधी नउम्कने वातावरण सृजना गर्नु, कानूनी उपचार र पुनःस्थापनलाई सशक्त तुल्याउनु एवं चेतना र जागरणलाई सम्भावित पिडित समुदाय सम्म अग्रिम रुपमा पुग्ने स्थिति सृजना गर्नु चुनौतीका रुपमा रहेका छन्।

नेपालको संविधानले शोषण विरुद्धको हकलाई प्रत्याभूत गर्नु, मानव बेचविखन सम्वन्धी अपराधको गम्भिरतालाई सबै पक्षले महसुस गरेको कारण उपचारात्मक र निरोधात्मक कदममा बहुपक्षीय संलग्न र सक्रियता बढनु, शिक्षा-सूचना तथा संचार प्रविधिको विकासले जागरण र चेतनामा वृद्धि हुँदा सजगता बढ्नु, सामाजिक संघ संस्था एवं अनुसन्धान, अभियोजन तथा न्याय निरुपण निकायको सक्रियता र संवेदनशिलता कारण पिडकहरु उम्कन नपाउने स्थिति बढ्दो क्रममा हुनु जस्ता अवसरहरु विद्यमान छन् ।

## ४. क्षेत्रगत सोच, लक्ष्य,उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

मानव बेचबिखन र ओसार प्रसार रहित प्रदेश ।

### ४.२ लक्ष्य

सशक्त प्रयासद्वारा मानव बेचबिखन र ओसार प्रसारको अन्त्य गर्ने।

### ४.३ उद्देश्य

- मानव बेचबिखन तथा ओसार पसारको जोखिमयुक्त समूह र समुदायको पहिचान गरी आर्थिक सामाजिक अवसर विस्तार तथा सशक्तिकरणको कार्यक्रम संचालन गर्नु ।
- मानव बेचबिखन तथा ओसार पसार हुन नदिन प्रतिरोधात्मक कार्यक्रमलाई सशक्त बनाउनु।
- उपचारात्मक र पुर्नस्थापन सेवालाई सहज र प्रभावकारी तुल्याउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. मानव बेचबिखन तथा ओसार प्रसार विरुद्धको नीतिगत एवम् संस्थागत सुदृढिकरण गर्ने । | क) मानव बेचबिखन तथा ओसार पसार विरूद्ध शून्य सहनशिलता सशक्त नीति, कानुन र संगठनात्मक संरचना तयार गरिनेछ ।<br>ख)जोखिम क्षेत्र, वर्ग, समुदाय पहिचान एवम् नक्सांकन तथा सूचना, तथ्यका आधारमा जोखिम सूचक (Vulnerability Index) तयार गरिनेछ ।<br>ग)सशक्त निगरानी प्रणाली स्थापना गर्न बहुपक्षीय समन्वय एवम् समझदारी जुटाइनेछ ।<br>घ) अनुसन्धान, अभियोजन एवम् निरुपणको कार्य, पिडितमैत्री र सशक्त तुल्याउन आवश्यक सहयोग, टेवा र उत्प्रेरणा प्रदान गरिनेछ ।<br>ङ) कार्य संचालन कार्यविधि तर्जूमा एवम् शिक्षा, चेतना, जागरण र स्वसुरक्षा सम्बन्धी स्वअध्ययन सामग्री विकास गरिनेछ । |
| २. प्रदेशभित्र रोजगारी र अन्य आर्थिक अवसर बढाउने । | क) जोखिमयुक्त क्षेत्र, समूह र समुदायमा रोजगारी र अन्य अवसर विस्तार प्याकेज लागू गरिनेछ ।<br>ख) बहुपक्षीय समन्वयबाट शिक्षा, चेतना, जागरण, सीप, कर्जासमूह परिचालन, स्वरोजगार आदि कार्यक्रम संचालन गरी युवा-युवतीहरू आफ्नो थातथलोमै अडिने परिस्थिति श्रृजना गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ग) सामाजिक समावेशीकरण, संजालीकरण एवं संरक्षण कार्यक्रम मार्फत सामाजिक पूँजी वृद्धि गरिनेछ । |
| ३. पिडित हुन नदिन नियन्त्रण पद्दति विकास गर्ने । | क)विद्यमान कानुनमा भएका कमजोरी वा पिडक लक्षित नरम प्रावधानहरुमा सुधार र कडाई गर्न आवश्यक पहल एवं पैरवी गरिनेछ ।<br>ख) अनुसन्धान एवं निगरानी संयन्त्रलाई क्षमता विकास, प्रविधि, उपकरण र सहयोग प्रोत्साहन उपलब्ध गराइने छ ।<br>ग) केन्द्रको सहयोगमा सीमावर्ती क्षेत्रको समकक्षी सुरक्षा निकायसँग समन्वय गरी ओसार पसार नियन्त्रणमा कडाई गरिनेछ ।<br>घ) टोल, समुदाय स्तर सम्म स्वयं सेवक वा सरोकार समूह परिचालन गरी जागरण र निगरानी गरिनेछ ।<br>ङ) प्रदेशमा प्रभावकारी नियन्त्रण व्यवस्थाका लागि सर्वपक्षीय सक्रियता जुटाइनेछ । |
| ४. उपचारात्मक एवम् पुनःस्थापना कार्यक्रमलाई प्रभावकारी तुल्याइने । | क) बहुपक्षीय सहयोगमा उपचारात्मक एवम् पुनःस्थापना मार्ग चित्र र प्रतिवद्धता पत्र तयार गरिनेछ।<br>ख)उपचारात्मक सेवा र पुनःस्थापना लागि श्रोत कोष र कार्यविधि एवम् संरचना तयार गरिने ।<br>ग) समुदाय एवं परिवारको सहयोगमा पिडितमैत्री एवम् दिगो उपचारात्मक र पुनःस्थापना कार्यक्रम संचालन गरिनेछ ।<br>घ) पिडितलाई निशुल्क कानूनी सेवा र स्वास्थ्य उपचार उपलब्ध गराइनेछ ।<br>ङ) पुनःस्थापना, पुनःमिलन र सामाजिक, पारिवारिक समावेशीकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि

नीतिगत व्यवस्था सुदृढ भएको हुने, प्रदेशको मानव बेचबिखन तथा ओसार पसारको घटना न्यून भएको हुने, नियन्त्रणात्मक पद्दति सशक्त भएको हुने तथा उपचारात्मक र पुनःस्थापना कार्यक्रमबाट पिडितहरूको पिडामा राहत पुगेको हुनेछ ।

## ६.११ सामाजिक सुरक्षा तथा संरक्षण

### १. पृष्ठभूमि

समाजमा सम्मानजनक जीवनयापन गर्न, सन्तोष र सन्तुष्टी पाउन, सुरक्षित भविष्य र प्राकृतिक, पर्यावरणीय, आर्थिक, सामाजिक प्रतिकुलताबाट सुरक्षित रही गरिबी बाट मुक्त जीवनको सुनिश्चितता पाउन सामाजिक सुरक्षा र संरक्षण जरुरी हुन्छ । समाजमा रहेका कमजोर, विपन्न, सिमान्तकृत, वञ्चितीकृत, अशक्त, निरुपाय, विभिन्न जोखिममा रहेका व्यक्तिहरु एवं आफ्नो सुरक्षा आफैं गर्न नसक्ने वर्ग वा व्यक्तिलाई यस्तो सुरक्षा र संरक्षण आवश्यक हुन्छ । हाम्रो संविधानले परिकल्पना गरेको समाजवादउन्मुख लोककल्याणकारी राज्यको सार्थकताका लागि नागरिकको जीवन गुणस्तरीय, सुरक्षित र संरक्षित बनाउन सामाजिक सुरक्षा र संरक्षणको यथोचित व्यवस्था हुनु पर्छ । नागरिकको मानवीय जीवनलाई सुखी, मर्यादित र जोखिम मुक्त बनाउन, संविधानले उद्घोष गरेको मौलिक हकलाई सार्थक तुल्याउन, अन्तर्राष्ट्रिय प्रतिवद्धता र दिगो विकासको लक्ष्यलाई व्यवहारमा उतार्न राज्यले नागरिकलाई सामाजिक सुरक्षा र संरक्षण दिने नीति लिएको छ । संघीयताको अवधारणा अनुरुप तीनै तहका सरकारले समन्वित सहकार्य, साझेदारी र हातेमालो गरेर सामाजिक सुरक्षा र संरक्षणको कार्यमा सफलता प्राप्त गर्न सकिनेछ ।

नेपालको संविधान एवम् सामाजिक सुरक्षा ऐन, २०७५ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जस्ता कानुनको बृहत्तर दायरा भित्र रही केन्द्र र स्थानीय तहसंग समन्वय, सहकार्य एवम् साझेदारीको माध्यमबाट नागरिकले अपेक्षा गरेका विपन्न, कमजोर, बेरोजगार र न्यून ज्याला पाउने वर्गलाई गरिबीको अवस्थाबाट उठाउने र सामाजिक सुरक्षा तथा संरक्षणलाई सशक्त तुल्याएर प्रदेशको सम्वृद्धिमा बढोत्तरी ल्याउन सकिनेछ ।

### २. प्रमुख समस्या

व्यवस्थित तथ्य र अध्ययनको आधारमा यथेष्ट पूर्वतयारी बिना प्रारम्भ गरिनु, ठूलो संख्यामा बेरोजगार, न्यून ज्यालामा काम गर्ने गरिब श्रमिक र युवालाई संरक्षणको खाँचो हुनु तर कार्यक्रमको दायरामा सबै लक्षित वर्गको पहुँच नपुग्नु वा समावेश हुनु नसक्नु, कार्यक्रम लोक-प्रिय हुनु तर स्रोतको कमी खट्किनु, सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरु सुनियोजित, एकिकृत, समन्वित र पूर्वानुमान योग्य नभै लोकप्रियतावादबाट अभिप्रेरित, हचुवा, खण्डिकृत र दोहोरोपना एवम् झञ्झटिलो वितरण प्रणाली, चुहावट जस्ता समस्याबाट अलग नहुनु, अनौपचारिक क्षेत्रका भुमिकाहरु धेरै हुनु तर उनीहरु सामाजिक सुरक्षाको छाताभित्र नपर्नु, सचेतनाको कमी जस्ता प्रमुख समस्या रहेका छन् ।

### ३. चुनौती तथा अवसरहरु

सबै अपेक्षित सेवाग्राही समेटिने गरी कार्यक्रमको दायरा बढाउनु, कार्यक्रमको उपयोगिता, प्रभावकारिता एवं दक्षताको आवधिक मूल्यांकन गरी परिस्कृत गर्दै समयानुकूलित तुल्याउनु,

बढ्दो माग धान्न सक्ने गरी स्रोत जुटाउनु, कार्यक्रममा आन्तरिक र अन्य क्षेत्रका कार्यक्रमबीच उचित तालमेल र समन्वय हासिल गर्नु, कार्यक्रममा लाभान्वित र अन्य बहुक्षेत्रीय योगदान बढाएर दिगोपना कायम गर्नु प्रमुख चुनौती रहेका छन् ।

कार्यक्रम आकर्षण, लोकप्रिय र व्यापक तथा दिगो विकासको लक्ष्य अनुकूल हुनु, आम नागरिकको सुरक्षा र श्रमिकको सुरक्षा सम्बन्धी अलग-अलग कानूनी व्यवस्था हुनु, दक्षता र प्रभावकारिता अभिवृद्धि गर्ने प्रयास निरन्तर भै रहनु, गरिबी निवारण र समृद्धिको प्राप्तिलाई मूल उपकरणका रुपमा स्वीकारिनु प्रमुख अवसरहरु हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रभावकारी सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीमा प्रदेशवासीको सहज पहुँच ।

### ४.२ लक्ष्य

आवश्यकतामा आधारित सामाजिक सुरक्षा र संरक्षण व्यवस्थालाई अधिक सरल र प्रभावकारी तुल्याउने ।

### ४.३ उद्देश्य

- सामाजिक सुरक्षा र संरक्षण प्रणालीमा पहुँच एवम् दायरा वृद्धि गर्नु ।
- आर्थिक, सामाजिक, वातावरणीय प्रकोपजन्य र जीवनचक्रमा आउने संकट तथा वञ्चितीकरणको सामना र असर न्यूनीकरणमा सुरक्षा र संरक्षण दिएर सघाउनु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. विद्यमान सामाजिक सुरक्षा र संरक्षण व्यवस्थाको स्थिति, औचित्य र प्रभावकारिता अध्ययन गर्ने । | क) प्रदेशमा लागू भएको सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमको प्रभावकारिता सम्बन्धी तेस्रो पक्षद्वारा अध्ययन गराइनेछ ।<br>ख) प्रदेशको सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी नीति,कानुन एवं निर्देशिका तयार गरिनेछ । |
| २. संघ र स्थानीय तहसंग प्रभावकारी समन्वय र सहकार्य गर्ने । | क) विभिन्न निकायबाट प्रदान हुने सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी सवै विषय समेत समेटेर सेवा प्राप्ती सहयोगी पुस्तिका तयार गरी सेवाग्राहीको हात-हातमा पुऱ्याइनेछ ।<br>ख) सेवा प्रवाहका लागि एकिकृत सूचना प्रणाली, तथ्यांकाधार, प्रणाली र संरचना तयार गरिनेछ ।<br>ग) सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी सेवालाई तत्कालिन रुपमा |

| रणनीतिहरु | कार्यनीतिहरु |
| --- | --- |
| | मानवीय संकट संवोधन गर्न सक्ने सेवाग्राही केन्द्रित कार्यक्रमहरु सहज र पारदर्शी तुल्याइनेछ ।<br>घ) सामाजिक सुरक्षा र संरक्षणमा, परम्परागत परोपकारी सामाजिक योगदान प्रोत्साहन गर्ने र सेवाग्राहीको, अन्य सरोकारवालाको योगदान र साझेदारीलाई प्रोत्साहन दिई कार्यक्रमलाई दिगो र स्वामित्वोध हुने गरी सञ्चालन गरिनेछ । |
| ३. सामाजिक सुरक्षा र संरक्षण प्रणालीलाई, समन्वित सहज, छरितो, दक्ष र पहुँच योग्य बनाउने । | क) सेवाग्राहीमैत्री संकट संवोधी एकिकृत कार्यान्वयन ढाँचा तयार गरिनेछ ।<br>ख) सेवा प्रवाहमा विद्युतीय माध्यमको उपयोग गरी स्वचालित अनलाइन प्रणाली अपनाइनेछ ।<br>ग) सेवा प्रवाहमा संलग्न निकाय र जनशक्तिलाई सेवाग्राही प्रतिउत्तरदायी तुल्याइनेछ ।<br>घ) सेवा प्रवाहको पहुँच विस्तारमा स्वयंसेवी सामाजिक संघ संस्थाको परिचालन गरिनेछ ।<br>ङ) सेवा प्रवाह सम्बन्धी निर्देशिका फाराम र जागरण सामाग्री स्थानीय भाषा, भाषिकामा पनि उपलब्ध गराइनेछ ।<br>च) सशक्त गुनासो सुनुवाई र अनुगमन व्यवस्था कायम गरिनेछ। |

### ५. अपेक्षित उपलब्धि

सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रदेशको स्थितिपत्र जारी भएको हुने, प्रदेशको नीति र कानूनी व्यवस्था तथा कार्यान्वयन ढाँचामा स्पष्टता आएको हुने, सीमान्तकृत, कमजोर, वृद्ध, विपन्न, निसहाय, आफ्नो सुरक्षा आफैं गर्न नसक्ने, जोखिममा रहेका व्यक्ति, परिवार, लिङ्ग वर्गले सामाजिक सुरक्षा र संरक्षण पाएको हुनेछन् ।

## ६.१२ सामाजिक, भौगोलिक समावेशीकरण एवम् समविकास

### १. पृष्ठभूमि

संस्था, शक्ति, स्रोत र अवसरमा न्यायोचित सहभागिता एवम् पहुँचको सुनिश्चितता हुनु र सम्मानजनक हिसाबले आफ्नो रुची र क्षमता, ल्याकत अनुरुप पेशा व्यवसाय गर्ने, शैक्षिक ज्ञान आर्जन गर्ने र स्वस्थ र शान्त रुपमा जीवनयापन गर्ने अवसर पाउन दिगो वातावरण कायम गर्नु नै सामाजिक समावेशीकरणको मूल ध्येय हो । विगतमा राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक र भौगोलिक एवम् शैक्षिक र चेतनाको पछौटेपनका कारण समाजमा शोषण, विभेद, भेदभाव, छुवाछुत, अन्धविश्वास र कुरिति, कुप्रथा जस्ता वञ्चितीकरण,

बहिष्करणमूलक अस्वीकार्य व्यवहारले सोझा सिधा नागरिक, समुदाय, वर्ग र लिंगलाई राष्ट्रिय विकासको मूलप्रवाहबाट बाहिर पारेको वा सिमान्तकृत गरेको समाजलाई नै अग्रगमनबाट अलग्याएको स्थिति छ । नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागि हुन पाउने हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेकोछ । महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसंख्यक, अशक्तभएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पिडित वा पिछाडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खसआर्यलाई समावेशीकरणको लाभान्वितका रुपमा लिइन्छ र बहुलतायुक्त समाजमा भौगोलिक अन्तर आवद्धता सघन तुल्याई सामाजिक न्याय र समता प्रवर्द्धन गर्ने एक प्रमुख औजारका रुपमा सामाजिकरणलाई लिइएकोछ ।

**२. प्रमुख समस्या**

लक्षित समुहको पहिचान र तथ्यांकाधारमा कठिनाई, सामाजिक, भौगोलिक समावेशकरण एवम् समविकास प्रति नेतृत्वतहमा संवेदीकरण कमजोर हुनु र लक्षित वर्गमा सूचना, सचेतना र पहुँचको कमी, सेवा प्रवाह गर्ने संरचना सेवाग्राही मैत्री नहुनु, अभिजात्यवर्गले नै लक्षित वर्गको सेवा सुविधा र पहुँच हडप्नु वा अवरुद्ध गर्नु, नीति निर्माण र विकास एवम् सेवा प्रवाह गर्ने निकायमा पहुँच नपुग्दा उपेक्षित हुन पुग्नु जस्ता समस्या रहेका छन् ।

**३. चुनौती तथा अवसर**

सामाजिक र भौगोलिक समावेशीकरणको मर्म र महत्वबारे नीति निर्माता र निर्णायक तहनै स्वउत्प्रेरित नहुनु, अधिकार युक्त वर्गले आफ्नो हिस्सा नछोड्ने व्यवहार देखाउनु, संविधान र कानुनमा प्रष्ट भएका व्यवस्थालाई व्यवहारमा उतार्न कठिनाई हुनु, वञ्चितीकृत वा बहिष्कारमा परेका सेवाग्राही नै अनिच्छुक वा सचेत, जागरुक नहुनु, सामाजिक, भौगोलिक समावेसीकरण एवम् समविकासका सम्वन्धमा सकारात्मक माहोल सृजना गर्नु र नीतिगत तहमा यसलाई बुझाउनु प्रमुख चुनौती रहेका छन् ।

संविधान तथा कानूनी व्यवस्थामा स्पष्टता हुनु, विभिन्न अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र प्रतिवद्धताले समावेशीकरणलाई अहम् महत्वको सवालको रुपमा अंगिकार गर्नु, केन्द्र देखि स्थानीय तह सम्मको संघीय नेपालको संरचनामा समावेशीतको मर्म अनुकुल प्रतिनिधित्वको व्यवस्था क्रियाशिल रहनु, समावेशीकरणकै सिद्धान्त अनुरुप संवैधानिक रुपमा गठित आयोगहरु कार्यात्मक हुनु, सिमान्तकृत र वञ्चितीकरणमा परेका क्षेत्र एवम् नागरिकमा जागरण र चेतनाको स्तर उँचो हुनु, राज्यका निकायमा समावेशीकरण बढाउन गरिएको प्रयत्नको नतिजाले यसको महत्व र गरिमा बढ्नुलाई अवसरका रुपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

समृद्ध प्रदेशको लागि सामाजिक र भौगोलिक समावेसी विकास ।

### ४.२ लक्ष्य

प्रदेशमा पछाडी परेका क्षेत्र, लिङ्ग, वर्ग र समुदायलाई समावेशी विकासको मूल-प्रवाहमा समाहित गर्ने ।

### ४.३ उद्देश्य

भौगोलिक, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, स्वास्थ्य, प्रशासनिक एवम् पर्यावरणीय दृष्टिले पछाडि पारिएका समुदाय र क्षेत्रलाई सशक्तिकरण एवम् अन्तर आवद्धताको माध्यमबाट विकासको मूल-प्रवाहमा समावेश गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. समावेसीतामैत्री एवम् सन्तुलित विकास गरेको प्रदेश निर्माण । | क) लैङ्गिक, सामाजिक, आर्थिक र भौगोलिक समावेसीताको स्थिति विवरण तयार गरिनेछ ।<br>ख) प्रदेश समावेसीता नीति तयार गरिनेछ।<br>ग) समावेसीता प्रवर्द्धन एवम् विविधता व्यवस्थापन रणनीतिक योजना तयार गरी लागू गरिनेछ ।<br>घ) प्रदेशबाट संचालन गरिने नीति. कार्यक्रम योजना र बजेट आदिलाई समावेसी र क्षेत्रीय रुपले सन्तुलित बनाइनेछ । |
| २. क्षमता विकास कार्य सञ्चालन गर्ने । | क) विभिन्न तहका सरकार एवम् निजी र सामुदायिक क्षेत्रले सञ्चालन गरेका वा गर्ने कार्यक्रममा सीमान्तकृत वर्ग र पिछडिएको क्षेत्रको पहुँच बढाउन क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख) विभिन्न वर्ग र समुदाय एवम् क्षेत्र लक्षित सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।<br>ग) क्षमता विकास कार्यक्रम केन्द्र, स्थानीय तह, निजी एवं गैरसरकारी र सामुदायिक क्षेत्रको समन्वय, सहकार्य र साझेदारी जुटाइनेछ ।<br>घ) समावेशीकरण एवं सशक्तिकरण सम्बन्धी सूचकांकमा ५ वर्ष भित्र राष्ट्रिय औसत स्तरमा पुग्ने गरी ठोस कार्यारम्भ गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ङ) लक्षित केन्द्रित कार्यक्रम मार्फत महिला, सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र, सीमावर्ती क्षेत्रलाई सशक्त तुल्याई मूल प्रवाहीकरण गरिनेछ र अन्तर आवद्धताको स्थिति मजवुद तुल्याउने कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. प्रदेशको जातिगत, साँस्कृतिक, भाषिक, कला एवम् सिपगत विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | क) प्रदेशको जातिगत, साँस्कृतिक, भाषिक, कला, सिप, रहन- सहन र लोक परम्पराको अभिलेखीकरण गरिनेछ ।<br>ख) प्रदेशमा लोक साँस्कृतिक परिषद स्थापना गरिनेछ ।<br>ग) सीमान्तकृत वा वञ्चितीकरणमा पारिएका नागरिकमा सचेतना र जागरण बढाउने सामग्री स्थानीय भाषा, भाषिकामा समेत प्रकाशन प्रसारण गरिनेछ ।<br>घ) बहुभाषा एवम् संस्कृति संग्राहलय स्थापना र प्रवर्द्धन गरिनेछ ।<br>ङ) कला, संस्कृति, सम्पदाको संरक्षण, प्रचार प्रसार र पर्यटन प्रवर्द्धनका लागि आयोजना संचालन गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशमा मूल प्रवाहीकरण र समावेशीकरणको सूचक राष्ट्रिय औसत सरह पुगेको हुने, सीमान्तकृत वर्गले स्रोत, साधन र सुविधामा पहुंच पाई उनीहरुको जीवनयापनमा थप सहजता आएको हुने, प्रदेशमा राजनीतिक, भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक लैङ्गिक विविधताको व्यवस्थापन भै असमानता घटेको र शान्ति सुव्यवस्था र समृद्धिमा मद्दत पुगेको हुनेछ ।

## ६.१३ सामाजिक क्षेत्रका कार्यक्रमहरु

### शिक्षा

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | प्रदेशको शैक्षिक एवम् सिकाई सम्वन्धी स्थति पत्रको तयारी | २०७८।०७९<br>२०८२।०८३ | | प्रदेशको समग्र शैक्षिक र शिक्षण सिकाई उपलव्धि स्थितिपत्र तयार भई ग्रेडिङ्ग भएको हुने ।<br>निश्चित अवधि भित्र शैक्षिक र शिक्षण |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | सिकाईको स्तर राष्ट्रिय औषतमा पुग्ने गरी उपयुक्त कार्यक्रम सञ्चालन गरिएको हुने। |
| २ | माध्यमिक विद्यालयमा पहुँच र गुणस्तर सुधार | २०७८।०७९ २०८२।०८३ | | माध्यमिक तह सम्मको विद्यालयमा उमेर समुहका सबै बालबालिकाहरूको सहज पहुँच पुगेको हुने ।<br>विद्यार्थीहरुको सिकाई उपलव्धी, गुणस्तरमा सुधार ल्याउन आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिएको हुने। |
| ३ | सीमान्तकृत तथा शारीरिक अशक्तता भएका बालबालिका प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | विद्यार्थी भर्ना बढाउन र विद्यालय छाडने दर घटाउन दलित, सीमान्तकृत, शारीरिक अशक्तता भएका, विपन्न, जनजाति तथा पिछडिएको वर्गका बालबालिकाहरूलाई विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |
| ४ | बालिका शिक्षा प्रोत्साहन र सहयोग | २०७८।०७९ २०८२।०८३ | | बालिका शिक्षालाई प्रोत्साहन गर्न विद्यालयहरूमा सरसफाई, स्यानीटरी प्याड व्यवस्थापन तथा स्वास्थ्य सेवा लगायतका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहलाई सहयोग र सहजीकरण गरिएको हुने । |
| ५ | नमूना बाल विकास केन्द्रहरू स्थापना | २०७८।०७९ २०८०।०८१ | | स्थानीय तह संगको सहकार्यमा नमूना बालविकास केन्द्रहरू स्थापना गरिएको हुने। |
| ६ | परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुलाई सहयोग | २०७८।०७९ २०८२।०८३ | | परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरुलाई आवश्यक संरक्षण, सहयोग र प्रोत्साहन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ७ | विद्यालय व्यवस्थापन क्षमता विकास र अभिभावक शिक्षा सहयोग | २०७८।०७९ २०८२।०८३ | | विद्यालयको समग्र शैक्षिक वातावरण सुधार गर्न प्रधानाध्यापक, शिक्षक-अभिभावक संघ तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास र अभिभावक शिक्षा कार्यक्रमका लागि स्थानीय तहहरूलाई सहजीकरण गरिएको हुने । |
| ८ | भौतिक पुर्वाधार सुधार कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | कमजोर भौतिक पुर्वाधार भएका शैक्षिक संस्थाहरूका लागि कक्षा कोठा निर्माण, विज्ञान एवम् ICT ल्याव, पुस्तकालय, फर्निचर, शौचालय जस्ता भौतिक पुर्वाधार सुधारका कार्यक्रमहरू कार्यान्वयन गरिएको हुने । |
| ९ | अनिवार्य तथा निशुल्क आधारभूत तथा मातृभाषा शिक्षा | २०७८।०७९ २०८२।०८३ | | अनिवार्य तथा निशुल्क आधारभूत तथा मातृभाषाको शिक्षा एवम् निशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिएको हुने । |
| १० | पिछडिएको वर्ग र समुदायका बालबालिकाहरूको सिकाई उपलब्धी वृद्धि सहयोग | २०७८।०७९ २०८२।०८३ | | पिछडिएको वर्ग र समुदायका बालबालिकाहरूको सिकाई उपलब्धी वृद्धि गर्न छात्रवृत्ती, छात्रावासको सुविधा तथा विशेष कक्षा सञ्चालन गर्न सहयोग गरिएको हुने । |
| ११ | आवासीय सुविधाका विद्यालय सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका र भिन्न सिकाइ आवश्यकता भएका तथा जोखिममा परेका तथा सीमान्तकृत समूहका बालबालिकाहरूको लागि आवासीय सुविधा सहितका विद्यालयहरू सञ्चालनमा सहयोग गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १२ | आवासीय विद्यालय सञ्चालनमा स्थानीय तहहरूसँग सहकार्य | २०७८।०७९ २०८२।०८३ | | उत्कृष्ट शैक्षिक व्यवस्थापन तथा सेवा प्रवाहमार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, पिछडिएको समुदाय, लोपोन्मुख, गरिब परिवारबाट आउने जेहेन्दार विद्यार्थी, अल्पसङ्ख्यक समुदायका बालबालिकाको शिक्षाको लागि प्रदेशका विभिन्न स्थानमा ठूला आवासीय विद्यालय सञ्चालनमा स्थानीय तहहरूसँग सहकार्य गरिएको हुने। |
| १३ | शिक्षक पेशागत क्षमता अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | विद्यार्थीहरूमा आधारभूत स्तरको जिवनोपयोगी सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक शिक्षण सीपयुक्त, प्रविधिमैत्री र निरन्तर सिकाईमुखी बनाउन र पेशागत दक्षता बढाइन आवश्यक तालिमको व्यवस्था गरिएको हुने । |
| १४ | जीवनोपयोगी सीप, नैतिकता र मानवीय मूल्य समावेशी शिक्षा | २०७८।०७९ २०८२।०८३ | | जीवनोपयोगी सीप, संवेगात्मक बोद्धिकता, नागरिक चेत, सुखको प्राप्ती, वन्धुत्व, नैतिकता र मानवीय मूल्य मान्यतालाई विद्यालय शिक्षामा एकीकृत गरी समावेश गरिएको हुने । |
| १५ | अनुसन्धानमूलक र प्रयोगात्मक शिक्षा | २०७८।०७९ २०८२।०८३ | | शिक्षालाई अनुभव र व्यवहारसँग जोडेर लैजान विद्यालय तह देखि नै सृजनात्मकता, अनुसन्धानमूलक र प्रयोगात्मक शिक्षामा जोड दिइएको हुने। |
| १६ | उद्यमशिल र स्वराजगारमूलक प्राविधिक शिक्षा | २०७८।०७९ २०८२।०८३ | | प्राविधिक शिक्षालाई कृषि, उद्योग, पर्यटन, पूर्वाधार र रोजगारीका आवश्यकतालाई ध्यानमा राखेर विस्तार |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | र सञ्चालन गरिएको हुने । विद्यार्थीहरूलाई उद्यमशिलता र स्वरोजगारीका लागि प्रोत्साहित गरिएको हुने । |
| १७ | प्रादेशिक प्राविधिक तथा व्यवसयिक शिक्षा कानुन निर्माण | २०७८।०७९ २०८२।०८३ | | प्राविधिक तथा व्यवसयिक शिक्षा तथा तालिम र सीप विकाससम्बन्धी प्रादेशिक कानुन बनाई प्रदेशभित्र प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा पहुँच बढाइएको र व्यवस्थित भएको हुने । |
| १८ | उच्च प्राविधिक शिक्षा, अनुसन्धान केन्द्र र पोलिटेक्निक संस्था स्थापना | २०७८।०७९ २०८२।०८३ | | विशिष्टीकृत प्राविधिक उच्च शिक्षा केन्द्र, अनुसन्धान केन्द्र र पोलिटेक्निक संस्थाको स्थापना गरिएको हुने । |
| १९ | प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम र श्रम बजार सहकार्य | २०७८।०७९ २०८२।०८३ | | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमलाई श्रमबजारसंग जोडन उद्योग बाणिज्य संघ तथा नीजि व्यवसायिक क्षेत्रसंग सहकार्य गरिएको हुने । |
| २० | प्रत्येक स्थानीय तहमा एक प्राविधिक शिक्षालयको स्थापना | २०७८।०७९ २०८२।०८३ | | स्थानीय सम्भाव्यतामा आधारित प्रत्येक स्थानीय तहमा कम्तिमा एक वटा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम प्रदान गर्ने शिक्षालयको स्थापना र सञ्चालनका लागि स्थानीय तहलाई सहजीकरण गरिएको हुने । |
| २१ | प्राविधिक शिक्षालयहरूको क्षमता विकास र सुदृढीकरण एवम् नियमनको संयन्त्र विकास | २०७८।०७९ २०८२।०८३ | | प्राविधिक शिक्षालयहरूको क्षमता विस्तार र सुदृढीकरण गरिनुका साथै ती संस्थाहरूको नियमनको प्रभावकारी संयन्त्र विकास गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| २२ | विद्यालय क्लिनिक कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | नेपाल सरकार तथा स्थानीय तहहरुसँग समन्वय र सहकार्य गरी विद्यालयहरुमा सिकाई क्षमतामा कमजोर देखिएका विद्यार्थीहरुलाई लक्षित गरी उनीहरुलाई मनोपरामर्शका साथै विषेश अध्ययन अध्यापनको व्यवस्था गर्न विद्यालय क्लिनिक कार्यक्रम सञ्चालन भएको हुने। |
| २३ | लक्षित वर्ग र समुदायका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति एवम् परामर्श सेवा | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्ति, उत्पिडीत, दलित, पछाडी पारिएका वर्ग र समुदायका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिका साथै आवश्यक परामर्श सेवा उपलव्ध हुने व्यवस्था गरिएको हुने । |
| २४ | माध्यमिक तह कक्षा ११ र १२ मा विज्ञान विषयको शिक्षा सुदृढीकरण तथा विस्तार | २०७८।०७९ २०८२।०८३ | | कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयहरुलाई सुदृढीकरण गरिएको तथा नयाँ विद्यालय स्थापनाका लागि प्रोत्साहन गरिएको हुने । |
| २५ | कृषि, चिकित्साशास्त्र तथा इन्जीनीयरिङ्ग विषयमा लक्षित लिङ्ग र वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति | २०७८।०७९ २०८२।०८३ | | कृषि, चिकित्साशास्त्र तथा इन्जीनीयरिङ्ग विषयमा उच्च शिक्षाको पहुँच बढाउन विपन्न, दुर्गम क्षेत्रका, सीमान्तकृत लक्षित लिङ्ग र वर्गका विद्यार्थीहरुलाई सो विषय अध्ययनका लागि छात्रवृत्ती प्रदान गरिएको हुने ।<br>अध्ययन पश्चात निश्चित अवधि आफ्नै पालिकामा अनिवार्य सेवा दिन पर्ने व्यवस्थाका लागि स्थानीय तहहरुलाई सहजीकरण र सहयोग गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| २६ | खुला तथा बैकल्पिक अध्ययन व्यवस्थाका लागि खुला विश्वविद्यालयसँग समन्वय | २०७८।०७९ २०८२।०८३ | | उच्च शिक्षाको अध्ययन पुरा गर्न नपाएका कामकाजी व्यक्तिहरुलाई खुला तथा बैकल्पिक माध्यमबाट अध्ययनको व्यवस्था गर्न खुला विश्वविद्यालयसँग समन्वय गरिएको हुने । |
| २७ | अभ्यास शिक्षण र स्वयंसेवी शिक्षणमा सहयोग | २०७८।०७९ २०८२।०८३ | | सैद्धान्तिक ज्ञान शैक्षणिक दक्षताबीच सन्तुलन कायम गर्न अभ्यास शिक्षण समय बढाइने र स्वयंसेवी शिक्षकको रुपमा व्यवहारिक सीप प्राप्त गर्न अनिवार्य गरिएको हुने । |
| २८ | उच्च शिक्षा प्रदायक संस्थालाई अनुदान | २०७८।०७९ २०८२।०८३ | | उच्च शिक्षा प्रदायक शैक्षिक संस्थालाई अनुदान प्रदान गर्नका लागि गुणस्तर सुनिश्चितता तथा प्रत्यायायन चरणमा प्रवेश अनिवार्य गरिएको हुने । |
| २९ | उच्च शिक्षालाई खोज तथा अनुसन्धान केन्द्रित बनाउन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | उच्च शिक्षालाई खोज तथा अनुसन्धान केन्द्रित बनाउन प्रोत्साहन गरिएको हुने । |
| ३० | दुर्गम जिल्लामा नमुना आवासीय क्याम्पस स्थापना र सञ्चालनमा सहयोग | २०७८।०७९ २०८२।०८३ | | दुर्गम जिल्लामा नमुना आवासीय सुविधा सहितको सुविधा सम्पन्न क्याम्पस स्थापना र सञ्चालनमा सहयोग गरिएको हुने । |
| ३१ | क्याम्पसहरु एकीकरण तथा समायोजनका लागि सहजीकरण | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका कमजोर अवस्थामा रहेका क्याम्पसहरुलाई एकीकरण तथा समायोजनका लागि सम्वन्धित विश्व विद्यालय सँग समन्वय गरिएको हुने । |
| ३२ | उच्च शिक्षा अध्ययनको केन्द्र एवम् शैक्षिक | २०७८।०७९ २०८२।०८३ | | प्रदेशलाई उच्च शिक्षा अध्ययनको केन्द्रको रुपमा विकास गरी अध्ययन अनुसन्धान र शैक्षिक पर्यटन समेतको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | पर्यटनको प्रवर्द्धन र प्रतिभाहरुको आकर्षण | | | प्रवर्द्धन गरिएको हुने ।<br>प्रदेश प्रतिभा पहिचान, प्रोत्साहन र प्राप्तिका लागि विशेष कार्यक्रम सञ्चालन भएको हुने। |
| ३३ | उच्च शिक्षामा सार्वजनिक, सामुदायिक र निजी क्षेत्रको सहभागिता प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | उच्च शिक्षाको विकासमा सार्वजनिक, सामुदायिक र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरिएको हुने । |
| ३४ | उच्च शैक्षिक संस्थाहरुको नतिजामा आधारित अनुगमन तथा सुपरीवेक्षण | २०७८।०७९ २०८२।०८३ | | उच्च शैक्षिक संस्थाहरुको गुणस्तर प्रवर्द्धन गर्न नतिजामा आधारित नियमित अनुगमन तथा सुपरीवेक्षण गरिएको हुने । |
| ३५ | दुर्गम स्थानका शैक्षिक संस्थाहरुको क्षमता र गुणस्तर सुधार | २०७८।०७९ २०८२।०८३ | | दुर्गम स्थानहरुमा सञ्चालनमा रहेका शैक्षिक संस्थाहरुको क्षमता र गुणस्तरमा सुधार गर्न सार्वजनिक लगानी बढाइएको हुने । |
| ३६ | परम्परागत तथा स्थानीय ज्ञान, प्रविधिको संरक्षण गर्ने वैज्ञानिक खोज तथा अनुसन्धानमा सहयोग | २०७८।०७९ २०८२।०८३ | | परम्परागत तथा स्थानीय ज्ञान, सीप, क्षमता, स्रोत तथा प्रविधिको सम्बर्द्धन र संरक्षण गर्ने वैज्ञानिक खोज तथा अनुसन्धानलाई उच्च शिक्षामा आवद्ध गर्न सहयोग गरिएको हुने । |
| ३७ | सामुदायिक तथा निजी क्षेत्रलाई उच्च शैक्षिक संस्था स्थापना र संचालन गर्न सहयोग | २०७८।०७९ २०८२।०८३ | | सामुदायिक तथा निजी क्षेत्रलाई प्रादेशिक तथा राष्ट्रिय आवश्यकताको आधारमा उच्च शैक्षिक संस्था स्थापना र संचालन गर्न प्रेरित गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ३८ | क्याम्पसमा अनुसन्धान सुदृढीकरणका लागि अनुदान | २०७८।०७९ २०८२।०८३ | | क्याम्पसमा नवीनतम अभ्यास एवम् नवप्रवर्तनका लागि अनुसन्धान विभागको स्थापना तथा सुदृढीकरणका लागि अनुदान दिइएको हुने । |
| ३९ | जेहेन्दार विद्यार्थी तथा शिक्षकका लागि छात्रवृत्ति | २०७८।०७९ २०८२।०८३ | | जेहेन्दार विद्यार्थी तथा उच्च कार्य सम्पादन नतिजा हासिल गर्ने शिक्षकका लागि थप अध्ययन गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिएको हुने । |
| ४० | शैक्षिक क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | २०७८।०७९ २०८२।०८३ | | शैक्षिक व्यवस्थापन, शिक्षण सिकाइ, परीक्षा र मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको समुचित प्रवन्ध गरिएको हुने ।<br>शैक्षिक गुणस्तर बढाउन तथा शैक्षिक निगरानी एवम् सुशासन कायम गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिको हुने।<br>संघको सहयोगमा नमूना भर्च्यूअल वा डिजिटल विद्यालयको स्थापना वा कक्षा सञ्चालनको व्यवस्था गरिएको र उपयुक्तताको आधारमा सो को संख्या विस्तार गरिएको हुने ।<br>संघीय सरकारसँगको सहकार्यमा प्राथमिक कक्षा देखि नै विद्यार्थीहरुको जैविक र शैक्षिक अभिलेख सहितको डिजिटल प्रोफायल राख्ने र सोको निरन्तर अपडेट गर्दै जाने व्यवस्था गरिएको हुने ।<br>नेपाली, अंग्रजी, विज्ञान, गणित जस्ता |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | विषयहरुको शिक्षण तथा अध्ययनमा सघाउन 'मेरो गाइड' नामक मोवाइल एपको सञ्चालन गरिएको हुने र विपन्न विद्यार्थीहरुका लागि बहुपक्षीय सहयोगमा मोवाइल वितरण गरिएको हुने । शिक्षक तथा विद्यार्थीहरुका लागि समेत उपयोगी डिजिटल पुस्तकालयको व्यवस्था गरिएको हुने । |
| ४१ | प्रदेश भित्रका विश्वविद्यालयहरु ज्ञान प्रवर्द्धन केन्द्रका रुपमा विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेश भित्रका विश्वविद्यालयहरुलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मापदण्ड अनुसार ज्ञान प्रवर्द्धन केन्द्रका रुपमा विकास गरिएको हुने । |
| ४२ | अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास | २०७८।०७९ २०८२।०८३ | | आधुनिक ज्ञानमा आधारित समाज निर्माण र अर्थतन्त्रको विकासमा सहयोगका लागि अनुसन्धानमा आधारित उच्चशिक्षाको विकास गरिएको हुने । |
| ४३ | उच्च शिक्षामा व्यवहारिक ज्ञान आर्जनमा प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रतिभाशाली विद्यार्थीहरुलाई उच्च शिक्षामा सैद्धान्तिकका साथ-साथै व्यवहारिक ज्ञान पनि आर्जन गर्ने मौका प्रदान गरिएको हुने। |
| ४४ | वैदिक र परम्परागत दर्शन तथा सीप समावेसी उच्च शिक्षाको पाठ्यक्रम निर्माण | २०७८।०७९ २०८२।०८३ | | वैदिक तथा परम्परागत दर्शन, ज्ञान, अनुभव तथा सीपलाई वैज्ञानिक अनुसन्धान मार्फत आधुनिक शिक्षासँग आवद्ध गर्न उच्च शिक्षाको पाठ्यक्रम निर्माणमा सहयोग गरिएको हुने । |
| ४५ | शिक्षालाई समुदाय तथा स्थानीय ज्ञान, प्रविधि एवम् | २०७८।०७९ २०८२।०८३ | | स्थानीय ज्ञान, सीप तथा प्रविधिको संरक्षण तथा विकास गर्न कृषि, वन, पर्यटन, जैविक विविधता, उर्जा, उद्योग |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | उद्यमसिलता विकाससँग आवद्धिकरण कार्यक्रम | | | एवम् उद्यम सिलताको विकासजस्ता विषयहरुलाई शैक्षिक कार्यक्रमहरुसँग आवद्ध गरी समुदायसँग शिक्षाको अन्तर सम्वन्ध स्थापित गरिएको हुने । |
| ४६ | प्रदेश प्राविधिक विश्वविद्यालय स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा विभिन्न प्राविधिक विषयहरु अध्ययन अध्यापनका लागि प्रदेश प्राविधिक विश्वविद्यालयको स्थापना भएको हुने । |
| ४७ | प्रदेशका जनशक्ति योजनासँग उच्च शैक्षिक कार्यक्रमहरुको समन्वय | २०७८।०७९ २०८२।०८३ | | प्रदेश विकासको आवश्यकता, बजारको माग र जनशक्ति आपूर्ति अवस्थाको नक्शांकन गरी आवश्यक विषय क्षेत्रमा जनशक्ति उत्पादनका लागि विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरु तय गरिएको हुने । |
| ४८ | विश्व विद्यालयका विद्यार्थीहरु लागि इन्टर्नसिपको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | विश्वविद्यालयबाट उच्च शिक्षा पुरा गरेका विद्यार्थीहरुलाई सम्बन्धित क्षेत्रको व्यवहारिक ज्ञानको लागि इन्टर्नसिपको व्यवस्था गरिएको हुने । |
| ४९ | भौतिक तथा डिजिटल पुस्तकालय विकास | २०७७।०७८ २०८०।०८१ | | सबै पालिकाहरूमा भौतिक तथा डिजिटल बुक बैंङ्क वा पुस्तकालयहरूको व्यवस्था भएको हुने । |
| ५० | सुदूरपश्चिम विश्वविद्यालयलाई प्रदेश मातहतमा ल्याउने | २०७७।०७८ २०८२।०८३ | | नेपाल सरकारसँग समन्वय गरी सुदूरपश्चिम विश्वविद्यालयलाई प्रदेश मातहतमा ल्याइएको हुने । |

**जम्मा लगानीको अनुमान ७५ अर्व** **( सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत )**

## स्वास्थ्य तथा पोषण

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | स्वास्थ्य नीति, नियम, कार्यविधि र मापदण्ड तर्जुमा | २०७८।०७९ २०८०।०८१ | | सबै लिङ्ग,वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच बढाउन आवश्यक नीति, नियम, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागू गरिएको हुने । |
| २ | स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड तयारी र कार्यान्वयन | २०७८।०७९ २०८०।०८१ | | निजी तथा सामुदायिक अस्पताल सञ्चालनसम्बन्धी निश्चित मापदण्ड लागू गरिएको हुने । |
| ३ | प्रादेशिक तथा जिल्ला अस्पतालहरुको क्षमता तथा सेवा विस्तार | २०७८।०७९ २०८२।०८३ | | प्रादेशिक तथा सबै जिल्ला अस्पतालहरुको क्षमता तथा सेवा विस्तार गरिएको हुने । |
| ४ | व्यवस्थापकीय जिम्मेवारी एवम् जवाफदेही प्रणाली सुदृढिकरण | २०७८।०७९ २०८२।०८३ | | स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रवाहका लागि व्यवस्थापकीय जिम्मेवारी एवम् जवाफदेही प्रणालीलाई सुदृढ गरिएको हुने । |
| ५ | स्वास्थ्य संरचना प्रत्येक वडा स्तरसम्म विस्तार | २०७८।०७९ २०८२।०८३ | | निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सहज पहुँचको लागि ग्रामीण आधारभूत स्वास्थ्य केन्द्र, शहरी सामुदायिक स्वास्थ्य एकाई, प्रसुती केन्द्र, लगायतका स्वास्थ्य संरचना प्रत्येक वडा स्तरसम्म विस्तार गरिएको हुने । |
| ६ | अस्पतालहरुको संस्थागत क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेश अन्तर्गतका अस्पतालहरुको संरचना र संस्थागत क्षमता विकास गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ७ | स्थानीय तहहरुमा १५ शैयाको अस्पताल स्थापना | २०७८।०७९ २०८२।०८३ | | संघ र स्थानीय तहको समन्वय र सहयोगमा स्थानीय तहहरुमा १५ शैयाको अस्पताल स्थापना गरिएको हुने । |
| ८ | निःशुल्क पाइने खोप तथा औषधिका प्रकार र संख्या वृद्धि एवम् आपूर्ति श्रृंखला र वितरण प्रणाली सुधार | २०७८।०७९ २०८२।०८३ | | स्वास्थ्य चौकीहरु र प्राथमिक अस्पतालहरुमा निःशुल्क पाइने खोप तथा औषधिका प्रकार र संख्या क्रमशः वृद्धि गर्नुका साथै आपूर्ति श्रृंखला र वितरण, भण्डारण प्रणाली सुदृढ गरिएको हुने । |
| ९ | दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | दुर्गम र पिछडिएका क्षेत्रहरुमा स्वास्थ्य कर्मीहरूको नियमित सेवा सुनिश्चित गर्न विशेष प्रोत्साहनको व्यवस्था गरिएको हुने। |
| १० | स्वास्थ्य सेवामा सबैको पहुँच अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | आधारभूत स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, ग्रामीण तथा शहरी स्वास्थ्य सेवाको प्रवर्द्धन, विस्तार, समग्र गुणस्तर प्रत्यायन तथा प्रक्रिया सरलीकरण एवम् सर्भिस सेलिङ्ग, एडभोकेसी, गुनासो संवोधन, हितग्राही समुह, सेवाग्राही शिक्षा, हाते पुस्तिका र सहजकर्ताको व्यवस्था गरी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिएको हुने। |
| ११ | घुम्ती स्वास्थ्य शिविर, आउटरिच क्लिनिक, ई-हेल्थ जस्ता सेवा विस्तार | २०७८।०७९ २०८२।०८३ | | विशेषज्ञ सेवासहितको घुम्ती स्वास्थ्य शिविर, आउटरिच क्लिनिक, ई-हेल्थ जस्ता सेवाहरूलाई विस्तार गरी प्रभावकारी बनाइएको हुने ।<br>गाऊँघर चिकित्सक कार्यक्रम सञ्चालन भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १२ | औषधिको गुणस्तर परीक्षणको व्यवस्था तथा नागरिक स्वास्थ्य प्रवर्द्धन केन्द्र र नागरिक आरोग्य केन्द्रहरुको स्थापना, विस्तार र क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा औषधिको गुणस्तर परीक्षण गर्न भौतिक पूर्वाधारको व्यवस्था गरिएको हुने ।<br>यस्तै नागरिक स्वास्थ्य प्रवर्द्धन केन्द्र र नागरिक आरोग्य केन्द्रहरुको स्थापना, विस्तार र संस्थागत क्षमता अभिवृद्धि गरिएको हुने। |
| १३ | जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | जेष्ठ नागरिकहरुको स्वास्थ्यका लागि व्यायाम, योग, ध्यान केन्द्रहरुको व्यवस्था गरिएको हुने।<br>प्रदेशका अस्पतालहरुमा जेष्ठ नागरिकको लागि तोकिएको मापदण्ड वमोजिम निशुल्क स्वास्थ्य परीक्षण तथा अन्य आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिएको हुने ।<br>प्रदेशका सबै अस्पतालहरुमा जेष्ठ नागरिकहरुका लागि छुट्टै अस्पताल शैयाको व्यवस्था गरिएको हुने। |
| १४ | विद्यालय स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | नेपाल सरकार तथा स्थानीय तहहरुसँगको सहकार्य तथा समन्वयमा विद्यालयहरुमा विद्यार्थीहरुको मानसिक स्वास्थ्य तथा वातावरणीय स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको हुने।<br>विद्यालय नर्स कार्यक्रमलाई व्यवस्थित र विस्तार गरिएको हुने। |
| १५ | औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर, | २०७८।०७९ २०८२।०८३ | | औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारण तथा बिक्री वितरणका मापदण्डहरु तयार गरिएको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | मूल्य तथा बिक्री मापदण्ड तयार | | | हुने। |
| १६ | स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | सबै अस्पताहरुमा स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रम सञ्चालन भएको हुने ।<br>स्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरूलाई पेशागत क्षेत्रहरुका साथै विद्यालय तथा क्याम्पसहरूमा समेत विस्तार गरिएको हुने ।<br>चेतनामूलक सूचना सामाग्रि प्रवाह तथा अनुशिक्षण कार्यक्रमहरु सञ्चालन गरिएको हुने।<br>सर्ने तथा नसर्ने रोग, स्वास्थ्य सचेतना सम्वन्धी जन उपयोगी सामाग्री तथा नागरिकका लागि उपलव्ध स्वास्थ्य सेवा र प्राप्ति आदि विषय समेटिएको "मेरो मोवाइल मेरो स्वास्थ्य" नामको मोवाइल एप्लिकेसन प्रयोगमा ल्याइएको हुने । |
| १७ | प्रदेशमा विशिष्टिकृत अस्पतालहरुको स्थापना र विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठान, मातृ-बाल अस्पताल, सरुवा रोग अस्पताल, मानसिक अस्पताल, नसर्ने रोगहरु, ट्रमासेण्टर लगायतका आधुनिक विशेषज्ञ सेवा प्रदान गर्ने विशिष्टिकृत अस्पतालहरुको स्थापना गरिएको हुने। |
| १८ | सिकलसेल एनेमिया तथा थालासेमिया | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा सिकलसेल एनेमिया तथा थालासेमिया र एप्लाष्टिक एनिमिया |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | रोग सम्बन्धी विशेषज्ञ सेवा विस्तार | | | जस्ता रोग सम्बन्धी विशेषज्ञ सेवा विस्तार गरिएको हुने। |
| १९ | आयुर्वेद चिकित्सालय, औषधालय तथा आर्युवेद स्वास्थ्य केन्द्र र आयुर्वेदिक अनुसन्धान केन्द्र,को सेवा एकिकृत रुपमा विस्तार | २०७८।०७९ २०८२।०८३ | | प्रदेश अन्तर्गतका आयुर्वेद चिकित्सालय, औषधालय तथा आर्युवेद स्वास्थ्य केन्द्र, आयुर्वेदिक अनुसन्धान केन्द्रहरुलाई सुदृढ गर्नुका साथै प्रत्येक स्थानीय तहमा आयुर्बेद स्वास्थ्य सेवा उपलब्ध हुने गरी आधारभूत स्वास्थ्य सेवा-संगै एकिकृत रुपमा विस्तार गरिएको हुने । |
| २० | जडीबुटी खेती, औषधि उत्पादन र प्रयोग एवम् व्यवस्थापन विकास | २०७८।०७९ २०८२।०८३ | | जडीबुटी खेतीलाई प्रोत्साहन गरी यसको प्रयोग, औषधि उत्पादन र व्यवस्थापनलाई प्रभावकारी बनाइएको हुने । |
| २१ | योग तथा प्राकृतिक चिकित्सा सहितको बैकल्पिक चिकित्सा पद्दती प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको उपयुक्त स्थानमा वृहतस्तरको योग तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना गरिनुका साथै योग एवम् प्राकृतिक चिकित्सा सहितको बैकल्पिक चिकित्सा पद्दतीलाई प्रवर्द्धन गरिएको हुने ।<br>सबै पालिकाहरुमा बहुपक्षीय सहकार्यमा आहर विहार, स्वस्थ जीवनशैली तथा सर्ने वा नसर्ने रोग बिरुद्ध आरोग्यता अभियान चलाउने तथा व्यायमशाला संचालन गरिएको हुने । |
| २२ | स्वास्थ्यसम्बन्धी शैक्षिक संस्थाको स्थापना र संचालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा मध्यम र उच्चस्तरको स्वास्थ्य जनशक्ति उत्पादनका लागि स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २३ | बढ्दो जन चाप तथा सर्ने र नसर्ने रोगहरुको भार अनुरुप स्वास्थ्य क्षेत्रको जनशक्ति सम्बन्धी मार्गचित्र तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | जनसंख्याको बढ्दो चाप तथा सर्ने र नसर्ने रोगहरुको भारलाई मध्यनजर गरी स्वास्थ्य क्षेत्रको यथार्थपरक र बस्तुनिष्ठ संगठन र व्यवस्थापन सर्बेक्षण गरी स्वास्थ्य क्षेत्रको जनशक्ति सम्बन्धी रणनीतिक मार्गचित्र तयार गरिएको हुने । |
| २४ | स्वास्थ्यकर्मी प्रोत्साहन र क्षमता अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | गुणस्तरीय, प्रभावकारी र सेवाग्राही मैत्री स्वास्थ्य सेवा प्रदान गर्नको लागि सबै किसिमका स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन प्याकेजद्वारा अभिप्रेरित गरिएको तथा क्रमबद्ध रूपमा कार्यमूलक तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिएको हुने। |
| २५ | बालबालिका, मातृ तथा प्रसूति सेवा विस्तार र विकासको रणनीति एवम् कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | बालबालिकाहरुको सघन उपचार सेवा, मातृ स्वास्थ्य सेवा, प्रसूति सेवाका लागि रणनीतिको तर्जुमा गरिएको हुने ।<br>स्वास्थ्य केन्द्रहरुको उपयुक्त स्थानहरुमा विस्तार गरी सेवास्तरको नियमित अपडेट, अनुगमन र स्थलगत अनुशिक्षण गरिएको हुने । |
| २६ | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम विकास र विस्तार | २०७८।०७९ २०८२।०८३ | | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप प्रभावकारी बनाइएको हुने । |
| २७ | परिवार व्यवस्थापन र सुरक्षित गर्भपतन | २०७८।०७९ २०८२।०८३ | | संघ, स्थानीय तह र विकास साझेदारसँगको सहकार्यमा परिवार |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | सेवा सुदृढिकरण तथा विस्तार | | | व्यवस्थापन, सुरक्षित गर्भपतन सेवाको सुदृढीकरण तथा विस्तार गर्दै लगिएको हुने । |
| २८ | कुपोषण स्क्रिनिंग र निराकरणका लागि उचित व्यवस्थापन | २०७८।०७९ २०८२।०८३ | | कुपोषित बालबालिकाहरुको पहिचानका लागि प्रभावकारी स्क्रिनिंग र निराकरणका लागि उचित व्यवस्थापन गरिएको हुने । |
| २९ | मुख्य मन्त्री ग्रामीण पोषण स्वास्थ्य प्रवर्द्धन परियोजना | २०७८।०७९ २०८२।०८३ | | पोषण क्षेत्रमा प्रदेश सरकारले नेतृत्त्वदायी भूमिका निर्वाह गरिएको हुने ।<br>मुख्य मन्त्री ग्रामीण पोषण स्वास्थ्य प्रवर्द्धन परियोजना मार्फत लगानी वृद्धि गर्दै सबैका लागि पोषण कार्यक्रम सबै ग्रामीण क्षेत्रसम्म सुनिश्चितता गरिएको हुने । |
| ३० | पोषण पुनःस्थापना गृहको विस्तार र क्षमता अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | पोषण पुनःस्थापना गृहहरुको विस्तार तथा संस्थागत क्षमता अभिवृद्धि गरिएको हुने । |
| ३१ | बहुक्षेत्रीय पोषण योजना प्रभावकारी कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको प्रभावकारीता तथा सुनिश्चतताका लागि नियमित अनुगमन गरिएको हुने । |
| ३२ | लोकमार्ग नजिक रहेका स्वास्थ्य संस्थाहरूको आपतकालिन सेवाको क्षमता वृद्धि | २०७८।०७९ २०८२।०८३ | | सडक दुर्घटनालाई दृष्टिगत गर्दै मुख्य लोकमार्ग नजिक रहेका स्वास्थ्य संस्थाहरूको आपतकालिन सेवाको क्षमता वृद्धि तथा राजमार्गको आवश्यक स्थानहरुमा ट्रमा बस सहितको ट्रमा युनिटको स्थापना गरिएको हुने । |
| ३३ | द्रुत प्रतिकार्य तथा आकस्मिक मेडिकल | २०७८।०७९ २०८२।०८३ | | प्रदेश तथा स्थानीय तहहरुमा द्रुत प्रतिकार्य टोलि तथा आकस्मिक |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | टोलिको गठन तथा क्षमता अभिवृद्धि | | | मेडिकल टोलिको गठन तथा क्षमता अभिवृद्धि गरिएको हुने।<br>प्रादेशिक स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रलाई प्रादेशिक स्वास्थ्य संरचनाको अंगको रुपमा विकास गरी द्रुत प्रतिकार्यलाई प्रभावकारी बनाइएको हुने । |
| ३४ | विपद् पूर्व तयारी, व्यवस्थापन र स्वास्थ्य प्रतिकार्य योजना तर्जुमा एवम् कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | विपद्, आपतकालीन र महामारी नियन्त्रण तथा स्वास्थ्य र पोषण अवस्थालाई सम्वोधन गर्न प्रादेशिक, जिल्ला र स्थानीय तहहरुमा पूर्व तयारी र प्रतिकार्य योजना तर्जुमा गरिएको हुने।<br>स्वास्थ्य संस्था र अस्पतालहरुमा समेत आकस्मिक प्रतिकार्य योजना तयार गरी लागु गरिएको हुने । |
| ३५ | संक्रामक रोग निगरानी प्रणालीको विकास र पूर्व सचेतना पद्धति स्थापना | २०७८।०७९ २०८२।०८३ | | नेपाल सरकार, स्थानीय तह तथा विकासका साझेदार हरुसँगको सहकार्यमा संक्रामक रोगहरुको उद्गम र संक्रमण विस्तारको संभावनावारे उपयुक्त निगरानी प्रणालीको विकास गरी विश्लेषण, पूर्वानुमान र पूर्व सचेतना अपनाउने पद्धति स्थापित गरिएको हुने। |
| ३६ | एकिकृत स्वास्थ्य सूचना प्रणाली विकास तथा विस्तार | २०७८।०७९ २०८२।०८३ | | प्रदेश स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा थप प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य सूचना प्रणालीको विकास तथा विस्तार गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| ३७ | स्वास्थ्य सेवाका सूचकहरुको विश्लेषण बेन्च मार्किङ्ग र निष्कर्षको उपयोग | २०७८।०७९ २०८२।०८३ | | स्वास्थ्य सेवाको सूचकहरुको अध्यावधिकरण, विश्लेषण, बेन्चमार्किङ्ग गर्ने र प्राप्त निष्कर्षहरुलाई दिगो विकास लक्ष्यको प्राप्तिमा मद्दत पुग्ने गरी प्रदेशको स्तर राष्ट्रिय लक्ष्य सरह हासिल गर्न वार्षिक तथा आवधिक योजनाको आधारका रुपमा उपयोग गरिएको हुने । |
| ३८ | बिद्युतीय रिपोर्टिंग प्रणाली र क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | सबै स्वास्थ संस्थाहरुमा विद्युतीय रिपोर्टङ्ग प्रणाली स्थापना गरिएको हुने। स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सूचना प्रणाली सम्बन्धी तालिम प्रदान गरी बिद्युतीय रिपोर्टिंग प्रणालीलाई व्यवस्थित गरिएको हुने। |
| ३९ | घुम्ती स्वास्थ्य सेवा | २०७८।०७९ २०८२।०८३ | | दुर्गम क्षेत्र एवम् स्वास्थ्य सेवामा कम पहुँच भएका पालिकाहरुमा विशेषज्ञ चिकित्सक सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन भएको हुने। |
| ४० | स्वास्थ्य स्वंयम सेवक परिचालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशभित्र आवश्यक आधारभुत स्वास्थ्य सेवाको पहुँच र उपयोगिता बढाउन स्वास्थ्य स्वंयम सेवक परिचालन भएको हुने । |
| ४१ | मानसिक स्वास्थ्य सेवा | २०७८।०७९ २०८२।०८३ | | सबै अस्पतालहरुमा दक्ष जनशक्ति सहितको मानसिक स्वास्थ्य तथा मनोपरामर्श सेवा सञ्चालन भएको हुने । आत्महत्याको प्रवित्तिको रोकथामका लागि मनोपरामर्श सेवालाई क्रमश पालिकास्तरसम्म विस्तार गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ४२ | पूर्ण खोप युक्त प्रदेश घोषणा | २०७८।०७९ २०८२।०८३ | | प्रदेशकाभित्रका सबै स्थानीय तहहरुमा बच्चा जन्मेदेखि १५ महिनाभित्र लगाउनु पर्ने सबै खोपहरु पुरा गरी पूर्ण खोप घोषणा भएको हुने । |
| ४३ | जेष्ठ नागरिक स्वास्थ्य सेवा | २०७८।०७९ २०८२।०८३ | | जेष्ठ नागरिकलाई तोकिएको मापदण्ड बमोजिम स्वास्थ्य सेवा निःशुल्क उपलब्ध भएको हुने । |
| ४४ | किशोर किशोरीका लागि स्वास्थ्य | २०७८।०७९ २०८२।०८३ | | शारीरिक, मानसिक, व्यक्तिगत सरसफाइ र पोषणका लागि स्वास्थ्य संस्थामा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रवाह हुने वातावरण सुनिश्चित भएको हुने। |
| ४५ | स्वास्थ्य विमा प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका अधिकतम् नागरिक स्वास्थ्य विमामा आवद्ध भएका हुने। |
| ४६ | पुनःस्थानात्मक तथा प्रशामक स्वास्थ्य सेवा | २०७८।०७९ २०८२।०८३ | | प्रदेश मातहतका अस्पतालहरुमा पुनःस्थानात्मक तथा प्रशामक स्वास्थ्य सेवाका लागि युनिटहरुको व्यवस्था गरी सेवा प्रवाह भएको हुने । |
| ४७ | स्वास्थ्य पर्यटनको प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | निजी सार्वजनिक साझेदारी वा बहुपक्षीय लगानीमा आँखा, नाक, कान, घाटी, मुख, स्वास्थ्य प्रशुती, हाड जोर्नी र क्यान्सरको उत्कृष्ट उपचार केन्द्र मार्फत प्रदेशवासी लगायत सीमावर्ती विदेशी नागरिकहरुलाई समेत आकर्षित गर्ने गरी स्वास्थ्य पर्यटन प्रवर्द्धनको पहल गरिएको हुने ।<br>योग तथा प्राकृतिक चिकित्सा आरोग्य केन्द्र वा फिजिकल फिटनेस सेण्टरहरुको स्थापना भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ४८ | स्तरीय स्वास्थ्य प्रयोगशालाहरुको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा विरामीहरुको रोग निदानका लागि गरिनु पर्ने परीक्षणहरुका लागि आवश्यक स्तरीय स्वास्थ्य प्रयोगशालाहरुको व्यवस्था भएको हुने। |
| ४९ | व्यक्तिगत स्वास्थ तथ्यांक व्यवस्थापन प्रणाली | २०७८।०७९ २०८२।०८३ | | नेपाल सरकारसँगको समन्वय र सहकार्यमा नागरिकहरुको जन्म देखिको स्वास्थ्यसम्वन्धी महत्वपूर्ण तथ्यांकहरुलाई केन्द्रिकृत प्रणालीमा सुरक्षित साथ राख्ने र आवश्यक परेका वखत जुनसुकै अस्पतालहरुबाट त्यसलाई हेर्न सकिने व्यक्तिगत स्वास्थ तथ्यांक व्यवस्थापन प्रणालीको विकास गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ६० अर्व** **( सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत )**

## जनसंख्या तथा बसाईँसराइ

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवा विस्तार | २०७८।०७९ २०८०।०८१ | | गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच बढाई प्रजनन स्वास्थ्य सेवाको विस्तार र सुरक्षित मातृत्वका लागि आवश्यक सेवाको विस्तार गरिएको हुने । |
| २ | किशोर अवस्थामा आमा हुने र असुरक्षित गर्भपतन गर्ने अवस्था सुधार | २०७८।०७९ २०८२।०८३ | | किशोरी आमाबाट हुने जन्म दर र असुरक्षित गर्भपतन घटाउन पहल गरिएको हुने । |
| ३ | विभेदकारी | २०७८।०७९ | | बहुपक्षीय समन्वय सहकार्यमा प्रदेश |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | सामाजिक निर्धारक तथा मूल्य पद्धति सकारात्मकीकरण कार्यक्रम | २०८२।०८३ | | तथा पालिकागतरुपमा सामाजिक स्वच्छता, समुन्नति तथा समावेशीकरण 'स्थिति विवरण पत्र' तयार गरिएको हुनेछ र पालिकाहरुको ग्रेडिङ्ग गर्ने, विकासका गतिविधिहरुको यससँग सत्यापन गर्ने एवम् सो सम्वन्धमा आवधिक रुपमा वहस र समीक्षा गर्ने व्यवस्था गरिएको हुने ।<br>प्रजनन् तथा मातृ स्वास्थ्यमा नकरात्मक प्रभाब पार्न सक्ने सामाजिक निर्धारक तथा लिङ्ग, लैंगिकता र सामाजिक बहिष्करणका विभिन्न भेदभावलाई सम्बोधन गर्न लैंगिकता र समाबेशितामा आधारित विभिन्न किसिमका सचेतानात्मक कार्यक्रम संचालन गरिएको हुने । |
| ४ | बाल विवाह न्यूनीकरण कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | बाल विवाह न्यूनीकरण गर्न किशोर-किशोरी तथा युवाहरुकालागि जनचेतनामूलक कार्यक्रम, सामुदायिक सतर्कता र शैक्षिक वातावरण निर्माणमा जोड दिइएको हुने । |
| ५ | किशोर तथा युवा लक्षित रोजगारमूलक शिक्षा | २०७८।०७९<br>२०८२।०८३ | | किशोरकिशोरी तथा युवाहरुको रोजगारमूलक तथा जीवनपयोगी शिक्षाको माध्यमबाट क्षमता अभिवृद्धि गरिएको हुने। |
| ६ | सीप विकास तथा रोजगारीको अवसर सम्वन्धी कार्य योजना | २०७८।०७९<br>२०८२।०८३ | | सीप विकास तथा रोजगारीको अवसर सम्वन्धी विस्तृत कार्य योजना बनाई जनसांखिक लाभको सदुपयोग गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ७ | बैदेशिक रोजगारीबाट फर्केकाको लागि स्वरोजगार वातावरण तयार | २०७८।०७९ २०८२।०८३ | | बैदेशिक रोजगारीबाट फर्केका जनशक्तिले आर्जन गरेको ज्ञान, सीप तथा साधन स्रोतलाई उत्पादनसिल क्षेत्रमा लगानी गरी स्वरोजगार सिर्जना गर्ने वातावरण तयार गरिएको हुने । |
| ८ | दिगो विकासका कार्यक्रमहरुलाई सहभागितामूलक र समावेशी तुल्याउने | २०७८।०७९ २०८२।०८३ | | लैंगिक समानता र सामाजिक समावेसिकरणको मान्यता अनुरुप दिगो विकासका कार्यक्रमहरुमा गरीव, सीमान्तीकृत, दलित, शारीरिक अशक्त भएका व्यक्ति, महिला, जेष्ठ नागरिक, किशोरी-किशोरहरु समेतको सहभागितालाई सुनिश्चित गरिएको हुने । |
| ९ | सीमान्तकृत एवम् अल्पसंख्यक जातिको संरक्षण तथा विकास कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | सीमान्तकृत एवम् अल्पसंख्यक जातिको संरक्षण तथा विकास गर्न बिशेष कार्यक्रमहरु संचालन गरिएको हुने । |
| १० | जनसंख्या र विकास कार्यक्रमवीच सामञ्जस्यतीकरण । | २०७८।०७९ २०८२।०८३ | | जनसंख्या र विकास कार्यक्रमवीच सामञ्जस्यता कायम गर्न सरोकारवालाहरुसँग समन्वय गरिएको हुने । |
| ११ | जनसंख्या व्यवस्थापनमा बहुपक्षीय साझेदारी प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | जनसंख्या व्यवस्थापनका लागि विकास साझेदार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाहरुसँग पनि साझेदारी र सहकार्यकालागि प्रोत्साहित गरिएको हुने । |
| १२ | आन्तरिक बसाईँ-सराईको तथ्याङ्काधार तयारी | २०७८।०७९ २०८२।०८३ | | प्रदेशभित्र हुने आन्तरिक बसाईँ-सराईको तथ्याङ्काधार तयार गरी व्यवस्थित बसोबासका लागि आवश्यकता अनुसार विशेष कार्यक्रम संचालन गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १३ | जनसंख्या व्यवस्थापन संयन्त्र र सूचना प्रणाली विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेश र स्थानीय तहमा जनसंख्या व्यवस्थापन कार्यलाई स्थानीय आवश्यकता अनुसार संचालन गर्न संस्थागत संयन्त्र एवम् सूचना प्रणालीको विकास गरिएको हुने । |
| १४ | अव्यवस्थित वस्ती विस्तार र बसाइँ-सराइ नियन्त्रण | २०७८।०७९ २०८२।०८३ | | सुरक्षित तथा सुविधासम्पन्न स्थानहरुमा व्यवस्थित वस्तीहरुको विकास गरी अव्यवस्थित वस्ती विस्तार तथा बसाइँ-सराइलाई नियन्त्रण गरिएको हुने। |
| १५ | विकास आयोजनाको संचालन पूर्व जनसांख्यिक प्रभाव मूल्यांकन | २०७८।०७९ २०८२।०८३ | | विकास आयोजनाको संचालन पूर्व नै जनसांख्यिक प्रभाव मूल्यांकन गरिएको हुने । |
| १६ | व्यक्तिगत घटना विद्युतीय माध्यमद्वारा दर्ता व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | सबै व्यक्तिगत घटनाहरुलाई विद्युतीय माध्यमद्वारा दर्ता गर्ने व्यवस्था मिलाई यसलाई अनिवार्य गरिएको हुने । |
| १७ | आन्तरिक र वाह्य बसाइँ-सराइ सम्वन्धी अभिलेखन र तथ्याङ्कन क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | आन्तरिक र वाह्य बसाइँ-सराइ सम्वन्धी अभिलेखन र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्न स्थानीय तहको क्षमता विकासका लागि समन्वय गरिएको हुने। |
| १८ | जनसंख्या तथा प्रजनन स्वास्थ्य अध्ययन | २०७८।०७९ २०८२।०८३ | | जनसंख्या तथा प्रजनन स्वास्थ्य अध्ययन र अनुसन्धान गर्ने व्यवस्था गरिएको हुने ।<br>जनसंख्या तथा प्रजनन स्वास्थ्य अध्ययन र अनुसन्धानको स्तरीकरण तथा निष्कर्ष सिकाइ अनुपेषण गर्ने व्यवस्था गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १९ | प्रमुख जनसांख्यिक समस्याहरुको पहिचान र समाधान | २०७८।०७९ २०८२।०८३ | | सबै पालिकाहरुको जनसंख्या सम्बन्धी प्रमुख मुद्दाहरूको पहिचान र समाधानका उपायको अवलम्वन भएको हुने । |
| २० | जनसंख्या व्यवस्थापनका लागि साझेदारी र सहकार्य | २०७८।०७९ २०८२।०८३ | | जनसंख्या व्यवस्थापनका लागि सरोकारवाला निकायहरुकोबीचमा साझेदारी र सहकार्य भएको हुने । |

**जम्मा लगानीको अनुमान २० करोड**

## ६.४ महिला सशक्तिकरण तथा लैङ्गिक समानता

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा | २०७८।०७९ २०८०।०८१ | | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा गरी सोको कार्यान्वयन र नियमन गरिएको हुने । |
| २ | कानुनी उपचार प्रणालीलाई सहज र सबैको लागि पहुँचयोग्य बनाउने | २०७८।०७९ २०८२।०८३ | | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा बिभेद् र बहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज र सबैको लागि पहुँचयोग्य बनाइएको हुने ।<br>लैंगिक तथा घरेलु हिंसामा परेका व्यक्तिलाई कानूनी सहायता प्रदान भएको हुने । |
| ३ | महिला हक हित र अधिकार सम्बन्धी | २०७८।०७९ २०८२।०८३ | | प्रदेशस्तरमा महिला हक हित र अधिकार सम्बन्धी कार्यहरुको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | अनुगमन तथा मूल्यांकन पद्दतीको विकास | | | प्रभावकारी अनुगमन तथा मूल्यांकन पद्दतीको विकास गरिएको हुने । |
| ४ | स्रोत र साधनमा महिलाहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिने | २०७८।०७९ २०८२।०८३ | | स्रोत र साधनमा महिलाहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइएको हुने । |
| ५ | सामाजिक जागरण अभियान सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | बाल विवाह, बहुविवाह, लैङ्गिक र घरेलु हिंसा एवम् मानव बेचविखनका कारण पर्न जाने सामाजिक, आर्थिक तथा स्वास्थ्य एवम् व्यक्तित्व विकास सम्वन्धी नकारात्मक असर र कानुनी प्रावधानवारे सामाजिक जागरण अभियान सञ्चालन गरिएको हुने । |
| ६ | हेल्पलाईन, सुरक्षा गृह, कानुनी सहायता र पुनःस्थापनाको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | घरेलु तथा महिला हिंसाको विषयलाई सम्बोधन गर्ने हेल्पलाईन, सुरक्षा गृह, कानुनी सहायता र पुनःस्थापनाको व्यवस्था गरिएको हुने । |
| ७ | लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थानीय तहसम्म संस्थागत गर्ने | २०७८।०७९ २०८२।०८३ | | लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थानीय तहसम्म संस्थागत गरिएको हुने ।<br>प्रदेशमा लैंगिक उत्तरदायी बजेटको बढोत्तरीमा जोड दिईएको हुने ।<br>बजेटको सार्थक सदुपयोग सुनिश्चित गर्न क्षेत्रगत बजेट ट्र्याकिङ्ग सर्भे गरिको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ८ | अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताहरुको कार्यान्वयन गर्न सबै सरोकारवालाहरुको क्षमता अभिवृद्धिमा जोड दिने । | २०७८।०७९ २०८२।०८३ | | अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताहरुको कार्यान्वयन गर्न सबै सरोकारवालाहरुको क्षमता अभिवृद्धिमा जोड दिइएको हुने । |
| ९ | शारीरिक अशक्त भएका महिलाहरूका लागि विशेष स्वरोजगारमूलक कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्त भएका महिलाहरूका लागि विशेष स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिएको हुने । |
| १० | विपन्न, संकटग्रस्त, वञ्चितीमा परेका सबै महिलाहरूको क्षमता विकास तथा सशक्तीकरण | २०७८।०७९ २०८२।०८३ | | विपन्न, संकटग्रस्त, वञ्चितीमा परेका सबै महिलाहरूको क्षमता विकास तथा सशक्तीकरणका लागि कार्यक्रम सञ्चालन भएको हुने । विशेषतः थारु, बादी, राजी, कमलरी, मुक्त कमैया, र राउटे समुदायका महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक तथा सामाजिक कार्यक्रमहरू सञ्चालन गरिएको हुने। एकल महिलाको लागि आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा ल्याइएको हुने । |
| ११ | स्वरोजगारी सृजना गर्न वित्तीय | २०७८।०७९ २०८२।०८३ | | महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | पहुँचको व्यवस्था | | | सृजना गर्न वित्तीय पहुँचका लागि सहुलियत दरमा ऋण तथा अनुदान सेवा प्रदान गरिएको हुने । |
| १२ | प्रदेशको प्रशासन तथा नीति निर्माण तह एवम् अन्य सार्वजनिक निकायहरुमा महिलाहरूको पहुँच बढाउने | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको प्रशासन तथा नीति निर्माण तह एवम् अन्य सार्वजनिक निकायहरुमा महिलाहरूको पहुँच बढाउन लोक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षाहरू तथा अन्य सार्वजनिक सेवामा प्रवेशको लागि तयारी कक्षाहरू सञ्चालन गरिएको हुने।<br>सफलताका सकारात्मक प्रदर्शन प्रभाव विस्तार गरिएको हुनुका साथै लक्षित समुदायका महिलाहरुको समावेशीकरण बढाउन कक्षा १२ उत्तिर्ण गरेका यो समुहका विवाहित महिलाहरुलाई सघन पेशागत उन्नयन टेवा सहितको प्याकेजयुक्त तलवि सुविधा सहितको इन्टर्नसिप कार्यक्रम निश्चित संख्यामा सञ्चालन गरिएको हुने । |
| १३ | महिलाहरूको प्रशिक्षण कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | महिलाहरूलाई स्वसुरक्षा, उद्यमशीलता, उन्नत प्राङ्गारीक कृषि उत्पादन, सीप तथा व्यवसायिक क्षमता अभिबृध्दि र कानुनी, वित्तीय तथा डिजिटल साक्षरता सम्बन्धी प्रशिक्षण लगायतका कार्यक्रम सञ्चालन गरिएको हुने । |
| १४ | सुरक्षित महिनावारी र प्रजनन् अधिकार सुनिश्चित | २०७८।०७९ २०८२।०८३ | | सुरक्षित महिनावारी र प्रजनन् अधिकार सुनिश्चित गर्नुका साथै छुई, छाउपडी जस्ता प्रथालाई निरुत्साहित गरिएको हुने।<br>सार्वजनिक निकायहरुमा महिलाहरुको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | संख्या र आवश्यकताका आधारमा शिशु स्तनपान कक्ष र शिशु स्याहार कक्षको व्यवस्था गरिएको हुने । |
| १५ | लैंगिक हिंसा निवारण, मानव वेचविखन तथा ओसारपसार निरोधात्मक र संरक्षणात्मक उपाय | २०७८।०७९ २०८२।०८३ | | लैंगिक हिंसा निवारण, मानव वेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरी निरोधात्मक र संरक्षणात्मक उपाय अपनाई कार्यान्वयन गरिएको हुने । |
| १६ | लैङ्गिक हिंसा सम्बन्धी कार्यलाई निरुत्साहित गर्ने | २०७८।०७९ २०८२।०८३ | | लैङ्गिक हिंसा सम्बन्धी कार्यलाई समाजमा नै दबाबपूर्वक मिलाउने कार्यलाई निरुत्साहित गरिएको हुनेछ। |
| १७ | अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | महिला सशक्तिकरण तथा लैंगिक समानता सम्बन्धी अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम संचालन गरिएको हुने । |
| १८ | लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिला पुनःस्थापना तथा सेवा केन्द्र सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | गैरसरकारी संस्थासँग सहकार्य गरी प्रदेशमा पुनःस्थापन केन्द्र र पालिकाहरुमा आश्रय सहितको सेवा केन्द्र सञ्चालन भएको हुने । |
| १९ | महिला नेतृत्व विकास कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | महिलालाई हरेक क्षेत्रको अग्र भागमा देख्न महिला नेतृत्व विकास कार्यक्रम सञ्चालन भएको हुने । |

**जम्मा लगानीको अनुमान ७० करोड**

## युवा तथा खेलकुद

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेश युवा नीति तथा कार्यक्रम | २०७८।०७९ २०८०।०८१ | | प्रदेश युवा नीति तर्जुमा गर्नुका साथै युवामा प्राविधिक शिक्षा र क्षमता अभिवृद्धि कार्यक्रम मार्फत रोजगारी एवम् उद्यमशीलता अभिवृद्धि गरिएको हुने । |
| २ | प्रदेशमा युवा स्वरोजगार कोषको स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा युवा स्वरोजगार कोषको स्थापना गरी युवाहरुलाई स्वरोजगारमा संलग्न गराउन उक्त कोषको प्रभावकारी रुपमा परिचालन गरिएको हुने । |
| ३ | युवा प्रतिभाहरुलाई उचित प्रोत्साहनको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | प्रदेश तथा राष्ट्रका लागि उत्कृष्ठ कार्य गरी योगदान दिने युवा प्रतिभाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिएको हुने। |
| ४ | युवा लक्षित स्वरोजगार तथा रोजगारी सम्वन्धी कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश युवा परिषद मार्फत युवा लक्षित स्वरोजगार तथा रोजगारी कार्यक्रम पर्याप्त हुने गरी प्रभावकारी रुपमा संचालन गरिएको हुने । |
| ५ | वैदशिक रोजगारमा जान चाहने युवाहरुका लागि कार्यक्रमहरु संचालन | २०७८।०७९ २०८२।०८३ | | वैदशिक रोजगारमा जान चाहने युवाहरुका लागि आवश्यक पर्ने सीपयुक्त तालिम, भाषा प्रशिक्षण तथा परामर्श सेवाका कार्यक्रमहरु संचालन गरिएको हुने । |
| ६ | वैदेशिक रोजगारमा गएका युवा लक्षित कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | वैदेशिक रोजगारमा गएका युवाहरुको प्रदेशस्तरमा अभिलेख व्यवस्थित गरिएको हुने ।<br>वैदेशिक रोजगारबाट फर्केकाहरुको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | सिपको उपयोगका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिएको हुने । वैदिशिक रोजगारीबाट फर्केकाहरु मध्ये आवश्यक पर्ने हरुका लागि पुनःस्थापन कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ७ | युवामा नैतिकता, चारित्रिक गुण, सामाजिक उत्तरदायित्व एवम् अनुशासनको विकास | २०७८।०७९ २०८२।०८३ | | युवामा नैतिकता, चारित्रिक गुण, सामाजिक उत्तरदायित्व एवम् अनुशासनको विकास गरी राज्य र समाजप्रति दायित्व बोध गराउने तथा श्रम प्रति सम्मान गर्ने संस्कार विकास गर्ने कार्यक्रमहरु संचालन गरिएको हुने। |
| ८ | युवा सहभागिता बढाउन क्षमता विकासका कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | प्रदेश विकासको नेतृत्व र नीति निर्माणको तहमा युवाको सहभागिता बढाउन उनीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| ९ | सामुदायिक विकासका कार्यहरूमा युवा सहभागीता | २०७८।०७९ २०८२।०८३ | | युवाहरूलाई सामुदायिक विकासका कार्यहरूमा सहभागी गराइएको हुने । |
| १० | युवालाई अनुसन्धान कार्यमा परिचालन | २०७८।०७९ २०८२।०८३ | | अनुसन्धान केन्द्र मार्फत युवालाई अनुसन्धान कार्यमा परिचालन गरिएको हुने । |
| ११ | कुप्रथा, कुरिति र हानिकारक अभ्यासहरुको अन्त्यका लागि युवा परिचालन | २०७८।०७९ २०८२।०८३ | | समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, विभेद, लैङ्गिक हिंसा, बाल विवाह, बहु विवाह, लागु औषध दुर्व्यसन, मदिराको दुर्व्यसन, गुण्डागर्दी जस्ता कुप्रथा, कुरिति र हानिकारक |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | अभ्यासहरुको अन्त्यका लागि युवा परिचालनमा जोड दिइएको हुने । |
| १२ | युवालाई स्वयंसेवा कार्यमा लाग्न अभिप्रेरित गर्ने | २०७८।०७९ २०८२।०८३ | | सामाजिक तथा आर्थिक रुपान्तरण, प्रकोप व्यवस्थापन र वातावरणीय समस्या न्यूनिकरण गर्न अन्य निकायसँगको समन्वयमा युवालाई स्वयंसेवा कार्यमा लाग्न अभिप्रेरित गरिएको हुने । |
| १३ | युवा सूचना प्रणाली स्थापना तथा सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | युवा सूचना प्रणाली स्थापना तथा सञ्चालन भएको हुने । |
| १४ | युवा स्वरोजगार परामर्श सेवा | २०७८।०७९ २०८२।०८३ | | स्वरोजगार हुनका लागि परामर्श सेवाका साथै प्राविधिक सहयोग उपलब्ध भएको हुने । |
| १५ | कृषिमा युवा आकर्षण कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | उत्पादकत्व वढाउन कृषिमा युवा आकर्षण कार्यक्रम सञ्चालन भएको हुने । |
| १६ | खेलकुद पूर्वाधारहरुको विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेश राजधानीमा अन्तरराष्ट्रियस्तरका खेलकुद पूर्वाधारहरुको विकास गरिएको हुने ।<br>टिकापुरमा अन्तर राष्ट्रियस्तरको खेलकुद प्रतिष्ठान स्थापना गरी युवाहरुलाई व्यसायिक खेलकूदमा लाग्न प्रोत्साहन गरिएको हुने ।<br>पालिकास्तरमा खेलकुदका पूर्वाधार विकास गरिएको हुने । |
| १७ | विभिन्न खेलकुदका प्रतियोगिताहरुको आयोजना | २०७८।०७९ २०८२।०८३ | | मुख्य मन्त्री खेलकुद प्रतियोगिताका साथै प्रदेशमा विभिन्न खेलकुदका प्रतियोगिताहरुको नियमितरुपमा |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | कुल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | आयोजना गरिएको हुने । शारीरिक अशक्तता भएका व्यक्तिहरुका लागि छुट्टै खेलकुद प्रतियोगिताको आयोजना गरिएको हुने । |
| १८ | खेलाडीहरुको सम्मान र जीवन निर्वाहको प्रवन्ध | २०७८।०७९ २०८२।०८३ | | राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा पदक हासिल गर्ने प्रदेशका खेलाडीहरुको उचित सम्मान र जीवन निर्वाहका लागि यथोचित प्रवन्ध गरिएको हुने । |
| १९ | खेल प्रशिक्षकहरुको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका खेलाडीहरुका लागि खेल प्रशिक्षकहरुको व्यवस्था गरिएको हुने। |

**जम्मा लगानीको अनुमान १ अर्व १५ करोड**

## बालबालिका तथा किशोरकिशोरी

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नीति, कानुन, योजना तथा कार्यक्रमहरूको निर्माण | २०७८।०७९ २०८२।०८३ | | बालबालिका तथा किशोरकिशोरीको अधिकार सम्बन्धी नीति, कानुन, योजना तथा कार्यक्रमहरूको निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गरिएको हुने । |
| २ | बाल विकास कार्यक्रमलाई सबै वडास्तरसम्म विस्तार गर्ने | २०७८।०७९ २०८०।०८१ | | बाल विकास कार्यक्रमलाई सबै वडास्तरसम्म विस्तार गर्नुका साथै बालबालिका तथा किशोर किशोरीहरूको उमेर र कक्षा अनुकुल हुने गरी सबै |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | विद्यालयहरूमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिएको हुने । |
| ३ | अनाथ बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था | २०७८।०७९ २०८०।०८१ | | अनाथ, अभिभावक विहीन, द्वन्द्व प्रभावित तथा सडक बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरी उनिहरुको बालविकास केन्द्रमा पहुँच सुनिश्चित गरिएको हुने। |
| ४ | आधारभूत स्वास्थ्य र पोषण सम्वन्धी कार्यक्रमहरुमा पहुँच विस्तार | २०७८।०७९ २०८२।०८३ | | बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत स्वास्थ्य र पोषणसम्वन्धी कार्यक्रमहरुमा पहुँच विस्तार गरिएको हुने । |
| ५ | प्रजनन् स्वास्थ्य सम्वन्धी ज्ञान | २०७८।०७९ २०८२।०८३ | | किशोर किशोरीहरूलाई प्रजनन् स्वास्थ्य सम्वन्धमा आवश्यक ज्ञान दिने व्यवस्था गरिएको हुने । |
| ६ | गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | गर्भावस्थामा आमा र शिशुको सुरक्षाका लागि पोषण कार्यक्रम सञ्चालन गरिएको हुने । गर्भावस्थादेखि जन्मपश्चात् उपलब्ध गराइने खोप, भिटामिन ए, पोलियोजस्ता आधारभूत स्वास्थ्य सेवाको पहुँचलाई सशक्त बनाइएको हुने । |
| ७ | एचआईभी/एड्स जस्ता रोगबाट सङ्क्रमित बालबालिका तथा किशोर किशोरीहरुलाई स्वास्थ्य सेवामा सहज पहुँच | २०७८।०७९ २०८२।०८३ | | एचआईभी/एड्स जस्ता रोगबाट सङ्क्रमित बालबालिका तथा किशोर किशोरीहरुलाई स्वास्थ्य सेवामा सहज पहुँच बनाइएको हुने। |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ८ | जन्म दर्ता लाई अनिवार्य गर्ने | २०७८।०७९ २०८२।०८३ | | बालबालिकाहरूको जन्म दर्ता लाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रणालीलाई व्यवस्थित गरिएको हुने । |
| | बालबालिका तथा किशोर किशोरीहरुको निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गर्ने | २०७८।०७९ २०८२।०८३ | | बालबालिका तथा किशोर किशोरीहरुसम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई निर्णय प्रक्रियामा सहभागिता अभिवृद्धि गरिएको हुने । |
| ९ | बाल संरक्षण समिति र बालक्लब सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | बालसंरक्षण समिति र बालक्लब सञ्चालन र परिचालनमा स्थानीय तह मार्फत सहयोग गरिएको हुने। |
| १० | विभिन्न हानिकारक कृयाकलाप तथा कुप्रथा, परम्परा र अभ्यासको रोकथामका लागि निरोधात्मक उपायको अवलम्बन | २०७८।०७९ २०८२।०८३ | | समाजमा प्रचलनमा रहेका विभिन्न हानिकारक कृयाकलाप तथा कुप्रथा, परम्परा र अभ्यासका र बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, बालश्रम, लागु औषध दुर्ब्यसन, बाल विवाह, बेचबिखन तथा ओसारपसार, बालविवाह रोक्न जनचेतना बढाउनका साथै रोकथामका लागि कारण पहिचान गरी आवश्यक निरोधात्मक उपायको अवलम्बन गरिएको हुने। |
| ११ | आपतकालीन बालउद्धार कोष स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा आपतकालीन बालउद्धार कोष स्थापना गरी सञ्चालन गरिएको हुने। बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन नं.१०९८ को सेवालाई प्रदेशमा पनि सुदृढ र प्रभावकारी बनाइएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १२ | विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको खोज तथा उद्धार, संरक्षण र पुनःस्थापना | २०७८।०७९ २०८२।०८३ | | विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको खोज तथा उद्धार, संरक्षण र पुनःस्थापनाका लागि बालगृह तथा पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन गरिएको हुने ।<br>हिंसाबाट प्रभावित बालबालिकाहरुको उपयुक्त संरक्षणका साथै उनीहरूलाई कानुनी सहायता तथा आवश्यक उपचारात्मक सेवा उपलब्ध गराइएको हुने । |
| १३ | मानव बेचबिखन, बालश्रम लगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोरकिशोरीका लागि कार्यक्रमहरू सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | मानव बेचबिखन, बालश्रम लगायत अन्य हिंसामा परेका बालबालिका तथा किशोरकिशोरीका लागि राहत, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन र कानुनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू सञ्चालन गरिएको हुने ।<br>यसको रोकथामका लागि भारतसँगको खुला सीमालाई व्यवस्थित गरिएको हुने । |
| १४ | बालविवाह, चाँडो हुने विवाह विरूद्ध सामाजिक जागरण अभियान | २०७८।०७९ २०८२।०८३ | | बालविवाह, चाँडो हुने विवाह विरूद्ध सामाजिक रुपान्तरणका लागि विभिन्न जागरणमुलक तथा सचेतनामूलक कार्यक्रमलाई सबै पालिकाका समुदाय स्तरसम्म अभियानका रुपमा विस्तार गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| १५ | सबै प्रकारका बालश्रमको अन्त्य | २०७८।०७९ २०८२।०८३ | | सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी, नीतिगत प्रवन्धका साथ कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गरिएको हुने ।<br>सबै पालिकाहरुमा सबै प्रकारका बालश्रम विरुद्धका अभियानहरू सञ्चालन गरिएको हुने । |
| १६ | लैङ्गिक पहिचान गरी हुने गर्भपतनलाई निषेध | २०७८।०७९ २०८२।०८३ | | लैङ्गिक पहिचान गरी हुने गर्भपतनलाई निषेध गर्न सामाजिक जागरणका साथै कडा कानुनी व्यवस्था गरिएको हुने । |
| १७ | बाल न्यायिक निरुपण | २०७८।०७९ २०८२।०८३ | | बाल न्यायिक निरुपणका लागि विशेष व्यवस्था गरिएको हुने । |
| १८ | बालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच | २०७८।०७९ २०८२।०८३ | | बालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँचका लागि आवश्यक प्रवन्ध गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ३० करोड**

## जेष्ठ नागरिक

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| १ | ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहारको अन्त्यका लागि सचेतना | २०७८।०७९ २०८०।०८१ | | ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहारको अन्त्यका लागि उनीहरूको अधिकारको संरक्षण गर्ने र ज्येष्ठ नागरिकप्रति सम्मान अभिवृद्धि गर्न समुदाय स्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन गरिएको हुने । |
| २ | ज्येष्ठ नागरिकको | २०७८।०७९ | | ज्येष्ठ नागरिकको विशेष ज्ञान, अनुभव |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | विशेष ज्ञान, अनुभव तथा सिपको विविध क्षेत्रमा सदुपयोग | २०८२।०८३ | | तथा सिपको विविध क्षेत्रमा सदुपयोग गरिएको हुने । |
| ३ | वृद्धाश्रम तथा दिवासेवा केन्द्रहरूको अनुगमनलाई प्रभावकारी बनाउने | २०७८।०७९<br>२०८२।०८३ | | वृद्धाश्रम तथा दिवासेवा केन्द्रहरूको अनुगमनलाई प्रभावकारी बनाइएको हुने। |
| ४ | ज्येष्ठ नागरिकहरूको हेरचार तथा पालनपोषण गर्नेहरूलाई उचित प्रोत्साहनको व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | | बाबु-आमा लगायत ज्येष्ठ सदस्यहरूको हेरचार तथा पालनपोषण गर्ने परिवारका सदस्यहरूलाई साथै सङ्घसंस्थाहरूलाई उचित प्रोत्साहनको व्यवस्था गरिएको हुने । |
| ५ | जेष्ठ नागरिकको मानसिक, शारीरिक तथा संवेगात्मक पक्षलाई सक्रिय बनाउन विविध कार्यक्रमहरू सञ्चालन | २०७८।०७९<br>२०८२।०८३ | | जेष्ठ नागरिकको मानसिक, शारीरिक तथा संवेगात्मक पक्षलाई सक्रिय बनाउन विविध कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |
| ६ | विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकहरूका लागि लक्षित गरी विशेष राहत तथा पुनःस्थापना केन्द्रहरु सञ्चालन | २०७८।०७९<br>२०८२।०८३ | | हिंसा पिडित, परित्यक्त, शारीरिक एवम् मानसिक रूपले अशक्त भई विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकहरूका लागि लक्षित गरी विशेष राहत तथा पुनःस्थापना केन्द्रहरु सञ्चालन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ७ | ज्येष्ठ नागरिक समूह तथा क्लब गठन र दिवा सेवाकेन्द्र सञ्चालन गर्न प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | ज्येष्ठ नागरिक समूह तथा क्लब गठन र दिवा सेवाकेन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिएको हुने । |
| ८ | वृद्धाश्रम सञ्चालनमा सहजीकरण | २०७८।०७९ २०८२।०८३ | | गैरसरकारी संस्था एवम् समुदायसमेतको साझेदारीमा प्रदेशमा बन्ने स्वास्थ्य उपचार सुविधासहितको वृद्धाश्रम सञ्चालनमा सहजीकरण गरिएको हुने ।<br>सार्वजनिक-निजी साझेदारीको अवधारणा अनुरुप अवकासित जीवन सुन्दर सुरम्य प्राकृतिक स्थलमा विताउन चाहने देश तथा विदेशका जेष्ठ नागरिकहरलाई लक्षित गरी खण्ड क्षेत्रमा सुविधा सम्पन्न जेष्ठ नागरिक ग्राम निर्माण तथा सञ्चालन गर्न संघीय सरकारसँग समन्वय गरी सहजीकरण गरिएको हुने। |
| ९ | जेष्ठ नागरिकले पाउने सुविधालाई समयानुकूल बनाइ पहुँच वृद्धि गर्ने | २०७८।०७९ २०८२।०८३ | | जेष्ठ नागरिकले पाउने सामाजिक सुरक्षा भत्ता तथा स्वास्थ्य र अन्य सेवामा दिइदै आएका छुट तथा सुविधालाई समयानुकूल बनाइनुका साथै पहुँचका लागि स्थानीय तह र सम्वद्ध निकायहरूसँग समन्वय गरिएको हुने ।<br>संघीय सरकारसँग समन्वय गरी राष्ट्रिय औषत आयु भन्दा निकै कम औषत आयु भएका बाजुरा लगायतका |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | हिमाली जिल्लाहरुका नागरिकहरुको सामाजिक सुरक्षा भत्ता प्राप्तिको उमेर जिल्लागत औषत उमेर भन्दा १० वर्ष कम कायम गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरिएको हुने । |
| १० | अन्तरपुस्ता ज्ञान, सीप हस्तान्तरण | २०७८।०७९ २०८२।०८३ | | सबै स्थानीय तहमा जेष्ठ नागरिक मिलन केन्द्र मार्फत अन्तरपुस्ता ज्ञान, सीप हस्तान्तरण भएको हुने । |
| ११ | जेष्ठ नागरिक मनोपरामर्श सेवा | २०७८।०७९ २०८२।०८३ | | सबै प्रकारका जेष्ठ नागरिकहरुलाई आवश्यक मनोपरामर्श सेवा उपलव्ध भएको हुने । |

**जम्मा लगानीको अनुमान ७० करोड**

## शारीरिक अशक्त भएका व्यक्तिहरु

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नीति तथा कानुन निर्माण | २०७८।०७९ २०८०।०८१ | | शारीरिक अशक्तता सम्वन्धी नीति तथा कानुन निर्माण गरिएको हुनेछ । |
| २ | सार्वजनिक भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त र शरीरिक अशक्ततामैत्री बनाउने | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त र शारीरिक अशक्ततामैत्री बनाइएको हुने । |
| ३ | आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिहरूका लागि भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | सञ्चालन | | | बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ४ | शीघ्र पहिचान र सहजरुपमा परिचयपत्र प्राप्त हुने व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिको शीघ्र पहिचान गर्ने र सहजरुपमा परिचयपत्र प्राप्त हुने व्यवस्था मिलाइएको हुने। |
| ५ | आत्मनिर्भरताका कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | शरीरिक अशक्तता भएका व्यक्तिलाई आत्मनिर्भर बनाउन प्रस्थेटिक उपकरण, विशिष्ट सेवा सुविधा, उपचार तथा ह्वील चियर, स्टयाण्डिङ फ्रेम लगायतका सहयोगी सामाग्रिहरूको व्यवस्था गर्दै लगिएको हुने। |
| ६ | शरीरिक अशक्तता सम्बन्धी अध्ययन अनुसन्धान | २०७८।०७९ २०८२।०८३ | | शरीरिक अशक्तता सम्बन्धी अध्ययन अनुसन्धान गर्नुका साथै यस क्षेत्रमा उपलब्ध सबै स्रोतहरू सङ्कलन गरी राख्ने एक स्रोत केन्द्रको स्थापना गरिएको हुने । |
| ७ | सुविधासम्पन्न शरीरिक अशक्तता पुनःस्थापना केन्द्रको स्थापना र सहायक सामाग्रीको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | बौद्धिक शारीरिक अशक्तता, अटिज्म भएका, पूर्ण र अति अशक्त भएका बेसहारा व्यक्तिहरूका लागि गैरसरकारी संघ-संस्था एवम् निजी क्षेत्रसँगको साझेदारीमा सुविधासम्पन्न शारीरिक अशक्तता पुनःस्थापना केन्द्रको स्थापना र विस्तार गर्दै लगिएको हुने ।<br>शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि आवश्यक सहायक सामाग्रीहरुको व्यवस्था गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ८ | समुदायमा आधारित पुनःस्थापना कार्यक्रमलाई थप प्रभावकारी बनाउने | २०७८।०७९ २०८२।०८३ | | समुदायमा आधारित पुनःस्थापना कार्यक्रमलाई स्थानीय तह हरू तथा सरोकारवाला निकायको समन्वयमा थप प्रभावकारी बनाइएको हुने । |
| ९ | शारीरिक अशक्तता भएका व्यक्तिहरूको हेरचाह तथा पालनपोषण अभिप्रेरित गर्ने | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिहरूको हेरचाह तथा पालनपोषण गर्न परिवारका सदस्यहरूलाई अभिप्रेरित गरिएको हुनेछ । |
| १० | शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि सञ्चालित कार्यक्रमहरूको अनुगमन गरी प्रभावकारी बनाउने | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि काम गर्ने गैरसरकारी संस्थाहरूको कार्यक्रमहरूको अनुगमन गरी प्रभावकारी बनाइएको हुने । |
| ११ | शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि शिक्षा तथा स्वास्थ्य सेवाहरूको व्यवस्थापन गर्न प्रोत्साहन गर्ने | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिहरूको लागि शिक्षा तथा स्वास्थ्य सेवाहरूको व्यवस्थापन गर्न परोपकारी सामाजिक संघ-संस्थाहरूको सहभागितालाई प्रोत्साहन गरिएको हुने । |
| १२ | रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तताको प्रकृतिअनुसार सीपमूलक र व्यवसायिक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरू सिर्जना गरिएको हुने । |
| १३ | खेलकुद तथा मनोरञ्जनका कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिहरूको शारीरिक र मानसिक विकासका लागि खेलकुद तथा |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | मनोरञ्जनका कार्यक्रम सञ्चालन गरिएको हुने । |
| १४ | दोभासे, ब्रेल लिपि, डेजी वा शारीरिक अशक्तता अनुकूलको नवीनतम प्रविधिमा पढ्न पाउने अवसर सृजना | २०७८।०७९ २०८२।०८३ | | दोभासे, ब्रेल लिपि, डेजी वा अपाङ्गता अनुकूलको नवीनतम प्रविधिमा पढ्न पाउने अवसर सृजना गरिएको हुने । |
| १५ | शारीरिक अशक्तता जिविकोपार्जन कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिहरुलाई रुची र सीप अनुसारको जिविकोपार्जन कार्यक्रम सञ्चालन भएको हुने। |
| १६ | शारीरिक अशक्तता मूलप्रवाहीकरण कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्तता भएका व्यक्तिहरुमा जागरण ल्याएर सामाजिक जीवनमा मूलप्रवाहीकरण भईरहेको हुने। |
| १७ | बालबालिकाहरुमा भएको शारीरिक अशक्तताको शिघ्र पहिचान तथा उपचार | २०७८।०७९ २०८२।०८३ | | बालबालिकाहरुमा भएको शारीरिक अशक्तताको शिघ्र पहिचान तथा उपचारको व्यवस्था भएको हुने । |
| १८ | औषध उपचारमा सुविधा | २०७८।०७९ २०८२।०८३ | | विविध प्रकारका शारीरिक अशक्तता भएका व्यक्तिहरुका लागि आवश्यकता अनुसारका औषधि तथा उपचारको प्रवन्ध गरिएको हुने । |
| १९ | शारीरिक अशक्त महिलाहरुको विशेष व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | शारीरिक अशक्त महिलाहरुको लागि हेरचाहको विशेष व्यवस्था गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ८० करोड**

## भाषा, संस्कृति तथा पुरातत्व संरक्षण

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | भाषा, कला, साहित्य र संस्कृतिको क्षेत्रमा अध्ययन अनुसन्धान र नीति तर्जुमा गरी कार्यान्वयन | २०७८।०७९ २०८१।०८२ | | भाषा, लिपि, संस्कृति र कला संरक्षण तथा सम्बर्द्धन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिएको हुने ।<br>प्रदेश प्रज्ञा प्रतिष्ठान तथा विश्वविद्यालयहरू संग सहकार्य गरी भाषा, कला, साहित्य र संस्कृतिको क्षेत्रमा अध्ययन अनुसन्धान गरिएको हुने । |
| २ | मौलिक कला, संस्कृति र परम्परालाई पर्यटनसँग आवद्ध | २०७८।०७९ २०८०।०८१ | | प्रदेशको मौलिक कला, संस्कृति र परम्परालाई पर्यटनसँग आवद्ध गरी आन्तरिक र वाह्य पर्यटकहरू आकर्षित गरिएको हुने । |
| ३ | मौलिक एवम् परम्परागत स्थानीय सामाग्रीहरूको उत्पादन र विक्री वितरणको कार्यलाई प्रवर्द्धन | २०७८।०७९ २०८१।०८२ | | विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् परम्परागत स्थानीय सामाग्रीहरूको उत्पादन र विक्री वितरणको कार्यलाई प्रवर्द्धन गरिएको हुने । |
| ४ | कला केन्द्रहरुको संरक्षण एवम् प्रवर्द्धन | २०७८।०७९ २०८१।०८२ | | विभिन्न विधाका कलाकारहरुको विकास तथा उत्प्रेरणाका लागि कलाकेन्द्रहरुको संरक्षण एवम् प्रवर्द्धन गरिएको हुने । |
| ५ | प्रदेश प्रज्ञा प्रतिष्ठानको गठन | २०७८।०७९ २०८१।०८२ | | प्रदेशको भाषा, संस्कृति, लोकभाका र कलाको सम्बर्द्धन र साहित्यको विकास गर्न प्रदेश प्रज्ञा प्रतिष्ठानको गठन गरी सञ्चालन गरिएको हुनेछ । |
| ६ | साँस्कृतिक ग्रामको स्थापना र विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा बसोबास गर्ने जातजातिको संस्कृति रीतिरिवाज र परम्पराको |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | संरक्षणको लागि साँस्कृतिक ग्रामको स्थापना र विकास गरिएको हुने । |
| ७ | महत्वपूर्ण धार्मिक स्थलहरूको संरक्षण, सम्वर्द्धनको विकासका लागि गुरूयोजना बनाई कार्यान्वयन | २०७८।०७९ २०८१।०८२ | | महत्वपूर्ण धार्मिक स्थलहरूको संरक्षण, सम्वर्द्धन र विकासका लागि गुरूयोजना बनाई कार्यान्वयन गरिएको हुने । |
| ८ | प्रदेशको मौलिक संस्कृति सम्बन्धी विषय वस्तुहरू विद्यालय तहमा पठनपाठनको व्यवस्थाका लागि समन्वय | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको मौलिक संस्कृति सम्बन्धी विषयवस्तुहरू विद्यालय तहमा पठन पाठनको व्यवस्थाका लागि आवश्यक समन्वय गरिएको हुने । |
| ९ | श्रव्यदृष्य सामाग्री विकास गरी प्रचार प्रसार | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका विविध संस्कृति र मौलिक परम्पराहरूसँग सम्बन्धित श्रव्यदृष्य सामाग्री विकास गरी प्रचार प्रसार गरिएको हुने । |
| १० | विविध प्रकारका संग्रहालयहरूको स्थापना र सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | साँस्कृतिक सम्पदालाई संरक्षण गर्न विविध प्रकारका संग्रहालयहरूको स्थापना र सञ्चालन गरिएको हुने । |
| ११ | संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रुपमा विकास | २०७८।०७९ २०८२।०८३ | | संग्रहालयहरूलाई स्तरोन्नति गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिएको हुने । |
| १२ | ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका | २०७८।०७९ २०८२।०८३ | | प्रदेश भित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको खोज तथा अन्वेषण गरी |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | सम्पदाहरूको खोज तथा अन्वेषण | | | अभिलेखीकरण गरिएको हुने । |
| १३ | सम्पदाहरूको जिर्णोद्धार र दिगो संरक्षणको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | जीर्ण अवस्थामा रहेका सम्पदाहरूको जिर्णोद्धार गरिएको हुने । सम्पदाहरूलाई पर्यटकीय स्थलको रुपमा विकास गरी दिगो संरक्षणको व्यवस्था गरिएको हुने । |
| १४ | लोपोन्मुख भाषा, कला, साहित्य, संस्कृतिहरुको अभिलेखिकरण तथा संरक्षण | २०७८।०७९ २०८२।०८३ | | लोपोन्मुख भाषा, कला, साहित्य, संस्कृतिको अध्ययन अनुसन्धान गरी अभिलेखिकरण तथा संरक्षण भएको हुने। |
| १५ | विभिन्न मौलिक चाडपर्व, मेला लोक संस्कृतिहरुको सम्वर्द्धन, संरक्षण र प्रर्वद्धन | २०७७।०७८ २०८०।०८१ | | सम्वन्धित समुदायको सहकार्यमा विभिन्न मौलिक चाडपर्व, मेला लोक संस्कृतिहरुको सम्वर्द्धन, संरक्षण र प्रर्वद्धन भएको हुने । |
| १६ | भाषा, कला, साहित्य र साँस्कृतिक क्षेत्रमा कार्यरत संघसंस्थाहरूको सशक्तिकरण | २०७८।०७९ २०८२।०८३ | | भाषा, कला, साहित्य र साँस्कृतिक क्षेत्रमा कार्यरत संघ संस्थाहरूको सशक्तिकरण भएको हुने । |
| १७ | चित्रकला, हस्तकला, वास्तुकला, मूर्तिकला लगायतका सीपको खोजी तथा प्रर्वद्धन | २०७८।०७९ २०८२।०८३ | | चित्रकला, हस्तकला, वास्तुकला, मूर्तिकला लगायतका सीपको खोजी तथा प्रर्वद्धन भएको हुने । |

**जम्मा लगानीको अनुमान १५ करोड**

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | शून्य सहनशिलताका लागि सशक्त नीति, कानुन र संगठनात्मक संरचना तयार | २०७८।०७९ २०८०।०८१ | | मानव बेचबिखन तथा ओसार पसार विरूद्ध शून्य सहनशिलताका लागि सशक्त नीति, कानुन र संगठनात्मक संरचना तयार गरिएको हुने । |
| २ | तथ्यका आधारमा जोखिम सूचक (Vulnerability Index) तयार | २०७८।०७९ २०८२।०८३ | | जोखिम क्षेत्र, वर्ग, समुदाय पहिचान एवम् नक्सांकन तथा सूचना, तथ्यका आधारमा जोखिम सूचक (Vulnerability Index) तयार गरिएको हुने । |
| ३ | सशक्त निगरानी प्रणाली स्थापना | २०७८।०७९ २०८२।०८३ | | सशक्त निगरानी प्रणाली स्थापना गर्न बहुपक्षीय समन्वय एवम् समझदारी जुटाइएको हुने । |
| ४ | पिडितमैत्री र सशक्त टेवा र उत्प्रेरणा | २०७८।०७९ २०८२।०८३ | | अनुसन्धान, अभियोजन एवम् निरुपणको कार्य, पिडितमैत्री र सशक्त तुल्याउन आवश्यक सहयोग, टेवा र उत्प्रेरणा प्रदान गरिएको हुने । |
| ५ | कार्य संचालन कार्यविधि एवम् स्वअध्ययन सामग्री विकास | २०७८।०७९ २०८२।०८३ | | कार्य संचालन कार्यविधि तर्जूमा भएको हुने ।<br>शिक्षा, चेतना, जागरण र स्वसुरक्षा सम्बन्धी स्वअध्ययन सामग्री विकास गरिएको हुने । |
| ६ | रोजगारी र अन्य अवसर विस्तार प्याकेज लागू | २०७८।०७९ २०८२।०८३ | | जोखिम युक्त क्षेत्र, समूह र समुदायमा रोजगारी र अन्य अवसर विस्तार प्याकेज लागू गरिएको हुने । |
| ७ | युवा युवतीहरू | २०७८।०७९ | | बहुपक्षीय समन्वयबाट शिक्षा, चेतना, |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | आफ्नो थातथलोमै अडिने परिस्थिति श्रृजना | २०८२।०८३ | | जागरण, सीप, कर्जासमूह परिचालन, स्वरोजगार आदि कार्यक्रम संचालन गरी युवा युवतीहरू आफ्नो थातथलोमै अडिने परिस्थिति श्रृजना गरिएको हुने । |
| ८ | सामाजिक पूँजीमा वृद्धि कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | सामाजिक समावेशीकरण, संजालीकरण एवम् संरक्षण कार्यक्रम मार्फत सामाजिक पूँजी वृद्धि गरिएको हुने । |
| ९ | विद्यमान कानुनमा भएका कमजोरी वा पिडक लक्षित नरम प्रावधानहरुमा सुधार | २०७८।०७९<br>२०८२।०८३ | | विद्यमान कानुनमा भएका कमजोरी वा पिडक लक्षित नरम प्रावधानहरुमा सुधार र कडाई गर्न आवश्यक पहल एवम् पैरवी गरिएको हुने । |
| १० | अनुसन्धान एवम् निगरानी संयन्त्रको क्षमता विकास | २०७८।०७९<br>२०८२।०८३ | | अनुसन्धान एवम् निगरानी संयन्त्रको क्षमता विकासका लागि प्रविधि, उपकरण, सहयोग र प्रोत्साहन उपलब्ध गराइएको हुने । |
| ११ | ओसार पसार नियन्त्रणमा कडाई | २०७८।०७९<br>२०८२।०८३ | | संघको सहयोगमा सीमावर्ती क्षेत्रको समकक्षी सुरक्षा निकायसँग समन्वय गरी ओसार पसार नियन्त्रणमा कडाई गरिएको हुने । |
| १२ | स्वयं सेवक वा सरोकार समूह परिचालन गरी जागरण र निगरानी | २०७८।०७९<br>२०८२।०८३ | | टोल, समुदाय स्तर सम्म स्वयं सेवक वा सरोकार समूह परिचालन गरी जागरण र निगरानी गरिएको हुने । |
| १३ | प्रभावकारी नियन्त्रण व्यवस्थाका लागि सर्वपक्षीय सक्रियता | २०७८।०७९<br>२०८२।०८३ | | प्रदेशमा प्रभावकारी नियन्त्रण व्यवस्थाका लागि सर्वपक्षीय सक्रियता जुटाइएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १४ | उपचारात्मक एवम् पुर्नस्थापना मार्ग चित्र र प्रतिवद्धता पत्र तयार | २०७८।०७९ २०८२।०८३ | | बहुपक्षीय सहयोगमा उपचारात्मक एवम् पुर्नस्थापना मार्ग चित्र र प्रतिवद्धता पत्र तयार गरिएको हुने । |
| १५ | स्रोत कोष र कार्यविधि एवम् संरचना तयार | २०७८।०७९ २०८२।०८३ | | उपचारात्मक सेवा र पुर्नस्थापनाका लागि स्रोत कोष र कार्यविधि एवम् संरचना तयार गरिएको हुने । |
| १६ | पिडितमैत्री एवम् दिगो उपचारात्मक र पुनःस्थापन कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | समुदाय एवम् परिवारको सहयोगमा पिडितमैत्री एवम् दिगो उपचारात्मक र पुनःस्थापन कार्यक्रम संचालन गरिएको हुने । |
| १७ | पिडितलाई निशुल्क कानूनी र स्वास्थ्य उपचार सेवा | २०७८।०७९ २०८२।०८३ | | पिडितलाई निशुल्क कानूनी र स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको हुने। |
| १८ | पुनःस्थापन, पुर्नमिलन र सामाजिक, पारिवारिक समावेशीकरणका लागि विशेष कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | पुनःस्थापन, पुर्नमिलन र सामाजिक, पारिवारिक समावेशीकरणका लागि विशेष कार्यक्रम संचालन गरिएको हुने। |

**जम्मा लगानीको अनुमान २० करोड**

## सामाजिक सुरक्षा तथा संरक्षण

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नीति, कानुन एवम् निर्देशिका तयार | २०७८।०७९ २०८०।०८१ | | प्रदेशको सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी नीति, कानुन एवम् निर्देशिका तयार गरिएको हुने। |
| २ | सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमको प्रभावकारिता सम्बन्धी तेस्रो पक्षद्वारा अध्ययन र मूल्याङ्कन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा लागू भएको सामाजिक सुरक्षा र संरक्षण कार्यक्रमको प्रभावकारिता सम्बन्धी तेस्रो पक्षद्वारा अध्ययन र मूल्याङ्कन गराइएको हुनेछ । |
| ३ | सेवा प्राप्ती सहयोगी पुस्तिका तयार गरी सेवाग्राहीलाई उपलव्ध गराउने | २०७८।०७९ २०८२।०८३ | | विभिन्न निकायबाट प्रदान हुने सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी सवै विषय समेत समेटेर सेवा प्राप्ती सहयोगी पुस्तिका तयार गरी सेवाग्राहीलाई उपलव्ध गराइएको हुने । |
| ४ | एकिकृत सूचना प्रणाली, तथ्यांकाधार र संरचना तयार | २०७८।०७९ २०८२।०८३ | | सेवा प्रवाहका लागि एकिकृत सूचना प्रणाली, तथ्यांकाधार र संरचना तयार गरिएको हुने । |
| | सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी सेवालाई सेवाग्राही केन्द्रित सहज र पारदर्शी बनाउने | २०७८।०७९ २०८२।०८३ | | सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी सेवालाई तत्कालिन रुपमा मानवीय संकट संवोधन गर्न सक्ने सेवाग्राही केन्द्रित सहज र पारदर्शी बनाइएको हुने । |
| ५ | सामाजिक सुरक्षा | २०७८।०७९ | | सामाजिक सुरक्षा र संरक्षणमा |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | र संरक्षणका कार्यक्रमलाई दिगो र स्वामित्वोध हुने गरी सञ्चालन | २०८२।०८३ | | परम्परागत परोपकारी सामाजिक योगदानलाई प्रोत्साहन गरिएको हुने। अन्य सरोकारवालाको योगदान र साझेदारीलाई पनि प्रोत्साहन दिई कार्यक्रमलाई दिगो र स्वामित्वोध हुने गरी सञ्चालन गरिएको हुने। |
| ६ | एकिकृत कार्यान्वयन ढाँचा तयार | २०७८।०७९ २०८२।०८३ | | सेवाग्राही मैत्री संकट संवोधी एकिकृत कार्यान्वयन ढाँचा तयार गरिएको हुने। |
| ७ | सेवा प्रवाहमा स्वचालित अनलाइन प्रणाली अपनाउने | २०७८।०७९ २०८२।०८३ | | सेवा प्रवाहमा विद्युतीय माध्यमको उपयोग गरी स्वचालित अनलाइन प्रणाली अपनाइएको हुने । |
| ८ | संलग्न निकाय र जनशक्तिलाई सेवाग्राही प्रति उत्तरदायी बनाउने | २०७८।०७९ २०८२।०८३ | | सेवा प्रवाहमा संलग्न निकाय र जनशक्तिलाई सेवाग्राही प्रतिउत्तरदायी बनाइएको हुने । |
| ९ | स्वयंसेवी सामाजिक संघ संस्थाको परिचालन | २०७८।०७९ २०८२।०८३ | | सेवा प्रवाहको पहुँच विस्तारमा स्वयंसेवी सामाजिक संघ संस्थाको परिचालन गरिएको हुने। |
| १० | सेवा प्रवाह सम्बन्धी निर्देशिका फाराम र जागरण सामाग्री, स्थानीय भाषा, भाषिकामा पनि उपलब्ध गराउने । | २०७८।०७९ २०८२।०८३ | | सेवा प्रवाह सम्बन्धी निर्देशिका फाराम र जागरण सामाग्री स्थानीय भाषा, भाषिकामा पनि उपलब्ध गराइएको हुने। |
| ११ | सशक्त गुनासो सुनुवाई र | २०७८।०७९ २०८२।०८३ | | सशक्त गुनासो सुनुवाई र अनुगमन व्यवस्था कायम गराइएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | अनुगमन व्यवस्था कायम | | | |
| १२ | समावेशी पहुँच विस्तार कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | महिला, दलित, आदीवासी जनजाती, सिमान्तकृत, लोपउन्मुख, दुर्गम हिमाली क्षेत्रका वासिन्दा, अल्पसंख्यक, शारीरिक अशक्तता भएका व्यक्ति, पिछडिएको वर्ग लक्षित गरी पहुँच विस्तार भएको हुने । |
| १३ | लक्षित वर्ग उत्थान कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | लक्षित समुदायलाई आत्मनिर्भर बनाउन आर्थिक आयआर्जन कार्यक्रम सञ्चालन भएको हुने । |
| १४ | लक्षित वर्ग विशेष सहभागिता कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | राजनीतिक, सामाजिक र प्रसाशनिक क्षेत्रमा लक्षित वर्गको विशेष सहभागिता भएको हुनेछ । |
| १५ | सीमान्तकृत समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको अनुसन्धान, अभिलेखिकरण र सम्वर्द्धन | २०७८।०७९ २०८२।०८३ | | सीमान्तकृत समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको अनुसन्धान, अभिलेखिकरणरका साथै संरक्षण तथा सम्वर्द्धन भएको हुने । |
| १६ | नेपाल सरकारले सञ्चालन गरेको सामाजिक सुरक्षा कार्यक्रममा सहभागिता वृद्धि | २०७८।०७९ २०८२।०८३ | | नेपाल सरकारले सञ्चालन गरेको सामाजिक सुरक्षा कार्यक्रममा सहभागिता वृद्धिका लागि जागरण अभियान चलाइएको हुने । |

**जम्मा लगानीको अनुमान ६ अर्व**

## सामाजिक, भौगोलिक समावेशीकरण एवम् समविकास

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेश समावेशीता नीति तयार | २०७८।०७९ २०८०।०८१ | | प्रदेश समावेशीता नीति तयार गरिएको हुने । |
| २ | लैङ्गिक, सामाजिक, आर्थिक र भौगोलिक समावेशीताको स्थिति विवरण तयार | २०७८।०७९ २०८०।०८१ | | लैङ्गिक, सामाजिक, आर्थिक र भौगोलिक समावेशीताको स्थिति विवरण तयार गरिएको हुने । |
| ३ | रणनीतिक योजना तयार गरी लागू गर्ने । | २०७८।०७९ २०८२।०८३ | | समावेशीता प्रवर्द्धन एवम् विविधता व्यवस्थापन रणनीतिक योजना तयार गरी लागू गरिएको हुने । |
| ४ | नीति, कार्यक्रम योजना र बजेट आदिलाई समावेशी र क्षेत्रीय रुपले सन्तुलित बनाउने | २०७८।०७९ २०८२।०८३ | | प्रदेशबाट संचालन गरिने नीति, कार्यक्रम योजना र बजेट आदिलाई समावेशी र क्षेत्रीय रुपले सन्तुलित बनाइएको हुने । |
| ५ | पहुँच बढाउन क्षमता विकासको कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | विभिन्न तहका सरकार एवम् निजी र सामुदायिक क्षेत्रले सञ्चालन गरेका वा गर्ने कार्यक्रममा सीमान्तकृत वर्ग र पिछडिएको क्षेत्रको पहुँच बढाउन क्षमता विकासको कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ६ | विभिन्न वर्ग र समुदाय एवम् क्षेत्र लक्षित | २०७८।०७९ २०८२।०८३ | | विभिन्न वर्ग र समुदाय एवम् क्षेत्र लक्षित सशक्तिकरण कार्यक्रम संचालन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | सशक्तिकरण कार्यक्रम संचालन | | | |
| ७ | समन्वय, सहकार्य र साझेदारी जुटाउने | २०७८।०७९ २०८२।०८३ | | क्षमता विकास कार्यक्रममा केन्द्र, स्थानीय तह, निजी एवंम् गैरसरकारी र सामुदायिक क्षेत्रको समन्वय, सहकार्य र साझेदारी जुटाइएको हुनेछ । |
| ८ | सूचकांकमा ५ वर्ष भित्र राष्ट्रिय औसत स्तरमा पुग्ने गरी ठोस कार्यारम्भ | २०७८।०७९ २०८२।०८३ | | समावेशीकरण एवम् सशक्तिकरण सम्बन्धी सूचकांकमा ५ वर्ष भित्र राष्ट्रिय औसत स्तरमा पुग्ने गरी ठोस कार्यारम्भ गरिएको हुने । |
| ९ | मूल प्रवाहीकरण र अन्तर आवद्धताको स्थिति मजवुद तुल्याउने कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | लक्षित केन्द्रित कार्यक्रम मार्फत महिला, सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र, सीमावर्ती क्षेत्रलाई सशक्त तुल्याई मूल प्रवाहीकरण गरिएको हुने ।<br>अन्तर आवद्धताको स्थिति मजवुत तुल्याउने कार्यक्रम सञ्चालन गरिएको हुने । |
| १० | जातिगत, साँस्कृतिक, भाषिक, कला, सिप, रहन सहन र लोक परम्पराको अभिलेखीकरण | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको जातिगत, साँस्कृतिक, भाषिक, कला, सिप, रहन सहन र लोक परम्पराको अभिलेखीकरण गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ११ | लोक साँस्कृतिक परिषद स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा लोक साँस्कृतिक परिषद स्थापना गरिएको हुने । |
| १२ | सचेतना र जागरण बढाउने सामग्री स्थानीय भाषा, भाषिकामा समेत प्रकाशन प्रसारण | २०७८।०७९ २०८२।०८३ | | सीमान्तकृत वा वञ्चितीकरणमा पारिएका नागरिकमा सचेतना र जागरण बढाउने सामग्री स्थानीय भाषा, भाषिकामा समेत प्रकाशन प्रसारण गरिएको हुने । |
| १३ | बहु भाषा एवम् संस्कृति संग्राहलय स्थापना र प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा बहु भाषा एवम् संस्कृति संग्राहलय स्थापना र प्रवर्द्धन गरिएको हुने । |
| १४ | कला, संस्कृति, सम्पदाको संरक्षण, प्रचारप्रसार र पर्यटन प्रवर्द्धनकालागि कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | कला, संस्कृति, सम्पदाको संरक्षण, प्रचार प्रसार र पर्यटन प्रवर्द्धनका लागि कार्यक्रम संचालन गरिएको हुने । |
| १५ | आधारभूत सेवामा पहुँच कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता र सूचना जस्ता आधारभूत सेवामा सबैको पहुँच स्थापित भएको हुने । |

**जम्मा लगानीको अनुमान ३० करोड**

## ६.१४ सामाजिक क्षेत्रका नतिजा खाका

### प्रभाव

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| मानव विकास सूचकाङ्क | – | ०.५४७ | ०.५५५ | ०.५७० | ०.५८५ | ०.५९९ | ०.६२१ | के.त.वि./प्र.त.का. |
| लैङ्गिक विकास सूचकाङ्क | – | ०.९०३ | ०.९१३ | ०.९२३ | ०.९३३ | ०.९५३ | ०.९६३ | के.त.वि./प्र.त.का. |
| अपेक्षित आयु (जन्म हुदाँको) | वर्ष | ६९.८ | ७० | ७०.५ | ७१ | ७१.५ | ७२ | के.त.वि./प्र.त.का. |
| बेरोजगारी दर | प्रतिशत | ११.५ | ११ | १०.५ | ९.५ | ८.५ | ७.५ | के.त.वि./प्र.त.का. |
| बहुआयामिक गरिवीको दर | प्रतिशत | २५.३ | २४ | २२ | १९ | १६ | १३ | के.त.वि./प्र.त.का. |

### शिक्षा

### असर

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| साक्षरता दर | प्रतिशत | ६३.५ | ६५ | ७० | ७६ | ८३ | ९० | के.त.वि./प्र.त.का. |
| युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९७ | ९९ | के.त.वि./प्र.त.का. |
| कक्षा एकमा बाल विकासको अनुभव सहित भर्ना हुने | प्रतिशत | ८४ | ८४.५ | ८५ | ८६.२ | ८७.१ | ८८ | सा.वि.मं. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बालबालिकाको दर | | | | | | | | |
| आधारभूत तह (१-८) मा खुद भर्ना दर | प्रतिशत | ९६.२ | ९६.५ | ९७.५ | ९८.२ | ९८.७ | १०० | सा.वि.मं. |
| माध्यमिक तह (९-१२)मा खुद भर्ना दर | प्रतिशत | ४९.३ | ५० | ५२ | ५५ | ६० | ६५ | सा.वि.मं. |
| उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १६ | १७ | १९ | २१ | २३ | २५ | सा.वि.मं. |
| विद्यार्थी टिकाऊ दर कक्षा ८ सम्म | प्रतिशत | ७९ | ८० | ८१.५ | ८२.५ | ८३ | ८५ | सा.वि.मं. |
| विद्यार्थी टिकाऊ दर कक्षा १० सम्म | प्रतिशत | ५६.७ | ५७.५ | ५८.३ | ५९.३ | ६०.४ | ६१.५ | सा.वि.मं. |
| **प्रतिफल** | | | | | | | | |
| विद्यालय भवन | संख्या | १२० | १७५ | २२० | २४२ | २६० | ३०० | सा.वि.मं./प्र.त.का |
| छात्रावास भवन | संख्या | १९ | ९ | ७ | १० | १२ | १५ | सा.वि.मं./प्र.त.का |
| उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाको भौतिक पूर्वाधार विकास | संख्या | २० | १५ | २० | २५ | ३० | ३५ | सा.वि.मं./ |
| क्याम्पस | संख्या | ९५ | ९७ | १०० | १०५ | ११५ | १२५ | सा.वि.मं./प्र.त.का |
| विश्वविद्यालय | संख्या | १ | १ | १ | १ | २ | २ | सा.वि.मं./प्र.त.का |
| पूर्ण साक्षर घोषित जिल्ला | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ | सा.वि.मं./प्र.त.का |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (१–८) | अनुपात | ३७ | ३७ | ३५ | ३४ | ३२ | ३० | सा.वि.मं./ प्र.त.का |
| शिक्षक विद्यार्थी अनुपात माध्यमिक तह (९–१०) | अनुपात | ५१ | ५० | ४८ | ४६ | ४४ | ४० | सा.वि.मं./ प्र.त.का |
| शिक्षक विद्यार्थी अनुपात माध्यमिक तह (११–१२) | अनुपात | ६० | ५८ | ५५ | ५२ | ४९ | ४५ | सा.वि.मं./ प्र.त.का |
| कम्प्युटर सुविधा उपलव्ध भएका विद्यालय | संख्या | १२७५ | १४९० | १६४० | १८२० | १९३० | २०२५ | सा.वि.मं./ प्र.त.का |
| शैक्षिक संस्थामा पानी तथा सरसफाइ सुविधा सहितको शौचालय | संख्या | ४३८० | ४४०० | ४४४० | ४४६० | ४४९० | ४५५० | सा.वि.मं./ प्र.त.का |
| विद्यालय शिक्षकको क्षमता विकास | जना | ८०० | ८५० | ९०० | ९५० | ११०० | १२०० | सा.वि.मं./ प्र.त.का |
| छात्रवृत्ति पाउने विद्यार्थी | संख्या | - | ११३ | २१० | २१५ | २२५ | २५० | सा.वि.मं./ प्र.त.का |

**स्वास्थ्य**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बाल मृत्यु दर ५ वर्ष मुनिका (प्रति हजार जीवित जन्ममा) | जना | ६९ | ६५ | ५९ | ५३ | ४७ | ३९ | ने.ज.स्वा.स. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ५ वर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ३३.३ | ३०.५ | २७ | २३ | १९ | १५ | ने.ज.स्वा.स. |
| पाँच वर्षमुनिका पुडकोपन भएका बालबालिकाको | प्रतिशत | ३५।९ | ३३ | ३० | २७ | २४ | २० | ने.ज.स्वा.स. |
| पूर्ण खोप पाउने बालबालिकाको | प्रतिशत | ७९।१ | ८१ | ८४ | ८७ | ९० | ९५ | ने.ज.स्वा.स. |
| ३० मिनेटको दूरीमा स्वास्थ्य सेवामा पहुँच भएको परिवार | प्रतिशत | २८।७ | ३१ | ४० | ५० | ६० | ७० | ने.ज.स्वा.स. |
| स्वास्थ्य बीमामा आवद्ध जनसंख्या | प्रतिशत | १४ | २० | ३० | ४० | ५० | ६० | ने.ज.स्वा.स. |
| मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | जना | १४।१ | १३।७ | १३ | १२ | ११ | १० | ने.ज.स्वा.स. |
| नवजात शिशु मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | जना | २५ | २४ | २३ | २२ | २१ | २० | ने.ज.स्वा.स. |
| कुल प्रजनन दर | प्रति महिला | २।४ | २।२ | २ | २ | २ | २ | ने.ज.स्वा.स. |
| दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा सुत्केरी भएका महिला | प्रतिशत | ७१।६ | ७३।० | ७५।० | ७७।० | ७९।५ | ८२।० | स्वा.व्य.सू.प्र. |
| प्रोटोकल अनुसार चार पटकसम्म गर्भवती जाँच गराउने महिला | प्रतिशत | ६६।८ | ६७।५ | ६८ | ७० | ७२ | ७५ | स्वा.व्य.सू.प्र. |
| क्षय रोगको उपचार सफल दर | प्रतिशत | ८८।८ | ९० | ९१ | ९२ | ९३ | ९५ | स्वा.व्य.सू.प्र. |
| आइरन चक्की प्राप्त गर्ने गर्भवती महिला | प्रतिशत | ६३।९ | ६८ | ७२ | ७६ | ८० | ८५ | स्वा.व्य.सू.प्र. |
| परिवार नियोजनको साधन प्रयोग दर(१५-४९ वर्षका विवाहित महिलामा) | प्रतिशत | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४८ | स्वा.व्य.सू.प्र. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** | | | | | | | | |
| प्राथमिक स्वास्थ्य केन्द्र | संख्या | १६ | १८ | २१ | २५ | ३० | ३५ | सा.वि.मं./ प्र.त.का |
| स्वास्थ्य चौकि | संख्या | ३७५ | ३७८ | ३८१ | ३८४ | ३८८ | ३९५ | सा.वि.मं./ प्र.त.का |
| अस्पताल | संख्या | ३२ | ३४ | ३८ | ४१ | ४४ | ४८ | सा.वि.मं./ प्र.त.का |
| प्रसुती केन्द्र | संख्या | ४८१ | ४८५ | ४९० | ४९५ | ५०० | ५०५ | सा.वि.मं./ प्र.त.का |
| आयुर्वेद स्वास्थ्य संस्था | संख्या | ७० | ७१ | ७३ | ७५ | ७७ | ८० | सा.वि.मं./ प्र.त.का |
| स्वास्थ्य स्वयं सेविका | संख्या | ६०५५ | ६०६५ | ६०८५ | ६१०५ | ६१२५ | ६१५० | सा.वि.मं./ प्र.त.का |

**जनसंख्या तथा बसाईंसराइ**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| जनसंख्या वृद्धि दर | प्रतिशत | ०.५८ | ०.५८ | ०.५८ | ०.५८ | ०.५८ | ०.५८ | के.त.वि./ प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बैदेशिक रोजगारीका लागि भारतमा जाने | संख्या | | | | | | | सा.वि.मं./प्र.त.का |
| भारत बाहेक अन्य मूलुकमा जाने | संख्या | | | | | | | सा.वि.मं./प्र.त.का |
| **प्रतिफल** | | | | | | | | |
| बसाइँसराइका घटना | संख्या | | | | | | | सा.वि.मं./प्र.त.का |

**युवा तथा खेलकुद**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| युवा बेरोजगारी दर | प्रतिशत | - | ८ | ७।५ | ७ | ६।५ | ६ | के.त.वि./प्र.त.का. |
| युवा साक्षरता दर | प्रतिशत | ९२ | ९३ | ९४ | ९५ | ९७ | ९९ | के.त.वि./प्र.त.का. |
| **प्रतिफल** | | | | | | | | |
| सिप विकास तालिम प्राप्त युवा | संख्या | - | १००० | १५०० | २००० | २५०० | ३००० | सा.वि.मं./प्र.त.का |
| रोजगार वा स्वरोजगार | संख्या | - | ५०० | १००० | १५०० | २००० | २५०० | सा.वि. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्त युवा | | | | | | | | मं./ प्र.त.का |
| नमुना युवा उद्यमी पहिचान | संख्या | - | २० | ३० | ४० | ५० | १५० | सा.वि. मं./ प्र.त.का |
| युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रमबाट लाभान्वित युवा | संख्या | - | ४०० | ५०० | ६०० | ७०० | १००० | सा.वि. मं./ प्र.त.का |
| युवा अनुभव आदान प्रदान कार्यक्रमबाट लाभान्वित युवा | संख्या | - | ६० | १०० | १३० | १५० | २०० | सा.वि. मं./ प्र.त.का |
| राष्ट्रियस्तरको खेल प्रतियोगिता सञ्चालन गर्ने स्टेडियम | संख्या | - | - | - | - | १ | २ | सा.वि. मं./ प्र.त.का |
| खेल मैदान निर्माण | संख्या | - | २ | ३ | ३ | ४ | ४ | सा.वि. मं./ प्र.त.का |
| प्रदेश स्तरीय खेलकुद प्रतियोगिता | संख्या | - | १ | १ | १ | १ | १ | सा.वि. मं./ प्र.त.का |

**महिला सशक्तीकरण तथा लैङ्गीक समानता**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसापीडित महिला | प्रतिशत | २०.२ | १९ | १८ | १७ | १५ | १३ | सा.वि. मं./ प्र.त.का |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| महिला साक्षरता दर | प्रतिशत | ५१.९३ | ५५ | ६० | ७० | ८० | ९० | के.त.वि. / प्र.त.का. |
| **प्रतिफल** | | | | | | | | |
| सिप विकास तालिम प्राप्त महिला | संख्या | - | ५०० | ७५० | १००० | १२५० | १५०० | सा.वि. मं./ प्र.त.का |
| महिला उद्यमीहरु | संख्या | ३५० | ४०० | ४५० | ५०० | ५५० | ६५० | सा.वि. मं./ प्र.त.का |

❖❖❖

# परिच्छेद ७
# पूर्वाधार क्षेत्र

## ७.१ यातायात पूर्वाधार

### ७.१.१ सडक

#### १. पृष्ठभूमि

यातायात पूर्वाधार अन्तर्गत सडक निर्माण प्रदेशको प्राथमिकतामा रहेको उपक्षेत्रमा पर्दछ । हालसम्म प्रदेशमा रहेका ८८ पालिका मध्ये २ वटा पालिकाको केन्द्रमा सडक सञ्जालको पहुँच पुग्न बाँकी रहेको छ । कुल सडक सञ्जाल तर्फ प्रदेशमा कालोपत्रे सडक २३४ कि.मि., ग्राभेल सडक ११५८ कि.मि. र कच्ची सडक ३९५४ कि.मि. गरी जम्मा ५३४६ कि.मि. सडक रहेको छ । छरिएर रहेका बस्तीहरुमा सडक यातायात पहुँच पुऱ्याउनको लागि जनस्तरबाट सडक निर्माणको लागि अत्यधिक माग आउने गरेको छ। निर्माण भै सञ्चालनमा आई सकेका सडकहरूको उपयुक्त स्तरमा गुणस्तर प्रवर्द्धन, चौडाई विस्तार, नियमित मर्मत-संभार र सुधार गर्न सकिए मात्र सडक यातायातलाई दिगो, भरपर्दो र गुणस्तरीय वनाउन सकिने हुन्छ ।

#### २. प्रमुख समस्या

आर्थिक स्रोतको न्युनता हुनु, प्रदेशको जटिल तथा कमजोर भूस्वरुपले गर्दा सडक निर्माणको काम अति खर्चिलो र वातावरणीय सन्तुलनका हिसाबले पनि बढी संवेदनशील रहनु, पर्याप्त मात्रामा सक्षम, दक्ष एवम् प्राविधिक जनशक्ति उपलब्ध नहुनु, स्थान विशेष अनुसार वातावरण मैत्री एवम् सुरक्षित र भरपर्दो सडक मापदण्ड तर्जुमा र कार्यान्वयनमा कठिनाई हुनु र निर्माण भै सकेपछि मर्मत सम्भार सुधारको ठोस आधार वा मापदण्ड नहुनु जस्ता कारणले समग्र सडक पूर्वाधारको गुणस्तर चित्त बुझदो नहुँदा वातावरण र मानवीय सुरक्षामा समेत जोखिम बढनु, नयाँ संरचना भएकोले प्रदेश स्तरमा सडकहरुको आवश्यकता र उपादेयता पहिचान गरी योजनाबद्ध किसिमले सडकका आयोजनाहरु छनौट हुनुपर्नेमा अझै सन्तोषजनक अवस्था भइ नसक्नु, पूर्व तयारी तथा ठोस मापदण्डको अनुशिलन नगरी आयोजना कार्यान्वयनमा लैजानु, आयोजनामा संलग्न निर्माण व्यवसायीहरूको दक्षता तथा क्षमता अपेक्षाकृत रुपले सन्तोषजनक नहुनु, सडक यातायातको वस्तुगत आवश्यकता र आर्थिक, सामाजिक र वातावरणीय सम्भाव्यताको अध्ययन तथा उचित समन्वय बिना विभिन्न निकायहरूले आ-आफ्नै तवरबाट सडक विस्तार गर्नु, दीर्घकालीन गुरुयोजना बिना नै सडक बनाईनु, सडक निर्माणको लागि आवश्यक सामाग्रीहरूको उपलब्धता सहज र सुनिश्चितता नहुनु, संघीय, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीमा रहने सडकको वर्गीकरण गरी जिम्मेवारी किटान नगरिएकाले सडक निर्माण, सञ्चालन, रेखदेख मर्मत

सम्भार र सुधारको आयोजना तर्जुमा, बजेट व्यवस्थापन, प्राथमिकीकरण र आयोजना सञ्चालनमा गुणस्तर कायम गर्न कठिनाइ हुनु प्रमुख समस्याहरु हुन् ।

## ३. चुनौती तथा अवसर

सडक निर्माणमा प्राविधिक, वातावरणीय तथा प्रकोप प्रतिरोधी पद्धतिलाई अंगिकार गरी गुणस्तरीयता र मावनीय सुरक्षाका दृष्टिले भरपर्दो तुल्याउनु, विस्तृत अध्ययन र सम्भाव्यताका आधारमा सडक निर्माण गर्नु, दक्ष जनशक्ति तथा सक्षम र भरपर्दो निर्माण व्यवसायीको छनौट गर्नु, सडक निर्माण क्षेत्रका मुख्य चुनौतीहरु हुन् । चालु सडकहरुको मर्मत सम्भार, सुधार, बिस्तारको लागि समेत चौतर्फी दबाव रहनु र यसमा स्रोतसाधनको सीमितताले अझै कठिनाई पार्नु, कुना कंदरामा छरिएका बस्तीलाई जोडने गरी स्तरीय सडक बनाउनु, बनेका र बन्ने सडकहरुलाई शारीरिक अशक्तता मैत्री स्वरुप दिनु थप चुनौती हुन् ।

सडक निर्माण र विस्तार एवम् सुधारमा जनस्तरबाट ठूलो माग हुनु, विभिन्न निकाय तथा समुदायमा समेत स्वस्फूर्त रुपमा सडक बनाउने उत्साह हुनु, तीनै तहका सरकारले सडक निर्माणलाई आफ्नो प्राथमिकतामा पार्नु, श्रममूलक पद्धतिबाट सडक निर्माण गर्दा स्थानीय स्तरमा रोजगारीको अवसर विस्तार हुन गै आय स्रोत वृद्धिको मौका हुनु, सडक सुविधाको पहुँचले अग्रगामी र पृष्ठस्तरमा उत्पादन आपूर्ति र बजारीकरणमा योगदान पुगी आर्थिक गतिविधिमा सुधार आउनु, जल विद्युत पर्यटन तथा उद्योग क्षेत्रमा लगानी बढाउनमा सहयोग पुग्नु तथा सार्वजनिक सेवाको बिस्तार, पहुँच र उपयोगमा अपेक्षित सुधार भै जनस्तरको जीवनयापनमा सकारात्मक परिवर्तन आउनु अवसरको रुपमा रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

सुलभ र गुणस्तरीय सडक पूर्वाधार ।

### ४.२ लक्ष्य

दिगो र गुणस्तरीय सडक सञ्जाल विस्तार गरी प्रादेशिक विकासको आधार खडा गर्ने ।

### ४.३ उद्देश्य

- अन्तर आवद्धता बढाई उत्पादन, बजार एवम् सेवामा पहुँच अभिवृद्धि गर्नु ।
- गुणस्तरीय सुरक्षित र मितब्ययी हुने गरी सडक सञ्जालको विकास गर्नु ।
- भौगोलिक एवम् गाँऊ सहरको सन्तुलनमा सघाउने गरी सडक घनत्व अभिवृध्दि गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्राथमिकताका आधारमा गुरुयोजना तयार गरी दिगो र | क) सडक गुरु योजना तयार गरी प्राथमिकताका आधारमा सबै पालिकाहरु, जिल्ला सदरमुकाम एवम् प्रदेशको |

| रणनीति | कार्यनीति |
|---|---|
| गुणस्तरीय सडक सञ्जाल विस्तार गर्ने । | राजधानीमा सडक सञ्जालको विकास र विस्तार गरी अन्तर आवद्धता वृद्धि गरिनेछ ।<br>ख) प्रदेशको समग्र आर्थिक सामाजिक विकास र रणनीतिक महत्व राख्ने सडकलाई **प्रदेश गौरव सडक** घोषणा गरी विशेष महत्वका साथ रेखदेख, मर्मत सम्भार र सुरक्षा व्यवस्था गरिनुका साथै सबै मौसममा निर्बाध संचालन हुने व्यवस्था गरिनेछ ।<br>ग) प्रदेशका सडकहरुलाई विषेश मापदण्डका आधारमा सुधार र वर्गिकरण गरी शारीरिक अशक्ततामैत्री तथा वातावरणमैत्री सडकका रुपमा रुपान्तरण गरिनेछ ।<br>घ) छिमेकी मुलुकहरु, अन्य प्रदेशहरु र प्रदेश भित्रका विभिन्न पालिकाहरुलाई जोडने गरी प्रदेश गौरबका सडकको पहिचान र निर्माण गरिनेछ।<br>ङ) सडक पूर्वाधारको विकासका लागि आयोजना बैंकको संग्लनतामा सम्भाव्य सडक मार्गको सूची तयार गरिनेछ र सडक निर्माण कार्य प्रारम्भ हुनु अघिनै जग्गा अधिग्रहण सडक क्षेत्राधिकार, रेखांकन, वन क्षेत्र प्रयोगको स्वीकृती जस्ता पूर्व तयारीका कार्यहरुको विस्तृत कार्य योजना तयार गरी मात्र सडक निर्माण आयोजना कार्यान्वयन प्रारम्भ गर्ने व्यवस्था गरिनेछ । |
| २. वर्षभरी आवागमन सञ्चालन हुन सक्ने सुरक्षित, भरपर्दो सडक सञ्जाल विकास तथा विस्तार गर्ने । | क) प्रादेशिक सडक गुरु योजना अनुसार सम्पूर्ण पालिकाहरुलाई सर्वयाम सडक सञ्जालले जोडि मर्मत सम्भार र स्तरोन्नति गरिनेछ ।<br>ख) पहिरो तथा प्राकृतिक विपद्का कारण सिर्जना हुने सडक अवरोधलाई न्युनीकरण गरिनेछ।<br>ग) वातावरण मैत्री र प्रकोप सामना गर्न सक्ने आधुनिक प्रविधि एवम् वायो ईन्जिनियरिङ्ग जस्ता उपयुक्त प्रविधिको उपयोग मार्फत जलवायु अनुकूलित हुने गरी सडक निर्माण गरिनेछ र सडकका कारणले हुने भू-क्षय नियन्त्रण गरिनेछ ।<br>घ) सडकको गुणस्तर एवम् यात्रुको सुरक्षालाई ध्यान दिई |

| रणनीति | कार्यनीति |
|---|---|
| | डिजाइन, निर्माण र निर्माण पश्चात सञ्चालन चरणमा सडक सुरक्षा परीक्षण (Road Safety Audit) को व्यवस्था मिलाईने छ । |
| ३. प्रदेश भित्रका महत्वपूर्ण धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरु जोड्ने सडक निर्माण गर्ने । | क) संघीय सरकार र प्रदेशभित्रका पालिकाहरु तथा अन्य प्रदेश सरकारसँग उचित समन्वय, सहकार्य र साझेदारीमा प्रदेश तथा अन्तर प्रदेशभित्रका आर्थिक केन्द्रहरूलाई जोड्ने सडक निर्माण गरिनेछ ।<br>ख) सहरी विकास वा बस्ती विस्तार र अन्य आर्थिक विकासका गतिविधि विस्तारसँग अग्रसम्बन्ध र पृष्ठसम्बन्ध कायम हुने गरी सडक निर्माण, विस्तार र सुधार गरिनेछ । |
| ४. सडक सम्पतिको उचित व्यवस्थापन र सञ्चालनको लागि नीतिगत, संस्थागत र प्रविधिगत व्यवस्था गर्ने । | क) आपतकालीन मर्मत सम्भारका लागि उपकरण सहितको व्यवस्था हुने गरी संस्थागत व्यवस्था गरिनेछ ।<br>ख) सडक मर्मत सम्भार कोष खडा गरी आवश्यक स्रोत जुटाउने कार्यलाई व्यवस्थित गरिनेछ ।<br>ग) निर्माण हुने तथा भएका सडकहरुलाई सुरक्षित बनाउन आबश्यक पूर्वाधारको ब्यबस्था गरिनेछ।<br>घ) सडकको आवश्यकता पहिचान, डिजाईन, रेखांकन, निर्माण, सञ्चालन, रेखदेख र मर्मत सम्भारमा समेत आधुनिकतम् प्रविधिको उपयोग गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशका सबै पालिकाहरु राष्ट्रिय सडक सञ्जालमा आवद्ध भएका हुनेछन् । प्रदेशको सडक गुरुयोजना तयार भएको हुनेछ । वातावरणमैत्री एवम् यात्रुको सुरक्षा अनुकूलको गुणस्तरीय सडक अनुपात बढेको हुनेछ । प्रदेशमा कुल कालोपत्रे सडक ८०० कि.मी. पुगेको हुनेछ । आधा घण्टाको समय भित्र सडक यातायातको पहुँच पुगेको जनसङ्ख्या ८५ प्रतिशत पुगेको हुनेछ ।

## ७.१.२ हवाई यातायात

### १. पृष्ठभूमि

प्रदेशको अवस्थिति एवम् धरातलीय स्वरुपका कारण छिटो र भरपर्दो आवागमनको लागि हवाई यातायात उपयुक्त मानिन्छ । सडक यातायात सञ्जाल सवै तिर नपुगेको र अन्य प्रदेश एवम् केन्द्रीय राजधानीमा छिटो पहुँचको लागि हवाई यातायातको विकासको आवश्यकता रहेको

छ । प्रदेशमा १० वटा विमानस्थल रहे पनि ६ वटा मात्र सञ्चालनमा छन् । धनगढी विमानस्थल प्रदेशको ठूलो र सुविधायुक्त विमानस्थल हो । यसबाट दैनिक ५/६ वटा उडान राजधानी काठमाडौंमा हुने गरेका छन् भने प्रदेशका पहाडी जिल्लाहरुमा पनि यही विमानस्थलबाट विभिन्न उडानहरु हुन्छन। धावन मार्ग (१८०० मि.) का हिसाबले धनगढी, कैलालीको गेटामा रहेको यो विमास्थल त्रिभुवन विमानस्थल पछिको ठूलो विमानस्थल हो र २४४ विघा जग्गा प्राप्ती गरी करिब १७ अर्ब बजेट व्यवस्था गर्ने र पूर्वाधार विकास गर्न सकेमा अन्तर्राष्ट्रिय विमानस्थलको स्वरुप दिन सकिने अध्ययन भए अनुरुप गुरु योजना समेत तयार भएको छ ।

**२. प्रमुख समस्या**

अप्ठेरो भू-धरातल, साना र आवश्यक अत्याधुनिक सेवा सुविधा उपलब्ध गराउन अझै बाँकी रहेका अवस्थाका विमानस्थल हुनु, प्रविधि र जनशक्तिको कमी, माग अनुरुप सेवा प्रदायकको र उडान संख्या कम हुनु, उडानमा महंगो लागतका कारण आर्थिक रुपले कमजोर यात्रीको पहुँच नपुग्ने जस्ता समस्याहरु रहेका छन् ।

**३. चुनौती तथा अवसर**

निर्मित र अधुरा हवाई मैदानको पुरा उपयोग एवम् आधुनिकीकरण, हवाई उडयनमा सबैको पहुँच, प्रदेशमा हवाई सेवा विस्तार र सेवा प्रदायकको आकर्षण वृद्धि, केन्द्रको प्राथमिकतामा पारी कैलालीको धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा विकास गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा विकास गर्न सकिने देशकै दोस्रो ठूलो धनगढी विमानस्थल यस प्रदेशमा हुनु, आवश्यक मर्मत सम्भार पश्चात १० वटै विमानस्थल सञ्चालन हुन सक्ने स्थिति हुनु, पर्यटकीय दृष्टिले हवाई सेवा विस्तारमा उडयन सेवा प्रदायकको अभिरुची रहनु प्रमुख अवसरका रुपमा रहेका छन् ।

**४. क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोच**

सुरक्षित, भरपर्दो र सुलभ हवाई सेवाको उपलब्धता ।

**४.२ लक्ष्य**

हवाई यातायातको पहुँच अभिवृद्धि गर्ने ।

**४.३ उद्देश्य**

प्रदेशमा सुरक्षित, सुलभ हवाई यातायात सेवा उपलब्ध हुने गरी सबै विमानस्थललाई बाह्रै महिना संचलन हुन सक्ने तुल्याउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.विद्यमान विमानस्थल विकास, विस्तार र अन्य पूर्वाधार सुद्धृढ गर्न केन्द्रसँग आवश्यक समन्वय, सहकार्य गर्ने । | क) कैलालीको गेटा विमानस्थल विस्तार विकास गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुप दिइनेछ ।<br>ख) सबै विमानस्थलहरुको स्तरोन्नति र सुद्धृढीकरण गरी बाह्रै महिना हवाई सेवा उपलब्ध हुन सक्ने तुल्याइनेछ।<br>ग) नियमित उडान हुन नसकेका विमानस्थलमा उपयुक्त उड्यान क्रियाकलाप संचालनमा प्रोत्साहन गरिनेछ ।<br>घ) स्थानीय तहसँगको सहकार्यमा आकस्मिक र अत्यावश्यक उद्दार आदिका लागि प्रत्येक वडामा १ हेलीप्याड बनाइनेछ । |
| २. केन्द्रसँग समन्वय गरी विमानस्थलमा आधुनिक उड्डयन सहायक उपकरण, प्रविधि एवम् दक्ष जनशक्ति व्यवस्था गरी हवाई सेवाको गुणस्तर र विश्वसनीयता बढाउने । | क) सबै विमानस्थलमा अत्याधुनिक उड्डयन सहायक प्रविधि र उपकरण जडान गर्ने र दक्ष जनशक्ति व्यवस्था गरिनेछ।<br>ख) विमानहरुको उडान सुरक्षा अनुगमन र जाँच प्रणाली अन्तर्राष्ट्रिय स्वीकृत मापदण्ड अनुरुप तुल्याइनेछ । |
| ३. हवाई सेवामा पहुँच बढाउने । | क) सुरक्षित, भरपर्दो र विश्वसनीय एवम् सुलभ हवाई सेवाको लागि केन्द्र, स्थानीय तह, सेवा प्रदायक एवम् निजी क्षेत्रसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।<br>ख) यात्रु उपलब्धता, लागत, दक्षताका कारण सेवा प्रदायक आकर्षित नहुने एवम् सीमान्तकृत र अशक्तताग्रस्त यात्रुले लागत व्यहोर्न नसकी सेवा उपयोगको लाभ नपाउने अवस्था अन्त्य गर्न स्थानीय तह एवम् व्यवसायीहरुसँग आवश्यक साझेदारी गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

कैलालीको गेटा विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा विकास भएको हुने, सबै विमानस्थलको स्तरोन्नति भै बाह्रै महिना उडान हुन सक्ने अवस्था हुने, सबै वडामा हेलीप्याड निर्माण भै संकट वा अत्यावश्यक सेवा उपलब्ध हुन सक्ने हुने, प्रदेशमा हवाई सेवा सुरक्षित, भरपर्दो, विश्वसनीय र नियमित भएको हुनेछ ।

## ७.१.३ जलमार्ग

### १. पृष्ठभूमि

जलमार्गलाई बैकल्पिक यातायात तथा मनोरञ्जनात्मक यात्राका लागि समेत उपयोग गर्न सकिन्छ । जलमार्गलाई विकास गरी प्रदेशबाट आयात निर्यात हुने सामानहरूको ढुवानीका लागि पनि उपयोग गर्न सकिने संभावनाहरु रहेका छन् । सेती र कर्णाली जस्ता देश कै ठूला नदीहरू रहेको यस प्रदेशमा जल यातायातको विकास गर्न सकिने पर्याप्त संभावनाहरु छन् । जलमार्गलाई प्रदेशमा पर्यटक भित्र्याउने माध्यमका रुपमा पनि उपयोग गर्न सकिन्छ । यस क्षेत्रमा संभाव्यताका आधारमा पूर्वाधारहरुको विकास गर्न सकिए निजी क्षेत्रको लगानी भित्रिन सक्ने संभावनाहरु पनि छन् । तसर्थ जलमार्गको विकासका लागि योजनावद्ध रुपमा अघि बढन पर्ने हुन्छ ।

### २. प्रमुख समस्या

नयाँ क्षेत्र भएकोले यस सम्बन्धी ज्ञान, सीप तथा अनुभवको कमी हुनु र आवश्यक पूर्वाधारको अभाव रहनु । जलमार्ग सम्वन्धी आवश्यक नीति नियमको अभाव हुनु, नदीहरुमा पानी वहाव सधै एकनासको नहुनु प्रमुख समस्या हुन् ।

### ३. चुनौती तथा अवसर

यसका लागि आवश्यक पूर्वाधार विकासको लागि चाहिने ठूलो लगानी जुटाउनु, निजी क्षेत्रको लगानीलाई यस क्षेत्रमा आकर्षित गर्नु, आवश्यक प्रविधि र जनशक्तिको व्यवस्था गर्नु प्रमुख चुनौतीहरु हुन् ।

सेती र कर्णाली जस्ता ठूला नदीहरु उपलव्ध हुनु र ती नदीहरुमा जल यातायात सञ्चालनको सम्भावना रहनु र जलयात्राको सञ्चालनमा निजी क्षेत्रको लगानी भित्रिन सक्ने संभावना रहनु प्रमुख अवसरहरु हुन् ।

### ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

#### ४.१ सोच

वैकल्पिक यातायातको लागि जल मार्गको विकास ।

#### ४.२ लक्ष्य

प्रदेशमा जल यातायातलाई सहज यातायातका माध्मका रुपमा विकास गर्ने ।

### ४.३ उद्देश्य

उद्योग, व्यापारमा हुने ढुवानी खर्चलाई कम गर्न तथा पर्यटन विकासका लागि जलमार्गको उपयोग गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.बैकल्पिक मार्गका रुपमा जल मार्गको विकास गर्ने । | क) प्रदेश भित्रका नदीहरुमा जल यातायातको संभाव्यता अध्ययन गरिनेछ ।<br>ख) जलमार्ग सञ्चालनका लागि आवश्यक नीति नियमहरुको तर्जुमा गरिनेछ ।<br>ग) सम्भाव्यताका आधारमा जल मार्गको विकास गरिनेछ ।<br>घ) आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ । |
| २. निजी क्षेत्रसँगको सहकार्यमा जल यातायात सेवा सञ्चालनका लागि प्राथमिकता दिने । | क) जल यातायात सेवा सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>ख) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार जल यातायात विकासका लागि आवश्यक पहल गरिनेछ ।<br>ग) प्रदेशको पर्यटन विकासका लागि सम्भाव्य नदी र तालमा जल यातायात सञ्चालन गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशमा जल यातायात सञ्चालनका लागि सम्भाव्यता अध्ययन भएको हुने । जल मार्ग सञ्चालनका लागि निजी क्षेत्रसँग साझेदारीको आवश्यक नीति नियमहरु बनेका हुने । सेती र कर्णाली नदी तथा प्रमुख तालहरूमा जल यातायात सञ्चालनका लागि आवश्यक पूर्वाधार विकास भएको हुने । प्रदेशमा जल यातायातका कारण पर्यटक आवागमनमा वृद्धि भएको हुनेछ ।

## ७.१.४ झोलुङ्गे पुल, रज्जुमार्ग र केबलकार

### १. पृष्ठभूमि

खोलानाला तर्न तुइन लगायतका जोखिमपूर्ण यातायातका साधनबाट भन्दा झोलुङ्गे पुलको जनतालाई सहज तथा सुरक्षित आवागमनका लागि महत्वपूर्ण भूमिका रहेको छ। किफायती र वातावरणमैत्री मालसामान ढुवानीको साधनका रुपमा रज्जुमार्ग र पर्टकीय विकासका लागि

केबलकारको महत्व रहेको पाइन्छ । प्रदेश भित्रै सेती तथा कर्णाली जस्ता नदीहरुबाट उत्पादन हुने ठूलो मात्राको जलविद्युतको उपयोग गरी रज्जुमार्ग र केबलकारको सञ्चालन गर्न सकिने संभावनाहरु छन् । हरित उर्जामा आधारित यातायातका यी विकल्पहरुबाट प्रदेशको प्राकृतिक वातावरणलाई संरक्षण गर्न सकिने, मूल बाटो, गोरेटो बाटो तथा पद मार्गमा आवश्यकता अनुसार झोलुंगे पुल निर्माण मार्फत पर्यटकीय आवागमनलाई सहज बनाउन सकिने हुन्छ । प्रदेशमा निर्माण भैसकेका झोलुंगेपुलहरुको संरक्षण एवम् मर्मत संभारको उचित प्रवन्ध गरी ग्रामीण बिकासमा टेवा पुग्ने गरी नयाँ झोलुंगेपुलहरु निर्माण गर्न आवश्यक छ।

## २. प्रमुख समस्या

कठिन भूगोल, तत्काल रज्जुमार्ग र केबलकारका लागि आवश्यक पर्ने पूँजी, दक्षजनशक्ति र विद्युतीय उर्जाको अभाव हुनु, आवश्यक नीति नियम तथा प्राविधिक दक्षताको अभाव रहनु, झोलुङ्गे पुल, रज्जुमार्ग र केबलकार विकासका लागि आवश्यक पर्ने ठूलो आर्थिक स्रोतको अभाव रहनु, झोलुङ्गे पुल, रज्जुमार्ग, केबलकारका लागि चाहिने उपकरण, लठ्ठा लगायतका सामग्रीको देश भित्र उपलब्धता नहुनु प्रमुख समस्याहरु हुन् ।

## ३. चूनौती तथा अवसर

कठिन भौगोलिक क्षेत्रमा उर्जाको व्यवस्था गर्नु, निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्नु, साथै विकास र सञ्चालनका लागि दक्ष श्रमिक तथा प्राविधिक जनशक्तिको व्यवस्था गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

प्रदेश भित्रै उत्पादन हुने जलविद्युतबाट रज्जुमार्ग तथा केबलकारहरु सञ्चालन गर्न सकिने हुनु, रज्जुमार्ग तथा केबलकारहरुको विकास र सञ्चालनले लामो दुरीको मालसामान ढुवानी तथा यात्रु सेवा सञ्चालन गर्दा तुलनात्मक रुपमा किफायती, सुरक्षित, भरपर्दो, द्रुत र वातावरणमैत्री हुनु र झोलुङ्गे पुल निर्माण गर्न सक्ने प्रयाप्त प्राबिधिक जनशक्ति, निर्माण व्यवसायी एवम् प्रविधि प्रदेश भित्र उपलब्ध हुनु अवसरहरु हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

वातावरण एवम् नागरिक मैत्री बैकल्पिक यातायात प्रणालीको विकास ।

### ४.२ लक्ष्य

वैकल्पिक यातायात प्रणालीलाई वातावरणमैत्री र सुरक्षित यातायातको रुपमा विकास गर्ने ।

### ४.३ उद्देश्य

- स्थानीय यातायातलाई सुरक्षित बनाई जन-धनको सुरक्षा गर्नु ।
- रज्जुमार्ग तथा केबलकार सहित विद्युतीय यातायात प्रणालीको विकास गरी ढुवानी लागत घटाउनु तथा पर्यटन प्रबर्द्धन गर्नु ।
- ग्रामीण तथा दुर्गम क्षेत्रमा यातायातको आधारभूत सेवा पहुँचमा सुधार गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. झोलुंगे पुल निर्माण मार्फत सहज तथा सुरक्षित स्थानीय यातायातको विकास गर्ने । | क) लामो दुरीका (१२० मि. भन्दा बढी लम्बाई भएका) झोलुंगे पुलहरू प्राथमिकताका आधारमा निर्माण गरिनेछ ।<br>ख) स्थानीय निर्माण व्यवसायी, स्थानीय श्रमिक तथा प्राविधिकको क्षमता अभिवृध्दि गरिनेछ ।<br>ग) छोटो दुरिका झोलुंगे पुल निर्माणको लागि स्थानीय तहको प्राबिधिक क्षमता अभिवृद्धिका लागि सहयोग गरिनेछ ।<br>घ) पर्यटन बिकासको संभावना भएका स्थानहरुमा पर्यटन विकास कार्यक्रमसँग समन्वय गरी झोलुंगे पुल, केवलकार एवम् रज्जु मार्ग निर्माण गरिनेछ।<br>ङ) निर्माण भएका झोलुंगे पुलहरुको नियमित मर्मत सम्भार एवम् पुनः स्थापना गरिनेछ। |
| २. बिद्युतीय यातायात प्रणालीको विकासका लागि गुरुयोजना तयार गर्ने। | क) रज्जुमार्ग तथा केबलकार जस्ता विद्युतीय यातायात प्रणालीको विकासका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>ख) सम्भाव्यता अध्ययनको आधारमा विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालनको गुरुयोजना तयार गरिनेछ । |
| ३.रज्जुमार्ग तथा केबलकार सेवा सञ्चालनको पूर्वाधार र संस्थागत विकास गर्ने । | क) रज्जुमार्ग र केबलकार सेवा सञ्चालन गर्न आवश्यक कानूनी, नीतिगत र संस्थागत व्यवस्था गरिनेछ ।<br>ख) विद्युतीय यातायात प्रणालीलाई आवश्यक पर्ने जलविद्युत सञ्चालनको पूर्वाधार र उत्पादन, प्रसारण र वितरण प्रणालीको संस्थागत विकासमा विशेष जोड दिइनेछ ।<br>ग) सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार रज्जुमार्ग तथा केवलकार विकासका लागि आवश्यक पहल गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

मुख्य गोरेटो बाटोमा आवश्यकता अनुसार झोलुंगे पुल निर्माण भएका हुनेछन् । पूर्ण रुपमा तुइनलाई झोलुङ्गे पुलले प्रतिस्थापन गरेको हुनेछ । रज्जुमार्ग तथा केबलकारको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र गुरु योजना तयार भई प्रारम्भिक कार्य भएको हुनेछ । प्रदेशमा वैकल्पिक विद्युतीय यातायात प्रणाली विकासका लागि कानूनी, नीतिगत तथा संरचनात्मक व्यवस्था भएको हुनेछ ।

## ७.२ ऊर्जा

### ७.२.१ जलविद्युत

### १. पृष्ठभूमि

कर्णाली, महाकाली, पश्चिम सेती र बुढीगंगा नदी सुदूरपश्चिम प्रदेशका जलविद्युत उत्पादनका मुख्य स्रोत हुन्। यस प्रदेशको सम्भाव्य जलविद्युत उत्पादन क्षमता राष्ट्रिय उत्पादन क्षमताको करिव २२ प्रतिशत रहेता पनि हालसम्म ५२ मेगावाट जलविद्युत मात्र राष्ट्रिय ग्रीडमा जडित छ । हाल करिब १६२ मेगावाट उत्पादन क्षमताका १४ वटा बिभिन्न योजनाहरु कार्यान्वयन भैरहेका छन् भने पश्चिम सेती (७५० मे.वा.) लगायतका १६ वटा बिभिन्न योजनाहरुको उत्पादन क्षमता १४५१ मेगावाट उत्पादनको लागि अनुमति दिइएको छ । प्रदेशको ६४.६९ प्रतिशत जनतामा विद्युत सेवाको पहुँच उपलब्ध रहेको छ । प्रदेशको शत प्रतिशत घरधुरीमा बिद्युत सेवाको पहुँच पुऱ्याउन, कृषि, उद्योग, यातायात लगायत अन्य क्षेत्रमा बढ्दै गएको मागलाई सम्वोधन एवम् विद्युतमा आत्मनिर्भर भई निर्यात समेत गर्न प्रदेशको जलविद्युत क्षमतालाई अधिकतम सदुपयोग गर्न आवश्यक छ ।

### २. प्रमुख समस्या

जलविद्युत आयोजनाहरूका लागि इजाजत प्राप्त निजी कम्पनिहरुबाट समय मै विद्युत उत्पादन हुन नसक्नु, प्रदेश भरिको समग्र सम्भावित विद्युत आयोजनाहरूको संभाव्यता अध्ययन हुन नसक्नु, अध्ययन पुरा भै सकेका आयोजनाहरू पनि निर्माणमा ढिलाई हुनु, वृहत आयोजनाहरुका लागि आवश्यक स्वदेशी तथा बैदेशिक लगानी जुटन नसक्नु, बिद्युतीय आपूर्तिका लागि प्रसारण तथा वितरण लाईनको अभाव हुनु प्रमुख समस्याहरू हुन्।

### ३. चुनौती तथा अवसर

वृहत आयोजनाहरु सञ्चालनका लागि आवश्यक लगानी जुटाउनु, प्रदेश भित्रै दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गर्नु, जलविद्युत एवम् प्रसारण लाइन निर्माण तथा विस्तारको लागि आवश्यक पर्ने जग्गा प्राप्ती गर्नु, आयोजनाहरू समय मै र तोकिएको लागतमा सम्पन्न गर्नु र प्रदेशका सबै नागरिकहरुलाई विद्युत सुविधा उपलव्ध गराउनु प्रमुख चुनौतीहरू हुन् ।

प्रदेशमा प्रशस्त जलविद्युत उत्पादनको संभावना रहनु, जलविद्युत उत्पादन प्रदेश सरकारको प्राथमिकतामा पर्नु, जलविद्युत उत्पादनको क्षेत्रमा लगानीको लागि स्वदेशी तथा विदेशी निजी क्षेत्रको अभिरुची रहनु, उत्पादित विद्युतका लागि आन्तरिक र वाह्य बजार उपलब्ध हुनु, नागरिकहरु जलविद्युत आयोजनामा शेयर लगानी गर्न उत्सुक रहनु र प्रदेशको औद्योगिकीकरणका लागि प्रयाप्त जलविद्युतको उपलव्धता प्रथम आवश्यकताका रुपमा रहनु प्रमुख अवसरहरू हुन् ।

## ४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

आत्मनिर्भरता र समृद्धिका लागि जल विद्युतको विकास।

### ४.२ लक्ष्य

विभिन्न आयोजनाहरुबाट जल विद्युतको उत्पादन गरी प्रदेशको तीव्र आर्थिक विकासमा सघाउ पुऱ्याउने ।

### ४.३ उद्देश्य

- जलविद्युतमा नागरिकहरुको पहुँच विस्तार गर्नु ।
- जलविद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र यातायात सेवा सहित समस्त आर्थिक क्षेत्रको विकासमा योगदान गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १ संघीय सरकारसँगको समन्वयमा प्रदेश स्तरीय ठूला जलविद्युत आयोजनाहरू निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने । | क) जलविद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियम तथा ठूला जलविद्युत संरचनाहरूको विकासका लागि पहल गरिनेछ ।<br>ख) प्रदेश एवम् मुलुक कै जल विद्युत उत्पादनमा अहम् महत्व राख्ने पश्चिम सेती जलविद्युत आयोजना (७५० मे वा ) लगायतका अन्य वृहत जलविद्युत आयोजनाहरु निर्माणका लागि आवश्यक लगानी जुटाई छिटै निर्माण कार्य प्रारम्भ गर्ने प्रयास गरिनेछ ।<br>ग) वातावरणीय अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदनका आधारमा निर्माणका लागि प्राथमिकता अनुसार कार्यान्वयन गरिनेछ ।<br>घ) विद्युत खरिद सम्झौता भई निर्माणमा रहेका जलविधुत आयोजनाहरूलाई नियम निर्माण गरी समयमै सम्पन्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | गर्नुका साथै नयाँ आयोजनामा लगानीको लागि पहल गरिनेछ । |
| २ विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गर्न प्रसारण लाइनहरु निर्माण गर्ने। | क) उत्पादित विद्युतलाई वितरण लाइनसँग जोड्न र राष्ट्रिय ग्रीडमा प्रवाह गराउन आन्तरिक प्रसारण लाइन निर्माण गरिनेछ ।<br>ख) विद्युत वितरण प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउन क्रमिक रुपमा लाइनहरू निर्माण वितरण प्रणाली स्वचालन एवम् स्मार्ट ग्रीड बनाउदै लगिनेछ ।<br>ग) एकीकृत जलस्रोत तथा उर्जा विकास योजना तयार गरी कार्यान्वयन र लगानी सुनिश्चित गरिनेछ । |
| ३ प्रदेश विद्युत विकास कम्पनी स्थापना गर्ने । | क) प्रदेशको अधिकार क्षेत्र भित्रको जल विद्युत आयोजनाको शिघ्र विकासका लागि विद्युत विकास कम्पनी स्थापनाको स्थापना गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

बिद्युतीय पहुँच प्राप्त परिवार ९९ प्रतिशत पुगेको हुने, प्रदेशमा विद्युत उत्पादन २५० मेगावाट पुगेको हुने तथा आवश्यक विद्युत प्रसारण लाइनहरूको विस्तार भएको हुने तथा प्रदेशमा विद्युत विकास कम्पनी स्थापना भएको हुनेछ ।

## ७.२.२ वैकल्पिक ऊर्जा

### १. पृष्ठभूमि

वैकल्पिक तथा नवीकरणीय ऊर्जा कम लगानीमा छिटै उपलव्ध हुन सक्ने ऊर्जा भएकोले ग्रामीण विद्युतीकरणका लागि यसको ठूलो महत्व रहेको छ । अहिले प्रदेशको कुल ऊर्जामा वैकल्पिक ऊर्जाको योगदान २५ प्रतिशत रहेको छ । छरिएर रहेका थुप्रे ग्रामीण बस्तीहरू रहेको यस प्रदेशमा नागरिकहरूको ऊर्जाको पँहुचलाई सुनिश्चत गर्नका लागि वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकासका लागि प्राथमिकतामा राख्नु पर्ने भएको छ । हाल उपलव्ध प्रविधिको उच्चतम उपयोग गर्दै सौर्य तथा वायु ऊर्जाको लाभ लिन सकिने यथेष्ट संभावनाहरु रहेकाले प्रदेश सरकारले यसको विकासलाई पनि प्राथमिकतामा राखेको छ ।

### २. प्रमुख समस्या

ठूलो ग्रामीण क्षेत्रको ऊर्जाको आवश्यक पुरा गर्न पर्याप्त लगानीको अभाव हुनु, दुर्गम, ग्रामीण भेगमा स्थानीयस्तरमा प्रविधि तथा प्राविधिकहरुको सहज उपलव्धता नहनु, वैकल्पिक ऊर्जाबाट

ठूलो मात्रामा विद्युत उत्पादन नभई यो स-साना घरायसी आवश्यकता परिपूर्तिमा मात्र सीमित रहनु प्रमुख समस्याहरू हुन् ।

## ३. चुनौती तथा अवसर

वैकल्पिक तथा नवीकरणीय ऊर्जालाई जलविद्युतको भरपर्दो विकल्पका रुपमा विकास गर्नु, यसलाई ग्रामीण भेकको खाना पकाउने परम्परागत ऊर्जाको स्रोत दाउरालाई प्रतिस्थापन गर्ने गरी विकास गर्नु, यसको पहुँच बढाउन आवश्यक पर्ने ठूलो आर्थिक स्रोत साधनको व्यवस्था गर्नु तथा वैकल्पिक ऊर्जा प्रविधिबाट ऊर्जा उत्पादन, उपयोग र व्यवस्थापनका लागि तीनै तहको सरकारबीच आपसी सहकार्य र समन्वय गर्नु मुख्य चुनौतीहरू हुन् ।

वैकल्पिक तथा नवीकरणीय ऊर्जा यस प्रदेशको ग्रामीण भेकमा ऊर्जाको आपूर्तिका लागि सहज विकल्पका रुपमा रहनु, प्रदेशमा यसको माग र उपयोग बढ्दै जानु, प्रदेश सरकारको प्राथमिकतामा पर्नु यसका अवसरहरू हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

ऊर्जाको पहुँच विस्तारका लागि वैकल्पिक ऊर्जा ।

### ४.२ लक्ष्य

वैकल्पिक तथा नवीकरणीय ऊर्जाको यथेष्ट विकास गर्ने ।

### ४.३ उद्देश्य

वैकल्पिक तथा नवीकरणीय ऊर्जाको उपयोग गरी हरित ऊर्जामा प्रदेशका नागरिकहरुको पहुँच बढाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वैकल्पिक ऊर्जाको विकास र विस्तार गर्ने । | क) वैकल्पिक ऊर्जाको विकासका लागि यथेष्ट कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ख) वैकल्पिक ऊर्जालाई शहरी क्षेत्रमा पनि विस्तार गरिनेछ।<br>ग) लघु तथा साना उद्यमहरूको विद्युत आवश्यकताको परिपूर्तिका लागि वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।<br>घ) ग्रामीण भेकका वैकल्पिक ऊर्जा आयोजनाहरूको दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २. ग्रामीणस्तरमा नै वैकल्पिक ऊर्जाको बहु | क) स्थानीय तहहरूलाई स्थानीयस्तर मै बैकल्पिक ऊर्जाको प्राविधिक क्षमता विकासका लागि सहयोग गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| उपयोग तथा प्रविधि उपलव्धताको व्यवस्था गर्ने। | ख) जैविक स्रोतको उपयोगबाट ऊर्जा उत्पादन गर्नका लागि आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्द्धन र विस्तार गरिनेछ ।<br>ग) कृषि तथा पशुपन्छीबाट उत्पादित जैविक पदार्थ/फोहोरको उपयोग गरी ठूला क्षमताका वायोग्याँस प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

वैकल्पिक ऊर्जाको माध्यमद्वारा ग्रामीण वस्तीहरुमा ऊर्जाको पहुँच विस्तार भएको हुने, वैकल्पिक ऊर्जाको शहरी क्षेत्रमा पनि उपयोग बढेको हुनेछ ।

## ७.३ ग्रामीण बस्ती विकास तथा सहरीकरण

### १.पृष्ठभूमि

अधिकांश परम्परागत रुपमा निर्माण भएका ग्रामीण बस्तीहरू रहेको यस प्रदेशमा प्रायजसो वस्तीहरु छरिएर रहेका छन् । आधुनिक विशेषता र सुविधा सहितको योजनावद्ध ग्रामीण वस्तीहरुको विकास तथा सहरीकरणका सम्वन्धमा पनि यस प्रदेशले धेरै कार्य गर्न बाँकी छन्। वातावरणमैत्री, प्रकोप प्रतिरोधि, आधुनिक सुविधायुक्त, व्यवस्थित एकिकृत ग्रामीण वस्तीहरुको विकास तथा आधुनिक तथा योजनावद्ध रुपमा सहरीकरण गर्नु यस प्रदेशको अहिलेको आवश्यकता हो ।

### २. प्रमुख समस्या

बढ्दो जनसङ्ख्यालाई विचार गरी योजनाबद्ध रुपमा गाउँ, सहर तथा वस्तीहरूको विकास हुन नसक्नु, एकिकृत वस्ती विकासको अवधारणाले मूर्तरुप लिन नसक्नु, भएका गाउँ वस्तीमा आधारभूत सेवा सुविधा नहुनु, आधुनिक सुरक्षित आवासको ठूलो अभाव रहनु, मौजुदा शहरी क्षेत्रमा बसाइँसराइको चाप अत्याधिक हुनु र गाउँ, सहर तथा वस्तीको विकास गर्ने निकायहरूबीच आपसी समन्वय हुन नसक्नु, योजना छनौटमा कुनै किसिमको मापदण्ड नहुनु, पटक पटक बाढी र पहिरोको कारणले ठूलो जनधनको क्षति भई रहदा पनि न्यूनीकरणका लागि सरोकारवाला निकायको चासो नहुन आदि प्रमुख समस्या हुन् ।

## ३. चुनौती तथा अवसर

जिर्ण, जोखिमपूर्ण तथा छरिएर रहेका ग्रामीण वस्तीहरुलाई विस्थापित गर्न सक्ने गरी पर्याप्त एकीकृत ग्रामीण विकास तथा आधुनिक शहरीकरणको समन्वयात्मक रुपमा विकास गर्नु, बढ्दो जनसंख्या तथा आन्तरिक बसाइँ-सराइको समस्यालाई सम्वोधन गर्न सक्ने गरी आधुनिक एकीकृत बस्ती विकास तथा सहरीकरण गर्नु, सबै नागरिकहरुका लागि आधुनिक सुविधा सम्पन्न आवासको व्यवस्था गर्नु चुनौतीका रुपमा रहेका छन् ।

सुरक्षित एवम् आधुनिक आवास निर्माणमा नागरिकहरूको सचेतना बढ्दै जानु, एकीकृत ग्रामीण बस्ती विकास तथा आधुनिक शहरीकरणका लागि मागहरु बढदै जानु, तीनै तहका सरकारको यसमा ध्यान जानु, योजनावद्धरुपमा सहरी वस्ती विकासका लागि निजी क्षेत्रको पनि अभिरुचि रहनु अवसर हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

ग्रामीण वस्ती विकास तथा सहरीकरण द्वारा बसाइँसराइको नियन्त्रण।

### ४.२ लक्ष्य

सुरक्षित एवम् एकिकृत ग्रामीण वस्ती विकास तथा आधुनिक सुविधा सम्पन्न सहरीकरण गर्ने ।

### ४.३ उद्देश्य

आवश्यक सेवा सुविधा सहित दिगो, सुरक्षित र व्यवस्थित एकीकृत ग्रामीण वस्ती विकास तथा संभावित स्थानहरुमा थप सहरीकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संभाव्यताका आधारमा एकीकृत ग्रामीण वस्ती तथा नयाँ सहरहरूको विकास गर्ने। | क) एकीकृत ग्रामीण वस्ती विकास तथा नयाँ स्थानहरुमा सहरीकरणका लागि संभाव्यता अध्ययन गरी कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।<br>ख) छरिएर रहेका तथा जोखिममा रहेका ग्रामीण बस्तीहरूलाई आधुनिक भौतिक सेवा, सुविधा सहितको एकीकृत हरित बस्तीहरुको रुपमा विकास गरी ग्रामीण भेकबाट सहरी क्षेत्रमा हुने बसाँइसराइलाई निरुत्साहित गर्नका लागि **"मुख्य मन्त्री सघन ग्रामीण विकास परियोजना"** सञ्चालन गरिनेछ ।<br>ग) आर्थिक-व्यापारिक केन्द्रकोरुपमा रहन सक्ने स्थानहरुको छनौट गरी प्रत्येक जिल्लामा कम्तीमा एउटा पर्ने गरी थप नयाँ सहर विकास गरिनेछ । |

| | |
|---|---|
| २. मौजुदा सहरहरुलाई आधुनिककरण गर्ने । | क) प्रदेश राजधानी सहित धनगढी र महेन्द्र नगरलाई आधुनिक सुविधा सम्पन्न हरित स्मार्ट सहरका रुपमा विकास गरिनेछ।<br>ख) सबै जिल्ला सदरमुकाम र नगरपालिकाहरूमा योजनावद्धरुपले आधुनिक सेवा सुविधाहरू विस्तार गरी सहरिकरणको विस्तार गरिनेछ । |
| ३. विपन्न, आवास विहिन एवम् विपद्को उच्च जोखिममा रहेकाहरूकालागि आवासको व्यवस्था गर्ने । | क) अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाति, समुदाय र सुकुम्वासीको लागि सुरक्षित र किफायती आवास उपलब्ध गराइनेछ ।<br>ख) विपद्को उच्च जोखिममा रहेका परिवारका लागि आवासको विकास गरिनेछ । |

### ५. अपेक्षित उपलव्धि

एकीकृत ग्रामीण वस्ती विकास तथा नयाँ-स्थानहरुमा सहरीकरणका लागि संभाव्यता अध्ययन गरी कार्यक्रमहरु सञ्चालन भएको हुनेछ । धनगढी, महेन्द्रनगर तथा राजधानी सहरलाई हरित स्मार्ट सहर बनाउने तथा जिल्ला सदर मुकाम तथा नगरपालिकाहरुलाई सहरीकरण गर्ने कार्य प्रारम्भ भएको हुनेछ । आवास भवनहरूको निर्माण गरी आवासविहीन हरूलाई उपलव्ध गराइएको हुनेछ ।

## ७.४ सिँचाइ

### १. पृष्ठभूमि

सूदुरपश्चिम प्रदेशको कुल खेती गरिएको जमीन ३ लाख २८ हजार ६४९ हे. को करिब २९ प्रतिशत जमीनमा मात्र बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध छ भने ७१ प्रतिशत जमीनमा अझैपनि मौसमी सिचाईमा भरपर्नु अवस्था विद्यमान रहेको छ । हाल यस क्षेत्रमा परम्परागत सिँचाइ प्रणालीको मर्मत-संभार तथा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको माध्यमबाट सिँचित कृषि क्षेत्रको विस्तार गर्ने प्रयास गरिदै आएको छ । अब सिँचाइ सुविधा पुग्न बाँकी खेतीयोग्य जमीनमा सिँचाइ सुविधाका लागि महाकाली, रानी, जमरा, कुलरिया तथा मोहना जस्ता वृहत सिँचाइ आयोजनाहरुको शिघ्र कार्यान्वयन गर्नुका साथै पहाडी तथा हिमाली भूभागमा स्थानीयस्तरमा उपलव्ध पानीको स्रोतको उच्चतम उपयोगका लागि आधुनिक प्रविधिको उपयोगमा जोड दिनु पर्ने भएको छ ।

### २. प्रमुख समस्या

प्रदेशमा सञ्चालनमा आइ सकेका सिँचाइ आयोजनाहरू नियमित मर्मत संभारको अभावमा जीर्ण हुँदै जानु, कठिन भू-धरातलका कारण सिँचाइ आयोजनाको लागत महँगो पर्ने हुनु, ठूला सिँचाइ

आयोजनाहरू तोकीएको समय मै सम्पन्न हुन नसक्नु, स्थानीय उपभोक्ताहरुको सिँचाइ प्रणालीको व्यवस्थापन गर्ने क्षमता कम हुनु, स्थानीय रुपमा उपलव्ध सिँचाइका स्रोतहरूको आधुनिक प्रविधिको प्रयोगद्वारा उच्चतम उपयोग हुन नसक्नु र सिँचाइ क्षेत्रमा वस्ती विकास हुँदा आयोजनाको आर्थिक उपादेयतामा ह्रास आउनु प्रमुख समस्याहरू हुन् ।

**३. चुनौती तथा अवसर**

सञ्चालनमा आएका आयोजनाहरुलाई दिगो र भरपर्दो बनाउनु एवम् यसको व्यवस्थापनका लागि स्थानीय जल उपभोक्ता समितिहरुको परिचालन गर्नु, सिँचाइ सुविधा पुग्न बाँकी कृषियोग्य भूमिमा सिँचाइ सुविधाका लागि थप आयोजनाहरुको निर्माण गर्नु, सिँचाइमा आधुनिक प्रविधिहरूको उपयोग गर्नु, सिँचाइ सुविधा पुगि सकेका कृषियोग्य भूमिको अतिक्रमणलाई रोक्नु, वृहत सिँचाइ आयोजनाहरूका लागि आवश्यक ठूलो लगानीको व्यवस्था तथा नवीन प्रविधिको प्रयोग प्रमुख चुनौतीहरू हुन् ।

सिँचाइ गुरु योजना बनाई कार्यक्रमहरु सञ्चालन गर्ने प्रकृयाको थालनी हुनु, परम्परागत सिँचाइ प्रणालीहरुको उपयोग बढदै जानु, सिँचाइका आधुनिक प्रविधिहरू उपलब्ध हुँदै जानु र सिँचाइ सरकारको प्राथमिकताको क्षेत्रमा पर्नु अवसरहरू हुन् ।

## ४.४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

हरित प्रदेशका लागि दिगो र भरपर्दो सिँचाइ प्रणाली।

### ४.२ लक्ष्य

सबै खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलव्ध गराई कृषि उत्पादकत्वमा वृद्धि गर्ने ।

### ४.३ उद्देश्य

प्रदेशको कृषि उत्पादनमा वृद्धिका लागि यथेष्ट सिँचाइ सुविधाको प्रवन्ध गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सिँचाइ विकास गुरुयोजना तयार गरी थप सिँचाइ आयोजनाहरुको विकास गर्ने । | क) प्रदेशको सिँचाइ विकास सम्वन्धी गुरुयोजना बनाई सो बमोजिम प्राथमिकताका आधारमा साना, मझौला तथा वृहत सिँचाइ आयोजनाहरुको निर्माण कार्य अघि बढाइनेछ ।<br>ख) वृहत सिँचाइ आयोजनाहरुका लागि संघीय सरकारसँग समन्वय गरिनुका साथै साना तथा मझौला सिँचाइ आयोजनाहरू निर्माण गर्न स्थानीय तहहरूसँग सहकार्य गरिनेछ ।<br>ग) थप वृहत सिँचाइ आयोजनाहरुका लागि संभाव्यता |

| | |
|---|---|
| | अध्ययन गरी निर्माण प्रकृयालाई अघि बढाइनेछ।<br>घ) सिँचाइ आयोजनाहरुको विकासका लागि उपलव्ध नवीन प्रविधिको उपयोगमा जोड दिइनेछ । |
| ३. सञ्चालित सिँचाइ आयोजनाहरुको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । | क) सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरुको दिगो व्यवस्थापनका लागि स्थानीय उपभोक्ताहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।<br>ख) परम्परागत रुपमा सञ्चालनमा रहेका स्थानीय, सामुदायिक सिँचाइ प्रणालीहरुलाई सुदृढ एवम् भरपर्दो बनाउदै जाने कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।<br>ग) सम्पन्न भएका सिँचाइ आयोजना सञ्चालन तथा मर्मत सम्भारको सुनिश्चितताका लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशमा सिँचाइ गुरु योजना तयार भएको हुने तथा बाह्रै महिना सिँचाइ सुविधा उपलव्ध कृषियोग्य भूमि ५८ प्रतिशत पुगेको हुनेछ।प्रदेशको कृषि उत्पादकत्वमा उल्लेख्य रुपमा वृद्धि भएको हुनेछ ।

## ७.५ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ ।नेपालको संविधानमा स्वच्छ वातावरण, खानेपानी तथा सरसफाइ सेवालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । हालसम्म यस प्रदेशमा आधारभूत स्तरको खानेपानी सुविधामा ८६.५३ प्रतिशत र उच्च/मध्यमस्तरको खानेपानी सुविधामा करिब १० प्रतिशत जनसङ्ख्याको पहुँच पुगिसकेको छ । यस प्रदेशका सबै जिल्ला तथा पालीकाहरु खुला दिसामुक्त घोषणा भई आधारभूत सरसफाइ सुविधाको उपयोग गरिरहेका छन् । दिगो, भरपर्दो गुणस्तरीय खानेपानी तथा सरसफाइ सुविधा सबै नागरिकहरुलाई सर्वसुलभ रुपमा उपलव्ध गराउने प्रदेश सरकारको प्रयास जारी छ ।

### २. प्रमुख समस्या

वातावरणीय प्रभाव, जलवायु परिवर्तनका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र प्रदूषित बन्दै जानु, सतहगत तथा भूमिगत पानीका स्रोतहरुको उचित संरक्षण हुन नसक्नु, बढ्दो सहरीकरण र अव्यवस्थित बस्तीका कारण खानेपानी सुविधा अपर्याप्त बन्दै जानु, उपलव्ध खानेपानीको गुणस्तर कायम हुन नसक्नु, निर्माण सम्पन्न आयोजनाहरू पनि उचित मर्मत

सम्भारको अभावमा जीर्ण बन्दै जानु, सहरी तथा शहरउन्मुख क्षेत्रमा ढल निकास तथा फोहोरको उचित व्यवस्थापनको अभाव हुनु प्रमुख समस्याका रुपमा रहेका छन् ।

**३. चुनौती तथा अवसर**

बढ्दो खानेपानी सुविधाको मागलाई व्यवस्थापन गर्नु, बस्तीबाट धेरै टाढा रहेका खानेपानीका स्रोतहरुबाट आपूर्ति गर्नु, माग भै रहेका धेरै खाने पानीका आयोजनाहरु सीमित जनशक्ति तथा स्रोत साधनहरुबाट सञ्चालन गर्नु र बढ्दो सहरी फोहोरको व्यवस्थापन गर्नु प्रमुख चुनौती हुन्। खानेपानी तथा सरसफाइका सम्बन्धमा समुदायको चेतना जागृत हुदै जानु, खानेपानी तथा सरसफाइमा अपेक्षित उपलब्धि हासिल हुदै जानु, नवीन प्रविधिको विकासले खानेपानी तथा सरसफाइको व्यवस्थापन सहज हुदै जानु, खानेपानी तथा सरसफाइ संघ, प्रदेश र स्थानीय तहको प्राथमिकतामा पर्नु र यसका लागि विकासका साझेदारहरूको सहयोग उपलब्ध हुनु अवसरका रुपमा रहेका छन् ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति**

**४.१ सोच**

जनस्वास्थ्यका लागि स्वच्छ र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवा ।

**४.२ लक्ष्य**

प्रदेशका सबै नागरिकलाई स्वच्छ, सुरक्षित, प्रर्याप्त र भरपर्दो आधारभूत खानेपानी तथा सरसफाइ सेवाको सुनिश्चित गर्दै सेवाको स्तरमा वृद्धि गर्ने ।

**४.३ उद्देश्य**

- आधारभूत स्तरको खानेपानी तथा सरसफाइ सेवा दिगो, भरपर्दो, पहुँचयोग्य, सर्वसुलभरुपमा उपलब्ध गराउनु।
- उच्च तथा मध्यम स्तरको खानेपानी सेवा विस्तार गर्नु ।
- सहरी फोहोरहरूको व्यवस्थापन तथा ढल निकासको उचित प्रवन्ध गर्नु ।

**४.४ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत खानेपानी सेवाको विस्तार गर्ने । | क) सवै मानवीय बस्तीहरुमा आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराइनेछ ।<br>ख) खानेपानी सेवा विस्तारका लागि नयाँ प्रविधिको उपयोग गरिनेछ।<br>ग) सञ्चालित आयोजनाहरू दिगो र भरपर्दो बनाउन उपभोक्ता समुहहरूलाई परिचालन गरिनेछ ।<br>घ) खानेपानी तथा सरसफाइ सेवाको पहुच बाहिर रहेको जनसंख्या पहिचान गरी प्राथमिकताका साथ कार्यक्रम संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. फोहोरहरुको उचित व्यवस्थापनका लागि समुदाय र स्थानीय तहहरुसँग सहकार्य गर्ने । | क) ग्रामीण तथा सहरी बस्तीहरुबाट निस्कने फोहोर मैलाहरूको उचित व्यवस्थापनका लागि समुदाय तथा स्थानीय तहहरुसँग सहकार्य गरिनेछ।<br>ख) पूर्ण सरसफाइलाई अभियान कै रुपमा सञ्चालन गरिनेछ ।<br>ग) उपयुक्त प्रविधिको प्रयोग गरी सहरी फोहरबाट ऊर्जा तथा कृषि उत्पादनका लागि मल उत्पादन गर्ने कार्य प्रारम्भ गरिनेछ । |
| ३. खानेपानी सेवाको गुणस्तर वृद्धि गर्ने। | क) ठूला तथा सहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको विकास गरिनेछ ।<br>ख) उपलव्ध खानेपानी सुविधाको गुणस्तर वृद्धि गर्दै लैजाने कार्यक्रमहरु सञ्चालन गरिनेछन् । |

### ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा ९९ प्रतिशत जनसङ्ख्यालाई आधारभूत स्तर र ३० प्रतिशत जनसङ्ख्यालाई उच्च/मध्यमस्तरको खानेपानीको सुविधा पुगेको हुनेछ ।सहरी फाहोरको उचित व्यवस्थापन गरी यसबाट ऊर्जा तथा मल उत्पादन गर्ने कार्य प्रारम्भ भएको हुनेछ । पूर्ण सरसफाइका कार्यक्रमहरूले निरन्तरता पाई सुधारिएको सरसफाइ सुविधामा सुधार भएको हुनेछ।

## ७.६ सूचना तथा सञ्चार प्रविधि

### १. पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधि अहिलेको युगको अपरिहार्य आवश्यकता हो । यसमा भै रहेको द्रुत विकास एवम् साध्य भन्दा पनि साधनकारुपमा अन्य क्षेत्रलाई अघि बढाउने अन्तरसम्वन्धित विषय भएकोले यो सवै क्षेत्रको प्रमुख आवश्यकताका रुपमा स्थापित भएको छ । सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गर्ने संघीय सरकारको नीतिलाई प्रदेश सरकारले पनि आत्मसात गरी प्रदेशमा यसको उचित विकास र उच्चतम प्रयोगमा विशेष ध्यान दिन आवश्यक भएको छ । सबै सार्वजनिक सेवा प्रवाहमा गुणस्तर एवम् छरितोपना कायम गर्न र सेवामा नागरिकहरुको सहज पहुँच विस्तार गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी समग्र प्रदेशलाई डिजिटल प्रदेशका रुपमा विकास गर्दै जानु पर्ने भएको छ ।

### २. प्रमुख समस्या

सूचना तथा सञ्चार प्रविधिमा सर्वसुलभ पहुँच स्थापित हुन नसक्नु, विद्युत सहित अन्य आवश्यक पूर्वाधारको स्थिति कमजोर रहुनु, सार्वजनिक सेवाप्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून हुनु, सूचनामैत्री कार्य संस्कारको कमि हुनु, विषयगत क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्तिको कमि,

आम जनसमुदायमा सूचना प्रविधि सम्बन्धी ज्ञान तथा क्षमताको स्तर तथा आर्थिक हैसियत र पहुँच न्यून रहनु, आमसञ्चार क्षेत्रमा पेशागत र व्यवसायिक आचार संहिताको अवलम्बन हुन नसक्नु, प्रदेश सरकार र अन्य सरोकारवालाबीच उचित समन्वयको कमि, मोवाइल, अनलाइन मिडिया तथा सामाजिक सञ्जालको दुरुपयोगको कारण हुने साइवर अपराधले सामाजिक जीवनमा नकारात्मक असर पर्नु प्रमुख समस्या हुन्।

## ३. चुनौती र अवसर

संघीय सरकारले बनाउनु पर्ने आवश्यक ऐन कानुन तर्जुमा गर्न समन्वय गर्नु, सूचना तथा सञ्चार प्रविधिको पहुँच ग्रामीण इलाका सम्म विस्तार गर्नु, डिजिटल डिभाइड कम गर्नु, आम सञ्चार क्षेत्र विशेष गरी विद्युतीय सञ्चार माध्यमलाई मर्यादित र विश्वसनीय बनाउनु, सूचना सञ्चार क्षेत्रमा विकसित नवीन प्रविधिको समयसापेक्ष उपयोग गर्नु, सार्वजनिक सञ्चारका क्षेत्रमा कार्यरत सञ्चारकर्मीको क्षमता विकास गर्नु, सूचनामैत्री कार्य संस्कारको विकास गर्नु, आम जनसमुदायमा सूचना प्रविधि सम्बन्धी ज्ञान तथा क्षमताको स्तर अभिवृद्धि गर्नु प्रमुख चुनौती हुन् ।

सूचना तथा सञ्चार सम्वन्धी आधुनिक तथा नवीनतम प्रविधि भित्र्याउन सहज हुनु, सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले विकास प्रक्रिया सहज हुनुको साथै सार्वजनिक निकायका काम कारबाहीबारे जनताले सहजै सूचना प्राप्त गर्न सक्ने अवस्थाको सृजना हुनु, शिक्षा क्षेत्रमा सञ्चार तथा सूचना प्रविधिको प्रयोग र आकर्षण तीव्र रुपमा बढ्नु, सूचना क्षेत्रमा रोजगार विस्तारका साथै यस क्षेत्रमा श्रमको सम्मान बढ्दै जानु, सूचना प्रविधिको प्रयोगले सेवा प्रवाह सहज र लागतमा कमी आउनु, आम सञ्चारका क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्नु, जनतामा सूचना प्रविधि प्रतिको चेतनाको स्तर बढ्दै जानु, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता बढाउन तथा शासन संयन्त्रलाई पारदर्शी, सहभागितामूलक र खुला बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग प्रदेश सरकारको प्राथमिकतामा पर्नु आदि प्रमुख अवसर हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

सूचना तथा सञ्चार प्रविधिमैत्री प्रदेश ।

### ४.२ लक्ष्य

सार्वजनिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गरी यसमा नागरिकको पहुँच विस्तार गर्ने।

### ४.३ उद्देश्य

- सेवा प्रवाहमा सरलता, दक्षता, मितव्ययिता, प्रभावकारीता र पारदर्शिता आउने गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच र उपयोग विस्तार गर्नु।
- सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी प्रवाह हुने सेवालाई सुलभ, भरपर्दो र गुणस्तरिय बनाउनु।

- सूचना र सञ्चार प्रविधि क्षेत्रलाई बढी मर्यादित, व्यवस्थित र जिम्मेवार बनाउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. डिजिटल सुदूरपश्चिमका लागि आवश्यक प्रवन्ध मिलाउने। | क) प्रदेशमा सूचना तथा सञ्चार क्षेत्रको विकासको लागि आवश्यक पर्ने नीतिगत, कानूनी संरचनागत व्यवस्था गरिनेछ।<br>ख) डिजिटल प्रदेश निर्माणका लागि भौतिक पूर्वाधारहरुको विकास गरी सबै सहर तथा गाँउबस्तीलाई सूचना तथा सञ्चार सञ्जालमा आवद्ध गरिनेछ ।<br>ग) सार्वजनिक सेवाहरुलाई सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट प्रवाह हुने व्यवस्था गरिनेछ ।<br>घ) सूचना तथा सञ्चार प्रविधिको शिक्षा, व्यवसाय र उत्पादनमा सहजीकरण गर्न **सूचना प्रविधि ग्राम**को व्यवस्था गरिनेछ । |
| २. सूचना तथा सञ्चार प्रविधिको उपयोग तथा पहुँच विस्तार गर्ने । | क) सार्वजनिक निकायका सूचनाहरु विद्युतीय सञ्चारका माध्यमबाट नियमित रुपमा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।<br>ख) आम सञ्चार प्रविधिको अनुगमन र नियमनको संस्थागत व्यवस्था मिलाइनेछ ।<br>ग) प्रदेशस्तरमा सुरक्षित र सुलभ छपाइको व्यवस्था गरिनेछ ।<br>घ) सूचना तथा सञ्चारको पहुँच विस्तार गर्न आवश्यक पर्ने टावर निर्माण, अप्टिकल फाइवर विस्तार गरी गुणस्तरीय सञ्चार तथा इन्टरनेट सेवा नागरिकको पहुँच विस्तार गरिनेछ ।<br>ङ) सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई सक्षम, निष्पक्ष, मार्यादित, व्यवसायिक, विश्वसनीय र प्रतिष्पर्धी बनाउदै पत्रकारितालाई सम्मानजनक पेशाको रुपमा विकास |

## ५. अपेक्षित उपलव्धि

योजनाको अन्त्य सम्ममा सवै स्थानीय तहका सबै वडाहरुमा इन्टरनेट सेवाको पहुँच विस्तार भएको हुनेछ।सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट हुने सूचना प्रवाहमा नागरिकहरुको पहुँच बढेको हुनेछ। सबै सार्वजनिक सेवाहरु सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रवाह गर्ने कार्यको थालनी भै प्रदेश डिजिटल प्रदेशको रुपमा विकास भएको हुनेछ ।

## ७.७ जलस्रोत तथा जलजन्य प्रकोप व्यबस्थापन

### १. पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश जलस्रोत उपयोगको प्रशस्त सम्भावना रहेको प्रदेश हो । यस प्रदेशको विकास र समृद्धिका लागि जलस्रोतको बहु-उपयोगलाई प्रवर्द्धन गर्नु आवश्यक छ । जलस्रोतको समुचित व्यवस्थापन र विकास मार्फत नै जलविद्युत, सिँचाइ, खानेपानी पूर्वाधारको विकासलाई अगाडि बढाउन सकिन्छ । जलस्रोत उपयोग गरी जलविद्युत, सिँचाइ, खानेपानी जस्ता विकासका कार्यलाइ दिगो बनाउन जलस्रोतको मुहान, जलप्रवाह, भूमिगत जलस्रोत, हिमनदी र हिमताल सम्बन्धी अध्ययन, अनुसन्धान सहित तथ्याङ्कको सूक्ष्म विश्लेषण गर्नु आवश्यक छ । कमजोर भू-बनोट, जलवायु परिवर्तनको प्रभाव, अव्यवस्थित भौतिक संरचना निर्माण, बाढी-पहिरो लगायत विभिन्न कारणले सिर्जना हुने जलउत्पन्न विपदबाट मानव बस्ती, खेती योग्य जमिन, मौजुदा भौतिक पूर्वाधारको संरक्षण गर्नुका साथै यस प्रकारका विपद्हरुको न्यूनीकरण गर्न वैज्ञानिक अध्ययन, अनुसन्धान गरी नवीन प्रविधिको विकास र विस्तार गर्नु अपरिहार्य रहेको छ । जलस्रोतको गुणस्तर संरक्षण गर्दै यसको व्यवस्थापन र बहुउपयोगका लागि नीतिगत मार्गदर्शन गर्न एकीकृत जलस्रोत नीति आवश्यक रहेको छ ।

### २. प्रमुख समस्या

जलवायु परिवर्तन तथा अन्य प्राकृतिक प्रकोपबाट सिर्जित प्रतिकूल असरका कारण पानीको उपलब्धतामा आएको अनिश्चितता, अव्यवस्थित भू-उपयोग र मापदण्ड विपरित सडक सञ्जालको निर्माण तथा विस्तारले गर्दा पहिरो तथा भू-क्षयमा वृद्धि भई नदीको बहावमा परिवर्तन आएको छ । नदीको पिँधको सतहमा घटबढ भई बाढीजन्य समस्या आउनु र जलस्रोतको उपयोगमा नकरात्मक असर पर्नुका साथै खोला नालाको प्राकृतिक बहावमा अतिक्रमण हुनु र जलस्रोतको उपयोगमा नकरात्मक असर पर्नुका साथै तराई, भित्रि मधेस तथा पहाडी क्षेत्रका बस्तीहरु बाढी तथा डुवानको जोखिममा रहेका छन् । एकीकृत जलस्रोत नीति तथा नदी बेसिन गुरुयोजना अद्यावधिक हुन नसक्दा जलविद्युत, सिँचाइ, खानेपानी लगायतका क्षेत्रमा जलस्रोतको एकीकृत तथा समन्वयात्मक व्यवस्थापन तथा उपयोग नहुनु, विभिन्न किसिमका जलस्रोतको परिमाण तथा गुणस्तर सम्बन्धी तथ्याङ्कहरुको सङ्कलन तथा व्यवस्थापन प्रर्याप्त नभएको कारण अध्ययन, अनुसन्धान तथा प्रदेश योजना प्रभावकारी रुपले कार्यान्वयन हुन नसक्नु मुख्य समस्या रहेका छन् ।

### ३. चुनौती तथा अवसर

उपलब्ध जलस्रोतको एकीकृत जलाधार व्यवस्थापन गर्नु, जलवायु परिवर्तनको असरलाई ध्यनमा राखी जलस्रोतको समुचित उपयोग गर्नु, जलवायु परिवर्तनका नकरात्मक असरलाई न्यूनीकरण गर्ने उपाय समयमै अवलम्बन गरी जोखिम व्यवस्थापन गर्नु, जलउत्पन्न विपद्बाट सिर्जित क्षतिलाई न्यूनीकरण गर्नु, जलाधार क्षेत्रको बढ्दो क्षयीकरणका कारण गेग्रान बहाव

अत्यधिक हुन गई नदीको पिँधको सतह बढ्दै जाने क्रमलाई रोकथाम गर्नु, नदी किनारालाई संरक्षण गर्न, रेखाङ्कन गरी जोनिङ्ग गर्नु तथा जोखिमयुक्त स्थानको पहिचान गरी दिगो व्यवस्थापन गर्नु, अध्ययन अनुसन्धानको लागि आवश्यक जनशक्ति र पूर्वाधारको विकास गर्नु, संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी नदीको व्यवस्थापन र उपयोग गर्नु प्रमुख चुनौती हुन् ।

जलस्रोतको पर्याप्त उपलब्धता हुनु, जलस्रोतको बहुआयामिक उपयोगको आवश्यकता महसुस तथा सम्भावना हुनु, नदी व्यवस्थापन कार्यबाट उकास भएको जमिनको कृषिजन्य र अन्य उपयोगको सम्भावना रहनु, नदी किनारामा निर्माण गरिएको तटबन्धनलाई सडकको रुपमा प्रयोग गर्न सकिनु, यस क्षेत्रमा गर्नु पर्ने अनुसन्धान र विकासलाई संस्थागत गर्न यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

जलस्रोतको दिगो उपयोगबाट समृद्ध प्रदेश निर्माणमा योगदान ।

### ४.२ लक्ष्य

जलस्रोतको समन्वयात्मक विकास तथा बहुआयामिक उपयोगबाट आर्थिक समृद्धि हासिल गर्ने।

### ४.३ उद्देश्य

- जलस्रोतको बहुआयामिक उपयोग मार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्नु ।
- जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवम् व्यवस्थापन बाट आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. जलस्रोतको बहुआयामिक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने । | क) जलस्रोत क्षेत्रको एकीकृत एवम् बहुआयामिक उपयोगको लागि प्रदेश नीति तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।<br>ख) जलस्रोतको विकास र उपयोगका लागि आवश्यक मापदण्ड, कार्यविधि एवम् गुरु योजना तयार गरिनेछ ।<br>ग) जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरुको विकास मार्फत उर्जा उत्पादन, सिँचाइ र जलस्रोतको अन्य उपयोगमा प्राथमिकता दिइनेछ । |
| २. जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै | क) योजनाबद्ध नदी नियन्त्रण तथा व्यवस्थापनको लागि प्रदेश गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| डुबान तथा बाढी पहिरोजन्य विपद्को दिगो एवम् भरपर्दो व्यवस्थापन सम्बन्धी कार्य गर्ने। | ख) तराई क्षेत्रमा हुने डुबान समस्यालाइ समन्वयात्मक र दिगो रुपमा समाधान गरिनेछ ।<br>ग) जोखिमयुक्त बाढी तथा पहिरो क्षेत्रको पहिचान एवम् लगत संकलन गरी जोखिम नक्सा (Hazard Map) तयार गरिनेछ ।<br>घ) नदी किनारा तथा प्रवाह क्षेत्रको रेखाङ्कन तथा त्यस्ता क्षेत्रहरुको भू-उपयोग योजना तयार गरी कृषि, उद्योग र पर्यटनको विकासमा उपयोग गरिनेछ ।<br>ङ) एकीकृत जलाधार व्यवस्थापनलाई प्राथिमकताका साथ अघि बढाई उर्जा, सिँचाइ र कृषिमा उपयोग गरिनेछ ।<br>च) गैर संचनागत प्रविधितर्फ बायो-इन्जिनियरिङको कार्य तथा जल विपद् सम्बन्धी क्षमता विकास कार्यलाई अगाडि बढाइनेछ ।<br>छ) चुरे देखि भारतीय सीमा सम्म फैलिएको डोडा नदीको दुवै किनारामा बहुउद्देशीय नदी व्यवस्थापन–हरितपथ लगायतका उपयोगिक संरचना निर्माण गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि

प्रदेश एकीकृत जलस्रोत नीति तथा गुरु योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने, जलस्रोतको विकास तथा उपयोगका लागि मापदण्ड, निर्देशिका/कार्यविधि बनेको हुने, नदी बेसिनको एकीकृत विकास तथा व्यवस्थापनका लागि नदी बेसिनहरुको योजना तयार भएको हुने, जोखिमयुक्त बाढी तथा पहिरो क्षेत्रको पहिचान गरी जोखिम नक्सा तयार भएको हुने, २०० कि.मि. तटबन्ध तथा नदी नियन्त्रण संरचना निर्माण भई करिब ६०० हेक्टर जमिन उकास भएको हुनेछ ।

## ७.८ पूर्वाधार क्षेत्रका कार्यक्रमहरु

### यातायात पूर्वाधार

**सडक**

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | अन्तर आवद्धता बढाउने गरी सडक गुरु योजना तयारी र विस्तार | २०७८।०७९ २०८२।०८३ | | सडक गुरु योजना तयार गरी प्राथमिकताका आधारमा सबै पालिकाहरु, जिल्ला सदरमुकाम एवम् प्रदेशको राजधानीमा सडक सञ्जालको विकास र विस्तार गरी अन्तर आवद्धता वृद्धि गरिएको हुने । |
| २ | रणनीतिक महत्व राख्ने सडकलाई सर्वकाल निर्बाध संचालन हुने व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको समग्र आर्थिक सामाजिक विकास र रणनीतिक महत्व राख्ने सडकलाई विशेष महत्वका साथ रेखदेख, मर्मत सम्भार र सुरक्षा व्यवस्था गरिनुका साथै सबै मौसममा निर्बाध संचालन हुने व्यवस्था गरिएको हुने । |
| ३ | सडक संरचनालाई शारीरिक अशक्तता तथा वातावरणमैत्री बनाउने | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका सडकहरुलाई विशेष मापदण्डका आधारमा सुधार र वर्गिकरण गरी शारीरिक अशक्ततामैत्री तथा वातावरणमैत्री सडक बनाइएको हुने । |
| ४ | प्रदेश गौरवका सडकको पहिचान र निर्माण | २०७८।०७९ २०८२।०८३ | | अन्य प्रदेशहरु र प्रदेश भित्रका विभिन्न पालिकाहरुलाई जोडने गरी प्रदेश गौरवका सडकको पहिचान र निर्माण गरिएको हुने । |
| ५ | आयोजना बैंकमा रहेका र पूर्व तयारीका बिस्तृत कार्य योजना भएका सडकको मात्र निर्माण | २०७८।०७९ २०८२।०८३ | | सडक पूर्वाधारको विकासका लागि आयोजना बैंकको संग्लनतामा सम्भाव्य सडक मार्गको सूची तयार गरिएको हुने।<br>सडक निर्माण कार्य प्रारम्भ हुनु अघिनै |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | प्रारम्भ गर्ने पद्धती विकास | | | जग्गा अधिग्रहण सडक क्षेत्राधिकार, रेखांकन, वन क्षेत्र प्रयोगको स्वीकृती जस्ता पूर्व तयारीका कार्यहरुको बिस्तृत कार्य योजना तयार गरी मात्र सडक निर्माण आयोजना कार्यान्वयन प्रारम्भ गर्ने व्यवस्था गरिएको हुने । |
| ६ | सडक बनाउन वातावरण मैत्री र प्रकोप वा भूक्षय सामना गर्न सक्ने वायो ईन्जिनियरिङ्ग जस्ता प्रविधिको उपयोग | २०७८।०७९ २०८२।०८३ | | वातावरण मैत्री र प्रकोप सामना गर्न सक्ने आधुनिक प्रविधि एवम् वायो ईन्जिनियरिङ्ग जस्ता उपयुक्त प्रविधिको उपयोग मार्फत जलवायु अनुकूलित हुने गरी सडक निर्माण गरिएको हुने ।<br>सडकका कारणले हुने भू-क्षय नियन्त्रण गरिएको हुने । |
| ७ | सडक डिजाइन, निर्माण र संचालनमा सुरक्षा परिक्षण (Road Safety Audit) को व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | सडकको गुणस्तर एवम् यात्रुको सुरक्षालाई ध्यान दिई डिजाइन, निर्माण र निर्माण पश्चात संचालन चरणमा सडक सुरक्षा परिक्षण (Road Safety Audit) को व्यवस्था मिलाईएको हुने । |
| ८ | प्रदेश तथा अन्तर प्रदेश आर्थिक केन्द्र जोड्ने सडक निर्माण | २०७८।०७९ २०८२।०८३ | | संघ, प्रदेशभित्रका पालिकाहरु तथा अन्य प्रदेश सरकारसँग उचित समन्वय, सहकार्य र साझेदारीमा प्रदेश तथा अन्तर प्रदेश भित्रका आर्थिक केन्द्रहरूलाई जोड्ने सडक निर्माण गरिएको हुने । |
| ९ | सहरी वा बस्ती विस्तार र आर्थिक विकासका गतिविधि सापेक्ष हुने गरी सडक निर्माण, सुधार | २०७८।०७९ २०८२।०८३ | | शहरी विकास वा बस्ती विस्तार र अन्य आर्थिक विकासका गतिविधि विस्तारसँग अग्रसम्बन्ध र पृष्ठसम्बन्ध कायम हुने गरी सडक निर्माण, विस्तार र सुधार गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १० | सडक सम्पति संरक्षणको संस्थागत व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | | सडक मर्मत सम्भार (आपतकालीन समेत) का लागि उपकरण सहितको व्यवस्था हुने गरी संस्थागत व्यवस्था गरिएको हुने । |
| ११ | सडक मर्मत सम्भार कोषको संस्थागत व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | | सडक मर्मत सम्भार कोषको संस्थागत व्यवस्था गरी आवश्यक स्रोत जुटाउने कार्यलाई व्यवस्थित गरिएको हुने । |
| १२ | सडक पूर्वाधारको सुरक्षा ब्यबस्था | २०७८।०७९<br>२०८२।०८३ | | निर्माण हुने तथा भएका सडक पूर्वाधारहरुलाई सुरक्षित बनाउन आबश्यक ब्यबस्था गरिएको हुने । |
| १३ | सडकको डिजाईन, उपयोग, सम्भार सम्मका समग्र चक्रमा आधुनिकतम् प्रविधिको उपयोग | २०७८।०७९<br>२०८२।०८३ | | सडकको आवश्यकता पहिचान, डिजाईन, रेखांकन, निर्माण, सञ्चालन, रेखदेख र मर्मत सम्भारमा समेत आधुनिकतम् प्रविधिको उपयोग गरिएको हुने । |
| १४ | स्याउले खुटीया- दीपायल- चैनपुर - उरई द्रुत मार्ग आयोजना | २०७८।०७९ | | प्रारम्भिक संभाव्यता अध्ययनको आधारमा संघीय सरकारसँग समन्वय गरी उपयुक्त देखिएका स्थानहरुमा सुरङ् मार्ग समेत रहने गरी चीनको मानसरोवर जाने तीर्थ यात्रुहरुलाई लक्षित गरी द्रुत मार्गको रुपमा निर्माण गर्ने कार्य प्रारम्भ भएको हुने । |
| १५ | सेती लोक मार्ग आयोजना | २०७९।०८० | | संघीय सरकारसँग समन्वय गरी यस लोक मार्गलाई कैलालीबाट अछाम, खप्तड हुदै उत्तरमा चीनको तिव्वत सीमासम्म जोडने मार्गका रुपमा विकास गर्ने कार्य प्रारम्भ भएको हुने । |
| १६ | कर्णाली कोरिडोर सडक | २०७९।०८० | | संघीय सरकारसँगको समन्वयमा चिसापानीबाट कर्णाली नदीको किनार हुदै |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | | | | बाजुराबाट उत्तर दक्षिण जोडने यस मार्गको विकास गर्ने कार्य प्रारम्भ भएको हुने । |
| १७ | महाकाली कोरिडोर सडक | २०८०।०८१ | | संघीय सरकारसँग समन्वय गरी यस लोक मार्गलाई महेन्द्र नगर देखि दार्चुलाको टिंकरसम्म संभावित सहरहरु एवम् कृषिका पकेट क्षेत्रहरु समेतलाई जोडने गरी विकास गर्ने कार्य प्रारम्भ भएको हुने । |
| १८ | खप्पतड चक्रपथ आयोजना | २०७८।०७९ २०८२।०८३ | | यसलाई डोटी-बझाङ्ग-बाजुरा-अछाम जिल्लालाई जोडने गरी चक्रपथका रुपमा विकास गरिएको हुने । |
| १९ | ब्रम्हदेव-चिसापानी एक्सप्रेस वे आयोजना | २०८०।०८१ | | संघीय सरकारसँगको समन्वयमा यसलाई अन्तर्राष्ट्रिय स्तरको द्रुत मार्गका रुपमा विकास गर्ने कार्य प्रारम्भ भएको हुने । |
| २० | सडक पुल निर्माण विशेष कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | संघीय सरकारसंगको समन्वयमा प्रदेश महत्वका सडक तथा संघ मातहतका सडकहरुमा संभाव्यता अध्ययनका आधारमा विभिन्न सडक पुल निर्माण भएको हुने । |

**जम्मा लगानीको अनुमान ६० अर्व**

## हवाई यातायात

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | कैलालीको गेटा विमानस्थल विस्तार | २०७८।०७९ २०८२।०८३ | | कैलालीको गेटा विमानस्थल विस्तार विकास गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुप दिइएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २ | विमानस्थलहरुको स्तरोन्नति र सुद्धृढीकरण | २०७८।०७९ २०८२।०८३ | | सबै विमानस्थलहरुको स्तरोन्नति र सुद्धृढीकरण गरी बाह्रै महिना हवाई सेवा उपलब्ध हुन सक्ने तुल्याइएको हुने । |
| ३ | नियमित उडान हुन नसकेका विमानस्थल संचालन | २०७८।०७९ २०८२।०८३ | | नियमित उडान हुन नसकेका विमानस्थलमा उपयुक्त उड्यान क्रियाकलाप संचालनमा प्रोत्साहन गरिएको हुने । |
| ४ | प्रत्येक वडामा हेलीप्याड निर्माण | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तहसँगको सहकार्यमा आकस्मिक र अत्यावश्यक उद्दार आदिका लागि प्रत्येक वडामा एउटा हेलीप्याड बनाइएको हुने । |
| ५ | विमानस्थलमा अत्याधुनिक उड्ययन प्रविधि र दक्ष जनशक्ति व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | सबै विमानस्थलमा अत्याधुनिक उड्ययन सहायक प्रविधि र उपकरण जडान गर्ने र दक्ष जनशक्ति व्यवस्था गरिएको हुने । |
| ६ | उडान सुरक्षा अनुगमन र जाँच प्रणाली स्तरीयकरण | २०७८।०७९ २०८२।०८३ | | विमानहरुको उडान सुरक्षा अनुगमन र जाँच प्रणाली अन्तर्राष्ट्रिय स्वीकृत मापदण्ड अनुरुप तुल्याइएको हुने । |

**जम्मा लगानीको अनुमान १ अर्व**

## जलमार्ग

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | जल यातायातको संभाव्यता अध्ययन | २०७८।०७९ २०८०।०८१ | | प्रदेश भित्रका नदीहरुमा जल यातायातको संभाव्यता अध्ययन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २ | जलमार्ग सञ्चालन नीति नियमहरुको तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | जलमार्ग सञ्चालनका लागि आवश्यक नीति नियमहरुको तर्जुमा गरिएको हुने। |
| ३ | जलमार्गका लागि पूर्वाधार विकास | २०७८।०७९ २०८२।०८३ | | जलमार्गका लागि आवश्यक पूर्वाधारहरुको विकास गरिएको हुने। |
| ४ | जल मार्गको विकास | २०७८।०७९ २०८२।०८३ | | सम्भाव्यताका आधारमा जल मार्गको विकास गरिएको हुनेछ । |
| ५ | जल यातायातमा निजी क्षेत्रलाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | जल यातायात सेवा सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिएको हुने । |
| ६ | सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार जलयातायात विकास पहल | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार जलयातायात विकासका लागि आवश्यक पहल गरिएको हुने। |
| ७ | पर्यटन विकासका लागि नदी र तालमा जलयातायात सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको पर्यटन विकासका लागि सम्भाव्य नदी र तालमा जलयातायात सञ्चालन गरिएको हुने। |

**जम्मा लगानीको अनुमान ५० करोड**

## झोलुङ्गे पुल, रज्जुमार्ग र केबलकार

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | झोलुंगे पुलहरू निर्माण | २०७८।०७९ २०८२।०८३ | | झोलुंगे पुलहरु (१२० मि. भन्दा बढी लम्बाई भएका) प्राथमिकताका आधारमा निर्माण गरिएका हुने । |
| २ | झोलुंगे पुल निर्माण क्षमता अभिवृध्दि | २०७८।०७९ २०८२।०८३ | | झोलुंगे पुल निर्माण गर्ने स्थानीय सरकार, स्थानीय निर्माण व्यवसायी, स्थानीय श्रमिक, स्थानीय निर्माण |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | समिति तथा प्राविधिकको क्षमता अभिवृध्दि गरिएको हुने । |
| ३ | पर्यटकीय स्थलमा झोलुंगे पुल, केवलकार एवम् रज्जु मार्ग निर्माण | २०७८।०७९ २०८२।०८३ | | पर्यटन बिकासको संभावना भएका स्थानहरुमा पर्यटन विकास कार्यक्रमसँग समन्वय गरी झोलुंगे पुल, केवलकार एवम् रज्जु मार्ग निर्माण गरिएको हुने । |
| ४ | झोलुंगे पुलहरुको नियमित मर्मत एवम् पुनः स्थापना | २०७८।०७९ २०८२।०८३ | | निर्माण भएका झोलुंगे पुलहरुको नियमित मर्मत सम्भार एवम् पुनः स्थापना गरिएको हुने । |
| ५ | रज्जुमार्ग तथा केबलकार विकासका लागि सम्भाव्यता अध्ययन | २०७८।०७९ २०८२।०८३ | | रज्जुमार्ग तथा केबलकार जस्ता विद्युतीय यातायात प्रणालीको विकासका लागि सम्भाव्यता अध्ययन गरिएको हुने । |
| ६ | विद्युतीय यातायात प्रणाली विकास गुरुयोजना तयारी | २०७८।०७९ २०८२।०८३ | | सम्भाव्यता अध्ययनको आधारमा विद्युतीय यातायात प्रणालीको विकास र सञ्चालनको गुरु योजना तयार गरिएको हुने । |
| ७ | रज्जुमार्ग र केबलकार सेवा सञ्चालन गर्न कानूनी, नीतिगत र संस्थागत व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | रज्जुमार्ग र केबलकार सेवा सञ्चालन गर्न आवश्यक कानूनी, नीतिगत र संस्थागत व्यवस्था गरिएको हुने । |
| ८ | सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार रज्जुमार्ग तथा केवलकार सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार रज्जुमार्ग तथा केवलकार सञ्चालनका लागि आवश्यक पहल गरिएको हुने । |
| ९ | दीपायल-खप्तड केवलकार | २०७८।०७९ २०८२।०८३ | | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा खप्तड घुम्न आउने पर्यटकहरुका लागि लक्षित गरी |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | विकास गरिएको हुने । |
| १० | बाजुरा-वडीमालिका केवलकार | २०७८।०७९ २०८२।०८३ | | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा वडीमालिका घुम्न आउने पर्यटकहरुका लागि लक्षित गरी विकास गरिएको हुने । |
| ११ | दार्चुला-मालिंकार्जुन केवलकार | २०७८।०७९ २०८२।०८३ | | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा मालिंकार्जुन दर्शनका लागि आउने धार्मिक पर्यटकहरुकालागि लक्षित गरी विकास गरिएको हुने । |
| १२ | मकरीगाड-अपि बेसक्याम्प केवलकार | २०७८।०७९ २०८२।०८३ | | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकहरुका लागि लक्षित गरी विकास गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ५ अर्व ५० करोड** **( सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत )**

## ऊर्जा

### जल विद्युत

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | जल विद्युत नीति, नियम तथा संरचनागत व्यवस्था | २०७८।०७९ २०८०।०८१ | | जल विद्युत आयोजनाहरूका लागि आवश्यक पर्ने नीति, नियम तथा ठूला जलविद्युत संरचनाहरूको विकासका लागि पहल गरिएको हुने । |
| २ | पश्चिम सेती जल विद्युत आयोजना (७५० मे वा ) | २०७९।०८० २०८२।०८३ | | प्रदेश एवम् मुलुक कै जल विद्युत उत्पादनमा अहम् महत्व राख्ने पश्चिम सेती जल विद्युत आयोजना (७५० मे. वा.) आवश्यक लगानी जुटाई छिटै निर्माण कार्य प्रारम्भ गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ३ | आन्तरिक प्रसारण लाइन निर्माण | २०७८।०७९ २०८२।०८३ | | उत्पादित विद्युतलाई वितरण लाइनसँग जोड्न र राष्ट्रिय ग्रीडमा प्रवाह गराउन आन्तरिक प्रसारण लाइन निर्माण गरिएको हुने । |
| ४ | विद्युत वितरण प्रणाली सुदृढीकरण | २०७८।०७९ २०८२।०८३ | | विद्युत वितरण प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाउन क्रमिक रुपमा लाइनहरू निर्माण वितरण प्रणाली स्वचालन एवम् स्मार्ट ग्रीड बनाउदै लगिएको हुने । |
| ५ | एकीकृत जलस्रोत तथा उर्जा विकास योजना तयार | २०७८।०७९ २०८२।०८३ | | एकीकृत जलस्रोत तथा उर्जा विकास योजना तयार गरी कार्यान्वयन र लगानी सुनिश्चित गरिएको हुनेछ । |
| ६ | प्रदेश विद्युत विकास कम्पनी स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको अधिकार क्षेत्र भित्रको जल विद्युत आयोजनाको शिघ्र विकासका लागि विद्युत विकास कम्पनीको स्थापना गरिएको हुने । |
| ७ | जल विद्युतको सम्भाव्यता अध्ययन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशभित्र समग्र जलविद्युत उत्पादन सम्भाव्यता अध्ययन भएको हुनेछ । |
| ८ | प्रदेशको अधिकार क्षेत्र भित्र पर्ने मध्यम स्तरका जल विद्युत आयोजनाको निर्माण | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको अधिकार क्षेत्र भित्र पर्ने मध्यमस्तरका उच्च संभावना भएका जल विद्युत आयोजनाको निर्माण कार्य प्रारम्भ भएको हुने । |
| ९ | कर्णाली-चिसापानी वहुउद्देशीय आयोजना | २०७९।०८० | | संघीय सरकारको सहयोग तथा लुम्विनी प्रदेश तथा कर्णाली प्रदेश सँगको सहकार्यमा यस आयोजनालाई विद्युत उत्पादनका साथै सिँचाइ समेतका लागि समान रुपमा उपयोग हुन सक्ने गरी विकास गर्ने कार्य प्रारम्भ भएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १० | पञ्चेश्वर वहुउद्देशीय आयोजना | २०७८।०७९ | | नेपाल-भारत वीच भएको सहमती अनुसार निर्माण हुन लागेको ६४८० मेगावाट क्षमताको विद्युत उत्पादनका साथै कञ्चनपुर र कैलालीमा समेत सिँचाइ हुने यस आयोजनाको शिघ्र निर्माण कार्य प्रारम्भ गर्ने व्यवस्थाका लागि संघीय सरकारसँग माग गरिएको हुने । |

**जम्मा लगानीको अनुमान १ खर्व** (सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत)

## वैकल्पिक ऊर्जा

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | वैकल्पिक उर्जाको विकासका लागि कार्यक्रम सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | वैकल्पिक उर्जाको विकासका लागि कार्यक्रम सञ्चालन गरिएको हुने । |
| २ | वैकल्पिक ऊर्जालाई शहरी क्षेत्रमा पनि विस्तार | २०७८।०७९ २०८२।०८३ | | वैकल्पिक ऊर्जालाई शहरी क्षेत्रमा पनि विस्तार गरिएको हुने । |
| ३ | लघु तथा साना उद्यमहरूलाई वैकल्पिक उर्जाको उपयोगलाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | लघु तथा साना उद्यमहरूको विद्युत आवश्यकताको परिपूर्तिका लागि वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहित गरिएको हुने । |
| ४ | दिगो सञ्चालनका लागि आवश्यक व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | ग्रामीण भेकका वैकल्पिक उर्जा आयोजनाहरूको दिगो सञ्चालनकालागि आवश्यक व्यवस्था गरिएको हुने । |
| ५ | प्राविधिक क्षमता विकासका लागि सहयोग | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तहहरूलाई स्थानीयस्तर मै बैकल्पिक उर्जाको प्राविधिक क्षमता विकासका लागि सहयोग गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ६ | जैविक श्रोतको उपयोगबाट उर्जा उत्पादन | २०७८।०७९ २०८२।०८३ | | जैविक श्रोतको उपयोगबाट उर्जा उत्पादन गर्नका लागि आबश्यक प्रविधि तथा प्रणालीहरूको प्रवर्द्धन र विस्तार गरिएको हुने । |
| ७ | ठूला क्षमताका वायोग्याँस प्लान्ट स्थापना | २०७८।०७९ २०८२।०८३ | | कृषि तथा पशुपन्छीबाट उत्पादित जैविक पदार्थ/फोहोरको उपयोग गरी ठूला क्षमताका वायोग्याँस प्लान्ट स्थापनाका लागि कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ८ | वायु ऊर्जा सम्बन्धी अध्ययन | २०७८।०७९ २०८२।०८३ | | वायु ऊर्जाको सम्भाव्यता अध्ययन भएको हुनेछ । |

**जम्मा लगानीको अनुमान २५ अर्व** (सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी समेत)

## ग्रामीण बस्ती विकास तथा शहरीकरण

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | ग्रामीण वस्ती विकास तथा नयाँ सहरीकरण | २०७८।०७९ २०८२।०८३ | | एकीकृत ग्रामीण वस्ती विकास तथा नयाँ स्थानहरुमा सहरीकरणका लागि संभाव्यता अध्ययन गरी कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| २ | ग्रामीण एकीकृत हरित बस्ती विकास | २०७८।०७९ २०८२।०८३ | | छरिएर रहेका तथा जोखिममा रहेका ग्रामीण बस्तीहरूलाई सेवा सुविधा सहितको एकीकृत हरित बस्तीहरुको विकास गरी स्थानान्तरण गरिएको हुने। |
| ३ | आर्थिक-व्यापारिक केन्द्र बन्न सक्ने गरी प्रत्येक जिल्लामा एउटा सहर विकास | २०७८।०७९ २०८२।०८३ | | आर्थिक-व्यापारिक केन्द्रको रुपमा रहन सक्ने स्थानहरुको छनौट गरी प्रत्येक जिल्लामा कम्तीमा एउटा पर्ने गरी थप नयाँ सहर विकास गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ४ | प्रदेश राजधानी सहित धनगढी र महेन्द्र नगरलाई हरित स्मार्ट सहरका रुपमा विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेश राजधानी सहित धनगढी र महेन्द्र नगरलाई आधुनिक सुविधा सम्पन्न हरित स्मार्ट सहरका रुपमा विकास गरिएको हुने । |
| ५ | जिल्ला सदरमुकाम र नगरपालिकाहरूमा योजनावद्ध सहरिकरण | २०७८।०७९ २०८२।०८३ | | सवै जिल्ला सदरमुकाम र नगरपालिकाहरूमा योजनावद्ध रुपले आधुनिक सेवा सुविधाहरू विस्तार गरी शहरीकरणको विस्तार गरिएको हुने । |
| ६ | विपन्न र सीमान्तकृतका लागि सुरक्षित र किफायती आवास | २०७८।०७९ २०८२।०८३ | | अति विपन्न, लोपोन्मुख र अति सीमान्तकृत जातजाति, समुदाय र सुकुम्वासीको लागि सुरक्षित र किफायती आवास उपलब्ध गराइएको हुने । |
| ७ | विपद् जोखिममा रहेका परिवारका लागि आवास | २०७८।०७९ २०८२।०८३ | | विपद्को उच्च जोखिममा रहेका परिवारका लागि आवासको विकास गरिएको हुने । |
| ८ | मुख्यमन्त्री सघन ग्रामीण विकास परियोजना | २०७८।०७९ २०८२।०८३ | | दुर्गम ग्रामीण वस्तीहरुबाट बसाइँसराइ गरी जाने समस्याको निराकरणका लागि यस्ता वस्तीहरुलाई आधुनिकीकरण गर्न पूर्वाधार तथा सामाजिक सेवाका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गर्न **मुख्य मन्त्री सघन ग्रामीण विकास परियोजना** कार्यान्वयन गरिएको हुने । |
| ९ | "मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम" | २०७८।०७९ २०८२।०८३ | | नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा उपयुक्त स्थानहरुको छनौट गरी एकीकृत नमूना बस्तीको विकास गरिएको हुने। |

**जम्मा लगानीको अनुमान १४ अर्व**

## सिँचाइ

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | गुरुयोजना निर्माण र कार्यान्वयन | २०७८।०७९ २०८१।०८२ | | प्रदेशको सिँचाइ विकास सम्वन्धी गुरुयोजना बनाई सो बमोजिम प्राथमिकताका आधारमा साना, मझौला तथा वृहत सिँचाइ आयोजनाहरुको निर्माण कार्य अघि बढाइएको हुने । |
| २ | वृहत सिँचाइ आयोजनाहरुका लागि संघ र साना तथा मझौला सिंचाई आयोजनाहरुको लागि स्थानीयतहसँग सहकार्य | २०७८।०७९ २०८१।०८२ | | वृहत सिँचाइ आयोजनाहरुका लागि संघीय सरकारसँग समन्वय गरिनुका साथै साना तथा मझौला सिँचाइ आयोजनाहरू निर्माण गर्न स्थानीयतहहरूसँग सहकार्य गरिएको हुने । |
| ३ | थप वृहत सिँचाइ आयोजनाहरुको संभाव्यता अध्ययन | २०७८।०७९ २०८२।०८३ | | थप वृहत सिँचाइ आयोजनाहरुका लागि संभाव्यता अध्ययन गरी निर्माण प्रकृयालाई अघि बढाइएको हुने । |
| ४ | सिँचाइमा नविन प्रविधिको उपयोग | २०७८।०७९ २०८२।०८३ | | सिँचाइ आयोजनाहरुको विकासका लागि उपलव्ध नवीन प्रविधिको उपयोगमा जोड दिइएको हुने । |
| ५ | सिँचाइ आयोजनाहरुको जलउपभोक्ता समूहको क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | सञ्चालनमा रहेका सिँचाइ आयोजनाहरुको दिगो व्यवस्थापनका लागि स्थानीय जलउपभोक्ता समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइएको हुने । |
| ६ | परम्परागत सिँचाइ प्रणाली सुदृढीकरण | २०७८।०७९ २०८१।०८२ | | परम्परागत रुपमा सञ्चालनमा रहेका स्थानीय, सामुदायिक सिँचाइ प्रणालीहरुलाई सुदृढ एवम् भरपर्दो |

| क.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | बनाउदै जाने कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |
| ७ | सिँचाइ आयोजना मर्मत सम्भार कोषको व्यवस्था | २०७८।०७९ २०८१।०८२ | | सम्पन्न भएका सिँचाइ आयोजना व्यवस्थापन, सञ्चालन तथा मर्मत सम्भारको सुनिश्चितताका लागि जल उपभोक्ताको योगदान समेतमा आधारित मर्मत सम्भार कोषको स्थापना र भरपर्दो व्यवस्था गरिएको हुने । |
| ८ | सीमावर्ती क्षेत्रका नदी अनुगमन, उपयोग, सुरक्षा तथा संरक्षणमा सहकार्य | २०७८।०७९ २०८२।०८३ | | सीमावर्ती क्षेत्रका नदी नक्सांकन अभिलेखन नियन्त्रण वहाव एवम् मार्गान्तरण अनुगमन, उपयोग, सुरक्षा तथा संरक्षणमा अन्य प्रदेश, स्थानीय तहहरु र केन्द्रसंग सहकार्य पद्धती विकास गरी कार्यान्वयन भएको हुने । |
| ९ | नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना | २०७८।०७९ २०८२।०८३ | | सोलार पम्प, लिफ्ट सिँचाइ, फोहरा सिँचाई, थोपा सिँचाइ, पानी सङ्कलन पोखरी निर्माण लगायतका प्रविधिवाट थप कृषियोग्य जमिनमा सिंचाइ सुविधा पुगेको हुने । |
| १० | सञ्चालित नहरहरुको मर्मत सम्भार तथा पुर्नस्थापना | २०७८।०७९ २०८२।०८३ | | परम्परागत तथा निर्माण सम्पन्न भई मर्मत सम्भार गर्नु पर्ने आयोजनाहरुको पहिचान गरी सम्बन्धित उपभोक्ताहरुको सहभागितामा नहरहरु मर्मत सम्भार भई सुचारु भएका हुने । |

**जम्मा लगानीको अनुमान ७५ अर्व**

## खानेपानी तथा सरसफाइ

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | सवै नागरिकलाई आधारभूत खानेपानी सुविधाको पहुँच | २०७८।०७९ २०८२।०८३ | | **एक घर एक धारा कार्यक्रम** अन्तरगत सवै मानवीय बस्तीहरुमा आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराइएको हुने । |
| २ | मुहान संरक्षण तथा खानेपानी सेवामा नयाँ प्रविधिको उपयोग | २०७८।०७९ २०८२।०८३ | | खानेपानी सुरक्षाको अवधारणा कार्यान्वयन र मुहान संरक्षण एवम् खानेपानी सेवामा नयाँ प्रविधिको उपयोग गरिएको हुने । |
| ३ | आयोजनाहरूमा उपभोक्ता समुह परिचालन | २०७८।०७९ २०८२।०८३ | | सञ्चालित आयोजनाहरूलाई दिगो र भरपर्दो बनाउन आयोजना व्यवस्थापन, सञ्चालन, मर्मत संभारमा उपभोक्ता समुहहरूलाई परिचालन गरिएको हुने। |
| ४ | सरसफाइ सेवाको पहुँच नपुगेका क्षेत्रमा सेवा विस्तार | २०७८।०७९ २०८२।०८३ | | सरसफाइ सेवाको पहुँच बाहिर रहेको जनसंख्या पहिचान गरी प्राथमिकताका साथ सेवा विस्तार एवम् शुलभ तथा सार्वजनिक शौचालय निर्माण र सुव्यवस्थित सञ्चालन गरिएको हुने । |
| ५ | फोहोर मैला व्यवस्थापनका लागि समुदाय तथा स्थानीय तह सँग सहकार्य | २०७८।०७९ २०८२।०८३ | | ग्रामीण तथा सहरी बस्तीहरुबाट निस्कने फोहोर मैलाहरूको उचित व्यवस्थापनका लागि समुदाय तथा स्थानीय तहहरु सँग सहकार्य गरिएको हुने । |
| ६ | पूर्ण स्वच्छ र सफा प्रदेश अभियान | २०७८।०७९ २०८२।०८३ | | पूर्ण स्वच्छ र सफा प्रदेशका लागि वहुपक्षीय सहकार्यमा विशेष अभियान चलाइएको हुने ।<br>अर्गानिक, हरित, प्लाष्टिक झोलामुक्त, विद्युतीय वाहन मैत्री बस्न लायक प्रदेशको विशेष कार्यक्रम सञ्चालन गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ७ | फोहर मैलाको उपयोग | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तहहरुसँगको सहकार्यमा उपयुक्त प्रविधिको प्रयोग गरी सहर तथा घना वस्तीहरुबाट निस्कने जैविक फोहरबाट ऊर्जा तथा कृषि उत्पादनका लागि मल उत्पादन गर्ने र अन्यलाई रिसाइकल गर्ने कार्य प्रारम्भ गरिएको हुने । |
| ८ | पानी प्रशोधन प्रणालीको विकास | २०७८।०७९ २०८२।०८३ | | ठूला तथा सहरी खानेपानी आयोजनाहरूमा पानी प्रशोधन प्रणालीको विकास गरिएको हुने । |
| ९ | खानेपानीको गुणस्तर अभिवृद्धि कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | उपलव्ध खानेपानी सुविधाको गुणस्तर वृद्धि गर्दै लैजाने कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| १० | नयाँ प्रविधिमा आधारित खानेपानी कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | ग्राभिटी प्रणालीवाट खानेपानी वितरण गर्न स्रोतको अभाव भएका वस्तीहरुमा बर्षातको पानी संकलन, लिप्टिङ र पहाडी भुमिगत बोरिङ्ग प्रविधिवाट खानेपानी सेवा उपलब्ध भएको हुनेछ। |
| ११ | सार्वजनिक शौचालय निर्माण | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तहसँग समन्वय गरी उपयुक्त स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण गरी मलमुत्रबाट बायोग्याँस तथा कृषि कार्यका लागि मल उत्पादन भएको हुने । |
| १२ | प्रदेशस्तरीय पानी परीक्षण प्रयोगशालाको स्थापना तथा सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश राजधानीमा एउटा पानी परीक्षण प्रयोगशाला स्थापना र सञ्चालन थरिएको हुने ।<br>सबै जिल्लाहरुमा पानी परीक्षण घुम्ती भ्यानको माध्यमबाट आवश्यक स्थानमा स्थलगत खानेपानी परीक्षण व्यवस्था भएको हुने । |

| क.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १३ | प्रदेश राजधानी खानेपानी विशेष कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | प्रदेश राजधानीको खानेपानी समस्या समाधान गर्न विभिन्न विकल्पहरुको अध्ययन गरी आवश्यक खानेपानीको आपूर्ति भएको हुने । |
| १४ | सञ्चालित आयोजनाहरुको मर्मत सम्भार कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुको पहिचान गरी सम्बन्धित उपभोक्ताहरुको सहभागितामा मर्मत संभार भई सुचारु भएको हुने । |

**जम्मा लगानीको अनुमान ३५ अर्व**

## सूचना तथा सञ्चार प्रविधि

| क. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेश सूचना तथा सञ्चार नीति, कानुन र संरचना व्यवस्था | २०७८।०७९ २०८२।०८३ | १ करोड | प्रदेशमा सूचना तथा सञ्चार क्षेत्रको विकासको लागि आवश्यक पर्ने नीतिगत, कानूनी र संरचनागत र डिजिटल सुदूरपश्चिम प्रदेश फ्रेमवर्क तयारी र व्यवस्था गरिएको हुने । |
| २ | **डिजिटल सुदूरपश्चिम** निर्माणका लागि भौतिक पूर्वाधार निर्माण र सञ्जालीकरण | २०७८।०७९ २०८२।०८३ | ५० करोड | **डिजिटल सुदूरपश्चिम** निर्माणका लागि भौतिक पूर्वाधारहरुको विकास गरी सबै नगर तथा गाँउबस्तीलाई डिजिटल प्रविधिको माध्यमद्वारा सूचना तथा सञ्चार सञ्जालमा आवद्ध गरिएको हुने। |
| ३ | सार्वजनिक सेवामा सूचना तथा सञ्चार प्रविधिको उपयोग | २०७८।०७९ २०८२।०८३ | ५० लाख | सार्वजनिक सेवाहरुलाई सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट प्रवाह हुने व्यवस्था गरिएको हुने । सार्वजनिक निकायहरुको आन्तरिक |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिएको हुने ।<br>सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट प्रवाहित सेवाको माग तथा उपयोग बढाउन र सर्वसाधारणको जीवनशैली सहज बनाउन डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिएको हुने ।<br>सूचना तथा सञ्चार प्रविधिको दुरुपयोगबाट हुने साइवर क्राइम रोक्न आवश्यक कानुनी व्यवस्थाका साथै विशेष व्युरोको स्थापना र सचेतनाका कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ४ | **सूचना प्रविधि ग्रामको** व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | २०करोड | सूचना तथा सञ्चार प्रविधिको शिक्षा, व्यवसाय र उत्पादनमा सहजीकरण गर्न **सूचना प्रविधि ग्राम**को व्यवस्था गरिएको हुने । |
| ५ | विद्युतीय सञ्चारका माध्यमबाट सूचना प्रवाह हुने व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | ५० लाख | सार्वजनिक निकायका सूचनाहरु विद्युतीय सञ्चारका माध्यमबाट नियमित रुपमा प्रवाह गरिएको हुने । |
| ६ | आमसञ्चार माध्यमको अनुगमन र नियमन | २०७८।०७९<br>२०८२।०८३ | २० लाख | आमसञ्चार माध्यमको अनुगमन र नियमनको संस्थागत व्यवस्था गरिएको हुने । |
| ७ | सुरक्षित र सुलभ छपाइ व्यवस्था | २०७८।०७९<br>२०८२।०८३ | २० लाख | प्रदेशस्तरमा प्रकाशन गर्न पर्ने सार्वजनिक दस्तावेजहरुको सुरक्षित र सुलभ छपाइको व्यवस्था गरिएको हुने। |
| ८ | सञ्चार तथा इन्टरनेट सेवामा नागरिकको | २०७८।०७९<br>२०८२।०८३ | ८० करोड | सूचना तथा सञ्चारको पहुँच विस्तार गर्न आवश्यक पर्ने टावर निर्माण, |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | पहुँच विस्तार | | | अप्टिकल फाइवर लगायतका सञ्चार पूर्वाधारका विषयहरु विस्तार गरी गुणस्तरीय सञ्चार तथा इन्टरनेट सेवामा नागरिकको पहुँच विस्तारमा सहयोग र सहजीकरण गरिएको हुने। |
| ९ | सूचना तथा सञ्चार प्रविधि क्षेत्र एवम् पत्रकारिताको व्यवसायिकता प्रबर्द्धन | २०७८।०७९ २०८२।०८३ | ५० लाख | सूचना तथा सञ्चार प्रविधि क्षेत्रलाई सक्षम, निष्पक्ष, व्यवसायिक, विश्वसनीय र प्रतिष्पर्धी बनाउदै पत्रकारितालाई मर्यादित पेशाको रुपमा विकास गर्न सहजीकरण गरिएको हुने । |

**जम्मा लगानीको अनुमान २५ अर्व** (सार्वजनिक र निजी क्षेत्रको लगानी समेत)

## जलस्रोत तथा जलजन्य प्रकोप व्यवस्थापन

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | एकीकृत जलश्रोत नीति एवम् जलउत्पन्न प्रकोप व्यवस्थापन नीति तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | जलस्रोत क्षेत्रको एकीकृत एवम् बहुआयामिक उपयोग हुनेगरी एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणा अनुसार जलउत्पन्न प्रकोपलाई समेत सम्बोधन गर्ने गरी प्रदेश नीति तर्जुमा गरी कार्यान्वयन गरिएको हुने । |
| २ | जलस्रोतको विकास मापदण्ड, कार्यविधि एवम् गुरुयोजना तयार | २०७८।०७९ २०८२।०८३ | | जलस्रोतको विकास र उपयोगका लागि आवश्यक मापदण्ड, कार्यविधि एवम् गुरुयोजना तयार गरिएको हुने। |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ३ | जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरुको विकास | ०७८।०७९ २०८२।०८३ | | संघीय सरकारसँगको सहकार्यमा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरुको विकास मार्फत उर्जा उत्पादन, सिँचाइ र जलस्रोतको अन्य उपयोगमा प्राथमिकता दिइएको हुने। |
| ४ | नदी नियन्त्रण गुरूयोजना तयार | २०७८।०७९ २०८२।०८३ | | योजनाबद्ध नदी नियन्त्रण तथा व्यवस्थापनको लागि प्रदेशका ठूला तथा मझौला स्तरका नदीहरुको गुरूयोजना तयार गरी कार्यान्वयन गरिएको हुने । |
| ५ | डुबान समस्या समाधानमा समन्वय र सहकार्य | २०७८।०७९ २०८२।०८३ | | तराई क्षेत्रमा हुने डुबान समस्याबाट हुने क्षति न्यूनिकरणका लागि पूर्व सावधानी तथा चेतावनीका लागि आवश्यक पद्दती तथा संयन्त्रको विकास गरिएको हुने । |
| ६ | बाढी तथा पहिरोका साथै बहुप्रकोप क्षेत्रको जोखिम नक्सांकन (Multi Hazard Map) तयारी | २०७८।०७९ २०८२।०८३ | | जोखिमयुक्त बाढी तथा पहिरोका साथै बहुप्रकोप क्षेत्रको पहिचान एवम् लगत संकलन गरी जोखिम नक्सा (Multi Hazard Map) तयार गरिएको हुने । |
| ७ | नदी किनारा तथा प्रवाह क्षेत्रको रेखाङ्कन तथा भू-उपयोग योजना | २०७८।०७९ २०८२।०८३ | | नदी किनारा तथा प्रवाह क्षेत्रको रेखाङ्कन तथा त्यस्ता क्षेत्रहरुको भू-उपयोग योजना तयार गरी कृषि, उद्योग र पर्यटनको विकासमा उपयोग गरिएको हुने । |
| ८ | एकीकृत जलाधार व्यवस्थापन | २०७८।०७९ २०८२।०८३ | | एकीकृत जलाधार व्यवस्थापनलाई प्राथिमकताका साथ अघि बढाई उर्जा, सिँचाइ र कृषिमा उपयोग गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ९ | बायो-इन्जिनियरिङ तथा जल प्रकोप पूर्व तयारी एवम् प्रतिकार्य क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | गैरसंरचनागत प्रविधितर्फ बायो-इन्जिनियरिङको कार्य तथा जल प्रकोप पूर्व तयारी एवम् प्रतिकार्य सम्बन्धी क्षमता विकास कार्यलाई अगाडि बढाइएको हुने । |
| १० | दोदा लगायत प्रदेशका अन्य नदीहरुमा एकिकृत पूर्वाधार विकासको अवधारणामा आधारित बहुउद्देशीय नदी नियन्त्रण व्यवस्थापन–हरितपथ लगायतका संरचना निर्माण | २०७८।०७९ २०८२।०८३ | | चुरे देखि भारत सीमासम्म फैलिएका दोदा लगायत प्रदेशका अन्य नदीहरुमा एकिकृत पूर्वाधार विकासको अवधारणामा आधारित बहुउद्देशीय नदी व्यवस्थापन–हरितपथ लगायतका उपयोगी संरचना निर्माण गरिएको हुनेछ । |

**जम्मा लगानीको अनुमान १० अर्ब**

## ७.९ पूर्वाधार क्षेत्रका नतिजा खाका

**प्रभाव**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| कुल ग्राईस्थ्य उत्पादनमा यातायात क्षेत्रको योगदान | प्रतिशत | २.७ | २.६ | २.६ | २.६ | २.७ | २.८ | के.त.वि. /प्र.त.का. |
| कुल ग्राईस्थ्य उत्पादनमा सञ्चार क्षेत्रको | प्रतिशत | १.८ | १.८ | १.७ | १.७ | १.७ | १.८ | के.त.वि. /प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| योगदान | | | | | | | | |
| कुल ग्रार्हस्थ्य उत्पादनमा विद्युत ग्यासँ पानीको योगदान | प्रतिशत | ०.८ | ०.८ | ०.९ | १.० | १.० | १.१ | के.त.वि./प्र.त.का. |
| कुल ग्राहस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान | प्रतिशत | ७.८ | ८.२ | ८.९ | ९.७ | १०.४ | ११.२ | के.त.वि./प्र.त.का. |
| ३० मिनेटको दुरीमा यातायात पहुँच पुगेको परिवार | प्रतिशत | – | ६० | ६५ | ७० | ७५ | ८५ | के.त.वि./प्र.त.का. |

## यातायात पूर्वाधार

### असर

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सडक घनत्व | कि मि प्रति वर्ग कि मि | ०.२६ | ०.२६ | ०.२७ | ०.३ | ०.४ | ०.५ | के.त.वि./प्र.त.का. |
| सडक यातायातले जोडिएको स्थानीय तह | संख्या | ८६ | ८६ | ८६ | ८७ | ८७ | ८८ | आ.मा.मं. |
| हवाई यातायातको प्रयोग गर्ने जनसंख्या | प्रतिशत | - | ५ | ५.५ | ६ | ६.५ | ७ | उ.प.व.वा.मं. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** | | | | | | | | |
| प्रदेशको कुल कालोपत्रे सडक | कि मि | २३४ | ३०० | ४०० | ५०० | ६०० | ८०० | भौ.पू.मं. |
| प्रदेश गौरवका सडक निर्माण | कि मि | - | ३० | १०० | २०० | ४०० | ९०० | भौ.पू.मं. |
| सडक पुल निर्माण | संख्या | १० | ९ | ९ | १० | ११ | १५ | भौ.पू.मं. |
| झोलुङ्गे पुल निर्माण | संख्या | २८ | ३ | १३ | १४ | १६ | १८ | भौ.पू.मं. |
| विमानस्थलको स्तर उन्नति कार्य | प्रतिशत | - | - | २५ | ५० | ७५ | १०० | भौ.पू.मं. |
| सञ्चालित विमानस्थलः | संख्या | ६ | ६ | ६ | ७ | ८ | ९ | भौ.पू.मं. |

**ऊर्जा**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६४.६९ | ६८ | ७५ | ८५ | ९० | ९९ | के.त.वि./प्र.त.का. |
| जल विद्युत उत्पादन | मे वा | ५२ | ५२ | ६० | १५० | २०० | २५० | भौ.पू.मं. |
| सौर्य मिनिग्रिड प्रणाली स्थापना | कि वा | - | ५५ | १२५ | २५० | ३०० | ३५० | भौ.पू.मं. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घर परिवार | प्रतिशत | - | ७० | ६५ | ६० | ५५ | ४५ | के.त.वि./प्र.त.का. |
| खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घर परिवार | प्रतिशत | - | ३० | ३५ | ४० | ४५ | ६५ | के.त.वि./प्र.त.का. |
| **प्रतिफल** | | | | | | | | |
| जल विद्युतका ठूला आयोजना | संख्या | - | - | - | - | - | ३ | भौ.पू.मं. |
| जल विद्युतका मझौला आयोजना | संख्या | - | - | - | - | - | ५ | भौ.पू.मं. |
| उज्यालोकालागि सौर्य उर्जा प्रयोग गर्ने घर परिवार | संख्या | ६६१९८ | ६६५०० | ६७००० | ६८००० | ७१००० | ७५००० | भौ.पू.मं. |
| उज्यालोका लागि वायो ग्याँस प्रयोग गर्ने घर परिवार | संख्या | २०१६ | २०५५ | २०७५ | २१०० | २२०० | २५०० | भौ.पू.मं. |

| ग्रामीण वस्ती विकास तथा सहरीकरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।०७८** | **२०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२०८२।०८३** | **सूचना को श्रोत** |
| आफ्नै स्वामित्वको आवासमा वसोवास गर्ने परिवार | प्रतिशत | ९५.१ | ९५.२ | ९५.४ | ९५.६ | ९५.८ | ९६ | के.त.वि./प्र.त.का. |
| नगरपालिकामा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ६२.२८ | ६२.५ | ६२.८ | ६३.० | ६३.२५ | ६४.५ | के.त.वि./प्र.त.का. |
| सुरक्षित आवासमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ४० | ४२ | ४५ | ५० | ५५ | ६० | के.त.वि./प्र.त.का. |
| खरको छाना भएको घर | प्रतिशत | १३ | १२ | ११ | १० | ८ | ५ | के.त.वि./प्र.त.का. |
| **प्रतिफल** | | | | | | | | |
| एकिकृत वस्तीको निर्माण | संख्या | - | - | - | १ | २ | ३ | भौ.पू.मं. |
| नयाँ सहरको विकास | संख्या | - | - | - | - | - | २ | भौ.पू.मं. |
| नयाँ आवास (जनता आवस) निर्माण | संख्या | २२६२ | ३८२ | ४२० | ४६० | ५०० | ५५० | भौ.पू.मं. |

| सिँचाइ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।०७८** | **२०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२०८२।०८३** | **सूचनाको श्रोत** |
| सिँचाइ सुविधा पुगेको कृषि योग्य भूमि | प्रतिशत | ५२.२८ | ५५ | ६० | ६५ | ७० | ७५ | भौ.पू.मं. |
| वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | ३८ | ४० | ४४ | ४९ | ५४ | ५८ | भौ.पू.मं. |
| **प्रतिफल** | | | | | | | | |
| ठूला सिँचाइ आयोजना निर्माण | संख्या | - | - | - | १ | - | २ | भौ.पू.मं. |
| सिँचित क्षेत्रफल विस्तार | हेक्टर | ९०१७ | ४५९० | ३४५० | ३८०० | ४२०० | ५००० | भौ.पू.मं. |
| जमिनको उकास | हेक्टर | ३१७० | ५६२ | १८८ | २०७ | २७७ | ३०० | भौ.पू.मं. |
| लिफ्ट सिँचाइ प्रणाली | संख्या | - | - | - | ७ | ९ | ११ | भौ.पू.मं. |
| डिप ट्युवबेल | कि मि | १४ | १९ | २४ | २९ | ३३ | ३९ | भौ.पू.मं. |

## खानेपानी तथा सरसफाइ

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८६.५३ | ८८ | ९० | ९२ | ९५ | ९९ | भौ.पू.मं. |
| उच्च मध्यम स्तरको खाने पानी सुविधा पुगेको परिवार | प्रतिशत | २० | २२ | २५ | ३० | ३५ | ४० | भौ.पू.मं. |
| सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ९९ | ९९.२ | ९९.४ | ९९.६ | ९९.८ | १०० | भौ.पू.मं. |
| **प्रतिफल** | | | | | | | | |
| आधारभूत खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या | संख्या | - | १२२३०४ | २३००० | ५९००० | ६५००० | ७५००० | भौ.पू.मं. |
| उच्च मध्यम स्तरको खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या | संख्या | - | ४३६३० | २०५०० | ४९२०० | ५४००० | ५९५०० | भौ.पू.मं. |

| सूचना तथा सञ्चार प्रविधि | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **असर** | | | | | | | | |
| **प्रमुख सूचक** | **एकाई** | **आधार वर्ष २०७७।०७८** | **२०७८।०७९** | **२०७९।०८०** | **२०८०।०८१** | **२०८१।०८२** | **२०८२।०८३** | **सूचनाको श्रोत** |
| टेलिफोन प्रयोगकर्ता घरधुरी | प्रतिशत | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ | ९९ | भौ.पू.मं. |
| इण्टरनेट प्रयोगकर्ता | प्रतिशत | ४७.८ | ५० | ५५ | ६२ | ७० | ८० | भौ.पू.मं. |
| रेडियोमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | - | ८० | ८२ | ८५ | ९० | ९५ | भौ.पू.मं. |
| टेलिभिजनमा पहुँच प्राप्त घर परिवार | प्रतिशत | - | ६० | ६२ | ६५ | ७० | ७५ | भौ.पू.मं. |
| **प्रतिफल** | | | | | | | | |
| दूर सञ्चार सेवा प्रदायक कम्पनि | संख्या | - | ४ | ४ | ५ | ५ | ५ | भौ.पू.मं. |
| टीभी प्रसारण कम्पनि | संख्या | | | | | | | भौ.पू.मं. |
| एफ एम लगायतको सञ्चार क्षेत्र | संख्या | २२ | ३० | ३५ | ४० | ४२ | ४५ | भौ.पू.मं. |

❖❖❖

# परिच्छेद ८
# सुशासन

## ८.१ शान्ति सुरक्षा, सुव्यवस्था र सीमावर्ती क्षेत्रको विकास

### १. पृष्ठभूमि

प्रदेशको अधिकार अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा संविधानको अनुसूचीमा व्यवस्थित गरिएको छ भने कार्य विस्तृतिकरणका अनुसार आधारभुत मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेश भित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानुन कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन प्रदेशको कार्यक्षेत्र भित्र राखिएको छ। यस प्रदेशको उत्तर, दक्षिण र पश्चिममा अन्तरराष्ट्रिय सीमा पर्ने भएकोले प्रदेशले सीमावर्ती क्षेत्रको विकासमा पनि उचित ध्यान पुऱ्याउन पर्ने भएको छ ।

### २. प्रमुख समस्या

संबैधानिक व्यवस्था अनुसार शान्ति सुरक्षाको लागि नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गर्ने संघीय कानुन बनी नसकेको कारण प्रदेश प्रहरी गठन हुन नसक्नु, भइरहेको प्रहरी संगठनको लागि पनि साधन स्रोत सीमित हुनु, प्रदेश स्तरीय तालिम केन्द्र पनि नहुनु, गरिब तथा असहायका लागि न्यायमा पहुँच कमजोर हुनु, पारिवारिक हिंसा एवम् सामाजिक कुरितिका कारण हुने हिंसाका घट्ना न्यायालयसम्म नपुग्नु, मौलिक हकको सुनिश्चितताको लागि प्रदेशस्तरीय कानुन एवम् मापदण्ड तयार नहुनुजस्ता प्रमुख समस्याहरु छन्।

### ३. चुनौती तथा अवसर

प्रदेश सुरक्षा योजना निर्माण गरी सीमित स्रोत साधनले शान्ति सुरक्षा कायम गर्नु, खुला सीमानाको कारण हुने साना तथा अवैध हातहतियार ओसारपसार नियन्त्रण गर्नु र अन्तर्राष्ट्रिय सीमालाई सुव्यवस्थित बनाउनु, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु, सूचना प्रविधिको प्रयोगबाट हुने साईबर क्राईम नियन्त्रण गर्नु तथा जातीय साम्प्रदायिक राजनीतिक क्रियाकलाप नियन्त्रण गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन्।

सुरक्षा निकायहरुका संरचनाहरु प्रदेशभरी विस्तार गरी तीन वटै तहको सरकारले शान्ति सुरक्षामा ध्यान दिन सक्ने हुनु, सञ्चार प्रविधिको माध्यमद्वारा मानव बेचबिखन, लागु औषध प्रयोग तथा ओसारपसार जस्ता कृयाकलापहरु नियन्त्रणको लागि जनचेतना अभिवृद्धि गर्न सकिने हुनु, आधुनिक प्रविधिको प्रयोग मार्फत अपराधिक गतिविधि नियन्त्रण गर्न सकिने हुनु तथा शान्ति, सुरक्षा सम्वन्धमा नागरिकहरुमा सचेतना बढदै जानु अवसरका रुपमा रहेका छन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

शान्त, सुरक्षित र समुन्नत प्रदेश ।

### ४.२ लक्ष्य

प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गराउने ।

### ४.३ उद्देश्य

- प्रदेशमा शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।
- अन्तर्राष्ट्रिय सीमामा पर्ने क्षेत्रहरुमा आवश्यक विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने। | क) प्रदेशको हित अनुरुप प्रादेशिक सुरक्षा नीति तथा कानुन निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।<br>ख) प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रभावकारी रुपमा प्रहरी परिचालन गरिनेछ।<br>ग) सुरक्षा सम्बन्धी सूचना संकलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरुबीच सूचना आदानप्रदान गरी समन्वय र सहकार्यमा जोड दिईनेछ।<br>घ) अति संवेदनशील एवम् महत्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध गरिनेछ।<br>ङ) नागरिक सुरक्षाका लागि प्रदेश निजामती निकाय, प्रदेश प्रहरी, सशस्त्र प्रहरीबल, प्रदेश अनुसन्धान विभागलाई समन्वयात्मक रुपमा परिचालन गरिनेछ।<br>च) सामुदायिक प्रहरीमा विशेष जोड दिइने तथा प्रदेश प्रहरीलाई जनमैत्री बनाइनेछ।<br>छ) लागु औषधको अवैध उत्पादन, बिक्री वितरण एवम् ओसार पसारलाई कडाईकासाथ नियन्त्रण गरिनेछ।<br>ज) मानव बेचबिखन जस्तो अमानवीय कार्यलाई नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>झ) मानव अधिकारको उलङ्घनकर्तालाई कानुनको दायरामा ल्याई मानव अधिकारको संरक्षण र सम्वर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ञ) विपद्को अवस्थामा तत्काल खोज, उद्धार र राहत वितरण गर्न तालिम प्राप्त दक्ष जनशक्ति तयार गर्नुका साथै प्रदेशमा आपतकालीन उद्धारका लागि आवश्यक सामाग्रि भण्डारणका लागि विभिन्न केन्द्रहरुमा गोदाम घरको व्यवस्था गरिनेछ।<br>ट) खोज एवम् उद्धारलाई प्रभावकारी बनाउन राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, (NEOC) जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC), स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) तथा विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी विपद्जोखिम न्यूनीकरण तथा अल्पिकरणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछन्।<br>ठ) अन्तर्राष्ट्रिय सीमामा पर्ने क्षेत्रहरुको विकासका लागि आवश्यक कार्यक्रमहरुको पहिचान गरी सञ्चालन गरिनेछन् । |
| २. नागरिकमैत्री सुरक्षा व्यवस्थाको विकास गर्ने । | क) अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न अपराध नियन्त्रण प्रणालीलाई प्रभावकारी तुल्याइनेछ ।<br>ख) अपराधको निगरानी र नियन्त्रण गर्न प्रमुख सहर बजार, घनावस्ती, चोक, मूल सडक र सम्बेदनशील स्थानहरूमा सि.सि.टि.भी., साईरन जस्ता उपकरण प्रयोग गरी सुरक्षा प्रणालीलाई सबलीकृत गरिनेछ ।<br>ग) समाजमा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्न आवश्यक संयन्त्रहरू निर्माण गरी स्थानीय नागरिकसँग सहकार्य गरिनेछ। |
| ३. सुरक्षा निकायको क्षमता अभिबृध्दि गरी मनोवल उच्च बनाउने । | क), प्रशिक्षण तथा वृत्ति विकासको पर्याप्त अवसर सिर्जना गरी प्रदेश प्रहरीको व्यवसायिक क्षमतामा अभिबृध्दि गरिनेछ ।<br>ख) स्रोत साधन सम्पन्न र आधुनिक प्रविधियुक्त बनाई सुरक्षा निकायको संस्थागत विकास गरिनेछ ।<br>ग) सुरक्षा निकायको संरचनालाई समनायनुकूल चुस्त, प्रविधियुक्त र प्रभावकारी बनाइनेछ ।<br>घ) सूचना सम्प्रेषण प्रणालीलाई संघीय सञ्जालमा आवद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधियुक्त बनाइनेछ।<br>ङ) सुरक्षाकर्मीहरूको मनोवल उच्च राख्न पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

योजनाको अन्त्य सम्ममा प्रदेश प्रहरी सेवा सम्बन्धी नीति र कानुन कार्यान्वयन, प्रदेश प्रहरी गठन, सुरक्षा निकायको भौतिक संरचना निर्माण तथा स्तरोन्नती, जनशक्ति व्यवस्थापन, सुरक्षा उपकरणको व्यवस्था भएको हुनेछ।

## ८.२ सुशासन र भ्रष्टाचार नियन्त्रण

### १. पृष्ठभूमि

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र उत्तरदायी तुल्याउँदै निष्पक्ष, पारदर्शी, नतिजामुखी र जनमुखी सेवा प्रवाहको माध्यमबाट सुशासनको प्रत्याभुत गर्नु पर्ने हुन्छ । भ्रष्टाचार नियन्त्रण एवम् सुशासन प्रवर्द्धनको लागि नेपालले विभिन्न सन्धि, महासन्धि र अभिसन्धिहरूमा हस्ताक्षर गरी अन्तराष्ट्रियस्तरमा प्रतिवद्धता गरेको छ । राष्ट्रियस्तरमा समेत विभिन्न कानुनी तथा संस्थागत संरचनाहरूको स्थापना गरिएको छ । प्रदेशमा समेत प्रदेश सुशासन ऐन, २०७६ निर्माण भै कार्यान्वयनमा रहेको छ । तथापि महालेखा परिक्षक कार्यालयको बार्षिक प्रतिवेदन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल लगायतको प्रतिवेदनले भ्रष्टाचार एवम् अनियमितता रहेको देखाउँछ । यसरी विभिन्न क्षेत्रमा व्याप्त भ्रष्टाचारले समाजको आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष असर गरिरहेको सन्दर्भमा नेपालको संविधानले परिकल्पना गरेको आर्थिक सामाजिक रूपान्तरणको लागि भ्रष्टाचार एवम् अनियमितता नियन्त्रणको लागि वृहत दृष्टिकोण सहितको प्रयास आवश्यक छ ।

### २. प्रमुख समस्या

सार्वजनिक क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी तुल्याउन नसकिनु, आर्थिक अनियमितता एवम् भ्रष्टाचार विरुद्ध सामाजिक सहनशीलता न्यूनीकरण नहुनु, गैरसरकारी क्षेत्रका अनियमितताको नियमन गर्न नसकिनु, प्रभावकारी नियमन तथा अनुगमन प्रणालीको विकास गर्न नसक्नु, सार्वजनिक सेवा प्रवाहलाई निष्पक्ष र पारदर्शी तुल्याउन नसकिनु, विद्युतीय शासन प्रणालीको अपेक्षित प्रवर्द्धन हुन नसक्नु लगायतका समस्याहरू छन्।

### ३. चुनौती तथा अवसर

सामाजिक मूल्य-मान्यता, नागरिक संस्कार, नैतिक सदाचारिताको प्रवर्द्धन गर्दै भ्रष्टाचारलाई सामाजिक अपराधको रूपमा स्थापित गर्नु, भ्रष्टाचार विरूद्ध सामाजिक शून्य सहनशीलता कायम गर्नु, भ्रष्टाचारका विभिन्न स्वरूप, प्रकार र कारण पहिचान गरी नियन्त्रणात्मक उपायहरू अवलम्वन गर्नु र सरकारी, सार्वजनिक एवम् निजी क्षेत्रमा हुने भ्रष्टाचार र अनियमिताजन्य कार्यलाई नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिनु चुनौतीका रूपमा रहेका छन्।

देशमा संघीय शासन व्यवस्थाको कार्यान्वयनसँगै सबै तहमा सबल सरकार गठन, भ्रष्टाचार विरुद्ध समाजमा देखिएको परिवर्तित दृष्टिकोणको विकास, संवैधानिक एवम् कानूनीरूपमा सबल नियामक निकायको व्यवस्था, प्रदेशमा सुशासन ऐनको निर्माण, अख्तियार दुरूपयोग अनुसन्धान

आयोगको प्रादेशिक कार्यालयको व्यवस्थापन, प्रदेशस्तरमा सुशासन प्रवर्द्धन केन्द्रको परिकल्पना लगायतको व्यवस्था हुनुले सबै तह र क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य, आर्थिक अनियमितताको न्यूनीकरण तथा नियन्त्रणमार्फत समाजमा सदाचार प्रवर्द्धन गर्दै सुशासन कायम गर्ने प्रशस्त अवसर रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

सदाचारयुक्त समाज निर्माण।

### ४.२ लक्ष्य

भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने ।

### ४.३ उद्देश्य

सुशासनका लागि भ्रष्टाचारजन्य कार्य एवम् अनियमितता नियन्त्रण गर्नुका साथै प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गर्ने । | क) विद्यमान नीति तथा कानुनमा समयानुकूल परिमार्जन र आवश्यक नयाँ कानुनको निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>ख) सुदूरपश्चिम प्रदेश सुशासन नियमावलीको निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>ग) सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी एवम् जवाफदेही बनाइनेछ ।<br>घ) भ्रष्टाचार विरुद्धका चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक काम कारवाहीलाई प्रभावकारी बनाइनेछ ।<br>ङ) प्रदेशका सबै क्षेत्रमा भएका भ्रष्टाचार एवम् विभिन्न प्रकृतिका आर्थिक अनियमितता समेतको नियन्त्रण गरिनेछ ।<br>च) विभिन्न तहका शैक्षिक पाठ्यक्रममा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसँग सम्बन्धित विषयवस्तुहरू समावेश गर्दै सोको अध्यापनमार्फत भ्रष्टाचार विरुद्ध सामाजिक सचेतना प्रवर्द्धन गरिनेछ ।<br>छ) भ्रष्टाचार विरुद्धको जनमत परिचालन गर्नको लागि |

| रणनीति | कार्यनीति |
|---|---|
| | नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरूको सक्रिय सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ज) भ्रष्टाचार विरोधी समाज निर्माणको लागि विभिन्न माध्यमबाट सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>झ) सम्पत्ति शुद्धीकरणका विभिन्न क्रियाकलापहरू नियन्त्रण, अनुसन्धानको लागि विभिन्न संयन्त्रहरूको निर्माण गर्दै कानुनी दायरामा ल्याईनेछ ।<br>ञ) भ्रष्टाचार नियन्त्रण तथा सदाचारीता प्रवर्द्धनसँग सम्बन्धित विभिन्न आयोग, निकायहरूका साथै संघीय सरकार र स्थानीय तहसँग प्रभावकारी समन्वय गरिनेछ ।<br>ट) भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसँग सम्बन्धित अध्ययन अनुसन्धान तथा जनशक्तिको क्षमता विकासलाई थप प्रभावकारी एवम् बैज्ञानिक बनाइनेछ । |
| २. सार्वजनिक सेवा प्रवाहलाई जवाफदेही एवम् पारदर्शी बनाउने। | क) सार्वजनिक सेवा प्रवाहलाई अनुमान योग्य, जवाफदेही एवम् पारदर्शी बनाउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।<br>ख) नागरिक वडापत्र, सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षणको व्यवस्थालाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइनेछ ।<br>ग) सार्वजनिक सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आवद्ध गर्दै थप नतिजामूखी र नागरिकमैत्री तुल्याइनेछ ।<br>घ) सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ ले परिकल्पना गरेका प्रादेशिक सुशासन केन्द्र र सुशासन इकाईहरूको स्थापना गरी कार्य सञ्चालन गरिनेछ ।<br>ङ) कर्मचारी तथा जनप्रतिनिधिहरूलाई स्वअनुशासन, नैतिकता तथा सदाचारको प्रवन्ध मिलाइनेछ ।<br>च) सूचना प्रविधिको समेत उपयोग गरी निगरानी प्रणालीलाई सुदृढ गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

विभिन्न क्षेत्रमा भ्रष्टाचारजन्य क्रियाकलापहरू उल्लेख्य रूपमा घटेको हुनेछन् । सवै क्षेत्रमा हुने आर्थिक अनियमितता नियन्त्रण भई सुशासन कायम भएको हुनेछ । आर्थिक सामाजिक विकासका सुचकहरू सकारात्मक रूपमा बृद्धि भएको हुनेछ।

## ८.३ मानव अधिकार

### १. पृष्ठभूमि

मानव अधिकार संविधानको प्रस्तावनामा नै समावेश गरी राज्यको सम्पूर्ण अवयवको अविछिन्न जिम्मेवारीको रुपमा उल्लेख गरिएकोछ भने मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन राज्यको दायित्व हुने व्यवस्था सहित राज्यले मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने, नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने, न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपाय अवलम्बन गर्ने नीति लिईएको छ।

नेपाल मानवअधिकार सम्बन्धी आधारभुत महासन्धिको पक्ष राष्ट्र रहेको छ। संयुक्त राष्ट्र संघमा संपरिक्षणका लागि पेश गर्नु पर्ने ठूला नौ ओटा महासन्धि मध्ये सात महासन्धिको नेपाल पक्ष राष्ट्र भईसकेको छ । मानव अधिकार आयोगले संवैधानिक दर्जा प्राप्त गरेको छ । सबै कुप्रथालाई फौजदारी अपराधको कोटिमा राख्ने कानुन र अपराध संहिता जारी भएको छ। दिगो विकासको सोह्रौ लक्ष्य मानव अधिकार सँग सम्बन्धित छ। लोकतान्त्रिक, समावेशी , सदाचारयुक्त बस्न लायक समाजको निर्माणमा प्रदेश सरकार पनि प्रतिवद्ध छ ।

### २. प्रमुख समस्या

प्रदेशका विभिन्न भागमा रहेको भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा जस्ता कुप्रथा, प्रदेशको जटिल भौगोलिक संरचना, पूर्वाधार एवम् सेवा सुविधाको न्युनता जस्ता कुराहरु मानव अधिकारको प्रत्यभुतिका लागि प्रमुख समस्या रहेका छन्। मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्नु पर्ने कुरामा नागरिक तथा राज्यका निकायमा सचेतना अभिवृद्धि भएता पनि मानव अधिकार सम्बन्धमा प्रदेशमा स्पष्ट नीतिगत तथा संस्थागत व्यवस्था नहुनु, राजनीतिक, सामाजिक एवम् नागरिक समाजमा मानव अधिकारको आधारभूत ज्ञान, मूल्य, मान्यता तथा संस्कारको पद्धति स्थापित हुन नसक्नु, संस्थागतरुपमा रहेको सामाजिक विभेद, कुप्रथा, कुरिती, अन्धविश्वास, महिला हिंसा, बालश्रम र युवा दुर्व्यसनलाई अन्त्य गर्न नसक्नु जस्ता समस्याहरु रहेका छन्।

### ३. चुनौती तथा अवसर

संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु, मानव अधिकारमैत्री तथा सामाजिक न्याय सहितको आर्थिक

एवम् विकास निर्माणका कृयाकलाप सञ्चालन गर्नु, समावेशी एवम् महिला बाल अधिकारयुक्त विधिको शासन कायम गर्नु, मानव अधिकार सम्बन्धी सूचना ज्ञान र जानकारी सबै निकाय र आम नागरिकसम्म पुऱ्याउने विषय चुनौतीका रुपमा रहेका छन्।

मानव अधिकार सम्बन्धी मुल्यमान्यतालाई नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभुत गर्नु, मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनको निर्माण हुनु, मानव अधिकार सम्बन्धी क्षेत्रीय, अन्तराष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्र हुनु, मानव अधिकार आयोगलाई संवैधानिक हैसियत प्राप्त हुनु, स्वच्छ, सक्षम न्यायपालिकाको व्यवस्था हुनुका साथै मानव अधिकारको सम्मान र संरक्षण गर्न सुदूरपश्चिम प्रदेश सरकार प्रतिबद्ध हुनु, मानव अधिकार व्यवहारमा उतार्न गैर सरकारी संस्था, नागरिक समाज, आम सञ्चारजगत लगायत समाजका सचेत वर्ग सहयोगी हुनु जस्ता अवसरहरु छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

सुरक्षित एवम् मर्यादित जीवनका लागि मानव अधिकार।

### ४.२ लक्ष्य

सुव्यवस्था मार्फत मानव अधिकार सहितको सुरक्षित र मर्यादित जीवनको प्रत्यभूति दिने।

### ४.३ उद्देश्य

- प्रदेशमा मानव अधिकारको सम्मान, सम्वर्द्धन र संरक्षण गर्नु।
- महिला, बालबालिका, विकट क्षेत्रका वासिन्दा, सीमान्तकृत, अल्पसंख्यक, शारीरिक अशक्तता तथा पिछडा वर्ग समुदायको मानव अधिकार सुरक्षित गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. मानव अधिकार संरक्षणका लागि मौलिक हकको कार्यान्वयन गर्न बनेका कानुनहरुको परिपालन हुने व्यवस्था मिलाउने। | क) प्रदेश भित्र मानव अधिकारको पूर्ण प्रत्याभूतिको लागि प्रदेश सरकार एवम् अन्य सरोकारवालाले गर्न पर्ने कामको सूची तयार गरी स्पष्ट कार्य विवरण अनुरुप मानव अधिकार गुरु योजना तयार गरिनेछ तथा संविधान र कानुनको कडाईका साथ परिपालना एवम् कार्यान्वयन गरिनेछ।<br>ख) प्रदेशमा मानव अधिकार सम्बन्धी संरचनालाई प्रभावकारी बनाईनेछ ।<br>ग) मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सहयोग गरिनेछ।<br>घ) संघ र स्थानीय तहसँग मानव अधिकार संरक्षण तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| | सम्वर्द्धनका लागि समन्वय गरिनेछ।<br>ङ) स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरिनेछ।<br>च) मानव अधिकार उलङ्घनका घट्नाहरुको कडाईका साथ अनुसन्धान गरिनेछ र यसको न्यूनीकरणका लागि कार्यक्रम संचालन गरिनेछ ।<br>छ) कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा मानव अधिकारको सिद्धान्तलाई आत्मसात गरिनेछ ।<br>ज) कमजोर र सीमान्तकृत वर्गलाई निःशुल्क कानूनी सहायताका लागि आवश्यक व्यवस्था गरिनेछ ।<br>झ) मानव अधिकारको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तीलाई पुरस्कृत गरिनेछ।<br>ञ) मानव अधिकार सम्बन्धी आधारभुत विषय वस्तुबारे विद्यालयमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. प्रदेशमा विद्यमान भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाहरुको अन्य गर्ने। | क) छुवाछुत, जातीय विभेद, कुप्रथा र हिंसा विरुद्ध जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>ख) समाजमा विद्यमान लैंगिक हिंसा लगायत सबै प्रकारका हिंसा, भेदभाव, छुवाछुत, कुप्रथा, बालश्रमको अन्त्य गरिनेछ ।<br>ग) विपन्न तथा पछि परेका वर्गहरुको अधिकार सुनिश्चित गरिनेछ। |
| ३. दण्डहिनताको अन्त्य गरी पिडितलाई क्षतिपूर्तिको व्यवस्था गर्ने । | क) द्वन्द्व पीडित, घाइते, शारीरिक अशक्त र बेपत्ता भएका व्यक्ति र परिवारलाई पुनःस्थापना गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ ।<br>ख) समाजमा हुन सक्ने सम्भावित द्वन्द्वका कारणहरू पहिचान गरी द्वन्द्वको निरुपण गरिनेछ र शान्ति प्रवर्द्धन गरिनेछ ।<br>ग) मानव अधिकारका घटनाहरुमा दण्डहिनताको अन्त्य गरी कानुन वमोजिम पिडितलाई क्षतिपूर्तिको व्यवस्था गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

मानव अधिकार सम्बन्धमा निर्माण भएका कानुनहरुको कार्यान्वयन भई प्रदेशका नागरिकहरुले मानव अधिकारको व्यवहारिक रुपमा उपभोग गर्न सक्ने अवस्था सुनिश्चित भएको हुनेछ। साथै प्रदेशमा व्याप्त महिला हिंसा सहित सबै प्रकारका हिंसा, बालश्रम, भेदभाव, छुवाछुत तथा कुप्रथाहरु न्यूनीकरण भएको हुनेछ।

## ८.४ प्रदेशको कानुनी व्यवस्था

### १. पृष्ठभूमि

संविधान प्रदत्त अधिकारको प्रयोग गरी प्रदेशमा शान्ति, सुव्यवस्था र अमन चैन कायम गर्न आवश्यक कानुनको तर्जुमाको व्यवस्था गर्नु प्रदेश सरकारको प्रमुख जिम्मेवारी हो । संवैधानिक व्यवस्था एवम् संघीय कानुनको प्रतिकुल नहुने गरी आवश्यक कानुनको व्यवस्था मात्र हैन अपराध नियन्त्रण गर्न, शान्ति सुव्यवस्था कायम गरी सुशासनको अनुभुति दिलाउन पनि मौजुदा कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व पनि प्रदेश सरकार माथि छ । यसै गरी विद्यमान कानुनहरुको समयानुकुल परिमार्जन गरी त्यसलाई सुदृढ गर्दै लैजानु पनि पर्ने हुन्छ । यसरी नै न्याय प्रणालीको प्रस्थान बिन्दु स्थानीय तहको न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवम् प्रणालीबद्ध बनाई न्याय सम्पादन र व्यवस्थापनमा प्रभावकारीता कायम गर्न आवश्यक छ । संविधानले गरेको व्यवस्था र मर्म अनुरुप कानुन निर्माण गरी न्यायमा सबैको सरल र सहज पहुँच स्थापित गर्न र न्याय सम्पादनमा चुस्तता ल्याउन, न्यायपालिकालाई आवश्यक सहयोग गर्नु उत्तिकै जरुरी भएको छ ।

### २. प्रमुख समस्या

प्रदेश सरकारको तर्फबाट मुद्दाको अनुसन्धान र अभियोजना गर्ने विषय स्पष्ट नहुनु।प्रदेशले कानुन बनाउने भए तापनि दण्ड सजायको व्यवस्था गर्न सक्ने नसक्ने विषय स्पष्ट नहुनु। न्यायमा सबैको सरल र सहज पहुँचको कमि हुनु साथै पर्याप्त स्रोत साधन र जनशक्तिको कमी हुनु प्रमुख समस्या हुन् ।

### ३. चुनौती र अवसर

प्रदेशले निर्माण गर्नु पर्ने आधारभूत कानुन तर्जुमा गर्न सहजीकरण गर्नु, अन्तर तह समन्वय र सहकार्य गर्नु, स्थानीय न्यायिक समितिको भूमिकालाई प्रभावकारी बनाउनु, फौजदारी तथा देवानी संहिताको पालनाका लागि सबै तह र निकायमा प्रर्याप्त नागरिक शिक्षा, सचेतना र दक्षता अभिवृद्धि गर्नु जस्ता विषय यस क्षेत्रका प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

संविधानको अनुसूचीमा संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारलाई सूचीकरण गरी राज्य शक्तिको बाँडफाँट गरिएकोले तीनै तहलाई आ–आफ्नो क्षेत्रमा कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने महत्वपूर्ण अवसर प्राप्त हुनु, न्याय प्रणाली सूचना प्रविधिमैत्री हुदै जानु, स्थानीय न्यायिक समितिको व्यवस्था हुनु आदि अवसरका रुपमा रहेका छन् ।

## ४. सोँच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोँच

सुव्यवस्थाका लागि प्रदेश कानुन ।

### ४.२ लक्ष्य

निष्पक्ष, पारदर्शि र सरल कानुनी प्रणालीको व्यवस्था गर्ने ।

### ४.३ उद्देश्य

- कानुनी व्यवस्थालाई सरल, अनुमानयोग्य, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउनु ।
- प्रदेशको एकल अधिकार सूची भित्रका विषयमा कानुन निर्माण गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशले निर्माण गर्नु पर्ने कानुन सरोकारवालासमेतको सहभागितामा तर्जुमा गर्ने। | क) संवैधानिक व्यवस्था अनुसार प्रदेश कानुन तर्जुमा नीति र दिग्दर्शन तर्जुमा एवम् प्रदेश कानुनको नक्साङ्कन गरिनेछ ।<br>ख) कानुन तर्जुमा गर्दा तथ्य एवम् आवश्यकताको पहिचान, संघीय र अन्य प्रदेशको कानुनसँग तुलनात्मक विश्लेषण, सरोकालवालासँग पर्याप्त छलफल तथा आवश्यक अध्ययन र अनुसन्धान पश्चात मात्र गर्ने पद्धतिको विकास गरिनेछ।<br>ग) कानुनी शिक्षा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>घ) जनस्तरमा सचेतनामूलक कार्यक्रमहरु मार्फत कानुन अनुसारको न्यायमा पहुँच विस्तार तथा जागरण ल्याईनेछ। |
| २. कानुन तथा न्याय क्षेत्रको क्षमता विकास । | क) कानुनी तथा न्यायिक प्रक्रियालाई छिटो छरितो, प्रभावकारी र पूर्वानुमान योग्य बनाउन र विद्यमान कानुनको पूर्ण कार्यान्वयन, संलग्न संस्था र व्यक्तिको क्षमता विकास गर्न प्रदेश सरकारको तर्फबाट आवश्यक भूमिका निर्वाह गरिनेछ ।<br>ख) न्याय सम्पादनलाई पारदर्शी एवम् सूचना प्रविधिमैत्री बनाउन आवश्यक सहयोग गरिनेछ।<br>ग) मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश भित्रका अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीको क्षमता |

| रणनीति | कार्यनीति |
|---|---|
| | विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ। |
| ३. सबै खाले द्वन्द्वका पीडितहरूको मानव अधिकार सुनिश्चित गर्ने। | क) द्वन्द्व पीडित, घाइते, शारीरिक अशक्त र बेपत्ता भएका व्यक्ति र परिवारलाई पुनःस्थापना गरिनेछ ।<br>ख) द्वन्द्व पीडितहरूको मानव अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य निरुपण गरी पुनर्मिलन गराउने व्यवस्था मिलाइनेछ ।<br>ग) समाजमा विवाद र द्वन्द्वका कारणहरू पहिचान गरी सम्भावित द्वन्द्वको व्यवस्थापन र शान्ति प्रवर्द्धन गरिनेछ । |

**५. अपेक्षित उपलब्धि**

प्रदेशले निर्माण गर्नु पर्ने सबै कानुनहरु निर्माण भएको हुनेछ, जनस्तरमा न्याय प्रणाली सम्बन्धी सचेतना वृद्धि भएको हुनेछ, न्यायिक प्रकृयालाई छिटो, छरितो, प्रभावकारी तथा सरल बनाउन आवश्यक सहयोग भएको हुनेछ र न्यायमा सबैको पहुँच अभिबृद्धि भएको हुनेछ।

## ८.५ सुशासन क्षेत्रका कार्यक्रमहरु

### शान्ति सुरक्षा, सुव्यवस्था र सीमावर्ती क्षेत्रको विकास

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | सुरक्षा नीति तथा कानुन निर्माण | २०७८।०७९<br>२०८२।०८३ | | प्रदेशको हितअनुरुप प्रादेशिक सुरक्षा नीति तथा कानुन निर्माण गरी प्रभावकारीरुपमा कार्यान्वयन गरिएको हुने । |
| २ | प्रदेश प्रहरी व्यवस्थापन | २०७८।०७९<br>२०८२।०८३ | | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रभावकारी रुपमा प्रहरी परिचालन गरिएको हुने । |
| ३ | सुरक्षा समन्वय र सहकार्य | २०७८।०७९<br>२०८२।०८३ | | सुरक्षा सम्बन्धी सूचना संकलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरुबीच सूचना आदान प्रदान गरी समन्वय र सहकार्यमा जोड दिइएको हुने । |
| ४ | अति विशिष्ट पदाधिकारी, | २०७८।०७९<br>२०८२।०८३ | | अति विशिष्ट पदाधिकारी, संवेदनशील एवम् महत्वपूर्ण प्रतिष्ठान तथा भौतिक |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | संवेदनशील प्रतिष्ठान तथा पूर्वाधारको विशेष सुरक्षा | | | पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध गरिएको हुने । |
| ५ | नागरिक सुरक्षाका लागि अन्तरनिकाय परिचालन | २०७८।०७९<br>२०८२।०८३ | | नागरिक सुरक्षाका लागि प्रदेश निजामती निकाय, प्रदेश प्रहरी, सशस्त्र प्रहरीबल तथा प्रदेश अनुसन्धान विभागलाई समन्वयात्मक रुपमा परिचालन गरिएको हुने । |
| ६ | प्रदेश प्रहरीको जनमैत्रीकरण | २०७८।०७९<br>२०८२।०८३ | | सामुदायिक प्रहरीमा विशेष जोड दिइएको तथा प्रदेश प्रहरीलाई जनमैत्री बनाइएको हुने । |
| ७ | लागु औषध नियन्त्रण | २०७८।०७९<br>२०८२।०८३ | | लागु औषधको अवैध उत्पादन, बिक्री वितरण एवम् ओसार पसारलाई कडाईकासाथ नियन्त्रण गरिएको हुने । |
| ८ | मानव बेचबिखन विरुद्ध जनचेतना अभिबृद्धि | २०७८।०७९<br>२०८२।०८३ | | मानव बेच बिखन जस्तो अमानवीय कार्यलाई नियन्त्रण गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ९ | मानव अधिकार संरक्षण र सम्वर्द्धन | २०७८।०७९<br>२०८२।०८३ | | मानव अधिकारको उलङ्घनकर्तालाई कानुनको दायरामा ल्याई मानव अधिकारको संरक्षण र सम्वर्द्धन गरिएको हुने । |
| १० | विपद् प्रतिकार्य योजना | २०७८।०७९<br>२०८२।०८३ | | विपद्को अवस्थामा तत्काल खोज, उद्धार र राहत वितरण गर्न तालिम प्राप्त दक्ष जनशक्ति तयार गरिएको हुने ।<br>प्रदेशमा आपतकालीन उद्धारका लागि आवश्यक सामाग्रि भण्डारणका लागि विभिन्न केन्द्रहरुमा गोदाम घरको व्यवस्था गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ११ | विपद् जोखिम न्यूनिकरण संस्थागत सबलीकरण योजना | | | खोज एवम् उद्धारलाई प्रभावकारी बनाउन राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, (NEOC) जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC), स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) तथा विभिन्न संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी विपद्जोखिम न्यूनिकरण तथा अल्पिकरणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| १२ | सीमा क्षेत्र विकास कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | अन्तर्राष्ट्रिय सीमामा पर्ने २० वटा पालिकाहरुको आर्थिक, सामाजिक विकासका लागि आवश्यक कार्यक्रमहरुको पहिचान गरी सञ्चालन गरिएको हुने । |
| १३ | अपराध नियन्त्रण प्रणाली सुदृढीकरण | २०७८।०७९ २०८२।०८३ | | अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न सि.सि.टि.भी., साईरन जस्ता उपकरण जडान गरी अपराध नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइएको हुने । |
| १४ | शान्ति सुव्यवस्थाका लागि नागरिक सहकार्य | २०७८।०७९ २०८२।०८३ | | समाजमा शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्न आवश्यक संयन्त्रहरू निर्माण गरी स्थानीय नागरिकसँग सहकार्य गरिएको हुने । |
| १५ | प्रदेश प्रहरीको व्यवसायिक क्षमता अभिबृध्दि | २०७८।०७९ २०८२।०८३ | | प्रशिक्षण तथा वृत्ति विकासको पर्याप्त अवसर सिर्जना गरी प्रदेश प्रहरीको व्यवसायिक क्षमतामा अभिबृध्दि गरिएको हुने । |
| १६ | प्रदेश अन्तरगतका सुरक्षा निकायको | २०७८।०७९ २०८२।०८३ | | स्रोत साधन सम्पन्न र आधुनिक प्रविधियुक्त बनाई प्रदेश अन्तरगतका सुरक्षा निकायको संस्थागत तथा |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | संस्थागत तथा संरचनागत सवलीकरण | | | संरचनागत विकास गरिएको हुने। |
| १७ | शान्ति सुरक्षा सूचना सम्प्रेषण प्रणाली प्रविधि मैत्रीकरण | २०७८।०७९ २०८२।०८३ | | सूचना सम्प्रेषण प्रणालीलाई संघीय सञ्जालमा आवद्ध गरी शान्ति सुरक्षा सूचना प्रणालीलाई प्रविधियुक्त बनाइएको हुने। |
| १८ | सुरक्षाकर्मी पुरस्कार र दण्डको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | सुरक्षाकर्मीहरूको मनोवल उच्च राख्न पुरस्कार र दण्डको व्यवस्था गरिएको हुने । |

**जम्मा लगानीको अनुमान १ अर्व ५० करोड**

## सुशासन र भ्रष्टाचार नियन्त्रण

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| १ | नीति तथा कानूनी सुदृढिकरण | २०७८।०७९ २०८०।०८१ | | विद्यमान नीति तथा कानुनमा समयानुकूल परिमार्जन, आवश्यक नयाँ कानुनको निर्माण र सुदूरपश्चिम प्रदेश सुशासन नियमावलीको निर्माण तथा कार्यान्वयन गरिएको हुने । |
| २ | सार्वजनिक सेवा प्रवाहमा सुशासन प्रर्वद्धन | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी एवम् जवाफदेही र भ्रष्टाचार विरुद्धका चेतनामूलक, निरोधात्मक एवम् दण्डात्मक काम कारवाहीलाई प्रभावकारी बनाइएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ३ | भ्रष्टाचार र आर्थिक अनियमितता नियन्त्रण | २०७८।०७९ २०८२।०८३ | | प्रदेशका सबै क्षेत्रमा भएका भ्रष्टाचार एवम् विभिन्न प्रकृतिका आर्थिक अनियमितता समेतको नियन्त्रण गरिएको हुने । |
| ४ | पाठ्यक्रम तथा अध्यापनमा भ्रष्टाचार नियन्त्रण तथा सुशासनको स्थान तथा सामाजिक सचेतना प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | विभिन्न तहका शैक्षिक पाठ्यक्रममा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसँग सम्बन्धित विषयवस्तुहरू समावेश गर्दै सोको अध्यापनमार्फत भ्रष्टाचार विरुद्ध सामाजिक सचेतना प्रवर्द्धन गरिएको हुने । |
| ५ | भ्रष्टाचार विरुद्धको जनमत परिचालन | २०७८।०७९ २०८२।०८३ | | भ्रष्टाचार विरुद्धको जनमत परिचालन गर्नको लागि नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरूको सक्रिय सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हुने । |
| ६ | भ्रष्टाचार विरोधी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन। | २०७८।०७९ ०८२।०८३ | | भ्रष्टाचार विरोधी समाज निर्माणको लागि विभिन्न माध्यमबाट सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |
| ७ | सम्पत्ति शुद्धीकरण नियन्त्रण संयन्त्र र पद्धती निर्माण | २०७८।०७९ २०८२।०८३ | | सम्पत्ति शुद्धीकरणका विभिन्न क्रियाकलापहरू नियन्त्रण, अनुसन्धानको लागि विभिन्न संयन्त्रहरूको निर्माण गर्दै कानुनी दायरामा ल्याईएको हुने । |
| ८ | भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी | २०७८।०७९ २०८२।०८३ | | भ्रष्टाचार नियन्त्रण तथा सदाचारीता प्रवर्द्धनसँग सम्बन्धित विभिन्न आयोग, निकायहरूका साथै संघीय सरकार र |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | समन्वय | | | स्थानीय तहसँग प्रभावकारी समन्वय गरिएको हुने । |
| ९ | भ्रष्टाचार नियन्त्रण क्षमता अभिबृद्धि | २०७८।०७९ २०८२।०८३ | | भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसँग सम्बन्धित अध्ययन अनुसन्धान तथा जनशक्तिको क्षमता विकासलाई थप प्रभावकारी एवम् बैज्ञानिक बनाइएको हुने । |
| १० | सेवा प्रवाहलाई अनुमानयोग्य, जवाफदेही एवम् पारदर्शी बनाउने | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक सेवा प्रवाहलाई अनुमानयोग्य, जवाफदेही एवम् पारदर्शी बनाउनका लागि आवश्यक व्यवस्था गरिएको हुने । |
| ११ | नागरिक वडापत्र, सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षणमा सुधार | २०७८।०७९ २०८२।०८३ | | नागरिक वडापत्र, सार्वजनिक सुनुवाई र सामाजिक लेखा परीक्षणको व्यवस्थालाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइएको हुने । |
| १२ | विद्युतीय सेवा प्रवाहमा जोड | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आवद्ध गर्दै थप नतिजामूखी र नागरिकमैत्री तुल्याइएको हुने । |
| १३ | सुशासन केन्द्र र सुशासन इकाई स्थापना | २०७८।०७९ २०८२।०८३ | | सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ ले परिकल्पना गरेका प्रादेशिक सुशासन केन्द्र र सुशासन इकाईहरूको स्थापना गरी कार्य सञ्चालन गरिएको हुने । |
| १४ | कर्मचारी तथा जनप्रतिनिधिहरूमा स्वअनुशासन तथा सदाचार पद्धतिको आन्तरिकीकरण | २०७८।०७९ २०८२।०८३ | | कर्मचारी तथा जनप्रतिनिधिहरूलाई स्वअनुशासन, नैतिकता तथा सदाचारको परिपालन गर्न लगाइएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १५ | सूचना प्रविधि सवलिकृत सुदृढ निगरानी प्रणाली | २०७८।०७९ २०८२।०८३ | | सूचना प्रविधिको समेत उपयोग गरी निगरानी प्रणालीलाई सुदृढ बनाइको हुने। |
| १६ | प्रशासनिक सुशासन | २०७८।०७९ २०८२।०८३ | | प्रशासनिक नेतृत्वको कार्य सम्पादन सम्झौता तथा कार्य सम्पादन मूल्याङ्कन प्रणाली स्थापित गरी विद्युतीय प्रशासनिक सुशासन कायम भएको हुने। |
| १७ | सेवा प्रवाह र विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन | २०७८।०७९ २०८२।०८३ | | कार्य सम्पादन मूल्याङ्कन प्रणाली सुदृढ गरी प्रभावकारी सेवा प्रवाह र नतिजामुखी विकासका लागि नियमित अनुगमन तथा मूल्याङ्कन भएको हुने । |

**जम्मा लगानीको अनुमान १ अर्व ५० करोड**

**मानव अधिकार**

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेश मानव अधिकार प्रवर्द्धन कार्य योजना तयार | २०७८।०७९ २०८०।०८१ | | प्रदेश भित्र मानव अधिकारको पूर्ण प्रत्याभूतिको लागि प्रदेश सरकार एवम् अन्य सरोकारवालाले गर्न पर्ने कामको सूची तयार गरी स्पष्ट कार्यविवरण अनुरुप मानव अधिकार कार्य योजना तयार गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| २ | संरचनागत सबलीकरण र राष्ट्रिय कार्य योजनामा सहयोग | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा मानव अधिकार सम्बन्धी संरचनालाई प्रभावकारी बनाइएको हुने। मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सहयोग गरिएको हुने । |
| ३ | स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुको मानव अधिकार सम्वन्धी क्षमता अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | प्रशिक्षणको माध्यमद्वारा स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुको मानव अधिकार सम्वन्धी क्षमता अभिवृद्धि भएको हुने । |
| ४ | मानव अधिकार उलङ्घनका घट्नाको अनुसन्धान र न्यूनीकरण | २०७८।०७९ २०८२।०८३ | | मानवअधिकार उलङ्घनका घट्नाहरुको अनुसन्धान गरिएको हुने । यसको न्यूनीकरणका लागि कार्यक्रम संचालन गरिएको हुने । |
| ५ | मानवअधिकारमैत्री पद्धतिको आन्तरिकीकरण | २०७८।०७९ २०८२।०८३ | | कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा मानव अधिकारको सिद्धान्तलाई आत्मसात गरिएको हुने । |
| ६ | निःशुल्क कानूनी सहायताको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | कमजोर र सीमान्तकृत वर्गलाई निःशुल्क कानूनी सहायताका लागि आवश्यक व्यवस्था गरिएको हुने । |
| ७ | जनचेतनामुलक कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | मानवअधिकार सम्बन्धी आधारभुत विषयवस्तुबारे विद्यालयमा जनचेतना मुलक कार्यक्रम संचालन गरिएको हुने। |
| ८ | सबै प्रकारका हिंसा, भेदभाव, | २०७८।०७९ २०८२।०८३ | | समाजमा विद्यमान लैंगिक हिंसा लगायत सबै प्रकारका हिंसा, भेदभाव, छुवाछुत, |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | कुप्रथाको अन्त्य र विपन्न तथा पछि परेका वर्गको अधिकार सुनिश्चित | | | कुप्रथा, बालश्रमको अन्त्य गरिनुका साथै विपन्न तथा पछि परेका वर्गहरुको अधिकार सुनिश्चित गर्न कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| ९ | द्वन्द्व पीडित पुनःस्थापनामा सहकार्य | २०७८।०७९ २०८२।०८३ | | द्वन्द्व पीडित, घाइते, अपाङ्ग र बेपत्ता भएका व्यक्ति र परिवारलाई पुनःस्थापना गर्न संघीय सरकारसँग सहकार्य गरिएको हुने । |
| १० | सम्भावित द्वन्द्वको कारण निरुपण र शान्ति प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | समाजमा हुन सक्ने सम्भावित द्वन्द्वका कारणहरू पहिचान गरी द्वन्द्वको व्यवस्थापन र शान्ति प्रवर्द्धन गरिएको हुने । |
| ११ | दण्डहिनताको अन्त्य र क्षतिपूर्ति | २०७८।०७९ २०८२।०८३ | | मानवअधिकारका घटनाहरुमा दण्डहिनताको अन्त्य गरी कानुन वमोजिम पिडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको हुने। |
| १२ | सत्यनिरुपण तथा पुनःमिलन कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | मानवअधिकार उल्लंघनका घटनाको पहिचान गरी सत्य निरुपण र पुनःमिलन गरी द्वन्द्ध व्यवस्थापन भएको हुने । |

**जम्मा लगानीको अनुमान २५ करोड**

## प्रदेशको कानूनी व्यवस्था

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेश कानुन | २०७८।०७९ | | संवैधानिक व्यवस्था अनुसार प्रदेश |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| | तर्जुमा नक्साङ्कन र दिग्दर्शन तयार | २०८०।०८१ | | कानुन तर्जुमा दिग्दर्शन एवम् प्रदेश कानुनको नक्साङ्कन गरिएको हुने । |
| २ | आवश्यकता र सहभागितामा आधारित कानुन तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | कानुन तर्जुमा गर्दा तथ्य एवम् आवश्यकताको पहिचान, संघीय र अन्य प्रदेशको कानुनसँग तुलनात्मक विश्लेषण, सरोकालवालासँग पर्याप्त छलफल तथा आवश्यक अध्ययन र अनुसन्धान पश्चात मात्र गर्ने पद्दतीको विकास गरिएको हुने । |
| ३ | कानूनी सचेतना तथा न्यायमा पहुँच विस्तार | २०७८।०७९ २०८२।०८३ | | कानूनी शिक्षा सचेतना कार्यक्रम सञ्चालन गरिएको र जनस्तरमा सचेतनामूलक कार्यक्रमहरुमार्फत कानुन अनुसारको न्यायमा पहुँच विस्तार तथा जागरण ल्याईएको हुने । |
| ४ | कानुनी तथा न्यायिक प्रक्रियालाई छरितो, भरपर्दो बनाउन क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | कानुनी तथा न्यायिक प्रक्रियालाई छिटो छरितो, प्रभावकारी र पूर्वानुमानयोग्य बनाउन र विद्यमान कानुनको पूर्ण कार्यान्वयन, संलग्न संस्था र व्यक्तिको क्षमता विकास गर्न प्रदेश सरकारको तर्फबाट आवश्यक भूमिका निर्वाह गरिएको हुने । |
| ५ | न्याय सम्पादनलाई पारदर्शी एवम् सूचना प्रविधिमैत्री बनाउन सहयोग | २०७८।०७९ २०८२।०८३ | | न्याय सम्पादनलाई पारदर्शी एवम् सूचना प्रविधिमैत्री बनाउन आवश्यक सहयोग गरिएको हुने । |
| ६ | मुख्य | २०७८।०७९ | | मुख्य न्यायाधिवक्ताको कार्यालय र |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | न्यायाधिवक्ताको कार्यालय र प्रदेशका अर्धन्यायिक निकायका कर्मचारीको क्षमता विकास | २०८२।०८३ | | प्रदेश भित्रका अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| ७ | कानुनी सचेतना कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | प्रदेशमा कानुनी सचेतना कार्यक्रम सञ्चालन भएको हुने । |
| ८ | कानुनको संग्रहीकरण | २०७८।०७९<br>२०८२।०८३ | | प्रदेशका सबै कानुनहरुको संग्रह प्रकाशन गरेको हुने। |
| ९ | मन्त्रालयमा कानुन अनुसन्धान इकाइको स्थापना | २०७८।०७९<br>२०८२।०८३ | | मन्त्रालयमा कानुन अनुसन्धान इकाइको स्थापना भएको हुने । |

**जम्मा लगानीको अनुमान १२ करोड**

## ८.६ सुशासन क्षेत्रका नतिजा खाका

**प्रभाव**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| नागरिक सन्तुष्टीको सूचकांक | प्रतिशत | | | | | | | मु.मं.का. / प्र.त.का. |
| प्रदेशको कुल | प्रतिशत | | | | | | | म.ले.प./ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| खर्चमा बेरुजुको अनुपात | | | | | | | | म.ले.नि.का. |
| स्थानीय तहको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | | | | | | | म.ले.प./ म.ले.नि.का. |

## शान्ति सुरक्षा, सुव्यवस्था र सीमावर्ती क्षेत्रको विकास

## असर

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| प्रति सुरक्षाकर्मी जनसंख्याको अनुपात | अनुपात | ३७० | ३६५ | ३६० | ३५५ | ३५० | ३४५ | आ.मा.का.मं./ प्र.त.का. |
| शान्ति, सुरक्षा र सुव्यवस्था भंग भएका घटनाहरु | संख्या | ० | ० | ० | ० | ० | ० | आ.मा.का.मं./ प्र.त.का. |
| विपत व्यस्थापन | संख्या | ३००० | ३०६४ | ३१०० | ३१५० | ३१९० | ३२०० | आ.मा.का.मं./ प्र.त.का. |
| **प्रतिफल** | | | | | | | | |
| सुरक्षा निकायका चौकीहरुको विस्तार | संख्या | २ | ४ | ८ | १० | १२ | १४ | आ.मा.का.मं./ प्र.त.का. |
| सुरक्षा निकायको क्षमता विकास | संख्या | ६ | ७ | ९ | ११ | १२ | १३ | आ.मा.का.मं./ प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सम्वन्धी कार्यक्रमहरु | | | | | | | | |
| अपराध सर्भेक्षण | संख्या | ५ | १८ | २० | २५ | २८ | ३० | आ.मा.का.मं./प्र.त.का. |
| प्रदेश विधि विज्ञान प्रयोगशाला स्थापना | संख्या | ० | ० | ० | ० | ० | ० | आ.मा.का.मं./प्र.त.का. |
| लागु औषध निषेध कार्यक्रम लागू गर्ने स्थानीय तह | संख्या | ३० | ६० | ७० | ७५ | ८० | ८५ | आ.मा.का.मं. |

**सुशासन र भ्रष्टाचार नियन्त्रण**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| विद्युतीय माध्यमबाट सूचना तथा सेवा प्रवाह गर्ने सरकारी निकाय | प्रतिशत | - | - | ५ | १० | १५ | २५ | मु.मं.का./ |
| भ्रष्ट्राचारका घटनाहरु | संख्या | २५ | २० | १५ | १० | ८ | ५ | मु.मं.का./प्र.त.का. |
| जन गुनासो | संख्या | २० | १५ | १० | ८ | ६ | ५ | मु.मं.का./प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल** | | | | | | | | |
| प्रदेश निजामती सेवा सहितका कानुनहरुको तर्जुमा | संख्या | ५६ | ६० | ६५ | ७० | ८० | ९० | मु.मं.का. / प्र.त.का. |
| क्षमता विकास सम्वन्धी कार्यक्रममा सहभागि कर्मचारी | संख्या | ५०० | १००० | १५०० | २००० | २५०० | ३००० | मु.मं.का. / प्र.त.का. |
| विद्युतीय प्रणाली मार्फत सेवा प्रवाह गर्ने स्थानीय तह | संख्या | - | - | ५ | १० | १५ | २५ | मु.मं.का. / प्र.त.का. |
| **मानव अधिकार** | | | | | | | | |
| **असर** | | | | | | | | |
| मानव अधिकार उल्ङ्घनका घटनाहरु | संख्या | | | | | | | मु.मं.का. / प्र.त.का. |
| पीडितले न्याय र क्षतिपूर्ति पाएको | संख्या | | | | | | | मु.मं.का. / प्र.त.का. |
| **प्रतिफल** | | | | | | | | |
| मानव अधिकार सम्वन्धी निर्मित कानुन | संख्या | ३२ | ४२ | ५० | ५५ | ५८ | ६० | मु.मं.का. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सचेतनामूलक कार्यक्रम संचालन भएका स्थानीय तह | संख्या | १० | २० | ४० | ५० | ७० | ८८ | मु.मं.का. / प्र.त.का. |

❖❖❖

## परिच्छेद ९
# अन्तरसम्बन्धित विषय

## ९.१ गरिबी निवारण

### १. पृष्ठभूमि

दशौं योजना देखि नेपालमा गरिबीलाई आय गरिबी, मानवीय गरिबी र सामाजिक वञ्चितीकरण गरी ३ आयाममा विभाजन गर्ने गरिएको छ। विगत दुई दशकदेखि गरिबी निवारणमा भए गरिएका प्रयत्नका फलस्वरुप गरिबीको संख्यामा कमी आए पनि सुदूरपश्चिम प्रदेशको स्थिति वा अवस्था भने सन्तोषजनक छैन । राष्ट्रिय रुपमा गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७% र बहुआयामिक गरिबीको सूचङ्काक २८.६% रहदा सुदूरपश्चिम प्रदेशमा भने अझै २४.६% जनसंख्या गरिबीको रेखामुनी रहेका छन् भने बहुआयामिक गरिबीको सूचङ्काक २५.३% रहेको छ।

दिगो विकास सम्बन्धी लक्ष्यमा सन् २०३० सम्म मुलुकको बहुआयामिक गरिबी ६.४८% मा झार्ने लक्ष्य राखिएको सो अनुरुप यस प्रदेशको पनि गरिबीको दर घटाउने सम्वन्धमा विशेष पहल आवश्यक छ ।

संविधान अनुसार गरिबी निवारण तीन वटै तहको सरकारको साझा जिम्मेवारीको विषयमा रहेको छ र गरिबी निवारण मानव अधिकारसँग सम्वन्धित तथा अन्तर सम्बन्धित विषय पनि हो । अतः तीन वटै तहको सह प्रयास, सरकारी, सहकारी, सामुदायिक, निजी, गैरसरकारी एवम् विकास साझेदारीको संयुक्त, एकिकृत र समन्वयात्मक र लक्षित प्रयासमा गरिबी उपर प्रहार गरिनु पर्छ । प्रदेशको गरिबी निवारणका लागि यहाँको विशिष्ट भौगोलिक, राजनीतिक, आर्थिक–सामाजिक, लैंङ्गिक स्वरुप अनुरुप दिगो, सन्तुलित, समावेशी, सहभागितामूलक योजनावद्ध विकास पद्धतिलाई अंङ्गिकार गरी संयुक्त प्रयास जारी राख्नु पर्नेछ ।

### २. प्रमुख समस्या

साधुँरो, पछौटे आर्थिक क्रियाकलाप, गरिबीको दुश्चक्रबाट निस्कने उपाए वारेको अज्ञानता, निस्कृयता र ठोस विचारको कमि, कमजोर भौतिक पूर्वाधार, विषम धरातलीय स्वरुप, छरिएका-एक्लिएका बस्ती, शिक्षा, स्वास्थ्य सहितको सामाजिक सेवा, सामाजिक सुरक्षा र संरक्षणको क्षेत्रमा ढिलाई र कम लगानी, सार्वजनिक सेवा सुविधामा कमजोर पहुँच, गरिबी निवारणका कार्यक्रम वास्तविक लक्षित वर्गमा नपुग्नु, छुवाछुत वञ्चितीकरण-बहिष्करणमुखी रुढीवादी परम्पराको विद्यमानता, स्रोत साधनको स्वामित्व एवम् विकासका फलको वितरणमा असमानता र असन्तुलन, कमजोर चेतनास्तर, निर्वाहमुखी कृषि व्यवस्था, दोहनकारी श्रम सम्बन्ध, लैङ्गिक विभेदको प्रचुरता, युवा शक्तिको बढ्दो आप्रवासन, विपद् जन्य दुश्चक्रको निरन्तरता र कमजोर सुशासन यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

## ३. चुनौती तथा अवसरः

सशक्त एवम् दक्ष र प्रभावकारी गरिबी निवारण कार्यक्रमको छनोट तथा सफल कार्यान्वयन, लैङ्गिक, जातीय, आय वर्गीय, भौगोलिक क्षेत्रबीच रहेको गरिबीको गहनता र असमानता कम गर्नु, प्रदेशमा उत्पादनशिल रोजगारी बढाई आय आर्जनका अवसर वृद्धि गर्नु, पूँजी, सिप, प्रविधि,आधारभूत भौतिक पूर्वाधारमा, सामाजिक पूँजी, उत्पादनका साधन-सेवा र सूचनामा विपन्न वर्गको पहुँच सुनिश्चित गर्ने, गरिबी निवारणका लागि सञ्चालित कार्यक्रमको लाभमा वास्तविक गरिबको पहुँच निश्चित गर्ने, धनी-गरिब, शहर–गाँउबीचको असमानता घटाउने, वातावरणीय परिवर्तनका कारण प्रकोप एवम् विपद्को निरन्तरतामा भै रहेको वृद्धिसँग जुध्न सक्ने गरी पुनर्उत्पादनशिलता बढाउने, कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरण द्वारा उत्पादकत्व बढाई गाँउ बस्तीबाट युवा पलायन हुने अवस्था अन्त्य गर्ने, विपन्न एवम् सीमान्तकृत लक्षित सामाजिक सुरक्षा र गरिबी निवारणका कार्यक्रमको लगानी, दायरा र दक्षता बढाउनु चुनौतीका रुपमा रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

निरपेक्ष गरिबी मुक्त प्रदेश

### ४.२ लक्ष्य

बहुपक्षीय प्रयासद्वारा प्रदेशको गरिबीको अनुपात अधिकाधिक मात्रामा घटाउने ।

### ४.३ उद्देश्य

- निरपेक्ष गरिबीको रेखामुनी रहेका घर परिवारको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्नु।
- निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्याको रोजगारी र आय बढाउनु ।
- बहुआयामिक गरिबी घटाउनका लागि श्रोत, साधन, प्रविधिको ज्ञान, सिप र सेवामा गरिबको सहज पहुँच कायम गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गरिबीको रेखामुनी रहेका परिवारको पहिचान र विवरण अद्यावधिकरण गर्ने । | क) प्रदेश गरिबी निवारण नीति र कानूनी व्यवस्था गरी गरिबी पहिचान सर्वेक्षण सम्बन्धी मापदण्ड तयार गरिनेछ ।<br>ख) गरिब घर परिवारको सर्वेक्षण गरिनेछ ।<br>ग) गरिब घर परिवारलाई परिचयपत्र दिइनेछ ।<br>घ) गरिबी केन्द्रित भौगोलिक क्षेत्र, समुदाय, पेशा र वर्ग विवरण समेत देखिने गरी गरिब घर-परिवार व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. प्रदेश गरिबी निवारण रणनीति तर्जुमा गर्ने । | क) केन्द्र, स्थानीय तहसँग सहकार्य, सामुदायिक एवम् निजी क्षेत्र र गैर सरकारी संस्था एवम् विकास साझेदार समेतको सहकार्यमा प्रदेश गरिबी निवारण रणनीतिक योजना तर्जुमा गरिनेछ ।<br>ख) प्रदेशमा सञ्चालन भैरहेका र सञ्चालन गरिने आयोजनाहरुलाई गरिबी निवारण लक्षित र सहयोगी तुल्याइने छ ।<br>ग) गरिबीको परिचयपत्र धारण गर्नेलाई लक्षित उत्पादनका साधनमा पहुँच बढाउने गरी क्षमता विकास, कर्जा प्रदान, आय-आर्जन, तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>घ) सार्वजनिक सेवा सुविधामा गरिबको पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ङ) सामाजिक सुरक्षा एवम् संरक्षणका कार्यक्रम र गरिबी निवारणका कार्यक्रमलाई गरिब लक्षित तुल्याइनेछ ।<br>च) गरिबी निवारणमा सञ्चालित विभिन्न कार्यक्रमहरुको बीच प्रभावकारी समन्वय र अनुगमन गर्ने व्यवस्था गरिनेछ । |
| ३. उत्पादनमूलक रोजगारी र आय आर्जनका अवसर बढाउने र लैङ्गिक विभेद अन्तय गर्ने । | क) लक्षित वर्गमुखी न्यूनतम रोजगारी प्रत्याभूत योजना सञ्चालन गरिनेछ ।<br>ख) प्रदेश सरकार र स्थानीय तहले सञ्चालन गर्ने आयोजनामा गरिबी निवारण एवम् महिला समावेशीकरणलाई सघाउने अवसर समावेश गर्न प्रोत्साहन गरिनेछ ।<br>ग) लगानी र विकास आयोजनालाई रोजगारी श्रृजना र श्रम-मूलक तुल्याउन विशेष प्रोत्साहन गरिनेछ ।<br>घ) सहुलियत तथा बिना धितो कर्जाद्वारा स्थानीय स्तरमा रोजगारी –स्वरोजगारी बढाएर विपन्न वर्गलाई सघाउने बैंक, सहकारी एवम् वित्तीय संस्थालाई सहयोग पुर्‍याइनेछ ।<br>ङ) संगठित एवम् सार्वजनिक क्षेत्रमा मिल्ने अवसरमा प्रदेशका युवाको प्रतिस्पर्धात्मकता र पहुँच बढाउन आवश्यक क्षमता विकास टेवा उपलब्ध गराइनेछ ।<br>च) छिमेकी मुलुक सहित वैदेशिक रोजगारीका आकांक्षीलाई क्षमता विकास, पूर्व तयारी सचेतना वृद्धिमा सघाउने व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. गरिब वर्गलाई उत्पादनका साधन, श्रोत, सिप र प्रविधिले युक्त तुल्याउने । | क) गरिबी निवारणका लागि श्रोत विनियोजना प्राथमिकता दिने व्यवस्था प्रभावकारी रुपमा लागू गरिनेछ ।<br>ख) स्थानीय प्राकृतिक स्रोत, साधन एवम् जमिनको उपयोग गरी गरिबी रोजगारी र आयवृद्धि द्वारा गरिबी निवारणमा ठोस मद्दत पुग्ने विषयलाई प्राथमिकता दिइनेछ ।<br>ग) पूँजी, सिप र प्रविधिमा लक्षित समुदायको पहुँच बढाउन बहुपक्षीय पहल, समन्वय र सहकार्य गरिनेछ ।<br>घ) विपन्न वर्ग जागरण, चेतना वृद्धि, वित्तीय, सूचना प्रविधि, नविनतम् उत्पादन प्रविधि, सरकारी सेवा प्रवाह जस्ता नविनतम् शिक्षा र चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>ङ) सुकुम्बासी, निसहाय व्यक्ति, रोगग्रस्त जेष्ठ नागरिक, असहाय विदूर, असहाय विधवा र निसहाय बालबालिकाहरुको संरक्षण गर्न विशेष सामाजिक संरक्षण कार्यक्रम संचालन गरिनेछ ।<br>च) प्रदेशमा उपलब्ध हुने विभिन्न सार्वजनिक सेवा तथा सामुदायिक र गैर सरकारी निकायले प्रदान गर्ने सेवाको पहुँच गरिबसम्म पुगेको सुनिश्चित गर्न service tracking survey गरिनेछ र “सेवा पहुँच सुनिश्चित" कार्यक्रम सञ्चालन गरिनेछ । |
| ५. आधारभूत भौतिक तथा आर्थिक-सामाजिक पूर्वाधारमा विपन्नको पहुँच अभिवृद्धि गर्ने । | क) कृषि सडक, आवास, बिजुली, खानेपानी, सरसफाई, शिक्षा, स्वास्थ्य, सिंचाई, कुलो र सञ्चार जस्ता ग्रामीण पूर्वाधार पहुँच विस्तार गरिनेछ ।<br>ख) गरिबीको पकेट क्षेत्र लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ग) भूमिहिन किसानलाई बाँझो एवम् सार्वजनिक र निजी जग्गा करारमा दिन सक्ने व्यवस्था सहज तुल्याइनेछ ।<br>घ) गरिबहरुको हक हितको संरक्षण गर्न “पैरवी समूह" गठन गर्न प्रोत्साहन गरिनेछ ।<br>ङ) गरिबी निवारण गर्न सहकारी अभियान सञ्चालन गरिनेछ ।<br>च) निर्माणाधिन, सञ्चालित आयोजनाको मर्मत सम्भार र रेखदेखमा विपन्न वर्ग र गरिब महिलालाई प्राथमिकता दिइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ६. समता र समावेशीकरणको माध्यमबाट सामाजिक पूँजी र सामर्थ्य बढाउने । | क) विपन्नताको कारण मानिएको असमानता विभेद, छुवाछुत, वञ्चितीकरणको स्वरुप, गहनता, प्रवृत्ति र विद्यमानता सम्बन्धी baseline सर्भे गरिनेछ ।<br>ख) अन्धविश्वास, छुवाछुत, वञ्चितीकरण, गरिब लक्षित सुविधाहरुमा सम्भ्रान्तहरुको कव्जा, असमानता, विभेद निराकरणका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।<br>ग) सामाजिक आर्थिक समता, सशक्तिकरण र समावेशीकरण कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।<br>घ) सीमान्तकृत वा दलित महिलालाई सार्वजनिक सेवा प्रवेशमा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ । यस क्रममा +२ उत्तिर्ण लक्षित समुहका विवाहित महिलाहरुका लागि तालिम र Internship को १ वर्षे कार्यक्रम सञ्चालन गरिनेछ ।<br>ङ) परम्परागत श्रम र सिप/कलाको विकास, संरक्षण, वस्तु विविधिकरण र बजारीकरण सहितका विशेष रोजगारीमूलक कार्यक्रम संचालन गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशको गरिबी निवारण नीति, रणनीति तथा स्थिति विवरण तथा सूचना प्रणाली तयार भएको हुनेछ, विपन्न घर परिवारले परिचयपत्र पाएका हुनेछन्, प्रदेशको गरिबीको दर उल्लेख्य रुपमा घटेर निरपेक्ष गरिबी ११ प्रतिशत तथा बहुआयामिक गरिबी १३ प्रतिशतमा झरेको हुनेछ ।

## ९.२ विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

विपद् प्राकृतिक वा मानवीय कृयाकलापको परिमाणस्वरुप उत्पन्न हुने आकस्मिक वा अप्रत्याशित घटना हो। तथापि विपद्को प्रकृति, सुरक्षा, न्यूनीकरण लागायतका विषयको बुझाई र पूर्व तयारी भए मानवीय, आर्थिक तथा भौतिक क्षति घटाउन सकिन्छ। विगत बर्षहरुमा नेपाल सहित विश्वव्यापी रुपमै र खास गरेर प्रदेशमा प्राकृतिक प्रकोपहरुमा भएको वृद्धि र क्षतिले यो विषयलाई विकासका हरेक पहलसँग अन्तर सम्वन्धित गराउने गरी पञ्चवर्षीय योजनामै आबद्ध गरी सम्वोधन गर्नु पर्ने देखिएको छ। विपद् व्यवस्थापनको विषय सामुदायिक सशक्तीकरण, वातावरण संरक्षण तथा स्रोतको दिगो उपयोग सम्बन्धी चेतना र कार्यक्रमसँग जोड्ने हो भने विपद्को घटना तथा यसबाट हुने क्षतिलाई घटाउन सकिन्छ।

संघीय संरचना अनुसार प्रदेशस्तरमा विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् वहुपक्षीय समन्वय तथा परिचालन प्रदेशको कार्य क्षेत्रमा पर्दछ।

## २. प्रमुख समस्या

विपद् जोखिमको बारेमा पर्याप्त सूचना र ज्ञानको कमी हुनु, विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु, विपद् उत्थानशील विकास प्रकृयाको कमजोर अवलम्बन हुनु, विकास निर्माणमा विपद् व्यवस्थापनको न्यून मूल प्रवाहीकरण हुनु, प्राकृतिक स्रोतहरुको अव्यवस्थित एवम् अत्याधिक दोहन हुनु, सबै विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र पर्याप्त लगानीको कमी हुनु, सरोकारवालाहरु बीचको कार्यमा सामञ्जस्यताको कमी हुनु, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सूचकमा आधारित सूचना व्यवस्थापन प्रणालीको अभाव हुनु र आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोवस्ती तथा राहत सामग्रीमा कमी हुनु प्रमुख समस्याका रुपमा रहेका छन्।

## ३. चुनौती तथा अवसर

विकास आयोजनाहरुको छनौट प्रकृया देखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा वातावरणमैत्री पद्धतिलाई अंगिकार गरी विपद् जोखिम मूल्याङ्कनलाई समाविष्ट गराउनु, जोखिममा आधारित योजना तथा निर्णय प्रकृया अवलम्बन गराउनु, विपद् जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानी जुटाउनु, अव्यवस्थित एवम् जोखिममा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा सार्नु, संघ, स्थानीय तह र सरोकारवालाहरुबीचको आपसी समन्वय र सहकार्य सुदृढ गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन् ।

संवैधानिक प्रत्याभूति, प्रदेश विपद् व्यवस्थापन सम्बन्धी ऐन निर्माण हुनु, प्रदेश विपद् व्यवस्थापन कार्य योजना तयार हुनु, राहत वितरण मापदण्ड तयार हुनु, जोखिम न्यूनीकरणमा निजी क्षेत्र तथा समुदायको जागरुकता र सचेतना अभिवृद्धि हुनु, सामुदायिक क्षेत्रको पनि सक्रियता रहनु, प्राज्ञिक तथा अध्ययन अनुसन्धानको क्षेत्रको संलग्नता बढ्दै जानु र आधुनिक प्रविधिमा पहुँच एवम् विस्तार हुनु अवसरको रुपमा रहेका छन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

विपद् जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेश ।

### ४.२ लक्ष्य

विपद्बाट हुने मानवीय, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

### ४.३ उद्देश्य

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् उत्थानमैत्री पद्धतिको सुदृढीकरण गर्नु।
- प्रदेशमा बहुप्रकोप नक्साङ्कन, सूचनामा आधारित विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकाससँगै विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण प्रकृया सुनिश्चित गर्नु।
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि बृहत सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनःस्थापना, पुनःनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु।
- मानवीय कारण तथा जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने जोखिमको रोकथाम गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपद् जोखिमको बुझाई, सचेतना र सूचनामा पहुँच सुनिश्चित र पूर्वतयारी सुदृढ गर्ने। | क) विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि नीतिगत, कानुनी र व्यवस्थापकीय संरचनाको निर्माण गरिनेछ ।<br>ख) बहु प्रकोपको जोखिम आँकलनको लागि अन्तरनिकाय समन्वय संयन्त्र स्थापना गरिनेछ।<br>ग) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिनेछ ।<br>घ) विपद् जोखिमबारे बुझाइ का लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>ङ) जोखिमपूर्ण अवस्थामा रहेका खोला, खोल्सी, खहरे आदिको तटबन्ध र वस्ती संरक्षणका कार्यमा स्थानीय तह र समुदायसँग सहकार्य गरिनेछ ।<br>च) विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम व्यवस्थापनमा संलग्न संघीय सरकार र अनुसन्धान संस्थाहरुसँग सहकार्य र साझेदारी विकास गरिनेछ ।<br>छ) विपद् जोखिम व्यवस्थापनका विभिन्न प्रक्रियामा सबै |

| रणनीति | कार्यनीति |
|---|---|
| | सरोकारवालाहरुको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता वृद्धि गरी समावेसीताको सुनिश्चिता गरिनेछ ।<br>ज) सरोकारवालाहरूको सहभागिता र समन्वयमा विपद् जोखिम व्यवस्थापन तथा पूर्व तयारी सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>झ) विपद् व्यवस्थापन सम्बन्धमा समुदायमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>ञ) जोखिम क्षेत्रहरूको भूउपयोग योजना तयार गरी जल तथा जलाधार संरक्षण, डढलो र अग्नी समन, नदी नियन्त्रण र पहिरो नियन्त्रण जस्ता निरोधात्मक उपायहरू अवलम्वन गरिनेछ ।<br>ट) नयाँ भवन, बस्ती, पूर्वाधार निर्माण तथा विकासका कार्य गर्दा जलवायु अनुकूलित र विपद् प्रतिरोधि प्रविधि तथा मापदण्ड लागू गरिनेछ ।<br>ठ) स्थानीय तहसँग समन्वय गरी आवश्यक स्थानहरूमा राहत तथा उद्धारका अत्यावश्यक सामग्रीहरूको भण्डारण गर्नका लागि जन भकारी स्थापना गरिनेछ ।<br>ड) विपदको समयमा आश्रय लिन सकिने गरी सुरक्षित खुला स्थानहरू, सामुदायिक भवन, सडक र आश्रय स्थलहरूको पहिचान तथा व्यवस्था गरिनेछ ।<br>ढ) विपद् व्यवस्थापन विषयलाई विद्यालयदेखि विश्वविद्यालयसम्म पाठ्यक्रममा समावेश गरिनेछ । |
| २. विपद् जोखिम न्यूनीकरण गर्न क्षमता अभिवृद्धि गर्ने । | क) जोखिममा रहेका समुदाय र क्षेत्रहरूका लागि प्रतिकार्य गर्ने क्षमता अभिबृध्दिका कार्यक्रम सञ्चालन गरिनेछ र उच्च जोखिममा रहेका वस्तीहरुको पहिचान गरी सुरक्षित बनाउने वा स्थानान्तरण गर्ने प्रकृया प्रारम्भ गरिनेछ ।<br>ख) संघ र स्थानीय तहसँगको सहकार्यमा आधुनिक प्रविधि तथा औजारहरूको प्रयोग गरी जोखिम क्षेत्रहरूको पूर्वानुमान र पूर्व सूचना प्रणालीको विकास गरिनेछ ।<br>ग) विकास निर्माणका कार्यक्रमहरूमा विपद् जोखिम न्युनीकरण र व्यवस्थापनलाई समाहित गरिनेछ ।<br>घ) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी |

| रणनीति | कार्यनीति |
|---|---|
| | वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने।<br>ङ) प्रदेशको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा विपद् उत्थानशीलताको अवधारणलाई आन्तरिकरण गरिनेछ ।<br>च) सार्वजनिक सेवा, जीवीकोपार्जनका साधनहरु तथा भौतिक पूर्वाधारहरुको गुणस्तरीय निर्माण र प्रवलीकरणमा लगानी वृद्धि गरी उत्थानशीलता प्रवर्द्धन गरिनेछ।<br>छ) सामुदायिकस्तरमा विपद् व्यवस्थापन कार्ययोजना तथा पारिवारिक विपद् जोखिम व्यवस्थापन योजना निर्माण गरी समुदायलाई सक्षम बनाइनेछ ।<br>ज) आपतकालमा प्रतिकार्यलाई शीघ्र नेतृत्व दिन सक्ने सिपयुक्त मानव संशाधनको र विपद् स्वयं सेवक, उद्धार कार्यदल जस्ता समूहको व्यवस्था गरिनेछ ।<br>झ) प्रदेश र स्थानीय तहमा प्रकोप व्यवस्थापनका लागि गठन भएका संयन्त्रहरू र त्यसका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>ञ) प्रदेश तहमा दक्ष एवम् स्रोत साधनयुक्त एकीकृत संस्था मार्फत् खोज र उद्धार क्षमता अभिवृद्धि गरिनेछ ।<br>ट) नयाँ प्रविधिको अनुकूलन, अनुसन्धान र विकास गरिनेछ साथै विपद् जोखिमको आधारमा जमिनको वर्गीकरण गरी उच्च जोखीमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाईनेछ । |
| ३. दिगो रुपमा विपद् पश्चातको पुनःलाभ, पुनःस्थापना पुनःनिर्माण सुनिश्चित गर्ने। | क) विपद्का कारण हुन सक्ने मानवीय, संरचना, सम्पत्ती, पशुपन्छी र अन्य साधनमा नोक्सानी वा क्षतिको जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशीलता अभिवृद्धि गर्न सरोकारवाला हरुलाई प्रोत्साहित गरिनेछ ।<br>ख) प्रदेशमा हुन सक्ने विपदबाट हुन जाने मानवीय क्षतिको जोखिम न्यूनीकरण गर्न बिमा सेवा प्रदायकसँग सम्झौता गरी प्रदेशका प्रत्येक नागरिकको सावधिक एकमुष्ट बीमा गरिनेछ।<br>ग) विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण सम्बन्धी आम नागरिकलाई प्रशिक्षण दिइनेछ ।<br>घ) विपद् र प्रतिकार्य व्यवस्थापनमा सुशासन कायम गरिनेछ ।<br>ङ) विपद्पश्चात पुनःलाभ, पुनःनिर्माण र पुनःस्थापना लागि स्तरीय |

| रणनीति | कार्यनीति |
|---|---|
| | निर्माण सामाग्रीको आपूर्ति गर्न र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउन निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरुको क्षमता अभिवृद्धि गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

विपद् व्यवस्थापन सम्बन्धी नीति, कानुन, संस्थागत व्यवस्था र सो सम्बन्धी क्षेत्रगत योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी लागु भएको हुने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समन्वय गर्न एकीकृत संरचनाको स्थापना भएको हुने, विपद् पूर्व तयारी, प्रतिकार्य, विपद् जोखिम न्यूनीकरण लगायतका विविध पक्ष आवश्यक कार्यक्रमहरु सञ्चालनमा आएका हुने, प्रदेशमा नागरिकको विपद् बिमा भएको हुने तथा प्रदेशमा विपद्का घटनाहरुको न्यूनीकरण भएको हुनेछ ।

## ९.३ वातावरण तथा जलवायु परिवर्तन

### १. पृष्ठभूमि

वातावरण, जलवायु र प्राणी जगतबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । हाल प्राकृतिक स्रोतहरुको धान्न नसकिने गरी उपयोग, वायु, पानी र माटोको प्रदुषण, जैविक विविधताको विनास, जलवायु परिवर्तन र समग्र वातावरणमा ह्रास विश्वव्यापी समस्या बनेका छन् । यसका असरहरु प्रकोपको निरन्तरता, मौसम, तापक्रम, भूमि तथा जलस्रोत व्यवस्थापन, कृषि उत्पादन, स्वास्थ्य, पूर्वाधार र उर्जाका क्षेत्रमा प्रष्ट देखिन थालेका छन् । नेपालको संविधानले प्रत्येक नागरिकलाइ स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रदान गर्दै वातावरण संरक्षणलाई तीनै तहका सरकारहरुको साझा अधिकार क्षेत्रमा राखेको छ । हालसम्म प्रदेशगत रुपमा सुदुरपश्चिममा वातावरण विनाश र प्रदुषण कम भएपनि विश्वव्यापि कारणबाट सृजित असरले जलवायु परिवर्तनका समस्याहरु गहिरिदै र जटिल हुँदै जाने निश्चत छ । यस पृष्ठभूमिमा, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरुको न्युनीकरण गर्दै प्राकृतिक स्रोत साधनहरुको अन्तर पुस्ता समन्यायिक हस्तान्तरण हुने गरी दिगो व्यवस्थापन गर्नेतर्फ योजनाको जोड रहनेछ ।

### २. प्रमुख समस्या

हाम्रो कारणले मात्र भन्दा पनि विश्वव्यापी रुपमा प्रकृतिको अनुदार र अविवेकी दोहन र जथाभावि प्रयोगले वातावरण तथा जलवायु परिवर्तनका समस्याहरु बढ्दै जानु, अन्तर-पुस्ता समन्यायिक हस्तान्तरण हुने गरी मानवीय गतिविधि, पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम हुन नसक्नु, हरितगृह ग्याँसको उत्सर्जन बढ्दै जानु, धुँवा, धुलोका कण, फोहोरमैला, आदिका कारण वायु, नदीनाला प्रदुषित हुँदै जानु, कृषि क्षेत्रमा असन्तुलित ढङ्गले रासायनिक

मल र विषादिको प्रयोग बढ्दै जानु, प्रदुषण नियमन सम्बन्धी वैज्ञानिक मापदण्डको अभाव र भएका मापदण्डको कार्यान्वयन क्षमता कमजोर हुनु, वातावरण विनास र जलवायु परिवर्तनका बहुआयामिक असर बारे जनचेतनामा कमी हुनु र सम्बन्धित सरोकारवालाहरुको समन्वयमा कमि रहनु प्रमुख समस्या हुन्।

## ३. चुनौती तथा अवसर

वातावरण संरक्षण तथा जलवायु अनुकुलन सम्बन्धि संवैधानिक, नीतिगत, कानुनी तथा योजनाका प्रावधानहरुलाई अद्यावधिक गर्दै कार्यान्वयन गर्ने, बिनारोकटोक र अधिक मात्रामा प्रदुषणजन्य बस्तु, उपकरण र पेट्रोलियम पदार्थको प्रयोग र प्राकृतिक कारणले तथा मानवीय क्रियाकलापबाट हुने वातावरणीय ह्रास तथा प्रदुषण नियन्त्रण गर्ने, फोहोरमैलाको उचित व्यवस्थापन गर्ने, पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्ने, र वातावरण संरक्षणका लागि आम सुदुरपश्चिमवासीलाई जागरुक र सक्षम बनाउने चुनौतीहरु छन् ।

वातावरण संरक्षणमा संविधानको जोड रहनु, यस क्षेत्रको वातावरण प्रदुषणयुक्त र ह्रास भइ नसकेकाले संरक्षणका कामहरु पनि सापेक्षित रुपमा सहज हुनु, वातावरण संरक्षण सम्बन्धि प्रदेशस्तरमा नँया नीति, कानुन र सङ्गठनात्मक संरचना निर्माण गर्न सकिने अवस्था हुनु, स्वच्छ र स्वस्थ वातावरणको महत्वका बारेमा जनचेतना वृद्धि हुदै जानु, जैविक विविधता र प्राकृतिक वातावरण संरक्षणबाट कार्वन सञ्चिति र कार्वन व्यापार एवम् पर्यटन विकासमा योगदान पुग्ने सम्भावना रहनु, र दिगो विकास लक्ष्यहरुले वातावरणीय तथा जलवायु परिवर्तनका पक्षलाई जोड दिनुलाई अवसरको रुपमा लिन सकिन्छ ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

स्वच्छ, हरित, प्राङ्गारिक र न्युन कार्वनयुक्त सुदुरपश्चिम ।

### ४.२ लक्ष्य

विकास प्रक्रियालाई स्वच्छ, जलवायु अनुकूलित र वातावरणमैत्री बनाउने ।

### ४.३ उद्देश्य

- हरित प्रदेशको अभियान सहित वातावरणीय ह्रास र जलवायु परिवर्तनका असरहरु नियन्त्रण तथा व्यवस्थापन गर्नु ।
- भौतिक पूर्वाधारलाई जलवायु अनुकूलित र वातावरणमैत्री बनाउनु ।
- वातावरण र जलवायु सम्बन्धी संयन्त्रको सबलीकरण गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. हरियाली प्रवर्द्धन र वातावरण संरक्षण गर्ने । | क) नीति, कानुन र मापदण्ड र संयन्त्रहरु निर्माण गरी वन संरक्षण र भू-परिदृष्यको जगेर्ना, जल, वायु, माटो, ध्वनी, प्रदुषण नियन्त्रण तथा फोहोर मैला व्यवस्थापन गरी स्वच्छ वातावरण कायम गरिनेछ ।<br>ख) रैथाने र प्राङ्गारिक खेती प्रवर्द्धन तथा कृषि तथा उद्योगहरुमा विषादी प्रयोगलाई नियमन र नियन्त्रण गरिनेछ।<br>ग) उद्योग, ऊर्जा, यातायात लगायत अन्य प्रमुख क्षेत्रहरुमा न्युन तापमान र न्युन कार्बन उत्सर्जन गर्ने स्वच्छ प्रविधिहरुको प्रयोग गरिनेछ ।<br>घ) प्रदेशमा एक वातावरण प्रदुषण प्रयोगशाला र सबै स्थानीय तहमा फोहोरमैला व्यवस्थापन प्लान्ट स्थापना गरिनेछ ।<br>ङ) जलवायु परिवर्तन र वातावरणीय घट्नाहरुको नियमित निगरानी गरिनेछ । |
| २. स्रोत-साधनहरुको संरक्षण तथा मितव्ययी, दक्ष, चक्रीय प्रयोग र पुनः प्रयोगमा जोड दिने । | क) जमिन, जल, वन सम्पदा, वायु र भूदृष्य लगायत सबै प्राकृतिक स्रोतसाधनहरुको संरक्षण र पुनःस्थापना गर्दै मितव्ययी र उच्चतम प्रयोगमा जोड दिइनेछ ।<br>ख) सीमान्त जमीन, नाँगा पाखाहरु र नदी किनारहरुमा अतिक्रमण रोकी वृक्षारोपण अभियान सन्चालन गरिनेछ ।<br>ग) नदी, ताल र सिमसारहरुको संरक्षण गरी पानीको सतहलाई यथावत कायम राखिनेछ ।<br>घ) वातावरण र जलवायु अनुकूलन सम्बन्धी नीति, कार्यक्रम र संयन्त्रहरुमा अन्तरक्षेत्रीय आवद्धता बढाइ एकिकृत र समन्वित गर्दै लगिनेछ ।<br>ङ) प्राकृतिक स्रोतसाधन र जैविक विविधताको बेसलाइन तयार गरी Natural Resource Balance Sheet तयार गरी निगरानी प्रणालीको स्थापना गरिनेछ ।<br>च) विश्वव्यापी कार्वन सञ्चिति एवम् मुलुकको जैविक विविधता, हरियाली प्रवर्द्धनमा योगदान पुऱ्याए वापत प्रदेशले केन्द्रबाट विशेष आर्थिक अनुदान पाउनु पर्ने वस्तु तथ्यलाई जोडदार |

| रणनीति | कार्यनीति |
|---|---|
| | तवरले उठाएर यसमा केन्द्रलाई सहमत तुल्याइनेछ । |
| ३. पूर्वाधार विकासलाई जलवायु अनुकूलित र वातावरणमैत्री बनाउने । | क) वातावरण र जलवायु सम्बन्धी नीति र कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्दै आवश्यकताअनुसार परिमार्जन गरिनेछ ।<br>ख) तोकिए बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्रै ठूला पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>ग) निर्माण र मर्मत सम्भारका सबै शृङ्खलाहरुमा वातावरणमैत्री न्युन कार्वनयुक्त प्रविधि र उर्जा प्रयोग गर्दै हरित ग्यास उत्सर्जनलाइ वान्छित सीमाभित्र राखिनेछ ।<br>घ) हरियाली प्रवर्द्धन र जलवायु अनुकूलन तथा वातावरण क्षय न्युनीकरणको योजना बनाई कार्यान्वयन गरिनेछ । |
| ४. प्राविधिक र संस्थागत क्षमता अभिवृद्धि र उच्चतम उपयोग गर्ने । | क) वातावरण संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा अध्ययन, अनुसन्धान गरिनेछ ।<br>ख) न्युन कार्बनयुक्त र जलवायु अनुकूलित विकासका लागि प्राविधिक र संस्थागत क्षमता बढाइनेछ ।<br>ग) वातावरण शिक्षा र सूचना प्रचारप्रसारबाट सरोकारवालाहरुको सचेतना, पूर्व तयारी र क्षमता बृद्धि गरिनेछ ।<br>घ) वातावरण संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा समुदाय र स्थानीय तहको भूमिका र जिम्मेवारी बृद्धि गरिनेछ ।<br>ङ) वातावरणीय तथ्याङ्क एवम् सूचना प्रणालीको विकास गरिनेछ। |

## ५. अपेक्षित उपलब्धि

हरियाली बढाउन र प्राङ्गारिक प्रदेशको अभियान सार्थक तुल्याउन, सबै किसिमका प्रदुषण रोकथाम र न्युनीकरण गर्न पर्याप्त नीतिगत व्यवस्था र नियमनकारी संयन्त्रको विकास भएको हुनेछ । वातावरणीय सूचना प्रणालीको विकास भएको हुनेछ । वृक्षारोपण गरी हरियाली क्षेत्र बिस्तार गरिएको हुनेछ । कार्वन व्यापार र हरियाली क्षेत्रका आधारमा थप आर्थिक स्रोत प्राप्त भएको हुनेछ । प्रदेशमा एउटा वातावरण प्रदुषण परिक्षण प्रयोगशाला स्थापना भएको हुनेछ ।

## ९.४ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरू

### १. पृष्ठभूमि

सुदुरपश्चिम प्रदेशमा पाँच हजारको हाराहारीमा गैरसरकारी नागरिक संस्थाहरु र उल्लेख्य संख्यामा सामुदायिक संस्थाहरु रहेका छन्। आकार, विचारधारा, उद्देश्य, रणनीति, विशेषज्ञता, क्षमता, कार्यक्रम र वित्तीय स्रोत व्यवस्थापनका दृष्टिले यी सस्थाहरुमा विविधता पाईन्छ। यी संस्थाहरुका गतिविधिहरुको नियमित अनुगमन गर्ने संयन्त्रको विकास गर्दै यिनको भूमिकालाई अझ सकारात्मक, प्रभावकारी र जवाफदेही र प्रदेशको हितकारी बनाउनु आवश्यक देखिएको छ। साथै यिनको पैरवी कुशलता, क्षमता, सिप पूँजी तथा साधन स्रोतलाई प्रदेशको हित र केन्द्रबाट प्राप्त गर्नु पर्ने विशेष ग्राह्यता र सहयोग, समर्थन जुटाउनमा उपयोग गर्नका लागि एकीकृत मजवुत बनाएर पहलकदमी लिन सक्ने तुल्याउने, प्रदेशको समग्र कल्याण र प्राथमिकता क्षेत्रमा उपयोग गर्दै आर्थिक सामाजिक विकासको मुल धारमा समावेस गर्न आवश्यक छ। त्यसैले प्रदेशमा कार्यरत सामुदायिक तथा गैरसरकारी संस्थाहरुसँग साझेदारी गर्दै पारदर्शी ढङ्गले विकासमा उनीहरुको सिप, लगानी र क्षमताको अधिकतम उपयोग गर्ने तर्फ केन्द्रित हुनु पर्ने आवश्यकता छ।

### २. प्रमुख समस्या

प्रदेशमा गैरसरकारी संघ सस्थाहरुको नियमनका लागि प्रभावकारी तथा एकिकृत संयन्त्र नहुनु, प्रदेश र स्थानीय तहमा साझेदारी र समन्वयको अभाव हुनु, दिर्घकालीन रुपमा स्रोतको सुनिश्चिता नहुनु, कतिपय कार्यक्रमहरुमा दोहोरोपन हुनु, गैरसरकारी संघ सस्थाहरुको प्रदेशको प्राथमिकता क्षेत्रसँग आवद्धता कम हुनु, प्रभावकारी अनुगमन मूल्याङ्कनको अभावमा आन्तरिक सुशासन कमजोर हुनु प्रमुख समस्याका रुपमा रहेका छन्।

### ३. चुनौती तथा अवसर

दिगो विकासका लागि सरकारसँग सहकार्य र साझेदारीको वातावरण सिर्जना गर्ने, साझेदारीलाई सघन, सक्षम र सबै पक्षका लागि लाभदायक बनाउने, भूमिकालाई पारदर्शि बनाउँदै आन्तरिक सुशासन कायम गर्ने, लगानीलाई प्रदेश र स्थानीय तहहरुको प्राथमिकताका क्षेत्रमा प्रभावित गराउने, लगानीको उच्चतम् उपयोगबाट अधिकतम् प्रतिफल हाँसिल गर्ने, नियमन, अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने जस्ता चुनौतीहरु छन्।

सामुदायिक तथा गैरसरकारी संस्थाहरुको लागि संवैधानिक संरक्षण प्राप्त हुनु, स्थानीयस्तरमा साझेदारी, नियमन र अनुगमनका लागि अनुकूल वातावरण तयार हुनु, क्रमिकरुपमा संस्थाहरुको विशेषज्ञता र क्षमता विस्तार हुँदै जानु, प्रदेशमा ठूलो सङ्ख्यामा गैरसरकारी संस्थाहरुको उपस्थिति रहनु अवसरहरु हुन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रभावकारी सामुदायिक साझेदारी ।

### ४.२ लक्ष्य

प्रदेशको सामाजिक आर्थिक रुपान्तरणका लागि सामुदायिक तथा गैर सरकारी सस्थाहरुको प्रभावकारी परिचालन गर्ने।

### ४.३ उद्देश्य

- प्राथमिकताको क्षेत्रमा संघसस्थाको परिचालन, प्रवर्द्धन र नियमन गर्नु।
- संघ सस्थाहरुको स्रोतलाई प्राथमिकताका क्षेत्रहरुमा प्रवाह गरी खर्चलाई जवाफदेही, पारदर्शि तथा मितब्ययी बनाउनु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. सामुदायिक तथा गैरसरकारी संस्थाहरुसँग सार्थक साझेदारीका लागि अनुकुल वातावरण सिर्जना गर्ने। | क) आवश्यक नीतिगत, कानुनी, संस्थागत पूर्वाधारहरु निर्माण गरिनेछ।<br>ख) साझेदारहरुको भूमिका र जिम्मेबारी प्रष्टसाथ उल्लेख गरेको औपचारिक सम्झौतामा आधारित साझेदारी र सहकार्य गरिनेछ।<br>ग) महिला, दलित, विकट क्षेत्र तथा अन्य सीमान्तकृत समुदायको मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा साझेदारीलाई प्रवर्द्धन गरिनेछ।<br>घ) प्रदेश सामुदायिक र गैरसरकारी संस्था समन्वय संयन्त्रको स्थापना गरी संस्थाहरूलाई सहजीकरण र कार्यक्रमहरूको प्रभावकारितामा बृद्धि गरिनेछ । |
| २. सामुदायिक र गैरसरकारी संस्थाहरूलाई प्रदेश समृद्धिका लागि उपयोग गर्ने । | क) प्रदेश समृद्धिका लागि उपयोग गर्न सकिने क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरुमा कार्य गर्न सामुदायिक र गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>ख) महिला, दलित तथा अन्य सीमान्तकृत समुदायको समावेशीकरण, मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा साझेदारीलाई प्रवर्द्धन गरिनेछ ।<br>ग) समुदायमा दिगो, समावेशी,, महिलामैत्री भौतिक, सामाजिक र आर्थिक पूर्वाधार र सेवाहरूको विकास |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | विस्तार एवम् जागरण र चेतनाको स्तर बढाउने र सामुदायिक स्वावलम्बनलाई मद्दत पुग्ने खालका आयोजनाहरूलाई विशेष प्राथमिकता दिइनेछ । |
| ३. सामुदायिक तथा गैरसरकारी संस्थाहरूको परिचालन, व्यवस्थापन तथा नियमनका लागि प्रभावकारी संयन्त्र विकास गर्ने । | क) सामुदायिक तथा गैरसरकारी संस्थाहरूमा आन्तरिक सुशासन कायम गर्न आचार संहिता तर्जुमा र कार्यान्वयन गराइनेछ ।<br>ख) पारदर्शीता, जवाफदेहीता र सुशासनलाई साझेदारीको पूर्व शर्तको रुपमा स्थापित गरिनेछ ।<br>ग) प्रदेश र स्थानीय निकायमा स्थापित संयन्त्रमार्फत सामुदायिक तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित आयोजनाहरूको नियमित रुपमा अनुगमन र मूल्याङ्कन गरिनेछ ।<br>घ) विभिन्न संस्थाहरूमार्फत प्रदेशमा भएका लगानी र संचालित कार्यक्रमहरूलाई वार्षिक बजेटमा प्रतिविम्बित गर्नुका साथै भित्रिएको स्रोत, साधन र कार्यक्रमहरूको एकीकृत अभिलेख राखिनेछ । |

### ५. अपेक्षित उपलब्धि

आवश्यक नीति तथा मापदण्ड तयार भई सामुदायिक र गैरसरकारी क्षेत्रहरुको प्रभावकारीता बढेको र उनीहरुसँगको साझेदारीका संभाव्य क्षेत्रहरुको पहिचान भएको हुने, सामुदायिक र गैरसरकारी क्षेत्रहरुसँगको साझेदारीमा सञ्चालित कार्यक्रमहरुको संख्या र प्रभावकारितामा उल्लेख्य वृद्धि भएको हुने, सामुदायिक र गैरसरकारी संस्थाका स्रोत, साधनहरु प्रदेश र स्थानीय तहले तोकेका प्राथमिकताको क्षेत्रमा प्रवाहित भएका हुनेछन्।

## ९.५ अनुसन्धान तथा विकास

### १. पृष्ठभूमि

वर्तमान समयमा अनुसन्धान तथा विकासको महत्वबोध गर्दै यसको उपयोग गरी ज्ञानमा आधारित (knowledge based) अर्थतन्त्र निर्माण गर्ने र सुखी एवम् समृद्ध प्रदेश निर्माण गर्न आवश्यक भएको छ। नेपालको संविधानले निर्दिष्ट गरे अनुसार वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति यस प्रदेशले पनि आत्मसात गरेर अघि बढनु पर्ने भएको छ । यस प्रदेशमा अनुसन्धान तथा विकासलाई अघि बढाउने संघ

संस्था, विश्वविद्यालय, अध्ययन संस्थानको कमि रहेको छ । विशेषगरी परम्परागत प्रविधिको आधुनिकिकरण र नवीन प्रविधिको विकास तथा उपयोग गरी प्रदेशको समृद्धिमा योगदान पुऱ्याउनु प्रदेश सरकारको महत्वपूर्ण भूमिका रहन्छ । हाल प्रदेशमा एक मात्र विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय र अन्य विश्वविद्यालयबाट सम्बन्धन प्राप्त आङ्गिक क्याम्पसहरूमा विज्ञान तथा प्रविधि विषयमा अध्ययन अध्यापन हुने गरेको छ। साथै यस प्रदेश अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि तथा पशु अनुसन्धान केन्द्र लगायतका विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरू यस क्षेत्र सम्बन्धी कार्य गर्दै आएको छ।

## २. प्रमुख समस्या

अनुसन्धान तथा विकास सम्बन्धी प्रदेशमा नीतिगत, संस्थागत र पूर्वाधार व्यवस्थाको कमी हुनु, विज्ञान तथा प्राविधिक शिक्षाको कमी हुनु, परम्परागत ज्ञान तथा सीप र पहिचान मासिदै जानु, नवीन आविष्कार र अनुसन्धानमा स्रोतका विनियोजन न्यून हुनु, क्षमतावान तथा बौद्धिक युवा जनशक्ति वाहिरिने क्रम निरन्तर बढनु तर उनीहरुलाई स्वदेश तथा प्रदेशमा टिकाई राख्ने वातावरण तयार नहुनु, अनुसन्धान तथा विकासको प्रतिफलमा प्रदेशका जनताको सहज पहुँच स्थापित गर्ने आवश्यक प्रभावकारी संयन्त्रको विकास नहुनु यसका समस्याहरु हुन्।

## ३. चुनौती तथा अवसर

जीवन उपयोगी एवम् वातावरणमैत्री प्रविधि र प्राविधिक शिक्षाको विस्तार गर्नु, वैज्ञानिक अनुसन्धानमा आधारित शिक्षा प्रणाली विकास गर्नु, विकासलाई नव प्रविधिमा आबद्ध गर्नु, परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र आधुनिकिकरण गर्नु, वैज्ञानिक र प्राविधिक प्रतिभाको क्षमतालाई सदुपयोग गर्नु प्रमुख चुनौती हुन् ।

बैज्ञानिक अध्ययन, अनुसन्धान तथा विज्ञान र प्रविधिको आविष्कार, नवीन प्रविधिको विस्तार र पहुँच हुनु, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण हुनु, प्रदेशमा विज्ञान विषय विद्यालयदेखि उच्च शिक्षासम्म अध्ययन गर्न पाउने व्यवस्था हुनु, प्राविधिक शिक्षालयको विस्तार हुनु, सीप विकास तथा तालिम संस्थाको उपलब्धता हुनु, अध्ययन, अनुसन्धान तथा आविष्कार भएका प्रविधिको स्थानीय आवश्यकता अनुसार विकास तथा विस्तार गरी उपयोग गर्न सक्ने अवस्था हुनु प्रमुख अवसरहरु हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रदेश समृद्धि र समुन्नतिका लागि अनुसन्धान तथा विकास।

### ४.२ लक्ष्य

अनुसन्धान तथा विकासलाई सरोकारवालाको सहकार्यमा प्रदेशको समृद्धिका लागि उपयोग गर्ने।

### ४.३ उद्देश्य

- उत्पादन वृद्धिका लागि प्राकृतिक स्रोत एवम् परम्परागत प्रविधिको उपयोग तथा नव प्रवर्तन गर्नु ।
- विज्ञान तथा प्रविधिको विकास, विस्तार र उपयोग क्षमता वृद्धि गर्नु।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. वैज्ञानिक चेतानाको अभिवृद्धि र विज्ञानसम्मत विश्लेषण गर्ने संस्कारको विकास गर्ने । | क) नवीनतम वैज्ञानिक अनुसन्धान र प्रविधिको विकासलाई सबलिकरण गर्न प्रदेशअन्तर्गत आवश्यकता पहिचान अध्ययन गरिनेछ । साथै एकिकृत अनुसन्धान तथा विकास कोषको स्थापना कालागि कानुनी तथा संरचनात्मक आधार तयार गरिनेछ।<br>ख) प्रदेशमा विज्ञान तथा प्रविधि नीति तयार गरी कार्यान्वयन गरिनेछ।<br>ग) विज्ञान विषयको पठन पाठनमा जोड दिइने छ।<br>घ) योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनका लागि आवश्यक तथ्यांक संकलन र विश्लेषणका निम्ति दक्ष जनशक्ति सहितको पूर्वाधार विकास गरी क्रियाशिल बनाइने छ।<br>ङ) आमसञ्चारमा विज्ञान तथा प्रविधिको व्यापक प्रचार प्रसार गरी घुम्ती विज्ञान प्रयोगशाला आयोजना तथा प्रदेश स्थित प्रयोगशाला स्थापन गरी कार्यान्वयममा ल्याइनेछ। |
| २. विज्ञान प्रविधिका लाभ र उपलब्धिका सम्वन्धमा आम जनमानसलाई सुसूचित गरी गणस्तरीय जीवन हासिल गर्न सघाउने र प्रदेशको उत्पादकत्व वृद्धि गर्दै समृद्धिमा उपयोग गर्ने। | क) वातावरण, स्वास्थ्य, खाद्य, सूचना, संचार, शिक्षा र समाजिक सुरक्षाका लागि उपलब्ध स्मार्ट प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>ख) विज्ञान तथा प्रविधिलाई कृषि, उद्योग, वन पैदावार र सेवा लगायतका उत्पादनका सवै पक्षका साथै गुणस्तरीय पर्वाधारको विकास गरिनेछ।<br>ग) विज्ञानमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीलाई इन्टर्नसिप, छात्रवृत्ति तथा शोध र अनुसन्धान कार्यका |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | लागि अनिवार्य व्यवस्था गरी प्राप्त अनुभव र सिकाइलाई प्रदेश विकासमा उपयोग गरिनेछ।<br>घ) विभिन्न अनुसन्धान तथा आविष्कारहरूलाई स्थानीय हावापानी सुहाउँदो परिमार्जन गरी प्रदेशको विकासमा उपयोग गरिनेछ। |
| ३. परम्परागत र स्थानीय प्रविधिको संरक्षण र आधुनिकरण गर्दै युवा पिढीलाई वैज्ञानिक ज्ञान र प्राविधिक सीप हासिल गर्न उत्प्रेरणा गर्ने। | क) परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको पुनर्खोज, संरक्षण, आधुनिकिकरण र उपयोगका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।<br>ख) विज्ञान तथा प्रविधिको अनुसन्धानलाई प्रदेशको बजेटमा व्यवस्था गरिनेछ।<br>ग) अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय र औद्योगिक संस्थाहरूबीच समन्वय सहकार्य कायम गर्दै प्रभावकारी संयन्त्रको विकास गर्ने र आवश्यक नीति नियम तर्जुमा गरिनेछ।<br>घ) विज्ञान विषयलाई व्यवहारिक, उपयोगी र प्रतिस्पर्धी बनाउने प्रदेश स्तरीय प्रदर्शनी र विज्ञान अध्ययन केन्द्र (Science Learning Centre) को विकास गर्दै युवा जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रमहरू संचालनमा ल्याइनेछन्। |

### ५. अपेक्षित उपलब्धि

विषयगत अनुसन्धान र विकास केन्द्रको स्थापना भएको हुने, प्रदेश अन्तरगतका शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रसँग वैज्ञानिक अध्ययन अनुसन्धानका लागि सहकार्य भएको हुने, सरकारी विद्यालयमा प्रयोगशाला स्थापना भई कार्यान्वयनमा आउने, प्रदेश अन्तर्गत विज्ञान तथा प्रविधि विषयक अध्ययनरत विद्यार्थीहरूलाई विश्वविद्यालयसँग समन्वय र सहकार्य गरी शोध अनुसन्धान कार्यको सहयोग भएको हुनेछ ।

## ९.६ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । गुणस्तरीय मानव संसाधनको विकास मार्फत श्रमको उत्पादकत्व अभिवृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन उत्पादनको क्रियाशिल साधनको रुपमा श्रमको महत्वपूर्ण भूमिका

रहन्छ । गरिबी निवारण र आर्थिक विकासका लागि बजारको माग अनुसारको सीपमूलक नवीन प्रविधि सापेक्ष मानव संसाधनको विकास गर्नु आजको आवश्यकता हो । उत्पादनमूलक रोजगारी सिर्जना गरी मुलुकमा उपलब्ध युवा श्रमशक्तिको उपयोग मार्फत कृषि क्षेत्रमा विद्यमान अधिक अनुत्पादक श्रमशक्तिलाई उद्योग तथा विभिन्न सेवा क्षेत्रमा स्थानान्तरण गर्न सकेमा अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा योगदान हुन सक्छ । नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रमबजारमा प्रवेश गर्दछन् ।आन्तरिक श्रम बजारको प्रशोधन क्षमता कमजोर भएकोले नवीन समय प्रविधिअनुकुलित विभिन्न उत्पादनमूलक तथा सिपमूलक तालिम सञ्चालन गरी स्थानीय वस्तुस्थिति र बजारको आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्न सके प्रदेशको गरिबी निवारण र मानव विकासको पाटो सकारात्मक हुने देखिन्छ ।

## २. प्रमुख समस्या

प्रदेशको आर्थिक, सामाजिक विकासको गतिविधि कमजोर हुनाले रोजगारीको अवसर कम हुनु, प्रदेशमा उपलब्ध श्रम, सीप र श्रम बजारको मागबीच तादात्म्यता कायम हुन नसक्नु, कामको सम्मान गर्ने संस्कृतिको विकास हुन नसुक्नु, अपेक्षित रुपमा उद्यमशीलता विकास भई रोजगारीको सृजना हुन नसुक्नु, वैदेशिक रोजगारीबाट प्राप्त सीप र पूँजीको उत्पादनशील क्षेत्रमा परिचालन हुन नसक्नु, ज्यालामा महिला श्रमिक उपर हुने विभेद र अन्य निरुत्साहनलाई रोक्न नसक्नु, बालश्रम निवारणका विभिन्न प्रयास हुँदा पनि बालश्रम पूर्णरुपमा निवारण हुन नसुक्नु, असल श्रम सम्बन्ध स्थापित भई रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु प्रोत्साहन, लगनशीलता र उद्यमशीलताको कमीले मौसमि रुपमा सस्तो कामको खोजीमा आप्रवासनमा जाने प्रवृत्ति विद्यमान रहनु जस्ता समस्याहरु यस क्षेत्रमा रहेका छन्।

## ३. चुनौती तथा अवसर

समय अनुकुलित सिप र प्रविधि सापेक्ष श्रमिकको पर्याप्तता कायम गर्नु, संविधान प्रदत्त श्रम तथा रोजगारीको हकको कार्यान्वयन गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रको दायरामा ल्याउनु, महिला श्रमिकका लागि समान ज्याला र अन्य अनुकुलता कायम गर्नु, बाल श्रम निषेध गर्नु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रम शक्तिको विकास गर्नु, असल श्रम सम्बन्धको विकास र श्रमको उत्पादकत्व वृद्धिमार्फत आर्थिक विकासका संभावनाहरूलाई फराकिलो बनाउनु, वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउँदै वैदेशिक रोजगारीबाट प्राप्त प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु, श्रमिक सुरक्षा, कल्याण र बिमा व्यवस्था प्रवर्द्धन गर्नु, श्रम तथा रोजगार सम्बन्धी प्रदेश स्तरीय कानुन तर्जुमा गर्नु यस क्षेत्रका मुख्य चुनौतीका रुपमा रहेका छन् ।

नेपालको संविधानले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रुपमा स्थापित गर्नु, प्राविधिक शिक्षा तथा सीपमूलक तालिमलाई प्राथमिकता दिइनु, शैक्षिक बेरोजगार तथा वैदेशिक

रोजगारबाट फर्केकालाई ऋण सुविधा उपलब्ध गराउने नीति रहनु, न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था हुनु, तुलनात्मक लाभ रहेको र बढी रोजगारी सिर्जना हुने क्षेत्रमा युवाहरुलाई उत्प्रेरित र संलग्न गराउन आवश्यक तालिम संचालन गरिनु, विभिन्न कलकारखाना तथा उद्योग प्रतिष्ठानहरुमा काम गर्ने श्रमिकहरुको तथ्याङ्क संकलन गरी श्रमिकहरुको प्रोफाइल तयार गरिनु, प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा आउनु र हरित रोजगारी विस्तारको संभावना प्रदेशमा यथेष्ट हुनु यस क्षेत्रका मुख्य अवसरहरु हुन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

प्रदेशका सबै नागरिकहरुलाई दिगो, मर्यादित र उत्पादनशिल रोजगारीको अवसर।

### ४.२ लक्ष्य

श्रम गर्न सक्ने नागरिकहरुलाई ज्ञान, सीप सहित प्रदेश भित्रै रोजगारीका अवसरहरु उपलव्ध गराउने ।

### ४.३ उद्देश्य

- प्रदेशभित्र रोजगारीका अवसर सिर्जना र विस्तार गर्नु ।
- असल श्रम सम्बन्धको विकास गर्नु ।
- सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु ।
- व्यवसायिक तथा सीपमूलक तालिम प्राविधिक तथा आर्थिक सहयोग र बजार सम्वन्धी ज्ञान उपलव्ध गराएर स्वरोजगारीका अवसर विस्तार गर्नु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश स्तरमा रोजगार अभिवृद्धि गरी आप्रवासन घटाउने । | क) प्रदेशभित्र रोजगारीको अवसरमा व्यापक वृद्धि हुने गरी रोजगार प्रवर्द्धन नीति र श्रम तथा रोजगार सम्बन्धी कानुनको तर्जुमा गरिनेछ ।<br>ख) रोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, सहकारी तथा साझेदारी संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाईने नीति तय गरिनेछ ।<br>ग) वर्षभरि नै बेरोजगार रहेका स्थानीय व्यक्तिहरूलाई कम्तिमा १०० दिन रोजगारीको कानुन द्वारा सुनिश्चित गरिनेछ ।<br>घ) प्रदेश रोजगार प्रवर्द्धन वोर्ड गठन गरिनेछ । |
| २. प्रदेशभित्र रोजगार | क) प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको समन्वयमा निजी |

| रणनीति | कार्यनीति |
| --- | --- |
| कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूत गर्ने। | क्षेत्रमा सिर्जना हुने रोजगारीलाई उपलब्ध श्रमशक्तिको मागसँग आबद्ध गरिनेछ ।<br>ख) "श्रमको सम्मान, प्रदेशको अभियान" मार्फत श्रमप्रतिको सकारात्मक धारणा विकास गरिनेछ।<br>ग) अनौपचारिक तथा परम्परागत श्रम, सीप र ज्ञानमा आधारित पेशा व्यवसायको स्थापना, परामर्श, सूचना, व्यवस्थापन, वित्तीय सेवामा पहुँच पुऱ्याउन विशेष व्यवस्था गरिनेछ ।<br>घ) अनौपचारिक पेशामा संलग्न समुदायहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरी उनीहरूका पेशा र व्यवसायलाई सामाजिक सुरक्षासँग आवद्ध गरिनेछ।<br>ङ) उपभोक्ता समितिबाट गराइने विकास निर्माणका कार्यमा स्थानीय बेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकता दिइ रोजगारीमा संलग्न गराइनेछ ।<br>च) अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई श्रमिक सहकारीमा आवद्ध गरी संस्थागत गरिनेछ । |
| ३.आवश्यकताका आधारमा तालिम र सीप विकासद्धारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने। | क) व्यवसायिक तथा सीप विकास तालिम कार्यक्रमहरुलाई श्रम बजारको आवश्यकता अनुरुप बनाई "सबैलाई सीप, सबैलाई रोजगार" कार्यक्रम संचालन गरिनेछ ।<br>ख) अन्तर्राष्ट्रिय श्रम बजारका सम्भाव्यताहरूको अध्ययन गर्ने र सो अनुकूल दक्ष र प्रतिस्पर्धी जनशक्ति तयार गरिनेछ।<br>ग) आर्थिक रुपले विपन्न, दलित, पीडित महिला, सीमान्तकृत तथा बाध्यकारी श्रममा पारिएका वर्ग र समुदायहरूको लागि सीप तथा क्षमता अभिवृद्धि गरी रोजगारीमा आरक्षणको व्यवस्था गरिनेछ । |
| ४. रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा संघ र स्थानीय सरकारसँग प्रभावकारी समन्वय गर्ने । | क) प्रभावकारी रोजगार व्यवस्थापनका लागि तीनै तहमा सरकारबीच समन्वय र सहकार्य गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. वैदेशिक रोजगारलाई व्यवस्थित गर्ने । | क) वैदेशिक रोजगारमा जानेहरुलाई आवश्यक तालिम र प्रशिक्षणद्धारा सीप विकास गरेर मात्र वैदेशिक रोजगारमा पठाउन आवश्यक व्यवस्था गरिनेछ ।<br>ख) वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्याङ्क सङ्कलन गरी उनीहरूले सिकेको ज्ञान र सीप अनुसार व्यवसाय गर्न वित्तीय पहुँच सहितका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>ग) वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई प्रमाणीकरण गरी उद्यमशीलता विकासमा उपयोग गरिनेछ।<br>घ) वैदेशिक रोजगारीमा ठगिएका श्रमिकहरूलाई उद्दार र पुनःस्थापना कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।<br>ङ) मौसमी रोजगारीका लागि प्रवासमा जाने प्रवृतिलाई अन्त्य गर्न स्थानीय तहमै रोजगार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>च) प्रदेशबाट वैदेशिक रोजगारमा जान चाहने र पुनः जान चाहने कामदारका लागि श्रम स्वीकृति प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्थाका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ ।<br>छ) प्रदेशबाट रोजगार प्रवर्द्धन बोर्डसँग समन्वय गरी वैदेशिक रोजगारमा गई समस्यामा परेका कामदारको उद्धार, मृतक कामदारका हकवालालाई आर्थिक सहायता, अशक्त शारीरिक अशक्त लाई उपचार खर्च र पुनःस्थापना जस्ता सेवाहरू प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्था मिलाइनेछ । |
| ६. निजी क्षेत्र तथा सहकारी क्षेत्र समेतको सहकार्यमा प्रदेश भित्रै यथेष्ठ रोजगारीका अवसरहरुको सृजना गर्ने र श्रमलाई मर्यादित बनाउने। | क) निजी क्षेत्र तथा सहकारी क्षेत्र समेतको सहकार्यमा प्रदेश भित्रै यथेष्ट रोजगारी तथा स्वरोजगारीका अवसरहरुको सृजना गरिनेछ ।<br>ख) प्रदेश भित्र रोजगार प्रदान गर्ने उद्योग, व्यवसायलाई रोजगारीका आधारमा कानुन बमोजिम आवश्यक सुविधा र सहुलियत प्रदान गरिनेछ ।<br>ग) मर्यादित श्रमको मान्यता अनुरुप सबै प्रकारको श्रमको शोषण अन्त्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | घ) अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रुपान्तरण गरिनेछ । <br> ङ) सम्पूर्ण श्रमिकहरुलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ । <br> च) सडक, यातायात, जलविद्युत, पर्यटन लगायतका क्षेत्रसँग सम्बन्धित साना, मध्यम र ठूला आयोजनाहरूको विकास र सञ्चालन गर्दा प्रदेशभित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिइनेछ । <br> छ) प्रदेशमा श्रमिकको माग र आपूर्तिलाई व्यवस्थित र पहुँचयोग्य बनाउन आधुनिक श्रम बजार सूचना प्रणालीका साथै रोजगार प्रवर्द्धन संरचनाको विकास गरी कार्यान्वयन गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशमा श्रम तथा रोजगारीलाई नियमन गर्ने आवश्यक कानुनको तर्जुमा भएको हुने, यथेष्ट उत्पादनशील रोजगारीका अवसरहरु सृजना भएको हुने, प्रदेशको बेरोजगारी दर घटेको हुने, आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्यामा वृद्धि भएको हुने, सबै स्थानीय तहहरूमा श्रम बजार सूचना प्रणाली विकास भै प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछ ।

## ९.७ अन्तरसम्वन्धित विषयका कार्यक्रमहरु

### गरिबी निवारण

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
| --- | --- | --- | --- | --- |
| १ | गरिबी निवारण नीति, कानूनी व्यवस्था | २०७८।०७९ २०८०।०८१ | | प्रदेश गरिबी निवारण नीति र कानूनी व्यवस्था गरिएको हुने । <br> गरिवी पहिचान सर्वेक्षण सम्बन्धी मापदण्ड तयार गरिएको हुने । |
| २ | गरिब घर परिवारको सर्वेक्षण गरिबी परिचयपत्र र गरिब | २०७८।०७९ २०८२।०८३ | | गरिब घर परिवारको सर्वेक्षण गरिएको हुने । <br> गरिब घर परिवारलाई परिचयपत्र |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | घर परिवार सूचना व्यवस्थापन प्रणाली स्थापना | | | प्रदान गरिएको हुने । गरिबी केन्द्रित भौगोलिक क्षेत्र, समुदाय, पेशा र वर्ग विवरण समेत देखिने गरी गरिब घर परिवार सूचना व्यवस्थापन प्रणाली स्थापना गरिएको हुने । |
| ३ | प्रदेश गरिबी निवारण रणनीतिक योजना तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | केन्द्र, स्थानीय तहसँग सहकार्य, सामुदायिक एवम् निजी क्षेत्र र गैर सरकारी संस्था तथा विकास साझेदार समेतको सहकार्यमा प्रदेश गरिबी निवारण रणनीतिक योजना तर्जुमा गरिएको हुने । |
| ४ | आयोजनाहरुलाई गरिबी निवारण लक्षित र सहयोगी तुल्याउने | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा संचालन भैरहेका र संचालन गरिने आयोजनाहरुलाई गरिबी निवारण लक्षित र सहयोगी तुल्याइएको हुने । |
| ५ | गरिबीको परिचयपत्र धारकलाई **गरिबसँग प्रदेश सरकार सघन गरिबी मुक्त विशेष अभियान** | २०७८।०७९ २०८२।०८३ | | गरिबीको परिचयपत्र धारकलाई **गरिबसँग प्रदेश सरकार सघन गरिबी मुक्त विशेष अभियान** मार्फत सामर्थ्यवान बनाई सशक्तिकरण र मूलप्रवाहीकरण गरिएको हुने । |
| ६ | सार्वजनिक सेवामा गरिबको पहुँच अभिबृद्धि | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक सेवा सुविधामा गरिबको पहुँच बढाउन विशेष कार्यक्रम संचालन गरिएको हुने । |
| ७ | सामाजिक सुरक्षा एवम् संरक्षण र गरिबी निवारणका कार्यक्रमलाई अझै गरिब लक्षित तुल्याउने | २०७८।०७९ २०८२।०८३ | | सामाजिक सुरक्षा एवम् संरक्षणका कार्यक्रम र गरिबी निवारणका कार्यक्रमलाई अझ बढी गरिब लक्षित तुल्याइएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ८ | गरिबी निवारण कार्यक्रमबीच प्रभावकारी समन्वय र अनुगमन | २०७८।०७९ २०८२।०८३ | | गरिबी निवारणमा संचालित विभिन्न कार्यक्रमहरुकोबीच प्रभावकारी समन्वय र अनुगमन गर्ने व्यवस्था गरिएको हुने । |
| ९ | वार्षिक न्यूनतम रोजगारी प्रत्याभूत योजना | २०७८।०७९ २०८२।०८३ | | लक्षित वर्गमुखी वार्षिक न्यूनतम रोजगारी प्रत्याभूत योजना संचालन गरिएको हुने । |
| १० | गरिबी निवारण एवम् महिला समावेशीकरणमैत्री आयोजना प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश सरकार र स्थानीय तहले संचालन गर्ने आयोजनामा गरिबी निवारण एवम् महिला समावेशीकरणलाई सघाउने अवसर समावेश गर्न प्रोत्साहन गरिएको हुने। |
| ११ | रोजगार र श्रम-मूलक विकास प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | लगानी र विकास आयोजनालाई रोजगारी सृजना र श्रम-मूलक तुल्याउन विशेष प्रोत्साहन गरिएको हुने । |
| १२ | सहुलियत तथा बिना धितो कर्जा प्रदायक वित्तीय संस्थालाई प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | सहुलियत तथा बिना धितो कर्जाद्वारा स्थानीय स्तरमा रोजगारी – स्वरोजगारी बढाएर विपन्न वर्गलाई सघाउने बैंक, सहकारी एवम् वित्तीय संस्थालाई प्रोत्साहन गरिएको हुने । |
| १३ | संगठित एवम् सार्वजनिक क्षेत्रमा युवाको प्रतिस्पर्धात्मकता बढाउन क्षमता विकास टेवा | २०७८।०७९ २०८२।०८३ | | संगठित एवम् सार्वजनिक क्षेत्रमा उपलव्ध अवसरमा प्रदेशका युवाको प्रतिस्पर्धात्मकता र पहुँच बढाउन आवश्यक क्षमता विकासका लागि टेवा उपलब्ध गराइएको हुने । |
| १४ | वैदेशिक रोजगारीका आकांक्षीको क्षमता | २०७८।०७९ २०८२।०८३ | | छिमेकी मुलुक सहित वैदेशिक रोजगारीका आकांक्षीलाई क्षमता |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | विकास | | | विकास, पूर्व तयारी सचेतना वृद्धिमा सघाउने व्यवस्था गरिएको हुने । |
| १५ | गरिबी निवारणमैत्री श्रोत विनियोजन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | गरिबी निवारणका लागि श्रोत विनियोजनमा प्राथमिकता दिने व्यवस्था प्रभावकारी रुपमा लागू गरिएको हुने। |
| १६ | स्थानीय प्राकृतिक श्रोत, साधन एवम् जमिनको गरिबी निवारणमैत्री उपयोग प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | स्थानीय प्राकृतिक श्रोत, साधन एवम् जमिनको उपयोग गरी गरिबी रोजगारी र आय वृद्धिद्वारा गरिबी निवारणमा ठोस मद्दत पुग्ने विषयलाई प्राथमिकता दिइएको हुने । |
| १७ | पूँजी, सिप र प्रविधिमा लक्षित समुदायको पहुँच बढाउन बहुपक्षीय सहकार्य | २०७८।०७९ २०८२।०८३ | | पूँजी, सिप र प्रविधिमा लक्षित समुदायको पहुँच बढाउन बहुपक्षीय पहल, समन्वय र सहकार्य गरिएको हुने । |
| १८ | विपन्न वर्ग लक्षित नविनतम् शिक्षा र चेतनामूलक कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | विपन्न वर्ग लक्षित जागरण, चेतना वृद्धि, वित्तीय, सूचना प्रविधि, नविनतम् उत्पादन प्रविधि, सरकारी सेवा प्रवाह शिक्षा जस्ता नविनतम् शिक्षा र चेतनामूलक कार्यक्रम संचालन गरिएको हुने । |
| १९ | विशेष सामाजिक संरक्षण कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | सुकुम्बासी, निसहाय व्यक्ति, रोगग्रस्त जेष्ठ नागरिक, विदूर, विधवा असहाय बालबालिकाहरुको संरक्षण गर्न विशेष सामाजिक संरक्षण कार्यक्रम संचालन गरिएको हुने । |
| २० | Service tracking survey र “सेवा पहुँच सुनिश्चितता" | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा उपलब्ध हुने विभिन्न सार्वजनिक सेवा तथा सामुदायिक र गैर सरकारी निकायले प्रदान गर्ने |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| | कार्यक्रम संचालन | | | सेवाको पहुँच गरिबसम्म पुगेको सुनिश्चित गर्न service tracking survey गरिएको हुने ।<br>“सेवा पहुँच सुनिश्चितता" कार्यक्रम संचालन गरिएको हुनेछ । |
| २१ | ग्रामीण पूर्वाधार पहुँच विस्तार | २०७८।०७९<br>२०८२।०८३ | | कृषि सडक आवास बिजुली, खानेपानी, सरसफाई, शिक्षा, स्वास्थ्य, सिंचाई कुलो र संचार जस्ता ग्रामीण पूर्वाधार पहुँच विस्तार गरिएको हुने । |
| २२ | गरिबीको पकेट क्षेत्र लक्षित कार्यक्रम | २०७८।०७९<br>२०८२।०८३ | | गरिबीको पकेट क्षेत्र लक्षित कार्यक्रम संचालन गरिएको हुने । |
| २३ | भूमिहिन किसानलाई बाँझो एवम् सार्वजनिक र निजी जग्गा करारमा दिन सक्ने व्यवस्थामा सहजीकरण | २०७८।०७९<br>२०८२।०८३ | | भूमिहिन किसानलाई बाँझो एवम् सार्वजनिक र निजी जग्गा करारमा दिन सक्ने व्यवस्थालाई सहज तुल्याइएको हुने । |
| २४ | गरिब हक हितको “पैरवी समूह" गठन प्रोत्साहन र सहकारी अभियान संचालन | २०७८।०७९<br>२०८२।०८३ | | गरिबहरुको हक हितको संरक्षण गर्न “पैरवी समूह" गठन गर्न प्रोत्साहन गरिएको हुने ।<br>गरिबी निवारण गर्न सहकारी अभियान संचालन गरिएको हुने । |
| २५ | आयोजनामा विपन्न वर्ग र गरिब महिलालाई प्राथमिकता | २०७८।०७९<br>२०८२।०८३ | | निर्माणाधिन, सञ्चालित आयोजनाको मर्मत सम्भार तथा रेखदेख कार्यमा विपन्न वर्ग र गरिब महिलालाई प्राथमिकता दिइएको हुने । |
| २६ | विपन्नताको कारण सम्बन्धी baseline सर्भे | २०७८।०७९<br>२०८२।०८३ | | विपन्नताको कारण मानिएको असमानता विभेद, छुवछुत वञ्चितीकणको स्वरुप, गहनता, प्रवृत्ती |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | र विद्यमानता सम्बन्धी baseline सर्भे गरिएको हुने । |
| २७ | गरिब लक्षित सुविधाहरुमा सम्भ्रान्तहरुको कव्जा निराकरणका लागि विशेष अभियान | २०७८।०७९ २०८२।०८३ | | गरिब लक्षित सुविधाहरुमा सम्भ्रान्तहरुको कव्जा, असमानता, विभेद निराकरणका लागि विशेष अभियान संचालन गरिएको हुने । |
| २८ | समता, सशक्तिकरण र समावेशीकरण कार्य योजना कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | सामाजिक-आर्थिक समता, सशक्तिकरण र समावेशीकरण कार्य योजना बनाई कार्यान्वयन गरिएको हुने । |
| २९ | सीमान्तकृत वा दलित महिलालाई सार्वजनिक सेवा प्रवेशमा सशक्तिकरण | २०७८।०७९ २०८२।०८३ | | सीमान्तकृत वा दलित महिलालाई सार्वजनिक सेवा प्रवेशमा सशक्तिकरण कार्यक्रम संचालन गरिएको हुने । यस क्रममा +२ उत्तिर्ण १०० जना विवाहित दलित चेलीलाई प्रशिक्षण र Internship को १ वर्षे कार्यक्रम संचालन गरिएको हुने । |
| ३० | विशेष स्वरोजगार कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | परम्परागत श्रम र सिप/कलाको विकास, संरक्षण, वस्तु विविधिकरण र बजारीकरण सहितका विशेष |

**जम्मा लगानीको अनुमान ५२ अर्व**

## विपद् व्यस्थापन

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | विपद् न्युनीकरण तथा प्रति कार्यका लागि नीतिगत कानुनी र व्यवस्थापकीय संरचनाको निर्माण | २०७८।०७९ २०८२।०८३ | | विपद् जोखिम न्युनीकरण तथा प्रति कार्यका लागि नीतिगत, कानुनी र व्यवस्थापकीय संरचनाको निर्माण गरिएको हुने । |
| २ | बहु-प्रकोपको जोखिम आँकलन समन्वय संयन्त्र स्थापना | २०७८।०७९ २०८२।०८३ | | बहु-प्रकोपको जोखिम आँकलनको लागि अन्तर निकाय समन्वय संयन्त्र स्थापना गरिएको हुने । |
| ३ | विपद् व्यवस्थापन सूचना प्रणालीको विकास | २०७८।०७९ २०८२।०८३ | | प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिएको हुने । |
| ४ | विपद् जोखिमबारे बुझाइका लागि क्षमता अभिवृद्धि कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | विपद् जोखिमबारे बुझाइका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन,, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिएको हुने । |
| ५ | तटबन्ध र वस्ती संरक्षणमा सहकार्य | २०७८।०७९ २०८२।०८३ | | जोखिमपुर्ण अवस्थामा रहेका खोला, खोल्सी, खहरे आदिको तटबन्ध र वस्ती संरक्षणका कार्यमा स्थानीय तह र समुदायसँग सहकार्य गरिएको हुने। |
| ६ | विपद् जोखिम सुशासनको लागि सहकार्य र साझेदारी विकास | २०७८।०७९ २०८२।०८३ | | विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम व्यवस्थापनमा संलग्न संघीय सरकार र अनुसन्धान संस्थाहरुसँग सहकार्य र साझेदारी विकास गरिएको हुने । |
| ७ | विपद् जोखिम व्यवस्थापनका प्रक्रियामा | २०७८।०७९ २०८२।०८३ | | विपद् जोखिम व्यवस्थापनका विभिन्न प्रक्रियामा सबै सरोकारवालाहरुको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता वृद्धि |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | समावेशिताको सुनिश्चिता | | | गरी समावेशिताको सुनिश्चिता गरिएको हुने । |
| ८ | विपद् जोखिम व्यवस्थापन तथा पूर्व तयारीसम्बन्धी कार्य योजना तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | सरोकारवालाहरूको सहभागिता र समन्वयमा विपद् जोखिम व्यवस्थापन तथा पूर्व तयारीसम्बन्धी कार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिएको हुने । |
| ९ | सचेतनामूलक कार्यक्रमहरू सञ्चालन | २०७८।०७९ २०८२।०८३ | | विपद् व्यवस्थापन सम्बन्धमा समुदायमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |
| १० | जोखिम क्षेत्रहरूको भूउपयोग योजना तयारी | २०७८।०७९ २०८२।०८३ | | जोखिम क्षेत्रहरूको भूउपयोग योजना तयार गरी जल तथा जलाधार संरक्षण, डढेलो र अग्नी समन, नदी नियन्त्रण र पहिरो नियन्त्रणजस्ता निरोधात्मक उपायहरू अवलम्वन गरिएको हुने । |
| ११ | जलवायु अनुकूलित र विपद् प्रतिरोधी प्रविधि तथा मापदण्ड परिपालना | २०७८।०७९ २०८२।०८३ | | नयाँ भवन, बस्ती, पूर्वाधार निर्माण तथा विकासका कार्य गर्दा जलवायु अनुकूलित र विपद् प्रतिरोधी प्रविधि तथा मापदण्ड लागू गरिएको हुने । |
| १२ | जन भकारी स्थापना | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तहसँग समन्वय गरी आवश्यक स्थानहरूमा राहत तथा उद्धारका अत्यावश्यक सामग्रीहरूको भण्डारण गर्नका लागि जन भकारी स्थापना गरिएको हुने । |
| १३ | विपद आश्रय स्थलहरूको पहिचान तथा व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | विपदको समयमा आश्रय लिन सकिने गरी सुरक्षित खुला स्थानहरू, सामुदायिक भवन, सडक र आश्रय स्थलहरूको पहिचान तथा व्यवस्था गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १४ | विपद् व्यवस्थापन पाठ्यक्रम | २०७८।०७९ २०८२।०८३ | | विपद् व्यवस्थापन विषयलाई विद्यालयदेखि विश्व विद्यालयसम्म पाठ्यक्रममा समावेश गरिएको हुने । |
| १५ | प्रतिकार्य क्षमता अभिवृद्धि कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | जोखिममा रहेका समुदाय र क्षेत्रहरूका लागि प्रतिकार्य गर्ने क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिएको हुने । |
| १६ | जोखिम पूर्वानुमान र पूर्वसूचना प्रणालीको विकास | २०७८।०७९ २०८२।०८३ | | संघ र स्थानीय तहसँगको सहकार्यमा आधुनिक प्रविधि तथा औजारहरूको प्रयोग गरी जोखिम क्षेत्रहरूको पूर्वानुमान र पूर्व सूचना प्रणालीको विकास गरिएको हुने । |
| १७ | विकास निर्माणका कार्यक्रमहरूमा विपद् जोखिम संवेदीकरण | २०७८।०७९ २०८२।०८३ | | विकास निर्माणका कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई समाहित गरिएको हुने । |
| १८ | विपद् जोखिम न्यूनीकरणमा लगानी अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गरिएको हुने । |
| १९ | योजना तर्जुमा र कार्यान्वयनमा विपद् उत्थानशीलताको अवधारणाको आन्तरिकरण | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा विपद् उत्थानशीलताको अवधारणालाई आन्तरिकरण गरिएको हुने । |
| २० | गुणस्तरीय निर्माण र प्रवलीकरण मार्फत उत्थानशीलता प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक सेवा, जीवीकोपार्जनका साधनहरु तथा भौतिक पूर्वाधारहरुको गुणस्तरीय निर्माण र प्रवलीकरणमा लगानी वृद्धि गरी उत्थानशीलता प्रवर्द्धन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| २१ | सामुदायिक र पारिवारिक विपद् जोखिम प्रतिकार्य योजना निर्माण | २०७८।०७९ २०८२।०८३ | | सामुदायिक तथा पारिवारिक विपद् जोखिम प्रतिकार्य योजना निर्माण गरी समुदायलाई सक्षम बनाइएको हुने । |
| २२ | आपतकालमा प्रतिकार्यलाई शीघ्र नेतृत्व दिने समूह व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | आपतकालमा प्रतिकार्यलाई शीघ्र नेतृत्व दिन सक्ने सिपयुक्त मानव संशाधनको र विपद् स्वयं सेवक, उद्धार कार्यदल जस्ता समूहको व्यवस्था गरिएको हुने । |
| २३ | प्रकोप सम्वद्ध संयन्त्र र पदाधिकारीको क्षमता अभिबृध्दि | २०७८।०७९ २०८२।०८३ | | प्रदेश र स्थानीय तहमा प्रकोप व्यवस्थापनका लागि गठन भएका संयन्त्रहरू र त्यसका पदाधिकारीहरूको क्षमता बृध्दिका कार्यक्रमहरू सञ्चालन गरिएको हुने। |
| २४ | खोज र उद्धार क्षमता अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | प्रदेश तहमा दक्ष एवम् स्रोतसाधनयुक्त एकीकृत संस्थामार्फत् खोज र उद्धार क्षमता अभिवृद्धि गरिएको हुने । |
| २५ | नयाँ प्रविधिको अनुकूलन, अनुसन्धान र विकास तथा जोखीमयुक्त क्षेत्रमा संरचना निर्माण निषेध | २०७८।०७९ २०८२।०८३ | | नयाँ प्रविधिको अनुकूलन, अनुसन्धान र विकासका साथै विपद् जोखिमको आधारमा जमिनको वर्गीकरण गरी उच्च जोखीमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाईएको हुने । |
| २६ | विपद् क्षतिको जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षामार्फत विपद् उत्थानशीलता अभिवृद्धि प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | विपद्का कारण हुन सक्ने मानवीय, संरचना, सम्पत्ती, पशुपन्छी र अन्य साधनमा नोक्सानी वा क्षतिको जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षामार्फत विपद् उत्थानशीलता अभिवृद्धि गर्न सरोकारवालाहरुलाई प्रोत्साहित गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २७ | प्रदेशका प्रत्येक नागरिकको एकमुष्ठ सावधिक वीमा | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा हुन सक्ने विपदबाट हुन जाने मानवीय क्षतिको जोखिम न्यूनीकरण गर्न बिमा सेवा प्रदायक सँग सम्झौता गरी प्रदेशका प्रत्येक नागरिकको एकमुष्ठ सावधिक वीमा गरिएको हुने। |
| २८ | विपद् प्रतिकार्यमा आम नागरिक प्रशिक्षण | २०७८।०७९ २०८२।०८३ | | विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण सम्बन्धी आम नागरिकलाई प्रशिक्षण दिइएको हुने । |
| २९ | विपद प्रतिकार्यमा सुशासन | २०७८।०७९ २०८२।०८३ | | विपद् र प्रतिकार्य व्यवस्थापनमा सुशासन कायम गरिएको हुने । |
| ३० | विपद्पश्चात पुनर्लाभ, पुननिर्माण र पुनर्स्थापनलाई जोखिम प्रतिरोधक बनाउन व्यवसायी तथा प्राविधिकको क्षमता अभिवृद्धि | २०७८।०७९ २०८२।०८३ | | विपद्पश्चात पुनर्लाभ, पुननिर्माण र पुनर्स्थापनाका लागि स्तरीय निर्माण सामाग्रीको आपूर्ति गर्न र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउन निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरुको क्षमता अभिवृद्धि गरिएको हुने । |

**जम्मा लगानीको अनुमान १० अर्व**

## वातावरण तथा जलवायु परिवर्तन

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नीति, कानुन र मापदण्ड र संयन्त्रहरु निर्माण द्वारा स्वच्छ वातावरण कायम | २०७८।०७९ २०८२।०८३ | | नीति, कानुन र मापदण्ड र संयन्त्रहरु निर्माण गरी वन संरक्षण र भू परिदृष्यको जगेर्ना, जल, वायु, माटो, ध्वनी, प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन गरी स्वच्छ |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | | | | वातावरण कायम गरिएको हुने । |
| २ | रैथाने र प्राङ्गारिक खेती प्रवर्द्धन र विषादी प्रयोग नियमन | २०७८।०७९ २०८२।०८३ | | रैथाने र प्राङ्गारिक खेती प्रवर्द्धन तथा कृषि तथा उद्योगहरुमा विषादी प्रयोगलाई नियमन र नियन्त्रण गरिएको हुने । |
| ३ | न्युन तापमान र न्युन कार्बन उत्सर्जन गर्ने स्वच्छ प्रविधि प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | उद्योग, उर्जा, यातायात लगायत अन्य प्रमुख क्षेत्रहरुमा न्युन तापमान र न्युन कार्बन उत्सर्जन गर्ने स्वच्छ प्रविधिहरुको प्रयोग गरिएको हुने । |
| ४ | वातावरण प्रदुषण अनुगमन प्रयोगशाला र फोहोरमैला व्यवस्थापन प्लान्ट स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा एक वातावरण प्रदुषण अनुगमन प्रयोगशाला र सबै स्थानीय तहमा फोहोरमैला व्यवस्थापन प्लान्ट स्थापना गरिएको हुने । |
| ५ | जलवायु परिवर्तन निरन्तर निगरानी व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | जलवायु परिवर्तन र वातावरणीय घट्नाहरुको नियमित निगरानी गरिएको हुने । |
| ६ | प्राकृतिक स्रोत साधनको संरक्षण र दिगो प्रयोग | २०७८।०७९ २०८२।०८३ | | जमिन, जल, वन सम्पदा, वायु र भूदृष्य लगायत सबै प्राकृतिक स्रोतसाधनहरुको संरक्षण र पुनर्स्थापना गर्दै मितव्ययी र उच्चतम प्रयोगमा जोड दिइएको हुने । |
| ७ | वृक्षारोपण अभियान सन्चालन | २०७८।०७९ २०८२।०८३ | | सीमान्त जमीन, नाँगा पाखाहरु र नदी किनारहरुमा अतिक्रमण रोकी वृक्षारोपण अभियान सन्चालन गरिएको हुने । |
| ८ | नदी, ताल र सिमसार संरक्षण | २०७८।०७९ २०८२।०८३ | | नदी, ताल र सिमसारहरुको संरक्षण गरी पानीको सतहलाई यथावत कायम गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ९ | अन्तरक्षेत्रीय आवद्धता, एकिकरण र समन्वय लक्षित जलवायु अनुकूलन व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | वातावरण र जलवायु अनुकूलन सम्बन्धि नीति, कार्यक्रम र संयन्त्रहरुमा अन्तरक्षेत्रीय आवद्धता बढाइ एकिकृत र समन्वित गर्दै लगिएको हुने । |
| १० | प्राकृतिक स्रोतसाधन र जैविक विविधताको बेसलाइन र Natural Resource Balance Sheet तयारी एवम् निगरानी प्रणाली स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्राकृतिक स्रोतसाधन र जैविक विविधताको बेसलाइन तयार तथा Natural Resource Balance Sheet तयार गरी निगरानी प्रणालीको स्थापना गरिएको हुने । |
| ११ | कार्वन सञ्चिति एवम् जैविक विविधता, हरियाली प्रवर्द्धनमा योगदान पुऱ्याएवापत विशेष हरितलाभांश दावी र प्राप्ती | २०७८।०७९ २०८२।०८३ | | विश्वव्यापि कार्वन सञ्चिति एवम् मुलुकको जैविक विविधता, हरियाली प्रवर्द्धनमा योगदान पुऱ्याएवापत प्रदेशले केन्द्रबाट विशेष आर्थिक लाभाँश वा अनुदान पाउनु पर्ने वस्तु तथ्यलाई जोडदार तवरले उठाएर यसमा केन्द्रलाई सहमत गराइएको हुने । |
| १२ | वातावरण र जलवायु सम्बन्धि नीति र कानुन कार्यान्वयन र परिमार्जन | २०७८।०७९ २०८२।०८३ | | वातावरण र जलवायु सम्बन्धी नीति र कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्दै आवश्यकताअनुसार परिमार्जन गरिएको हुने । |
| १३ | वातावरणीय परिक्षण र प्रभाव मूल्याङ्कन व्यवस्था कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | तोकिएबमोजिम प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्रै ठूला पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १४ | न्युन कार्वनयुक्त प्रविधि र उर्जा उपयोग प्रेरित गर्दै हरित ग्यास उत्सर्जन नियन्त्रण | २०७८।०७९ २०८२।०८३ | | निर्माण र मर्मत सम्भारका सबै शृङ्खलाहरुमा वातावरणमैत्री न्युन कार्वनयुक्त प्रविधि र उर्जा प्रयोग गर्दै हरित ग्याँस उत्सर्जनलाई बान्छित सीमाभित्र राखिएको हुने । |
| १५ | हरियाली र जलवायु अनुकूलन तथा वातावरण योजना | २०७८।०७९ २०८२।०८३ | | हरियाली प्रवर्द्धन र जलवायु अनुकूलन तथा वातावरण क्षय न्युनीकरणको योजना बनाई कार्यान्वयन गरिएको हुने। |
| १६ | वातावरण र जलवायु परिवर्तन क्षेत्रमा अध्ययन, अनुसन्धान | २०७८।०७९ २०८२।०८३ | | वातावरण संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा अध्ययन, अनुसन्धान गरिएको हुने । |
| १७ | न्युन कार्बनयुक्त र जलवायु अनुकूलित विकासका लागि क्षमता विकास | २०७८।०७९ २०८२।०८३ | | न्युन कार्बनयुक्त र जलवायु अनुकूलित विकासका लागि प्राविधिक र संस्थागत क्षमता बढाइएको हुने । |
| १८ | वातावरण शिक्षा र सूचना | २०७८।०७९ २०८२।०८३ | | वातावरण शिक्षा र सूचना प्रचार प्रसारबाट सरोकारवालाहरुको सचेतना, पूर्व तयारी र क्षमता बृद्धि गरिएको हुने। |
| १९ | वातावरण र जलवायुमा समुदाय र स्थानीय तहको भूमिका र जिम्मेवारी | २०७८।०७९ २०८२।०८३ | | वातावरण संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा समुदाय र स्थानीय तहको भूमिका र जिम्मेवारी बृद्धि गरिएको हुने । |
| २० | वातावरणीय तथ्याङ्क एवम् सूचना प्रणाली विकास । | २०७८।०७९ २०८२।०८३ | | वातावरणीय तथ्याङ्क एवम् सूचना प्रणालीको विकास गरिएको हुने । |

**जम्मा लगानीको अनुमान १० अर्व**

## सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरू

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी, संस्थागत पूर्वाधार निर्माण | २०७८।०७९ २०८०।०८१ | | आवश्यक नीतिगत, कानूनी, संस्थागत पूर्वाधारहरु निर्माण गरिएको हुने । |
| २ | सम्झौतामा आधारित साझेदारी र सहकार्य | २०७८।०७९ २०८२।०८३ | | साझेदारहरुको भूमिका र जिम्मेबारी प्रष्टसाथ उल्लेख गरेको औपचारिक सम्झौतामा आधारित साझेदारी र सहकार्य गरिएको हुने । |
| ३ | सीमान्तकृतको मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा साझेदारीलाई प्रवर्द्धन | २०७८।०७९ २०८२।०८३ | | महिला, दलित, विकट क्षेत्र तथा अन्य सीमान्तकृत समुदायको मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा साझेदारीलाई प्रवर्द्धन गरिएको हुने । |
| ४ | समन्वय संयन्त्रको स्थापना र सहजीकरण | २०७८।०७९ २०८२।०८३ | | प्रदेश सामुदायिक र गैरसरकारी संस्था समन्वय संयन्त्रको स्थापना गरी संस्थाहरूलाई सहजीकरण र कार्यक्रमहरूको प्रभावकारितामा बृध्दि गरिएको हुने । |
| ५ | प्रदेश समृद्धिका क्षेत्र पहिचान र सामुदायिक र गैरसरकारी संस्था प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश समृद्धिका लागि उपयोग गर्न सकिने क्षेत्रहरुको पहिचान गरी ती क्षेत्रहरुमा कार्य गर्न सामुदायिक र गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गरिएको हुने । |
| ६ | महिला, दलित तथा सीमान्तकृत समुदायको समावेसीकरण, र सशक्तीकरणको क्षेत्रमा साझेदारी | २०७८।०७९ २०८२।०८३ | | महिला, दलित तथा अन्य सीमान्तकृत समुदायको समावेसीकरण, मूलप्रवाहीकरण र सशक्तीकरणको क्षेत्रमा साझेदारीलाई प्रर्वद्धन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ७ | सामुदायिक स्वावलम्बन प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | समुदायमा दिगो, समावेशी,, महिलामैत्री भौतिक, सामाजिक र आर्थिक पूर्वाधार र सेवाहरूको विकास विस्तार एवम् जागरण र चेतनाको स्तर बढाइएको हुने। सामुदायिक स्वावलम्बनलाई मद्दत पुग्ने खालका आयोजनाहरूलाई विशेष प्राथमिकता दिइएको हुने । |
| ८ | सामुदायिक तथा गैरसरकारी संस्था आन्तरिक सुशासन आचार संहिता | २०७८।०७९ २०८२।०८३ | | सामुदायिक तथा गैरसरकारी संस्थाहरूमा आन्तरिक सुशासन कायम गर्न आचार संहिता तर्जुमा र कार्यान्वयन गरिएको हुने । |
| ९ | पारदर्शीता, जवाफदेहीता र सुशासन साझेदारीको आधार | २०७८।०७९ २०८२।०८३ | | पारदर्शीता, जवाफदेहीता र सुशासनलाई साझेदारीको पूर्वशर्तको रुपमा स्थापित गरिएको हुने । |
| १० | सामुदायिक तथा गैरसरकारी संस्थाबाट सञ्चालित आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश र स्थानीय निकायमा स्थापित संयन्त्रमार्फत सामुदायिक तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित आयोजनाहरूको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गरिएको हुने । |
| ११ | संस्थामार्फत संचालित कार्यक्रमलाई वार्षिक बजेट तथा कार्यक्रमा समावेश एवम् अभिलेखन पद्धती अवलम्वन | २०७८।०७९ २०८२।०८३ | | विभिन्न संस्थाहरूमार्फत प्रदेशमा भएका लगानी र संचालित कार्यक्रमहरूलाई वार्षिक बजेटमा प्रतिविम्बित गर्नुका साथै भित्रिएको स्रोत, साधन र कार्यक्रमहरूको एकीकृत अभिलेख राखिएको हुने । |

**जम्मा लगानीको अनुमान १० करोड**

## अनुसन्धान तथा विकास

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नवीनतम वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास | २०७८।०७९ २०८०।०८१ | | नवीनतम वैज्ञानिक अनुसन्धान र प्रविधिको विकास आवश्यकता पहिचान अध्ययन, तथ्यांकाधार श्रृजना, कानुनी तथा संरचनात्मक आधार तयार एवम् कोष स्थापना गरिएको हुने । |
| २ | विज्ञान तथा प्रविधि नीति तयार | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा विज्ञान तथा प्रविधि नीति तयार गरी कार्यान्वयन गरिएको हुने। |
| ३ | विज्ञान विषयको पठन पाठनमा जोड | २०७८।०७९ २०८२।०८३ | | विज्ञान विषयको पठन पाठनमा जोड दिइएको हुने । |
| ४ | तथ्यांक प्रणाली एवम् पूर्वाधार विकास | २०७८।०७९ २०८२।०८३ | | योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनका लागि आवश्यक तथ्यांक संकलन र विश्लेषणका निम्ति प्रणाली तथा दक्ष जनशक्ति सहितको पूर्वाधार विकास गरी क्रियाशिल बनाइएको हुने। |
| ५ | प्रचार प्रसार र प्रयोगशाला स्थापना | २०७८।०७९ २०८२।०८३ | | आमसञ्चारमा विज्ञान तथा प्रविधिको व्यापक प्रचार प्रसार गरी घुम्ती विज्ञान प्रयोगशाला आयोजना तथा प्रदेश स्थित प्रयोगशाला स्थापन गरी कार्यान्वयनमा ल्याइएको हुने । |
| ६ | स्मार्ट प्रविधिको प्रयोग प्रोत्साहन | २०७८।०७९ २०८२।०८३ | | वातावरण, स्वास्थ्य, खाद्य, सूचना, संचार, शिक्षा र समाजिक सुरक्षाका लागि उपलब्ध स्मार्ट प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिएको हुने । |
| ७ | विज्ञान तथा प्रविधिलाई उत्पादनका सवै | २०७८।०७९ २०८२।०८३ | | विज्ञान तथा प्रविधिलाई कृषि, उद्योग, वन पैदावार र सेवा लगायतका उत्पादनका सवै पक्षमा अवलम्वनका |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | पक्षमा अंगिकार गर्न पूर्वाधार विकास | | | साथै गुणस्तरीय पूर्वाधारको विकास गरिएको हुने । |
| ८ | छात्रवृत्ति तथा इन्टर्नसिप, शोध र अनुसन्धान टेवा एवम् अनुभव र सिकाइलाई प्रदेश विकासमा उपयोग | २०७८।०७९ २०८२।०८३ | | विज्ञानमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीलाई इन्टर्नसिप, छात्रवृत्ति तथा शोध र अनुसन्धान टेवा दिएको एवम् प्राप्त अनुभव र सिकाइलाई प्रदेश विकासमा उपयोग गरिएको हुने । |
| ९ | अनुसन्धान तथा आविष्कारको स्थानीयकरण र उपयोग | २०७८।०७९ २०८२।०८३ | | विभिन्न अनुसन्धान तथा आविष्कारहरूलाई स्थानीय हावापानी सुहाउँदो परिमार्जन गरी प्रदेशको विकासमा उपयोग गरिएको हुने । |
| १० | परम्परागत ज्ञान, सीप र प्रविधिको पुनर्खोज आधुनिकिकरण र उपयोग | २०७८।०७९ २०८२।०८३ | | परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको पुनर्खोज, संरक्षण, आधुनिकिकरण र उपयोगका लागि विशेष कार्यक्रम संचालन गरिएको हुने। |
| ११ | विज्ञान तथा प्रविधि अनुसन्धानमा बजेट व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | विज्ञान तथा प्रविधिको अनुसन्धानलाई प्रदेशको बजेटमा व्यवस्था गरिएको हुने। |
| १३ | समन्वय, सहकार्य, संयन्त्र विकास र नीति नियम तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय र औद्योगिक संस्थाहरूबीच समन्वय सहकार्य कायम गर्दै प्रभावकारी संयन्त्रको विकास गर्ने र आवश्यक नीति नियम तर्जुमा गरिएको हुने । |
| १४ | प्रदर्शनी र विज्ञान अध्ययन केन्द्र (Science Learning Centre) को विकास | २०७८।०७९ २०८२।०८३ | | विज्ञान विषयलाई व्यवहारिक, उपयोगी र प्रतिस्पर्धी बनाउने प्रदेश स्तरीय प्रदर्शनी र विज्ञान अध्ययन केन्द्र (Science Learning Centre) को विकास |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| | एवम् युवा लक्षित कार्यक्रम | | | गर्दै युवा जनशक्तिको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रमहरू संचालनमा ल्याइएको हुने। |

**जम्मा लगानीको अनुमान ४ अर्ब**

## श्रम तथा रोजगारी

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
| --- | --- | --- | --- | --- |
| १ | रोजगार प्रवर्द्धन नीति र कानूनी व्यवस्था | २०७८।०७९ २०८०।०८१ | | प्रदेशभित्र रोजगारीको अवसरमा व्यापक वृद्धि हुने गरी रोजगार प्रवर्द्धन नीति र श्रम तथा रोजगार सम्बन्धी कानुनको तर्जुमा गरिएको हुने । |
| २ | रोजगार सिर्जनामा सार्वजनिक, निजी, सहकारी तथा साझेदारी संस्थाको भूमिका प्रबर्द्धन | २०७८।०७९ २०८०।०८१ | | रोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, सहकारी तथा साझेदारी संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाईने नीति तय गरिएको हुने । |
| ३ | न्यूनतम रोजगारी प्रत्याभूती कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | वर्षभरि नै बेरोजगार रहेका स्थानीय व्यक्तिहरूलाई कम्तिमा १०० दिन रोजगारीको कानुनव्दारा सुनिश्चित गरिएको हुने । |
| ४ | प्रदेश रोजगार प्रवर्द्धन वोर्ड गठन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश रोजगार प्रवर्द्धन वोर्ड गठन गरिएको हुने । |
| ५ | रोजगारीलाई श्रमशक्तिको आपूर्तिसँग आबद्धिकरण । | २०७८।०७९ २०८२।०८३ | | प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको समन्वयमा निजी क्षेत्रमा सिर्जना हुने रोजगारीलाई उपलब्ध श्रमशक्तिको आपूर्तिसँग आबद्ध गरिएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| ६ | "श्रमको सम्मान, प्रदेशको अभियान" संचालन | २०७८।०७९ २०८२।०८३ | | "श्रमको सम्मान, प्रदेशको अभियान" मार्फत श्रमप्रतिको सकारात्मक धारणा विकास गरिएको हुने । |
| ७ | अनौपचारिक तथा परम्परागत पेसा व्यवसायको प्रबर्द्धन | २०७८।०७९ २०८२।०८३ | | अनौपचारिक तथा परम्परागत श्रम, सीप र ज्ञानमा आधारित पेसा व्यवसायको स्थापना, परामर्श, सूचना, व्यवस्थापन, वित्तीय सेवामा पहुँच पुऱ्याउन विशेष व्यवस्था गरिएको हुने। |
| ८ | अनौपचारिक पेसा र व्यवसायलाई सामाजिक सुरक्षासँग आवद्धिकरण | २०७८।०७९ २०८२।०८३ | | अनौपचारिक पेसामा संलग्न समुदायहरूका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरी उनीहरूका पेसा र व्यवसायलाई सामाजिक सुरक्षासँग आवद्ध गरिएको हुने । |
| ९ | स्थानीय साना विकास निर्माणमा स्थानीयलाई रोजगारी | २०७८।०७९ २०८२।०८३ | | उपभोक्ता समितिबाट गराइने विकास निर्माणका कार्यमा स्थानीय बेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकता दिइ रोजगारीमा संलग्न गराइएको हुने । |
| १० | श्रमिक सहकारीको विकास | २०७८।०७९ २०८२।०८३ | | अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई श्रमिक सहकारीमा आवद्ध गरी संस्थागत गरिएको हुने । |
| ११ | "सबैलाई सीप, सबैलाई रोजगार" कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | व्यवसायिक तथा सीप विकास तालिम कार्यक्रमहरुलाई श्रम बजारको आवश्यकता अनुरुप बनाई "सबैलाई सीप, सबैलाई रोजगार" कार्यक्रम संचालन गरिएको हुने । |
| १२ | अन्तर्राष्ट्रिय श्रम बजार अनुरुप दक्ष र प्रतिस्पर्धी जनशक्ति विकास | २०७८।०७९ २०८२।०८३ | | अन्तर्राष्ट्रिय श्रम बजारका सम्भाव्यताहरूको अध्ययन गर्ने र सो अनुकूल दक्ष र प्रतिस्पर्धी जनशक्ति तयार गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १३ | सीप तथा क्षमता अभिबृध्दि र आरक्षण व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | आर्थिक रुपले विपन्न, दलित, पीडित महिला, सीमान्तकृत तथा बाध्यकारी श्रममा पारिएका वर्ग र समुदायहरूको लागि सीप तथा क्षमता अभिबृध्दि गरी रोजगारीमा आरक्षणको व्यवस्था गरिएको हुने । |
| १४ | रोजगार व्यवस्थापन समन्वय र सहकार्य | २०७८।०७९ २०८२।०८३ | | प्रभावकारी रोजगार व्यवस्थापनका लागि तीनै तहमा सरकारबीच समन्वय र सहकार्य गरिएको हुने । |
| १५ | सीप विकास गरेर मात्र वैदेशिक रोजगारमा पठाउने व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | वैदेशिक रोजगारमा जानेहरुलाई आवश्यक तालिम र प्रशिक्षणद्धारा सीप विकास गरेर मात्र वैदेशिक रोजगारमा पठाउन आवश्यक व्यवस्था गरिएको हुने। |
| १६ | वैदेशिक रोजगारीबाट फर्केका लागि वित्तीय पहुँच सहितका कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्याङ्क सङ्कलन गरी उनीहरूले सिकेको ज्ञान र सीप अनुसार व्यवसाय गर्न वित्तीय पहुँच सहितका कार्यक्रमहरू सञ्चालन गरिएको हुने । |
| १७ | वैदेशिक रोगारबाट प्राप्त ज्ञान, सीप र अनुभवको उपयोग | २०७८।०७९ २०८२।०८३ | | वैदेशिक रोगारबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई प्रमाणीकरण गरी उद्यमशीलता विकासमा उपयोग गरिएको हुने । |
| १८ | वैदेशिक रोजगारीमा ठगिएका श्रमिकको उद्दार र पुनःस्थापना | २०७८।०७९ २०८२।०८३ | | वैदेशिक रोजगारीमा ठगिएका श्रमिकहरूलाई उद्दार र पुनःस्थापना कार्यक्रमहरू सञ्चालन गरिएको हुने। |
| १९ | मौसमी प्रवासन रोक्न रोजगार तथा स्वरोजगार कार्यक्रम | २०७८।०७९ २०८२।०८३ | | मौसमी रोजगारीका लागि प्रवासमा जाने प्रवृतिलाई अन्त्य गर्न स्थानीय तहमै रोजगार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २० | प्रदेशबाटै श्रम स्वीकृति व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | प्रदेशबाट वैदेशिक रोजगारमा जान चाहने र पुनः जान चाहने कामदारका लागि श्रम स्वीकृति प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्थाका लागि नेपाल सरकारसँग समन्वय गरिएको हुने । |
| २१ | बैदेशिक रोजगार प्रवर्द्धन बोर्डका सेवा प्रदेश स्तरबाटै प्रवाह | २०७८।०७९ २०८२।०८३ | | प्रदेशबाट रोजगार प्रवर्द्धन बोर्डसँग समन्वय गरी वैदेशिक रोजगारमा गई समस्यामा परेका कामदारको उद्धार, मृतक कामदारका हकवालालाई आर्थिक सहायता, अशक्त अपाङ्गलाई उपचार खर्च र पुनःस्थापना जस्ता सेवाहरू प्रदेश स्तरबाटै प्रदान गर्ने व्यवस्था मिलाइएको हुने । |
| २२ | रोजगारी तथा स्वरोजगारीका अवसरहरुको सृजना | २०७८।०७९ २०८२।०८३ | | निजी क्षेत्र तथा सहकारी क्षेत्र समेतको सहकार्यमा प्रदेश भित्रै यथेष्ट रोजगारी तथा स्वरोजगारीका अवसरहरुको सृजना गरिएको हुने । |
| २३ | उद्योग, व्यवसायलाई रोजगारीका आधारमा सुविधा र सहुलियत | २०७८।०७९ २०८२।०८३ | | प्रदेश भित्र रोजगार प्रदान गर्ने उद्योग, व्यवसायलाई रोजगारीका आधारमा कानुन बमोजिम आवश्यक सुविधा र सहुलियत प्रदान गरिएको हुने । |
| २४ | सबै प्रकारको श्रमको शोषण अन्त्य | २०७८।०७९ २०८२।०८३ | | मर्यादित श्रमको मान्यता अनुरुप सबै प्रकारको श्रमको शोषण अन्त्य गरिएको हुने । |
| २५ | अनौपचारिक रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रुपान्तरण | २०७८।०७९ २०८२।०८३ | | अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रुपान्तरण गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २६ | सम्पूर्ण श्रमिक पञ्जीकरण र सामाजिक सुरक्षाको दायरा विस्तार | २०७८।०७९ २०८२।०८३ | | सम्पूर्ण श्रमिकहरुलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याइएको हुने । |
| २७ | आयोजनाहरूमा स्थानीय श्रमशक्तिको उपयोग प्राथमिकता | २०७८।०७९ २०८२।०८३ | | सडक, यातायात, जलविद्युत, पर्यटन लगायतका क्षेत्रसँग सम्बन्धित साना, मध्यम र ठूला आयोजनाहरूको विकास र सञ्चालन गर्दा प्रदेशभित्रका श्रमशक्तिको उपयोगलाई प्राथमिकता दिइएको हुने । |
| २८ | श्रमबजार सूचना प्रणाली र रोजगार प्रवर्द्धन संरचना विकास | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा श्रमिकको माग र आपूर्तिलाई व्यवस्थित र पहुँचयोग्य बनाउन आधुनिक श्रमबजार सूचना प्रणालीका साथै रोजगार प्रवर्द्धन संरचनाको विकास गरी कार्यान्वयन गरिएको हुने। |

**जम्मा लगानीको अनुमान ४ अर्ब**

## ९.८ अन्तरसम्वन्धित विषयका नतिजा खाका

### प्रभाव

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| वार्षिक औषत आर्थिक वृद्धि दर | प्रतिशत | ३.६ | ८.७ | १०.५ | १०.६ | ११.३ | ११.५ | के.त.वि./ प्र.त.का. |
| निरपेक्ष गरिबीको रेखामुनी | प्रतिशत | २४.६ | २३ | २० | १७ | १४ | ११ | के.त.वि./ प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| रहेका जनसंख्या | | | | | | | | |
| बहुआयामिक गरिवीमा रहेको जनसंख्या | प्रतिशत | २५.३ | २४ | २२ | १९ | १६ | १३ | के.त.वि./प्र.त.का. |
| बेरोजगारी दर | प्रतिशत | ११.५ | ११ | १०.५ | ९.५ | ८.५ | ७.५ | के.त.वि./प्र.त.का. |

**गरिवी निवारण**

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्या | अनुपात | १.१ | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०४ | के.त.वि./प्र.त.का. |
| सम्पतिमा आधारित जिनी गुणक | - | ०.३२ | ०.३२ | ०.३१ | ०.३१ | ०.३० | ०.२९ | के.त.वि./प्र.त.का. |
| प्रति व्यक्ति राष्ट्रिय आय | अमेरिकी डलर | ९१८ | १००० | १२०० | १३५० | १५१५ | १७१५ | |
| **प्रतिफल** | | | | | | | | |
| गरिव लक्षित कार्यक्रम | संख्या | १५ | २० | २५ | ३० | ३५ | ४५ | सा.वि.मं. |
| गरिव लक्षित | प्रतिशत | १० | १२ | १३ | १५ | १७ | २० | आ.मा.मं. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमका लागि विनियोजित बजेट | | | | | | | | |

विपद् व्यवस्थापन

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| विपद्का घटनामा उद्धार गरिएको | प्रतिशत | ६५ | ५० | ६५ | ७० | ८० | ९० | आ.मा. का.मं. / प्र.त.का. |
| विपद् उद्धारको पूर्व तयारी गरेका स्थानीय तह | संख्या | ६१ | ५० | ८० | ८८ | ८८ | ८८ | आ.मा. का.मं. / |

**प्रतिफल**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी तालिम प्राप्त जनशक्ति | संख्या | ५८ | ५१ | १०० | १५० | २०० | २२५ | आ.मा. का.मं. |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | संख्या | ८० | ९१ | १०० | ११५ | १२० | १२५ | आ.मा. का.मं. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सम्वन्धी पूर्व तयारीका कार्यक्रम | | | | | | | | |
| विपद् घटनाबाट प्रभावित मध्ये राहत प्राप्त गर्ने घर परिवार | संख्या | १६९० | ३६८७ | ४००० | ४१०० | ४२०० | ४२०० | आ.मा.का.मं. |
| विपद् घटनाबाट प्रभावित मध्ये पुनर्स्थापित घर परिवार | संख्या | २६३ | १५७४ | १७०० | १८०० | १९०० | २००० | आ.मा.का.मं. |
| वाढी पूर्व सूचना प्रणाली जडान | संख्या | १ | १ | | | | | भौ.पू.मं. |
| गैर सरकारी संस्थाहरुले सञ्चालन गरेका कार्यक्रम | संख्या | | | | | | | आ.मा.का.मं. |
| प्रदेशमा स्थापना भएका अनुसन्धान केन्द्र | संख्या | | | | | | | मु.मं.का. |

## श्रम तथा रोजगारी

**असर**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३९ | ४० | ४२ | ४५ | ५० | ५५ | सा.वि.मं. / प्र.त.का. |
| श्रम उत्पादकत्व | रु हजार मा | २०६.५ | २१० | २२० | २३० | २५० | २७० | सा.वि.मं. / प्र.त.का. |
| श्रम शक्ति सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | २७.३ | २८ | २९ | ३० | ३२ | ३५ | सा.वि.मं. / प्र.त.का. |

**प्रतिफल**

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सिप विकास तालिम लिने व्यक्ति | संख्या | १८०० | २००० | २२०० | २४०० | २६०० | ३००० | सा.वि.मं. / प्र.त.का. |
| व्यवसाय तथा रोजगारमूलक तालिम प्राप्त युवा | संख्या | १००० | १५०० | १८०० | २००० | २१०० | २५०० | सा.वि.मं. / प्र.त.का. |
| उद्यमसिलता तथा वित्तीय साक्षरता तालिम प्राप्त युवा | संख्या | ५३ | १९२ | २०० | ३०० | ४०० | ५०० | सा.वि.मं. / प्र.त.का. |

| प्रमुख सूचक | एकाई | आधार वर्ष २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ | २०८२।०८३ | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता हरुको अभिलेख अद्यावधिक | संख्या | १०० | ११५ | १२५ | १४० | १५० | २०० | सा.वि.मं. / प्र.त.का. |
| रोगगारमुलक तालिम सम्वन्धी श्रोत व्यक्ति तयार | संख्या | ८० | ११५ | १४५ | १७० | १९५ | २५० | सा.वि.मं. / प्र.त.का. |
| रोजगार सूचना केन्द्र | संख्या | १ | १ | १ | १ | १ | २ | सा.वि.मं. / प्र.त.का. |

❖❖❖

## परिच्छेद १०

# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

## १०.१ योजना तर्जुमा तथा कार्यान्वयन र अन्तर सरकारी सहकार्य

### १. पृष्ठभूमि

प्रदेश सरकारले अवलम्बन गर्ने नीति, योजना वा कार्यक्रमको प्रभावकारी तर्जुमा एवम् कार्यान्वयन गरी जवाफदेहीता कायम गर्नको लागि पारदर्शी, सहभागितामूलक, सामयिक अनिश्चितता एवम् चुनौती सामना गर्न सक्ने योजना तर्जुमा र कार्यान्वयन तथा सक्षम अनुगमन एवम् मूल्यांकन व्यवस्थाको महत्वपूर्ण भूमिका रहन्छ ।

उपलब्धिमूलक योजना तर्जुमाका लागि तथ्यांकाधारको भरपर्दो बन्दोबस्त, श्रोत नक्सांकन, आवश्यकताको पहिचान, भविष्यपरक सोचको सुनिश्चितता, आवधिक सोच, समस्या, चुनौती र अवसरको आकलन आवश्यक पर्दछ । त्यस्तै प्रदेशको विषयगत र वस्तुगत लक्ष्य तथा उद्देश्य प्राप्तिको रणनीति, दिगो विकास लक्ष्यको आन्तरिकीकरण पहल, विश्वसनीय अपेक्षित उपलब्धिको अनुमानको उचित तवरबाट संयोजना गरिएको हुनु पर्छ । प्रदेशस्तरमा र संघ तथा अन्य प्रदेशसँगसमेत उचित समन्वय गर्दै सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी र गैर सरकारी एवम् सामाजिक क्षेत्रलाई उचित सहकार्य र साझेदारीका लागि प्रभावकारी समन्वय गर्न पर्ने हुन्छ ।

संविधानको मर्म र भावना अनुरुप स्थानीय एवम् संघीयस्तरमा सु-सम्बन्ध, सहकार्य, साझेदारीको भावनाका आधारमा सहयोग जुटाउने र प्रदेश भित्र उचित दिशा निर्देश, प्रेरणा र समन्वयबाट जनमुखी प्रथम पञ्चवर्षीय योजनाको सफल तर्जुमा र कार्यान्व्यन गर्नु आवश्यक भएको छ ।

प्रदेशको नितान्त नयाँ अनुभवको रुपमा आएको यो प्रथम पञ्चवर्षीय योजना भएकोले यसको योजना चक्रले प्रदेशको विकासको सपनाको सार्थकतालाई नै प्रभावित गर्छ । आत्मनिर्भर र समृद्ध प्रदेशको सोचलाई व्यवहारमा उतार्न योजना तर्जुमा, कार्यान्व्यन अनुगमन र मूल्यांकनलाई अधिक दक्ष प्रभावकारी, जनमुखी, नतिजामूलक र प्रदेश विकासको उत्तोलकका रुपमा लिइनुपर्छ भन्ने यथार्थतामा यो योजनाले जोड दिएको छ ।

### २. प्रमुख समस्या

संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा व्यवस्था भएका विषयको कार्यान्वयनका लागि अझै कानूनी अस्पष्टा विद्यमान रहनु. राजश्व तथा अनुदानको बाँडफाँटको विषय अझै समानुपातिक. समन्यायिक एवम् समावेशी हुनु पर्ने स्थिति रहनु, अन्तर सरकारी समन्वय, सहकार्य एवम् साझेदारीका लागि अझै कानुन, प्रणाली र संस्थागत संयन्त्र सुदृढ भै नसक्नु, प्रदेशको योजना तर्जुमाका लागि आवश्यक आधारभूत तथ्याँकाधार कमजोर

रहनु, योजना तर्जुमा गर्न स्रोत साधन एवम् दक्ष जनशक्तिको अभाव हुनु, तीन तहका सरकारवीच समन्वय र सूचना साझेदारीको पद्धती नहुँदा आयोजना खासखास भौगोलिक क्षेत्रमा दोहरो, तेहरो पर्ने, कुनैमा पर्दै नपर्ने तथा आयोजना कार्यान्वयन तथा सम्पन्न गर्नमा ढिला-सुस्ती आम रुपमा विद्यमान हुनु, कार्यान्वयन, अनुगमन र मूल्याँकनका लागि मार्गदर्शन, मापदण्ड, सूचक आदिको विकास गर्न बाँकी हुनु थाम्न नसकिने गरी स-साना आयोजनामा बजेट छरप्रस्ट हुनु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

## ३. चुनौती र अवसर

परिवर्तनको लहर एवम् वातावरण र प्रविधिमा भएको तीव्र रुपान्तरण वा क्रमभङ्गता अनुरुप बदलिंदो जनचेतना र आंकाक्षा सम्बोधन गर्ने गरी प्रभावकारी र नतिजामुखी योजना तर्जुमा र सो लाई व्यवहारमा उतार्ने कार्य, संविधानको मर्म अनुरुप संघ प्रदेश र स्थानीय तहवीच एकल र साझा अधिकार क्षेत्रको उपयोगका विषयमा उचित समन्वय, सहकार्य, सहयोग र साझेदारी कायम गर्नु, योजनाको सहज एवम् प्रभावकारी कार्यान्वयन हुन सक्ने वातावरण श्रृजना गर्न, प्रदेशको विकासको अवस्था र खाँचो एवम् प्राथमिकता अनुरुप दीर्घकालीन सोच सहितको योजना तर्जुमा, ठोस प्रतिफल दिने सार्थक कार्यक्रम/आयोजना पहिचान, छनोट र कार्यान्वयन एवम् नतिजामूलक अनुगमन, मूल्यांकन खाका प्रयोगमा ल्याउनु, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट वीच सामाञ्जस्थता कायम गरी स्रोत साधनको सुनिश्चितता गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन् ।

समृद्धि र विकासमा तीनै तहका सरकार वीच रहनु पर्ने र अन्तर सम्बन्धको आधार विधि र सिद्धान्त, संरचना बारे संविधानले व्यवस्था गर्नु, स्रोत हस्तान्तरण एवम् राजश्व वाँडफाँट र अनुदानबारे ठोस आधार र अभ्यासको प्रारम्भ हुनु, प्रदेशवासी जनतामा प्रथम योजनाबारे पर्याप्त उत्साह हुनु एवम् प्रदेश सरकारको सवल र सुस्पष्ट दूरदृष्टि हुनु अवसरका रुपमा रहेका छन्।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

नतिजामुखी एवम् प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

### ४.२ लक्ष्य

वस्तुगत आवश्यकतानुरुप योजना तर्जुमा गरी नतिजामूलक कार्यान्वयन अनुगमन मूल्यांकनका माध्यमबाट प्रदेशको आत्मनिर्भरता र समृद्धिको लागि ठोस योगदान गर्ने ।

### ४.३ उद्देश्यः

- द्रुत एवम् प्रभावकारी प्रदेश योजना पद्धती, आधार र संरचनाको सृजना गर्नु ।
- योजनाको प्रभावकारी कार्यान्वयन एवम् नतिजामूलक अनुगमन, मूल्यांकन र सिकाइको अनुशरण सुनिश्चित गर्नु ।

- प्रदेशको विकासको लागि प्रभावकारी तहगत अन्तर सम्बन्ध, समन्वय, सहकार्य र साझेदारीको लागि गतिशिल भूमिका खेल्नु ।
- स्रोत व्यवस्था तथा परिचालनमा वितरणमा उच्चतम् र न्यायोचित पद्धती कार्यान्वयन गर्नु ।

## ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनको लागि दक्ष र प्रभावकारी संरचनागत व्यवस्था गर्ने । | क) नतिजामुखी प्रदेश योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन एवम् सिकाइ अनुशरण सम्बन्धी दिग्दर्शन र मापदण्ड जारी गरिनेछ ।<br>ख) कानुनी र संस्थागत व्यवस्था गरिनेछ ।<br>ग) आयोजना बैंक स्थापना गरिनेछ ।<br>घ) प्रदेश विकास व्यवस्थापन सूचना प्रणाली (PDMIS) स्थापना गरिनेछ ।<br>ङ) मध्यमकालीन खर्च संरचना, आयोजना प्राथमिकीकरण, खर्च र राजश्वको ३ वर्षीय चक्रीय अनुमान व्यवस्था लागु गरिनेछ।<br>च) दिगो विकास, जन उत्तरदायी, सहभागितामूलक महिला र बालमैत्री एवम् सुशासन सूचकलाई समाहित एवम् आन्तरिकीकरण गरिनेछ ।<br>छ) विषय क्षेत्रगत गुरुयोजना तर्जुमा गरिनेछ ।<br>ज) प्रदेश गौरवका आयोजना सञ्चालन गर्न विशेष संयन्त्र special purpose प्रदेश थिंकट्यांक गठन र संचालनमा ल्याउन सघाइनेछ ।<br>झ) योजना चक्रमा सूचना सञ्चार प्रविधि एवम् नविनतम् प्रविधि र व्यवस्थापकीय पद्धती प्रोत्साहन गरिनेछ ।<br>ञ) प्रदेश विकास समस्या समाधान गर्न मुख्यमन्त्रीको संयोजकत्वमा “प्रदेश विकास समस्या समाधान समिति" गठन र संचालन गरिनेछ ।<br>ट) सम्वद्ध सरोकारवालाहरुसँग उचित र सकारात्मक संवादको माध्यमबाट पछौटेपन हटाउने सकारात्मक संस्कृति निर्माण गरिनेछ । |
| २. संविधानले दिएको तहगत अधिकार | क) प्रदेशको विकासको लागि संघ एवम् अन्य प्रदेश र स्थानीयतहसँग उचित समन्वय, सहकार्य, साझेदारी एवम् पैरवी |

| रणनीति | कार्यनीति |
|---|---|
| गतिशिल रुपमा उपयोग गर्ने । | गरिनेछ ।<br>ख) संघ, स्थानीय तह र अन्य प्रदेशले अपनाएका असल अभ्यासहरुको उचित अंगिकरण गरिनेछ ।<br>ग) प्रदेशको अधिकार प्रयोग र उपयोग सम्बन्धी कानुन, संरचना, पद्धती र दिग्दर्शन एवम् प्रकिया विकास गरी दस्तावेजीकरण, सचेतना अभिवृद्धि, नेतृत्व विकास गरिनेछ ।<br>घ) प्रदेशमा अवस्थित वस्तुस्थिति, सम्भाव्यता र जायज अधिकारको भावनाअनुरुप "विशेष प्राथमिकता प्राप्त प्रदेश" घोषणा र तदनुरुप व्यवहारको लागि केन्द्र सरकारसँग सकारात्मक पहल गरिनेछ ।<br>ङ) स्थानीय तह एवम् संघबाट प्रदेशमा संचालित आयोजना एवम् कार्यक्रमको विद्युतीय डाइरेक्टरी बनाइने छ र आवश्यक टेवा उपलब्ध गराइनेछ । |
| ३. साधन, स्रोत परिचालनमा दिगोपना, दक्षता, समावेसीता, समन्यायिकता, प्रभावकारीता, पारदर्शिता, उत्तरदायित्व र मितव्ययिता कायम गर्ने। | क) प्रदेशको प्राकृतिक स्रोत साधनको सर्वेक्षण, नक्शांकन एवं अभिलेखांकन र विश्लेषण गरी उपयोगिता पहिचान गरिनेछ ।<br>ख) प्रदेशमा गरिने लगानीको क्षेत्रगत tracking र सिकाई र पृष्ठपोषण कार्यान्वयन गरिनेछ ।<br>ग) प्रदेशको योजना कार्यान्वयनका लागि निजी क्षेत्र, सहकारी सामुदायिक क्षेत्रका साथै केन्द्र र स्थानीय तहसंग समन्वय, सहकार्य, साझेदारीको खाका तयार गरिनेछ ।<br>घ) प्रदेश लगानी बोर्ड गठन गरिनेछ ।<br>ङ) प्रदेश लगानी सम्मेलन गरिनेछ ।<br>च) सीमावर्ती क्षेत्रको विकासका लागि द्विदेशीय सहयोग जुटाउन केन्द्र सरकारलाई अनुरोध गरिनेछ ।<br>छ) उच्च उत्पादकत्व वा प्रतिफलयुक्त आयोजनामा विदेशी वा स्वदेशी ऋणबाट लगानी जुटाउन आवश्यकता व्यवस्था गरिनेछ ।<br>ज) प्रदेश वा खास भौगोलिक क्षेत्रलाई विशेष प्राथमिकता प्राप्त क्षेत्र तोकी कर्जा, कर, श्रम सम्बन्ध, निर्यात जस्ता क्षेत्रमा विशेष सहुलियत उपलब्ध गराउन केन्द्र एवम् स्थानीय तह समन्वय गरी आवश्यक व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | झ) सुशासन विधिको शासनमा हुने वित्तीय जोखिम न्यूनीकरण गर्न र मुख्य मुख्य कार्यमा नागरिक संलग्नता जनविश्वास बढाउन, आन्तरिक नियन्त्रण, परीक्षणको. सुप्रबन्ध, पारदर्शीता र स्थिति विवरण त्रैमासिक रुपमा प्रकाशनको व्यवस्था गरिनेछ । |
| ४. संस्थागत एवम् मानव संसाधनको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने । | क) नीतिगत, कानूनी, संस्थागत एवं जनप्रतिनिधि र कर्मचारीको सक्षमता मूल्यांकन गरी अन्तर (gap) आवश्यकता पहिचान गर्ने र स्थिति विवरण (situational status report ) तयार गरिनेछ।<br>ख) नीतिगत, कानूनी, संस्थागत एवम् जनप्रतिनिधि र कर्मचारीको सक्षमता अभिवृद्धि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>ग) संवैधानिक प्रावधान अनुसार आवश्यक कानुन बनाइनेछ।<br>घ) संघसँग समन्वय गरी क्षमता विकास कार्यक्रमलाई अघि बढाउन O/M survey सम्बन्धी व्यवस्था र कर्मचारी दरबन्दी, पदस्थापना, तालिम र विकासमा प्राथमिकता दिइनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेशको विकासको लागि ठोस सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र अपेक्षित उपलब्धि सहितको उपयुक्त आवधिक योजना तर्जूमा भएको हुने, नीतिगत, संस्थागत संरचना सृजना गर्न आधार तयार भै भविष्यमा योजना तर्जूमा, कार्यान्वयन, नतिजामूलक अनुगमन र मूल्यांकनको प्रक्रियाले दिगोपना हासिल गरेको हुने, योजनाको सक्षम र प्रभावकारी कार्यान्वयले प्रदेशको आत्मनिर्भरता र समृद्धिमा योगदान पुगेको हुनेछ ।

## १०.२ प्रदेश आयोजना बैंक

### १. पृष्ठभूमि

प्रदेशको आर्थिक सामाजिक विकासमा तीव्रता हासिल गर्नको लागि आयोजनाहरुको छनोट पद्धतीलाई अधिक वस्तुपरक र भरपर्दो बनाउनु जरुरी छ । स्थानीय वस्तुस्थिति र आवश्यकतालाई संवोधन गर्ने, समावेशी र सीमान्तकृत समावेसीमुखी, मागमा आधारित, आर्थिक-सामाजिक-साँस्कृतिक एवम् वातावरणीय दृष्टिकोणबाट स्वीकार्य, प्रादेशिक सन्तुलन र विकासको सोच र उद्देश्यमा ठोस योगदान पुऱ्याउने, छिटो प्रतिफल दिने, व्यवस्थापकीय दृष्टिले नतिजामूलक र कार्यान्वयन सहज हुने खालका आयोजनाको सूची वा संग्रहले प्रदेशको उन्नतिमा योगदान गर्न सक्छ ।आयोजनाको बुद्धिमतापूर्ण छनोट र कुशल कार्यान्वयनका लागि पर्याप्त तयारी गरी सु-स्पष्ट दस्तावेजीकरण गरिएका सम्भाव्य आयोजनाको सूचीबाट प्रदेश सरकारले आफ्नो प्राथमिकताका आधारमा आयोजना छनोट एवम् कार्यान्वयन गर्न सक्छ । आयोजनाको

अपेक्षित प्रतिफलको यथासमयमै निर्धारित लागतमा हासिल गर्न, आर्थिक अनुशासन परिपालन गर्न, निर्धारित उद्देश्य हासिल गर्न र कार्यसम्पादन स्तर उँचो बनाई सरकारको छवि उजिल्याउन यस्ता पहलबाट ठोस योगदान पुग्नेछ ।

**२. प्रमुख समस्या**

धरातलीय यथार्थता एवम् वस्तुगत स्थतिमा आधारित भन्दा हचुवा र प्रभाव र स्वार्थमा अडिएर आयोजना छनोट गर्ने परिपाटीले गर्दा पूर्व निर्धारित समय, लागत, गुणस्तर र प्रतिफलमा आयोजना सम्पन्न नहुने समस्या रहेको छ । यस्ता आयोजना समस्याग्रस्त हुन गै श्रोत, साधन, समय खेर जाने र जन अपेक्षाको परिपूर्ति नहुने स्थिति अन्त गर्नु आवश्यक छ । तथ्यांकाधारको अभाव, श्रोत साधनको अपर्याप्तता, संस्थागत, संरचना र क्षमताको कमी, पर्याप्त गृहकार्य नहुने, दिगो विकासको लक्ष्यसँग मेल नखाने आयोजना कार्यान्वयनमा जाने जस्ता समस्या प्रमुख रुपमा देखिएका छन् ।

**३. चुनौती तथा अवसर**

आयोजना बैंकको मान्यता र अवधारणा बारेको बुझाई र सचेतना जागरण नेतृत्व तह, कार्यान्वयन तह र लाभान्वित तहसम्म पुऱ्याउनु र आयोजनाको छनौट देखि पृष्ठपोषण र सिकाईसम्मको चक्रलाई अधिक दक्ष र कुशल तुल्याउनु प्रमुख चुनौतीका रुपमा रहेको छ । संघ तथा प्रदेश सरकार दुबैको प्राथमिकतामा पर्नु, सार्वजनिक लगानीलाई प्राथमिकता प्राप्त क्षेत्रमा मात्र प्रवाहित गर्ने नीति हुनु, मध्यमकालीन खर्च संरचनालाई व्यवहार अंगिकार गरिनु, प्रदेश नीति तथा योजना आयोगमा नै आयोजना बैंक सम्बन्धी जिम्मेवारी रहँदा आवधिक योजनासंग तादात्म्यता कायम गर्न सहज हुनु जस्ता पक्ष अवसरका रुपमा रहेका छन् ।

**४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्य नीति**

**४.१ सोच**

आत्मनिर्भर र समृद्ध प्रदेशका लागि कुशल आयोजना छनौट पद्धतीको अवलम्बन ।

**४.२ लक्ष्य**

प्रदेशको संतुलित, दिगो, समावेशी र तीव्रतर विकासका लागि यथेष्ट पूर्वतयारी भएका आयोजना सूचीको तयारी गर्ने ।

**४.३ उद्देश्य**

- आयोजना बैंकको मूल्य, मान्यता एवम् सिद्धान्त अनुरुप प्रदेशमा पूर्ण कार्यात्मक आयोजना बैंक स्थापना गर्ने ।
- प्रदेशको आत्मनिर्भरता एवम् समृद्धिमा ठोस योगदान गर्न सक्ने कार्यान्वयन योग्य आयोजनाहरु तयार गर्ने ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेश आयोजना बैंक स्थापना गरी क्रियाशिल तुल्याउन आवश्यक नीति, कानुन, दिग्दर्शन र मापदण्ड तर्जुमा गर्ने । | क) प्रदेश आयोजना पहिचान, मूल्यांकन, छनोट, प्राथमीकिकरण र स्वीकृती सम्वन्धी कानुन र संरचना तयार गरिनेछ ।<br>ख) प्रदेश आयोजना व्यवस्थापन सूचना प्रणाली विकास र संचालन गरिनेछ ।<br>ग)स्थानीय तहहरूमा आयोजना बैंक स्थापनामा सहयोग गरिनेछ ।<br>घ) प्रदेश आयोजना बैंकलाई उपयोग गरी सक्षम विकासको कार्यक्रम संचालन गरिनेछ । |
| २. कार्यान्वयन योग्य आयोजनाहरुको संग्रह/ पोर्टफोलियो सृजना गर्ने । | क)प्रदेशमा आयोजना छनोट सम्बन्धी मापदण्ड अनुरुपका आयोजना मात्र स्वीकृत गर्ने परम्परा प्रारम्भ गरिनेछ ।<br>ख)मन्त्रालयबाट सम्भाव्यता अध्यनबाट उपयुक्त ठहरिएका, कार्यान्वयन योजना, नीति, पद्दती, कार्यान्वयन रुपरेखा वा मेट्रिक्स / ढाँचा सन्निहित तत्काल काम शुरु हुन सक्ने आयोजना मात्र आयोजना बैंकमा समावेश गरिने व्यवस्था गरिनेछ ।<br>ग) प्रदेश गौरवका रुपान्तरणकारी आयोजनामा बहुपक्षीय समन्वय, सहकार्य र साझेदारी सम्बन्धी आधार तर्जुमा गरिनेछ ।<br>घ) प्रदेशमा संचालित आयोजनाको शीघ्र कार्यान्वयन गरी सफल बनाउन सहयोगी भूमिका खेलिनेछ ।<br>ङ) प्रदेशमा सफल, असल, अभ्यासयुक्त आयोजनाको विवरण तयार गरिनेछ र संघ, स्थानीय तह र प्रदेशमै सिकाइ अनुशरण गरिनेछ । |
| ३. प्रदेशमा बहुपक्षीय लगानी आकर्षित गर्ने । | क) प्रदेशमा आर्थिक, सामाजिक, वातावरणीय दृष्टिले उच्च प्रतिफल दिन सक्ने आयोजनाको शीघ्र अध्ययन गराइनेछ ।<br>ख) निजीक्षेत्रबाट अध्ययन भएका सम्भाव्य आयोजना पनि सूचीकृत गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ग) केन्द्र, प्रदेश र विभिन्न स्थानमा प्रदेश लगानी सम्मेलन मेला प्रदर्शनी एवं क्षेत्रगत / विषयगत प्रवर्द्धनात्मक मेला आयोजना गरिनेछ ।<br>घ) PPP का आधारमा Industrial incubator program संचालन गरिनेछ ।<br>ङ) प्रदेशलाई विशेष प्राथमिकता प्राप्त क्षेत्रका रुपमा कायम गर्न पहल गरिनेछ । |

### ५. अपेक्षित उपलब्धि

प्रदेश आयोजना बैंक क्रियाशिल भएको हुनेछ । प्रदेशमा आयोजना व्यवस्थापनमा नतिजाउन्मुखता, दक्षता, प्रभावकारित, मितव्ययिता, पारदर्शिता आएको हुनेछ । प्रदेशमा लगानी बढ्न सक्ने वातावरण तयार भएको हुनेछ ।

## १०.३ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

### १. पृष्ठभूमि

मुलुकको विकास तथा नागरिकको सर्वाङ्गिण हितका लागि सरकारले ठोस नीति तथा योजना प्रतिपादन गरी ती नीति तथा योजना अन्तर्गतका कार्यक्रम तथा आयोजनाहरु मार्फत विभिन्न क्षेत्रमा निश्चित उद्देश्य राखेर लगानी गरेको हुन्छ। यस्तो नीति वा लगानी उद्देश्य प्राप्तीमा कत्तिको सफल भयो वा हुँदैछ, प्रतिफल कस्तो रह्यो, लक्षित समूह वा वर्गको जीवनस्तरमा अपेक्षित सुधार वा प्रभाव पर्‍यो, परेन भनेर आकलन गर्ने एवम् नीति वा विकासको पहललाई उत्तरदायी र जवाफदेही बनाउन, लगानी प्रक्रियालाई नतिजा केन्द्रित गर्न, निरन्तर सिकाई र सुधारलाई अवलम्बन गर्न र नीति तथा विकास पहलको उच्चतम् प्रतिफल पूर्वनिर्धारित सोच अनुरुप गुणस्तर, लागत र समय मै सम्पन्न हुने सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कनको अहम् महत्व रहन्छ । विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन होस र उच्चतम् नतिजा सुनिश्चित होस भनी अनुगमन तथा मूल्याङ्कन पद्धतीको विकास गरिएको हो । तर यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा नीति एवम् आयोजनाहरुको सफलतामा अपेक्षित योगदान हुन नसकेको स्थितिछ ।

नीति र विकास आयोजना तथा कार्यक्रमको सफल र प्रभावकारी कार्यान्वयनको लागि सशक्त र प्रभावकारी अनुगमन तथा मूल्यांकन व्यवस्थाको महत्वलाई हृदयंगम गरी प्रदेश सरकारले सहभागितामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको विकासमा जोड दिएकोछ। नयाँ प्रविधि र उपायहरुको उचित समिश्रण गरेर प्रभावकारी नतिजामुखी अनुगमन मूल्यांकन प्रणालीलाई आन्तरिकीकरण गर्न वा व्यवहारमा उतार्न सकेमा विकास योजना, आयोजना वा कार्यक्रमको

सफलता सुनिश्चित हुने, अमूल्य स्रोत साधनहरुको उच्चतम् प्रयोग भै जनआकंक्षा परिपूर्ति हुने र जनताको जीवनस्तरमा वढोत्तरी आउने हुन्छ ।

## २. प्रमुख समस्या

प्रदेशको प्रथम योजना नै बन्दै गरेको हुंदा अनुगमन तथा मूल्यांकन सम्बन्धी साविककै व्यवस्था विद्यमान रही नयां नीति, कानुन, खाका व्यवस्था वा सूचकहरु विकास भै नसक्नु, प्रदेश सरकार भर्खर स्थापना भएकोले संस्थागत र संगठनात्मक संरचनाहरु विकास हुँदै गरेको, नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको आवश्यकता र औचित्य बारे प्रदेशको नीति निर्माण तह एवं उच्च व्यवस्थापकीय तहमा पर्याप्त संवेदीकरण हुनु नसक्नु, आधारभूत तथ्यांक, श्रोत, साधन र जनशक्तिको कमी रहनु, पुरस्कार दण्ड व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् ।

## ३. चुनौती तथा अवसर

प्रदेश स्तरमा अनुगमन तथा मूल्यांकन प्रणालीको विकास र दिगो व्यवस्थापनको लागि नीतिगत तहको तत्परता जुटाउनु, यस सम्बन्धी नीति, कानुन र दिग्दर्शन एवं प्रणाली विकास र संचालन गर्नु, विषय सम्वद्ध वस्तुगत नतिजासूचकको विकास गर्नु, सूचना तथा संचार प्रविधिमा आएको परिवर्तन सापेक्ष व्यवस्था अंगिकार गर्नु, स्रोत,साधन,जनशक्तिको जोहो र क्षमता विकास गर्नु विकासका सम्पूर्ण प्रयास एवम् नीतिको सफलता सुनिश्चित, गर्न प्रभावकारी नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणाली अनिवार्य अंग रहेकोमा सम्वद्ध सबैमा अनुभूत गराउनु चुनौतीका रुपमा रहेका छन्।

प्रदेशको नीति, कानुन, संगठन एवं योजना समेत वन्दै र संगठित हुँदै गरेको चरण हुँदा अनुगमन तथा मूल्यांकनको प्रणालीलाई अंगिकार वा आन्तरिकीकरण गरेर संस्थागत गर्दै जान सहज हुने, राजनीतिक नेतृत्व तह आयोजनाको सफलता एवं प्रतिफल प्रति उत्सुक र सुशासन प्रति प्रतिवद्ध रहनु, जन प्रतिनिधि, सामाजिक संघ संस्था एवं नागरिक अभियन्ता र चौथो अंग समेतको मद्दत लिन सक्ने अवस्था रहनु, प्रविधिको विकासले सक्षम र प्रभावकारी अनुगमन तथा मूल्यांकन व्यवस्था अपनाउन सहज हुने स्थिति रहनु, राष्ट्रिय स्तरमा लामो एवं सुदृढ अनुभव र संरचना भएको राष्ट्रिय योजना आयोग प्रणाली विकासमा आवश्यक सहयोग दिन सक्ने उच्च निकायका रुपमा विद्यमान हुनु, उपभोक्ता वा जनस्तरमा समेत विकासका आयोजना वा क्रियाकलाप प्रति चासो, अभिरुची वा जागरण बढेको हुनु, संसदीय समिति, लेखा परिक्षण वा अन्य नियन्त्रण र सुपरिवेक्षण संयन्त्र र प्रेश जगतको समेत सरोकार रहनु जस्ता अवसरहरु रहेका छन् ।

## ४. सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.१ सोच

योजनाको सफल कार्यान्वयनका लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन व्यवस्था।

### ४.२ लक्ष्य

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास र संस्थागत गर्ने ।

### ४.३ उद्देश्य

- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई योजना, नीति, कार्यक्रम तथा आयोजनाको सफलताको अन्तरंग अंगको रुपमा स्थापना गर्नु ।
- योजना, नीति, कार्यक्रम तथा आयोजना कार्यान्वयनको गतिमा तिव्रता ल्याउनु ।

### ४.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.नीति र कानुनको व्यवस्थाद्वारा अनुगमन तथा मूल्यांकन प्रणाली विकास र सुदृढ गर्ने । | क) नतिजामा आधारित अनुगमन तथा मूल्यांकन नीति, कानुन, खाका एवम् दिग्दर्शन तर्जुमा गरी लागू गरिनेछ।<br>ख) प्रत्येक नीति तथा कार्यक्रममा नतिजामूलक अनुगमन तथा मूल्यांकन सम्बन्धी सोच तालिका, सूचक, वार्षिक कार्य तालिका तयारी र मापदण्ड वा व्यवस्थाको पालना अनिवार्य रुपमा गर्नु पर्ने कार्यनीति लिइनेछ ।<br>ग) मा. मुख्यमन्त्रीको संयोजकतत्वमा प्रदेश विकास समस्या समाधान उच्चस्तरीय समिति रहने, योजना आयोग र मन्त्रालय स्तरमा पनि समिति रहने र आवधिक समिक्षा र अनुगमन हुने व्यवस्था मिलाइनेछ।<br>घ) आयोजना कार्यान्वयनको प्रगति सूचकलाई आवद्ध गरिनेछ र पुरस्कार र दण्डको व्यवस्था लागू गरिनेछ।<br>ङ) आयोजनाको सफलताको लागि सम्बद्ध कर्मचारीलाई आयोजना अवधि भरी सरुवा नगर्ने नीति लिइनेछ ।<br>च) सूचना तथा सञ्चार प्रविधिमा आधारित CCTV, Real Time Event Progess Monitoring जस्ता स्वचालित र निरन्तर अनुगमन एवम् मूल्यांकन व्यवस्था अपनाइने छ ।<br>छ) संघ, स्थानीय तह एवम् अन्य सरोकारवाला सँग उचित समन्वय, सञ्चार, सहकार्य, साझेदारीद्वारा अनुगमन तथा मूल्यांकन प्रणालीलाई समयोचित, सक्षम, भरपर्दो, नतिजामुखी, दक्ष र प्रभावकारीरुपमा विकास र कार्यात्मक तुल्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ज) छानिएका आयोजनाहरुको तेस्रोपक्ष, केन्द्र र स्थानीय तहसमेत सँग संयुक्त अनुगमन गर्ने कार्य नीति लिइनेछ। |
| २. नीति, योजना, कार्यक्रम र आयोजना कार्यान्वयनमा तीव्रता र सफलतामा सुनिश्चितता ल्याउने । | क) प्रत्येक नीति, आयोजनाको कार्यान्वयन तालिका बनाई कार्यान्वयन गरिनेछ र सो अनुरुप अनुगमन योजना बनाइनेछ ।<br>ख) तर्जूमाकै चरणमा तार्किक कार्यश्रृङ्खला, सोचतालिका एवम् नतिजासूचक निश्चित गरिनेछ ।<br>ग) सूचना प्रविधिको प्रयोगद्वारा आन्तरिक र निरन्तर एवम् स्वचालित अनुगमन प्रणाली अपनाइनेछ ।<br>घ) लगानी, परिमाण, गुणस्तर, समय सीमा, असर र प्रभाव तथा सिकाइका आधारमा निरन्तर समिक्षा गर्ने व्यवस्था गरिनेछ ।<br>ङ) तेस्रो पक्ष, बहुपक्षीय, लाभान्वित वर्ग आदिको संलग्नतामा अनुगमन गर्ने व्यवस्था गरिनेछ ।<br>च) आयोजना कार्यान्वयन सम्बन्धी सुस्ती हटाउन Rapid Action Team गठन गरी तीव्रता दिइनेछ ।<br>छ) क्षमता विकास सम्बन्धी कठिनाई हटाउन ठोस कार्य योजना लागू गरिनेछ ।<br>ज) संघीय बजेट अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने सदुपयोग अनुपात सन्तोषजनक रुपले वृद्धि गर्न ठोस का बनाई<br>लागू गरिनेछ ।<br>झ) संचालनमा रहेका आयोजनाहरुको क्षमता ह्रास हुन नदिन एवम् मर्मत सम्भारको उचित प्रवन्ध गरिनेछ । |

## ५. अपेक्षित उपलब्धि

प्रदेशमा नतिजामूलक अनुगमन तथा मूल्यांकन सम्बन्धी नीति, कानुन, र दिग्दर्शन आदि समेतको प्रणाली विकास र कार्यान्वयन प्रारम्भ भएको हुनेछ। नविनतम् प्रविधि र उपागम अनुरूप समयोचित र स्वचालित प्रणालीको सहयोगबाट आयोजना कार्यान्वयन सुधार भै विकासको प्रतिफल प्राप्तीको सुनिश्चितता भएको हुनेछ ।

## १०.४ योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन क्षेत्रका कार्यक्रमहरु

### योजना तर्जुमा तथा कार्यान्वयन र अन्तर सरकारी सहकार्य

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेश योजना पद्धती दिग्दर्शन र मापदण्ड तयारी | २०७८।०७९ २०८२।०८३ | | नतिजामुखी प्रदेश योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन एवम् सिकाइ अनुशरण सम्बन्धी दिग्दर्शन र मापदण्ड जारी गरिएको हुने । |
| २ | आयोजना बैंक स्थापना | २०७८।०७९ २०८२।०८३ | | कानूनी र संस्थागत व्यवस्था गरी आयोजना बैंक स्थापना गरिएको हुने। |
| ३ | प्रदेश विकास व्यवस्थापन सूचना प्रणाली (PDMIS) स्थापना | २०७८।०७९ २०८२।०८३ | | प्रदेश विकास व्यवस्थापन सूचना प्रणाली (PDMIS) स्थापना गरिएको हुने। |
| ४ | मध्यमकालीन खर्च संरचना आन्तरिकीकरण | २०७८।०७९ २०८२।०८३ | | मध्यमकालीन खर्च संरचना, आयोजना प्राथमिकीकरण, खर्च र राजश्वको ३ वर्षीय चक्रीय अनुमान व्यवस्था लागु गरिएको हुने । |
| ५ | दिगो विकास र सुशासन सूचक समाहित एवम् आन्तरिकीकरण | २०७८।०७९ २०८२।०८३ | | दिगो विकास, जन उत्तरदायी, सहभागितामूलक महिला र बालमैत्री एवम् सुशासन सूचकलाई समाहित एवम् आन्तरिकीकरण गरिएको हुने । |
| ६ | क्षेत्रगत गुरुयोजना तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | विषय क्षेत्रगत गुरुयोजना तर्जुमा गरिएको हुने । |
| ७ | ठूला आयोजना सञ्चालन गर्न विशेष संयन्त्र special purpose प्रदेश थिंकट्याक गठन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश गौरवका आयोजना सञ्चालन गर्न विशेष संयन्त्र special purpose प्रदेश थिंकट्याक गठन र संचालनमा ल्याउन सघाइएको हुने । |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ८ | नविन प्रविधि एवम् व्यवस्थापकीय कुशलता निर्देशित योजना चक्र | २०७८।०७९ २०८२।०८३ | | योजना चक्रमा सूचना सञ्चार प्रविधि एवम् नविनतम् प्रविधि र व्यवस्थापकीय पद्धती प्रोत्साहन गरिएको हुने । |
| ९ | "प्रदेश विकास समस्या समाधान समिति" संचालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश विकास समस्या समाधान गर्न मुख्यमन्त्रीको संयोजकत्वमा "प्रदेश विकास समस्या समाधान समिति" गठन र संचालन गरिएको हुने । |
| १० | पछौटेपन हटाउने । सकारात्मक, बृहत्तर संवाद, बहस र संस्कृति निर्माण | २०७८।०७९ २०८२।०८३ | | सम्वद्ध सरोकारवालहरुसँग उचित र सकारात्मक संवादको माध्यमबाट पछौटेपन हटाउने सकारात्मक, बृहत्तर संवाद र संस्कृति निर्माण गरिएको हुनेछ। |
| ११ | विकासको लागि समन्वय, सहकार्य, साझेदारी एवम् पैरवी | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको विकासको लागि संघ एवम् अन्य प्रदेश र स्थानीयतहसँग उचित समन्वय, सहकार्य, साझेदारी एवम् पैरवी गरिएको हुने । |
| १२ | असल अभ्यासहरुको उचित अंगिकरण | २०७८।०७९ २०८२।०८३ | | संघ, स्थानीय तह र अन्य प्रदेशले अपनाएका असल अभ्यासहरुको उचित अंगिकरण गरिएको हुने । |
| १३ | प्रदेशको अधिकार उपयोग सम्बन्धी प्रणाली, नेतृत्व विकास र दस्तावेजीकरण | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको अधिकार प्रयोग र उपयोग सम्बन्धी कानुन, संरचना, पद्दती र दिग्दर्शन एवम् प्रकिया विकास गरी दस्तावेजीकरण, सचेतना अभिवृद्धि, नेतृत्व विकास गरिएको हुने । |
| १४ | "विशेष प्राथमिकता प्राप्त प्रदेश" घोषणा र तदनुरुप व्यवहारको लागि केन्द्र | २०७८।०७९ २०८२।०८३ | | अवस्थिति प्रदेश वस्तुस्थिति, सम्भाव्यता र जायज अधिकारको भावना अनुरुप "विशेष प्राथमिकता प्राप्त प्रदेश" घोषणा र तदनुरुप व्यवहारको लागि केन्द्र |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | सरकारसँग पहल | | | सरकारसँग सकारात्मक पहल गरिएको हुने । |
| १५ | प्रदेशमा संचालित आयोजना एवम् कार्यक्रमको विद्युतीय डाइरेक्टरी बनाउने | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तह एवम् संघबाट प्रदेशमा संचालित आयोजना एवम् कार्यक्रमको विद्युतीय डाइरेक्टरी बनाइएको हुने र आवश्यक टेवा उपलब्ध गराइएको हुने। |
| १६ | प्राकृतिक श्रोत नक्सांकन एवम् अभिलेखांकन र विश्लेषण गरी उपयोगिता पहिचान | २०७८।०७९ २०८२।०८३ | | प्रदेशको प्राकृतिक श्रोत साधनको सर्वेक्षण, नक्सांकन एवम् अभिलेखांकन र विश्लेषण गरी उपयोगिता पहिचान गरिएको हुने । |
| १७ | लगानीको क्षेत्रगत tracking र सिकाई र पृष्ठपोषण कार्यान्यिन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा गरिने लगानीको क्षेत्रगत tracking र सिकाई र पृष्ठपोषण कार्यान्यिन गरिएको हुने । |
| १८ | योजना कार्यान्वयनका लागि बहुपक्षीय साझेदारी खाका | २०७८।०७९ २०८२।०८३ | | प्रदेश योजना कार्यान्वयनका लागि निजी क्षेत्र, सहकारी, सामुदायिक क्षेत्रका साथै केन्द्र र स्थानीय तहसँग समन्वय, सहकार्य, साझेदारीको खाका तयार गरिएको हुने । |
| १९ | लगानी बोर्ड गठन र लगानी सम्मेलन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश लगानी बोर्ड गठन गरिएको र प्रदेशमा लगानी सम्मेलन आयोजना गरिएको हुने । |
| २० | सीमावर्ती क्षेत्रको विकासका लागि द्विदेशीय सहयोग | २०७८।०७९ २०८२।०८३ | | सीमावर्ती क्षेत्रको विकासका लागि द्विदेशीय सहयोग जुटाउन केन्द्र सरकारलाई अनुरोध गरिएको हुने । |
| २१ | उच्च प्रतिफलयुक्त आयोजनामा ऋण | २०७८।०७९ २०८२।०८३ | | उच्च उत्पादकत्व वा प्रतिफलयुक्त आयोजनामा विदेशी वा स्वदेशी |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | लगानी | | | ऋणबाट लगानी जुटाउन आवश्यक व्यवस्था गरिएको हुने । |
| २२ | विशेष प्राथमिकता प्राप्त क्षेत्र तोकी विशेष सहुलियत दिन केन्द्र एवम् स्थानीय तहसँग समन्वय | २०७८।०७९ २०८२।०८३ | | प्रदेश वा खास भौगोलिक क्षेत्रलाई विशेष प्राथमिकता प्राप्त क्षेत्र तोकी कर्जा, कर, श्रम-सम्बन्ध, निर्यात जस्ता क्षेत्रमा विशेष सहुलियत उपलब्ध गराउन केन्द्र एवम् स्थानीय तहसँग समन्वय गरी आवश्यक व्यवस्था गरिएको हुने । |
| २३ | सुशासन कायम र वित्तीय जोखिम न्यूनीकरण | २०७८।०७९ २०८२।०८३ | | सुशासन विधिको शासनमा हुने वित्तीय जोखिम न्यूनीकरण गर्न र मुख्य-मुख्य कार्यमा नागरिक संलग्नता जनविश्वास बढाउन, आन्तरिक नियन्त्रण, परीक्षणको. सुप्रबन्ध, पारदर्शीता र स्थिति विवरण त्रैमासिक रुपमा प्रकाशनको व्यवस्था गरिएको हुने । |
| २४ | प्रदेश सक्षमता मूल्यांकन र स्थिति विवरण (Situational status report ) तयार | २०७८।०७९ २०८२।०८३ | | नीतिगत, कानूनी, संस्थागत एवम् जनप्रतिनिधि र कर्मचारीको सक्षमता मूल्यांकन गरी अन्तर आवश्यकता पहिचान गर्ने र स्थिति विवरण (Situational status report ) तयार गरिएको हुने । |
| २५ | प्रदेश सक्षमता अभिवृद्धि कार्यक्रम तर्जुमा र कार्यान्वयन | २०७८।०७९ २०८२।०८३ | | नीतिगत, कानूनी, संस्थागत एवम् जनप्रतिनिधि र कर्मचारीको सक्षमता अभिवृद्धि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिएको हुने । |
| २६ | क्षमता विकास कार्यक्रमलाई अघि बढाउन संघसँग | २०७८।०७९ २०८२।०८३ | | संघसँग समन्वय गरी क्षमता विकास कार्यक्रमलाई अघि बढाउन O&M survey सम्बन्धी व्यवस्था र कर्मचारी |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | समन्वय | | | दरबन्दी, पदस्थापना, तालिम र विकासमा प्राथमिकता दिइएको हुने । |

**जम्मा लगानीको अनुमान १५ करोड**

## प्रदेश आयोजना बैंक

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेश आयोजना बैंक कानुन र संरचना तयार | २०७८।०७९ २०८०।०८१ | | प्रदेश आयोजना पहिचान, मूल्यांकन, छनौट, प्राथमिकिकरण र स्वीकृती सम्वन्धी कानुन र संरचना तयार गरिएको हुने । |
| २ | आयोजना व्यवस्थापन सूचना प्रणाली विकास र संचालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश आयोजना व्यवस्थापन सूचना प्रणाली विकास र संचालन गरिएको हुने। |
| ३ | स्थानीय तहहरूमा आयोजना बैंक स्थापनामा सहयोग | २०७८।०७९ २०८२।०८३ | | स्थानीय तहहरूमा आयोजना बैंक स्थापनामा सहयोग गरिएको हुने । |
| ४ | आयोजना बैंकमार्फत सक्षम विकास कार्यक्रम संचालन | २०७८।०७९ २०८२।०८३ | | प्रदेश आयोजना बैंकलाई उपयोग गरी सक्षम विकासको कार्यक्रम संचालन गरिएको हुने । |
| ५ | आयोजना छनोट मापदण्ड अनुरुपका आयोजना मात्र स्वीकृत गर्ने परम्परा प्रारम्भ | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा आयोजना छनोट सम्बन्धी मापदण्ड अनुरुपका आयोजना मात्र स्वीकृत गर्ने परम्परा प्रारम्भ गरिएको हुने । |
| ६ | पर्याप्त पूर्व तयारी गरिएका आयोजना | २०७८।०७९ २०८२।०८३ | | सम्भाव्यता अध्यनबाट उपयुक्त ठहरिएका, कार्यान्वयन योजना, नीति, |

| क्र.सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | मात्र आयोजना बैंकमा समावेश गरिने व्यवस्था | | | पद्दती, कार्यान्वयन रुपरेखा वा मेट्रिक्स / ढाँचा सन्निहित तत्काल काम शुरु हुन सक्ने आयोजना मात्र आयोजना बैंकमा समावेश गरिने व्यवस्था गरिएको हुने । |
| ७ | रुपान्तरणकारी आयोजनामा बहुपक्षीय समन्वय सहकार्य र साझेदारीका आधार तर्जुमा | २०७८।०७९ २०८२।०८३ | | प्रदेश गौरवका रुपान्तरणकारी आयोजनामा बहुपक्षीय समन्वय सहकार्य र साझेदारी सम्बन्धी आधार तर्जुमा गरिएको हुने । |
| ८ | आयोजनाको शिघ्र कार्यान्वयनमा सहयोगी भूमिका | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा संचालित आयोजनाको शिघ्र कार्यान्वयन गरी सफल बनाउन सहयोगी भूमिका निर्वाह गरिएको हुने । |
| ९ | सफल र असल अभ्यासयुक्त आयोजनाको विवरण तयारी तथा र सिकाइ अनुशरण | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा सफल, असल, अभ्यासयुक्त आयोजनाको विवरण तयार गरिएको र संघ, स्थानीय तह र प्रदेश मै सिकाइ अनुशरण गरिएको हुने । |
| १० | उच्च प्रतिफल दिन सक्ने आयोजनाको शीघ्र अध्ययन | २०७८।०७९ २०८२।०८३ | | प्रदेशमा आर्थिक, सामाजिक, वातावरणीय दृष्टिले उच्च प्रतिफल दिन सक्ने आयोजनाको शीघ्र अध्ययन गरिएको हुने। |
| ११ | निजी क्षेत्रबाट अध्ययन भएका सम्भाव्य आयोजना पनि सूचीकरण | २०७८।०७९ २०८२।०८३ | | निजी क्षेत्रबाट अध्ययन भएका सम्भाव्य आयोजना पनि आयोजना बैंकमा सूचीकृत गरिएको हुने । |
| १२ | प्रदेश लगानी सम्मेलन, मेला र प्रदर्शनी आयोजना | २०७८।०७९ २०८२।०८३ | | केन्द्र, प्रदेश र विभिन्न स्थानमा प्रदेश लगानी सम्मेलन मेला प्रदर्शनी एवम् क्षेत्रगत / विषयगत प्रवर्द्धनात्मक मेला आयोजना गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १३ | सार्वजनिक निजी साझेदारी PPP का आधारमा Industrial incubator program संचालन | २०७८।०७९ २०८२।०८३ | | सार्वजनिक निजी साझेदारी PPP का आधारमा Industrial incubator program संचालन गरिएको हुने । |
| १४ | प्रदेशलाई विशेष प्राथमिकता प्राप्त क्षेत्रका रुपमा कायम गर्न पहल | २०७८।०७९ २०८२।०८३ | | प्रदेशलाई विशेष प्राथमिकता प्राप्त क्षेत्रका रुपमा कायम गर्न पहल गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ३१ करोड**

## कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | नतिजामुखी अनुगमन तथा मूल्यांकन नीति, कानुन, खाका एवम् दिग्दर्शन तर्जुमा | २०७८।०७९ २०८०।०८१ | | नतिजामा आधारित अनुगमन तथा मूल्यांकन नीति, कानुन, खाका एवम् दिग्दर्शन तर्जुमा गरी लागू गरिएको हुने। |
| २ | नतिजामूलक अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थाको आन्तरिकीकरण | २०७८।०७९ २०८२।०८३ | | प्रत्येक नीति तथा कार्यक्रममा नतिजामूलक अनुगमन तथा मूल्यांकन सम्बन्धी सोच तालिका, सूचक, वार्षिक कार्यतालिका तयारी र मापदण्ड वा व्यवस्थाको पालना अनिवार्य रुपमा गर्नु पर्ने कार्य नीति लिइएको हुने । |
| ३ | संस्थागत व्यवस्था र आवधिक समिक्षा र | २०७८।०७९ २०८२।०८३ | | मुख्यमन्त्रीको संयोजकतत्वमा प्रदेश विकास समस्या समाधान उच्चस्तरीय |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| | अनुगमन हुने प्रणाली | | | समिति रहने, प्रदेश योजना आयोग र मन्त्रालय स्तरमा पनि समिति रहने र आवधिक समिक्षा र अनुगमन हुने व्यवस्था मिलाइएको हुने। |
| ४ | कर्मचारीको वृत्ति विकाससँग आयोजना कार्यान्वयनको प्रगति आवद्ध गरी पुरस्कार र दण्डको व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | आयोजना कार्यान्वयनको प्रगति सूचकलाई कर्मचारीको वृत्ति विकाससँग आवद्ध गरिएको र पुरस्कार र दण्डको व्यवस्था लागू गरिएको हुने । |
| ५ | आयोजनाको मुख्य पदमा आयोजना अवधि पदस्थापन term posting नीति अवलम्वन | २०७८।०७९ २०८२।०८३ | | आयोजनाको मुख्य पदमा आयोजना अवधि पदस्थापन term posting नीति अवलम्वन गरिएको हुने । |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा आधारित अनुगमन एवम् मूल्यांकन व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | सूचना तथा सञ्चार प्रविधिमा आधारित CCTV, Real Time Event/ Progress Monitoring जस्ता स्वचालित र निरन्तर अनुगमन एवम् मूल्यांकन व्यवस्था अपनाइएको हुने । |
| ७ | समन्वय र सहकार्यमा अनुगमन तथा मूल्यांकन प्रणाली विकास र कार्यात्मक | २०७८।०७९ २०८२।०८३ | | संघ, स्थानीय तह एवम् अन्य सरोकारवाला सँग उचित समन्वय, सञ्चार, सहकार्य, साझेदारीद्वारा अनुगमन तथा मूल्यांकन प्रणालीलाई समयोचित, सक्षम, भरपर्दो, नतिजामुखी, दक्ष र प्रभावकारीरुपमा विकास र कार्यात्मक तुल्याइएको हुने । |
| ८ | तेस्रो पक्ष एवम् संयुक्त अनुगमन गर्ने | २०७८।०७९ २०८२।०८३ | | छानिएका आयोजनाहरुको तेस्रो पक्ष, केन्द्र र स्थानीय तहसमेतसँग संयुक्त अनुगमन गर्ने कार्य नीति लिइएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलव्धि |
|---|---|---|---|---|
| ९ | नीति र आयोजनाको कार्यान्वयन तालिका र अनुगमन | २०७८।०७९ २०८२।०८३ | | प्रत्येक नीति, आयोजनाको कार्यान्वयन तालिका बनाई कार्यान्वयन गरिएको र सो अनुरुप अनुगमन योजना बनाइएको हुने। |
| १० | तर्जूमाकै चरणमा तार्किक कार्यश्रृङ्खला, सोच तालिका एवम् नतिजा सूचक निश्चित | २०७८।०७९ २०८२।०८३ | | तर्जूमाकै चरणमा तार्किक कार्यश्रृङ्खला, सोच तालिका एवम् नतिजा सूचक निश्चित गरिएको हुने । |
| ११ | सूचना प्रविधिको प्रयोगद्वारा स्वचालित अनुगमन | २०७८।०७९ २०८२।०८३ | | सूचना प्रविधिको प्रयोगद्वारा आन्तरिक र निरन्तर एवम् स्वचालित अनुगमन प्रणाली अपनाइएको हुने । |
| १२ | निरन्तर समिक्षा गर्ने व्यवस्था | २०७८।०७९ २०८२।०८३ | | लगानी, परिमाण, गुणस्तर, समय सीमा, असर र प्रभाव तथा सिकाइका आधारमा निरन्तर समिक्षा गर्ने व्यवस्था गरिएको हुने । |
| १३ | बहुपक्षीय र लाभान्वित वर्ग आदिको संलग्नतामा अनुगमन | २०७८।०७९ २०८२।०८३ | | तेस्रो पक्ष, बहुपक्षीय, लाभान्वित वर्ग आदिको संलग्नतामा अनुगमन गर्ने व्यवस्था गरिएको हुने । |
| १४ | कार्यान्वयन सुस्ती हटाउन Rapid Action Team गठन | २०७८।०७९ २०८२।०८३ | | आयोजना कार्यान्वयन सम्बन्धी सुस्ती हटाउन Rapid Action Team गठन गरी तीव्रता दिइएको हुने । |
| १५ | क्षमता विकास कार्य योजना | २०७८।०७९ २०८२।०८३ | | क्षमता विकास सम्बन्धी कठिनाई हटाउन ठोस कार्य योजना लागू गरिएको हुने । |
| १६ | संघीय बजेट अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमको स्रोत सदुपयोगकार्य योजना | २०७८।०७९ २०८२।०८३ | | संघीय बजेट अनुदान र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमको सदुपयोग अनुपात सन्तोषजनकरुपले वृद्धि गर्न ठोस कार्ययोजना बनाई लागू गरिएको हुने । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुरु तथा समाप्ति) | अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १७ | सञ्चालनमा रहेका आयोजनाहरुको नियमित सञ्चालन एवम् मर्मत सम्भार प्रवन्धको अनुगमन | २०७८।०७९ २०८२।०८३ | | सञ्चालनमा रहेका आयोजनाहरुको क्षमता ह्रास हुन नदिन नियमित सञ्चालन एवम् मर्मत सम्भारको उचित प्रवन्धका लागि अनुगमन गरिएको हुने । |

**जम्मा लगानीको अनुमान ५० करोड**

❖❖❖

# अनुसूचीहरु

## अनुसूची १

## दीर्घकालीन महत्वका वृहत आयोजनाहरुको सूची

**(सुदूरपश्चिम प्रदेशको सर्वाङ्गिण विकासका लागि हाल पहिचान गरिएका संघीय सरकार, विकासका साझेदारहरु एवम् स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानी एवम् सहकार्यमा दीर्घकालमा सम्पन्न गर्न पर्ने केही आयोजनाहरुको सूची)**

| सि. नं. | आयोजनाको नाम | विवरण |
|---|---|---|
| १ | मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास आयोजना | यस आयोजनालाई संघीय एवम् स्थानीय तह सँगको सहकार्यमा प्रदेश रुपान्तरणकारी प्रमुख आयोजनाका रुपमा अघि बढाइने छ। |
| २ | स्याउले खुटीया- दीपायल- चैनपुर - उरई द्रुत मार्ग आयोजना | यस लोक मार्गलाई उपयुक्त देखिएका स्थानहरुमा सुरङ्ग मार्ग समेत रहने गरी चीनको मानसरोवर जाने तीर्थ यात्रुहरुलाई लक्षित गरी द्रुत मार्गको रुपमा विकास गर्ने । |
| ३ | सेती लोक मार्ग आयोजना | यस लोक मार्गलाई कैलालीबाट अछाम, खप्तड हुदै उत्तरमा चीनको तिव्वत सीमासम्म जोडने मार्गका रुपमा विकास गर्ने । |
| ४ | महाकाली करिडोर सडक आयोजना | यस लोक मार्गलाई महेन्द्र नगर देखि दार्चुलाको टिंकरसम्म संभावित सहरहरु एवम् कृषिका पकेट क्षेत्रहरु समेतलाई जोडने गरी विकास गर्ने । |
| ५ | कर्णाली करिडोर सडक आयोजना | चिसापानीबाट कर्णाली नदीको किनार हुदै बाजुराबाट उत्तर दक्षिण जोडने यस मार्गको विकास गरिनेछ । |
| ६ | खप्पतड चक्रपथ आयोजना | यसलाई डोटी-बझाङ्ग-बाजुरा-अछाम जिल्लालाई जोडने गरी चक्रपथका रुपमा विकास गर्ने । |
| ७ | ब्रम्हदेव-चिसापानी एक्सप्रेस वे आयोजना | यसलाई अन्तर्राष्ट्रिय स्तरको द्रुत मार्गका रुपमा विकास गर्ने । |
| ८ | धनगढी-ताक्लाकोट विद्युतीय रेलमार्ग आयोजना | यस रेलमार्गलाई धनगढी देखि उत्तरको ताक्लाकोटसम्म उत्तर र दक्षिणका दुई देशलाई जोडनेगरी विकास गर्ने । |

| सि. नं. | आयोजनाको नाम | विवरण |
|---|---|---|
| ९ | गङ्गाचौकी-चिसापानी रेलमार्ग आयोजना | यस रेल मार्गलाई संघीय सरकारले शुरु गरेको पूर्व पश्चिम रेलमार्गको यस प्रदेश भित्रको खण्डका रुपमा पश्चिम गङ्गा चौकीबाट पनि तत्काल निर्माण कार्य प्रारम्भ गर्न संघीय सरकारसँग माग गर्ने । |
| १० | दीपायल-खप्तड केवलकार आयोजना | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा खप्तड घुम्न आउने पर्यटकहरुका लागि लक्षित गरी विकास गर्ने । |
| ११ | बाजुरा-वडीमालिका केवलकार आयोजना | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा वडीमालिका घुम्न आउने पर्यटकहरुका लागि लक्षित गरी विकास गर्ने । |
| १२ | दार्चुला-मालिंकार्जुन केवलकार आयोजना | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा मालिंकार्जुन दर्शनका लागि आउने धार्मिक पर्यटकहरुका लागि लक्षित गरी विकास गर्ने । |
| १३ | मकरीगाड-अपि बेसक्याम्प केवलकार आयोजना | यस आयोजनालाई निजी क्षेत्रसँगको सहकार्यमा साहसिक पर्यटकहरुका लागि लक्षित गरी विकास गर्ने। |
| १४ | धनगढी अन्तर्राष्ट्रिय विमानस्थल आयोजना | हालको धनगढी विमानस्थललाई विस्तार गरी क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा विकास गर्ने । |
| १५ | पुष्पलाल मध्य पहाडी लोकमार्गको प्रदेश भित्रको खण्ड निर्माण आयोजना | संघीय सरकारले निर्माण गर्दै गरेको यस लोकमार्गको प्रदेश भित्रको खण्ड पश्चिमको बैतडीबाट पनि तत्काल शुरु गर्न संघीय सरकारसँग माग गर्ने । |
| १६ | मदन भण्डारी राजमार्गको प्रदेश भित्रको खण्ड निर्माण आयोजना | संघीय सरकारले निर्माण गर्दै गरेको यस राजमार्गको प्रदेश भित्रको खण्ड पश्चिमको डडेलधुराबाट पनि तत्काल शुरु गर्न संघीय सरकारसँग माग गर्ने । |
| १७ | पञ्चेश्वर वहुउद्देशीय आयोजना | नेपाल-भारत वीच भएको सहमती अनुसार निर्माण हुन लागेको ६४८० मेगावाट क्षमताको विद्युत उत्पादनका साथै कञ्चनपुर र कैलालीमा समेत सिँचाइ हुने यस आयोजनाको शिघ्र निर्माण कार्य प्रारम्भ गर्ने व्यवस्थाका लागि संघीय सरकारसँग माग गर्ने । |
| १८ | कर्णाली-चिसापानी वहुउद्देशीय | संघीय सरकारको सहयोग तथा लुम्विनी प्रदेश तथा |

| सि. नं. | आयोजनाको नाम | विवरण |
|---|---|---|
| | आयोजना | कर्णाली प्रदेश समेतसँगको सहकार्यमा यस आयोजनालाई विद्युत उत्पादनका साथै सिँचाइ समेतका लागि समान रुपमा उपयोग हुन सक्ने गरी विकास गर्ने। |
| १९ | अपर कर्णाली जल विद्युत आयोजना | ९०० मेगावाट क्षमताको यस आयोजनालाई पूर्व सहमती अनुसार यथाशिघ्र प्रारम्भ गर्ने व्यवस्थाका लागि संघीय सरकारसँग माग गर्ने । |
| २० | पश्चिम सेती जल विद्युत आयोजना | प्रदेशका लागि महत्वपूर्ण देखिएको राष्ट्रिय गौरवको आयोजनामा समेत परेको यस आयोजनालाई शिघ्र कार्यान्वयनको व्यवस्था गरिदिन संघीय सरकारसँग माग गर्ने । |
| २१ | खप्तड एकीकृत पर्यटक परियोजना | संघीय सरकारको योजनामा परेको यस परियोजनालाई खप्तड क्षेत्रलाई जैविक पार्क एवम् जंगल सफारी सहितको आकर्षक पर्यटकीय केन्द्रका रुपमा सो वरपरका पर्यटकीय क्षेत्रहरुलाई समेत समेटने गरी एकिकृत रुपमा छिट्टै विकास गर्न अधिकार सम्पन्न खप्तड क्षेत्र विकास प्राधिकरण गठनका लागि संघीय सरकारसँग अनुरोध गर्ने । |
| २२ | सुदूरपश्चिम स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना | हाल सञ्चालनको तयारीमा रहेको गेटा मेडिकल कलेजलाई स्वास्थ्य विज्ञान विश्वविद्यालयका रुपमा विकास गर्ने । |
| २३ | डडेलधुरा मेडिकल कलेज स्थापना | डडेलधुरामा मेडिकल कलेजको स्थापना गर्ने । |
| २४ | प्रदेश सुपर स्पेसियालिटी हस्पिटलहरु स्थापना | प्रदेश भित्रको उपयुक्त स्थानहरुमा नागरिकहरुलाई गुणस्तरीय विशिष्टीकृत स्वास्थ्य सेवा लिन प्रदेश बाहिर जान नपर्ने गरी रोग अनुसारको छुट्टाछुट्टै विशिष्टीकृत अस्पतालहरुको विकास गर्ने । |
| २५ | डोटी प्राविधिक विश्वविद्यालय स्थापना | डोटीमा इन्जीनियरिङ्ग, कृषि सहितको प्राविधिक विषयको उच्च शिक्षाका लागि प्राविधिक विश्वविद्यालयको स्थापना गर्ने । |
| २६ | सिमेण्ट लगायत निर्माण सामाग्रि | प्रदेशको उपयुक्त स्थानहरुको छनौट गरी निजी क्षेत्रको |

| सि. नं. | आयोजनाको नाम | विवरण |
|---|---|---|
| | उत्पादन गर्ने उद्योगहरुको स्थापना | लगानीमा प्रदेशको सिमेण्ट सहितका निर्माण सामाग्रिहरुको सबै आवश्यकता पुरा गर्न सक्ने गरी निर्माण सामाग्रि उद्योगहरुको स्थापना गर्ने । |
| २७ | आयुर्वेदिक औषधि उत्पादन वृहत उद्योगको स्थापना | प्रदेश भित्र उपयुक्त स्थानको छनौट गरी प्रदेशमा उत्पादन हुने जडीवुटीहरुबाट ठूलो मात्रामा आयुर्वेदिक औषधि उत्पादन गर्ने वृहत उद्योगको स्थापना गर्ने । |
| २८ | स्मार्ट सिटीहरुको विकास | धनगढी र महेन्द्र नगरलाई स्मार्ट मेगा सिटी तथा दीपायल, पाटन, टीकापुर र साफेवगरलाई स्मार्ट सिटीका रुपमा विकास गर्ने । |

## अनुसूची २
## प्रदेश तथा जिल्लागत जनसांख्यिक विवरण

| विवरण | परिवार संख्या | जनसंख्या | | | औसत परिवार संख्या | लैङ्गिक अनुपात | वृद्धिदर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | | |
| नेपाल | ५४२७३०२ | २६४९४५०४ | १२८४९०४१ | १३६४५४६३ | ४.८८ | ९४.१६ | १.३५ | १८० |
| सुदूरपश्चिम प्रदेश | ४६९९७१ | २५५२५१७ | १२१७८८७ | १३३४६३० | ५.४३ | ९१.२५ | १.५३ | १३१ |
| **जिल्लागत विवरण** | | | | | | | | |
| दार्चुला | २४६१८ | १३३२७४ | ६३६०५ | ६९६६९ | ५.४१ | ९१.३० | ०.८८ | ५७ |
| बैतडी | ४५१९१ | २५०८९८ | ११७४०७ | १३३४९१ | ५.५५ | ८७.९५ | ०.६८ | १६५ |
| डडेल्धुरा | २७०४५ | १४२०९४ | ६६५५६ | ७५५३८ | ५.२५ | ८८.११ | १.१९ | ९२ |
| कञ्चनपुर | ८२१५२ | ४५१२४८ | २१६०४२ | २३५२०६ | ५.४९ | ९१.८५ | १.७७ | २८० |
| बझाङ्ग | ३३७८६ | १९५१५९ | ९२७९४ | १०२३६५ | ५.७८ | ९०.६५ | १.५६ | ५७ |
| बाजुरा | २४९०८ | १३४९१२ | ६५८०६ | ६९१०६ | ५.४२ | ९५.२२ | २.१५ | ६२ |
| डोटी | ४१४४० | २११७४६ | ९७२५२ | ११४४९४ | ५.११ | ८४.९४ | ०.२२ | १०५ |
| अछाम | ४८३५१ | २५७४७७ | १२०००८ | १३७४६९ | ५.३३ | ८७.३० | १.०७ | १५३ |
| कैलाली | १४२४८० | ७७५७०९ | ३७८४१७ | ४९७२९२ | ५.४४ | ९५.२५ | २.२९ | २४० |

## अनुसूची ३
## जात-जातिगत विवरण

| सि.नं. | जातजाति | २००१ | प्रतिशत | २०११ | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | ८५५८८३ | ३९.२ | १०६०३६५ | ४१.५ |
| २ | थारु | ३५८२३५ | १६.४ | ४३९२६७ | १७.२ |
| ३ | ब्राम्हण | २८५६०३ | १३.१ | ३३२२२३ | १३.० |
| ४ | कामी | १५८०४८ | ७.२ | २१०८३५ | ८.३ |
| ५ | ठकुरी | १००९४५ | ४.६ | ११३५८८ | ४.५ |
| ६ | अन्य दलित | ७५२०९ | ३.४ | १०६२४८ | ४.२ |
| ७ | दमाई/ढोली | ६०७५७ | २.८ | ६५६२४ | २.६ |
| ८ | मगर | ४२४९१ | १.९ | ५६६६७ | २.२ |
| ९ | सार्की | ५१६६६ | २.४ | ४२९४७ | १.७ |
| १० | लोहार | ३०६५९ | १.४ | ३०२१७ | १.२ |

# अनुसूची ४
## उमेर समुह अनुसार जनसंख्या

| विवरण | नेपाल | | | सुदूरपश्चिम प्रदेश | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| सबै उमेरका | २६४९४५०४ | १२८४९०४१ | १३६४५४६३ | २५५२५१७ | १२१७८८७ | १३३४६३० |
| ००-०४ बर्ष | २५६७९६३ | १३१४९५७ | १२५३००६ | २९६६०६ | १५१८२६ | १४४७७९ |
| ०५-०९ बर्ष | ३२०४८६९ | १६३५१७६ | १५६९६८३ | ३४६२२७ | १७६५६० | १६९६६७ |
| १०-१४ बर्ष | ३४७५४२४ | ७०६४६३० | १७१०७९४ | ३६६००३ | १८४९७९ | १८१०२४ |
| १५-१९ बर्ष | २९३१९८० | १४४३१९१ | १४८८७८९ | २८५९१५ | १३५०७३ | १५०८४२ |
| २०-२४ बर्ष | २३५८०७१ | १०४३९८१ | १३१४०९० | २२०७०४ | ९३९१५ | १२६७८९ |
| २५-२९ बर्ष | २०७९३५४ | ९१७२४३ | ११६२१११ | १८८७९८ | ८३७०१ | १०५०९७ |
| ३०- ३४ बर्ष | १७३५३०५ | ७७०५७७ | ९६४७२८ | १५२५७२ | ६६८६९ | ८५७०३ |
| ३५-३९ बर्ष | १६०४३१९ | ७४०२०० | ८६४११९ | १४०७१० | ६३८५६ | ७६८५४ |
| ४०-४४ बर्ष | १३८६१२१ | ६६०२९० | ७२५८३१ | ११६४८५ | ४३५०५ | ६२९८० |
| ४५-४९ बर्ष | ११७२९५९ | ५७५१०१ | ५९७८५८ | ९७९९१ | ४६८९९ | ५१०९२ |
| ५०-५४ बर्ष | १००५४७६ | ५०५८६४ | ४९९६१२ | ८०१८५ | ३९१०१ | ४१०८४ |
| ५५-५९ बर्ष | ८१८२६३ | ४१२८९२ | ४०५३७१ | ६७५५६ | ३३३१२ | ३४२४४ |
| ६०-६४ बर्ष | ७५६८२७ | ३६८४५१ | ३८८३७६ | ७०५१८ | ३१३२० | ३९१९८ |
| ६५- ६९ बर्ष | ५५४४४९ | २७७७८२ | २७६६६७ | ५०४५१ | २३६१९ | २६८३२ |
| ७०-७४ बर्ष | ३९५१५३ | १९९६१० | १९५५४३ | ३६५१६ | १६८६३ | १९६५३ |
| ७५-७९ बर्ष | २३५१३५ | ११७३५८ | ११७७७७ | १८८७३ | ८९५१ | ९९२२ |
| ८०-८४ बर्ष | १२८७७७ | ६२७८७ | ६५९९० | १०६७४ | ४९८० | ५६९४ |
| ८५-८९ बर्ष | ५२५२६ | २५८१० | २६७१६ | ३५३६ | १७४७ | १७८९ |
| ९०-९४ बर्ष | २०३३५ | ८९४० | ११३९५ | १३४४ | ५३९ | ८०५ |
| >=९५ बर्ष | ११२०८ | ४२०१ | ७००७ | ८५४ | २७२ | ५८२ |

# अनुसूची ५
## १० वर्ष वा सो भन्दा माथिल्लो उमेरको जनसंख्याको बैवाहिक अवस्था

| विवरण | | नेपाल | | | सुदूरपश्चिम प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| कुल जनसंख्या(>= १० वर्ष) | | २०७२१६८२ | ९८९८९०८ | १०८२२७७४ | १९०९६८५ | ८८९५०१ | १०२०१८४ |
| विवाहित जनसंख्या | | १३३३८४९६ | २२८६५ | ११५१५० | १२०९१५४ | ५१७८७१ | ६९१२८३ |
| पहिलो विवाह गर्दाको उमेर | <१० वर्ष | १३८०१५ | २२८६५ | ११५१५० | १२६९३ | ११७७ | ११५१६ |
| | १०-१४ वर्ष | १३६३११७ | २६१२३२ | ११०१८८४ | १४५४६६ | २३७३४ | १२१७३२ |
| | १५-१९ वर्ष | ६५१७२८१ | २१७६७८४ | ४३४०४९७ | ६५२८५२ | २२५९४७ | ४२६९०५ |
| | २०-२४ वर्ष | ३८१८२९६ | २२६६९३२ | १५५१३६४ | ३१२१०१ | १९७३४४ | ११४७५७ |
| | २५-२९ वर्ष | ११२६४३४ | ८५९९२९ | २६६५०५ | ६७७३९ | ५४८३४ | १२९०५ |
| | ३०-३४ वर्ष | २७३७१५ | २१९६५१ | ५४०६४ | १३१६६ | १०८०० | २३६६ |
| | ३५-३९ वर्ष | ६८६४९ | ५३१२२ | १५५२७ | ३४२८ | २७४१ | ६८७ |
| | ४०-४४ वर्ष | २१०१३ | १५५०३ | ५५१० | ११४५ | ८७३ | २७२ |
| | ४५-४९ वर्ष | ६८९० | ४८८९ | २००१ | ३४२ | २६६ | ७६ |
| | >५० वर्ष | ५०८६ | ३४८० | १६०६ | २२२ | १५५ | ६७ |

## अनुसूची ६
## धर्म अनुसारको विवरण

| धर्मको नाम | २००१ | प्रतिशत | २०११ | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | २१५२०६१ | ९८.६ | २,४८१,८०५ | ९७.२ |
| क्रिश्चियन | ६०९० | ०.३ | २७,८०६ | १.१ |
| वौद्ध | १८६१५ | ०.९ | २७,३०३ | १.१ |
| इस्लाम | ४२७६ | ०.२ | ५,९६१ | ०.२ |
| प्रकृति | | | ५,६८५ | ०.२ |
| उल्लेख नभएको | १०८६ | ०.० | ३,२८२ | ०.१ |
| वहाइ | २२७ | ०.० | ४७९ | ०.० |
| किरात | १८३ | ०.० | १२८ | ०.० |
| शिख | १४७ | ०.० | ४५ | ०.० |
| जैनिज्म | ११५ | ०.० | २३ | ०.० |
| Bon | | | ० | ०.० |
| Garaute | २२२ | ०.० | | |
| Tapjura | १५३ | ०.० | | |
| जम्मा | २१८३१७५ | १०० | २५५२५१७ | १०० |

(स्रोत :–के.त.वी, जनगणना २०६८ )




सुदूरपश्चिम प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

धनगढी, कैलाली

फोनः ०९१–५२०३६९, ५२०४३९

इमेलः pppc.supa@gmail.com

वेबसाईट: pppc.sudurpashchim.gov.np


मुद्रणः चौलानी कलर प्रेस प्रा.लि. । धनगढी, कैलाली । मो. ९८५८४२३५७५